नेकाप

२०७६

साउन

अङ्क

४

# नेपाल कानून पत्रिका

भाग-६१ **२०७६ साउन** अङ्क-४



**प्रकाशक**

## सर्वोच्च अदालत

**रामशाहपथ, काठमाडौं**

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.ब.नं. २०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

**माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत - अध्यक्ष**
**मुख्य रजिस्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत - सदस्य**
**नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य**
**रजिस्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत - सदस्य**
**अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन- सदस्य**
**प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय - सदस्य**
**सहरजिस्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री देवीकुमारी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री बिक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा :**
ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**प्रकाशित सङ्ख्या : ३५०० प्रति**

## नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा
## निम्नानुसार गर्नु पर्नेछ :

*नेकाप, २०७५..., ........महिना, नि.नं. ........., पृष्ठ ...*

**उदाहरणार्थ :** *नेकाप,* २०७६, साउन, नि.नं.१०२३१, पृष्ठ ६७१

## सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा
## निम्नानुसार गर्नु पर्नेछ :

*सअ बुलेटिन*, २०७६, ... ... ...- १ वा २, पृष्ठ ...

**उदाहरणार्थ :** *सअ बुलेटिन*, २०७६, साउन – १ वा २, पृष्ठ १

**सर्वोच्च अदालतको वेभसाइट www.supremecourt.gov.np** मा गई दायाँतर्फ **प्रकाशनहरू** मा क्लिक गरी २०६५ सालदेखिका **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिन** मा समाविष्ट निर्णयहरू पढ्न र डाउनलोड गर्न सकिनेछ।

**साथै, नेपाल कानून पत्रिका** मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म) **हेर्न, पढ्न तथा सुरक्षित गर्न www.nkp.gov.np** मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा कुनै शब्द **नेपाली युनिकोड फन्ट**मा टाइप गरी खोज्न सक्नुहुन्छ। वेभसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोजमा** गई विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**निन्दन्तु नीतिनिपुणा यदि वा स्तुवन्तु**
**लक्ष्मी: समाऽविशतु गच्छतु वा यथेष्टं।**
**अद्यैव वा मरणं मस्तु युगान्तरे वा**
**न्याय्यात्पथ: प्रविचलन्ति पदं न धीरा: ।।८४।।**

- भर्तृहरि नीतिशतकम्

**<u>अर्थ:</u>** **निन्दा गरून् वा प्रशंसा, लक्ष्मी आउन् वा जाउन्,**
**आजै मर्नुपरोस् वा कालान्तरमा,**
**यी कुनै कुराको कत्ति पनि चिन्ता नराखी**
**न्यायिक मार्गमा लाग्नेहरू कहिल्यै विचलित हुँदैनन्।**

**सूचना**

सर्वोच्च अदलतबाट २०७५ सालमा प्रकाशित **नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६ पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

**मूल्य रू.७५।-**

**मुद्रक** : सर्वोच्च अदालत छापाखाना

## विषय सूची


| क्र. स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | १०२३१<br>पूर्ण<br>उत्प्रेषण / परमादेश | सुन्दरलाल थारू<br>विरूद्ध<br>श्री गोरक्ष पात्रदेव सिद्ध रत्ननाथ मठ चौघेरा दाङसमेत | ▪ हाम्रो देशको सन्दर्भमा गुठी स्थापनाको प्रमुख उद्देश्य धर्म र संस्कृतिको रक्षा नै हो । धर्म र संस्कृतिकै रक्षाको अभिष्ट राखी राजादेखि रंकसम्मबाट विभिन्न काल खण्डमा विभिन्न जग्गा गुठी राखिएका हुन् । त्यसैले गुठी जग्गा धर्म संस्कृतिको रक्षा गर्ने एउटा सशक्त माध्यम हुने । | ६७१ |
| २. | १०२३२<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | रघुनन्दन मारू<br>विरूद्ध<br>नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौंसमेत | ▪ ग्राहकले आफूले उपभोग गरेको वस्तुको मूल्य एवं परिणाम उपभोगको समयमा नै थाहा पाउनुपर्ने हुन्छ । उपभोक्ताले उपभोग गरिसकेको वस्तुमाथि पछाडि आएर कुनै प्रकारको थप दायित्व सिर्जना गरी महसुल बढाउनु न्यायोचित र कानूनसम्मत नहुने हुँदा विद्युत् महसुल निर्धारण गर्ने अधिकारप्राप्त आयोगबाट निर्धारण भएको विद्युत् महसुलदर अतितप्रभावी ढंगबाट असुलउपर गर्न मिल्ने नदेखिने । | ६८६ |

| | | | | |
|---|---|---|---|---|
| ३. | १०२३३<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश / प्रतिषेध | कल्पित पराजुलीसमेत<br>विरूद्ध<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ▪ अदालतबाट जारी भएका म्याद एवं आदेश सबैले पालना गर्नुपर्ने हुन्छ । म्याद जारी भई तामेल भएपछि कानूनबमोजिम गठित निकाय तथा यसका पदाधिकारीहरूले आदेशको पालना गरी न्याय सम्पादन एवं विवादको सहज निकास निकाल्न अदालतलाई सहयोग पुऱ्याउनु यिनको कर्तव्य हुने। | ६९५ |
| ४. | १०२३४<br><br>संयुक्त<br><br>नापी दर्ता दा.खा. दर्ता बदर गरी हक कायम गरी दा.खा. दर्ता गरी चलनसमेत चलाई पाऊँ | श्यामविहारी कुर्मी<br>विरूद्ध<br>शत्रुधनप्रसाद वर्मा | ▪ जुन जग्गामा जसको स्वामित्व देखिएको छ, उसलाई नबुझी बिना स्रोत, बिना आधार, साबिक दर्ता स्रेस्ता वा प्रमाणको प्रतिकूल हुने गरी कित्ता नै बदर गरी क्षेत्रफल नै घटबढ गर्ने गराउने तथा कसैको नाउँमा क्षेत्रफल थप गर्ने गरी भएको काम कारबाही तथा दर्ता एवं निर्णय दुषित दर्ताकै कोटीमा पर्ने हुँदा त्यस्तो काम कारबाहीले कानूनी वैधता पाउन नसक्ने। | ७०४ |
| ५. | १०२३५<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | सुशिला थाम्सुहाङ<br>विरूद्ध<br>काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंसमेत | ▪ प्रतिवादीले कसुर गर्दाको अवस्था, परिस्थिति, वारदातमा निजको भूमिका र कसुरबाट निजलाई हुन गएको वा प्राप्त भएको फाइदा र पीडित वा जाहेरवालाहरूलाई पर्न गएको क्षतिका साथै प्रतिवादीको आर्थिक हैसियतलाई | ७११ |

| | | | | |
|---|---|---|---|---|
| | | | समेत ध्यानमा राखेर कानूनी आधारहरूसँग मेल खाने गरी अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्ने वा विवेकसम्मत ढङ्गले धरौट, जेथा जमानत वा बैंक ग्यारेण्टी माग्नुपर्ने। | |
| ६. | १०२३६<br>संयुक्त<br>अंश चलन | अब्दुल हक<br>विरूद्ध<br>अब्दुल करिम | ▪ कुनै पनि अंशियारले आफ्नो अंशहक पारित लिखतद्वारा नै परित्याग गर्नुपर्छ भन्ने छैन । अंशियारले अंश मुद्दाको रोहमा अदालतमा पेस गरेको कुनै पनि कागजलाई स्वीकार गरेको अवस्थामा वा अंशियार स्वयं अंश मुद्दाको कारबाहीमा अदालतमा उपस्थित भई आफूले आफ्नो अंशभाग आफ्ना आमा बाबु वा अन्य अंशियारबाट लिन नपर्ने भनी अदालतसमक्षको बयान कागजमा स्वीकारेको अवस्थामा पनि अंशियारले आफ्ना आमाबाबुको तर्फबाट पाउनु पर्ने अंशभाग परित्याग गरेको मानिने। | ७१७ |
| ७. | १०२३७<br>संयुक्त<br>परमादेश | नित्यानन्द पाण्डे<br>विरूद्ध<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ▪ वृद्धवृद्धाहरू आफ्नो जीवनयापन आफैँले गर्न नसक्ने भएर दया देखाएको नभई उनीहरूले विगतमा देश, समाज एवं वर्तमान पुस्ताका लागि गरेको योगदान र वर्तमान पुस्ताको जीवनयापनमा यिनीहरूको महत्त्वलाई | ७२७ |

| | | | | |
|---|---|---|---|---|
| | | | गरिएको सम्मान हो र निजहरू यस्ता सम्मानका हकदार हुने । | |
| ८. | १०२३८<br>संयुक्त<br>निषेधाज्ञा | सुरेशराज मानन्धर<br>विरूद्ध<br>लुम्बिनी फाइनान्स एण्ड लिजिङ कं. लि. त्रिदेवीमार्ग, ठमेल, काठमाडौंसमेत | ▪ साबिकबाट प्रयोग हुँदै आएको बाटो र सो बाटोको सम्बन्धमा भएको करारबमोजिमको काम कारबाही अन्यथा बदर नभएसम्म जग्गाको हक हस्तान्तरण जुनसुकै तरिकाले भएपनि दाताबाट भएको जग्गासम्बन्धी अघिल्लो काम कारबाहीहरू हक हस्तान्तरबाट हक कायम हुन आएका जोसुकैले पनि मान्दिन भन्न पाउने नदेखिने । | ७३७ |
| ९. | १०२३९<br>संयुक्त<br>निषेधाज्ञा | पिताम्बर के.सी.<br>विरूद्ध<br>सिनर्जी फाइनान्स लि. | ▪ अदालतले असाधारण क्षेत्राधिकारको प्रयोग गर्दा मातहतका अदालतमा सामान्य क्षेत्राधिकारअन्तर्गत कानूनबमोजिम दायर भई विचाराधीन रहेका मुद्दाहरूलाई असर पार्ने कार्य गर्न नमिल्ने । | ७४२ |
| १०. | १०२४०<br>संयुक्त<br>उत्प्रेषण | पासाङ तेम्बा लामा<br>विरूद्ध<br>मालपोत कार्यालय, सिन्धुपाल्चोक, चौतारासमेत | ▪ अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सरकारी सम्पत्ति संरक्षण गर्ने हेतु निर्देशन दिँदा पनि "यस्तो निर्णय गर्नु" भनेर किटान गरी दबाबमूलक ढंगले दिने पनि होइन । आफ्नो क्षेत्राधिकारभित्रको कार्यमा | ७४६ |

| | | | | |
|---|---|---|---|---|
| | | | कानूनसम्मत ढंगबाट निश्चित प्रक्रिया अवलम्बन गरी क्षेत्राधिकार भएका निकायले नै आवश्यक कागजात प्रमाण बुझी सबै प्रक्रिया पूरा गरेर तथ्य र प्रमाणका आधारमा निर्णय गर्ने स्वतन्त्र अधिकारक्षेत्रलाई मिच्ने, संकुचन, नियन्त्रण एवं निर्देशित गर्ने हिसाबले निर्देशन दिन नमिल्ने। | |
| ११. | १०२४१<br>संयुक्त<br>बैंकिङ कसुर | मन्दिरादेवी धुजु श्रेष्ठ<br>विरूद्ध<br>नेपाल सरकार | ▪ एउटै विषयवस्तुमा दुईतर्फ मुद्दा चल्न सक्ने नसक्ने विषयमा हेर्दा एउटा कार्यले एकभन्दा बढी कसुर कायम हुन सक्ने कानूनी व्यवस्था भएको स्थितिमा बाहेक एउटा कार्यको एउटै कसुर हुने हुन्छ। एउटा कसुरमा एउटा अदालतमा मुद्दा चलेपछि सोही कसुरका सम्बन्धमा अर्को अदालतमा मुद्दा चल्न सक्दैन र यदि मुद्दा चलेमा अभियुक्तलाई दुईपटक खतरामा पारेको मानिने। | ७५४ |
| १२. | १०२४२<br>संयुक्त<br>मानव बेचबिखन तथा ओसारपसार | वसन्त परियारसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ प्रतिवादीले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी **alibi** को जिकिर लिन्छ भने सो जिकिरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्तउपर नै रहन्छ। त्यस्तो **alibi** को जिकिर तथ्यपरक, | ७६० |

| | | | | |
|---|---|---|---|---|
| | | | निश्चयात्मक तथा लिखित प्रमाणबाट समर्थित हुनसके मात्र सो जिकिर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुनसक्ने हुन्छ र सो जिकिर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकिर लिने व्यक्तिको विरूद्ध नै प्रमाण लाग्ने। | |
| १३. | १०२४३<br>संयुक्त<br>वैदेशिक रोजगार ठगी | नेपाल सरकार<br>विरूद्ध<br>टिकामाया सुनुवार (तिवारी) | ▪ वैदेशिक रोजगारीमा पठाउने प्रयोजनका लागि रकम लिएको तथ्य स्थापित नभए पनि लिखतमा उल्लिखित रकम लिएको कुरा अन्यथा प्रमाणित नभएसम्म प्रतिवादीलाई देवानी दायित्व (Civil Liability) अन्तर्गत लिखतबमोजिमको रकम कानूनबमोजिम असुलउपर गर्न पाउने नै हुँदा अभियोग दाबीबमोजिम प्रतिवादीले यस मुद्दाबाट फौजदारी दायित्व (Criminal Liability) बेहोर्नु पर्ने अवस्था नदेखिने। | ७७२ |
| १४. | १०२४४<br>संयुक्त<br>ठगी | कुलबहादुर कार्कीसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ प्रचलित दुईवटा कानूनले अपराध घोषित गरी फरकफरक सजायको व्यवस्था गरेको अवस्थामा कुन कानूनअन्तर्गत उपचार माग्ने भन्ने कुरा वादी पक्षको स्वविवेक र अभियोक्ताको व्यावसायिक स्वतन्त्रतासँग सम्बन्धित | ७७८ |

| | | | | |
|---|---|---|---|---|
| | | | विषय बन्न जान्छ । त्यस्तो दुईवटा समानान्तर कानूनी बाटो रहेको अवस्थामा वादीलाई यो बाटो आउनु पर्थ्यो भन्न अदालतले नमिल्ने । | |
| १५. | १०२४५<br><br>संयुक्त<br><br>जग्गा खिचोला मेटाई जग भत्काई चलन चलाई पाऊँ | लालसा धोबी<br>विरूद्ध<br>गुलाबकुमार मिश्र | ▪ जग्गाको वास्तविकता सर्भे नापीको नक्सा र सोही नक्साको आधारमा तयार गरिएको टायल चेकबाट आएको जग्गाको क्षेत्रफललाई नै आधिकारिक क्षेत्रफल मानिने । | ७९४ |
| १६. | १०२४६<br><br>संयुक्त<br><br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>विष्णुकुमार याख्खा राईसमेत | ▪ घटना र वारदातसँग प्रत्यक्ष रूपमा प्रभावित व्यक्ति एवं पीडित स्वयम् वा निजका परिवारले कसुरदारलाई नै उन्मुक्ति दिएर अदालतमा आफ्नो कथन / अभिव्यक्त गरिदिएको र अन्य भौतिक एवं स्वतन्त्र प्रमाण र परीक्षण प्रतिवेदनहरूले घटना, वारदात र सोमा कसुरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा अदालतले पनि शंका र अनुमानको आधारमा कसैलाई पनि सजाय गर्न नमिल्ने । | ७९९ |

| | | | | |
|---|---|---|---|---|
| १७. | १०२४७<br>संयुक्त<br>सम्बन्ध विच्छेद | मेदिना जोशी<br>विरूद्ध<br>मनिषलाल श्रेष्ठ | ▪ आमा वा बाबु जोसँग बसेपनि आफू नबसेको बाबु वा आमालाई चाहेको अवस्थामा बेलाबखत भेट गर्न पाउने कुरा बालकको सर्वोत्तम हितसँग तथा निजको माया ममता पाउने र आफूले समेत माया ममता गर्न पाउने हकसँग सम्बन्धित विषय हो । साथै बाबु र आमाको पनि आफ्नो बच्चालाई माया ममता गर्न पाउने, निजको हेरविचार गर्न पाउने कर्तव्यका साथै अधिकार पनि हुने । | ८०७ |
| १८. | १०२४८<br>संयुक्त<br>कर्तव्य ज्यान | अंकित ढकाल<br>विरूद्ध<br>नेपाल सरकार | ▪ अनिच्छित वा अन्जानमा भएको कार्यमा कर्तालाई कम जिम्मेवार तुल्याउनको लागि मुलुकी ऐन, ज्यानसम्बन्धीको ५, ६ नं. मा त्यस्तो कार्यलाई भवितव्यको संज्ञा दिएको देखिन्छ । प्रतिवादीको योजना, मनसाय र परिकल्पनाभन्दा बाहिरको अकल्पनीय अकस्मात घटना घट्न गएको अनिच्छित कार्यबाट भएको कसुरलाई गम्भीर कसुर मानी ठूलो दण्ड गरिनु न्यायसम्मत नहुने । | ८१५ |

| | | | | |
|---|---|---|---|---|
| १९. | १०२४९<br><br>संयुक्त<br><br>तामेली जगाई बन्डा छुट्याई नामसारी गरिपाऊँ | नन्दबहादुर नेपाल<br>विरूद्ध<br>बद्रीप्रसाद नेपाल | ▪ मुलुकी ऐन, दण्ड सजायको ४८ नं. को माथिल्लो भागमा डिसमिस गर्नु हुँदैन भन्ने र तल्लो भागमा तामेलीमा राखिनेछ भन्ने वाक्यांशको अर्थ भनेको सम्बन्धित पक्ष पुनः आएमा त्यस्ता दरखास्तलाई तामेलीबाट जगाई कारबाही गर्नुपर्ने भन्ने नै हो भनी मान्नु पर्ने। | ८२७ |
| २०. | १०२५०<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | खुलबहादुर कुँवर<br>विरूद्ध<br>जिल्ला प्रहरी विशेष अदालत, हाल जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत | ▪ व्यक्तिलाई राज्यको निकायले कुनै फौजदारी कसुर गरेको अभियोगमा न्यायिक वा अर्धन्यायिक निकायमा मुद्दा दायर गर्छ भने सो व्यक्तिलाई पक्राउ गर्ने, उक्त अपराधको अनुसन्धान गर्ने, अदालतमा मुद्दाको सुनुवाइ गर्ने तथा फैसला कार्यान्वयनसम्मको चरणहरूमा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूको अनिवार्य पालना गर्नुपर्ने। | ८३४ |
| २१. | १०२५१<br><br>संयुक्त<br><br>लिखत दर्ता दाखिल खारेज बदर दर्ता हक कायम | लक्ष्मी श्रेष्ठ<br>विरूद्ध<br>प्रवेग श्रेष्ठसमेत | ▪ घरको मूली भएको व्यक्तिले घर व्यवहार चलाउन आफ्नो पालामा आर्जित सम्पत्तिमा आफूखुस गर्न पाउने भएपनि घर र घर परिवारको हितभन्दा बाहिर गएर गरिने आफूखुसीको बिक्री व्यवहारलाई मान्यता दिन नमिल्ने। | ८५१ |

| | | | | |
|---|---|---|---|---|
| ३२. | १०२५२<br><br>संयुक्त<br><br>उत्प्रेषण | नारायणभक्त श्रेष्ठसमेत<br>विरूद्ध<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ▪ सकारात्मक विभेद (Positive or protective discrimination) भनिने संरक्षणको व्यवस्था गर्नु राज्यको इच्छा (Pleasure) को विषय नभएर कर्तव्यको विषय हो । संविधानमा उल्लेख गरिएअनुसारको "कानूनद्वारा विशेष व्यवस्था" गरिएको छैन भन्ने आधारमा नै संविधानद्वारा संरक्षित हक अधिकार निरर्थक वा निष्प्रायोजित नबन्ने । | ८५८ |
| ३३. | १०२५३<br><br>संयुक्त<br><br>बन्दी प्रत्यक्षीकरण | महेन्द्र खड्का<br>विरूद्ध<br>नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ कुनै पनि नागरिकलाई पटकपटक बन्दी बनाई धरौटी माग भएकोमा धरौटी दाखिला भएपछि पनि निरन्तर थुनामा राख्नु अनुचित, अतार्किक र जवाफदेहिताहीन कार्य हुने । | ८६९ |
| ३४. | १०२५४<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | सुनिलकुमार अधिकारी<br>विरूद्ध<br>भूमिसुधार कार्यालय, काठमाडौंसमेत | ▪ विलम्बको सिद्धान्त लाग्न सक्ने अवस्था छ छैन भन्ने निष्कर्षमा पुग्न मुद्दा वा सोमा भएको कामकारबाहीको प्रकृति, सम्बन्धित पक्षले मुद्दाको सन्दर्भमा देखाएको आचरण, निजले न्यायका लागि न्यायिक निकायमा आउन लगाएको समय, निजलाई उपचार प्रदान गरेको खण्डमा त्यसबाट अरूको हकहितमा पर्ने वा पर्न सक्ने असर र न्यायको उद्देश्य पूरा हुने वा नहुनेसमेतका कुराहरूलाई समष्टिगत रूपमा हेरिनु पर्ने । | ८७४ |

# निर्णय नं. १०२३१

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही
आदेश मिति : २०७५।११।२३
०७३-NF-००२२

मुद्दा : उत्प्रेषण / परमादेश

पुनरावेदक / निवेदक : स्व. झुथरा थारूको छोरा दाङ जिल्ला नारायणपुर गाउँ विकास समिति वडा नं.४ दक्षिण अम्रै बस्ने सुन्दरलाल थारू

विरूद्ध

प्रत्यर्थी / विपक्षी : श्री गोरक्ष पात्रदेव सिद्ध रत्ननाथ मठ चौघेरा दाङसमेत

- **गुठीको विवादलाई गुठी स्थापनाको उद्देश्य, मठ मन्दिरको अवस्थिति, अनुयायी वा मतावलम्बीहरूको चासो तथा समर्पण आदिसमेतका विषयहरूको समग्रतामा नहेरेसम्म यस्तो विवादमा सही न्याय निरूपण गर्न कठिन हुने ।**

(प्रकरण नं.१८)

- **हाम्रो देशको सन्दर्भमा गुठी स्थापनाको प्रमुख उद्देश्य धर्म र संस्कृतिको रक्षा नै हो । धर्म र संस्कृतिकै रक्षाको अभिष्ट राखी राजादेखि रंकसम्मबाट विभिन्न काल खण्डमा विभिन्न जग्गा गुठी राखिएका हुन् । त्यसैले गुठी जग्गा धर्म संस्कृतिको रक्षा गर्ने एउटा सशक्त माध्यम हुने ।**

(प्रकरण नं.१९)

पुनरावेदक / निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल र श्री शंकरकुमार श्रेष्ठ, विद्वान् अधिवक्ता श्री मनोजकुमार शर्मा

प्रत्यर्थी / विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, विद्वान् अधिवक्ता श्री ज्ञानेन्द्रप्रसाद पोखरेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- गुठी संस्थान ऐन, २०२१, २०२९ र २०३३
- भूमिसम्बन्धी ऐन, २०२१

यसअघि यस अदालतबाट आदेश गर्ने :-
माननीय न्यायाधीश श्री गोपाल पराजुली
मा. न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
सर्वोच्च अदालत, संयुक्त इजलास

आदेश

**न्या.डा.आनन्दमोहन भट्टराई :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर भएको र निवेदकको रिट निवेदन संयुक्त इजलासबाट खारेज भएपछि न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) अन्तर्गत पुनरावलोकनको निस्सा प्रदान भई पुनरावेदनको रोहमा दर्ता भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको रहेछ । रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

मेरो पिता झुथरा थारू र आमा सन्चिरी थरूनीको तर्फबाट जन्म भएको छोरा म निवेदक सुन्दरलाल थारू र २ छोरीहरू जन्म भएकोमा छोराछोरीको विवाह दानसमेत भइसकेको छ । पिता झुथरा थारू २०३२ सालमा र आमा सन्चिरी थरूनी

२०३४ सालमा परलोकपछि हक खाने अंशियार एक मात्र छोरो म निवेदक भएको र पिता झुथरा थारूको नाममा जग्गाधनी **श्री गोरक्ष पात्रदेव देवता सिद्ध रत्ननाथ मठ चौघेरा,** दाङको नाममा दर्ता स्रेस्ता भएको दाङ जिल्ला, नारायणपुर गाउँ विकास समिति वडा नं.४(क) कि.नं.१६२ को क्षेत्रफल २-१९-१२ जग्गामा मेरो पिता मोहियानी भई मोहीको प्रमाणपत्र प्राप्त गरी परापूर्वकालदेखि म निवेदकसमेतले हकभोग गरी आएको छु। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसार जग्गाधनीले विश्वास गरेको व्यक्ति म निवेदक भएको हुँदा पिताको शेषपछि उक्त जग्गा मेरो नाममा मोही नामसारी गरी पाउनको लागि सम्बन्धित नारायणपुर गाउँ विकास समितिको मिति २०६४/११/१६ को च.नं.१२५५ को सिफारिससमेतको आधारमा मैले भूमिसुधार कार्यालय घोराही दाङमा निवेदन दायर गरी मिति २०६६/६/२१/४ मा कि.नं.१६२ को उक्त जग्गा म निवेदक सुन्दरलाल थारूको नाममा मोही नामसारी भई आएको छ। पिता र म निवेदकले मोहीको कर्तव्य दायित्वअनुसार कुतबाली व्यावहारिक तबरबाट तिर्दै बुझाउँदै आएको छु। यस्तै अवस्थामा विगत २०६८ साल फागुनदेखि कानूनबमोजिम कुतबाली बुझिलिई सोको निस्सासमेत मलाई दिनुहोस् भन्दा विपक्षी प्रत्यर्थी नं.१ ले उक्त कुतबाली बुझाएको कानूनबमोजिमको निस्सा पनि दिन्न, व्यावहारिक तबरबाट मात्र म कुतबाली बुझी लिन्छु भनी मलाई जानकारी गराएकाले मैले आफ्नो व्यवहार र परिस्थितिको कारणले कानूनबमोजिम कुतबाली बुझिलिई हक छाडी कार्य गर्न सहयोग गरौं भन्दा विपक्षी मठ सहमतिमा नआएकोले मालपोत कार्यालयमा कुतबाली बुझिलिनु भनी मैले निवेदनसाथ कुतबाली बुझाउन जाँदा मालपोत कार्यालयले कुतबाली बुझ्न इन्कार गरेको र विपक्षीले कुतबाली नबुझी कानूनतः मलाई असर पर्न सक्ने अवस्था सिर्जना गरिएको छ। भूमिसुधार कार्यालय, दाङको मिति २०६६/६/२१/४ को निर्णयबाट मेरो मोही नामसारी भएपश्चात् पनि विपक्षीहरूबाट असल जग्गाधनीको कर्तव्य र दायित्व बहन नगरी उल्टै मलाई अन्यायमाथि झन् अन्याय हुने किसिमबाट कुतबाली नबुझी असहयोग गरेकोले विपक्षीहरूलाई कि.नं.१६२ जग्गाको कुतबाली निवेदकबाट बुझिलिई कानूनबमोजिमको रसिद भरपाई दिई उक्त कि.नं.१६२ को जग्गा मोही हकहस्तान्तरण गर्नमा कुनै पनि किसिमबाट बाधा अवरोध, टण्टा खिचोला नगर्नु नगराउनु, मोही हक स्वभाविक रूपमा सार्न वा हक छाडी दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिमसहितको परमादेशको आदेश जारी गरी न्याय दिलाई पाउँ भन्नेसमेत बेहोराको निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? जारी हुनु नपर्ने भए यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाउँमा म्याद सूचना पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश।

**श्री गोरक्ष पात्र देवता सिद्ध रत्न नाथ पिठ रतनपुर चौघेरा दाङ वि.सं.८०९ मा** स्थापना भई गोरक्ष पात्र देव रत्न नाथको दैनिक पूजा अर्चना गोरक्ष, योग शिक्षा, संस्कृत शिक्षा, सरकारी विद्यालयहरूमा लगानी गर्दै आएको दाङ जिल्लामा नारायणपुर, ढिकपुर, लक्ष्मीपुर, चौलाही, गोवर्डिहा र साबिक हरिद्वार हाल घोराही नगरपालिकासमेत गरी जम्मा जग्गा विगाहा १३०० विगाहा २०२७/०२८ सालको सर्भे नापीका समयमा यस गुठीको नाममा दर्ता स्रेस्ता भएको थियो।

यस चौघेरा मठ (गुठी) का नाममा दर्ता स्रेस्ता रहेको उल्लिखित दाङ जिल्ला नारायणपुर गाउँ विकास समिति वडा नं. ४(क), कि.नं. १६२ को क्षेत्रफल २-१९-१२ जग्गामा आँप, लिच्ची, कटहरलगायतका

बिरूवाहरूको बगैंचा र गौशालासमेत भएकोले विपक्षीका बाबु र विपक्षीले यो जग्गा कहिल्यै पनि जोतभोग गरेका छैनन् । जग्गाधनी प्रमाण पुर्जामा उक्त कित्तामा विपक्षीको बाबु झुथरा थारूको नाम मोहीको महलमा उल्लेख छैन । यस गुठीले आफ्नैतर्फबाट उपयोग गर्दै आएको जग्गा हुँदा विपक्षीको मागबमोजिम आदेश जारी हुनुपर्ने होइन ।

विपक्षी जोताहा मोही होइनन् । द्वन्द्वकालमा गाउँ विकास समितिका सचिवलाई धम्की दिई झुट्ठा सिफारिस लिई मोही नामसारी गराएका रहेछन् । उक्त कुरा हाल मात्र यस मठलाई जानकारी हुन आएको हो । यस **चौघेरा मठ (गुठी) का** नामको जग्गाको रेकर्डअनुसार मोही लागेको जग्गा र **गुठी तैनाथी घर खेती** जग्गाको छुट्टाछुट्टै लगत रहेको छ, सो लगतअनुसार कि.नं.१६२ को ज.वि.२-१९-१२ जग्गा **घरखेतीको** जग्गा देखिन्छ । विपक्षीले मोहीको हैसियतले जोतभोत गरेको होइन । यस मठ (गुठी) को जग्गामा भएका जोताहा मोहीहरूको संख्या ८७ रहेको र मोहीहरूबाट बाली बुझी लिएपछि प्रत्येक मोहीलाई प्रत्येक वर्ष रसिद दिँदै आएका छौं । रसिद नदिई कुनै पनि मोहीबाट सुरूदेखि हालसम्म बाली बुझी लिने गरेका छैनौं ।

यदि कुनै पनि मोहीले जग्गाधनीलाई बाली बुझाउन जाँदा जग्गाधनीले बाली नबुझी दिएमा भूमिसम्बन्धी ऐनको दफा ३६ र नियमावली, २०२१ को नियम ४६ मा कानूनी उपचारको पर्याप्त व्यवस्था भएकाले उक्त कानूनी उपचारको बाटो अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गर्न नमिल्ने हुँदा विपक्षीको घरसारमा बाली बुझाएको भन्ने बेहोराको रिट निवेदन झुट्ठा भएकाले खारेज गरिपाउँ भन्नेसमेत विपक्षी गोरक्ष पात्रदेव सिद्ध रत्ननाथ मठको लिखित जवाफ ।

यस कार्यालयले गुठी अधीनस्थ रैतान नम्बरी (रैकर) जग्गाको मालपोत असुल गरी गुठी संस्थानको कोषमा दाखिला गर्ने गरेको छ । गुठी अधीनस्थ जग्गाको जोताहा वा दर्तावाला मोहीको हकमा कुतबाली असुल दाखिला गर्ने काम **गोरक्ष पात्रदेव सिद्ध रत्ननाथ मठ चौघेरा** दाङबाट हुने गरेको र यस कार्यालयमा कुन कुन जोताहा वा दर्तावाला मोहीले जग्गाको भोगचलन गर्नु भएको छ, छैन ? सालबसाली कुतबाली बुझाए / बुझाएनन् सोको रेकर्डसमेत नहुने तथा रिट निवेदकको के कस्तो अवस्थाका कारण कुतबाली नबुझिएको हो भन्नेसमेतको जानकारी यस कार्यालयलाई नभएबाट उक्त जग्गाको कुत धरौटी बुझी लिनेतर्फ कारबाही अगाडि बढाउनु पर्ने तत्कालीन अवस्था नभएको हुँदा रिट निवेदकले कुत धरौट दाखिला गर्न इन्कार गरी मलाई मालपोत कार्यालयले अन्याय गरेको भन्ने सतही रूपमा लगाइएका आरोपहरू निराधार हुन्, रिट निवेदन खारेज गरिपाउँ भन्ने मालपोत कार्यालय दाङको लिखित जवाफ ।

यी निवेदकले बाबु मोही भएको र आफूले पनि मोहीकै हैसियतमा जग्गा कमाई आएको भनी दाबी लिए पनि निजको बाबुले मोहीको हैसियतले कमाएको भन्ने कुराको प्रमाण पेस गर्न सकेको देखिँदैन । अर्कोतर्फ २०६६ सालदेखि मोही नामसारी भएको भने पनि सो अघिदेखिको कुत बुझाएको देखिने प्रमाण पनि पेस गर्न सकेको देखिँदैन । यदि कुत बुझिलिन यी विपक्षीले इन्कार गरेको भए त्यसकै साधिकार निकायमा आफू मोही भएको प्रमाणसहित कुतबाली धरौटी राखी त्यसको निस्सा लिनुपर्नेमा सो गरेको पनि देखिँदैन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३६ ले मोहीको हैसियतले कमाएको जग्गाको जग्गाधनीले कुत बुझिलिन इन्कार गरेमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वा मालपोत कार्यालय वा भूमि प्रशासन कार्यालयमा धरौट राख्न सक्नेमा त्यसरी कुत बुझाउन जाँदा इन्कार गरेमा सोहीबमोजिमको उपचारको मार्ग अवलम्बन गर्नुपर्नेमा सो गरेको पनि देखिँदैन । यी निवेदकको बाबु मोही रहेको भए निजले र निजको मृत्युपछि यी निवेदकले सालबसाली कुत

बुझाई आफ्नो मोही हकको निरन्तरता दिन सक्नुपर्नेमा त्यस्तो निरन्तरता दिन सकेको पनि देखिएन । मिसिल संलग्न उक्त जग्गाको फिल्डबुक उतारको मोही महलमा पनि मोही महल खाली भई यी निवेदक वा निजका बाबु कसैको पनि नाम उल्लेख भएको पाइँदैन । यसरी जग्गावाला विपक्षी मठले २०६८ सालदेखिको बाली नबुझेको भनेपनि सोभन्दा अघिदेखि कुतबाली बुझाएको निरन्तरता देखिने प्रमाण पेस हुन नआई दाबीको जग्गाको मोहीको निरन्तरता देखिन नआएको अवस्थामा गुठी अधीनस्थ उक्त जग्गाको कुतबाली बुझी मोही हक छुट्याउन भनी आदेश जारी गर्नु न्यायोचित नहुने मात्र नभई भूमिसम्बन्धी प्रचलित कानूनकै विपरीत हुन्छ । कुतबाली बुझाउने कार्य गुठीमा नै नगई कानूनी आधारविहीन पर्न आएको प्रस्तुत निवेदनबाट गुठीको हकलाई असर पर्ने गरी आदेश जारी हुन सक्ने देखिएन । तसर्थ प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भन्ने यस अदालतको संयुक्त इजलासबाट मिति २०७१/११/२० मा भएको आदेश।

जग्गाधनी **श्री गोरक्ष पात्रदेव देवता सिद्ध रत्न नाथ मठ चौघेरा** दाङको नाममा दर्ता स्रेस्ता कायम भएको दाङ जिल्ला नारायणपुर गाउँ विकास समिति वडा नं. ४(क) को कि.नं.१६२ को क्षेत्रफल २-१९-१२ जग्गाको मोही मेरो पिता झुथरा थारू भई मोहियानी हकको प्रमाणपत्रसमेत प्राप्त गरी परापूर्वकालदेखि निवेदक र निवेदकको घर परिवारले जोत कमोद भोगचलन गरी आएको जग्गा हो । बाबुको शेषपछि हकखाने अंशियार र स्वभाविक रूपमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोही हक प्राप्त गर्ने हकदार रहेको छु । कि.नं. १६२ को जग्गाको मोहियानी हक नामसारी गरिलिन पाउने कानूनी हक निवेदकको रहेको र निवेदकले उक्त कि.नं. १६२ को जग्गा आमा बुबाको शेषपछि हालसम्म अनवरत रूपमा भोगचलन र कमाई आएको तथ्यमा विवाद रहेको छैन। भूमिसम्बन्धी ऐन, २०२१ को (पाँचौं संशोधन) २०५८ को दफा २६(१) बमोजिम जग्गाधनी **श्री गोरक्ष पात्रदेव देवता सिद्ध रत्न नाथ मठ चौघेरा** दाङ रहेको र मोही मेरो पिता र आमाको मृत्युपछि म निवेदक एक्लो छोरो मोही रहेको अवस्थामा कानूनतः अन्य कोही हकवाला नभएको स्थितिमा जग्गाधनीले पत्याएको व्यक्ति कानूनतः म निवेदक भएको हुँदा उक्त कि.नं.१६२ को स्व. पिताको नाममा भएको मोहियानी हक नामसारी गरी पाउनको लागि नारायणपुर गाउँ विकास समितिको मिति २०६४/११/१६ को सिफारिस लिई निवेदकले भूमिसुधार कार्यालय घोराही दाङमा मोही नामसारी गरिपाउँ भनी दायर गरेको मुद्दामा भूमि सुधार कार्यालय दाङबाट मिति २०६६/६/२१ मा मोही नामसारी हुने गरी फैसला भएको थियो । उक्त भूमि सुधार कार्यालय दाङबाट भएको फैसलाउपर विपक्षी जग्गाधनीको पुनरावेदन अदालत दाङमा पुनरावेदन नपरी उक्त मोही नामसारी मुद्दा अन्तिम भएर रहेको स्थितिमा उक्त कि.नं.१६२ को जग्गाको मोही नामसारी भई मोही कायम रहेको तथ्य स्थापित हुँदाहुँदै जग्गाधनीले उक्त जग्गाको कुत बुझ्न नमानेको कारण कुत बुझाई पाउँ भनी रिट निवेदन दिई विपक्षीको नाममा परमादेश आदेश जारी नहुने गरी रिट खारेज गर्ने गरी सर्वोच्च अदालतबाट भएको फैसलामा मिसिल संलग्न सबुद प्रमाणको मूल्याङ्कन र विवेचना एवं भूमिसुधार कार्यालय दाङबाट मिति २०६६/६/२१ गते भएको फैसलालाई प्रमाणको रूपमा विवेचना र विश्लेषण र मूल्याङ्कन नगरी सर्वोच्च अदालतबाट भएको फैसला ने.का.प.२०४१ अंक ९ नि.नं २१०३ पृष्ठ ७६२ मा प्रतिपादित सिद्धान्तको प्रतिकूल निर्णय बदरभागी रहेको छ।

मिति २०६६/६/२१ गतेको भूमि सुधार कार्यालय घोराही दाङबाट भएको फैसलाबमोजिम स्व.पिता झुथरा थारूको नामको मोहियानी हक म निवेदकको नाममा नामसारी भई आएपछि विपक्षी जग्गाधनीलाई कुतबाली बुझाउँदै आएको तर त्यसको

निस्सा विपक्षी जग्गाधनीले निवेदकलाई दिनु भएको छैन। जग्गाधनी र मोही भएपछि जग्गाधनी र मोहीबिच कुतबाली बुझेको भरपाइ कबुलियतनामा निस्सा दिनुहोस् भनी बारम्बार प्रयत्न गर्दा पनि विपक्षीले कुतबाली बुझाएको निस्सा दिनु भएन । मालपोत कार्यालय दाङमा कुतबाली बुझाउन निवेदनसाथ दिन जाँदा कुतबाली बुझ्ने निवेदन लिन नमानेको र विपक्षी जग्गाधनीले कार्यालयमा कुतबाली बुझ्न निवेदन दिँदासमेत निवेदन बुझ्न नमानेको कारण सम्मानित अदालतसमक्ष असाधारण अधिकारक्षेत्र प्रयोग गरी कुतबाली बुझी पाउँ भनी बाध्यात्मक परिस्थितिमा रिट निवेदन दिएको हो। भूमिसम्बन्धी ऐन, २०२१ र नियमावलीमा भएको व्यवस्थाको विपरीत जग्गाधनी प्रमाणपुर्जामा र भूमि सुधार कार्यालय दाङबाट मिति २०६६/६/२१ मा भएको फैसलाबमोजिम निवेदकको पिताको नामको मोहियानी नामसारी भई रिट निवेदक निर्विवाद रूपमा मोही रहेको देखिँदादेखिँदै पनि म निवेदकको मोही हक नरहेको भन्ने जस्तो धारणा बनाई परमादेशको आदेश जारी नहुने गरी रिट निवेदन खारेज गर्ने गरी सर्वोच्च अदालतबाट भएको फैसला ने.का.प.२०६१, अंक ३, नि.नं ७३४३, पृष्ठ २७९मा प्रतिपादित सिद्धान्तको प्रतिकूल हुनुका साथै फैसलाबमोजिम मोहियानी हक नामसारी गरी प्राप्त भएको मोहियानी हकमा प्रतिकूल प्रभाव पर्ने गरी भएको निर्णय बदरभागी छ।

मेरो पिताको नामको मोहियानी नामसारी म निवेदकको नाममा आई उक्त जग्गाधनी पुर्जामा निवेदकको नाम मोही महलमा उल्लेख भएको जग्गा हो। निवेदक मोही हो भन्ने कुरा मिति २०६६/६/२१ गते भूमि सुधार कार्यालय दाङबाट भएको फैसलाबाट र उक्त कि.नं.१६२ को जग्गाधनी पुर्जाबाट पनि प्रस्ट देखिन्छ। यसरी भूमि सुधार कार्यालय दाङबाट भएको उक्त फैसला विपक्षीले स्वीकार गरी आएको स्थितिमा सो फैसला अन्तिम एवं अकाट्य भइरहेकोमा सो फैसलाबमोजिम मोही हक प्राप्त भएको म निवेदक मोही नै होइनन् भन्ने आधार अवलम्बन गरी भएको निर्णय ने.का.प. २०३०, अंक ८, नि.नं. ७८५, पृष्ठ ३४५ को सिद्धान्तप्रतिकूल बदरभागी छ।

उक्त सर्वोच्च अदालतबाट भएको निर्णय अन्यायिक एवं त्रुटिपूर्ण भएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा १ को खण्ड "ख" बमोजिम पुनरावलोकनको निस्सा प्रदान गरी निवेदकको मागबमोजिम रिट जारी गरिपाउँ भन्ने निवेदनपत्र।

यसमा वादी यिनै सुन्दरलाल थारू प्रतिवादी श्री सिद्ध रत्ननाथ मन्दिर चौघेरा दाङ भएको मि.नं.९५/३०५ को मोही नामसारी मुद्दामा मिति २०६६/६/२१ मा भूमि सुधार कार्यालय दाङबाट भएको फैसलासहितको मिसिल उक्त कार्यालयबाट झिकाई यिनै पक्ष विपक्ष भएको यस अदालतको ०६९-WO-०५४५ को फैसला मिति २०७१/११/२० को उत्प्रेषण परमादेशको मिसिल यस अदालतको अभिलेख शाखाबाट झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश।

यसमा सुरू भूमि सुधार कार्यालय दाङले मिति २०६६/६/२१ मा वादी सुन्दरलाल थारूको नाममा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोही नामसारी हुने भन्ने फैसला भएको र भूमि सुधार कार्यालय दाङले मिति २०६६/६/२६ मा यिनै निवेदक सुन्दरलाल थारूलाई मोहियानी हकको प्रमाणपत्र प्रदान गरेको अवस्थासमेत देखिँदा उक्त जग्गाको फिल्डबुक उतारमा मोही महल पनि खाली भएको, कुतबाली पनि निरन्तर रूपमा नबुझाएको र दाबीको जग्गामा मोहीको निरन्तरता देखिन नआएको भन्ने आधारमा सोतर्फ विवेचना नगरी यस अदालत संयुक्त इजलासबाट मिति २०७१/११/२० मा भएको फैसला ने.का.प.२०६१, अङ्क ३, नि.नं. ७३४३, पृष्ठ २७९ मा प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल

देखिँदा साबिक न्याय प्रशासन ऐन, २०४८ एवं प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) को खण्ड (क) र (ख) को अवस्था विद्यमान रहेको देखिँदा पुनरावलोकनको अनुमति प्रदान गरिएको छ। कानूनबमोजिम गर्नु भन्ने यस अदालतको आदेश।

यसमा दाबीको दाङ जिल्ला नारायणपुर गाउँ विकास समिति वडा नं. ४(क) कि.नं. १६२ को जग्गा **गुठी तैनाथी जग्गा हो** भन्ने लिखित जवाफमा उल्लेख भएको देखिँदा विवादित कि.नं. १६२ को जग्गा गुठी तैनाथी जग्गा हो होइन भन्ने सम्बन्धमा गुठी संस्थान केन्द्रीय कार्यालयबाट जवाफ झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश।

रिट निवेदक सुन्दरलाल थारू र विपक्षी मालपोत कार्यालय घोराहीसमेत भएको उत्प्रेषणसमेत मुद्दामा भएको आदेशानुसार दाङ नारायणपुर गाउँ विकास समिति वडा नं. ४(क) कि.नं.१६२ को जग्गा गुठी तैनाथी जग्गा हो होइन ? भन्ने सम्बन्धमा यस अदालतमा जवाफ पठाइदिनु भनी लेखिएको त्यस सम्मानित अदालतको च.नं. ५५५३ मिति २०७४/३/११ को पत्र प्राप्त भई बेहोरा अवगत भयो। तत् सम्बन्धमा दाङ नारायणपुर गाउँ विकास समिति वडा नं. ४(क) कि.नं.१६२ को जग्गा गुठी संस्थानले बन्दोबस्त सञ्चालन गरी आएको राजगुठीमा कायम रहेको श्री गोरक्ष पात्रदेव सिंह रत्न नाथ मठको गुठी तैनाथी जग्गा हो। उक्त जग्गा नापीमा मोही महल खाली जग्गाधनी महलमा श्री गोरक्ष पात्रदेवता सिंह रत्न नाथ मठ १८८३ सालको लालमोहरबमोजिम भन्ने बेहोरा जनिई नाप नक्सा भएको जग्गा हो। मालपोत कार्यालय दाङमा रहेको गुठीको लगतमा उल्लिखित जग्गा गुठी संस्थानकै घरखेतीको जग्गाको विवरणमा रहेको छ। सोको प्रतिलिपि यसैसाथ संलग्न गरिएको छ भन्नेसमेत बेहोरा उल्लेख भएको च.नं २०० मिति २०७४/५/४ को गुठी संस्थान प्रधान कार्यालयको जवाफ।

यसमा प्रस्तुत मुद्दामा यस संस्थानलाई पेसीको जानकारी दिई बहस पैरवी गर्ने अवसर प्रदान गरिदिनु हुन अनुरोध छ भनी गुठी संस्थान प्रधान कार्यालयले मिति २०७४/५/४ को पत्रमार्फत अनुरोध गरेको देखिएकोले सोहीअनुसार गुठी संस्थानलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाण कागजातहरू अध्ययन गरी हेरियो।

प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालले गुठी तैनाथीको लगत हुनेमा त्यस्तो तैनाथी लगत देखाउन सकेको छैन। वि.सं.१८८३ को लालमोहरले प्रमाणित गरेमा जग्गा तैनाथी हुने हुन्छ। मधेसमा भिट जग्गा भनेको खेती नहुने पाखो घडेरी हुने जग्गा हो। गुठीसम्बन्धी ऐन, २०३३ को दफा २ को खण्ड "घ" ले राजगुठीको परिभाषा गरेको छ। गुठी अधीनस्थ जग्गा दर्तावालाले गुठी संस्थानमा जिन्सी नगदी रू.१,९०,७२०/- बुझाएको जग्गा हो। गुठी तैनाथी जग्गा कसैको नाउँमा दर्ता नभएको गुठीको सम्पूर्ण अधिकार भएको जग्गा सम्झनु पर्छ। मिति २०७४/४/९ को पत्रमा मठले मोही सुन्दरलाल थारूबाट कुत बुझिसकेको छ। १९ क्विन्टल सात किलो २०० ग्राम जिन्सी बुझाएको देखिएको छ। उल्लिखित आधारहरूबाट संयुक्त इजलासबाट भएको फैसला बदर गरी निवेदक मागबमोजिम रिट जारी हुनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो। निवेदकका तर्फबाटै उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शंकरकुमार श्रेष्ठले विवादको कि.नं.१६२ को जग्गामा सुथरा थारूको नाउँमा मोही कायम भएको छ। मिति २०६६/६/२१/४ को फैसलाले सुन्दरलाल थारूको नाउँमा मोही नामसारी हुने गरी फैसला भएको छ। सुथरा थारूको २०३२ सालमा परलोक

भएको र परलोकपछि हक खाने सुन्दरलाल थारू मात्र हुन्। गुठी अधीनस्थ जग्गा गुठी तैनाथी जग्गा होइन। मठले कुत नबुझेउपर निवेदक रिट लिएर आउनु परेको अवस्था हो। हाल मठले मोहीबाट कुत बुझिसकेको अवस्था छ। सुन्दरलाल थारू मोही स्थापित भइसकेको भनी मठको पत्रमा उल्लेख गरेको छ। तसर्थ पुनरावलोकनकर्ता मोही स्थापित भइसकेको अवस्थामा सुन्दरलाल थारूको पक्षमा आदेश हुनुपर्ने भनी बहस प्रस्तुत गर्नुभयो। निवेदककै तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री मनोजकुमार शर्माले मिति ०६६/६/२१ को निर्णयबाट मोही नामसारी हुने ठहर भएको छ। भूमि सुधार कार्यालयले निवेदकलाई मोहियानी हकको प्रमाणपत्र दिएको छ। जग्गाधनीको नाउँमा मोही नामसारी मुद्दाको म्याद जारी भएकोमा जग्गाधनी उपस्थित भएको देखिँदैन। विवादको जग्गाको जग्गाधनीको महलमा सिद्ध रत्न नाथ उल्लेख छ भने मोहीमा सुन्दरलाल थारू उल्लेख छ। तसर्थ यस अदालतको संयुक्त इजलासबाट रिट खारेज गर्ने गरी भएको आदेश त्रुटिपूर्ण हुँदा बदर गरी रिट जारी हुने गरी आदेश होस् भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षीमध्येका मालपोत कार्यालयको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेयले विवादको कि.नं. १६२ जग्गाको निवेदक मोही होइनन्। मोहीको लगतमा यी निवेदकको नाउँमा मोही कायम छैन। तसर्थ सयुक्त इजलासबाट रिट खारेज गर्ने गरी भएको आदेश सदर कायम हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो। विपक्षीमध्येका गुठी संस्थान केन्द्रीय कार्यालयको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ज्ञानेन्द्रप्रसाद पोखरेलले मन्दिरमा म्याद टाँसेको आधारमा मोही कायम गर्न मिल्दैन। भूमि सुधार कार्यालयमा फैसला बदर मुद्दा मिति २०७४/५/४ मा दिएको अवस्था छ। गुठी संस्थान ऐन, २०२१ को दफा १७ अनुसार राजगुठीको जग्गामा मोही हक प्राप्त हुँदैन। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(३)(ख) बमोजिम राजगुठीको जग्गामा मोही लाग्ने व्यवस्था थिएन। गुठी संस्थान ऐन, २०२९ को दफा ३१ ले २०३०/१२/३० पछि संस्थानले लिखित मन्जुरी दिएमा बाहेक मोही हुने छैन। गुठी संस्थान ऐन, २०३३ को दफा २७ ले प्रचलित कानूनबमोजिम मोही हुन कवुलियत हुनुपर्नेमा त्यस्तो कवुलियत छैन। तसर्थ रिट निवेदकको माग दाबीबमोजिम रिट जारी हुनुपर्ने होइन खारेज हुनुपर्ने भएकोले यस अदालतको संयुक्त इजलासबाट रिट खारेज गर्ने गरी भएको आदेश सदर कायम होस् भनी बहस प्रस्तुत गर्नुभयो।

दुवै पक्षका विद्वान् कानून व्यवसायीहरूले गर्नु भएको उपर्युक्त बहससमेत सुनी सम्पूर्ण मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूको निरूपण हुनुपर्ने देखियो।

(१) विवादित जग्गा के कस्तो प्रकृतिको जग्गा हो ? जग्गाधनी श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठ के कस्तो प्रकृतिको मठ हो ?

(२) विवादित जग्गामा रिट निवेदकलाई मोही मान्न मिल्छ वा मिल्दैन; रिट निवेदन खारेज गर्ने गरेको संयुक्त इजलासको निर्णय मिलेको छ वा छैन। निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन।

२. सर्वप्रथम पहिलो प्रश्नतर्फ हेर्दा प्रस्तुत विवाद दाङ जिल्ला नारायणपुर गाउँ विकास समिति वडा नं.४(क) कि.नं. १६२ को जग्गा विगाहा २-१९-१२ सँग सम्बन्धित देखिन्छ। निवेदकका अनुसार सो जग्गाको जग्गाधनी **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठ,** चौघेरा दाङ र मोही निवेदकका बाबु झुथरा थारू हुन्। सो जग्गा बाबुको पालादेखि मोहीमा कमाएको र मोहियानी हकको प्रमाणपत्र प्राप्त जग्गा हो। सो जग्गा मिति २०६६।६।२१ मा आफ्ना नाममा मोहियानी हकको नामसारी भई कमाउँदै आएको र साबिकदेखि व्यावहारिक रूपमा कुत बुझाउँदै

आएकोमा २०६८ साल फाल्गुणदेखि कानूनबमोजिम कुत बुझी बुझाएको कानूनबमोजिमको निस्सा दिनुहोस् भन्दा विपक्षी मठ सहमतिमा नआएकोले मालपोत कार्यालय दाङमा कुतबाली बुझाउन जाँदा मालपोत कार्यालयले कुतबाली बुझ्न इन्कार गरेकोले कुतबाली बुझिलिई कानूनबमोजिमको रसिद भरपाइ दिई उक्त कि.नं. १६२ को जग्गा मोही हक हस्तान्तरण गर्न कुनै पनि किसिमबाट बाधा अवरोध, टन्टा खिचोला नगर्नु नगराउनु, मोही हक स्वभाविक रूपमा सार्न वा हक छाडी दिनु दिलाउनु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर देखिन्छ।

३. निवेदकका यी कुराहरूलाई विपक्षी **गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठले** अस्वीकार गरेको देखिन्छ । सो सन्दर्भमा लिखित जवाफमा मठको तर्फबाट केही कुराहरू उठाइएका छन् । प्रथमतः विवादित जग्गा तैनाथी गुठी भई घरखेतीको लगत रहेको जग्गामध्येको जग्गा हो। दोस्रो, विवादित कि.नं. १६२ को जग्गामा आँप, लिची, कटहरलगायतका बिरूवा र गौशालासमेत भएकोले विपक्षीका बाबु र विपक्षीले कहिल्यै पनि जोतभोग गरेका छैनन्। तेस्रो, जग्गाधनी प्रमाण पुर्जामा विपक्षीका बाबुको नाम मोही महलमा छैन। चौथो, उक्त जग्गा गुठीले आफ्नै तर्फबाट उपयोग गर्दै आएको तैनाथी गुठीको जग्गा हुँदा विपक्षीको मागबमोजिम आदेश जारी हुनुपर्ने होइन।

४. प्रस्तुत विवादमा संयुक्त इजलासबाट निर्णय हुँदा मुख्य रूपमा निवेदकले बाबुका पालादेखि मोही रहेको भन्ने कुराको कुनै प्रमाण पेस गर्न नसकेको, २०६६ सालदेखि मोही नामसारी भएको भने पनि सो अघिदेखिको कुत बुझाएको देखिने प्रमाण पेस गर्न नसकेको, फिल्डबुक उतारको मोही महल खाली देखिएकोबाट गुठीको हकलाई असर पर्ने गरी बाली बुझी मोही हक छुट्याउन भनी आदेश गर्नु न्यायोचित नदेखिने भन्नेसमेत आधारमा निवेदन खारेज हुने ठहर भएको पाइन्छ।

५. यद्यपि प्रस्तुत रिट निवेदनमा कि.नं.१६२ को जग्गामा निवेदक मोही हो वा होइन र विपक्षीहरू निवेदकलाई कानूनबमोजिम मोही मान्न र सोहीअनुरूप व्यवहार गर्न बाध्य छन् वा छैनन् भन्ने सीमित विषय उठाइएको छ तर प्रस्तुत विवाद गुठी जग्गाको सन्दर्भमा उठेको, विवादित जग्गाको फिल्डबुकको कैफियत महलमा **"वि.सं. १८८३ का लालमोहरबमोजिम"** भन्ने उल्लेख भएको, विवादित गुठीलाई कुनै पक्षले तैनाथी गुठी, कुनै पक्षले अधीनस्थ गुठी भन्ने नामकरण गरेको र यो जग्गाको जग्गाधनी **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठ,** चौघेरा दाङसँग सम्बन्धित देखिँदा सो मठको स्थापना र समस्त गुठीसम्बन्धी व्यवस्थाको समग्रतामा तथा पूर्ण इजलासका आदेशबमोजिम गुठी संस्थानबाट प्राप्त जवाफ र बहसको क्रममा प्राप्त लालमोहरको सन्दर्भमा समेत हेर्नुपर्ने हुन आयो।

६. सो दृष्टिवाट हेर्दा लिखित जवाफमा **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ पीठ चौघेरा** दाङ वि.सं.८०९ मा स्थापना भएको भन्ने र दाङ जिल्लामा नारायणपुर, ढिकपुर, लक्ष्मीपुर, चौलाही, गोवर्डिहा र साबिक हरिद्वार हाल घोराही नगरपालिकासमेत गरी जग्गा विगाहा १३०० जग्गा २०२७।०२८ सालको सर्भे नापीका समयमा मठको नाममा दर्ता स्रेस्ता रहेको थियो भन्ने कुराहरू उठाइएको छ । के यो साँच्चै हो ? एतिहासिक तथ्य र प्रमाणहरूले के संकेत गर्छन् ? त्यसैगरी सर्भे नापीमा नै १३०० विगाहा जग्गा मठको नाउँमा नापी भएको भनिएकोबाट यति धेरै जग्गा के कुन कारणबाट कसले कहिले गुठी राखेको रहेछ ? श्री **गोरक्ष पात्र देवता सिद्ध रत्न नाथ मठ,** चौघेरा दाङ मठको ऐतिहासिकता के हो ? यसको स्थापना, यसको प्रभाव, विस्तार र मतावलम्बीहरूको के कस्तो योगदान रहेको छ भन्ने आदि प्रश्नहरूबारे समेत विवेचना गर्नु सान्दर्भिक देखियो । सो गर्दा यस इजलासलाई गुठी संस्थानको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले सो मठको गुठी जग्गाबारेको पेस गरेको लालमोहरबाट

सुरू गर्नुपर्ने देखिन्छ। सो लालमोहर तलको बक्सभित्र दिइएको छ[1]।

श्री ज्यूज्यू
श्री रतननाथ
श्री बुबाज्यू
स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधविरूदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराज राजेन्द्रविक्रमसाहबहादुरसमसेरजङ्देवानां सदासमरविजयीनाम ...................

आगे दाङ् चौघराका **श्रीरतननाथ**के अघिदेषीका धुनीपानी गर्न्या जगा र दाङका अम्वलमा धुपबतिको दैदस्तुर अघिदेखी आजसम्म चर्चि आयाको जगा थामिबक्स्यौं भन्या **श्रीबुबाज्यू**बाट ६६ सालमा गोसवारा लालमोहर गरिबक्सनुभयाको रहेछ . सो बमोजिम आजसम्म चर्चि आयाका गुठ दाङ्का अम्बलमध्ये **छीली प्रगन्नाको दुबीचौर गाऊ १ सवारिं प्रगन्नाको जलहरागाऊ १ ऊतरदक्षिणका अम्बलका अम्बराई गाऊ २ बाघौगाऊ १ देऊषुरि प्रगन्नाको रतनपुरा गाऊ १ ज्मा गाउ ६ लगापातसमेत र देउपरगाउंमा षेत पालसीसन्याषोलाको एक मुरि बिज जान्या षेत एसैका पुछारमा पाथि १६ बिज जान्या षेत सीमन्पानीमा मुरि २ बिज जान्या षेत डाडागाऊको डिहि दाङ् देऊषुरी प्रगन्नामा परापुर्वदेषी दिआयाको कर्क ढाला भिह्रसमेत गुठ जगाको** दे-हाए षोली परापुर्वदेषी आजसम्म चलन रितिथिति थामि लालमोहर गरिबक्स्यौं षातरज्मासंग विधिपुर्वक पुजा गरि हाम्रा जय मनाई सेष रह्याको बाह्रपँथिले भोग्य गर ईति सम्वत १८८३ साल मिति बैसाष सुदि ११ रोज ५ शुभम्मं - -

७. उपर्युक्त लालमोहरमा गुठी राखिएका पगन्ना, अम्बल र गाउँहरूको विवरण दिइएको छ। दाङ र देउखुरी गरी विभिन्न प्रगन्नाको ६ गाउँ र देउपुर गाउँसमेतमा ३ खला गरी ३ मुरी १६ पाथी विजन जाने खेतसमेतमा रत्ननाथको नाउँमा श्री ५ गिर्वाणयुद्ध विक्रम शाहले १८६६ सालमा गोश्वारा लालमोहर गरेको कुरा उद्धृत गर्दै "**परापुर्वदेषी आजसम्म चलन रितिथिति थामी लालमोहर गरिबक्स्यौं**" भनिएको र गुठीको आयस्था उठाई नित्य पूजा गरी शेष बाँकी **बाह्रपन्थले भोग्य गर"** भनिएको छ[2]। यसले मठको ऐतिहासिकता र यससँग जोडिएका पन्थ अर्थात् सम्प्रदायबारे[3] संकेत गर्दछ। दाङका विभिन्न ठाउँका जग्गाहरू सल्यानी राजाहरूका पालादेखि गुठी विर्तासमेत राखिएका र त्यसलाई शाहवंशीय राजाहरूले थामेका कुरा पनि इतिहास प्रकाशमा भेटिन्छन्[4]। मठलाई समर्पण गरिएको गुठी दाङ, देउखुरी, सल्यान, प्युठान आदि स्थानमा रहेको र विभिन्न समयमा थामिएको भन्ने कागजपत्रहरूले देखाउँछन्। यसबाट विवादित जग्गाको फिल्डबुकमा **"वि.सं.१८८३ सालका लालमोहरबमोजिम"** भनिएको कुरा र २०२६/०२७ को सर्भेमा १३०० विगाहा जग्गा मठको नाउँमा नापी भएको भन्ने कुरा प्रमाणरहित रहेछ भन्न

1 माथि दिइएको लालमोहरको पाठ उतार्ने र पढ्ने कार्य इतिहास संस्कृतिविद् श्री काशिनाथ तमोटले गर्नुभएको हो। सोही लालमोहर योगी नरहरिनाथद्वारा सम्पादित र प्रकाशित इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १ द्वितीय संस्करण २०५५ पृ. ४६६ मा प्रकाशित छ। सो प्रकाशित लालमोहरमा मार्फत प्राणसाहसमेतका छ जना भारदारहरूको नामसमेत उल्लेख छ।

2 यिनै गाउँहरू संवत् १८८३ सालमा गुठी रहेको कुराको पुनरूक्ति गर्दै मठका पीर मानभाउ हरिनाथको जाहेरीमा ती गाउँका रैतीलाई बेठ बेगार नलगाउनु भन्ने रूक्का दसषत श्री ३ महाराज जंगबहादुर राणाले संवत् १९३० साल मिति सुदी १५ रोज ४ मा गरेका छन्, हेर्नुहोस् ऐ. पृ.४७३।

3 १२ पन्थीबारे प्रकाश पार्दै इतिहास संस्कृतिविद् श्री काशिनाथ तमोटले यसभित्र १२ थरि गोरखनाथपन्थी (अर्थात् सत्यनाथी, धर्मनाथी, रामपन्थ, नटेश्वरी, कल्हन, कपिलानी, बैरागी, माननाथी, आइपन्थ, पागलपन्थ, धजपन्थ, गङ्गानाथी) पर्ने कुरा माथि उल्लिखित लालमोहरको पाठ उतार्ने र पढ्ने क्रममा उल्लेख गर्नुभएको हो।

4 हेर्नुहोस् ऐ. पृ. ४३४- ३६, साथै सिद्ध रत्न नाथका लालमोहर आदि कागजपत्रहरूको पञ्जिकाको लागि हेर्नुहोस् ऐ. पृ. ४५९-४६३

मिल्ने देखिएन ।

८. ऐतिहासिक सन्दर्भतर्फ हेर्दा रत्ननाथको स्थान, सोको गुठी जग्गा, मठको पुजारी, अम्बाली आदिका नाउँमा जारी भएका कैयौं लालमोहर, रूक्का आदि दस्तावेजहरू योगी नरहरिनाथले प्रकाशमा ल्याउनु भएको छ[5] । ती सबै अभिलेख र दस्तावेजहरूको चर्चा र विश्लेषण यहाँ सम्भव छैन तर **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठ,** चौघेरा दाङसँग सम्बन्धित केही दस्तावेजहरूको आधारमा यो मठ, नाथ सम्प्रदाय र यसको गुठीबारेमा प्रकाश पार्न भने सान्दर्भिक देखिएको छ । यस अदालतले पटकपटक गुठीलाई हाम्रो धर्म र संस्कृतिको एक अभिन्न अङ्ग भन्ने धारणा व्यक्त गरिआएको छ । नेपालको एकीकरणकर्ता श्री ५ पृथ्वीनारायण शाहका गुरू गोरखनाथ, गोरक्ष मत र नाथ सम्प्रदायसँग सम्बन्धित महत्त्वपूर्ण मठ हुँदा यसको ऐतिहासिकताको चर्चा गर्नु आवश्यक हुन आएको छ ।

९. गोरक्षनाथलाई भगवान शिवको एक रूप भनी लिइन्छ। पृथ्वी, वेदवाणी, गौमाता र इन्द्रियसमेतको रक्षा गर्ने भएको कारण भगवान शिवलाई गोरक्ष पनि भनिन्छ । रत्ननाथ सवालाख झाडखण्ड (वनखण्ड मण्डल दाङ देउखुरीसमेत) का राजा रत्न परीक्षकसँग सम्बन्धित छ। राजा रत्न परीक्षक नै कुनै प्रसङ्गमा श्री गोरखनाथको दर्शन पाएपछि राजपाठ छाडी सिद्ध रत्न नाथ बनेको कुरा पनि इतिहास प्रकाशमा उल्लेख छ[6] ।

हिमालयस्थो बलवीर्यशाली
समस्तसामन्तनताङ्घ्र-पद्म ॥
धरामशेषामशिसज्जितारी राजन्वतीं
रत्नपुरीनरेशः ॥२३॥
राज्यंपरित्यज्य स
दाङराजःसम्प्राङ्गमष्टाङ्गमवाप्य योगम् ॥
गोरक्षती रत्नपरीक्षकत्वात् सिद्धः
प्रसिद्धो भुविरत्ननाथ ॥२४॥[7]

गोरखनाथ रत्न नाथको अवस्थिति दाङमा मात्र नभई काठमाडौंको हनुमानढोका दरबार क्षेत्र, मृगस्थली, काशी, मारवाड, राजस्थान, कार्नाटक, पञ्जाव, सिन्धु, सीमान्त, दिल्ली, कुरूक्षेत्र, पुष्कर, पुरूषपुर (पेशावर) काबुल, कान्दार आदिमा समेत रहेको बुझिन्छ[8] । यसबाट भारतको गोरखपुरमा रहेको गोरखनाथको मन्दिरसमेतको **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठ**सँग कुनै न कुनै मतावलम्बी सम्बन्ध रहेको अनुमान हुन्छ । योगी नरहरिनाथले राजगुरू सिद्ध रत्न नाथको शिष्य परम्परा विक्रम संवत् ८०९ देखि सुरू भएको बताउनुभएको छ[9] जुन कुरा प्रस्तुत रिट निवेदनमा लिखित जवाफ लगाउने क्रममा मठले पनि उल्लेख गरेको छ । दाङ चौघेराको सिद्ध रत्न नाथ पात्रदेवताकै हकमा पनि संवत् १२६१ मा सिद्ध रत्न नाथले यात्रा गर्ने देवी पाटनमा मधेश पहाडका सकल १२ पन्थ बसी श्रीनाथजीका दलिचामा गरेको योगी सम्प्रदायको थिति बन्देजको धर्मपत्र थान १ को पञ्जिका भेटिएबाट मठको ऐतिहासिक महत्त्वबारे संकेत मिल्छ । त्यसो त नेपालमा नाथ सम्प्रदायका पुजारी रहने दैलेखको शिरस्थान,

5 योगी नरहरिनाथले सवालाख झररखण्डमध्ये चार हजार फलावाङ चारहिका सिद्ध रत्न नाथका पुजारी पीर ब्रह्मनाथ योगीका परापर शिष्य राजगुरू नारायणनाथ योगी छेउ प्राप्त छ थान ऐतिहासिक लालमोहर भनी संवत् १८६९, १८९१, १८९७, १८९८ का लालमोहर र १९४० सालमा जनरल देवशमसेरको वि.सं.१९४० को पत्र, त्यसैगरी सल्यानी महारानी तोरणकुमारी देवीको वि.सं.१९४० को रूक्का, जनरल धीर शम्सेरको वि.सं. १९३५ को पत्र प्रकाशित गर्नुभएको छ, सो मध्ये १८९७ साल मार्ग शीर्ष सुदि ४ रोज ७ को लालमोहरमा गुठ् दाङ पातु पट्टि कुहरिया पटली २ गाउँमा अघिदेखि सर्वरकम माफी गुठी राखिएको कुरासमेत परेको छ । त्यसैगरी धीर शम्सेरको १९३५ को पत्रमा फलावाङअन्तर्गत छ गाउँको खेत बारी गुठी राखेको कुरा उल्लेख छ । हेर्नुहोस् ऐजन पृ.४२५-४२९

6 हेर्नुहोस् ऐ. पृ.४४१

7 दाङ चौघेरा शिवगोरक्षपात्रदेव दिद्धरत्ननाथ पीऔ शेलालेखात, ऐ.पृ. ४५६ यसै कुराको वर्णन पृ. ४८५-८६

8 हेर्नुहोस् ऐ.पृ.४४३, श्रीपरमाद्वैतनाथ सिद्धान्त तरित्र महामेघमाला तृतीय खण्डमा महासिद्ध रत्न नाथले कावुल कान्धारका यवन वादशाहका देशमा गएर योगाध्यान गरेको कुरा उल्लेख छ, हेर्नुहोस् ऐ. पृ. ४८८

9 हर्नुहोस् ऐ. पृ. ४९४

अछामको वैजनाथ, पाल्पाको श्री भैरवनाथ, बाँकेको बागेश्वरी, गोरखाको गोरखनाथ, जुम्लाको भैरवनाथ आदि मठहरू पनि छन, तर ती सबैको इतिहास **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ** मठजति पुरानो नहुन सक्छ। रत्न नाथ मठको गुठीका जग्गाहरू राजा महाराजाहरूले प्रदान गरेको र गुठी व्यक्तिलाई भन्दा पनि मठलाई प्रदान गरिएको र शेष बाँकी पनि व्यक्तिले नभई १२ पन्थले खानु भनिएकोबाट नाथ सम्प्रदायसँग जोडिएका गुठीको सम्बन्ध, नाथ सम्प्रदायको रितिथिति बन्देज, पूजापाठ र योग साधनाको थमौतीसँग सम्बन्धित हुँदा पनि यसको इतिहास अरू महत्त्वपूर्ण बन्न पुगेको छ।

१०. योगी नरहरिनाथले रत्ननाथ पीठको मेला र पीर महन्तको छनौटको प्रसङ्गबारे पनि प्रकाश पार्नुभएको छ। वहाँका अनुसार फाल्गुण कृष्ण एकादशीदेखि फाल्गुनको अन्तिम दिन (फाल्गुण शुक्ल पुर्णिमा) सम्म दाङ रत्नपुर चौघेरा पात्रदेवको पवित्र तीर्थ रत्ननाथ पीठमा दर्शनार्थी समस्त जनता एवं योगीहरूको ठूलो मेला हुन्छ र त्यसमा १२ पन्थमध्ये कुनै एउटा सुयोग्य योगी सर्वसम्मतिबाट चुनेर गोरक्ष पात्रदेव सिद्ध रत्न नाथका सीद्धासन (पीठ) मा पीर पदवी दिएर स्थापित गरिन्छ[10]। यात्राकै क्रममा होलिका उत्सवपछि श्री नाथ पात्रदेवतालाई पाटेश्वरी पीठमा लगिन्छ। पाटेश्वरी पीठको मार्गमा अति राम्रो देवपुर नामको पुर (देउखुरी-देबपुर) छ त्यहाँ पात्रदेवता आधा मास विश्राम हुन्छ। तदन्तर पाटेश्वरी पीठमा पात्र यात्रा हुन्छ[11]। घटस्थापनादेखि महामेला नवमीसमेत एक पक्षभर देवीपाटनमा चौघेरामा जस्तै समस्त योगी र जनताले मेला गर्छन्। पात्रदेव तथा पीरका गद्दीमा चढाएको उपहार द्रव्यसाथका सबै १२ पन्थ योगीले बाँडेर उपयोग गर्छन्। त्यसपछि पीर आदि सबै योगीहरू फर्केर दाङ चौघेरा आउँछन्। तदन्तर कुनै योगी पीरको अनुमति लिएर तिर्थाटनमा जान्छन्, कुनै चौघेरामा श्री पात्रदेवताका सेवामा रहन्छन् भन्ने पनि इतिहास प्रकाशमा उल्लेख छ[12]।

११. यात्राको माथि उल्लिखित परम्परा कुनै न कुनै रूपमा गोरक्षपीठमा आज पनि देख्न पाइन्छ तर पीर स्थापनाको सो परम्परा कति स्थिर रूपमा चलेको थियो भन्ने प्रश्न उब्जन्छ। किनभने इतिहास प्रकाशमा सन्धिपत्र संग्रहमा कैयौं लालमोहर रूक्का पत्रहरू प्रकाशित छन् जसले प्रतिवर्ष पुजारीको पजनी गर्दा थान बिग्री उज्रन गएको चर्चा गर्दै पुजारी पद कालपर्यन्तको लागि थामेको पनि पाइन्छ।[13] श्री ५ पृथ्वीनारायण शाहका समकालिक उनले समेत सम्मान गरेका र नेपालको एकीकरणमा सहयोगी भूमिकासमेत खेलेका सिद्ध भगवन्तनाथ योगीले प्राप्त गरेको मण्डलायीले पनि यही कुराको संकेत गर्छ[14]।

१२. संक्षेपमा भन्दा **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठको** महात्म्य ठूलो रहेछ, मठ पनि धनधान्य समृद्धिले भरिपूर्ण रहेछ, कुनै समयमा मठले हात्तीसमेत पालेको रहेछ भन्ने देखिन्छ। महन्तको रूपमा को कस्ता जोगी नियुक्त हुने, महन्त प्रदेशी जोगी (रम्ताजोगी) वा घरबारी जोगी हुने, जोगी मर्दा पर्दा कसले हेर्ने, दण्डकुण्ड कसले खाने भन्ने आदि विषयमा लालमोहर रूक्का आदिमार्फत व्यवस्था गरिएको पाइन्छ। त्यसैगरी मठको गुठी जग्गामा काम गर्ने मठसँग जोडिएका व्यक्तिहरूलाई अन्य काम अर्थात् बेठ बेगार नलगाउनु, गुठी जग्गाको कुलोपानी नरोक्नु, आवाद गुल्जार गर्नु, मठमा बुझाउनुपर्ने बाली नरोक्नु,

10 हेर्नुहोस् ऐ. पृ. ४४२, पृ. ४९७

11 पाटेश्वरी पीठको महत्त्व यसबाट पनि देखिन्छ कि यसमा संवत् ७०० को अतिप्राचिन अभिलेख यवनुल्पवमा खण्डित मुर्तिहरूबारे तथा श्री ५ राजेन्द्रले मात्र नभई भारत रामपुर तुलसी पुरका राजा दिग्विजयसिंहबहादुरले पनि विभिन्न कुराहरू चढाएको वर्णन छ, हेर्नुहोस् ऐ. पृ. ८९५-८९८

12 हेर्नुहोस् ऐ. पृ. ४८७-८८ श्रीपरमाद्वैतनाथ सिद्धान्त तरित्र महामेघमाला द्वितीय खण्डको भावार्थ उल्था

13 हेर्नुहोस् ऐ. पृ. ४२५ (ब्रह्मनाथ जोगीलाई गरेको रूक्का), पृ. ४६६ (गोपीनाथलाई भएको रूक्का)

14 हेर्नुहोस् ऐ. पृ. ४३३-३४

मठको सम्पत्ति नमास्नु, मठको हात्ती पक्रन मद्दत गर्नु, **गुठी जग्गा रैकरमा परिणत नगर्नु** भन्ने आदि बारेमा प्रशस्त दस्तावेजहरू इतिहास प्रकाशमा भेटिन्छन्[15]। यी दस्तावेजहरू, संस्कृत, हिन्दी, थारू भाषा आदिमा जारी भएकासमेत पाइएबाट विभिन्न कालखण्डका राजा महाराजा र राणा प्रधानमन्त्रीहरूसमेतले जनबोली र जनभाषासमेत टिप्दै **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठ** प्रति श्रद्धा, समर्पण र भक्ति भाव राखेको, आम जनतालाई सम्झाएको र मठको विवादको समाधान गरी मठ सञ्चालनमा सहयोगी भूमिका खेलेको पाइन्छ।

**१३. श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठ**को ऐतिहासिकताबारे यति भनेर अब **विवादित जग्गामा रिट निवेदकलाई मोही मान्न मिल्छ वा मिल्दैन; रिट निवेदन खारेज गर्ने गरेको संयुक्त इजलासको निर्णय मिलेको छ वा छैन। निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने दोस्रो प्रश्नतर्फ हेर्दा** माथि गरिएको विश्लेषणबाट विवादित जग्गाको फिल्डबुकको कैफियत महलमा **"१८८३ सालको लालमोहरबमोजिम"** भन्ने उल्लेख भएबाट कि.नं.१६२ को जग्गा तैनाथी राजगुठीको जग्गा हो भन्नेमा विवाद रहेन। तैनाथी गुठीमा मोहियानी हकबारे के कस्तो व्यवस्था रहेछ भन्ने विषयमा गुठी संस्थान ऐन, २०२१, २०२९ र २०३३ समेतका व्यवस्थाहरू हेर्नुपर्ने हुन आयो। गुठी संस्थान ऐन, २०२१ को दफा १२ मा राजगुठीको चल अचल जायजेथाको बन्दोबस्त र सञ्चालन संस्थानले गर्नसक्ने व्यवस्था रहेको छ। गुठी संस्थान ऐन, २०२१ को दफा १७ मा देहायको व्यवस्था रहेको देखिन्छः

**"१७. <u>राजगुठीको जमिनमा हक प्राप्त नहुनेः</u> अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम संस्थानले बन्दोबस्त वा हेरचाह गरेको कुनै राज गुठीको जग्गा जमिन वा अन्य कुनै सम्पत्तिमा यो ऐन प्रारम्भ हुँदाका बखत कसैलाई कुनै हक प्राप्त भइराखेको भए संस्थानले अन्यथा गर्न मन्जुर गरेकोमा बाहेक यो ऐन प्रारम्भ भएपछि त्यसको हक समाप्त भई कसैको कुनै किसिमको हक नभएसरह सो सम्पत्तिमा पुनः सो राजगुठीको सम्पूर्ण हक कायम भएको मानिने छ।"**

१४. उक्त व्यवस्थाअनुसार हेर्दा गुठी संस्थान ऐन, २०२१ जारी हुँदाको अवस्थामा राजगुठीको जग्गामा कसैलाई कुनै हक नरहेसरह मान्नुपर्ने हुन आयो। यस स्थितिमा विवादित कि.नं.१६२ को जग्गामा रिट निवेदकले बाबुका पालादेखि मोही कायम रहेको भनी उल्लेख गरेको भन्ने कुराले कुनै अर्थ राख्न सक्ने देखिँदैन। **जुन कुरा कानूनले नै रोकेको छ, सो कानूनको विपरीत कुनै प्रमाण पत्र जारी गर्न सक्ने अधिकार कसैलाई हुँदैन र जारी नै गरेमा पनि त्यसले मान्यता पाउँदैन।** त्यसमाथि निवेदकले झुथरा थारूको नाउँको मोहियानी हकको प्रमाणपत्र भनी पेस गरेको कागजमा कसैको सहिछाप नरही रबरको छापबाट बनाइएको हस्ताक्षरको आकृतिको छाप लगाइएको देखिन्छ। सो प्रमाणपत्रमा मिति पनि उल्लेख छैन, यस्तो कानूनी अस्तित्वविहीन कागजबाट हक सिर्जना हुन्छ भनी मान्न मिल्ने देखिएन। त्यसैगरी भूमि सुधार कार्यालयको मोही नामसारीसम्बन्धी निर्णय हेर्दा पनि कार्यालयको यो यस्तो अभिलेखबाट झुथरा थारू मोही देखिएको नभनी नारायणपुर गाउँ विकास समितिले सिफारिस गरेको भन्ने आधारमा मोहियानी हकको नामसारी गरेको देखिन्छ। रिट निवेदकले यस अदालत वा भूमि सुधार कार्यालयमा पनि बाली बुझाएको कानूनले मान्यता प्राप्त कुनै लिखत प्रमाण रसिद आदि पेस गर्न सकेको पाइँदैन। विवादित जग्गाको मिति २०२८/२/२३ मा खडा भएको फिल्डबुकको मोही महलमा खाली जनाइएकोसमेतबाट भूमिसम्बन्धी ऐन, २०२१ प्रारम्भ हुँदा मोहियानी हक बन्ने कुनै कुरा प्राप्त भएको भन्न मिल्ने अवस्था देखिएन।

१५. विपक्षी **श्री गोरक्ष पात्रदेवता सिद्ध**

15 हेर्नुहोस् ऐ. पृ. ४६६-४८२

**रत्न नाथ मठ**को लिखित जवाफमा निवेदकलाई मोही मान्न इन्कार गरेको र पूर्ण इजलासको आदेशबमोजिम प्राप्त विपक्षी गुठी संस्थानको जवाफ हेर्दा कि.नं.१६२ को जग्गा गुठी संस्थानले बन्दोबस्त सञ्चालन गरी आएको राजगुठीमा कायम रहेको श्री गोरक्षपात्र देव सिंह रत्ननाथ मठको गुठी तैनाथी जग्गा हो, नापीमा मोही महल खाली, जग्गाधनी महलमा **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठ** १८८३ सालको लालमोहरबमोजिम भन्ने बेहोरा जनिई नाप नक्सा भएको मालपोत कार्यालयको लगतमा संस्थानकै घरखेतको जग्गा हो भन्ने उल्लेख भएको छ । यसबाट विवादित राजगुठीको जग्गामा रिट निवेदकलाई कुनै हक प्राप्त हुन सक्ने देखिएन । गुठी संस्थान ऐन, २०३३ अनुसार राजगुठीको जग्गामा गुठी संस्थान नै आधिकारिक निकाय हुँदा र **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठका मठाधीशलाई संस्थानको स्थानीय एजेन्ट वा प्रतिनिधिसम्म मान्न सकिने भएबाट** लिखित जवाफ पेस गरिसकेपछि हाल मठतर्फबाट के भनियो वा के पत्र लेखियो भन्ने कुराले धेरै अर्थ र महत्त्व राख्न सक्ने देखिँदैन । बरू मठको हितविपरीत कसैले केही कागज गरेको छ वा पत्र लेखेको छ भने त्यस्तो कार्य धर्मलोप मानिने हुँदा मठ वा यसको सम्पत्तिमाथिको हकविपरीत हुने गरी लेख्ने व्यक्तिउपर कारबाही हुन सक्ने हुन्छ ।

१६. राजगुठीको जग्गाको बन्दोबस्त गुठी संस्थानले गर्ने व्यवस्था गुठी संस्थान ऐन, २०२९ को दफा १६, १८, २४ र दफा २५ मा छ । उक्त ऐनको दफा २६ ले गुठी तैनाथी जग्गामा संस्थानको लिखित सहमतिबेगर कसैलाई मोहियानी हक प्राप्त हुन सक्ने देखिँदैन । सोही व्यवस्थासँग मिल्दोजुल्दो व्यवस्था **गुठी संस्थान ऐन, २०३३ को दफा १६ समेतमा हुँदा गुठी संस्थानको सहमतिबेगर राजगुठीको जग्गामा कसैलाई कुनै प्रकारको हक प्राप्त हुन सक्ने देखिँदैन ।** गुठी संस्थान ऐन, २०३३ को दफा २७ मा गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउने छ भन्ने उल्लेख छ । यसबाट यी रिट निवेदकलाई मोहियानी हक प्राप्त हुने हो कि भन्नलाई पनि प्रथमतः उक्त दफा २७ मा **"प्रचलित कानूनबमोजिम"** भन्ने शब्दावली प्रयोग भएको छ । यसबाट उक्त दफा २७ ले भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम मोहियानी हक प्राप्त हुन सक्ने कुरालाई इङ्गित गरेको रहेछ भनी बुझ्नु पर्ने हुन्छ । तर गुठी संस्थान ऐन, २०२१ मा राजगुठीको जग्गामा कसैलाई कुनै प्रकारको हक प्राप्त हुन सक्ने नदेखिँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५को उपदफा (३) को खण्ड (ख) को व्यवस्थाअनुसार पनि राजगुठीको जग्गामा मोही लाग्न सक्ने स्थिति नहुँदा अन्य जग्गामा जस्तो ऐन प्रारम्भ हुँदा १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भई जोताहा अस्थायी निस्सा प्राप्त गरी मोही हुने कुरा राजगुठीको जग्गाको हकमा तत्काल आकर्षित नहुने देखिन्छ । भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३४ मा दोहोरो कबुलियत लिई दिई मोही हुने प्रक्रियाबारे व्यवस्था गरिएको हकमा त्यस्तो कबुलियत वा गुठीबाट मोहीको मन्जुरी दिइएको छ भन्ने जिकिर नहुँदा निवेदकको मोहियानी हकको कुरा नै विवादास्पद देखिन आयो । जहाँसम्म २०६६।६।२१ मा मोहियानी हक नामसारी भएको भन्ने जिकिर छ, सो नामसारी बदर गर्नको लागि भूमि सुधार कार्यालय दाङमा २०७४।५।४ मा मुद्दा गरिसकिएको छ भन्ने विपक्षी गुठी संस्थानको तर्फबाट बहसमा जिकिर लिइएकोबाट मोही नामसारी पनि विवादरहित रहेको मान्न सकिने अवस्था देखिएन ।

१७. विवादित जग्गाको हकमा गुठी संस्थानको लिखित जवाफसाथ पेस भएको मालपोत कार्यालयको लगतमा विवादित कि.नं.१६२ को जग्गा **"घरखेत"** लगतमा उल्लेख भएको पाइन्छ । साथै संस्थानको जिकिर र **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ**

**मठ**को लिखित जवाफमा घरखेतको जग्गा भनिएको छ । घरखेतको जग्गा भन्नाले मठ आफैँले खेती गर्ने गराउने जग्गा भन्ने बुझिन्छ । यस्तो जग्गामा मोही हुँदैन । साथै लिखित जवाफमा **"यस मठको जम्मा जग्गा बिगाहा १३०० मध्ये मोही कायम भएका जग्गाहरू आ.व. २०४९/०५० मा रैकरमा परिणत भएकोले हाल जग्गा बिगाहा २९८ मात्र बाँकी रहेकोमध्ये ५२ बिगाहा मात्र मोही जग्गा र जग्गा बिगाहा २४६ घर खेतीको जग्गा छ, यो कि.नं. १६२ को २-१९-१२ जग्गा घरखेतीको जग्गाको रेकर्डमा पर्छ। हाल ८७ जना मात्र मोही छन् यी निवेदक मोही रेकर्डमा पर्दैनन्"** भन्ने उल्लेख भएको पाइन्छ। गुठी जग्गा रैकरमा परिणत गर्दा कसैको निवेदनमा नै गरिने हो। त्यस्तो निवेदन दिने व्यक्ति जग्गा कमाउने जोताहा मोही नै हुन्छन्। **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठ**को हजार बिगाहाभन्दा बढी जग्गा रैकर परिणत भइसकेको, यी निवेदक साबिकदेखि मोही भए किन निजले कमाएको जग्गा रैकरमा परिणत हुन सकेन भन्ने प्रश्न पनि विचारणीय देखिन्छ। लिखित जवाफमा हाल देखिएका ८७ जना मोहीमा पनि यी निवेदक वा निजको बाबु मोही नदेखिनु, घरखेतको लगतको जग्गा हो भनिनु र विवादित जग्गामा आँप, कटहर, लिचीका बोटबिरूवा बगैंचा र गौशालासमेत छ भनिनुबाट समेत विवादित जग्गा मोही लागेको जग्गा रहेनछ भन्ने नै पुष्टि हुन्छ र परिणामतः निवेदकले गराएको मोहियानी नामसारी विवादास्पद देखिन आउँछ।

१८. गुठीसम्बन्धी विवाद अदालतमा आउँदा एउटा कित्ता वा केही कित्ता जग्गाको विवाद बनेर आउँछ, तर अक्सर यो सतहसम्मको कुरा हुन्छ। गुठीको विवादलाई गुठी स्थापनाको उद्देश्य, मठ मन्दिरको अवस्थिति, अनुयायी वा मतावलम्बीहरूको चासो तथा समर्पण आदिसमेतका विषयहरूको समग्रतामा नहेरेसम्म यस्तो विवादमा सही न्याय निरूपण गर्न कठिन हुन्छ। विवादित विषयमा प्राप्त अभिलेखहरूको आलोकमा श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठको ऐतिहासिकता, गोरक्षमतको नेपाल, भारत र अन्य मुलुकहरूमा रहेको फैलावट, मठ र मतावलम्बीहरूको आचरण व्यवहार, धर्म संस्कृति जात्रा पर्व जोगाउन र जगेर्ना गर्नुपर्ने आवश्यकतासमेतलाई हेरी न्याय निरूपण गर्नुपर्ने देखिएको छ। यस्तो दृष्टि नराखेसम्म यो विवाद साधुरिएर केबल एक कित्ता जग्गाको मोही हकसम्बन्धी विवाद बन्न पुग्छ र तत्कालको राजनीतिक चाप र प्रभाव एवं स्थानीय तहमा तयार भएका केही कागजातको रोहमा सत्य र असत्यको निरूपण गरिन पुग्छ।

१९. नेपालमा गुठीका प्रकृति अनेक छन्। गुठीको प्रकृति हेरी गुठीसँग सम्बन्धित संस्थाहरू राज्य र समुदायको तहमा अनेक किसिमका छन। तर ती कति सक्षम, जागरूक र उत्तरदायी छन्, यो पनि छलफलको विषय नै होला। हाम्रो देशको सन्दर्भमा गुठी स्थापनाको प्रमुख उद्देश्य धर्म र संस्कृतिको रक्षा नै हो। धर्म र संस्कृतिकै रक्षाको अभिष्ट राखी राजादेखि रंकसम्मबाट विभिन्न काल खण्डमा विभिन्न जग्गा गुठी राखिएका हुन्। त्यसैले गुठी जग्गा धर्म संस्कृतिको रक्षा गर्ने एउटा सशक्त माध्यम हो। धर्म र संस्कृतिको रक्षाको लागि गुठी जग्गा, गुठीका मठ स्थान, तिनका वाग बगैंचा र अभिलेख रक्षा गर्ने, गुठीको रक्षा गर्ने जिम्मेवारी लिएका संस्थाहरूमा सुशासन कायम गर्ने र वर्तमानको आवश्यकतालाई समेत दृष्टिगत गर्दै योजनाबद्ध रूपमा गुठी जग्गा र गुठी संस्कृतिको रक्षा गर्ने कुराहरू सान्दर्भिक प्रश्न बन्छन्। समयको लामो अन्तरालले गर्दा गुठीका विवादहरूमा गुठी राखिएका कागजपत्रहरू हराएको, ऐतिहासिकताको कुरा अभिलेखमा नभई किम्बदन्तीमा सीमित रहन पुगेको, लोभानी पापानीले घेराबन्दी गरेको परिस्थिति पनि उत्पन्न हुन सक्छ। यस्तो परिस्थितिमा अदालतले

बृहत् राष्ट्रिय र सामाजिक न्यायको पहिचान गरी विषयवस्तुको निरूपण गर्नुपर्ने हुन्छ।

२०. गुठीको सन्दर्भमा मनन् गर्नुपर्ने अर्को कुरा के पनि छ भने कतिपय अवस्थामा धर्म संस्कृति र गुठीको जग्गा जोगिनु पर्छ भन्ने मत विस्तीर्ण हुँदाहुँदै पनि सुसुप्त नागरिक चेतनामा सीमित हुन्छ । तर व्यक्तिगत स्वार्थ, हित वा अधिकारको दाबी गर्ने पक्ष अदालत सामु नस नारी ठेलेर पौंठाजोरी खेल्दै न्याय प्रभावित पार्न उद्दत रहने अवस्था पनि हुन्छ । यस्तो प्रवृत्तिप्रति अदालत सदा सचेष्ठ रहनु पर्छ । न्याय सहजता र सुविधाको मात्र विषय होइन । कतिपय अवस्थामा यो दुरूह पनि हुन्छ भन्ने कुरालाई न्यायकर्मीहरूले मनन् गरी न्याय सम्पादन गर्दै न्यायलाई सहज बनाउनु पर्छ । समाजमा न्यायले हरदम र हर हालतमा जित्नु पर्छ । अवाञ्छित स्वार्थको पराजय हुन सक्यो भने मात्र समाजमा न्याय चीरस्थायी हुन पुग्छ । न्याय जोगाउने दायित्व अदालतकै हो, त्यसैको लागि यो खडा भएको हो । समाजमा र राष्ट्रमा न्याय स्थापित हुन सक्दा मात्र न्यायको गरिमा सुरक्षित रहने हो ।

२१. तसर्थ माथि गरिएको विवेचनाको रोहमा संयुक्त इजलासको निर्णय मिलेको छ वा छैन भनी हेर्दा संक्षेपमा प्रस्तुत विवाद सतहमा हेर्दा एउटा कित्ता जग्गाको विषयको रूपमा पेस गरिएको भएपनि **श्री गोरक्ष पात्रदेवता सिद्ध रत्न नाथ मठ, यसको अस्तित्व र जगेर्ना**सँग सम्बन्धित देखिएकोसमेतका कुराहरूलाई दृष्टिगत गरी हेर्नुपर्ने देखिन आएको छ । यस दृष्टिबाट हेर्दा निवेदकले जे कुराको दाबी लिएको छ सो स्थापित हुन सकेको छैन । संक्षेपमा, निवेदक वा निवेदकको बाबु झुथरा थारू विवादित जग्गाको मोही रहेछ भन्ने विवादरहित रूपमा स्थापित हुन नसकेको र **विवादरहित हकको प्रचलन मात्र रिट क्षेत्रबाट हुन सक्ने हुँदा** रिट निवेदन खारेज गर्ने ठहराएको यस अदालत संयुक्त इजलासको २०७१।११।२० को निर्णय आदेशलाई अन्यथा भन्न मिल्ने देखिएन । उक्त निर्णय सदर हुने ठहर्छ । संयुक्त इजलासको आदेश उल्टी भई निवेदन मागबमोजिम रिट जारी हुनुपर्दछ भन्ने निवेदक र निजतर्फका विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन सकिएन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा हामी सहमत छौं ।
न्या. तेजबहादुर के.सी.
न्या. डम्बरबहादुर शाही

इजलास अधिकृत : ध्रुवराज कार्की
इति संवत् २०७५ साल फागुन २३ गते रोज ५ शुभम् ।

## निर्णय नं. १०२३२

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
आदेश मिति : २०७५।७।२०
०७३-WO-००२४

विषयः उत्प्रेषण / परमादेश

निवेदक : मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका वडा नं. २१ मा कारखाना रहेको शिवम् सिमेन्ट लिमिटेडको तर्फबाट अख्तियार प्राप्त ऐ.ऐ. का सञ्चालक काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १ बस्ने वर्ष ४५ को रघुनन्दन मारू

विरूद्ध

प्रत्यर्थी : नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाडौंसमेत

- **विधायिका निर्मित कानून एकापसमा बाझिएमा वा एउटै विषयमा फरक फरक प्रावधान भई कुन कानून लागू हुने भन्ने द्विविधाजनक अवस्था सिर्जना भएमा विधायिकाले नै स्पष्ट शब्दमा प्राथमिकताक्रम तोकिदिएको रहेछ भने सोही प्रावधान लागू हुन्छ। यदि नतोकिएको भए पछिल्लो कानून (Latest Intention of legislator) मान्य हुन्छ भन्ने कानून व्याख्याको सर्वस्वीकृत सिद्धान्त रही आएको पाइने।**

(प्रकरण नं.२)

- **जुनसुकै निर्णय एवं कानूनले आफ्नो उत्पत्ति नभएको समयको काम कारबाहीलाई नियमन गर्न नसक्ने हुँदा अधिकारप्राप्त निकाय एवं अधिकारीबाट कानूनसम्मत रुपमा भएका निर्णयहरू पनि निर्णय मितिभन्दा अगाडिदेखि प्रभावकारी हुन नसक्ने।**
- **ग्राहकले आफूले उपभोग गरेको वस्तुको मूल्य एवं परिणाम उपभोगको समयमा नै थाहा पाउनुपर्ने हुन्छ। उपभोक्ताले उपभोग गरिसकेको वस्तुमाथि पछाडि आएर कुनै प्रकारको थप दायित्व सिर्जना गरी महसुल बढाउनु न्यायोचित र कानूनसम्मत नहुने हुँदा विद्युत् महसुल निर्धारण गर्ने अधिकारप्राप्त आयोगबाट निर्धारण भएको विद्युत् महसुलदर अतितप्रभावी ढंगबाट असुलउपर गर्न मिल्ने नदेखिने।**

(प्रकरण नं.४)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, विद्वान् अधिवक्ताहरू श्री नरेन्द्रप्रसाद गौतम, श्री महेश थापा

प्रत्यर्थीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्य, विद्वान् अधिवक्ताहरू श्री शरदप्रसाद कोइराला, श्री दिनमणि पोखरेल, श्री राजन अधिकारी र श्री राजकुमार पोखरेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१
- विद्युत् ऐन, २०४९
- विद्युत् नियमावली, २०५०

आदेश

**न्या. केदारप्रसाद चालिसे :** नेपालको संविधान, २०७२ को धारा ४६ तथा १३३(२) (३)

बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :-

निवेदक शिवम् सिमेन्ट लिमिटेड सिमेन्ट उत्पादन एवं बिक्री वितरण गर्ने उद्देश्य राखी मिति २०६०/०२/१३ मा प्रा.लि. कम्पनीको रूपमा संस्थापित भई मिति २०७२/०४/०८ मा कम्पनी रजिस्ट्रारको कार्यालयबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई निरन्तर रूपमा सिमेन्टको उत्पादन र बिक्री वितरण गरी आएको छ। सिमेन्ट उद्योग सञ्चालन गर्न विद्युत् शक्ति आवश्यक हुने भएकोले नेपाल विद्युत् प्राधिकरण हेटौंडा वितरण केन्द्रबाट १५ एमभिए (करिब १२ मेगावाट) क्षमताको विद्युत् शक्ति पाउने गरी लोड स्वीकृत भएको छ । विपक्षी प्राधिकरणले आपूर्ति गरी आएको विद्युत्बापत निवेदकलाई प्रेषित बिलअनुसारको महसुल तोकिएको समयमा नै भुक्तानी गरी सोमा प्राधिकरणले छुट (Rebate) समेत दिई आएको छ । यसैबिच प्राधिकरणको हेटौंडा वितरण केन्द्रले निवेदकलाई पठाएको छुट रकम बुझाउने बारेको मिति २०७२/०८/१८ को पत्र प्राप्त हुन आयो। उक्त पत्रको बेहोरामा ***"नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको मिति २०७२/०३/१२ गतेको ७१० औं बैठकको निर्णयानुसार Dedicated Feeder मार्फत विद्युत् आपूर्ति गर्ने बारेको निर्णय र उपसमितिको स्वीकृत प्रतिवेदनको आधार तथा योजना तथा प्राविधिक सेवा विभागको मिति २०७२/०७/१५ को च.नं.१५५ अनुसार Tariff (शुल्क) लगाई विलिङ गर्न निर्देशन भएअनुसार २०७२ श्रावण महिनादेखि २०७२ मङ्सिर महिनासम्मको तपाईँले खपत गर्नुभएको विद्युत् छुट युनिट शुल्कबापतको कुल जम्मा रू.१२,४२,२६,९२९।६० (अक्षरेपी बाह्र करोड बयालीस लाख छब्बीस हजार नौ सय उनन्तीस रूपैयाँ र पैसा साठी) ३५ दिनभित्र भुक्तानी गर्न जानकारी गराइन्छ*** भन्ने उल्लेख गरिएको छ । निवेदकलगायत सबै प्रकारका ग्राहक वर्गले तिर्नुपर्ने विद्युत् महसुल, डिमान्ड शुल्क र अन्य दस्तुर निर्धारण गर्ने अधिकार कानूनले विपक्षी प्राधिकरणलाई दिएको छैन । विपक्षी प्राधिकरणबाट भएको गैरकानूनी निर्णय पत्राचारबारेमा तत्काल साधारण अधिकारक्षेत्रबाट नै न्याय पाइने विश्वास लिई प्राधिकरणको पुनरावेदन समितिसमक्ष पुनरावेदन दर्ता गराएको थियो । उक्त पुनरावेदन विचाराधीन रहेको अवस्थामै हेटौंडा वितरण केन्द्रले मिति २०७२/०८/१८ गतेको पत्रअनुसारको छुट बिल रकम तिर्न बुझाउन ताकेता गरेकोले मकवानपुर जिल्ला अदालतमा निषेधाज्ञाको निवेदन दायर गरी उक्त अदालतबाट विपक्षीको नाउँमा अन्तरिम आदेश जारी भएको थियो। विपक्षी पुनरावेदन समितिले निवेदकले उठाएको कानूनी प्रश्नमा प्रवेश नै नगरी मिति २०७२/११/११ मा पुनरावेदनपत्र खारेज भएको छ । पुनः हेटौंडा वितरण केन्द्रले समयमा रकम नतिरेको भनी उल्टै जरिवाना थप गर्दै जम्मा रू.१५,५२,८३,६६२।– तिर्न बुझाउनु भनी मिति २०७३/०३/१३ मा पत्राचार गरिएको छ।

यसरी विपक्षी प्राधिकरणले महसुल निर्धारण आयोगबाट महसुलको परिवर्तित दर तथा अन्य दस्तुर स्वीकृत हुनुअगावै अर्थात् मिति २०७२/०८/१८ मा परिवर्तित महसुल दरलाई बिल गर्न छुट हुन गएको भन्ने संज्ञा दिई मिति २०७२ श्रावणदेखि मंसिरसम्मको छुट युनिटबापतको रकम, डिमान्ड शुल्क र अन्य दस्तुर भन्दै गैरकानूनी रूपले रू.१२,४२,२६,९२९।६० असुल गर्न पत्राचार गरेउपर पुनरावेदन गरेकोमा पुनरावेदन समितिले समेत मुद्दाको तथ्य र कानूनी प्रश्नमा प्रवेश नै नगरी पुनरावेदन खारेज गरेको र उक्त पुनरावेदन खारेज उप्रान्त पनि उल्टो निवेदक उद्योगले उक्त रकम समयमा नतिरेको भनी जरिवानासमेत थप गरी जम्मा रू.१५,५२,८३,६६२।०० तिर्न बुझाउन मिति २०७३/०३/१३ मा पत्राचार गरेको विपक्षीहरूको उल्लिखित निर्णय, पत्रसमेतका काम कारबाहीबाट निवेदकको नेपालको संविधानको धारा १७(१)(च),

१८(१), २५(१), (२) द्वारा प्रदत्त हक एवं विद्युत् ऐन, २०४९ को दफा १६, १७ को उपदफा (१), (२), (३), (४), (५), (६), दफा १८, विद्युत् महसुल निर्धारण नियमावली २०५० को नियम ६, नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ८, १९, औद्योगिक व्यवसाय ऐन, २०४९ तथा कम्पनी ऐन, २०६३ समेतले प्रदान गरेको कानूनी हक अधिकार कुण्ठित हुन गएको हुँदा र विपक्षीहरूको उक्त निर्णय, पत्रलगायतका काम सम्पूर्ण कारबाहीसमेतलाई बदर गराउने अन्य वैकल्पिक उपचारको अभावमा सम्मानित अदालतसमक्ष यो रिट निवेदन लिई उपस्थित भएको छु।

विद्युत् ऐन, २०४९ को दफा १७ को उपदफा (३) तथा विद्युत् महसुल निर्धारण नियमावली, २०५० को नियम ६ ले विद्युत्को महसुल र अन्य दस्तुर निर्धारण गर्ने कानूनी अधिकार विपक्षी विद्युत् महसुल निर्धारण आयोगलाई मात्रै रहेको छ। नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ मिति २०४१ सालबाट लागू भएको कानून हो। उक्त ऐनको दफा १९ मा प्राधिकरणको काम कर्तव्य उल्लेख गर्दा सोको देहाय (घ) मा विद्युत् महसुल र विद्युत्सम्बन्धी अन्य सेवा शुल्क निर्धारण गर्ने उल्लेख गरेको भएपनि सो उप्रान्त विद्युत्को महसुल र अन्य दस्तुर निर्धारण गर्ने कानूनी दायित्व विपक्षी आयोगलाई सुम्पिएको छ। विपक्षी प्राधिकरणले समेत विद्युत् ऐन, २०४९ लागू भएपछि आजका मितिसम्म पनि विपक्षी आयोगको विद्युत् महसुल तथा अन्य दस्तुर निर्धारण गर्ने कानूनी अधिकार र क्षेत्राधिकारलाई मान्यता दिई आएको हुँदा पछि जन्मिएको कानूनले मान्यता पाउने निर्विवाद छ।

यसैगरी आयोगबाट महसुल दरमा परिवर्तन गर्ने गरी मिति २०७२/०९/२९ मा निर्णय गरी मिति २०७२/१०/१४ गतेको गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित भएबाट समेत विपक्षी प्राधिकरणले आयोगबाट निर्णय हुनुअघिको अर्थात् २०७२ श्रावणदेखि मंसिरसम्मको थप वृद्धि तथा परिवर्तन भएको दर रेटअनुसारको महसुल ग्राहकबाट असुलउपर गर्न नसक्ने प्रस्ट छ। विपक्षी प्राधिकरण सञ्चालक समितिको मिति २०७२/०३/१२ को निर्णयलाई महसुल निर्धारण आयोगले आफ्नो क्षेत्राधिकारभित्र लिई मिति २०७२/९/२९ मा निर्णय गरी सूचना प्रकाशित गर्दा परिवर्तित महसुल २०७२ श्रावणदेखि लागू हुने भनी पश्चात्दर्शी असर (Retrospective Effect) पार्ने गरी निर्णय गरेको छैन। यस्तो अवस्थामा विपक्षी प्राधिकरणले २०७२ श्रावणदेखि मंसिरसम्मको परिवर्तित थप महसुल र अन्य दस्तुर ग्राहकबाट असुलउपर गर्न नसक्ने स्पष्ट छ। तसर्थ विपक्षी प्राधिकरणको मिति २०७२/८/१८ र २०७३/३/१३ को पत्र गैरकानूनी र मुलुकी ऐन अ.बं.३५ नं. प्रतिकूल भई बदरभागी छ।

विपक्षी आयोगले विद्युत् महसुलमा परिवर्तन गर्ने गरी गरेको निर्णयपश्चात् प्रकाशित सूचनामा प्राधिकरण सञ्चालक समितिको मिति २०७२/०३/१२ को निर्णयअनुसार माग भएको भन्ने बेहोरा उल्लेख छ। प्राधिकरणले माग गरेको प्रस्तावलाई विपक्षी आयोगले मिति २०७२/०९/२९ मा मात्र स्वीकृत गरेको र सो स्वीकृत गरेको निर्णयको कुनैपनि बुँदामा २०७२ श्रावणदेखि नै परिवर्तित महसुल र अन्य शुल्क लिन पाउने भन्ने उल्लेख छैन। आयोगबाट प्रकाशित सूचनाको अन्त्यमा "राष्ट्रिय ग्रिडमा संलग्न रही वितरण गर्ने सबै प्रकारका ग्राहक वर्गका विद्युत् खरिद बिक्री, विद्युत् महसुल दर निर्धारण विद्युत् ऐन, २०४९ अनुसार यस आयोगको क्षेत्राधिकारभित्र हुँदा यस आयोगबाट स्वीकृत नगरिएको विद्युत् महसुल दरभन्दा बढी वा सोबाहेक महसुल वा दस्तुर लिन नपाइने बेहोरा सर्वसाधारणको लागि जानकारी गराइन्छ।" भन्ने किटान गरेबाट विपक्षी प्राधिकरणले आयोगबाट स्वीकृत हुनुअघि आयोगबाट स्वीकृत नगरिएको महसुल र शुल्क निवेदकबाट लिन नपाउने निर्विवाद

छ । २०७२ श्रावण महिनादेखि मंसिर महिनाको तिर्नु नपर्ने र अगावै भुक्तानी गरी हिसाब नै राफसाफ फरफारक भइसकेको रकम माग गर्नु कानूनविपरीत छ। यसर्थ, विपक्षीले गैरन्यायिक रूपमा धनी हुन खोज्नु भएकोले अन्यायिक संवृद्धिको सिद्धान्त (Doctrine Of Unjust Enrichment) ले समेत विपक्षीको निर्णय बदरभागी छ।

अतः माथि उल्लिखित कानून, तथ्य प्रमाणबाट निवेदक उद्योगले आयोगबाट स्वीकृत भएको दर रेटअनुसारको विद्युत् महसुल र अन्य दस्तुर मासिक रूपमा नियमितरूपमा बुझाई आएको कारणबाट अतिरिक्त छुटसमेत लिई आएकोमा विपक्षी प्राधिकरणले निवेदक उद्योगले महसुल, शुल्क नबुझाई बाँकी राखेको भनी जरिवानासमेत थप गरी तिर्न बुझाउन गरेको पत्राचारसमेत माथि उल्लिखित नेपालको संविधानको र विद्युत् ऐन, २०४९ समेतको प्रतिकूल रहेकोले विपक्षी प्राधिकरण सञ्चालक समितिको मिति २०७२/०३/१२ गतेको ७१० औं बैठकको निर्णय, हेटौंडा वितरण केन्द्रको मिति २०७२/०८/१७ को निर्णय एवं उक्त निर्णयअनुसार विपक्षी हेटौंडा वितरण केन्द्रले निवेदकलाई पठाएको मिति २०७२/०८/१८ र मिति २०७३/०३/१३ को पत्र, विपक्षी पुनरावेदन समितिको मिति २०७२/११/११ को निर्णय आदेशलगायत सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी विद्युत् महसुल निर्धारण आयोगबाट विद्युत् महसुल र अन्य दस्तुरको परिवर्तित दर रेट स्वीकृति गरेको मितिभन्दा अघिको कुनै पनि महसुल, दस्तुर असुलउपर नगर्नु नगराउनु भन्ने परमादेशलगायत जो चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरी पूर्ण न्याय पाऊँ। साथै प्रस्तुत निवेदनपत्रको अन्तिम टुङ्गो नलागेसम्म मिति २०७२/०८/१८ र मिति २०७३/०३/१३ को पत्र हाल कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन पत्र।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.६ को हकमा महान्यायाधिवक्ताको कार्यालयसमेत र विपक्षी नं.१, २, ३, ४ र ५ का हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू।

निवेदकहरूले अन्तरिम आदेशसमेत माग गरेको सन्दर्भमा विचार गर्दा निवेदक उद्योगले उपभोग गरेको विद्युत्‌को महसुल निर्धारण विद्युत् ऐन, २०४९ को दफा १७, विद्युत् नियमावली, २०५० को नियम ३३ र विद्युत् महसुल निर्धारण नियमावली, २०५० को नियम ७ बमोजिम विद्युत्‌को महसुल निर्धारण आयोगबाट हुने कुरामा विवाद देखिँदैन। यसमा विद्युत् प्राधिकरण सञ्चालक समितिको मिति २०७२।३।१२ को ७१० औं बैठकको विद्युत् महसुल बढाउने निर्णय गरी स्वीकृतिका लागि विद्युत् महसुल निर्धारण आयोगमा पठाई आयोगको मिति २०७२।९।२९ को १०३ औं र २०७२।१०।१० को १०४ औं बैठकबाट मात्र स्वीकृत भई सोअनुसार २०७२।१०।१४ मा गोरखापत्रमा सूचना प्रकाशित गरी सोही दिनको पत्रबाट मात्र नेपाल विद्युत् प्राधिकरणलाई समेत विद्युत् महसुल निर्धारण आयोगबाट जानकारी गराएको पाइन्छ। सो पत्रको बेहोरा हेर्दा डेडिकेटेड फिडर लाइनमार्फत निरन्तर रूपमा विद्युत् आपूर्ति हुने औद्योगिक, व्यापारिक तथा गैरव्यापारिक वर्गका ग्राहकहरूका लागि मिति २०७२।९।२० को पत्रानुसार माग भएको महसुल दर यस आयोगको मिति २०७२।९।२९ को १०३ औं र २०७२।१०।१० को

१०४ औं बैठकबाट स्वीकृत भएकोले सोहीबमोजिम कार्यान्वयनका लागि जानकारी गराइन्छ भनी उल्लेख भएको पाइन्छ। तर नेपाल विद्युत् प्राधिकरणले निर्णय हुनुअगावै लागू हुने भनी मिति २०७२।८।१८ र २०७३।३।१३ मा निवेदकलाई वृद्धि गरिएअनुसारको २०७२ श्रावणदेखि मंसिर महिनासम्मको थप रकम बुझाउन भनी पत्र लेखेको देखिएको छ।

यसरी नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको मिति २०७२।३।१२ को निर्णयानुसार माग भएको डेडिकेटेट फिडर लाइनमार्फत निरन्तर विद्युत् आपूर्ति हुने ग्राहकको लागि नयाँ महसुल दर आयोगको मिति २०७२।९।२९ र २०७२।१०।१० को बैठकबाट स्वीकृत भएको अवस्थामा सोपूर्व निवेदकले मिति २०७२ श्रावणदेखि मंसिरसम्मको विद्युत् महसुल पुरानै दर रेटअनुसार नियमित रूपमा बुझाउँदै आएको देखिएकोमा महसुल दर सम्बन्धमा आयोगको निर्णय भई लागू नभइसकेको अवस्था २०७२ श्रावणदेखि मंसिरसम्मको विद्युत् महसुल पुरानै दररेटअनुसार नियमित रूपमा बुझाउँदै आएको देखिएकोमा महसुल दर सम्बन्धमा आयोगको निर्णय भई लागू नभइसकेको अवस्था २०७२ साल श्रावणदेखि मंसिरसम्मको थप महसुल लिन बाँकी भनी नेपाल विद्युत् प्राधिकरणको मिति २०७२।८।१८ र २०७३।३।१३ को पत्रबाट माग गरिएको देखिँदा सो पत्र कार्यान्वयन गर्दा सुविधा र सन्तुलनको दृष्टिसमेतबाट निवेदकलाई मर्का पर्न सक्ने देखिँदा पछि निर्णय हुँदा ठहरेबमोजिम हुने नै हुँदा हाल उक्त मिति २०७२।८।१८ र २०७३।३।१३ को पत्र कार्यान्वयन नगरी नगराई यथास्थितिमा राख्नु भनी विपक्षीको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतबाट भएको आदेश।

यस अदालतबाट जारी भएको अन्तरिम आदेश खारेज गरिपाउँ भनी परेको निवेदनमा सबै विपक्षीहरूको लिखित जवाफ परेपछि पूर्ण सुनुवाइको लागि पेस गर्नु भनी भएको आदेश।

नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १९(घ) बमोजिम विद्युत् महसुल निर्धारण गर्ने र ऐ. को २०(१)(घ) बमोजिम आपूर्ति गरिएको विद्युत्को तोकिएको दरमा महसुल असुल गर्ने अधिकार प्राधिकरणलाई रहेको छ। विधायिका निर्मित कानूनबमोजिमको अधिकार प्राधिकरणले प्रयोग गर्न पाउने हुँदा निवेदकले उपयोग गरेको विद्युत् महसुल असुलीको निम्ति भए गरेको निर्णय वैध र क्षेत्राधिकारभित्र भएको प्रस्ट हुन्छ। ऐनबमोजिम प्राधिकरणको सम्पूर्ण अधिकारको उपयोग र कर्तव्यको पालना गर्ने सञ्चालक समितिको मिति २०७२।३।१२ को निर्णायनुसार मिति २०७२।४।१ देखि Dedicated Feeder बाट आपूर्ति हुने विद्युत्को महसुल वृद्धि भएको हो। सोबमोजिम विद्युत् महसुल लिन पाउने गरी विद्युत् महसुल निर्धारण आयोगबाट समेत स्वीकृति प्राप्त भएको निवेदनबाटै देखिन्छ। यसले पश्चात्दर्शी असर दिई लागू गरिएको अवस्था छैन। सार्वजनिक रूपमा बिक्री गरिने उर्जाको कानूनबमोजिम तोकिएको शुल्क बुझाउनु भनी भएको कार्यले कुनै व्यक्तिको कानूनी वा मौलिक हकमा असर पार्ने कार्य भए गरेको मानिँदैन।

सर्वसाधारण जनतालाई आधारभूत आवश्यकता रूपमा रहेको उर्जा कटौती गरी व्यापारिक प्रयोजनको लागि निवेदकजस्ता संस्थालाई आपूर्ति गरिएको विद्युत्को तुलनात्मक रूपमा बढी महसुल तय गरिएको र सोबमोजिम निवेदकले उपयोग गरेको विद्युत्को महसुल माग गरिएकोलाई अन्यायिक फाइदा लिएको भन्न मिल्दैन। निवेदकले विद्युत् उपयोग नगरेको दाबी गर्न नसकेकोले अन्यायिक फाइदा लिएको दोषारोपण गर्नु आफैँमा आधारहीन रहेको पुष्टि हुन्छ। प्राधिकरणले आपूर्ति गर्ने विद्युत् व्यापारिक वस्तु (Commercial Commodity) भएकोले उपलब्ध गराएको वस्तु वा सेवाको बजार मूल्यअनुसारको रकम लिने अधिकार आपूर्तिकर्ताले राख्दछ। प्रस्तुत विवादमा प्रभावकारी वैकल्पिक उपचार रहेको छ। यिनै विपक्षीले

मकवानपुर जिल्ला अदालतमा निषेधाज्ञा (०७२-WO-०००१) मुद्दा दायर गरी सम्मानित अदालतबाट मिति २०७२।३।२० गते खारेजी फैसलासमेत भइसकेको अवस्थामा विद्युत् महसुल नबुझाउने उद्देश्यले सम्मानित अदालतमा दायर गरेको निवेदन खारेजभागी छ । प्राधिकरणले निवेदकलाई उद्योग व्यापार व्यवसायमा रोक लगाएको छैन । व्यापारिक रूपमा बिक्री हुने विद्युत् उपयोग गरेको रकम माग गरिएको कार्यले कुनै पनि व्यक्तिको कानूनी र मौलिक हकमा असर पर्दैन । तसर्थ निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालय, ऐ. को सञ्चालक समिति, नेपाल विद्युत् प्राधिकरण, योजना तथा प्राविधिक सेवा विभाग, नेपाल विद्युत् प्राधिकरण, हेटौंडा वितरण केन्द्र, पुनरावेदन समिति, मुकाम ने.वि.प्रा. दरबारमार्गसमेतको तर्फबाट पेस भएको संयुक्त लिखित जवाफ।

आयोगको मिति २०७२।९।२९ बैठकमा छलफल भई आयोगबाट स्वीकृत दरभन्दा बढी दस्तुर नलिन र लिएको भए फिर्ता गर्ने विषय महसुल छुट दिने निर्णय नभई अधिकार प्राप्त संस्थाबाट स्वीकृत नगराई कसैले पनि कुनै महसुल उठाउन नहुने विषय विद्युत् ऐन, २०४९ पालना गर्ने विषय भएको बेहोरा श्री सार्वजनिक लेखा समितिलाई अनुरोध गर्ने, सरकारी अस्पतालबाहेकका अन्य Dedicated Feeder लिएका ग्राहकलाई आयोगबाट स्वीकृत महसुल दर तोक्न र कायम गर्नको लागि सरकारको नीति, प्राधिकरणमा उपलब्ध उर्जाको कति प्रतिशत उर्जा Dedicated feeder ग्राहकको हकमा वितरण गर्ने, देशमा उर्जा अभाव भइरहेको अवस्थामा अत्यावश्यक सेवाबाहेक अन्य सेवाग्राहीहरूलाई Dedicated सेवा दिन उपयुक्त हुन्छ हुँदैन भन्ने विषयमा नेपाल सरकारको नीति आएपछि मात्र आयोगले Dedicated सेवा महसुल दरबारे अध्ययन र निर्णय गर्नेछ । डेडिकेटेट फिडरको महसुल दर कायम नहुँदासम्म सरकारी अस्पतालबाहेकका डेडिकेटेट फिडरको हकमा ने.वि.प्रा. सञ्चालक समितिले २०७२।३।१२ मा गरेको निर्णयलाई स्वीकृत गर्ने निर्णय भएको हो । प्रचलित कानूनले विद्युत् महसुल र अन्य दस्तुर निर्धारण गर्न यस आयोगलाई दिएको अधिकारबमोजिम यस आयोगबाट भएको कानूनसम्मत काम कारबाहीले विपक्षी रिट निवेदकको संविधान प्रदत्त कुनै पनि मौलिक तथा कानूनी हक हनन भएको भन्न मिल्दैन । तसर्थ, रिट निवेदन खारेज गरिपाउँ भन्ने विद्युत् महसुल निर्धारण आयोगको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, विद्वान् अधिवक्ताहरू श्री नरेन्द्रप्रसाद गौतम, श्री महेश थापाले निवेदक कम्पनीले उपभोग गरेको विद्युत् महसुल समयमा नै तिरी छुटको सुविधासमेत लिँदै आएको छ । महसुल बुझाउन बाँकी नरहेकोमा २०७२ श्रावणदेखि नै महसुल वृद्धि भएको भनी १२ करोडभन्दा बढीका बिल पठाएको छ । जुन समयमा महसुल वृद्धि भएको हो सोही समयमा उपभोक्तालाई बिल पठाउनु पर्छ । विद्युत् महसुल निर्धारण गर्ने अधिकार विद्युत् महसुल निर्धारण आयोगलाई मात्र रहेको हुँदा आयोगको निर्णयविना विद्युत् प्राधिकरणले महसुल निर्धारण गर्ने अधिकार राख्दैन। विद्युत् महसुल निर्धारण आयोगको लिखित जवाफबाट समेत त्यो कुरा स्पष्ट हुन्छ । महसुल निर्धारण आयोगबाट मिति २०७२।९।२९ मा मात्र विद्युत् महसुल वृद्धि हुने निर्णय भई मिति २०७२।१०।१४ को गोरखापत्रमा सूचना प्रकाशित भएको छ । उक्त निर्णय एवं सूचनामा मिति २०७२।४।१ देखि नै लागू हुने गरी पश्चात्दर्शी असर पार्ने गरी महसुल वृद्धि भएको भन्ने उल्लेख छैन। यसरी श्रावणदेखि मंसिरसम्मको थप परिवर्तित महसुल तिर्न बाध्य पार्न मिल्दैन। तिर्नु नपर्ने महसुल कानूनविपरीत असुलउपर गर्न खोजेका प्राधिकरणको पत्र अन्यायिक

संवृद्धिको सिद्धान्तसमेतको आधारमा बदर हुनुपर्छ । प्राधिकरणले छुट बिल पठाउन सक्ने भएपनि यो छुट बिल होइन । वृद्धि भएको महसुल हो । उपभोक्ताले आफूले उपभोग गरेको वस्तुको मूल्य उपभोग गरेकै अवस्थामा भुक्तान गरिसकेपछि महिनौंपछि थप दायित्व सिर्जना गर्ने गरी प्राधिकरणले गरेको निर्णय पत्राचार गैरकानूनी छ । तसर्थ प्राधिकरणको मिति २०७२।८।१८ को पत्रानुसारको महसुल लिने निर्णय एवं पत्राचार गैरकानूनी रहेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्छ भनी र प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरणको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्य अधिवक्ताहरू श्री शरदप्रसाद कोइराला, श्री दिनमणि पोखरेल, श्री राजन अधिकारी र श्री राजकुमार पोखरेलले नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १९(घ) अनुसार विद्युत् प्राधिकरणलाई महसुल निर्धारण गर्ने अधिकार रहेको छ। पछि आएको विद्युत् ऐन, २०४९ ले दफा १९(घ) लाई खारेज गरेको छैन । उक्त प्रावधान यथावत् राख्ने विधायिकी मनसायले नै पछिल्लो ऐनले खारेज नगरेको हो । विधायिकी कानूनद्वारा प्रदत्त उक्त अधिकार प्रयोग गर्नबाट वञ्चित हुने गरी कानूनको व्याख्या हुन सक्दैन । मनोजकुमार मिश्रको संयोजकत्वमा गठित समितिको प्रतिवेदन प्राधिकरण सञ्चालक समितिबाट मिति २०७२।३।१२ मा स्वीकृत भई मिति २०७२।४।१ देखि नयाँ महसुल लागू भएको हो । लागू भइसकेको महसुललाई विद्युत् महसुल निर्धारण आयोगको निर्णयमा प्रस्ट रूपमा मिति २०७२।३।१२ को निर्णयानुसार लागू गरिएको भनी उल्लेख भएबाट पश्चात्दर्शी प्रभाव दिने गरी महसुल निर्धारण भएको होइन । प्राधिकरणले विद्युत् महसुल संशोधन गर्दा विद्युत् महसुल निर्धारण आयोगको समर्थन लिने गरेपनि त्यसलाई विधायिका निर्मित कानूनद्वारा प्रदत्त अधिकार परित्याग गरेको भन्न मिल्दैन । विद्युत् महसुल निर्धारणउपर निवेदकले पुनरावेदन गर्दा धरौटी नराखेको कारण पुनरावेदन खारेज भएको छ । यसै विषयमा मकवानपुर जिल्ला अदालतमा दिएको निषेधाज्ञाको निवेदन खारेज भएपछि रिट लिएर उपचारका लागि अदालत प्रवेश गर्न प्राङन्यायको सिद्धान्तले समेत रोक्दछ। dedicated feeder बाट आपूर्ति भएको महसुल वृद्धि गर्ने निर्णय आम उपभोक्तालाई भएको, धेरै ग्राहकले महसुल भुक्तानी गरिसकेको हुँदा निवेदकले मात्र तिर्नु नपर्ने भन्न मिल्दैन । तसर्थ निवेदन मागबमोजिमको आदेश जारी हुने कानूनी आधारको अभाव रहेको हुँदा निवेदन खारेज गरिपाउँ भनी बहस गर्नु भई सोहीबमोजिमको बहस नोटसमेत पेस गर्नुभयो । दुवैतर्फका कानून व्यवसायीद्वारा प्रस्तुत उपर्युक्त बहस जिकिर सुनी आज निर्णय सुनाउन तारेख तोकिएको प्रस्तुत निवेदनमा मिसिल अध्ययन गरी हेर्दा यसमा निम्न प्रश्नहरूको निरूपण हुनुपर्ने देखियो।

१. नेपाल विद्युत् प्राधिकरणबाट विद्युत् महसुल निर्धारण गर्न पाउने अधिकार छ वा छैन ?
२. भुतलक्षी असर हुने गरी विद्युत् महसुलको दर बढाई लागू गर्न मिल्छ वा मिल्दैन ?
३. निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन ?

२. नेपाल विद्युत् प्राधिकरणलाई विद्युत् महसुल दर निर्धारण गर्ने अधिकार रहेको छ वा छैन भन्ने प्रथम प्रश्नतर्फ विचार गर्दा विपक्षीको तर्फबाट नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १९(घ) बमोजिम विद्युत् महसुल निर्धारण गर्ने अधिकार प्राधिकरणलाई रहेको छ भनी जिकिर लिएको पाइन्छ। सो सम्बन्धमा हेर्दा नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १९ मा प्राधिकरणको काम कर्तव्यको व्यवस्था भई देहाय (घ) मा विद्युत् महसुल र विद्युत्सम्बन्धी अन्य सेवा शुल्क निर्धारण गर्ने भन्ने व्यवस्था रहेको देखिन्छ। यसैगरी विद्युत् ऐन, २०४९

को दफा १७ (१) मा विद्युत् महसुल र अन्य दस्तुरहरू निर्धारण गर्नको लागि नेपाल सरकारले एउटा महसुल निर्धारण आयोग गठन गर्न सक्ने छ भन्ने व्यवस्था गर्दै ऐ. ऐनको दफा १७(३) मा विभिन्न आधारमा विद्युत् महसुल निर्धारण हुने व्यवस्था गरी ऐनको दफा १७(४) ले अनुमति प्राप्त व्यक्तिले उपदफा (३) बमोजिम निर्धारण भएको विद्युत् महसुल र अन्य दस्तुरभन्दा बढी वा सोबाहेक अन्य कुनै महसुल वा दस्तुर लिन पाउने छैन भन्ने व्यवस्था गरेको पाइन्छ। यसबाट विद्युत् महसुल निर्धारण गर्ने अधिकार विद्युत् प्राधिकरणलाई रहेको वा विद्युत् ऐन, २०४९ को दफा १७ (१) अनुसारको महसुल निर्धारण आयोगलाई रहेको हो भन्ने कुराको विवेचना गर्नुपर्ने हुन आयो। विधायिका निर्मित कानून एकापसमा बाझिएमा वा एउटै विषयमा फरक फरक प्रावधान भई कुन कानून लागू हुने भन्ने द्विविधाजनक अवस्था सिर्जना भएमा विधायिकाले नै स्पष्ट शब्दमा प्राथमिकताक्रम तोकिदिएको रहेछ भने सोही प्रावधान लागू हुन्छ । यदि नतोकिएको भए पछिल्लो कानून (Latest Intention of legislator) मान्य हुन्छ भन्ने कानून व्याख्याको सर्वस्वीकृत सिद्धान्त रही आएको पाइन्छ। विद्युत् महसुल निर्धारण सम्बन्धमा दुवै ऐनहरू बनी लागू हुँदाको तत्कालीन सन्दर्भसमेतलाई विचार गर्दा २०४९ सालअगाडि विद्युत् उत्पादन, प्रसारण र वितरणको क्षेत्रमा नेपाल विद्युत् प्राधिकरण एउटा मात्र संस्था रहेको देखिन्छ। तर विद्युत् ऐन, २०४९ लागू भएपश्चात् स्वदेशी वा विदेशी निजी क्षेत्रलाई पनि विद्युत् उत्पादन, वितरण, प्रशारणको अधिकारसहित विद्युत् प्राधिकरणसरहको अधिकार प्रदान गरेको देखिन्छ । यसकारण विद्युत् ऐन, २०४९ लागू भएपश्चात् प्राधिकरण एक्लैले मात्र विद्युत् महसुल निर्धारण गर्ने कार्य न्यायोचित नभएको कारण स्वतन्त्र निकायको रूपमा विद्युत् ऐन, २०४९ को दफा १७(१) मा छुट्टै विद्युत् महसुल निर्धारण आयोगको गठन गरेको देखिन्छ। यदि विद्युत् महसुल निर्धारण गर्ने सम्बन्धमा विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १९(घ) नै पर्याप्त थियो भने विधायिकाले पछिल्लो कानूनमा छुट्टै महसुल निर्धारण आयोगको परिकल्पना गरी सोसम्बन्धी कानूनी व्यवस्था गर्नुको कुनै तर्कसङ्गत आधार कारण देखिँदैन। कुनै कार्य गर्न कुन निकाय वा अधिकारीलाई के कस्तो अधिकार प्रदान गर्ने भन्ने विधायिकाको विवेकको विषय हो। विधायिकाले दिएको अधिकार प्रयोग गर्नबाट वञ्चित गर्ने गरी अदालतले आदेश जारी गर्न मिल्ने हुँदैन। यसका साथै विद्युत् महसुल निर्धारण नियमावली, २०५० को नियम ४ को उपनियम (१) को खण्ड (क) मा ऐनको दफा १७ को उपदफा (१) बमोजिम विद्युत् महसुल र अन्य दस्तुरहरू निर्धारण गर्ने अधिकार हुने छ भन्ने उल्लेख भएको पाइन्छ । नियमावलीको उपर्युक्त व्यवस्थाबाट समेत विद्युत् महसुल निर्धारण गर्ने अधिकार केवल आयोगलाई मात्र रहेको भन्नेमा विवाद देखिँदैन।

३. यसर्थ विद्युत् महसुल निर्धारण गर्ने सम्बन्धमा विद्युत् ऐन, २०४९ मूल कानून होइन विद्युत् प्राधिकरण ऐन, २०४१ मूल कानून हो भनी व्याख्या गर्न मिल्ने देखिँदैन। जहाँसम्म नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ४० मा प्रयुक्त "यस ऐनमा लेखिएको कुरामा यसै ऐनबमोजिम र अरूमा प्रचलित नेपाल कानूनबमोजिम हुने भन्ने उल्लेख भएको हुँदा नेपाल विद्युत् प्राधिकरणले महसुल निर्धारण गर्न सक्छ भन्ने विपक्षीतर्फबाट जिकिर लिएको छ सो सम्बन्धमा हेर्दा उक्त ऐनको दफा ४० विद्युत् ऐन, २०४९ आउनुअघिको व्यवस्था भएकोले पछि बनेको विद्युत् ऐन, २०४९ को व्यवस्थालाई अघि बनेको कानूनले संकुचन गर्छ भन्न मिल्दैन। यसर्थ प्रस्तुत विषयमा विद्युत् ऐन, २०४९ को प्रावधान नै लागू हुने देखिन्छ। अतः विद्युत् ऐन, २०४९ को दफा १७(१) बमोजिम विद्युत् महसुल निर्धारण आयोगलाई भएको अधिकारबमोजिम आयोगले मात्र विद्युत् महसुल निर्धारण गर्न सक्नेमा आयोगले निर्णय

गर्नुपूर्वदेखि नै मिति २०७२ श्रावणदेखि मंसिरसम्मको रकम माग गरी प्राधिकरणको हेटौंडा वितरण केन्द्रले निवेदकलाई पठाएको छुट रकम बुझाउने बारेको मिति २०७२/०८/१८ को पत्रमा अधिकार क्षेत्रात्मक त्रुटि रहेको देखियो।

४. अब भूतलक्षी असर हुने गरी विद्युत् महसुल दर बढाई लागू गर्न मिल्छ, मिल्दैन भन्ने दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा डेडिकेटेट फिडर लाइनमार्फत निरन्तर विद्युत् आपूर्ति हुने ग्राहकको लागि मिति २०७२।९।२० को १०३ औं र मिति २०७२।२।१० को १०४ औं बैठकबाट मात्र स्वीकृत भई सोअनुसार मिति २०७२।१०।१४ मा गोरखापत्रमा सूचना प्रकाशित गरी सोही दिनको पत्रबाट मात्र नेपाल विद्युत् प्राधिकरणलाई समेत विद्युत् महसुल निर्धारण आयोगबाट जानकारी गराएको भन्नेमा विवाद देखिँदैन। विधायिकाले निर्माण गरेको कानून पश्चात्दर्शी हुनुहुँदैन भन्ने विधिशास्त्रीय मान्यता रहेको छ। उक्त सिद्धान्तअनुसार सामान्यत: हक अधिकार दायित्व सुविधा निर्धारण गर्ने निर्णय भविष्यदर्शी नै हुनुपर्छ भन्नेमा कसैको विमति नहोला। यसप्रकार जुनसुकै निर्णय एवं कानूनले आफ्नो उत्पत्ति नभएको समयको काम कारबाहीलाई नियमन गर्न नसक्ने हुँदा अधिकारप्राप्त निकाय एवं अधिकारीबाट कानूनसम्मत रूपमा भएका निर्णयहरू पनि निर्णय मितिभन्दा अगाडिदेखि प्रभावकारी हुन सक्दैन। माथि प्रकरण १ मा भएको विवेचनाअनुसार विद्युत् महसुलको दर रेट निर्धारण गर्ने अधिकार विद्युत् महसुल निर्धारण आयोगलाई मात्र भएको भन्ने प्रस्ट भएको छ। यसरी आयोगबाट महसुल वृद्धि गर्ने निर्णय हुनुअगावैदेखि वृद्धि भएको महसुल लागू हुने हो भने त्यसको पश्चात्दर्शी असर रहन जाने हुन्छ जुन न्यायको मान्य सिद्धान्त प्रतिकूल हुने देखिन्छ। विद्यत् ऐन, २०४९ को समग्र अध्ययनबाट पनि पछाडि निर्णय गरेर अगाडिको मितिबाट महसुल लिन पाउने व्यवस्था रहेको देखिँदैन। यसलाई अझ स्पष्ट पार्न विद्युत् नियमावली, २०५० को नियम ३३ लाई हेर्नुपर्ने हुन्छ। उक्त नियम ३३ मा विद्युत् सेवा उपभोग गरेबापत ऐनको दफा १७ अनुसार गठित महसुल निर्धारण आयोगले निर्धारण गरेको विद्युत् महसुल तथा अन्य दस्तुर बुझाउनु प्रत्येक ग्राहकको दायित्व हुनेछ भन्ने उल्लेख भएको देखिन्छ। नियममा भएको उक्त व्यवस्थाबाट पनि आयोगले महसुल निर्धारण गरेपछि मात्र त्यस्तो महसुल बुझाउनु पर्ने दायित्व सिर्जना हुने देखिँदा अगाडिदेखि लागू हुने गरी महसुल उठाउन मिल्ने देखिँदैन। उपभोक्ता हकको दृष्टिकोणबाट हेर्दा पनि ग्राहकले आफूले उपभोग गरेको वस्तुको मूल्य एवं परिणाम उपभोगको समयमा नै थाहा पाउनुपर्ने हुन्छ। उपभोक्ताले उपभोग गरिसकेको वस्तुमाथि पछाडि आएर कुनै प्रकारको थप दायित्व सिर्जना गरी महसुल बढाउनु न्यायोचित र कानूनसम्मत नहुने हुँदा विद्युत् महसुल निर्धारण गर्ने अधिकारप्राप्त आयोगबाट मिति २०७२।९।२९ मा निर्धारण भएको विद्युत् महसुल दर अतितप्रभावी ढंगबाट मिति २०७२।४।१ बाटै असुलउपर गर्न मिल्ने देखिँदैन।

५. अब निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा निवेदकले मिति २०७२ श्रावणदेखि मंसिरसम्मको विद्युत् महसुल पुरानै दर रेटअनुसार बुझाई सकेको तथ्यलाई विपक्षीले अन्यथा भन्न सकेको देखिँदैन। उपभोक्ताहरूमा बिक्री वितरण गर्ने विद्युत् महसुल दर निर्धारण गर्ने विषय विद्युत् महसुल निर्धारण आयोगको क्षेत्राधिकारभित्र पर्ने देखिएको र डेडिकेटेट फिडर लाइनमार्फत निरन्तर विद्युत् आपूर्ति हुने ग्राहकको लागि नयाँ महसुल दर आयोगको मिति २०७२।९।२९ र २०७२।१०।१० को बैठकबाट स्वीकृत भएको अवस्थामा आयोगले विद्युत् महसुल दर निर्धारण नगर्दै नेपाल विद्युत् प्राधिकरणले स्वयं आफैँ महसुल दर निर्धारण गरी पश्चात्दर्शी रूपमा लागू हुने गरी गरेको प्राधिकरणको निर्णय एवम् पत्राचार कानूनविपरीत

रहेको देखिँदा वृद्धि भएको विद्युत् महसुल निवेदकको हकमा आकर्षित हुने भन्न मिलेन । तसर्थ विद्युत् महसुल निर्धारण आयोगको मिति २०७२।२।२९ र २०७२।१०।१० को निर्णयपश्चात् मात्र वृद्धि भएको महसुल लागू गर्न मिल्ने हुँदा २०७२ साल श्रावणदेखि मंसिरसम्मको अवधिको थप महसुल बझाउनु भनी निवेदकलाई पठाएको नेपाल विद्युत् प्राधिकरणको मिति २०७२।८।२८ को पत्र सोउपर परेको पुनरावेदनमा पुनरावेदन समितिबाट मिति २०७२/११/११ मा भएको निर्णय एवं मिति २०७३।३।१३ को पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब विद्युत् महसुल निर्धारण आयोगले अनुमोदन गरेको मिति २०७२।९।२९ बाट मात्र वृद्धि भएको महसुल निवेदकबाट असुल गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
प्र.न्या.श्री ओमप्रकाश मिश्र

इजलास अधिकृत: सुरेशराज खनाल
इति संवत् २०७५ साल कार्तिक २० गते रोज ३ शुभम् ।

## निर्णय नं. १०२३३

सर्वोच्च अदालत, संयुक्त अदालत
स.का.मु.प्रधानन्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
आदेश मिति : २०७४।३।२१
०७२-WO-०३३९

विषयः- उत्प्रेषण / परमादेश / प्रतिषेध

निवेदक : बर्दिया जिल्ला, पदनाहा गा.वि.स. वडा नं.८ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.५ ज्ञानेश्वर बस्ने कल्पित पराजुलीसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **अदालतबाट जारी भएका म्याद एवं आदेश सबैले पालना गर्नुपर्ने हुन्छ । म्याद जारी भई तामेल भएपछि कानूनबमोजिम गठित निकाय तथा यसका पदाधिकारीहरूले आदेशको पालना गरी न्याय सम्पादन एवं विवादको सहज निकास निकाल्न अदालतलाई सहयोग पुऱ्याउनु यिनको कर्तव्य हुने ।**

(प्रकरण नं.१०)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री कल्पित पराजुली
विपक्षीका तर्फबाट :
अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**न्या. अनिलकुमार सिन्हा :** नेपालको संविधानको धारा १३३(२) बमोजिम दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश निम्नानुसार छ:-

हामी निवेदकहरू विधिको शासन र राष्ट्रहितप्रति प्रतिबद्ध कानून व्यवसायी हौं । नेपाल राष्ट्रको र सम्पूर्ण नेपालीहरूको प्रतिनिधित्व गरी अन्तर्राष्ट्रिय स्तरमा १६ वर्षमुनिको समूहमा खेल्न भनी १६ वर्षमाथिका खेलाडी खेल्नु र खेलाइनुले राष्ट्रिय छविमा आँच आएको छ । नेपालका नाममा जितिएको पदक गुमेको मात्र नभई नेपालीहरूले तिरेको करबाट १४,५०० (चौध हजार पाँच सय) अमेरिकी डलर जरिवाना तिर्नुपर्ने कुरा मलेसियामा बसेको अन्तर्राष्ट्रिय फिफाको समितिले निर्णयसमेत गरिसकेको छ । जसअनुसार एन्फाले रकम दाखिलाको प्रक्रियासमेत अघि बढाइसकेको छ । यसले नेपालीको मान मर्दन भएको छ । अन्तर्राष्ट्रिय स्तरमा शिर निहुरिएको छ । अतः यस कार्यले निवेदकलगायत आम नागरिकको राष्ट्रप्रतिको आस्था र राष्ट्रिय मर्यादामा प्रतिकूल प्रभाव पार्ने अवस्था सिर्जना भएकोले प्रस्तुत विषयमा यो रिट निवेदन दायर गर्ने हक हामी निवेदकलाई रहे / भएको प्रस्ट छ ।

संविधानले राष्ट्रिय हितलाई सुनिश्चित गर्दै राष्ट्रलाई हानि हुने कार्यहरूलाई दण्डनीय मानेको छ । नेपालको संविधान, २०७२ ले आधारभूत संरचना मानिने आफ्नो प्रस्तावनामा नै नेपालको स्वाभिमानलाई अक्षुण्ण राख्ने प्रतिबद्धता उल्लेख छ । यस्तैगरी संविधानले राष्ट्रिय स्वाभिमान र राष्ट्रियहित रक्षाको व्यवस्था गरेको छ । तर उल्लिखित कार्यहरूले न त राष्ट्रिय स्वाभिमान न त नेपालीको अन्तर्राष्ट्रिय जगतमा सम्मानपूर्वक बाँच्न पाउने हकलाई बचाउँछ बरू राष्ट्रिय स्वाभिमानलाई छियाछिया पारेको छ । संविधानमा प्रत्येक नागरिक राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियताको रक्षा गर्नु, संविधान र कानूनको पालना गर्ने उल्लेख छ तर यू १६ अन्तर्गत खेलेका तर उमेर बढी भएका खेलाडीहरू र यस्ता खेलाडीहरूलाई छान्ने एवं सिफारिस गरी खेल्न प्रबन्ध मिलाउने अधिकारीहरू संवैधानिक कर्तव्य विमुख भएको पाइन्छ । उमेर घटाई सम्बन्धित ठाउँमा पेस गर्नका खातिर तयार पारिएका कागज प्रमाणहरू किर्ते जालसाजी गरिएको प्रस्ट हुन्छ । यो कार्य अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ विपरीत छ भने सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र प्रहरी ऐन, २०१२ को विरूद्ध छ ।

निवेदन जिकिरबमोजिम सम्बन्धित अधिकारी, निकाय र खेलाडीहरूलाई नेपालको संविधान, २०७२, मुलुकी ऐन, २०२०, जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३, खेलकुद विकास ऐन, २०४८, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ र राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ बमोजिम जो जुन कानूनी कारबाही हुनुपर्ने हो सोहीबमोजिम आवश्यक छानबिन गरी कारबाही अघि बढाउन सम्बन्धित निकायलाई निर्देशनसमेत जारी गरिपाऊँ । उमेर किर्तेलगायतका गैरकानूनी कार्य गरी अपराध गरेको खबरहरू सार्वजनिक हुँदा पनि कानून कार्यान्वयनमा बेवास्ता गर्ने नेपाल प्रहरीलाई पनि आवश्यक निर्देशन जारी गरिपाऊँ । यस गैरकानूनी कार्यले कानूनी राज्यको खिल्ली उडाउँदै आम जनसाधारण तथा मुलुकको मान प्रतिष्ठामा गम्भीर हानी पुग्न गएको हुँदा संविधानको धारा ४६, १३३(२)(३) बमोजिम उत्प्रेषणको आदेश जारी गरी अख्तियारको दुरूपयोग गरी राष्ट्रको मानमर्दन हुने गैरकानूनी रूपमा गरिएको काम कारबाहीमा संलग्नलाई तत्काल निलम्बन गरी न्यायिक प्रक्रिया अघि बढाउन परमादेशसमेतको जो

चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पूर्ण न्याय दिलाई पाऊँ । साथै यस रिटउपर अन्तिम सुनुवाइ नहुँदासम्म विपक्षीहरूका काम कारबाहीले असर पार्ने हुँदा तत्काल रोकी विषयवस्तुको गाम्भीर्यलाई मध्यनजर राख्दै गैरकानूनी काम गर्ने समिति, निकायहरू, अधिकारीहरू र खेलाडीहरूलाई तत्काल निलम्बनलगायतका आवश्यक कारबाहीमार्फत प्रस्तुत रिट निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५क. बमोजिम सुनुवाइमा अग्राधिकार प्रदान गरी कारबाही किनारा गराई पाउँ भन्ने रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार, कारण भए सोसमेत साथै राखी यो आदेशप्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.१, २, ४ र ११ का हकमा महान्यायाधिवक्ता कार्यालयमार्फत तथा अन्य विपक्षीहरूको हकमा आफैँ वा आफ्नो प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसाथ राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी लिखित जवाफप्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।७।२३ को आदेश ।

नेपालमा अखिल नेपाल फुटबल संघ फुटबलको सर्वोच्च संस्था भएको हुँदा प्रशिक्षक तथा खेलाडी छनौट गर्ने कार्य संघले गर्दै आएको छ । यस कार्यलाई ए.एफ.सी. तथा फिफाले समेत मान्यता दिँदै आएको छ । खेलाडी छनौट प्रक्रिया संघमा आबद्ध प्रशिक्षकहरूले गर्ने गर्दछन् । राम्रा र उत्कृष्ट खेलाडी छनौटमा संघको प्रशिक्षकहरूले कहिले त्रुटि गरेका छैनन् । अखिल नेपाल फुटबल संघमा छनौट समिति छैन । खेलाडी छनौट प्रक्रिया अन्तर्राष्ट्रिय मापदण्डअनुसार फिफा तथा ए.एफ.सी.ले तोकेबमोजिम संघद्वारा नियुक्त गरिएका प्रशिक्षकले छनौट गर्ने प्रावधान रहेको छ । जसलाई फिफा तथा ए.एफ.सी.समेतले वैधानिकता प्रदान गर्ने गर्दछन् । त्यस्तै संघले खेलाडीहरूको मेडिकल जाँच Cross Diagnostic Center बाट गर्ने गरिन्छ । यसलाई ए.एफ.सी.ले समेत वैधानिकता प्रदान गर्ने गरेको छ । त्यसकारण खेलाडीहरूको उमेर जाँचको एम.आर. आई. यसै सेन्टरद्वारा गरिन्छ ।

खेलाडीको उमेरको सम्बन्धमा संघमा खेलाडीहरूले पेस गरेको जन्म दर्ता प्रमाणपत्रअनुसार मनिषबहादुर कार्कीको जन्ममिति २०५६।९।१७ गते रेजिन सुब्बाको जन्ममिति २०५८।१०।२३ गते तथा अर्पण सिंह कार्कीको मिति २०५६।१०।१० गते रहेको छ । त्यस्तै खेलाडीहरूलाई उमेर समूहको कुनै पनि अन्तर्राष्ट्रिय खेल खेल्न पठाउनुपूर्व संघले एम.आर. आई. जाँच गरी उमेर यकिन गर्ने गरिएको छ । निज खेलाडीहरूलाई पनि खेल खेल्न जानुपूर्व एम.आर. आई. जाँच गरिएको थियो । उक्त जाँचअनुसार निज मनिषबहादुर कार्की तथा अर्पण सिंह कार्की १६ वर्षभन्दा मुनिकै रहेका छन् । रेजिन सुब्बाको जन्म दर्ता प्रमाणपत्रअनुसार उनको उमेर १४ वर्षभन्दा मुनि भएकोले उनको एम.आर.आई. गर्न आवश्यक नै नभएको हुँदा एम.आर.आई. नगरिएको थियो । उक्त तीनै जना खेलाडीहरूको उमेरको सम्बन्धका तथ्यलाई निज खेलाडीहरूको जन्मदर्ता प्रमाणपत्र तथा एम.आर. आई. रिपोर्टसमेतले पुष्टि गर्दछ । त्यसैले विपक्षीले दायर गरेको झुट्टा निवेदन खारेजभागी छ ।

अखिल नेपाल फुटबल संघले कुनै पनि खेलाडीको उमेर घटाउने कार्य गरेको छैन । राष्ट्रलाई हानि हुने कार्य गरेको छैन भविष्यमा पनि गर्ने छैन । संघमा पेस भएका खेलाडीको जन्म दर्ता प्रमाणपत्र र संघले खेलाडीको उमेर जाँचका लागि गरिएको एम.आर.आई. को रिपोर्टलाई नै आधार मानेर उमेर कायम गर्ने हो । सोहीबमोजिम खेल खेल्न विदेश पठाउने हो । यस कार्य गर्दा संघका कुनै पनि

पदाधिकारीहरूले गैरकानूनीरूपमा कार्य गरेका छैनन्। त्यस्तै विपक्षीले रिट निवेदनमा भने जस्तो अख्तियार दुरूपयोग पनि गरेको होइन। यस कारण संघका कुनै पनि पदाधिकारीहरूलाई निलम्बन गर्नुपर्ने अवस्था छैन। साथै विपक्षीले रिट निवेदनमा माग अमुकरूपमा लिएको अवस्था छ। के कुन निकायले के कस्तो गैरकानूनी कार्य गरेको हो स्पष्ट खुलेको अवस्था पनि छैन। फौजदारी अभियोगपत्रमा झैं निवेदनपत्रमा माग दाबी लिएको छ। अतः विपक्षीले दायर गरेको झुट्टा निवेदन खारेज गरी न्याय गरिपाउँ भन्ने अखिल नेपाल फुटबल संघ र ऐ.का महासचिवसमेतको संयुक्त लिखित जवाफ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण एवं संवर्द्धन गर्ने कुरामा प्रतिबद्ध रहेको छ। जहाँसम्म बढी उमेर हुँदाहुँदै उमेर घटाउने गरी आवश्यक कागजात तयार पार्नेलगायतको कार्यमा संलग्न व्यक्तिलाई कारबाही गर्नुपर्ने निवेदन जिकिर छ, तत्सम्बन्धमा नक्कली कागजात तयार गरी गैरकानूनी काम कारबाही गरी राष्ट्रियता र राष्ट्रिय छविमा खलल पार्ने कार्य प्रचलित कानूनले कसुर कायम गरेको हुँदा त्यस्तो कार्य गर्ने जुनसुकै व्यक्तिलाई कानूनको दायरामा ल्याई कारबाही गर्न नेपाल सरकार प्रतिबद्ध छ। रिट निवेदकले उठाएको विषयको सम्बन्धमा प्रचलित कानूनमा उल्लिखित प्रक्रियाबमोजिम सम्बन्धित अख्तियारवाला निकाय वा पदाधिकारीले कारबाही गर्न सक्ने नै हुँदा यस सम्बन्धमा यस कार्यालयलाई विपक्षी बनाउनुको अर्थ नरहेकोले रिट खारेज गरिपाउँ भन्ने नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

खेलकुद विकास ऐन, २०४८ बमोजिम राष्ट्रिय खेलकुद परिषद् स्वशासित एवं संगठित संस्था भएको यस ऐनबमोजिम राष्ट्रिय खेलकुद परिषद्ले कुनै खेलकुदसम्बन्धी संस्थाको लगतमा दर्ता गर्न सक्ने, उक्त लगतमा दर्ता भएको खेलकुदसम्बन्धी संस्थाको आम्दानी खर्चको हिसाब किताब नियमित भए नभएको जाँचबुझ गर्नुका साथै निर्देशन दिन र सो खेलकुदसम्बन्धी संस्थाको लगत दर्ताबाट नाम कट्टा गर्न सक्नेसमेतको कानूनी अधिकार राष्ट्रिय खेलकुद परिषद्लाई छ।

खेलकुद विकास ऐन, २०४८ बमोजिम अखिल नेपाल फुटबल संघ राष्ट्रिय खेलकुद परिषद्को लगतमा दर्ता भएको र उक्त ऐनको दफा १९ बमोजिम अखिल नेपाल फुटबल संघले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नेपालमा हुने खेलकुद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकुद विशेष सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीहरूलाई आमन्त्रण गर्न राष्ट्रिय खेलकुद परिषद्को स्वीकृति लिनुपर्ने कानूनी व्यवस्था रहेको छ। खेलकुद क्षेत्रबाट नै अन्तर्राष्ट्रियस्तरमा राष्ट्रको पहिचान गराउने एक माध्यम भएको हुँदा राष्ट्रियतामा आँच आउनु कदापि राम्रो मानिँदैन। राष्ट्रिय खेलकुद परिषद् यस मन्त्रालयअन्तर्गतको संस्था भए तापनि फुटबल खेलाडी छनौट गर्ने अधिकार राष्ट्रिय खेलकुद परिषद् र अखिल नेपाल फुटबल संघलाई भएको हुँदा उक्त छनौट कार्यमा यस मन्त्रालयबाट रिट निवेदकको संवैधानिक तथा कानूनी अधिकारको हनन् नभएकोले रिट निवेदन खारेजभागी भएको हुँदा खारेज गरिपाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु भन्ने युवा तथा खेलकुद मन्त्रालयको लिखित जवाफ।

रिट निवेदकहरूले आफ्नो निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारबाही वा निर्णयबाट के कस्तो संवैधानिक तथा कानूनी हक अधिकार हनन्

हुन गएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्न सक्नु भएको छैन। कसैका विरूद्ध कुनै कुराको दाबी लिँदा कसको के कुन काम, कारबाही वा निर्णयका कारण निवेदकहरूको के, कुन कानूनद्वारा प्रदत्त कुन हक अधिकारमा के, कसरी हनन् हुन गएको हो भन्ने सम्बन्धमा रूपष्टरूपमा उल्लेख गरी सो कुरामा अदालतसमेत सन्तुष्ट हुने प्रमाण पेस गर्नु पर्दछ । यस मन्त्रालयलाई प्रत्यर्थी बनाउनु पर्ने कुनै कारण र आधार खुलाउन सकेको नपाइएकोले मन्त्रालयको हकमा विपक्षीको रिट निवेदन प्रथमदृष्टिमै खारेजभागी छ खारेज गरिपाउँ भन्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ।

प्रहरी संगठन नेपाल सरकारद्वारा निर्देशित र परिचालित हुने भई कानून कार्यान्वयन गर्ने गराउने निकाय हो। प्रहरीको दायित्व नै नेपाल सरकार तथा अन्य सरकारी निकायबाट समेत कानूनबमोजिम अनुरोध भई आएका कुरा पालना गर्ने गराउने हो। प्रत्यर्थीद्वारा दायर गरिएको रिट निवेदनमा उल्लेख भएबमोजिमको कार्य प्रहरी प्रधान कार्यालयको प्रत्यक्ष कार्य क्षेत्रभित्र पर्ने विषयवस्तु पनि होइन । खेलाडी छान्ने, खेल खेलाउने, निजहरूसँग सम्बन्धित कागजात तयार पार्ने जस्ता खेलकुद गतिविधिसम्बन्धी कार्य गर्ने गराउने नेपाल सरकारको छुट्टै निकाय रहेको हुँदा प्रहरी प्रधान कार्यालयलाई समेत विपक्षी बनाउनुको कुनै तुक छैन। यस सम्बन्धमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायबाट लेखी आएमा प्रहरीबाट कानूनबमोजिम आवश्यक कारबाही हुने नै हुँदा अनावश्यकरूपमा प्रहरी प्रधान कार्यालयसमेतलाई विपक्षी बनाई दायर भएको उक्त रिट निवेदन बदरभागी छ, बदर गरिपाउँ भन्ने प्रहरी प्रधान कार्यालय, नक्सालको लिखित जवाफ।

नियमानुसार पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिल अध्ययन गरी निवेदक विद्वान् अधिवक्ता श्री कल्पित पराजुलीले १६ वर्षमुनिका खेलाडी संलग्न हुनुपर्ने अन्तर्राष्ट्रिय खेल प्रतिस्पर्धामा उमेर समूह नाघेका खेलाडी पठाइएको कारण एसियाली खेलकुद महासंघ (ए.एफ. सी.) ले नेपाल यु.१६ फुटबल टिमलाई प्रतिबन्ध लगाएको भनी विभिन्न पत्रपत्रिकामा समाचार प्रकाशित भएको छ। राष्ट्रिय खेलकुद परिषद्को अनुमतिबमोजिम अन्तर्राष्ट्रिय खेल प्रतिस्पर्धामा पठाउनु पर्ने भनी खेलकुद विकास ऐन, २०४८ मा भएको कानूनी व्यवस्थाविपरीत अन्तर्राष्ट्रिय खेलमा भाग लिन १६ वर्ष नाघेका खेलाडी पठाउने कार्यबाट राष्ट्रियतामा आँच पुगेको छ । यस्ता कार्यबाट राष्ट्रको मर्यादामा समेत प्रतिकूल असर पुगेकोले उमेर किर्तेलगायतका गैरकानूनी कार्य गर्ने कार्यमा संलग्नलाई निलम्बन गरी न्यायिक प्रक्रिया अगाडि बढाउन परमादेशलगायतको निर्देशनात्मक आदेश जारी गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

विद्वान् कानून व्यवसायीको बहस जिकिर सुनी निर्णयतर्फ विचार गर्दा निवेदन मागबमोजिमको आदेश जारी हुने हो वा होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. यसमा मूलतः अन्तर्राष्ट्रिय खेल प्रतिस्पर्धामा संलग्न हुने यू १६ वर्षमुनिका खेलाडी छनौट गरी पठाउँदा अन्तर्राष्ट्रिय मापदण्डविपरीत उमेर बढी भएका खेलाडीहरूलाई पठाएको कारण यू १६ वर्षमुनिको फुटबल खेलमा नेपाली खेलाडीलाई प्रतिबन्ध लगाएको भन्ने समाचारले राष्ट्रको गौरव, मान प्रतिष्ठामा आँच पुग्नका साथै सो कार्य जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ऐन, २०३३, खेलकुद विकास ऐन, २०४८ विपरीत भएकोले यस्तो गैरकानूनी कार्यमा संलग्नलाई निलम्बन गरी न्यायिक कारबाही गर्न परमादेश जारी गरिपाउँ भन्ने रिट निवेदन र खेलाडीहरूको उमेरको सम्बन्धमा अखिल नेपाल फुटबल संघमा खेलाडीहरूले पेस गरेको जन्मदर्ता प्रमाणपत्रअनुसार एम.आर.आई.समेत जाँच गरी उमेर यकिन गर्ने गरिएकोमा खेलाडीहरू १६ वर्षमुनिको

देखिएकोले छनौट गरिएको हो । अखिल नेपाल फुटबल संघले खेलाडीको उमेर घटाउने कार्य नगरेको र रिट निवेदकले के कुन निकाय वा पदाधिकारीले के कस्तो गैरकानूनी कार्य गरेको भन्ने स्पष्ट उल्लेख नगरी सार्वजनिक सरोकारको विषय भनी हचुवाको भरमा दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको पाइयो।

३. राष्ट्रिय हित एवं सम्मानको विषय समावेश भएको प्रत्येक कार्य राष्ट्रको उन्नति र गौरव कायम राख्ने दिशातर्फ उन्मुख हुनपर्ने हुन्छ। राष्ट्रको प्रतिनिधित्व गरी विदेशस्थित फोरमहरूमा भाग लिन छनौट हुने व्यक्ति त्यस विषयको अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको योग्यता पुगेको हुन पनि नितान्त आवश्यक हुन्छ । अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रिय छवि बिग्रने गरी भएका काम कारबाहीलाई संविधान, ऐनलगायत राष्ट्र हितअनुकूलको संज्ञा दिन मिल्ने पनि हुँदैन । रिट निवेदनमा उजागर गरेको विषय १६ वर्षमुनिको फुटबल खेलमा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्ने प्रयोजनका लागि खेलाडी छनौट गरी पठाउँदा निश्चित उमेर समूहको प्रतिनिधित्वलाई अंगीकार नगरी उमेर बढी भएका खेलाडी समावेश हुने गरी पठाएकोले राष्ट्रिय गौरव र प्रतिष्ठामा आघात परेको भन्ने रहेको देखिन्छ।

४. अन्तर्राष्ट्रिय खेल प्रतिस्पर्धामा खेलाडी छनौट गर्ने सन्दर्भमा नेपालको सन्दर्भलाई हेर्दा अखिल नेपाल फुटबल संघ फुटबल खेलको सर्वोच्च संस्था रहेको र संघलाई नै खेलाडी तथा प्रशिक्षक छनौट गर्ने जिम्मेवारी रहेको भन्ने प्रकृतिको निवेदन जिकिर तथा लिखित जवाफसमेत देखिन्छ । खेलाडी तथा प्रशिक्षक छनौट गर्दा अन्तर्राष्ट्रिय मापदण्डअनुसार फिफा तथा ए.एफ.सी.ले तोकेबमोजिमको प्रक्रियाको पालना गरी छनौट गर्नुपर्ने यस्ता सम्बन्धित संस्थाको कर्तव्य र दायित्व रहन जाने देखिन्छ। खेलाडीले पेस गरेको जन्म दर्ताअनुसारको उमेर यकिन गर्न आवश्यक स्वास्थ्य जाँच गरी निर्विवादित रूपमा तय गर्नुपर्ने प्रावधानको बेवास्ता गर्न मिल्ने देखिँदैन। अन्तर्राष्ट्रिय मापदण्डविपरीत बढी उमेर भएका खेलाडीको उमेर घटाई यू १६ वर्षमुनिका खेलाडीको टिममा समावेश हुने गरी भएका काम कारबाही कदापि कानूनसम्मत हुने भन्ने हुँदैन। राष्ट्रलाई खेल प्रतिस्पर्धा माध्यमबाट अन्तर्राष्ट्रिय मञ्चमा चिनारी गराउने परिप्रेक्ष्यमा स्वच्छ र पारदर्शी व्यवहार नभई त्यसबाट सृजित परिस्थितिबाट राष्ट्रिय स्वाभिमानमा आँच पुग्न जाने किसिमका कामहरू राष्ट्र हित प्रतिकूल मान्नु पर्ने नै हुन्छ।

५. राष्ट्रलाई अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने, राष्ट्रको मान र प्रतिष्ठा अभिवृद्धि गर्ने कार्यसँग सम्बन्धित विभिन्न माध्यममध्ये खेलकुद जगत्को पनि महत्त्वपूर्ण भूमिका रहेको छ । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय खेलकुदलाई नियमित, व्यवस्थित एवं विधिवत्‌रूपमा सञ्चालन गरी राष्ट्रिय महत्त्वलाई अक्षुण्ण राख्ने प्रयोजनार्थ खेलकुद विकास ऐन, २०४८ को निर्माण गरिएको छ । खेलकुद क्षेत्रलाई मर्यादित बनाउने र यस क्षेत्रमा देखिएका समस्याहरूको सम्बोधन गरी खेलाडीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ केन्द्रीय स्तरमा सम्बन्धित संघ संस्थाहरूको स्थापनासमेत भएको भन्ने पनि देखिन्छ । अन्तर्राष्ट्रियस्तरमा खेलाडीहरूको छनौट गर्ने, ए.एफ.सी. र फिफासँग आबद्धता कायम गर्ने कार्य पनि नेपाल फुटबल संघको कार्य क्षेत्रभित्र पर्ने भन्ने बुझाइ रहेको छ । यस अवस्थमा राष्ट्रिय खेलकुद परिषद् तथा सम्बन्धित फुटबल संघको जिम्मेवारी अत्यन्त गहन तथा गम्भीर रहेको स्पष्ट छ।

६. नेपालले खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यताअनुसार विकास र विस्तार गर्ने गरी जनजीवनको अभिन्न अंग बनाउन, शारीरिक, मानसिक, बौद्धिक र नैतिक क्षमतायुक्त मानव संसाधनको विकास गरी खेलकुदको माध्यमबाट

अनुशासित र मर्यादित समाज बनाउने उद्देश्यका साथ खेलकुद नीति, २०६७ समेत अपनाएको देखिएको छ। यसले खेलकुदको अवधारणाअनुरूप खेलकुद क्षेत्रलाई अनुशासित, मर्यादित र सुव्यवस्थित बनाउँदै राष्ट्रिय विकासको महत्त्वपूर्ण पक्षमा स्थापित गर्ने नीति पनि लिएको देखियो । प्रतिभावान् खेलाडीको पहिचान गर्ने तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुन आवश्यक मापदण्ड बनाउने कार्यनीति पनि अपनाएको देखियो । तथापि त्यस्तो मापदण्ड बनाई सार्वजनिक गरेको पाइएन । खेल देशको राष्ट्रिय तथा सामाजिक सांस्कृतिक धरातलको मूल्य एवं मान्यतासँग गाँसिएको विषय हो । राष्ट्रको प्रतिनिधित्व गर्ने गराउने विषय जनताका आस्था तथा विश्वाससँग पनि गहन रूपमा आबद्ध हुन्छ । खेल जगतलाई मर्यादित बनाउने सवालमा खेलसँग आबद्ध संघ संस्थाको नेतृत्व पदाधिकारीहरूको सदाचार, निष्पक्षता, स्वच्छता तथा दूरदर्शिता अपेक्षित हुन्छ । नेतृत्वको राजनीतिक आस्था, प्रभाव, सम्पर्क तथा व्यक्तिगत वा आर्थिक स्वार्थ एवं नातावाद कृपावादहरूले प्राथमिकता पाएमा खेल भावनालाई अगाडि बढ्न दिँदैन । नेतृत्व पंक्तिमा बस्ने वा प्रशासकीय नियन्त्रण गर्नेहरूले विभिन्न वहाना बनाई कपटपूर्ण रूपमा आफ्ना नजिकका वा भनसुनका खेलाडीलाई राष्ट्रिय टिममा समावेश गर्ने तर प्रतिस्पर्धा, आचरण, अनुशासन, दक्षता, अनुभव, निष्पादन एवं अनुशासनको आधारमा अब्बल रहेका खेलाडीहरू वञ्चित हुने प्रकृतिका कार्य गरेमा सो स्वीकार्य हुँदैन । यसले देशको मान सम्मान, प्रतिष्ठा तथा जनताको आशा र विश्वासमा सकारात्मक परिणाम पनि ल्याउँदैन । कतिपय देशको राष्ट्रिय परिचय खेलको माध्यमबाट पनि विकसित भएको देखिन्छ । अतः खेलकुदको विकासको लागि राजनीतिकलगायतका व्यक्तिगत वा आस्थागत स्वार्थ बिर्सेर राष्ट्रियताको भावना विकसित गर्न एकजुट भई देशका कुना काप्चामा रहेका प्रतिभाहरूलाई एकथलोमा ल्याई समान व्यवहार गरी अवसर प्रदान गर्नुको विकल्प छैन ।

७. खेलकुद विकास ऐन, २०४८ विधायिकाले निर्माण गर्दा यसअन्तर्गतका परिषद् संघ संस्थाहरू पनि सुशासित हुनुपर्ने अपेक्षा र विश्वास राखेको विषयमा विवाद हुन सक्दैन । राष्ट्रिय खेलकूद परिषद्ले पनि आफ्नो कार्यसम्पादन जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई कानूनको शासन, भ्रष्टाचारमुक्त चुस्त प्रशासन, आर्थिक अनुशासन एवं कुशल तटस्थ व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी आफ्ना संयन्त्रहरूलाई लक्षित उद्देश्य प्राप्तिमा सहजकर्ताको रूपमा भूमिका खेल्न लगाउनु पर्छ । यस्तो जिम्मेवारीपूर्ण काम गर्नुपर्ने विषय आत्मनिष्ठ एवं व्यक्तिगत स्वार्थ वा राजनीतिक अभिष्ट पूरा हुने उद्देश्यले कसैले कुनै काम गर्छ भने त्यसलाई राष्ट्र हितमा कानूनअनुकूल काम गरेको मान्न सकिँदैन । खेलाडीहरूले पनि उपर्युक्त मूल्य मान्यता र आस्था विश्वासलाई सर्वोपरी राखी अनुशासित व्यवहार गर्नु आवश्यक छ ।

८. निवेदकले प्रस्तुत निवेदनमा उठाएका विषयहरू अत्यन्त गम्भीर भएको महसुस हुन्छ । कुनै पनि नेपाली नागरिकको शिर निहुरिने प्रकृतिका काम हुन्छ भने सार्वजनिक सरोकारको विषय पनि अवश्यै बन्दछ । अन्तर्राष्ट्रिय स्तरमा खेलिने १६ वर्षभन्दा मुनिको खेलाडीहरूलाई छनौट गर्नुपर्ने स्थानमा यदि विभिन्न स्वार्थबाट प्रेरित भई कसैले १६ वर्ष उमेरभन्दा माथिका खेलाडीलाई छनौट गरी पठाएको हो र जानीजानी खेलाडी पनि गएको भने त्यो क्षम्य कार्य होइन । राष्ट्रको नाममा यस्तो छलकपटको कारण जरिवाना लाग्नु प्रत्येक नेपालीको लागि तथा विशेष गरी खेल प्रशासन तथा खेलाडीको लागि अशोभनीय हो । यस्तो कार्यको जिम्मेवारीबाट नेतृत्व तहमा बस्ने पनि पञ्छिन पाउँदैन ।

९. प्राप्त लिखित जवाफहरू हेर्दा अखिल

नेपाल फुटबल संघ र ऐ.का महासचिवको लिखित जवाफतर्फ मुख्यरूपमा ध्यानाकर्षण भएको छ । आफूले राम्रा तथा उत्कृष्ट खेलाडी छनौटमा संघको प्रशिक्षकले कहिल्यै त्रुटि नगरेको खेलाडीको जाँच Cross Diagnostic Center बाट गर्ने गरेको तथा खेलाडीको जन्ममितिका आधारमा चयन गरी संघले दुईजना खेलाडीको MRI समेत गराई उमेर यकिन गरेको, एक खेलाडीको उमेर १४ वर्ष भन्दा मुनिको हुँदा MRI पनि नगराएको र उमेर पुष्टि हुँदा निवेदन जिकिर झुट्टा भएको जिकिर गरिएको छ। यदि कुनै पनि दृष्टिकोणबाट खेलाडीहरू तोकिएको उमेरभन्दा घटी नै हो भनी ठोकुवा गरी रिट निवेदनलाई झुट्टा नामाकरण गर्ने यो संघ र यसका पदाधिकारीले सोही उमेरको विवाद उठान भई एन्फाले लगाएको भनिएको जरिवाना तथा पदक फिर्ताको कारबाही वास्तवमा सत्य हो वा होइन भन्नेबारे मौन बसेबाट पारदर्शी र सुशासित हुनुपर्ने यो संस्थाबाट तथ्य लुकाउन प्रयत्न भएको विश्वास गर्नुपर्ने बाध्यता सिर्जना हुन्छ । संविधानले अभिलेख अदालतको रूपमा व्यवस्था गरेको सर्वोच्च अदालतबाट जारी भएको कारण देखाउ आदेशलाई सामान्य औपचारिकताको रूपमा लिई हल्का प्रतिरक्षा मात्र गर्ने यस प्रकृतिका व्यवहार यी संस्थालगायत कसैबाट पनि अपेक्षित हुँदैन । यसप्रति यी संस्था र यसका पदाधिकारीहरू सचेत हुन आवश्यक हुन्छ । यसै प्रकृतिबाट तथ्य लुकाई जरिवाना जस्ता प्रत्यक्ष कारबाही भएको अवस्थामा पनि आफ्नो गल्ती लुकाउने र सुध्रनेतर्फ प्रयत्न नगर्ने हो भने संविधान र कानूनको उपहास गरेको मानिने हुन्छ। यस अवस्थामा देशको न्यायिक व्यवस्थाले कठोर कदम चाल्न पनि बाध्य हुनुपर्ने हुन्छ।

१०. लिखित जवाफ माग भएका अखिल नेपाल राष्ट्रिय खेलकुद परिषद् र खेलाडीहरूबाट समेत लिखित जवाफ पेस नभएकोतर्फ पनि ध्यानाकर्षण हुन आएको छ। अदालतबाट जारी भएका म्याद एवं आदेश सबैले पालना गर्नुपर्ने हुन्छ। म्याद जारी भई तामेल भएपछि कानूनबमोजिम गठित निकाय तथा यसका पदाधिकारीहरूले आदेशको पालना गरी न्याय सम्पादन एवं विवादको सहज निकास निकाल्न अदालतलाई सहयोग पुऱ्याउनु यिनको कर्तव्य हो। पद चाहिने पद मात्र ओगट्ने तर पदीय कर्तव्य र कानूनी दायित्वतर्फ उदासीन हुने प्रवृत्ति न्यायको रोहमा स्वीकार्य हुँदैन। यस किसिमको प्रवृत्तिप्रति अदालत सदैव उदार भई बस्दा सामान्य जनताले सुशासनको अपेक्षा गर्न सक्दैन । सुशासनको लागि अदालतले न्यायिक अधिकारको प्रयोग गर्दा यसबाट उत्पन्न हुन जाने परिस्थिति र परिणामप्रति यस्ता निकाय तथा पदाधिकारीहरूलगायत सम्बन्धित सबैको गम्भीर ध्यानाकर्षण हुनु आवश्यक छ। खेलाडीहरूले समेत आफू राष्ट्रको प्रतिनिधित्व गर्ने भएपछि आफैँ सर्वप्रथम अनुशासित र इमान्दार भई प्रस्तुत हुने र अदालतमा कुनै प्रश्न उठेमा त्यस्तो विवादलाई तार्किक निष्कर्षमा पुऱ्याउन सहयोग गरी असल नागरिकको परिचय दिने छन् भन्ने विश्वास गरिएको छ। आफ्नो उमेर, योग्यता र आफूसँग सम्बन्धित तथ्यमा छलकपट वा छेडछाड गर्ने खेलाडी र जोसुकै व्यक्तिलाई असल नागरिकको परिचय दिन असक्षम भएको मान्नु पर्ने हुन्छ, यस्ता कुनै पनि व्यक्ति राष्ट्रको प्रतिनिधित्व गर्न सक्षम हुँदैनन् भन्नेतर्फ सबैले हेक्का राख्नु पर्दछ।

११. अब निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन भन्नेतर्फ विचार गर्दा यी निवेदकहरूले सचेत नागरिकको हैसियतले उठाएका प्रश्नहरू देशको मान सम्मान, प्रतिष्ठा, अनुशासन तथा सुशासनसँग आबद्ध रहेको विषय भएको तथ्य तत्सम्बन्धमा माथिका प्रकरणहरूमा विस्तृत विवेचना भई सम्बन्धित निकाय, पदाधिकारी तथा व्यक्तिहरूको ध्यानाकर्षण हुने र आगामी दिनहरूमा गम्भीर भई यस प्रकृतिका विवादहरू सिर्जना हुन नदिनेतर्फ विपक्षीमध्येका सम्बन्धित निकाय, पदाधिकारी

तथा व्यक्तिहरू सचेत एवं कर्तव्यनिष्ठ रहनेतर्फ यस अदालतले तार्किक र वैधानिक अपेक्षा (Logical and Reasonable Expectation) राखेको अवस्था हुँदा तत्काल मागबमोजिम आदेश जारी गर्नुपर्ने अपरिहार्यता देखिएन। रिट निवेदन खारेज हुने ठहर्छ।

१२. तथापि प्रस्तुत विषय राष्ट्रिय स्वाभिमान र राष्ट्रिय मान मर्यादा, खेलाडीको अनुशासन तथा जनताको अपेक्षासँग सरोकार राख्ने देखिँदा खेलकुदसँग सम्बन्धित सबैका लागि निम्नबमोजिम निर्देशनात्मक आदेश जारी गरिएको छः-

(१) अन्तर्राष्ट्रिय खेल प्रतिस्पर्धामा खेलाडी छनौट गर्दा प्रतियोगिताको लागि तोकिएको राष्ट्रिय अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको प्रक्रिया पूरा गरी पारदर्शी एवं सुशासित रूपमा र कुनै अवस्थामा पनि दबाब, प्रभाव वा व्यक्तिगत सिफारिसलाई प्राथमिकता नदिई प्रतिस्पर्धात्मक एवं चुनौती लिन सक्ने सक्षम खेलाडीहरूको पहिचान र छनौट गरी खेलाडीको योग्यता यकिन गरी पठाउनू।

(२) खेलकुद क्षेत्रलाई नियमन गर्ने अभिभावकीय दायित्व भएको राष्ट्रिय खेलकुद परिषद्ले राष्ट्रिय झण्डा बोकेर अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिनिधित्व गर्ने खेलाडी छनौट गर्ने कार्यलाई व्यवस्थित बनाई राष्ट्रिय हित कायम राख्न आवश्यक मापदण्ड बनाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनू।

(३) यसरी स्वास्थ्यलगायतका मापदण्डहरू विपरीत प्रमाणित गर्ने एवं अन्तर्राष्ट्रिय मापदण्ड बनाउने संस्थाको त्यस्तो मापदण्ड उल्लङ्घन गरी गराई अयोग्य खेलाडीलाई योग्य भनी चयन गरी पठाउने र त्यस्तो गलत कार्यमा सहयोग गर्न कुनै प्रकारको प्रमाणीकरण गर्ने निकायहरूलगायत परिषद्, संघ संस्थाका पदाधिकारी, प्रशिक्षक, खेलाडी र स्वास्थ्य जाँच गर्ने संस्थासमेतको नियमित अभिलेख राखी आवश्यक कारबाहीका लागि तत्सम्बन्धी जानकारी नेपाल सरकारका सम्बन्धित मन्त्रालय एवं नियमनकारी निकायहरूलाई समेत दिनू।

(४) प्रस्तुत आदेशको प्रतिलिपि नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, अखिल नेपाल फुटबल संघसमेतलाई पठाई दिनू।

१३. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
का.मु.प्र.न्या.गोपाल पराजुली

इजलास अधिकृतः दिलीपराज पन्त
इति संवत् २०७४ साल असार २१ गते रोज ४ शुभम्।

## निर्णय नं. १०२३४

सर्वोच्च अदालत संयुक्त इजलास
स.का.मु.प्रधानन्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
फैसला मिति : २०७५।२।२८
०७१-CI-१४४६

मुद्दा: नापी दर्ता दा. खा. दर्ता बदर गरी हक कायम गरी दा.खा. दर्ता गरी चलनसमेत चलाई पाऊँ।

पुनरावेदक / प्रतिवादी : जिल्ला बाँके नेपालगञ्ज नगरपालिका वडा नं.१२ बस्ने श्यामविहारी कुर्मी

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला बाँके साइगाउँ गा.वि.स. वडा नं.४ बस्ने शत्रुधनप्रसाद वर्मा

- **जुन जग्गामा जसको स्वामित्व देखिएको छ, उसलाई नबुझी बिना स्रोत, बिना आधार, साबिक दर्ता स्रेस्ता वा प्रमाणको प्रतिकूल हुने गरी कित्ता नै बदर गरी क्षेत्रफल नै घटबढ गर्ने गराउने तथा कसैको नाउँमा क्षेत्रफल थप गर्ने गरी भएको काम कारबाही तथा दर्ता एवं निर्णय दुषित दर्ताकै कोटीमा पर्ने हुँदा त्यस्तो काम कारबाहीले कानूनी वैधता पाउन नसक्ने।**

(प्रकरण नं.५)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः
माननीय जि.न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ
बाँके जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः
मा.नि.मुख्य न्या. श्री प्रकाशकुमार ढुंगाना
मा.न्यायाधीश श्री अवधविहारी प्रसाद सिन्हा
पुनरावेदन अदालत नेपालगञ्ज

फैसला

**का.मु.प्र.न्या.दीपकराज जोशी** : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ अन्तर्गत दायर हुन आएको प्रस्तुत मद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ:-

म वादीले सूर्यकला कुर्मीबाट २०६०/२/२८ मा निजको नाउँमा दर्ता स्रेस्ता तिरोभरो भएको जिल्ला बाँके नेपालगञ्ज नगरपालिका वडा नं.८ख (पुराना नापीको स्रेस्ताअनुसार) को कि.नं.३७ को ज.वि. ०–१३–२ जग्गा मोल रू. ३,६१,०००।– मा खरिद गरी लिई मालपोत कार्यालय, बाँकेबाट र.नं. ८४७२ बाट मिति २०६०/२/३० मा रजिस्ट्रेसन पारित गराई लिएको आधारमा मेरो नाममा दा.खा.दर्ता भई मैले भोगचलन गरी आएको मेरो एकलौटी हकभोगको जग्गा हो। म नापीमा उपस्थित हुन नसकेको मौकाको फाइदा उठाउने बदनियतले प्रतिवादी श्यामविहारी कुर्मीले आफ्नो कि.नं.३६ को ज.वि.०–८–७ भएको तथ्य जानीजानी नयाँ नापीमा मेरो साबिकको कि.नं.३७ को ज.वि.०–१३–२ जग्गामध्ये दक्षिण पूर्वतर्फको जग्गा नापीको स्रेस्ताअनुसार नेपालगञ्ज नगरपालिका वडा नं.१२ सिट नं.०३५/१४८९–१४ कि.नं.१७ को व.मि. ०,१११२.६० मोल रू.१,५०,०००।– जाने जग्गा आफ्नो नाउँमा दर्ता गराएको कुरा मिति २०६५/१/२३ को निर्णयबाट थाहा जानकारी हुन आएको र मालपोत कार्यालय, बाँकेबाट एकाको नामको अर्काको नाममा कायम गर्न यस कार्यालयलाई

अधिकार नहुँदा निवेदकलाई जानकारी दिनु भन्ने निर्णय भएकोले प्रतिवादीको सो कार्य जग्गा पजनीको १/१७ नं.को प्रतिकूल हुँदा निजको सो कार्यबाट साह्रै मर्कामा परी सम्मानित अदालतको शरणमा आएको छु। अतः सम्मानित अदालतबाट प्रतिवादीलाई तलब गरी सबुद प्रमाण बुझी मेरो दर्ताको कि.नं.३७ को ज.वि.०–१३–२ मध्येबाट हालको नापीमा कायम भएको सो कि.नं.१७ को व.मि.०१११२.६० जग्गा प्रतिवादी श्यामविहारी कुर्मीको नाममा भएको नापी दर्ता बदर गरी मेरो नाममा दा.खा.दर्ता गरी प्रतिवादीको सो जग्गाबाट कब्जा खिचोला मेटाई चलन चलाई पाउँ भन्नेसमेत बेहोराको फिरादपत्र।

मेरो अंशबन्डाको लिखतबाट मेरो अंश भागमा परी दा.खा.दर्ता भई जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको उक्त जग्गा साबिकमा पुरानो नापी हुनुभन्दा अगाडिदेखि मेरो पुर्खाले भोगचलन गरी आएअनुसार २०२५ सालमा भएको पुरानो नापीमा नापी नक्सा र जग्गाको क्षेत्रफल नहुँदा मेरो बाबु पुर्खाले परापूर्वकालदेखि भोगचलन गरी आएबमोजिम भूमि प्रशासन कार्यालयको मिति २०२६/८/१० गतेको पत्रानुसार वादीले खरिद गरेको कि.नं.३७ को जग्गा र मेरो बाबुको नाममा र हाल मेरो नाममा भएको पुरानो नापीको कि.नं.३६ को जग्गाको साबिक जग्गा निजहरूले भोगचलन गरेअनुसार कि.नं.३७ को क्षेत्रफल ज.वि. ०–१३–२ र कि.नं. ३६ को ज.वि. ०–८–७ समेत दुवै कित्ताको जग्गाको क्षेत्रफल मिलाई दुवै कित्ता बदर भई कित्ता र क्षेत्रफल सुधार भई कि.नं.२३७ को ज.वि. ०–११–७ र कि.नं. २३८ को ज.वि. ०–१०–२ कायम भई मेरो कि.नं.३६ को जग्गाको क्षेत्रफल सुधार भई कि.नं. २३७ कि.नं. ३६ मा कायम गरी र कि.नं. ३७ को क्षेत्रफल सुधार भई आएअनुसार भोगचलन गरी आएको र साबिक जग्गाधनीले क्षेत्रफल सुधारमा २०२६ सालमा चुप लागी बसेको र कुनै विवाद नउठाएको हाल आएर उक्त जग्गामा विवाद उठाउने हक वादीमा भएको भन्न मिल्ने छैन नयाँ नापी हुँदा कि.नं.३५ र ३७ को जग्गा साबिक भोग चलन नक्सा फिल्डबुक र प्लट रजिष्टरसमेतको आधारमा नयाँ नापी नक्सा भई मेरो नाममा दर्ता रहेको पुरानो नापीको नक्साअनुसार कि.नं.३६ को जग्गा हाल नयाँ नापीमा जिल्ला बाँके नेपालगञ्ज नगरपालिका वडा नं.१२ सिट नं. ०३५/१४८९/१४ कि.नं.१७ क्षेत्रफल ०१११२.६० र ऐ. ऐ.सिट नं. ०३५/१४८९–१५ को कि.नं. १९ क्षेत्रफल ०–२७९४.४० कायम भई दर्ता भई भोगचलन गरी आएको छु। उक्त जग्गाको नापी दर्ता बदर गराउन पाउने अ.बं.८२ नं.बमोजिम वादीलाई हक अधिकार नरहेको हुँदा उक्त कि.नं.१७ को क्षेत्रफल ०,१११२.६० वर्ग मिटर जग्गाको नापी दर्ता बदर नहुने गरी हक इन्साफ गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिउत्तरपत्र।

यसमा वादी प्रतिवादीको मुख नमिलेको कुरामा वादी प्रतिवादीको साक्षी बुझी फिरादमा उल्लिखित मालपोत कार्यालय, बाँकेबाट मिति २०६५/१/२३ मा भएको निर्णयसहितको फाइल सो कार्यालयबाट र जिल्ला बाँके नेपालगञ्ज नगरपालिका वडा नं.१२ कि.नं. १७ को फिल्डबुक उतार नापी कार्यालय, बाँकेबाट झिकाई नियमबमोजिम पेस गर्नु भनी सुरू अदालतबाट भएको आदेश।

विवादित जग्गा साबिकमा सुर्यकलाको भोगचलन थियो । त्यसपछि शत्रुधन प्रसादको भोगचलनमा छ । २०६५ सालबाट प्रतिवादी श्यामविहारी कुर्मीले भोगचलन गरेका छन्। वादीले दाबी गरेबमोजिमको प्रतिवादीको कब्जा खिचोला मिटाई वादीले चलन पाउनुपर्छ भन्नेसमेत बेहोराको वादीको साक्षी फौजदार कुर्मीले सुरू अदालतमा गरेको बकपत्र।

दाबी जग्गा प्रतिवादी श्यामविहारी कुर्मीकै भोगचलनको हो । निजको कि.नं.३६/२३७ मध्येकै जग्गा हो। दर्ता बदर हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी देवेन्द्रकुमार कुर्मीले सुरू अदालतमा

गरेको बकपत्र।

मालपोत कार्यालय बाँकेबाट आदेशले माग गरेको मिति २०६५/१/२३ को निर्णयसहितको फाइल प्राप्त भई मिसिल संलग्न दर्ता रहेको।

नापी कार्यालय नेपालगञ्जबाट प्राप्त दर्ता फिल्डबुकसम्बन्धी जानकारी पत्र मिसिल संलग्न रहेको।

वादीले सुर्यकला कुर्मीबाट मिति २०६०/२/२८ मा राजीनामा गरेको लिखत मिति २०६०/२/३० मा रजिस्ट्रेसन पारित गरी वादीको नाममा दा.खा.दर्ता भएको जिल्ला बाँके नेपालगञ्ज नगरपालिका वडा नं. ८ख कि.नं. ३७ को ०–१३–२ जग्गा नापी हुँदा सो जग्गामध्ये दक्षिण पूर्वतर्फको ०१११२.६० व.मि. जग्गा प्रतिवादीको कि.नं. १७ मा गराएको नापी दर्ता बदर गरी सो जग्गा वादीको नाममा दा.खा.दर्ता गरी सो जग्गाबाट प्रतिवादीको कब्जा खिचोला मेटाई चलन चलाई पाउँ भन्ने वादी दाबी भएको देखिन्छ। सो कि.नं. १७ को जग्गाको क्षेत्रीय किताब उतार हेर्दा सो जग्गा प्रतिवादी श्यामविहारी कुर्मीको नाममा मिति २०४७/९/१४ मा नापी भई क्षेत्रीय किताबमा दर्ता भएको देखियो । कि.नं.१७ मा नापी भएको साबिकको कि.नं. ३७ को जग्गा वादीले २०६०/२/२८ मा खरिद गरेको लिखत मिति २०६०/२/३० मा रजिस्ट्रेसन भएको भन्ने फिरादपत्रमा उल्लेख गरेको देखिन्छ। त्यसबाट कि.नं. १७ मा नापी भएको भनेको कि.नं. ३७ को जग्गा वादीले खरिद गर्नुपूर्व नै प्रतिवादीको नाममा कि.नं. १७ को जग्गा नापी भई क्षेत्रीय किताबमा दर्ता भइसकेको अवस्था देखिन आयो । कि.नं. १७ को जग्गा प्रतिवादीको नाममा भएको नापी दर्ताको सम्बन्धमा तत्काल कि.नं. ३७ को जग्गाको दर्तावालाले सो सम्बन्धमा केही दाबी विरोध गरेको भन्ने देखिँदैन। प्रतिवादी श्यामविहारी कुर्मीको नाममा २०४७ सालमा नै नापी भई क्षेत्रीय किताबमा दर्ता भइसकेको जग्गा २०४७ सालमा वादीको नाममा दर्ता स्रेस्ता नभई सूर्यकला कुर्मीबाट पुरानो स्रेस्ताअनुसार २०६० सालमा खरिद गरेको आधारमा २०४७ सालमा प्रतिवादीको नाममा नापी दर्ता भइसकेको वादीले दाबी गरेको जग्गामा वादीको हक पुग्न सक्ने अवस्था देखिन आएन। प्रतिवादीको नाममा दर्ता भएको कि.नं. १७ को जग्गामा वादीको हक पुग्न नसक्ने भएकोले सो जग्गाको प्रतिवादीको नाममा भएको दर्ता बदर गरी वादीको नाममा दा.खा. दर्ता गरी सो जग्गामा प्रतिवादीको कब्जा खिचोला मेटाई चलन चलाई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्ने सुरू अदालतबाट मिति २०६६/०४/१६ मा भएको फैसला।

कि.नं.१७ को विवादित जग्गा २०४७/९/१४ मा नापी भई मिति २०६३/७/३० मा दर्ता भएको हो। मिति २०६०/०२/२८ मा मेरो नाममा हक हस्तान्तरण हुँदा उक्त कि.नं. १७ को ज.वि. ०–१३–२ जग्गा साबिकदेखि अविच्छिन्न रहेको र कसैलाई हक हस्तान्तरण नगरेको कुरा नापी शाखा बाँकेबाट समेत पुष्टि भएको छ। मेरो साबिक कि.नं. ३७ को जग्गालाई मिति २०६३/०७/२३ गते नापी कार्यालय बाँकेले बिना आधार कारण निर्णय गरी फिल्डबुकमा खुलाई विपक्षी श्याम विहारीका नाममा ज.वि. ०–३–५½ जग्गा दर्ता भए गरेको रहेछ। मेरो हक स्वामित्वको जग्गा बिना आधार विपक्षीको नाउँमा नापी दर्ता भएकोमा सुरू बाँके जिल्ला अदालतबाट नापी र दर्ताको भिन्नतालाई नजरअन्दाज गरी भएको सुरू फैसला त्रुटिपूर्ण भएको र कानून एवं नजिरसमेतको आधारमा सो फैसला बदर गरी दाबीको जग्गा मेरा नाउँमा दर्तासमेत हुने गरी न्याय निरूपण गरिपाउँ भन्नेसमेत बेहोराको वादीका तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन अदालत नेपालगञ्जमा लिएको पुनरावेदन जिकिर।

यसमा यसै लगाउको यिनै वादी प्रतिवादी भएको स्रेस्ता सुधार गरी अद्यावधिक गरिपाउँ भन्ने दे.पु.नं. ३२७ को मुद्दाको सक्कल रेकर्ड मिसिल यस

अदालतको च.नं. ३९५२ मिति २०६६/३/३ को पत्रसाथ सर्वोच्च अदालतमा पठाइएको देखिएकाले उक्त मुद्दाको मिसिल श्री सर्वोच्च अदालतबाट प्राप्त भएपछि जगाउने गरी हाल प्रस्तुत मुद्दा मुल्तबी राखी दिएको छ। रूजु रहेका पक्षलाई जानकारी दिई कानूनबमोजिम गर्नु भन्ने पुनरावेदन अदालत नेपालगञ्जबाट मिति २०६८/०९/०५ मा भएको आदेश।

नक्साको प्रकृतिबाट कि.नं. १७ साबिक कि.नं. ३७ भित्रको रहेको देखिन्छ । क्षेत्रफलको हिसाबले पनि साबिक कि.नं. ३७ को ज.वि. ०–१३–२ रहेकोमा सोमध्येको नयाँ नापीमा वादीको नाउँमा दर्ता कायम भएको कि.नं. ८ क्षेत्रफल ०–१०–२ मात्र कायम भई दर्ता भएको देखिएको छ भने बाँकी ०–३–० जग्गा वादीको नपुग हुन आएको देखिन्छ भने प्रतिवादीको साबिक कि.नं. ३६ को ज.वि. ०–८–७ रहेकोमा नयाँ नापीमा प्रतिवादीका नाउँमा कि.नं. १९ मा क्षेत्रफल ०२७९४.४० प्रतिवादीको नाउँमा दर्ता भएको देखिन्छ। साबिक कि.नं. ३६ मा भएको क्षेत्रफल कि.नं. १९ मा रही प्रतिवादीको नाउँमा नापी भएको विवादित कि.नं. १७ को क्षेत्रफल ०१११२.६० समेत प्रतिवादीकै हो कि भन्नलाई प्रतिवादीको कुनै अन्य स्रोत देखिन आउँदैन । मालपोत कार्यालयमा कारबाही भएको स्रेस्ता सुधार गरी अद्यावधिक गरिपाउँ भन्ने मिसिलमा मालपोत कार्यालयको जाँचबुझ र हाल साबिक भिडाउँदा पनि दाबी कि.नं.१७ को जग्गा साबिक कि.नं. ३७ को रहे भएको भिडेको भन्ने नै निष्कर्ष रहेको देखिन्छ। अब २०४७ सालमा नापी भएकोमा २०६० सालमा राजीनामा गरी लिने वादीलाई दाबी गर्न पाउने नपाउनेतर्फ हेरिएमा दाबीको जग्गा २०४७ सालमा नापनक्सा र फिल्डबुक मात्र तयार भएको हो। जग्गा नापी दर्ताको प्रक्रिया जग्गाको नापी भएर वा फिल्डबुक तयार भएर मात्र टुङ्गिएको मान्न मिल्दैन। जबसम्म नापी र फिल्डबुकअनुसार अमुक जग्गा अमुक व्यक्तिलाई भनी जग्गाधनी दर्ता स्रेस्ता तयार हुँदैन तबसम्म प्रक्रियामै रहेको मानिने भएको र दाबी जग्गाको जग्गाधनी पुर्जा २०६३ सालमा मात्र तयार भएको अवस्था देखिँदा त्यस्तोमा नापी र फिल्डबुक धेरै पहिले कायम भएकाले वादीलाई दाबी गर्ने हकदैया छैन भन्न सकिने अवस्था रहँदैन। नक्सा तथा क्षेत्रफल र हाल साबिकसमेत भिडाउँदा दाबीको जग्गा वादीकै रहे भएको देखिएकोमा वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको मिति २०६६।४।१९ को फैसला नमिलेकोले उल्टी भई वादी दाबीबमोजिम प्रतिवादीको नाउँको कि.नं. १७ को नापी दर्ता बदर भई वादीको नाउँमा दर्ता हुने र प्रतिवादीबाट कि.नं.१७ को कब्जा खिचोला मेटाई वादीले चलनसमेत पाउने ठहर्छ भन्ने बेहोराको पुनरावेदन अदालत नेपालगञ्जको फैसला।

दाबीको कि.नं.१७ को जग्गा विपक्षीको नाउँमा नापी दर्ता हुन नसक्ने गरी मालपोत कार्यालय बाँकेबाट मिति २०६५।१।२३ मा भएको निर्णय पुनरावेदन अदालत र सर्वोच्च अदालतबाट सदर कायम भई अन्तिम अवस्थामा रहेकोमा फैसला अन्तिमताको सिद्धान्त (Doctrine of finality of Decision) बमोजिम सो अन्तिम फैसलाको विपरीत गएर कि.नं.१७ को जग्गा विपक्षीको नाउँमा दर्ता कायम गर्ने गरी फैसला गर्न कदापि मिल्ने होइन। म पुनरावेदकको साबिक कि.नं. ३६/२३७ मा ज.वि. ०-११-१७ क्षेत्रफल रहेकोमा नयाँ नापीमा कि.नं.१७ र १९ गरी ज.वि. ०-११-५१/२ मात्र अर्थात् साबिकभन्दा डेढधुर कम जग्गा दर्ता कायम रहेकोले प्रतिवादीबाट कि.नं.१७ को कब्जा खिचोला मेटाई वादीले चलनसमेत चलाई पाउने ठहराएको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७१।४।१८ को फैसला त्रुटिपूर्ण हुँदा बदर उल्टी गरी वादी दाबी नपुग्ने ठहराएको बाँके जिल्ला अदालतको फैसला सदर कायम गरिपाउँ भन्ने प्रतिवादी श्यामविहारी कुर्मीको यस अदालतमा लिएको पुनरावेदन जिकिर।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरियो।

यसमा साबिक कि.नं. ३७ को ज.वि. ०-१३-२ मध्ये नयाँ नापीमा कि.नं. १७ को मेरो जग्गा नयाँ नापीमा प्रतिवादीको नाममा नापी दर्ता भएकोले सो नापी दर्ता बदर गरी मेरो नाउँमा दर्ता गरी प्रतिवादीको खिचोला मेटाई पाउँ भन्ने फिराद दाबी। सुरू जिल्ला अदालतबाट वादी दाबी नपुग्ने ठहराएको फैसला पुनरावेदन अदालतले उल्टी गरी वादी दाबीबमोजिम प्रतिवादीको नाउँको कि.नं. १७ को नापी दर्ता बदर भई वादीको नाउँमा दर्ता हुने र प्रतिवादीबाट कि.नं. १७ को कब्जा खिचोला मेटाई वादीले चलनसमेत पाउने ठहराई फैसला भएउपर प्रतिवादीले यस अदालतमा पुनरावेदन पर्न आएको पाइयो । अब पुनरावेदन अदालत नेपालगञ्जको फैसला मिलेको छ, छैन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्ने हो, होइन ? भनी निर्णय दिनुपर्ने देखियो।

२. यसमा मेरो साबिक कि.नं. ३७ को ०–१३–२ जग्गा र प्रतिवादीको साबिक कि.नं. ३६ को ०–८–७ जग्गा रहेकोमा नयाँ नापीमा साबिक कि.नं.३७ मध्येबाट क्षेत्रफल ०१११२.६० प्रतिवादीले आफ्नो नाउँमा कि.नं.१७ मा नापी दर्ता गराएकोले प्रतिवादीको नाउँको कि.नं.१७ को नापी दर्ता बदर गरी मेरो नाउँमा दर्ता गरी कब्जा खिचोला मेटाई पाउँ भन्ने वादी दाबी रहेको देखिन्छ। वादीको साबिक कि.नं.३७ को जग्गा हाल कायम कि.नं.८ क्षे.फ.०-१०-२ भई साबिकबमोजिमको क्षेत्रफल नपुग भइरहेकोमा प्रतिवादीले कि.नं. १७ को जग्गा दर्ता गरेको कारण नपुग भएको भन्ने देखियो। साबिक मेरो बाबुको नाममा नापी भएको कि.नं.३६ को ०–८–७ र वादीले खरिद गरी लिएको निजको दाताको साबिक कि.नं. ३७ को ०–१३–२ जग्गासमेत दुवै कित्ताको क्षेत्रफल कित्ता मिलाई दुवै कित्ता बदर भई साबिक जग्गाधनीहरूले भोगचलन गरेअनुसार कित्ता र क्षेत्रफल सुधार भई कि.नं.२३७ क्षे.फ.०-११-७ मेरो नाउँमा र कि.नं.२३८ क्षे.फ. ०-१०-२ जग्गा वादीको दाताको कायम भएको हो । जसमध्ये कि.नं.३६ को जग्गा नै नयाँ नापीमा कि.नं.१७ र १९ कायम भई मेरो नाउँमा दर्ता भएकोले फिराद दाबी खारेज गरिपाउँ भन्ने श्यामविहारीको प्रतिउत्तर जिकिर देखियो। प्रतिवादीको साबिक कि.नं. ३६ को क्षे.फ.०–८–७ को जग्गा बदर गरी कि.नं.२३७ क्षे.फ.०-११-७ कायम गरी साबिक कि.नं. ३६ को क्षे.फ.०–८–७ भन्दा बढी क्षेत्रफल कायम गरेको देखियो। तर त्यसरी क्षेत्रफल थपघट गर्दा तथा सोही साबिक ३६ बमोजिम भनी उल्लिखित कि.नं.१७ र १९ कायम गरी साबिक कि.नं.३६ को क्षे.फ.०–८–७ भन्दा बढी क्षेत्रफल कायम गरी प्रतिवादी श्यामविहारीको नाउँमा नापी दर्ता गर्ने गरी नापी गोश्वाराको मिति २०६३।७।३० मा निर्णय गर्दासमेत सो निर्णय गर्नुपूर्व वादी पक्ष शत्रुधनप्रसाद वर्मासमेतलाई बुझेको वा साबिक दर्तासमेतको आधारमा प्रमाणको मूल्याङ्कन र विवेचना भई साधिकार निकायबाट निर्णय गरेको भन्ने कुनै आधार यी पुनरावेदक / प्रतिवादी श्यामविहारीले पेस गरेको देखिँदैन।

३. कि.नं.१७ को क्षे.फ.१११२.६० अर्थात् ०-३-५$^{३}/_{४}$ (प्रमाण संकेत साबिक नगर ८ख कि.नं.३६ उल्लेख) र कि.नं. १९ को क्षे.फ.२७९४.४० (प्रमाण संकेतमा नगर ८ख कि.नं. ३६) दुवै कित्ताको दर्ता २ नं. नापी गोश्वाराको मिति २०६३।७।३० को निर्णयबमोजिम ज.ध. श्यामविहारी कायम भएको देखिएकोले अब दाबीको कि.नं.१७ को जग्गा साबिक कि.नं.३७ को हो वा कि.नं.३६ को हो भन्ने विवादको सम्बन्धमा हेर्दा, साबिक कि.नं. ३७ को जग्गाको नक्सा प्रिन्ट अंग्रेजी L आकारको रहेको तथ्यमा प्रतिवादीको अन्यथा भनाइ देखिँदैन। साबिक कि.नं.३७ मध्येको हाल कि.नं. ८ वादीको नाउँमा दर्ता भएकोमा अंग्रेजी L आकारमा देखिँदैन। नक्साको प्रकृतिबाट कि.नं. ८

र १७ दुवै साबिक कि.नं. ३७ को अंग्रेजी L आकारको नक्सा प्रकृतिसँग मिलिरहेको तथा प्रतिउत्तर जिकिरमा समेत साबिक कि.नं. ३७ लाई बदर गरी कि.नं.२३८ क्षे.फ. ०-१०-२ जग्गा कायम गरी क्षेत्रफल संशोधन गरेकोमा सहमत नै देखिएकोबाट उक्त अवस्थादेखि नै कि.नं. ३७ मध्येको क्षेत्रफलमा कमी आएपछि नक्सामा फरक प्रकृति हुन जाने नै देखियो। अर्कोतर्फ क्षेत्रफलको हिसाबले पनि साबिक कि.नं. ३७ को ज.वि. ०–१३–२ रहेकोमा सोमध्येको नयाँ नापीको वादीको नाउँमा दर्ता कायम भएको कि.नं. ८ क्षेत्रफल ०–१०–२ मात्र कायम भई साबिक क्षेत्रफलभन्दा घटी जग्गा दर्ता भएबाट कि.नं. ३७ मध्ये ०–३–० जग्गा वादीको नपुग हुन आउँछ। प्रतिवादीको साबिक कि.नं. ३६ को ज.वि. ०–८–७ रहेकोमा नयाँ नापीमा प्रतिवादीका नाउँमा कि.नं. १९ मा क्षेत्रफल ०२७९४.४० प्रतिवादीको नाउँमा दर्ता भएको र साबिक कि.नं. ३६ नै हालको कि.नं. १९ हो भन्ने तथ्यमा दुवै पक्षको अन्यथा भनाइ देखिँदैन । प्रतिवादीको नाउँमा नापी भएको विवादित कि.नं. १७ को क्षेत्रफल ०१११२.६० समेत प्रतिवादीकै हो कि भन्नलाई प्रतिवादीको साबिकको कि.नं.३७ को स्रोतबाहेक थप क्षेत्रफल र स्वामित्व पुष्ट्याइँ हुने हस्तान्तरणसमेतका अन्य कुनै साबिक स्रोत देखिँदैन।

४. ***"छलकपट, जालसाज, कृत्रिम आधार, नक्कली प्रमाण, आपसी मिलोमतो र सार्वजनिक सम्पत्तिमा कब्जा जस्ता माध्यमबाट भएका दर्ताबाट कसैको हक प्राप्त नहोस् भन्ने नै दूषित दर्ताको मूल मर्म हो । बिना स्रोत, बिना आधार र स्रोत लिखत वा प्रमाणको प्रतिकूल हुन पुगेका दर्तालाई पनि दूषित दर्तकै दर्जामा राख्नुपर्ने हुन्छ । यस्ता कार्यले समयसीमाका कारणले मान्यता पाउने स्थिति नरहोस् भनेर नै दूषित दर्ता बदर गराउन हदम्याद नलाग्ने सिद्धान्त कायम भएको हो । जुन कुरा प्रत्यक्ष रूपमा सम्भव छैन, त्यो परोक्ष रूपमा पनि सम्भव हुन नहुने ।"*** भनी यसै अदालतबाट सिद्धान्त प्रतिपादन (पु.वे./वादी रत्नप्रसाद भट्ट विरूद्ध प्रत्यर्थी प्रतिवादी चित्राकुमारी गुरूङ मुद्दा लिखत बदर ने.का.प. २०६६ अंक ७ नि.नं. ८१९०) भएको पाइन्छ। वादी पक्षको कि नं. ३७ को क्षेत्रफल ०–१३–२ जग्गा बदर गरी कि.नं.२३८ क्षे.फ. ०-१०-२ जग्गा कायम गर्दा तथा वादीले आफ्नो भनी दाबी लिएको साबिक कि नं. ३७ मध्येको भन्ने कि.नं.१७ को क्षे.फ.१११२.६० अर्थात ०-३-५$^{3}/_{4}$ जग्गाको फिल्डबुक हेरिएमा जग्गाधनी श्यामविहारी कुर्मी र प्रमाण संकेत साबिक नगर ८ख कि.नं. ३६ बमोजिम दर्ता उल्लेख गरिएकोमा सो दर्ता नापी गोश्वाराको मिति २०६३।७।३० को निर्णयबमोजिम ज.ध. श्यामविहारी कायम गरिएको पाइएको छ। तर सो निर्णय गर्दासमेत वादी पक्षलाई बुझिएको थियो भनी प्रतिवादी पक्षले कुनै जिकिर लिएको देखिँदैन। साबिक कित्ता नम्बर नयाँ नापीमा परिवर्तन हुन सक्छ, त्यसो हुनु स्वभाविक नै हुन्छ। तर प्रस्तुत विवादमा दुई सँधियारमध्ये एकाको सम्पत्ति साबिकभन्दा बढेको र अर्कोको घटिरहेकोमा नापजाँचमा त्रुटि छैन भन्नलाई सम्पत्तिको हस्तान्तरण वा स्वच्छ सुनुवाइसहित हकको निरूपण भएको प्रमाण कागजात अदालतलाई विश्वास दिलाउन चाहने पक्षले नै पेस गरी पुष्टि गर्नु पर्दछ।

५. प्रतिवादीसमेत संलग्न भई साबिक कि.नं.३७ को ०–१३–२ क्षेत्रफलभन्दा कि.नं.२३८ क्षे.फ. ०-१०-२ बनाई क्षेत्रफल घटी वा सुधार हुने कानूनसम्मत आधार फाइदा लिने पक्षले पुष्ट्याइँ नगर्ने कार्यलाई उचित मान्न सकिँदैन। सर्भे नापीबमोजिमका स्वामित्ववालालाई असर पर्ने गरी साबिक भोगचलन आफूले गरेको भन्ने नाउँमा दर्ता कायम रहेका अर्को पक्षलाई नबुझी कित्ता बदर गर्ने, क्षेत्रफल घटबढ गरी सुधार गर्ने जस्ता कार्य एवं व्यवहार कानूनसम्मत र स्वभाविक व्यवहार मान्न सकिएन। जुन जग्गामा जसको स्वामित्व देखिएको छ, उसलाई नबुझी बिना

स्रोत, बिना आधार, साबिक दर्ता स्रेस्ता वा प्रमाणको प्रतिकूल हुने गरी कित्ता नै बदर गरी क्षेत्रफल नै घटबढ गर्ने गराउने तथा कसैको नाउँमा क्षेत्रफल थप गर्ने गरी भएको काम कारबाही तथा दर्ता एवं निर्णय दूषित दर्ताकै कोटीमा पर्ने हुँदा त्यस्तो काम कारबाहीले कानूनी वैधता पाउन सक्तैन।

६. अब २०४७ सालमा नापी भएकोमा २०६० सालमा राजीनामा गरी लिने वादीलाई प्रस्तुत मुद्दाको दाबी गर्न पाउने नपाउने भन्ने जिकिरतर्फ हेर्दा दाबीको जग्गा २०४७ सालमा नापनक्सा र फिल्डबुक मात्र तयार भएको देखिन आए पनि सोही बखत सोबमोजिमको जग्गाधनी दर्ता स्रेस्ता भएको देखिँदैन । वादी शत्रुधनप्रसाद वर्माले निजको दाता सुर्यकला कुर्मीबाट कि.नं. ३७ को जग्गा २०६०।२।३० मा राजीनामा पारित गरी लिँदा क्षेत्रफल ज.वि. ०–१३–२ नै लिई पूरै ससिम कित्ता लिएको देखिन्छ । साथै दाबीको जग्गाको नयाँ नापी तथा फिल्डबुक वादीले राजीनामा लिनुपूर्व भए गरेको देखिए पनि विवादित कि.नं.१७ को जग्गाको जग्गाधनी प्रमाण पुर्जा २०६३ सालमा मात्र तयार भएको देखिएकोले वादीले राजीनामा पारित गरिलिएपछि भए गरेको निर्णयउपर कानूनबमोजिम वादीलाई दाबी गर्ने हकदैया नरहने देखिएन।

७. दाबीको कि.नं.१७ को जग्गा शत्रुधनप्रसाद वर्माका नाउँमा नापी दर्ता हुन नसक्ने गरी मालपोत कार्यालय बाँकेबाट मिति २०६५।१।२३ मा भएको निर्णय पुनरावेदन अदालत र सर्वोच्च अदालतबाट सदर कायम भई अन्तिम अवस्थामा रहेकोमा फैसला अन्तिमताको सिद्धान्त (Doctrine of finality of Decision) विपरीत कि.नं. १७ को जग्गा वादीको नाउँमा दर्ता गर्न नमिल्ने भन्ने पुनरावेदन जिकिर रहेकोमा मिति २०६५।१।२३ को मालपोत कार्यालय बाँकेको निर्णय हेर्दा कि.नं.१७ को जग्गा नापी गोश्वाराबाट श्यामविहारी कुर्मीको नाममा दर्ता भएको देखिएकोले एकाको नामको दर्ता बदर गरी अर्काको नाममा कायम गर्ने क्षेत्राधिकार मालपोत कार्यालयलाई नभएको भनी सोही बेहोराको जानकारी दिने गरी निर्णय भएको पाइन्छ । सो निर्णयउपर परेको पुनरावेदनमा पुनरावेदन अदालत नेपालगञ्जबाट यी प्रतिवादी श्यामविहारीलाई सुरूमा विपक्षी बनाउन नसकेको भनी पुनरावेदन खारेज हुने ठहराई मिति २०६५।९।२९ मा फैसला भएको तथा सर्वोच्च अदालतबाट पनि सोही मुद्दामा मिति २०६८।५।२ मा मुद्दा दोहोऱ्याई हेर्न मिलेन भनी आदेश भएको पाइए पनि उक्त निर्णय, फैसला एवं आदेशहरू दाबीको जग्गाको हक बेहकको सम्बन्धमा फैसला भई हारजीतको फैसला भई अन्तिम भएको देखिएन। मालपोत कार्यालयको मिति २०६५।१।२३ को निर्णयमा "कि.नं. १७ को जग्गा नापी गोश्वाराबाट श्यामविहारी कुर्मीको नाममा दर्ता भएको देखिएकोले एकाको नामको दर्ता बदर गरी अर्काको नाममा कायम गर्ने क्षेत्राधिकार मालपोत कार्यालयलाई नभएको भनी सोही बेहोराको जानकारी दिने" भनी भएको देखिएकोले कानूनबमोजिम हक बेहक सम्बन्धमा परेको देखिँदा प्रस्तुत फिराद फैसला अन्तिमताको सिद्धान्त (Doctrine of finality of Decision) विपरीत रहेको मान्न मिलेन।

८. दाबीको कि.नं. १७ को जग्गा प्रतिवादीको कि.नं.३६ मध्येको वा स्वामित्वको हो भन्ने पुष्टि हुन नआएकोले आफ्नो हकै नपुग्ने जग्गा प्रतिवादी श्यामविहारी कुर्मीले क्षेत्रफल सुधार गर्ने तथा नयाँ नापीमा आफ्नो नाउँमा नापी दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा लिनेसमेतको कार्यले कानूनी मान्यता पाउने देखिएन । साथै वादी पक्षलाई आफ्नो साबिक नापी दर्ता भएको जग्गा अर्कैले क्षेत्रफल सुधार एवं कित्ताफोड गरेको कुरा मौकामा थाहा पाएको नदेखिएपछि निजले तत्कालै नालिस गर्न सक्ने अवस्थासमेत नदेखिएबाट हदम्यादको आधारमा फिराद खारेज गरिपाउँ भन्नेसमेतको प्रतिवादीको जिकिरसमेत कानूनसम्मत

देखिएन।

९. तसर्थ, वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको मिति २०६६।०४।१९ को फैसला उल्टी गरी वादी दाबीबमोजिम प्रतिवादी श्यामविहारी कुर्मीको नाउँको कि.नं.१७ को नापी दर्ता बदर गरी वादीको नाउँमा दर्ता हुने र प्रतिवादीबाट कि.नं.१७ को कब्जा खिचोला मेटाई वादीले चलनसमेत पाउने ठहराएको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७१।४।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. दीपककुमार कार्की

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री
इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

## निर्णय नं. १०२३५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
आदेश मिति : २०७५।७।१४
०७५-WO-०१५०

विषय: उत्प्रेषण / परमादेश

निवेदक : दिलबहादुर चेम्जोङकी छोरी आइतराज थाम्सुहाङकी श्रीमती पाँचथर जिल्ला, फिदिम नगरपालिका वडा नं. १, सुन्तले गाउँ घर भई हाल कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा थुनामा बस्ने वर्ष २६ की सुशिला थाम्सुहाङ

विरूद्ध

विपक्षी : काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत

- **प्रतिवादीले कसुर गर्दाको अवस्था, परिस्थिति, वारदातमा निजको भूमिका र कसुरबाट निजलाई हुन गएको वा प्राप्त भएको फाइदा र पीडित वा जाहेरवालाहरूलाई पर्न गएको क्षतिका साथै प्रतिवादीको आर्थिक हैसियतलाई समेत ध्यानमा राखेर कानूनी आधारहरूसँग मेल खाने गरी अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्ने वा विवेकसम्मत ढङ्गले धरौट, जेथा जमानत वा बैंक ग्यारेण्टी माग्नुपर्ने।**

(प्रकरण नं.४)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री लैनबहादुर थापा

विपक्षीका तर्फबाट : विद्वान् नायब महान्यायाधिवक्ता श्री किरण पौडेल
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या. तेजबहादुर के.सी.:** नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवम् ठहर निम्नानुसार रहेको छः-

**तथ्य खण्ड**

काठमाडौं जिल्ला अदालतमा दायर भएको पबि क्षेत्रीसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म निवेदक सुशिला थाम्सुहाङसमेत जना -३ भएको स.फौ.नं.०७४-CR-१३१० को ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०७४।१२।१८ को थुनछेक आदेशानुसार म निवेदकबाट रू.१,५०,०००।- (एक लाख पचास हजार) नगद धरौट वा सो बराबरको जेथा जमानी माग भएकोमा म केही समय थुनामा रही तत्पश्चात् उक्त आदेशानुसारको नगद धरौट बुझाई म तारेखमा रहेकी थिएँ। त्यसपछि उच्च अदालत पाटनको मिति २०७५।१।२७ को आदेशानुसार काठमाडौं जिल्ला अदालतको उक्त आदेश बदर गरी म निवेदकबाट नगद धरौट रू.१०,००,०००।- (दश लाख) वा सो बराबरको जेथा जमानी दिए लिई पुर्पक्षको निम्ति तारेखमा राखी कानूनबमोजिम गर्नु भनी आदेश भएअनुसारको नगद धरौट वा सो बराबरको जेथा जमानी दिन सक्ने आर्थिक हैसियत मेरो नभएको र अन्य विकल्पसमेत नहुँदा हाल म उक्त ठगी मुद्दामा पुर्पक्षको सिलसिलामा थुनामा नै बसिआएको छु।

उक्त ठगी मुद्दामा अभियोग लगाएअनुसार मैले जाहेरवालालाई ठगी गरेको होइन । म जाहेरवाला र अन्य प्रतिवादीहरूलाई पनि चिन्दिन । जाहेरवालाहरूलाई मेरो नाउँमा आइ.एम.इ. मार्फत रकम पठाउन लगाएको पनि होइन। मेरो नाउँमा रकम आउँदैछ भनी मलाई कसैले भनेको पनि होइन। उक्त रकम मैले आइ.एम.इ. बाट झिकेको पनि होइन। कसले कसरी मेरो नाममा आइ.एम.इ. मार्फत रकम पठाउन लगाई मेरो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि प्रयोग गरी कसले उक्त रकम भुक्तानी लिए; सो कुरा मलाई थाहा छैन । मेरो नाममा आएको उक्त रकम झिकेको स्लिप हेर्दा न्यू पाथिभरा स्टोर, फिदिमबाट निकालेको देखिन्छ। उक्त स्लिप (भौचर) मा रकम प्राप्त गर्ने महलमा भएको दस्तखत मेरो होइन । मेरो श्रीमान्ले विदेश तथा काठमाडौंबाट रकम पठाउँदा उक्त आइ.एम.इ. मार्फत पठाउने गरेकोले विगत २ वर्षदेखि मैले उक्त न्यू पाथिभरा स्टोरबाट रकम निकाल्ने गरेको थिएँ। त्यसै कारणले उक्त आइ.एम.इ.का मानिसहरूसमेतले मिलेमतो गरी मेरो नाममा रकम झिकाई त्यहाँ पहिले पेस गरिएको मेरो नागरिकताको प्रतिलिपि दुरूपयोग गरी मेरो नामबाट रकम झिकेका हुन्। उक्त कुरा मेरो नाममा यसअघि मेरो श्रीमान्समेतले पठाएको रकम झिक्दा प्रयोग भएको भौचरमा भएको मेरो दस्तखतसँग जाहेरवालाले पठाएको रकम झिकेको भौचरमा भएको दस्तखत र मैले उक्त ठगी मुद्दाको सन्दर्भमा अनुसन्धानको क्रममा बयान गर्दा तथा यस अदालतमा बयान तथा बकपत्र गर्दा र तारेख भरपाइमा गरेको दस्तखतसमेतसँग भिडाई हेरेमा समेत प्रस्ट हुन्छ । उक्त मुद्दाका अन्य प्रतिवादीहरूसँग पनि मेरो चिनजान छैन भन्ने कुरा अन्य प्रतिवादीहरूले समेत बयानका क्रममा उल्लेख गरेका छन् । म गाउँको साधारण गरिब मजदुरको श्रीमती तथा बंगुर पाल्ने पेसा गर्ने सामान्य साक्षर महिला भएकोले अन्य प्रतिवादीहरूसँग भेटघाट तथा चिनजान हुने अवस्थासमेत नभएकोले उल्लिखित तथ्यगत आधार प्रमाणहरूको आधारमा उक्त ठगी मुद्दामा म आफू निर्दोष रहेको छु।

उपर्युक्त तथ्यगत आधार प्रमाणहरूबाट उक्त

ठगी मुद्दामा निर्दोष हुँदाहुँदै पनि काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७४।१२।१८ को आदेशानुसारको नगद धरौट रकम बुझाई म उक्त मुद्दा पुर्पक्षको सिलसिलामा तारेखमा रहेकोमा काठमाडौं जिल्ला अदालतको उक्त आदेश बदर गरी उच्च अदालत पाटनबाट मबाट नगद रू.१०,००,०००।- (दश लाख) वा सो बराबरको जेथा जमानी माग भई भएको मिति २०७५।१।२७ को आदेश मुलुकी ऐन;अ.बं.११८ नं. को देहाय ५ र १० को मनसायको मर्मविपरीत तथा मेरो आर्थिक हैसियत र परिस्थिति प्रतिकूल भई मैले राख्नै नसक्ने गरी चर्को धरौटी रकम तोकिएको हुँदा उच्च अदालतबाट भएको उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७४।१२।१८ को थुनछेक आदेशबमोजिम गर्नु गराउनु भनी काठमाडौं जिल्ला अदालतसमेतको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदक सुशिला थाम्सुहाङको कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमार्फत दर्ता हुन आएको निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने मनासिब आधार कारण भए सोसमेत खुलाई बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्ने बेहोराको यस अदालत, एक न्यायाधीशको इजलासको मिति २०७५।४।२९ को आदेश।

यसमा प्रतिवादी कृष्णगोपाल अग्रवाल आरोपित कसुरमा मौकामा समेत इन्कार रहेको, जाहेरवालाबाट यी प्रतिवादीले रकम लिएको नदेखिएको, हुन्डी कारोबारका सम्बन्धमा निज प्रतिवादी धरौट बुझाई अनुसन्धानको क्रममा राजस्व अनुसन्धान विभागमा तारेखमा रहेको देखिएको, यस्तै प्रतिवादीहरूको मौकाको बयान, जाहेरी दरखास्तहरू, मौकामा बुझिएका व्यक्तिको कागज प्रमाण र राजस्व अनुसन्धान विभागबाट प्राप्त अवैध हुण्डीसम्बन्धी मुद्दाको अनुसन्धानको मिसिलसमेतलाई दृष्टिगत गर्दा काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।१२।१८ मा भएको आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । माथि उल्लेख भएलगायतका मिसिल संलग्न कागज प्रमाणबाट देखिएको वारदातको अवस्था, वारदातमा प्रतिवादीहरूको भूमिका र संलग्नतालाई समेत दृष्टि गरी पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा अ.बं.११८ को देहाय ५ र १० समेतका आधारमा प्रतिवादी जयराम कार्कीसँग रू.३०,००,०००।- (तीस लाख), प्रतिवादी कृष्णगोपाल अग्रवालसँग रू.२५,००,०००।- (पच्चीस लाख) र प्रतिवादी सुशिला थाम्सुहाङसँग रू.१०,००,०००।- (दश लाख) नगद धरौट वा सो बराबरको जेथा जमानी दिए धरौट लिई पुर्पक्षको निम्ति तारेखमा राखी कानूनबमोजिम गर्नु भनी मिति २०७५।१।२७ मा यस अदालतको संयुक्त इजलासबाट आदेश भएको देखिन्छ । यसरी निवेदन संलग्न कागज प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी तथ्य, प्रमाण र कानूनको आधारमा संयुक्त इजलासबाट आदेश भएको अवस्थामा यस अदालतको हकमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन; रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको तर्फबाट परेको लिखित जवाफ।

पबि क्षेत्रीसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रिट निवेदक सुशिला थाम्सुहाङसमेत भई यस अदालतमा दायर भएको ठगी मुद्दामा प्रतिवादी सुशिला थाम्सुहाङले यस अदालतमा बयान गर्दा आरोपित कसुर इन्कार गरी बयान गरेको भए तापनि प्रतिवादी सुशिला थाम्सुहाङले जाहेरवाला पबि क्षेत्रीले पठाएको रकम भुक्तानी लिएको देखिएकोसमेतका तत्काल मिसिल संलग्न

कागज प्रमाणहरूको मूल्याङ्कन गर्दा यी प्रतिवादी आरोपित कसुरका कसुरदार होइनन् भनी भन्न सकिने अवस्था विद्यमान नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल यी प्रतिवादी सुशिला थाम्सुहाङबाट मुलुकी ऐन, अ.बं.११८ को देहाय ५ र १० नं. बमोजिम रू.१,५०,०००।- (एक लाख पचास हजार) नगद वा सो बराबरको जेथा धरौट दिएमा लिई तारेखमा राख्नु, सो दिन नसके कानूनबमोजिमको सिधा खर्च पाउने गरी थुनुवा पुर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालय पठाइदिनु भनी यस अदालतबाट मिति २०७४।१२।१८ मा आदेश भएको हुँदा आदेशानुसार निज सुशिला थाम्सुहाङले मिति २०७४।१२।२३ मा रू.१,५०,०००।- (एक लाख पचास हजार) धरौटी बुझाई तारेखमा रहेकोमा "... तहाँ अदालतबाट मिति २०७४।१२।१८ मा भएको आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा अ.बं.११८ को देहाय ५ र १० समेतका आधारमा प्रतिवादी सुशिला थाम्सुहाङसँग रू.१०,००,०००।– (दश लाख) नगद धरौटी वा सो बराबरको जेथा जमानी दिए लिई पुर्पक्षको निम्ति तारेखमा राखी कानूनबमोजिम गर्नू" भनी उच्च अदालत पाटनबाट मिति २०७५।१।२७ मा आदेश भएकोले सो आदेशबमोजिमको धरौटी दिई तारेखमा बस्न नसक्ने भएकोले थुनामा बसी मुद्दा पुर्पक्ष गरिपाउँ भनी विपक्षी सुशिला थाम्सुहाङले निवेदन दिएकोले निजलाई मिति २०७५।३।७ मा थुनामा राख्न पठाइएको हुँदा रिट निवेदकले यस अदालतलाई विपक्षी बनाउने कुनै अवस्था नभएकोले निवेदकबाट दायर भएको रिट निवेदन यस अदालतको हकमा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतको तर्फबाट परेको लिखित जवाफ ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री लैनबहादुर थापा तथा विपक्षीहरूका तर्फबाट उपस्थित हुनुभएका महान्यायाधिवक्ताको कार्यालयका विद्वान् नायबमहान्यायाधिवक्ता श्री किरण पौडेलले गर्नुभएको बहससमेत सुनियो ।

बहसको क्रममा निवेदकतर्फका विद्वान् अधिवक्ताले निवेदक विरूद्ध काठमाडौं जिल्ला अदालतमा दर्ता भएको ठगीको अभियोगमा निवेदक कसुरमा इन्कार रही बयान गरेको र मिसिल संलग्न तत्काल प्राप्त कुनै प्रमाणहरूबाट पनि यी निवेदक उक्त कसुरको कसुरदार देखिन नसकेको अवस्थामा निवेदकको हकमा थुनछेकको क्रममा काठमाडौं जिल्ला अदालतबाट रू.१,५०,०००।- (एक लाख पचास हजार) नगद धरौट वा सो बराबरको जेथा जमानी माग गरी भएको आदेशलाई बदर गरी रू.१०,००,०००।- (दश लाख) नगद धरौट वा सो बराबरको जेथा जमानी माग गरी भएको उच्च अदालत पाटनको मिति २०७५।१।२७ को आदेश मुलुकी ऐन, अ.बं.११८ नं. को देहाय ५ र १० को मनसायविपरीत भई अत्यधिक चर्को भएको हुँदा उच्च अदालत पाटनबाट भएको उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी काठमाडौं जिल्ला अदालतको मिति २०७४।१२।१८ को थुनछेक आदेशबमोजिम गर्नु गराउनु भनी काठमाडौं जिल्ला अदालतसमेतका नाउँमा परमादेशको आदेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षीहरूका तर्फबाट उपस्थित हुनुभएका विद्वान् नायब महान्यायाधिवक्ताले आदेश जाँचको सिलसिलामा काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७४।१२।१८ को आदेश बेरीतपूर्ण देखिएको भन्दै बदर गरी सबै प्रतिवादीहरूका हकमा सुरू आदेश भन्दा केही थप रकम नगद धरौट वा सो बराबरको जेथा जमानी माग गर्ने सिलसिलामा यी निवेदकसँग पनि रू.१०,००,०००।- (दश लाख) नगद धरौट वा सो बराबरको जेथा जमानी माग भएको हो । मुलुकी ऐन,

अ.बं.११८ नं. मा उल्लिखित कानूनी व्यवस्थासमेतको आधारमा भएको उच्च अदालत पाटनको उक्त आदेश कानूनसम्मत नै रहेको र उक्त आदेशबमोजिको नगद धरौट वा जेथा जमानी दिन नसकेको हुँदा नै प्रचलित कानूनी व्यवस्थाबमोजिम रिट निवेदकले थुनामा बसी उक्त मुद्दा पुर्पक्ष गर्नुपरेको हो । तसर्थ प्रचलित कानूनी व्यवस्थाबमोजिम बसेको थुनालाई गैरकानूनी तथा बेरीतपूर्ण थुना भन्न नमिल्ने हुँदा निवेदन मागदाबीबमोजिमको आदेश जारी हुन नसक्ने भएकोले रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तानुसारको निवेदन दाबी, विपक्षीहरूको जिकिर र बहस बुँदा रहेको प्रस्तुत विवादमा निवेदन दाबीबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने हुनआएको छ।

२. निर्णयतर्फ विचार गरी हेर्दा; यसमा पबि क्षेत्रीसमेतको जाहेरीले वादी नेपाल सरकार तथा प्रतिवादी यी रिट निवेदक सुशिला थाम्सुहाङसमेत भई हाल काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको स.फौ.नं.०७४-CR-१३१० को ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०७४।१२।१८ को थुनछेक आदेशले यी रिट निवेदकसँग रू.१,५०,०००।- (एक लाख पचास हजार) नगद धरौट माग गरेकोमा निजले सो धरौट दाखेल गरी तारेखमा रही उक्त मुद्दा पुर्पक्ष गरिआएकोमा उक्त आदेशउपर उच्च अदालत पाटन, ललितपुरमा वादी नेपाल सरकारको मुलुकी ऐन, अ.बं.१७ नं. बमोजिमको निवेदन परी सो सन्दर्भमा उच्च अदालत पाटनबाट आदेश हुँदा सुरू काठमाडौं जिल्ला अदालतबाट भएको आदेश बदर भई यी निवेदकबाट रू.१०,००,०००।- (दश लाख) नगद धरौट वा सो बराबरको जेथा जमानी माग गरी सो दिए निजलाई तारेखमा राखी कानूनबमोजिम गर्नु भनी भएको मिति २०७५।१।२७ को आदेशानुसारको नगद धरौट तिर्न नसकी निज हाल उक्त मुद्दा पुर्पक्षका लागि कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा थुनामा बसेको र उच्च अदालत पाटनको उक्त आदेश मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय ५ र १० को मनसाय र मर्मविपरीत भई अत्यधिक रकम धरौट माग भएको हुँदा उक्त रकम धरौट राख्न नसकी आफू बाध्य भई थुनामा बस्नु परेको हुँदा चर्को रकम माग गर्ने उच्च अदालत पाटनको मिति २०७५।१।२७ को उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी सो सम्बन्धमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।१२।१८ मा भएको आदेशबमोजिम नै नगद धरौट कायम गरी मलाई उक्त मुद्दा पुर्पक्षका लागि धरौटी तारेखमा राख्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने नै रिट निवेदकको मुख्य निवेदन दाबी रहेको देखिन्छ।

३. उक्त ठगी मुद्दामा पुर्पक्षका लागि काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।१२।१८ मा यी निवेदकबाट रू.१,५०,०००।- (एक लाख पचास हजार) नगद धरौट वा सो बराबरको जेथा जमानी माग भएको र सो आदेशउपर वादी नेपाल सरकारको तर्फबाट परेको मुलुकी ऐन; अदालती बन्दोबस्तको महलको १७ नं. बमोजिमको निवेदनको सन्दर्भमा उच्च अदालत पाटनबाट मिति २०७५।१।२७ मा आदेश हुँदा यी निवेदक प्रतिवादीबाट काठमाडौं जिल्ला अदालतले माग गरेको नगद धरौट रकमसम्बन्धी मिति २०७४।१२।१८ को आदेश बदर गरी यी निवेदकले रू.१०,००,०००।- (दश लाख) नगद धरौट वा सो बराबरको जेथा जमानी दिए लिई निजलाई पुर्पक्षका लागि तारेखमा राखी कानूनबमोजिम गर्नु भनी आदेश भएको र सो आदेशानुसारको नगद धरौट राख्न नसकी निवेदक हाल थुनामा रहेको बेहोरा विपक्षीहरूबाट छुट्टाछुट्टै प्राप्त लिखित जवाफको बेहोराबाट देखिन्छ।

४. यसमा काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७४।१२।१८ को आदेश बदर गर्दै उक्त आदेशमा उल्लेख भएभन्दा बढी रकम प्रतिवादीहरूबाट नगद धरौट वा सो बराबरको जेथा

जमानी माग गर्ने आदेश गर्दा उच्च अदालत पाटनले यी निवेदक सुशिलाको हकमा सुरू आदेशमा तोकिएभन्दा बढी रकम धरौटस्वरूप माग गरेको देखियो । सो सम्बन्धमा सरकारवादी फौजदारी मुद्दामा अभियुक्तसँग पुर्पक्षको लागि धरौट, जेथा जमानी वा बैंक ग्यारेण्टी माग गर्दा मुलुकी ऐन; अदालती बन्दोबस्तको महलको ११८ नं.को देहाय १०मा दिइएका आधारहरूमा **(क) अपराधको प्रकृति (ख) अभियुक्त वा कसुरदारको आर्थिक अवस्था एवं पारिवारिक स्थिति (ग) निजको उमेर र पहिले कुनै अपराधको कसुरदार ठहरी सजाय पाएको छ वा छैन भन्ने कुरा (घ) बेहोर्नु पर्ने क्षतिपूर्ति** रहेका छन् । भरसक प्रतिवादीले कसुर गर्दाको अवस्थाको अवस्था, परिस्थिति, वारदातमा निजको भूमिका र कसुरबाट निजलाई हुन गएको वा प्राप्त भएको फाइदा र पीडित वा जाहेरवालाहरूलाई पर्न गएको क्षतिका साथै प्रतिवादीको आर्थिक हैसियतलाई समेत ध्यानमा राखेर माथि उल्लिखित कानूनी आधारहरूसँग मेल खाने गरी अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्ने वा विवेकसम्मत ढङ्गले धरौट, जेथा जमानत वा बैंक ग्यारेण्टी माग्नुपर्ने हुन्छ । धरौट, जेथा जमानत वा बैंक ग्यारेण्टी माग्दा मूलतः कसुरप्रति निजको भूमिका, निजलाई प्राप्त हुने वा भएको फाइदा र पीडित वा जाहेरवालालाई हुन गएको क्षतिप्रति नै पूर्णतः केन्द्रित हुनुपर्दछ; त्यसलाई विनाआधार बेवास्ता गर्नुहुँदैन । त्यसपछि मात्र अभियुक्तको आर्थिक हैसियत, आदि हेर्ने हो । यस आधारलाई भने दोस्रो श्रेणीमा राख्नुपर्ने हुन्छ । अदालतले धरौट, जेथा जमानत वा बैंक ग्यारेण्टी माग्दा अभियुक्तको आर्थिक हैसियतलाई पनि ध्यान दिनुपर्ने र तिर्नसक्ने अवस्थाको नै धरौट माग गर्नुपर्ने हुन्छ । अदालतको आदेशले पुर्पक्षको लागि धरौट दिन नसकी थुनामा रहेको निवेदक प्रतिवादीको हकमा उत्प्रेषणको निवेदनबाट पनि प्रथमदृष्टिमा नै मूलतः अभियुक्तको वारदातसँगको सम्बन्ध, त्यसमा उसको संलग्नता र भूमिकाको अवस्थाबाट निवेदक अभियुक्त थुनामा नै रहनुपर्ने हो होइन ? भन्ने आधारमा नै हेर्नुपर्ने हुन्छ । त्यस्ता बन्दी वा थुनुवाको सम्बन्धमा पनि उत्प्रेषणको माध्यमबाट कानूनी आधारमा हेर्दा र परीक्षण गर्दा तथ्यमा प्रवेश गर्न र प्रमाण बुझ्ने, केलाउने र मूल्याङ्कन गर्ने होइन भन्ने आधारमा साह्रै नै संकुचित र सीमित भइहाल्न उपयुक्त हुने देखिँदैन । थुनाको उपयुक्तता र अनुपयुक्ततालाई विभिन्न कोण र दृष्टिकोणबाट न्यायिक सद्विवेकको आधारमा नै हेर्नुपर्ने हुन्छ ।

५. उपर्युक्त विवेचनाको सन्दर्भमा उच्च अदालत पाटनले निवेदकसँग सुरू काठमाडौं जिल्ला अदालतले माग गरेभन्दा बढी रकम धरौट माग गर्नुपर्ने आधार र कारण उल्लेख गरिएको देखिएन । यसरी पृथक आधार र कारणविना नै निवेदकबाट थप रकम धरौटस्वरूप माग गरिएको मुलुकी ऐन; अदालती बन्दोबस्तको महलको १७ नं. को सन्दर्भमा भएको भनिएको उक्त आदेश मुलुकी ऐन; अदालती बन्दोबस्तको महलको ११८ नं. को देहाय ५ र १० को मर्म, भावना एवम् मक्सदअनुरूपको रहेको नदेखिनुका साथै निवेदकउपर पर्न सक्ने कानूनी दायित्वको आधारमा समेत औचित्यपूर्ण रहेको नदेखिँदा उच्च अदालत पाटनबाट भएको मिति २०७५।१।२७ को उक्त आदेश निवेदकको हकमा कानून तथा न्यायसम्मत देखिएन । तसर्थ; निवेदन मागबमोजिम उच्च अदालत पाटनबाट मिति २०७५।१।२७ मा भएको उक्त आदेश निवेदकको हकमा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ र काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७४।१२।१८ को आदेशमध्ये यी निवेदकको हकमा माग भएको धरौट रकम रू.१,५०,०००।- (एक लाख पचास हजार) नै निवेदक सुशिला थाम्सुहाङबाट लिई निजलाई उक्त ठगी मुद्दामा तारेखमा राख्ने गरी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने गरी रिट जारी हुने ठहर्छ ।

६. तसर्थ; निवेदन मागबमोजिमको आदेश जारी हुने ठहरेकोले रिट निवेदक सुशिला थाम्सुहाङबाट सुरू काठमाडौं जिल्ला अदालतले माग गरेको धरौट दाखिल भएको देखिए निजलाई तारेखमा राखी उक्त ठगी मुद्दाको पुर्पक्ष गर्नुहोला भनी कार्यार्थ विपक्षीहरूका नाउँमा यो आदेशको प्रतिलिपि पठाउनू। यो आदेशको जानकारी निवेदकलाई समेत दिनू। प्रस्तुत निवेदनको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. दीपकराज जोशी

इजलास अधिकृत : प्रदीपकुमार उपाध्याय
इति संवत् २०७५ साल कार्तिक १४ गते रोज ४ शुभम्।

&& 📖 &&

## निर्णय नं. १०२३६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
फैसला मिति : २०७५।८।४
०७२-CI-०३६३

मुद्दा : अंश चलन

पुनरावेदक / वादी : अब्दुल हमीदको छोरा जिल्ला नुवाकोट, विदुर नगरपालिका वडा नं.१०, त्रिशुलीबजार बस्ने अब्दुल हक

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : अब्दुल हमीदको छोरा जिल्ला नुवाकोट, विदुर नगरपालिका वडा नं.१०, त्रिशुलीबजार बस्ने अब्दुल करिम

- **कुनै पनि अंशियारले आफ्नो अंशहक पारित लिखतद्वारा नै परित्याग गर्नुपर्छ भन्ने छैन। अंशियारले अंश मुद्दाको रोहमा अदालतमा पेस गरेको कुनै पनि कागजलाई स्वीकार गरेको अवस्थामा वा अंशियार स्वयं अंश मुद्दाको कारबाहीमा अदालतमा उपस्थित भई आफूले आफ्नो अंशभाग आफ्ना आमा बाबु वा अन्य अंशियारबाट लिन नपर्ने भनी अदालतसमक्षको बयान कागजमा स्वीकारेको अवस्थामा पनि अंशियारले आफ्ना आमाबाबुको तर्फबाट पाउनु पर्ने अंशभाग परित्याग गरेको मानिने।**

(प्रकरण नं.८)

- **एकपटक अंश परित्याग गरिसकेको**

**व्यक्तिले पुनः उही अंशियारहरूबाट अंशहक माग गर्न र प्राप्त गर्न नमिल्ने ।**

(प्रकरण नं.९)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री भोजबहादुर के.सी.
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री चन्द्रमणि पौडेल र श्री दीपक सेन
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :
मा.जिल्ला न्या. श्री किरणप्रसाद शिवाकोटी
नुवाकोट जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्ने :
माननीय न्यायाधीश श्री दुर्गादत्त भट्ट
माननीय न्यायाधीश श्री विदुरविक्रम थापा
पुनरावेदन अदालत पाटन

फैसला

**न्या. तेजबहादुर के.सी.:** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम यस अदालतको अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर निम्नानुसार रहेको छः-

**तथ्य खण्ड**

मेरा बाजे युसुफ मियाँका २ छोराहरूमा पिता अब्दुल हमीद जेठा र कमर हुसेन कान्छा भई निजहरूले आ-आफूले पाउने अंश हामीले थाहा नपाउँदै लिई छुट्टी भिन्न बसेका थिए । पिता अब्दुल हमीद र आमा सेरा विविबाट हामी ५ भाइछोराहरू क्रमशः जेठा म अब्दुल हक, माइला अब्दुल मजीद, साइँला अब्दुल रसिद, काइँला अब्दुल रहिम र कान्छा विपक्षी अब्दुल करिमको जायजन्म भएको हो । पिता अब्दुल हमीद २०४७ सालमा र आमा सेराविवि २०५९ सालमा आ-आफ्नो कालगतिले परलोक हुनुभयो । यसैगरी भाइहरू साइँला अब्दुल रसिद २०५८ सालमा र काइँला अब्दुल रहिम २०६३ सालमा आ-आफ्नो कालगतिले परलोक भए । हाल जीवित म अब्दुल हक, माहिला अब्दुल मजिद र कान्छा विपक्षी अब्दुल करिम छौं । परलोक भएका भाइहरूका श्रीमती र सन्तानहरू छन् । यसैगरी हामी जीवित भाइहरूका पनि श्रीमती र सन्तान छन् । विवाह गर्न बाँकी कोही छैन । सबैको विवाह भई सन्तान जायजन्म भइसकेको छ । म फिरादी अब्दुल हक जेठा छोराको नाताले पाउनुपर्ने अंश हालसम्म पाएको लिएको छैन । अन्य भाइहरूले आफूले पाउने अंश पिता जीवित छँदै२०३३ सालमा नरम करम मिलाई छुट्टी भिन्न भई बसिसकेका र विपक्षी अब्दुल करिमसँग पिता र माता एकाघरमा बसिआएका हुँदा पुर्खौली जमिन घरहरू पिता वृद्ध भएकाले विपक्षीले नै आफ्नो नाममा नाप जाँच गराएका थिए । यही मिति ०६८ साल माघको १५ गते आइतबार बिहानको समयमा पिताको सम्पत्तिबाट मैले पाउने अंश देउ भनी विपक्षीलाई विपक्षीकै घरमा गई भन्दा दिन्न; जानेको गर भनेका, अन्य भाइहरू आफ्नो अंश लिई भिन्न भइसकेका र पुख्यौली सम्पत्ति प्रतिवादीको नाउँमा भएको हुँदा विपक्षीबाट सम्पूर्ण चल अचल सम्पत्तिको तायदाती लिई मैले प्रतिवादीबाट कानूनबमोजिम पाउने २ भागको १ भाग अंश मलाई दिलाई चलनसमेत चलाइ पाउँ भन्नेसमेत बेहोराको वादी अब्दुल हकको फिराद पत्र ।

बाजे युसुफ मियाँको २ छोराहरूमा पिता अब्दुल हमिद र काका कमर हुसेन हुन् । पिता र काकाबिच २००४ सालमा अंशबन्डा भएको र सोही समयमा विपक्षी वादी अलिखितरूपमा काकासँग धर्मपुत्रको रूपमा बसेका र काकाको सम्पूर्ण सम्पत्ति एकलौटी लिएका हुन् । वादीले काकाबाट अंश प्राप्त गरिसकेका हुनाले बुबा आमाले हामी अरू ४ दाजुभाइहरूलाई हामीहरूको मुस्लिम संगठन अंजुमन स्लाह समिति; त्रिशुली शाखामा गई मिति २०१६।४।३२ मा अंश

छुट्याई दिनुभएको थियो। त्यसबखत माता शेराविवि र पिता अब्दुल हमीदको जिउनी भाग छुट्याई म अब्दुल करिम र बहिनी अमिना खातुन अविवाहित भएकोले हामी २ जनाको विवाह भाग पर सारी हामी ४ भाइलाई बराबर अंश लगाई छुट्याई दिनुभएको थियो । म र बहिनी अविवाहितसमेत भएकोले हामी पिता माताका साथ एकासगोलमा रहन थाल्यौं। पिता अब्दुल करिम र माता शेराविविलाई म प्रतिवादी अब्दुल करिमले एकाघर सगोलमा राखी लालन पालन, हेरविचार, स्याहार सुसार गरेकाले मिति २०३१।१०।३० मा र.नं. ६७६/ २२५ बाट शेषपछिको बकसपत्र र र.नं. २७७/२२६ बाट हालैको बकसपत्रको लिखत रजिस्ट्रेसन गरिदिनुभएको हो । उक्त घरजग्गाहरू २०१६ सालको बन्डापत्रमा लेखिएका घरजग्गाहरू हुन् । विपक्षी वादीले २०१६ सालको अंशबन्डा-पत्र र २०३१ सालको उक्त बकसपत्रहरू विरूद्ध ऐनका म्यादभित्र बदरका लागि नालेस नगरी स्वीकार गरी बस्नुभएको छ। उक्त बकसपत्रहरूबाट प्राप्त जग्गाहरू नै २०३४ सालमा नापी हुँदा मेरो नाममा नापी दर्ता भई प्रमाण पुर्जा प्राप्त हुँदा पनि विपक्षी वादीले स्वीकार गरी बस्नुभएको छ। वादीबाहेकका हामी दाजुभाइबिच २०३३ सालमा अंशबन्डा भएको थियो भन्ने वादीको बेहोरा गलत हो। यसरी पिता माता जीवित छउन्जेल अंशमा दाबी गर्न नसकेका विपक्षीले हाल आएर पिताको अंश खाने सबैभाइलाई प्रतिवादी नबनाई केबल मलाई मात्र विपक्षी बनाई दुःख दिने नियतले दिएको झुट्ठा फिराद दाबी खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी अब्दुल करिमको प्रतिउत्तर-पत्र।

सुरू अदालतबाट अ.बं.१३९ नं. बमोजिम अब्दुल रसिद, अब्दुल रहिम र अब्दुल मजिजका नाउँमा जारी भएको म्यादभित्र निजहरू उपस्थित नभई सुरू म्यादै गुजारी बसेका।

वादी प्रतिवादी दाजुभाइ हुन्, निजहरूको अंशबन्डा भएको मलाई थाहा छैन, वादी कान्छा बाबुको घरमा बसेकोसम्म मलाई थाहा छ, अरू मलाई थाहा छैन भन्ने बेहोराको वादीका साक्षी रामहरि शर्मा रिमाल र कृष्णबहादुर प्याकुरेलले अदालतसमक्ष गरिदिएको एकै मिलानको बकपत्र।

वादी प्रतिवादी दाजुभाइ हुन्, यिनीहरूबिच अंशबन्डा भएको छ छैन; मलाई थाहा छैन, यिनीहरू छुट्टाछुट्टै बसेका छन्, वादी कमर हुसेनको घरमा बसेका छन्, वादीले माता पिता जीवितै छँदै अंशमा दाबी किन गरेनन् भन्ने सम्बन्धमा मलाई थाहा छैन भन्ने बेहोराको प्रतिवादीका साक्षी पुष्करलाल प्रधानले गरिदिएको बकपत्र।

मिति २०६९।१२।२३ मा वादी प्रतिवादीले पेस गरेको तायदाती फाँटवारी मिसिल संलग्न रहेको।

वादीले प्रतिवादीबाट तायदातीमा उल्लिखित सम्पत्तिमध्ये स्रेस्तामा भिडेका सम्पत्तिबाट अंश पाउने देखिँदा तायदाती फाँटवारीमा उल्लिखित प्रतिवादीले हाम्रो विकास बैंकबाट लिएको ऋण रू. ४,९१,४१२/७७ बैंकमा चुक्ता गर्न बाँकी रहेको देखिँदा उक्त ऋण यी वादी प्रतिवादीले आधा आधा रकम (बराबरीका दरले) बुझाउने गरी वादी दाबीबमोजिम २ भागको १ भाग अंश वादीले प्रतिवादीबाट पाई चलन चलाई लिन पाउने ठहर्छ भन्नेसमेत बेहोराको नुवाकोट जिल्ला अदालतको मिति २०७०।९।१४ को फैसला।

२००४ सालमा पिता अब्दुल हमिद र काका कमर हुसेन छुट्टिई भिन्न भई बसेकासम्म हुन् । काका कमर हुसेनका छोरा नभएका हुनाले विपक्षी वादीलाई कमर हुसेनले मौखिकरूपमा धर्मपुत्र लिई धर्मपुत्रकै रूपमा राखेका हुन् । कमर हुसेनको अन्य हकखाने हकदार कोही नभएको हुनाले निजको हकको सम्पत्ति विपक्षी वादीले नै पाएका छन् । वादीले आफ्नो तायदातीमा बन्डा लाग्ने सम्पत्ति छैन भनी तायदाती दिएकोमा जालसाजी, अंश दपोट र अदालतको अवहेलनासमेतका मुद्दा गरेको छु । वादीले सबै अंशियारलाई देखाइसकेपछि अदालतमा

उपस्थित नभएकै कारणले निजहरूले आफ्ना जिम्मामा राखेको सम्पत्ति निजहरूको एकलौटी हुन सक्दैन । २०१६ सालको बन्डापत्रलाई नै नमान्ने हो भने पनि उक्त बन्डापत्रबाट बन्डा लिई छुट्टिई गएका अन्य दाजुभाइहरूले के कति कारणले चोखो भई बस्न पाउने र मैले मात्र के कति कारणले वादीलाई सम्पत्ति दिनुपर्ने भन्ने कुरा जिल्ला अदालतको फैसलाले प्रस्ट पार्न सकेको छैन। नुवाकोट जिल्ला अदालतबाट भएको फैसलामा तथ्यको पूर्ण जानकारी नलिई हचुवाको भरमा फैसला गरिएको, सबै अंशियारलाई बराबर अंश दिलाउनुको सट्टा कसैलाई अझ बढी सम्पत्ति र कसैलाई अत्यन्त कम सम्पत्ति पर्न गई अंशबन्डाको २ नं. विपरीत भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला उल्टी गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी अब्दुल करिमको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र।

यसमा वादी अब्दुल रसिद मियाँ प्रतिवादी अब्दुल हमिद मियाँ भएको २०३३ सालको दे.मि. नं. ५२/१७७ को अंश मुद्दामा रसुवा तथा नुवाकोट जिल्ला अदालतबाट मिति २०३३।८।१३ मा भएको फैसलासहितको सुरू छिनुवा मिसिल नुवाकोट जिल्ला अदालतबाट झिकाई साथै राखी नियमानुसार पेस गर्नु भन्ने बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०७१।५।१९ मा भएको आदेश।

यसमा रसुवा तथा नुवाकोट जिल्ला अदालतबाट मिति २०३३।८।१३ मा वादी प्रतिवादीबिच ६ भाग अंश लाग्ने गरी फैसला भएकोमा पुनः नुवाकोट जिल्ला अदालतबाट मिति २०७०।९।१४ मा २ भागको १ भाग बन्डा लाग्ने गरी भएको सुरू फैसला फरक पर्न सक्ने देखिँदा छलफलका लागि अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थीलाई झिकाई आए वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०७१।८।१२ मा भएको आदेश।

मूल पुरूष युसुफका २ सन्तानमध्ये जेठा अब्दुल हमिद र कान्छा कमल हुसेन रही कान्छा नि:सन्तान भएको कारण वादी अब्दुल हक काका कमर हुसेनको घरमा धर्मपुत्र बस्न गएको कारण वादी अब्दुल रसिद मियाँ र प्रतिवादी अब्दुल हमिम भन्ने अब्दुल हमिद मियाँ भई चलेको २०३३ सालको दे.मि.नं. ५२/१७७ को अंश मुद्दा रसुवा तथा नुवाकोट जिल्ला अदालतबाट मिति २०३३/८/१३ मा फैसला हुँदा तायदातीमा ७ अंशियार देखाए पनि अब्दुल हकले दाबी नलिएकाले निजबाहेक बाँकी ६ अंशियार देखिएकोले वादीले ६ भागको १ भाग अंश पाउने ठहर्छ भनी भएको उक्त फैसलाउपर यी वादीको पुनरावेदनसमेत नपरी उक्त फैसला अन्तिम भई बसेको देखिन्छ । वादी अब्दुल हुसेन अब्दुल हमिदका जेठा छोरा रहेको भन्ने देखिए तापनि २०१६ सालमा घरसारमा बन्डा हुँदा काका नि:सन्तान रहेको कारण वादी काकासँग बस्न गएको र निजको बन्डामा नामसमेत समावेश नभएको अवस्था देखिन आएबाट यी वादीले आफ्ना बाबुतर्फको अंशमा दाबी नरहेको भन्ने कुरा निजले गरेको बयानको उक्त स.ज. ३ मा **मैले बाबुतर्फको भाग नलिई कान्छा बाबुतर्फको भाग खानेगरी कान्छा बाबुसँग बस्न गएको हो** भनी उल्लेख गरेबाटै निजले बाबुतर्फको अंशको दाबी छोडेको स्पष्ट देखिन्छ । यसरी बाबुतर्फको अंशको दाबी छोडिसकेको भनी वादीले स्वयम् लिखितरूपमै घोषणा गरेको स्थितिमा पुनः अंशमा दाबी लिएको वादीको कथन विबन्धनको सिद्धान्तविपरीतको देखिँदा अंश छोडेको वादीलाई अंश दिलाउने गरी नुवाकोट जिल्ला अदालतबाट भएको मिति २०७०।९।१४ को फैसला मिलेको देखिएन । तसर्थ; उपर्युक्त वर्णित आधारमा २ भागको १ भाग अंश पाउने ठहऱ्याई भएको नुवाकोट जिल्ला अदालतको मिति २०७०।९।१४ को फैसला मिलेको नदेखिँदा उल्टी भई २ भागको १ भाग अंश पाउँ भन्ने

फिराद दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०७२।३।१४ को फैसला।

पुनरावेदन अदालत पाटनको फैसलाले म विपक्षीको अंशियार भएको र मैले अंश पाउनुपर्ने कुरा मानेको छ। मैले अंशजस्तो नैसर्गिक एवम् जन्मसिद्ध हक नपाएको तथ्यलाई पनि फैसलाले मान्यता दिएको छ। सो फैसलाले केबल मेरा पिता अब्दुल हमिद वादी मेरो साइँला भाइ अब्दुल रसिद प्रतिवादी भई तत्कालीन रसुवा तथा नुवाकोट जिल्ला अदालतमा चलेको २०३३ सालको दे.मि.नं.५२/१७७ को अंश मुद्दामा मलाई पेटबोलीबाट झिकाइँदा मैले उक्त अदालतमा मिति २०३३।१।२० मा गरेको बयानमा **"मैले मेरो बाबुतर्फको भाग नलिई कान्छा बाबुको भाग खाने गरी कान्छा बाबु कहाँ बस्न गएको"** भनी गरेको बयानको एक अंशलाई आधार बनाउँदै उक्त बयानमा बाबुतर्फको अंश भाग नलिई कान्छा बाबुतर्फको भाग खानेगरी भन्ने शब्दको व्याख्या मैले अंशभाग छोडेको भनी गरेको छ। अंश भनेको जन्मसिद्ध नैसर्गिक हक हो। अंशियारले पाउनुपर्ने सम्पत्ति नपाएसम्म वा विधिवत अंशहक नछोडेसम्म अंश हक छुट्याई लिन पाउने हुँदा सानातिना प्राविधिक कारण देखाई अंशहकबाट वञ्चित गर्न हुँदैन। २०३३ सालको उक्त अंश मुद्दामा मसमेत ७ अंशियार देखाइएको छ र सोअनुसार तायदाती फाँटवारी पनि पेस भएको छ। यसबाट अंश पाउने ७ जना रहेको स्पष्टै देखिन्छ। उक्त अंश मुद्दाको फैसलालाई मैले अंशमा उतिबेला दाबी नलिएको कारण ६ भागको १ भाग अंश पाउने फैसला भएको हो। सो फैसलामा कहीँकतै मैले अंश नपाउने वा त्यागेको भन्ने कुरा उल्लेख छैन। फैसलाले नबोलेको कुरा त्यही मुद्दाको बयानलाई आधार बनाई मैले अंशहक छोडेको निष्कर्ष निकाली विपक्षीले पुनरावेदनमा जिकिर लिएको कुराभन्दा बढी गरी मलाई अंश नपाउने गरी हराएको पुनरावेदन अदालत पाटनको फैसलामा गम्भीर कानूनी त्रुटि रही कानून, न्याय एवम् व्यवहारसमेतबाट मिलेको छैन। तसर्थ पुनरावेदन अदालत पाटनको उक्त फैसला बदर गरी नुवाकोट जिल्ला अदालतबाट भएको मिति २०७०।९।१४ को फैसला सदर गरिपाऊँ। म ८७ वर्षको वृद्ध मानिस हुँदा यस मुद्दामा तारेखमा रहन नसक्ने भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५९ बमोजिम तारेखमा बस्न नपर्ने गरिपाऊँ। साथै ऐ. को नियम ६३(ङ) बमोजिम यस मुद्दालाई अग्राधिकारको सूचीमा राखिपाउँ भन्नेसमेत बेहोराको वादी अब्दुल हकको यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा पुनरावेदक वादीले आफ्नो हाँगाबाट अंश पाएको कुनै प्रमाण प्रस्तुत हुन नआएको सन्दर्भमा पुनरावेदन अदालत पाटनबाट भएको फैसलामा अंशबन्डाको महलको १ नं. को व्याख्यात्मक त्रुटि भई सो फैसला फरक पर्ने हुँदा अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाई प्रमाणको मिसिलसमेत साथै राखी पेस गर्नु भन्ने यस अदालत संयुक्त इजलासको मिति २०७२।१२।१० को आदेश।

यसमा पुनरावेदन अदालत पाटनको मिसिल संलग्न वादी अब्दुल हकको नामको दर्ता स्रेस्तामा देखिएको वडा नं.७ कि.नं.७ को जग्गा वादीको नाममा के कुन तवरले दर्ता हुन आएको हो सो खुलाउन वादी प्रतिवादी दुवै पक्षको अ.बं.१३३ नं. बमोजिम कागज गराई सम्बन्धित कागजको प्रमाणित प्रतिलिपिसमेत दाखेल गर्न लगाई प्रतिवादीले नुवाकोट जिल्ला अदालतमा अंश दपोटसमेतका मुद्दा दायर गरेको छ भन्ने बहसका क्रममा खुल्न आएकाले सो सम्बन्धमा प्रत्यर्थी प्रतिवादीबाट खुलाउन लगाई सो मिसिलहरू उक्त अदालतबाट झिकाई नियमानुसार पेस गर्नुहोला भन्ने यस अदालत संयुक्त इजलासको मिति २०७४।११।१३ को आदेश।

वादी अब्दुल हकको नामको दर्ता स्रेस्तामा

देखिएको साबिक त्रिशुली वडा नं.७ कि.नं.७ को जग्गा वादीले आफ्ना काकाबाट प्राप्त गरेको सम्पत्ति हो; जुन हालसम्म वादी अब्दुल हककै नाममा कायम छ। सोको जग्गाधनी प्रमाणपुर्जा पुनरावेदन अदालत पाटनमा पेस गरिसकेको छु भन्ने बेहोराको प्रतिवादी अब्दुल करिमको वारेस अष्टमान बज्राचार्यले यस अदालतको मिति २०७४।११।१३ को आदेशानुसार खुलाई पेस गरेको मिति २०७४।१२।२२ को निवेदन पत्र।

म अब्दुल करिम वादी र विपक्षी अब्दुल हकसमेत प्रतिवादी भएको अंश चलन (मुद्दा नं. ०७०-CP-००४९), अदालतको अपहेलना (मुद्दा नं.०७०-CG-००२५), जालसाजी (मुद्दा नं.०७०-PC-००३१) र अंशदपोट मुद्दा मैले मिति २०७०।९।११ र २०७०।९।१४ मा नुवाकोट जिल्ला अदालतमा दर्ता गराई कारबाहीमा रहेकोमा यसै मुद्दाको कारणले उक्त मुद्दाहरू मिति २०७१।३।२९ मा मुल्तबी रहेको अवस्था छ भन्ने बेहोराको यस अदालतको मिति २०७४।११।१३ को आदेशानुसार प्रतिवादी अब्दुल करिमको वारेस अष्टमान बज्राचार्यले यस अदालतमा खुलाई पेस गरेको मिति २०७५।१।१४ को निवेदन पत्र।

साबिक त्रिशुली गाउँपञ्चायत हाल विदुर नगरपालिका वडा नं.१० को घरजग्गा मेरो नाममा मेरा कान्छा बा कमर हुसेन मियाँले २०३५ साल वैशाख १७ गते **"मेरो घरमा आई बसी टहल सुसार र चाकड गरिआएको"** भन्ने बेहोरा उल्लेख गरी रिझबापतमा बकसपत्र १९००/१८६४ पारित गरिदिई सोही बकसपत्रको आधारमा मैले आफ्नो नाममा नापजाँच गरी कि.नं.७ कायम भएको हो। सो घरजग्गा मैले अंशबापत प्राप्त गरेको होइन भन्ने बेहोराको यस अदालतको मिति २०७४।११।१३ को आदेशबमोजिम पुनरावेदक वादी अब्दुल हकले अ.बं.१३३ नं. को प्रयोजनको निम्ति खुलाई यस अदालतमा पेस गरेको मिति २०७५।०५।२७ को निवेदन पत्र।

**ठहर खण्ड**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री भोजबहादुर के.सी. तथा प्रत्यर्थी प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री चन्द्रमणि पौडेल र श्री दीपक सेनले गर्नुभएको बहससमेत सुनियो।

बहसको क्रममा पुनरावेदक वादीतर्फका विद्वान् अधिवक्ताले पुनरावेदन अदालत पाटनबाट फैसला हुँदा मेरो पक्षले २०३३ सालको अंश मुद्दामा बयान गर्दा मैले बाबुतर्फको भाग नलिई कान्छा बाबुतर्फको भाग खाने गरी कान्छा बाबुसँग बस्न गएको हो भनी उल्लेख गरेको आधारमा मेरो पक्षले आफ्ना बाबुतर्फको अंशको दाबी छाडिसकेको स्थितिमा पुनः अंशमा दाबी गर्न आएको भन्दै वादीको कथन विबन्धनको सिद्धान्तविपरीतको देखिएको भन्दै वादीलाई अंश दिलाउने गरी भएको नुवाकोट जिल्ला अदालतको फैसला नमिलेकोले उल्टी हुने भनी वादी दाबी नपुग्ने गरी गरिएको फैसला मिलेको छैन। मेरा पक्षलाई निजका कान्छाबाबुले विधिवत् धर्मपुत्र राखेका होइनन् र निजले कान्छाबाबुको अंश पाएका पनि होइनन्। मेरा पक्षलाई निजका कान्छाबाबुले आफ्नो सेवा टहल चाकरी गरेबापत केही जग्गा निजलाई शेषपछिको बकसपत्रको लिखत गरिदिएको देखिन्छ। यो त वादीले कान्छाबाबुको सेवा चाकर गरेबापत पाएको निजको निजी आर्जनको सम्पत्तिसम्म हो। पुनरावेदक वादीले यी प्रतिवादीसमेतका अंशियारलाई विधिवत् अंश छोडपत्रको लिखत गरिदिएको पनि छैन। विधिवत् लिखतद्वारा धर्मपुत्र राख्न र हुन पाइने तथा अंश छोडपत्र गर्न पनि पाइने कानूनी व्यवस्था रहेको छ। तर अनौपचारिक ढङ्गले

वा मुखले मात्र धर्मपुत्र राख्न र हुन तथा अंश छोडपत्र गर्न पाइँदैन। यस्तो अवस्थामा प्रश्न नउठेमा मात्र क्षम्य हुन सक्ला तर प्रश्न उठेमा मान्य नहुन सक्छ। तसर्थ; अंश पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको उक्त फैसला उल्टी गरी वादी दाबीअनुसार २ भागको १ भाग अंश पाउने ठहऱ्याएको नुवाकोट जिल्ला अदालतको फैसलाबमोजिम गर्ने गरी इन्साफ गरिपाउँ भन्ने बेहोराको बहस प्रस्तुत गर्नुभयो।

त्यस्तै; प्रत्यर्थी प्रतिवादीतर्फका विद्वान् अधिवक्ताहरूले २०३३ सालको अंश मुद्दा चल्दाकै बखत तत्कालीन जिल्ला अदालतले यी वादीलाई बुझ्दा निजले आफूलाई आफ्ना बाबुतर्फको अंश नचाहिने भनेकाले नै त्यसबखत यी वादीसमेतको ७ भाग अंशलाई ६ भाग अंश कायम गरी अंशबन्डा गर्ने गरी फैसला भएको थियो। उक्त फैसलालाई यी वादीले चित्त बुझाई सोउपर म्यादमा पुनरावेदनसमेत नगरी बसेबाट निजलाई त्यसबखत उक्त फैसला चित्त बुझेकै देखिन्छ। तर अहिले आएर आफूले पहिले गरेको बयानविपरीत आफ्ना बाबुतर्फको अंश चाहियो भनी प्रतिवादी भाइउपर अंश मुद्दा दिएकाले निज आफ्नो पूर्वकथनप्रति विबन्धित हुनुपर्ने हुन्छ। यदि यी वादीले २०३३ सालको अंश मुद्दा चल्दाकै बखत आफूलाई पनि आफ्ना बाबुतर्फको अंश भाग चाहियो भनी भनेका भए त्यसबखत जम्मा श्रीसम्पत्तिको ७ भाग लागी १ भाग अंश यी वादीले पनि पाउने नै थिए। तर त्यसबखत आफ्नो अंश त्याग गरी बसेका यी वादीले अब प्रस्तुत अंश मुद्दाबाट अंश पाउन सक्दैनन्। प्रत्यर्थी प्रतिवादी १ जना भाइबाट अंश पाउँ भन्ने अहिलेको वादी दाबी विबन्धनको सिद्धान्त प्रतिकूल र मुलुकी ऐन, अ.बं.८५ नं. प्रतिकूलसमेत देखिएबाट निजलाई वादी दाबीबमोजिम २ भागको १ भाग अंश दिने ठहऱ्याएको सुरू नुवाकोट जिल्ला अदालतको फैसलालाई उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुनुपर्दछ भन्ने बेहोराको बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तानुसारको तथ्य, पुनरावेदन जिकिर र बहस बुँदा रहेको प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूको निरूपण गर्नुपर्ने देखिन्छः-

(१) पुनरावेदक वादीले आफ्ना बाबुतर्फको अंश भाग परित्याग गरिसकेको हो होइन ?
(२) पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादीबाट वादी दाबीबमोजिम अंश भाग पाउने हो होइन ?
(३) पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको छ छैन ?
(४) पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ?

२. प्रश्न नं.१ को सन्दर्भमा विचार गर्दै प्रस्तुत मुद्दामा प्रमाणमा आएको वादी अब्दुल रसिद मियाँ तथा प्रतिवादी अब्दुल हमिम भन्ने अब्दुल हमिद मियाँ भएको २०३३ सालको दे.मि.नं.५२/१७७ को अंश मुद्दामा रसुवा तथा नुवाकोट जिल्ला अदालतबाट भएको मिति २०३३।८।१३ को फैसलासहितको मिसिल अध्ययन गरी हेर्दा; उक्त मुद्दामा प्रस्तुत मुद्दाका वादी अब्दुल हकको साइँला भाइ अब्दुल रसिद मियाँ वादी तथा निज वादी अब्दुल हककै पिता अब्दुल हमिम भन्ने अब्दुल हमिद मियाँ प्रतिवादी भई चलेको अंश मुद्दामा प्रस्तुत मुद्दाका वादी अब्दुल हक तथा प्रतिवादी अब्दुल करिमसमेतका अंशियारहरूलाई जिल्ला अदालतले बुझी निजहरूले गरेको बयान उक्त मिसिल सामेल रहेको देखिन्छ। उक्त मुद्दामा बयान गर्दा प्रस्तुत मुद्दाका वादी अब्दुल हकले स.ज.३ मा वादी अब्दुल रसिद मेरो साइँलो भाइ हो, प्रतिवादी अब्दुल हमिद बाबु हुन् र पेटबोलीबाट बुझिएको सायरा बानु आमा हुन्। हामीहरूको आमा बाबुबाट जेठा म अब्दुल हक, माइला अब्दुल मजिद, साइँला अब्दुल रसिद, काइँला अब्दुल रहिम, कान्छा अब्दुल करिम र छोरी अमिना खातुनको जायजन्म भएको हो। परिवार संख्या ठूलो

भएपछि एकासगोलमा बस्न नसकी २०१६ साल श्रावण ३१ गते सगोलमा भएको श्रीसम्पत्ति छुट्ट्याई बस्ने सल्लाह भएअनुसार ५ कबलको २ वटा घरमा जम्मा १० कवलमध्ये मबाहेक ४ भाइलाई २ कवलका दरले र बाबुआमालाई १-१ कवल बन्डा गरेको हो । मैले मेरो बाबुतर्फको भाग नलिई कान्छा बाबुतर्फको भाग खानेगरी कान्छा बाबुसँग बस्न गएको हो । वादी २०१६।४।३१ मा छुट्टी आफ्नो भाग लिई बसेका हुन् भन्नेसमेत बेहोराको मिति २०३३।१।२० मा बयान गरेको देखिन्छ । त्यस्तै; सोही मितिमा उक्त मुद्दामा बुझिएको प्रस्तुत मुद्दाका प्रतिवादी अब्दुल करिमले बयान गर्दा सगोलमा बस्न नसकी जेठाबाहेक हामी ४ भाइलाई २-२ कवलका दरले र आमा बाबुलाई १-१ कवलका दरले भाग लगाई बसेका छौं । जेठा दाजु कान्छा बाबुको भाग खानेगरी कान्छा बाबुसँग बसेका छन् भन्ने बेहोराको बयान गरेको देखिन्छ ।

३. त्यस्तै; उक्त मुद्दामा बुझिएको प्रस्तुत मुद्दाका वादी प्रतिवादीकी आमा सायरा बानुले सोही मितिमा गरेको बयानमा प्रतिवादीमध्येका अब्दुल हमिद मियाँ मेरा पति, जेठा छोरा अब्दुल हक, माइला अब्दुल मजिद, साइँला अब्दुल रसिद, काइँला अब्दुल रहिम, कान्छा अब्दुल करिम र छोरी -१ समेत भएको, जेठाबाहेक ४ छोरालाई २ कवलका दरले र हामीलाई १-१ कवल छुट्ट्याई बेगल बसिआएका छौं । देबरपट्टि सन्तान नभएकाले जेठा छोरा देबरसँग बस्न गएको हो भन्नेसमेत बेहोराको बयान गरेको देखिन्छ । उक्त मुद्दामा पेटबोलीबाट देखिएका अंशियारमध्ये अब्दुल मजिद र अब्दुल रहिम म्यादमा उपस्थित नभई म्याद गुजारी बसेको देखिन्छ । उक्त मुद्दाकै फिराद लेखमा वादी अब्दुल रसिद मियाँले हाम्रा बाबु आमाबाट मसहित जम्मा ५ जना छोरा र १ छोरीको जायजन्म भएकोमा जेठा छोरा अब्दुल हक कान्छाबाबु कमर हुसेनको छोरा नभएकोले २००६ सालमै कमर हुसेनकै घरमा धर्मपुत्र भई बसेको र अरू हामी बाँकी सगोलमै थियौं भनी बेहोरा उल्लेख गरेको देखिन्छ भने उक्त मुद्दाका प्रतिवादी तथा प्रस्तुत मुद्दाका वादी प्रतिवादीका पिता अब्दुल हमिद मियाँले आफ्नो प्रतिउत्तर-पत्रमा मेरा जम्मा ५ छोराहरूमा जेठा अब्दुल हकलाई मेरा कान्छा भाइ कमर हुसेनले धर्मपुत्र राखेको र अन्य ४ छोराहरू, श्रीमती र मसमेतबिच बस्ने घरसमेत भाग लगाई छुट्याई सकेको भन्नेसमेत बेहोराको प्रतिउत्तर फिराएको देखिन्छ ।

४. उपर्युक्त पृष्ठभूमिमा २०३३ सालको उक्त अंश मुद्दामा रसुवा तथा नुवाकोट जिल्ला अदालतबाट मिति २०३३।८।१३ मा फैसला हुँदा तायदातीमा ७ अंशियार देखाए पनि अब्दुल हकले दाबी नलिएकाले निजबाहेक वादीसमेत ६ अंशियार देखिँदा तायदातीबाट देखिएको अचल घरजग्गा बिगो रू.३०,०००।- को सम्पत्तिबाट ६ भागको १ भाग बिगो रू.५,०००।- को श्रीसम्पत्ति वादीले अंश पाउने ठहर्छ भन्ने बेहोराको फैसला भएको देखिन्छ । उक्त फैसलाको तपसिल खण्डको देहाय ४ मा यो मुद्दाको राय फैसला दुवै पक्षलाई सुनाई यो इन्साफमा चित्त नबुझे आजका ३५ दिनभित्र श्री बागमती अञ्चल अदालतमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरूका वारेससमेत अब्दुल करिमलाई सुनाई निजहरूको अ.बं.१९३ नं. बमोजिम सुनिपाएको कागज निस्सा मिसिलसाथ राख्नु भन्ने बेहोरा उल्लेख रहेको देखिन्छ ।

५. उल्लिखित २०३३ सालको उक्त अंश मुद्दाको सन्दर्भमा प्रस्तुत मुद्दाका पुनरावेदक वादीले आफ्ना बाबुतर्फको अंशभाग परित्याग गरिसकेको हो होइन भन्ने सम्बन्धमा विचार गर्दा; प्रस्तुत मुद्दाका वादी अब्दुल हकका साइँला भाइ अब्दुल रसिद मियाँले पिता अब्दुल हमिम भन्ने अब्दुल हमिद मियाँउपर २०३३ सालमा उक्त अंश मुद्दा दिएपछि उक्त मुद्दामा अन्य अंशियारहरूलाई बुझ्ने क्रममा प्रस्तुत मुद्दाका यी वादी अब्दुल हक र प्रतिवादी अब्दुल करिमसहित यिनीहरूका अन्य भाइहरू र आमासहितका सबै

अंशियारहरूलाई बुझ्न रसुवा तथा नुवाकोट जिल्ला अदालतबाट म्याद जारी भई उक्त म्यादमा प्रस्तुत मुद्दाका वादी, प्रतिवादी र निजहरूकी आमा सायर बानुसमेतलाई जिल्ला अदालतले बुझेको देखिन्छ । साथै; यी वादीका अन्य दुई भाइहरू अब्दुल मजिद र अब्दुल रहिम भने म्यादमा उपस्थित नभई उक्त म्याद गुजारी बसेका देखिन्छन् । उक्त मुद्दामा वादीको फिराद बेहोरा, प्रतिवादीको प्रतिउत्तर बेहोरा र बुझिएको यी वादीकी आमा सायरा बानु र भाइ तथा प्रतिवादी अब्दुल करिमले बयान गर्दासमेत प्रस्तुत मुद्दाका वादी अब्दुल हकले लेखाएझैं निज अब्दुल हक आफ्ना माता पिताका ५ भाइ छोराहरूमध्ये जेठा छोरा भएको, निज आफ्ना निसन्तान काका कमर हुसेनको घरमा बस्ने गरेको, निजले काका कमर हुसेनकै अंश भाग एकलौटी पाउने हुँदा निजले आफ्ना पितातर्फको अंश भाग नलिने भएको भन्ने बेहोरा समानरूपमा उल्लेख गरेको देखिन्छ । उक्त बेहोरा यी वादी अब्दुल हक स्वयंले आफ्नो बयानमा स्वेच्छाले लेखाउनुका अतिरिक्त निजका बाबु, आमा र अन्य भाइहरूले पनि फिराद दाबी, प्रतिउत्तर जिकिर र आ-आफ्नो बयानमा उल्लेख गरेबाट उक्त बेहोरामा सबै अंशियारहरूबिच मुख मिलेकै देखिएकाले सोही आधारमा उक्त अंश मुद्दामा यी वादी अब्दुल हकसमेतका जम्मा ७ अंशियार रहे तापनि अब्दुल हकले निजको अंश भाग परित्याग गरेबाट निजबाहेकका हुने बाँकी ६ अंशियार कायम गर्दै उक्त ६ अंशियारहरूबिच मात्र सगोलको सम्पत्ति बन्डा गर्नुपर्ने देखिई ती ६ अंशियारमध्ये वादी दाबीबमोजिम ६ भागको १ भाग वादीको भाग अंश वादीले पाउने ठहर्‍याई फैसला भएको थियो ।

६. उपर्युक्त घटनाक्रमले २०३३ सालमा प्रस्तुत मुद्दाका वादी अब्दुल हकका साइँला भाइ अब्दुल रसिद मियाँ र निजसमेतका बाबु अब्दुल हमिद मियाँबिच चलेको अंश मुद्दाकै सन्दर्भमा उक्त सम्पत्तिको अंशियारको रूपमा यी वादीलाई समेत अदालतले बुझेको, सो क्रममा बयान गर्दा यी वादीले आफूले आफ्ना बाबुतर्फको अंशभाग नलिई कान्छा बाबु (काका) को भाग खाने गरी कान्छा बाबुसँगै बस्न गएको भन्ने बेहोरा आफ्नो राजीखुशीले लेखाउँदै स्वेच्छाले आफ्नो बाबुतर्फको अंशहक परित्याग गरेको देखिन्छ । यदि उक्त बखत यी वादीले त्यसो नभनेका भए निजले समेत आफ्ना बाबुतर्फको अंशभाग पाउने नै थिए । तर निजले त्यसबखत आफ्नो अंशभाग नलिने भनी परित्याग गरेकाले नै जिल्ला अदालतबाट ७ अंशभागलाई छोट्याई ६ अंशभाग मात्र कायम गरिएको देखिन्छ । त्यसपछि पनि उक्त मुद्दामा सो फैसलाउपर निजको चित्त नबुझेको भए निजले तोकिएको म्यादभित्रै बागमती अञ्चल अदालतमा पुनरावेदन गर्न सक्नेमा निजले सो अधिकारको उपभोग नगरेबाट तत्काल यी वादी अब्दुल हकले तत्कालीन जिल्ला अदालतको उक्त फैसलामा चित्त बुझाई बसेको देखिन्छ । यस स्थितिमा पुनरावेदक वादी अब्दुल हकले आफ्ना बाबुतर्फको अंशभाग परित्याग गरिसकेको देखियो ।

७. जहाँसम्म अंश छोडपत्रको विधिवत् लिखतद्वारा मात्र अंशहक परित्याग गर्न पाइन्छ, अन्यथा लिखतको अभावमा अंशहक परित्याग गरेको सम्झन मिल्दैन भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर छ, सो सम्बन्धमा विचार गर्दा; हाम्रो प्रचलित कानूनी व्यवस्थानुसार अंशियारहरूबिच अंशभाग पाउन वा छोड्नको लागि दुईवटा विधि निर्धारण भएको पाइन्छ । पहिलो; अंशियारहरू आफैँले राजीखुशीका साथ अंशबन्डाको लिखत तयार गरी कानूनबमोजिम रजिस्ट्रेसन गराई र दोस्रो; अदालतमा मुद्दा परी अदालतको फैसला वा मिलापत्रको माध्यमद्वारा । उपर्युक्त २०३३ सालमा चलेको अंश मुद्दाको सन्दर्भमा विचार गरी हेर्दा प्रस्तुत मुद्दाका वादी अब्दुल हकले दोस्रो विधि अर्थात् अदालतमा मुद्दा परी रसुवा तथा नुवाकोट जिल्ला अदालतको मिति २०३३।८।१३ को फैसलाको आधारमा आफ्नो बाबुतर्फको अंशहक

परित्याग गरेको देखियो ।

८. कुनै पनि अंशियारले आफ्नो अंशहक पारित लिखतद्वारा नै परित्याग गर्नुपर्छ भन्ने छैन । अंशियारले अंश मुद्दाको रोहमा अदालतमा पेस गरेको कुनै पनि कागजलाई स्वीकार गरेको अवस्थामा वा अंशियार स्वयं अंश मुद्दाको कारबाहीमा अदालतमा उपस्थित भई आफूले आफ्नो अंशभाग आफ्ना आमा बाबु वा अन्य अंशियारबाट लिन नपर्ने भनी अदालतसमक्षको बयान कागजमा स्वीकारेको अवस्थामा पनि अंशियारले आफ्ना आमाबाबुको तर्फबाट पाउनुपर्ने अंशभाग परित्याग गरेको मानिन्छ । प्रस्तुत मुद्दाका वादीले आफ्नो घरतर्फका बाबु आमाबाट पाउनुपर्ने अंशभाग परित्याग गरेपनि निज निरअंशी रहे भएको देखिन आउँदैन । वादी २००६ सालदेखि नै आफ्नो घर र बाबु आमाबाट पाउने अंशभाग त्यागी निसन्तान काका कमर हुसेनसँग नै बस्दै आएको, आफूले उतै काकातर्फबाट नै अंशबापत सम्पत्ति पाउने हुँदा यता आफ्नो घर र बाबु आमाबाट पाउने अंशभाग त्यागेको तथ्य २०३३ सालमा वादी अब्दुल रसिद मियाँ र प्रतिवादी अब्दुल हमिम भन्ने अब्दुल हमिद मियाँ भई चलेको दे.मि. नं. ५२/१७७ को अंश मुद्दामा पेटबोलीका व्यक्तिको रूपमा झिकाइएका प्रस्तुत मुद्दाका वादी अब्दुल हकले रसुवा तथा नुवाकोट जिल्ला अदालतमा गरेको बयान कागजबाट देखिँदा र निज निरअंशी भएकोसमेत नदेखिँदा अहिले आएर आफ्नै घर र बाबु आमातर्फबाट अंश पाउँ भन्ने वादी दाबी वादीकै आचरण विरूद्ध हुनुको साथै कानूनसम्मत समेत मान्न मिलेन । तसर्थ पारित लिखतको अभावमा वादीले आफ्ना बाबुतर्फको अंशहक परित्याग गरेको सम्झन मिल्दैन भन्नेसमेतको पुनरावेदक वादी र निजतर्फका विद्वान् अधिवक्ताको जिकिर मिसिलको तथ्य तथा प्रचलित कानूनसम्मत समेत देखिएन ।

९. अब, पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादीबाट वादी दाबीबमोजिम अंशभाग पाउने हो होइन भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा; पुनरावेदक वादी अब्दुल हक र प्रत्यर्थी प्रतिवादी अब्दुल करिम एउटै मातापिताबाट जन्मेका सहोदर दाजुभाइ नाताका व्यक्ति रहेपनि उल्लिखित २०३३ सालको दे.मि. नं.५२/१७७ को अंश मुद्दामा रसुवा तथा नुवाकोट जिल्ला अदालतको मिति २०३३।८।१३ को फैसलाअनुसार निजहरू भिन्न भइसकेका दाजुभाइ रहेको र उक्त दे.मि.नं.५२/१७७ को फैसलाबाट प्रस्तुत मुद्दाका वादी अब्दुल हकले उक्त २०३३ सालको अंश मुद्दाको रोहमा आफ्ना बाबुतर्फको अंशहक यी प्रत्यर्थी प्रतिवादीसमेतका अंशियारलाई परित्याग गरिसकेको भन्ने देखिएबाट एकपटक अंश परित्याग गरिसकेको व्यक्तिले पुनः उही अंशियारहरूबाट अंशहक माग गर्न र प्राप्त गर्न नमिल्ने भएकाले पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादीबाट दाबीबमोजिम अंशभाग पाउन नसक्ने नै देखियो ।

१०. साथै, यसरी एकपटक साधिकार निकायसमक्ष अंश मुद्दा परी उक्त मुद्दामा यी वादी अब्दुल हकको उपस्थितिसमेतमा निजकै इच्छा र चाहनाअनुसारको फैसला भई सोउपर निजको पुनरावेदनसमेत नपरी उक्त फैसला अन्तिम भइरहेकोमा सोही विषयवस्तुमा यी वादीले प्रतिवादी भाइ अब्दुल करिमउपर पुनः अंश मुद्दा दिएकोमा वादीको फिराद मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८५ नं. को कानूनी व्यवस्था प्रतिकूल अर्थात् प्राङ्न्यायको सिद्धान्त प्रतिकूल रहेको देखिएबाट यस्तो फिराद दाबीअनुसार वादीले प्रतिवादीबाट अंशभाग पाउन नसक्ने नै देखियो ।

११. अब, पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको छ छैन भन्ने तेस्रो प्रश्नतर्फ विचार गर्दा; यसअघिका प्रकरणहरूमा भएको विश्लेषणको आधारमा प्रतिवादीबाट २ भागको १

भाग अंश पाउँ भन्नेसमेतको वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आयो ।

१२. अब, पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन भन्ने चौथो प्रश्नतर्फ विचार गर्दा; माथि यसअघिका प्रकरणहरूमा भएको विश्लेषणको आधारमा यी पुनरावेदक वादी अब्दुल हकले आफ्ना भाइ र बाबुबिच चलेको २०३३ सालको दे.मि.नं.५२/१७७ को अंश मुद्दाको सिलसिलामा आफ्ना बाबुतर्फको अंशभाग परित्याग गरिसकेको देखिएको र सोही विषयमा पुनः प्रस्तुत अंश मुद्दा आफ्ना कान्छा भाइ प्रतिवादी अब्दुल करिमउपर दिएको देखिएकोले २०३३ सालको उक्त अंश मुद्दाबाट निरूपण भई अन्तिम भइसकेको विषयवस्तुमा पुनः अर्को मुद्दा दिन मुलुकी ऐन, अ.बं.८५ नं. समेतले नमिल्ने देखिँदा प्रतिवादी अब्दुल करिमको नाम दर्ताको सम्पत्तिबाट २ भागको १ भाग अंश दिलाई पाउँ भन्ने वादी दाबी पुग्ने ठहऱ्याएको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०७०।९।१४ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आयो । तसर्थ; वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला उल्टी गरी सुरू फिराद दाबीबमोजिम २ भागको १ भाग अंश दिलाई पाउँ भन्नेसमेतको पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन ।

१३. अतः उपर्युक्त आधार, कारण र प्रमाणहरूबाट प्रस्तुत मुद्दामा प्रतिवादीबाट २ भागको १ भाग अंश दिलाइ पाउँ भन्ने वादी दाबी पुग्न सक्ने ठहऱ्याएको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०७०।९।१४ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।३।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । फैसलाको जानकारी दुवै पक्षलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. दीपकराज जोशी

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय
इति संवत् २०७५ साल मंसिर ४ गते रोज ३ शुभम् ।

## निर्णय नं. १०२३७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
आदेश मिति : २०७५।४।१३
०७४-WO-०५५६

विषयः परमादेश

निवेदक : जिल्ला रूपन्देही बुटवल उप.म.न.पा. वडा नं. ७ दिपनगर बस्ने नित्यानन्द पाण्डे

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **वृद्धवृद्धा वर्तमान पुस्ताको लागि बोझ नभई एउटा महत्त्वपूर्ण सम्पत्ति पनि हुने**

**भएकोले यस्ता ज्येष्ठ नागरिकको संरक्षण गर्ने दायित्व वर्तमान पुस्ताको हुने ।**

(प्रकरण नं.५)

- **वृद्धवृद्धाहरू आफ्नो जीवनयापन आफैँले गर्न नसक्ने भएर दया देखाएको नभई उनीहरूले विगतमा देश, समाज एवं वर्तमान पुस्ताका लागि गरेको योगदान र वर्तमान पुस्ताको जीवनयापनमा यिनीहरूको महत्त्वलाई गरिएको सम्मान हो र निजहरू यस्ता सम्मानका हकदार हुने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट :

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री किरण पौडेल, विद्वान् अधिवक्ता श्री छविलाल घिमिरे

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३

आदेश

**न्या. ओमप्रकाश मिश्र** : नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) बमोजिम दायर भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

**तथ्य खण्ड**

**रिट निवेदनको संक्षिप्त व्यहोरा :**

म निवेदक ७९ वर्षीय नेपाली ज्येष्ठ नागरिक हुँ । विभिन्न देशहरूमा आफ्ना नागरिकलाई विभिन्न किसिमका सामाजिक सुरक्षासहितको सेवा तथा सुविधाहरू प्रदान गर्ने गरिएको पाइन्छ । नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनी मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। ज्येष्ठ नागरिकहरूको हक अधिकार सम्बन्धमा बनेको ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले ज्येष्ठ नागरिकको संरक्षक र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने विधायिकी मनसाय देखिन्छ तर ऐन बनेको लामो समय भए तापनि ऐनको प्रस्तावनामा उल्लिखित विधायिकी मनसायबमोजिम ऐन कार्यान्वयनको बाटोमा भने निरासाजनक अवस्था रहेको छ ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९ मा सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नुपर्ने र निजलाई यात्रु भाडादरमा पचास प्रतिशत छुट दिनु पर्ने व्यवस्था रहेको छ । सोही ऐनको कार्यान्वयनको लागि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिति २०७० साल असोज १ गतेदेखि लागू हुने गरी सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट वा सुविधा दिनेसम्बन्धी कार्यविधि, २०७० जारी गरी लागू गरेको छ । त्यसैगरी स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले नेपाल सरकारले तोकेको संख्याका ज्येष्ठ नागरिकहरूले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्ने कानूनी व्यवस्था गरेको छ । म निवेदकले ज्येष्ठ नागरिकको लागि राज्यद्वारा प्रत्याभूत ज्येष्ठ नागरिक अधिकारहरूमध्ये सार्वजनिक सवारी साधन तथा स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरूमा छुट सुविधाको लागि माग गर्दा छुट सुविधा पाउन नसकेको मात्र नभई सार्वजनिक सवारी साधनको सञ्चालक कर्मचारी एवं सार्वजनिक सवारी साधन सञ्चालन गर्ने व्यावसायिक संस्थाका पदाधिकारी एवं प्रतिनिधिहरूबाट दुर्व्यवहार, यातना, कुटपिट, बेहोर्नु परेको अवस्था छ । ज्येष्ठ नागरिकहरूले सार्वजनिक सवारी साधनमा यात्रा गर्दा र स्वास्थ्य सेवा लिँदा तोकिएबमोजिमको छुट सुविधा प्राप्त गर्ने हकको कार्यान्वयनको लागि नेपालको

संविधानले सार्वजनिक सरोकार निहित प्रस्तुत गर्ने हकको कार्यान्वयनको लागि नेपालको संविधानले सार्वजनिक सरोकार निहित प्रस्तुत विषयमा उपचार खोज्न मलाई हकदैया छ।

सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिनेसम्बन्धी कार्यविधि २०७० को दफा ३(१) मा सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ६० वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिकलाई कम्तीमा २ वटा सिट सुरक्षित गर्नुपर्ने र उपदफा (२) मा सुरक्षित गरिएको सिटमा यात्रा गर्ने कम्तीमा २ जना ज्येष्ठ नागरिकलाई सम्बन्धित सवारी धनी वा सञ्चालकले यात्रु भाडादरमा पचास प्रतिशत छुट दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ८ मा छुट र सुविधा दिने दायित्व सम्बन्धित सवारी धनी वा सञ्चालकको हुनेछ भन्ने व्यवस्था उल्लिखित छ । सोबमोजिम सवारी धनी वा सञ्चालक वा सञ्चालक संस्थाहरूले आफ्नो साधनमा देखाउनको लागि मात्र २ सिट ज्येष्ठ नागरिक आरक्षित भनी लेखे तापनि उक्त सिटमा हामी ज्येष्ठ नागरिकले ५० प्रतिशत छुट त परै जावस् बस्नसमेत पाउने अवस्था छैन।

म निवेदक मिति २०७३।९।२० मा दिन अर्घाखाँचीको चिदिकाबाट लु. १ख ५९५६ नं.को सार्वजनिक बसमा चढी बुटवल आउँदा तोकिएको बस भाडा रू. ३३०/- को पचास प्रतिशत कटाई बाँकी रहेको रू. १६५/- सो बसका कन्डक्टरलाई दिँदा निजले लिन नमानेपछि वादविवाद भएको थियो। सो विवाद जिल्ला प्रशासन कार्यालय रूपन्देहीसम्म पुगेको थियो। यस्तै विवाद म निवेदक मिति २०७४।३।१२ मा बुटवलबाट अर्घाखाँचीको सन्धिखर्कसम्म जाँदा र मिति २०७४।२।१७ मा अर्घाखाँचीको फुदवाङबाट रूपन्देहीको बाँसगढीसम्म जाँदासमेत भएको थियो । उक्त यात्राहरूको क्रममा भएको दुर्व्यवहार विरूद्ध जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा उजुरी गर्दासमेत केही कारबाही भएको छैन। त्यस्तै म निवेदक जस्तै ज्येष्ठ नागरिकहरू लुम्बिनी अञ्चल अस्पतालमा उपचार गराउन जाँदासमेत सो अस्पतालबाट ज्येष्ठ नागरिकले पाउनु पर्ने सुविधाहरू नपाएको हुँदा पछि ज्येष्ठ नागरिक महासंघले पत्र लेखेको थियो।

राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय बुटवलबाट पश्चिम नेपाल बस व्यवसायी समिति बुटवल र बुटवल यातायात व्यवसायी समिति बुटवल, देउराली यातायात व्यवसायी संघ अर्घाखाँची, गुल्मी यातायात व्यवसायी संघ गुल्मी, श्रीनगर यातायात व्यवसायी समितिलाई चौथो पटक ताकेता गरेको हुँदासमेत विपक्षीहरूले छुट सुविधा नदिएको पुष्टि भएको छ। उपयुक्त विपक्षीहरूमध्ये विपक्षी नं. १, २, ३, ४, ५, ६, ७ र ८ ज्येष्ठ नागरिकको हक अधिकारको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने, ध्यानाकर्षण गराउने, निर्देशन दिने, कार्यान्वयन गर्ने गराउने र विधि एवं कानूनबमोजिम नभएमा कारबाही गर्ने निकायहरू भएकोमा सोअनुसार केही नगरी विपक्षी नं.९,१० र ११ का कार्य तथा व्यवहारहरूको पक्षपोषण गरेको हुँदा उक्त विपक्षीहरूको नाममा नेपालको संविधान, ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ र सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिनेसम्बन्धी कार्यविधि, २०७० ले निर्दिष्ट गरेको काम, कर्तव्य र अधिकार अक्षरश: पालना गर्नु गराउनु भनी निर्देशनात्मक परमादेशको आदेश जारी पाऊँ। विपक्षी नं. ९ म निवेदक बसोबास गर्ने क्षेत्रको सबैभन्दा ठूलो स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी संस्था भए तापनि उक्त संस्थाले ज्येष्ठ नागरिकको उपचारमा तोकिएबमोजिमको छुट सुविधा उपलब्ध नगराएको हुँदा ज्येष्ठ नागरिकको स्वास्थ्य सेवामा तोकिएबमोजिमको छुट सुविधा सहज रूपमा उपलब्ध गराउनु भनी निर्देशनात्मक परमादेशको आदेश जारी गरिपाऊँ। विपक्षी नं. १० र ११ सार्वजनिक सवारी सञ्चालक संस्थाहरू भएको हुँदा आफू मातहत सञ्चालित सम्पूर्ण

सवारी साधनहरूमा अनिवार्य रूपमा ज्येष्ठ नागरिकको लागि सिट सुरक्षित गरी छुट सुविधा उपलब्ध गराउनु र ज्येष्ठ नागरिकलगायत सबै यात्रुहरूलाई सवारी साधनमा यात्रा गर्दा गराउँदा अपमान, दुर्व्यवहार नगर्नु, यात्रुलाई अनिवार्य रूपमा टिकट दिएर मात्र यात्रा गराउनु, आफू मातहतका यातायात व्यवसायी, सञ्चालक, कर्मचारीहरूको लागि आफ्नो सवारी साधनमा यात्रा गर्ने यात्रुहरूमाथि गरिने दुव्यर्वहार, जोर जबरजस्ती नगर्नु एवं तोकिएको सिट क्षमताबमोजिम मात्र यात्रुहरू ओसारपसारको आवश्यक व्यवस्थापन गर्नु गराउनु भनी परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको नित्यानन्द पाण्डेको यस अदालतमा परेको रिट निवेदन।

**यस अदालतबाट भएको कारण देखाउ आदेशः-**

यसमा निवेदकको मागबमोजिमको आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नू। अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा निवेदकले ज्येष्ठ नागरिक ऐनअन्तर्गत सुविधाको लागि बारम्बार प्रयास पनि गरेको र बारम्बार दुर्व्यवहार, शारीरिक मानसिक अपमान पनि सहनु परेको प्रमाणसमेत पेस गरेको देखिन्छ। साथै निवेदकको ज्येष्ठ नागरिकको परिचयपत्रबाट निज ७७ वर्ष पूरा भइसकेको देखिएकोसमेतबाट यी निवेदकको हकमा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म बिना भेदभाव स्वास्थ्य उपचार एवं सार्वजनिक सवारी साधनमा सिट तथा कानूनबमोजिम पाउने न्यूनतम ५० प्रतिशत छुटको सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जानकारी विपक्षीहरूलाई दिनु भन्नेसमेत बेहोराको यस अदालतबाट जारी भएको आदेश।

**महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको लिखित जवाफः**

महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलगायत सामाजिक सुरक्षा यस मन्त्रालयको ऐन नियमद्वारा प्रदान गरिएको कार्यक्षेत्रसम्बन्धी विषय रहेको छ। आफ्नो क्षेत्राधिकारसम्बन्धी विषयमा नीति, ऐन कानून, मापदण्ड निर्माण तथा नियमनमार्फत नागरिकको कानून प्रदत्त अधिकार संरक्षणको लागि सदैव यस मन्त्रालयले कार्य गरी आएको छ। नीति तथा कानूनको निर्माण गरी ज्येष्ठ नागरिकको अधिकारको संरक्षणप्रति यस मन्त्रालय सदैव क्रियाशील रहेको छ। मन्त्रालयको के कुन कार्यले निवेदकको अधिकारको हनन भएको हो सो विषयमा कुनै उल्लेख गर्न सकेका छैनन्। यस मन्त्रालयद्वारा यातायात व्यवसायी तथा अन्य सम्बद्ध अधिकारीसँग छलफल गरी भएको निर्णयबमोजिम ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९ मा उल्लिखित ज्येष्ठ नागरिकलाई सार्वजनिक सेवामा सहज पहुँचको लागि उपयुक्त व्यवस्था तथा सार्वजनिक सवारी साधनमा छुट दिनेसम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय तथा विभागमा पत्राचारसमेत गरिएको छ। यससम्बन्धी व्यवस्था कार्यान्वयनको सन्दर्भमा मन्त्रालय र ज्येष्ठ नागरिक महासंघबाट पनि समय समयमा अनुगमनको व्यवस्था गरिएको छ। मन्त्रालयले आफ्ना क्षेत्राधिकारका विषयमा कानूनद्वारा निर्दिष्ट जिम्मेवारीलाई उच्च प्राथमिकताका साथ सम्पादन गरेको सन्दर्भमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफः**

रिट निवेदकले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको के कस्तो काम, कारबाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो ? सो सम्बन्धमा स्पष्ट रूपमा उल्लेखसम्म गर्न सकेको देखिँदैन । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९ को उपदफा (१) मा सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग प्रदान गर्नु नगराउनु सबैको कर्तव्य हुनेछ भन्ने व्यवस्था रहेको छ । सोही दफाको उपदफा (२) मा नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नुपर्नेछ र निजलाई यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनुपर्नेछ भन्ने व्यवस्था रहेको छ । यसैगरी सोही दफाको उपदफा (४) मा नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले नेपाल सरकारले तोकेको संस्थाका ज्येष्ठ नागरिकले त्यस संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनुपर्ने उक्त कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाको कार्यान्वयन गर्न नेपाल सरकार र सम्बन्धित निकायहरू क्रियाशील रहेका छन् । जहाँसम्म निवेदकले ऐनमा व्यवस्था भएबमोजिमका सुविधाको कार्यान्वयन नभएको भन्ने विषय छ, सो सम्बन्धमा सम्बन्धित निकायको लिखित जवाफबाट प्रस्ट हुने नै हुँदा प्रस्तुत लिखित जवाफमा थप उल्लेख गरिरहनु परेन, तसर्थ रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ ।

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफः**

नेपालको संविधानको धारा ४१ ले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था गरेको र धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने व्यवस्था गरेको सन्दर्भमा यथासम्भव निःशुल्क, सस्तो तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि नेपाल सरकार प्रत्यनशील छ । विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका (संशोधनसहित), २०७१ तथा नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (दोस्रो संशोधनसहित) कार्यविधि, २०६८ मा उल्लिखित मुटु, मृगौला क्यान्सर पार्किन्सन्स, अल्जाइमर, स्पाइनल इन्जुरी हेड इन्जुरी, कलेजो, अप्लाष्टिक एनिमिया, थालिसिमिया, मस्तिष्कघात, सिकलसेल एनिमियाजस्ता कडा रोगको उपचारका लागि आर्थिक सहयोग दिनुका साथै कतिपय अवस्थामा निःशुल्क सेवा प्रदान गरेको अवस्था छ । नेपाल सरकारको स्रोत साधनले भ्याएसम्म आधारभूत स्वस्थ्य सेवा निःशुल्क प्रदान गर्नेतर्फ थप प्रयास गरिनेछ । यस मन्त्रालयको कुनै कामकारबाहीले निवेदकको संविधानको धारा ३५ तथा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९ ले प्रदत्त हकमा आघात परेको छैन । यस स्थितिमा निवेदन दाबीबमोजिम आदेश जारी गरिरहनु पर्ने कानूनी तथा तथ्यगत आधार र आवश्यकता नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ ।

**पश्चिम नेपाल बस व्यवसायी संघ बुटवलको लिखित जवाफः**

नेपालको संविधानको धारा ४१ तथा ज्येष्ठ

नागरिकसम्बन्धी ऐन, २०६३ ले प्रदत्त अधिकारमा यस संस्थाले विपक्षी ज्येष्ठ नागरिकलाई कुनै अवरोध गरेको छैन । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९ मा सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नुपर्ने र ज्येष्ठ नागरिकलाई यात्रु भाडादरमा पचास प्रतिशत छुट दिनुपर्ने व्यवस्था रहेको र ऐनको कार्यान्वयनको लागि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिति २०७० साल असोज १ गतेदेखि लागू हुने गरी सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिनेसम्बन्धी कार्यविधि, २०७० जारी गरी लागू गरेअनुसार यस संस्थाले समेत उक्त ऐन, नियम पालना गर्दै आएको मिति २०७४।४।१६ मा यातायात व्यवस्था कार्यालय बुटवल, रूपन्देहीले आरक्षण कार्यान्वयन गराउनको लागि यस पश्चिम नेपाल बस व्यवसायी समिति बुटवलसमेतलाई दिइएको निर्देशन यस संघको तर्फबाट पालना गर्दै आएको छ । विभिन्न सम्बन्धित निकायहरूबाट ज्येष्ठ नागरिक सम्बन्धमा सार्वजनिक सवारी साधनमा गरिएका निर्देशनहरूअनुसार मिति २०७४।४।८ मा च.नं. ८१ द्वारा यस संघ मातहत सञ्चालनमा रहेको सवारी साधनहरूले ५० प्रतिशत भाडा लिई यात्रा गराउनु हुन भनी मातहतका कार्यालयहरूलाई पत्राचार गरी कार्यान्वयन गरिएको छ । मिति २०७४।४।२ मा च.नं. २३ को पत्रमार्फत विषय वृद्धवृद्धा यातायात सुविधा सम्बन्धमा उल्लेख गरी नेपाल सरकारद्वारा व्यवस्था गरिएको सेवा तथा सुविधा कार्यान्वयन गरी गाडी सञ्चालन गर्नु गराउनु भनी शाखा कार्यालयका प्रमुखहरूलाई निर्देशन गरिएको छ । मिति २०७४।४।१७ च.नं. १८५ ले विषय ज्येष्ठ नागरिक आरक्षण सिट सम्बन्धमा उल्लेख गरी यस संघका शाखा प्रमुख / शाखा निरीक्षकहरूलाई ज्येष्ठ नागरिकहरूलाई आरक्षण सिट उपलब्ध नभएको भन्ने गुनासो प्राप्त हुन आएकोमा यस संघ मातहत सञ्चालनमा रहेका सम्पूर्ण सवारी साधनहरूमा २ वटा सिट ज्येष्ठ नागरिक सिट सुरक्षित राखी पूर्ण कार्यान्वयन गर्न गराउनु हुन निर्देश गरिन्छ भनी पत्राचार गरिएको छ । मिति २०७४।७।८ को च.नं. ६९१ ले राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय रूपन्देही बुटवलमा ज्येष्ठ नागरिकको लागि सार्वजनिक सवारी साधनमा २ वटा सिट आरक्षण र ५० प्रतिशत भाडा मात्र लिने भनी निर्देशन गरी पत्राचार गरिएको हुँदा विपक्षी रिट निवेदकले कार्यान्वयन भएको विषयलाई कार्यान्वयन नभएको भनी दुःख हैरानी दिने नियतले यस संघलाई समेत विपक्षी बनाई रिट निवेदन दायर गर्नु भएको हो । ज्येष्ठ नागरिकहरूलाई यस संस्थाको मातहतमा रही सञ्चालन हुने सार्वजनिक यातायातका सार्वजनिक सवारी साधनमा संविधान, ज्येष्ठ नागरिक ऐन, २०६३ समेतले प्रदान गरेका आरक्षण तथा भाडामा ५० प्रतिशत छुट दिई यात्रा गराउने व्यवस्थालाई कार्यान्वयन गराई रहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको पश्चिम नेपाल बस व्यवसायी संघ बुटवलको तर्फबाट पेस भएको लिखित जवाफ ।

**गृह मन्त्रालयको लिखित जवाफः**

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने उद्देश्यका लागि ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ जारी भई कार्यान्वयनमा रहेको छ । उल्लिखित ऐनको व्यवस्था कार्यान्वयन गर्ने कार्यमा गृह मन्त्रालय सदा कटिबद्ध र क्रियाशील रहँदै आएको छ । यस मन्त्रालयलाई विपक्षी बनाउने ठोस एवं वस्तुनिष्ठ आधार र कारण रिट निवेदकले देखाउन नसकेको हुँदा प्रस्तुत रिट निवेदन गृह मन्त्रालयको हकमा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको गृह मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ ।

**यातायात व्यवस्था विभागको लिखित जवाफः**

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९ मा सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकको लागि कम्तीमा २ वटा सिट सुरक्षित राख्नुपर्ने र निजलाई यात्रु भाडादरमा ५०% छुट दिनुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको कार्यान्वयनको लागि नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिति २०७० साल असोज १ गतेदेखि लागू हुने गरी ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारी साधनमा छुट सुविधा दिने कानूनी व्यवस्था गरेको छ । ज्येष्ठ नागरिकलाई कानूनबमोजिम प्राप्त हुने छुट सुविधा दिलाउने कार्यमा विभाग प्रतिबद्ध रहेको छ । यस विभागबाट समय समयमा गरिने अनुगमनका अवस्थामा ज्येष्ठ नागरिकको हकमा छुट सुविधा नदिने सार्वजनिक सवारी साधनहरूलाई कारबाहीको दायरामा समेत ल्याउने गरिएको छ । यसरी कानूनमा भएको व्यवस्था कार्यान्वयनका लागि अदालतबाट छुट्टै आदेश जारी भइरहनु पर्ने अवस्था होइन प्रस्तुत रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको यातायात व्यवस्था विभागको तर्फबाट पेस भएको लिखित जवाफ ।

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लिखित जवाफः**

नेपालको संविधानको भाग ३ मा उल्लिखित मौलिक हक र कर्तव्यको कार्यान्वयन गर्ने राज्यको दायित्व हो । विद्यमान ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९(२) मा सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नुपर्ने कानूनी प्रावधान रहेको छ । विधायिका निर्मित उक्त कानूनी व्यवस्था कार्यान्वयन गर्नका लागि यस मन्त्रालयबाट सार्वजनिक सवारी साधन ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिनेसम्बन्धी कार्यविधि, २०७० बनाई मिति २०७० असोज १ गतेदेखि लागू गरिसकिएको छ । उक्त कार्यविधिअनुसार सार्वजनिक सवारी धनी वा सञ्चालकको ज्येष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सिट सुरक्षित राखी भाडादरमा पचास प्रतिशत छुट दिने व्यवस्था मिलाउनु पर्ने विषयमा रिट निवेदकले विना कारण, आधार र प्रमाण यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन औचित्यपूर्ण (Reasonableness) नदेखिएकोले खारेज गरिपाउँ भन्नेसमेत बेहोराको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ ।

**इलाका प्रहरी कार्यालय बुटवलको लिखित जवाफः**

यसमा लु. १ ख ६१४१ नं. को बसका स्टाफहरूले ज्येष्ठ नागरिकले पाउने भाडा सुविधा नदिएको र लु. २ख ३८५ नं. को बसका स्टाफहरूले पनि छुट सुविधाको कुरा गर्दा छुट कन्सेक्सन कुरा जहाँबाट कागज बनाएको हो त्यहीँ गई माग गरे भनी गलत्याउने गरेको हुँदा निजहरूलाई कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन जिल्ला प्रशासन कार्यालयको च.नं. १२५०१ मिति २०७४।२।२८ को पत्रसाथ यस कार्यालयमा प्राप्त भएको हुँदा उल्लिखित नं. का बस चालक तथा सहचालकसमेतलाई यस कार्यालयमा उपस्थित गराई ज्येष्ठ नागरिक महासंघका ५ नं. प्रदेशका अध्यक्ष र रूपन्देही जिल्ला अध्यक्ष बेनबहादुर पौडेल क्षेत्री र ज्येष्ठ नागरिक महासंघ ५ नं. प्रदेश सचिव लोकनाथ पाण्डेसमेतको रोहबरमा मेलमिलाप गराई ज्येष्ठ नागरिकले पाउनु पर्ने सेवा सुविधाहरू दिने भन्ने सम्बन्धमा पत्राचार गर्ने भन्नेसमेत बेहोराको मिलापत्र गरी पठाइएको हो । संविधान र कानूनले दिएको सेवा सुविधाको सम्बन्धमा यस कार्यालयबाट तथा अन्य सरोकारवाला निकाय संघ संस्थासँग समन्वय गरी पहल गरिएको हुँदा यस कार्यालयको हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको इलाका प्रहरी कार्यालय बुटवलको

तर्फबाट पेस भएको लिखित जवाफ।

**यस अदालतको ठहर**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न सम्पूर्ण कागज अध्ययन गरियो । विपक्षी सरकारी निकायहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री किरण पौडेलले नेपालको संविधान तथा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ तथा सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिनेसम्बन्धी कार्यविधि, २०७० समेतले प्रत्याभूत गरेको ज्येष्ठ नागरिकहरूको हकको प्रचलनको लागि नेपाल सरकारका सबै सरोकारवाला निकायले कानूनबमोजिमको आफ्नो दायित्व पूरा गर्दै आएका छन् र ज्येष्ठ नागरिकहरूको अधिकार प्रचलनको लागि आवश्यक कानून बनाउनेदेखि लिएर बजेटमार्फत विभिन्न कार्यक्रमहरूसमेत घोषणा गरेको र कार्यान्वयनको अवस्थामा समेत रहेकोले रिट निवेदनमा उल्लेख भएबमोजिम निवेदकको हक अधिकारमा आघात पर्ने कुनै पनि कार्य विपक्षी बनाइएका कुनै पनि सरकारी कार्यालयबाट नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज होस् भनी बहस प्रस्तुत गर्नुभयो।

पश्चिम नेपाल बस व्यवसायी समिति बुटवलको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री छविलाल घिमिरेले नेपालको संविधान तथा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले प्रत्याभूत गरेको निवेदकको कुनै पनि हक अधिकार प्रचलनमा बस व्यवसायी समितिले कुनै किसिमको बाधा अवरोध गरेको छैन । सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिनेसम्बन्धी कार्यविधि, २०७० जारी भएपश्चात् सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकको लागि २ वटा सिट छुट्ट्याइएको छ भने भाडामा पचास प्रतिशत छुट पनि दिइने गरिएको छ । निवेदकसँग विवाद भएका सवारी साधनका कर्मचारीहरूसँग मेलमिलाप पनि गराएको हुँदा निजले भने अनुसारको अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा म निवेदक ज्येष्ठ नागरिक भएको र विपक्षीहरूले नेपालको संविधान र ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले प्रत्याभूत गरेको अधिकार प्रचलनमा बाधा अवरोध गरी सार्वजनिक सवारी साधनमा दुर्व्यवहार गरेको ज्येष्ठ नागरिकहरूले पाउनुपर्ने आरक्षित सिट उपलब्ध नगराएको भाडादरमा ज्येष्ठ नागरिकलाई छुट नदिएकोले ज्येष्ठ नागरिकको लागि आरक्षित सिट उपलब्ध गराउनु भाडादरमा कानूनबमोजिमको छुट दिन विपक्षीहरूको नाममा परमादेश जारी हुनुपर्दछ भनी मुख्य निवेदन माग दाबी रहेको देखिन्छ भने कानूनले प्रत्याभूत गरेको ज्येष्ठ नागरिकहरूको हकबाट यी निवेदकलाई वञ्चित गर्ने गरी कुनै काम नगरिएको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी विपक्षीहरूको लिखित जवाफ रहेको छ।

३. प्रस्तुत रिट निवेदनमा निवेदकले मुख्य रूपमा निज अस्पतालमा उपचार गराउन जाँदा एवं सार्वजनिक सवारी साधनमा यात्रा गर्दा कानूनले तोकेबमोजिमको छुट सुविधा सम्बन्धित निकायले नदिएकोले कानूनले तोको सो निकायहरूले आफ्नो दायित्व पूरा नगरेको विषय उठान गरेका छन्। ज्येष्ठ नागरिकको हक अधिकार संरक्षणको सन्दर्भमा रहेको विद्यमान कानूनी तथा संवैधानिक व्यवस्था हेर्दा नेपालको संविधानको धारा १८ ले समानताको हकको प्रत्याभूति गरी ज्येष्ठ नागरिकको संरक्षण सशक्तीकरण वा विकासका लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेको देखिन्छ। त्यस्तै धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक

हुनेछ भनी ज्येष्ठ नागरिकको हकको व्यवस्था गरिएको छ।

४. ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने उद्देश्यले ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ आएको देखिन्छ। उक्त ऐनको दफा ९ ले ज्येष्ठ नागरिकले पाउने छुट र सुविधाको व्यवस्था गरेको छ। दफा ९ को उपदफा (२) मा "नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नु पर्नेछ र निजलाई यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्नेछ।" भनी उल्लेख भएको छ। त्यस्तै सोही दफाको उपदफा (४) मा "नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले नेपाल सरकारले तोकेको संख्याका ज्येष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनुपर्नेछ।" भनी व्यवस्था रहेको देखियो। उपर्युक्त कानूनी व्यवस्थाहरूले ज्येष्ठ नागरिकहरूलाई नेपाल सरकारले तोकेको किसिमको सार्वजनिक यातायातले एवं स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले सेवा प्रदान गर्दा सेवा शुल्कमा पचास प्रतिशत छुट दिएको देखिन्छ। सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिनेसम्बन्धी कार्यविधि, २०७० लागू भएको रहेछ। यी सबै कानूनी व्यवस्थाअनुसार सार्वजनिक सवारी साधनमा एवं स्वास्थ्य उपचारमा तोकिएको सवारी साधन सञ्चालकले वा सवारीधनीले एवं स्वास्थ्य सेवा उपलब्ध गराउने संस्थाले ज्येष्ठ नागरिकलाई छुट एवं सुविधा दिनुपर्ने दायित्व तोकेको पाइयो।

५. प्रस्तुत रिट निवेदनमा लिखित जवाफ पेस गर्ने सबै विपक्षीहरूले रिट निवेदकको माग दाबीअनुसारको छुट सुविधा दिनुपर्ने कुरामा सहमत नै भएको देखिन्छ। तर इलाका प्रहरी कार्यालय बुटवलको तर्फबाट पेस भएको लिखित जवाफबाट तोकिएको सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकले कानूनबमोजिम पाउनुपर्ने छुट वा सुविधाको उपभोगमा बाधा पर्ने गरेको तथ्यलाई इन्कार गर्न सकिने अवस्था छैन। ज्येष्ठ नागरिक वा वृद्धा अवस्था भनेको मानिसको जीवनको उत्तरार्द्धको अवस्थालाई मानिन्छ। यो अवस्थामा पुगेका व्यक्तिहरूले जीवन, समाज, संस्कृतिलगायतको सम्बन्धमा लामो अनुभव प्राप्त गरेका हुन्छन्। यस्ता व्यक्तिहरूको ती अनुभव वर्तमान पुस्ताको जीवनलाई सजिलो बनाउन अति नै महत्त्वपूर्ण हुन्छ। ती व्यक्तिहरूको अनुभव र ज्ञान अन्तरपुस्तामा हस्तान्तरण हुँदा वर्तमान र भावी पुस्ताले आफ्नो इतिहासको बारेमा सही ज्ञान प्राप्त गर्ने, आफ्नो धर्म संस्कृति एवं परम्पराको संरक्षण एवं प्रवर्द्धन गर्न सहज हुन्छ। यस अर्थमा वृद्धवृद्धा वर्तमान पुस्ताको लागि बोझ नभई एउटा महत्त्वपूर्ण सम्पत्ति पनि हुने भएकोले यस्ता ज्येष्ठ नागरिकको संरक्षण गर्ने दायित्व वर्तमान पुस्ता हुने देखियो। आजका वृद्धवृद्धा आफू युवा अवस्थामा हुँदा बाल्य अवस्थामा रहेका आजका युवा पुस्ताको संरक्षण, पालनपोषण, रेखदेख, शिक्षा दिक्षाको लागि महत्त्वपूर्ण भूमिका खेलेको हुँदा उनीहरूको वृद्ध अवस्थामा शारीरिक तथा मानसिक रूपले स्वस्थ्य रहेका अहिलेका युवा पुस्ताले पनि यी वृद्धवृद्धाको संरक्षण रेखदेख हेरचाह गर्नुपर्ने नैतिक एवं सामाजिक दायित्व हुन आउँछ।

६. नेपालको संविधानको धारा १६ले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ। जीवनको उत्तरार्द्धमा जब मानिसको शरीर र मस्तिष्क काम गर्न छाड्दछ त्यसबेला संविधानले प्रत्याभूतको उक्त सम्मानपूर्वक बाँच्न पाउने हकको

प्रचलनको लागि राज्यले केही विशेष सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ । लोक कल्याणकारी राज्यको अवधारणाअनुसार आएका यस्ता कार्यक्रमहरू वृद्धवृद्धाहरू आफ्नो जीवनयापन आफैँले गर्न नसक्ने भएर दया देखाएको नभई उनीहरूले विगतमा देश, समाज एवं वर्तमान पुस्ताका लागि गरेको योगदान र वर्तमान पुस्ताको जीवनयापनमा यिनीहरूको महत्त्वलाई गरिएको सम्मान हो । र निजहरू यस्ता सम्मानका हकदार हुन् । यही अवधारणालाई आत्मसात् गरेर ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ आएको र यसले ज्येष्ठ नागरिकलाई तोकिएको सार्वजनिक सवारी साधनमा दुईवटा सिट सुरक्षित राख्नुपर्ने, त्यस्ता व्यक्तिहरूलाई भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनुपर्ने तथा स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमकिता दिनुका साथै त्यस्ता संस्थाले नेपाल सरकारले तोकेको संख्याका ज्येष्ठ नागरिकको उपचारमा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्ने भनी व्यवस्था राखिएको हो ।

७. विपक्षीहरू पश्चिम नेपाल बस व्यवसायी समिति बुटवल तथा इलाका प्रहरी कार्यालय बुटवलको तर्फबाट पेस भएको लिखित जवाफबाट समेत कानून संविधानले प्रत्याभूत गरेको ज्येष्ठ नागरिकहरूको हक अधिकारको उपभोगमा बाधा अवरोध सिर्जना भएको देखिएको साथै ज्येष्ठ नागरिकले स्वास्थ्य उपचारमा कानूनबमोजिम पाउनुपर्ने छुटसमेत नपाएको देखिएकोले विपक्षीहरूले कानूनले तोकेको बमोजिमको कर्तव्य पालना गरेको देखिन आएन । तसर्थ माथि विवेचित आधार, कारण र कानूनी व्यवस्थासमेतबाट विपक्षीहरूले कानूनले प्रत्याभूत गरेको ज्येष्ठ नागरिकहरूको सुविधा छुट सहज रूपले नदिएको देखिएको तथा सो छुट सुविधा सजिलो गरी ज्येष्ठ नागरिकहरूले प्राप्त गर्न सक्ने व्यवस्था नगरेको हुनाले निम्नअनुसार गर्ने गराउने गरी विपक्षीहरूको नाममा परमादेश जारी हुने ठहर्छ ।

- सार्वजनिक यातायातको साधनमा ज्येष्ठ नागरिकको लागि भनी छुट्टयाइएको दुई सिटमा पनि अन्य मानिसहरू बसिदिने भएकोले ज्येष्ठ नागरिकले आरक्षित सिटसमेत नपाउने अवस्था देखिएकोले सार्वजनिक यातायात साधनभित्र ज्येष्ठ नागरिकलाई सम्मान गर्ने खालका जनचेतनामूलक नारा लेख्नु, लेख्न लगाउनु भनी यातायात व्यवसायीहरूलाई जानकारी गराउनू ।
- स्वास्थ्य सेवा प्रदान गर्ने संस्थामा पनि कानूनले ज्येष्ठ नागरिकलाई दिएको छुट र सुविधाअनुसारको सेवा ज्येष्ठ नागरिकले प्राप्त गर्न नसकेकोले स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षणको लागि छुट्टै किसिमको टिकटको व्यवस्था गरी सो टिकटमा सम्बन्धित संस्थाबाट ज्येष्ठ नागरिकले प्राप्त गर्ने सुविधाहरूको सूची उल्लेख गर्नु गराउनु र ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षणको क्रममा प्राथमिकता दिने व्यवस्था गर्नु गराउनु भनी स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरूलाई जानकारी गराउनू ।
- सार्वजनिक सेवा प्रदान गर्ने निजी, सामुदायिक तथा सरकारी सेवा प्रदायक संस्थाहरूको सेवा लिन पुगेको ज्येष्ठ नागरिकलाई सेवा प्रदान गर्ने संस्थाले प्राथमिकता दिन दिलाउन व्यवस्था गर्नू ।

८. उपर्युक्त आदेशहरूको कार्यान्वयनको लागि आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई प्रस्तुत रिट

निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार यस अदालतको अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृत: रामु शर्मा
इति संवत् २०७५ साल साउन १३ गते रोज १ शुभम्।

## निर्णय नं. १०२३८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई
फैसला मिति : २०७५।१।९
०७१-CI-०१६३

मुद्दाः निषेधाज्ञा

पुनरावेदक / निवेदक : का.जि.का.म.न.पा वडा नं.२५ मखन भई हाल का.म.न.पा. वडा नं.१३ बस्ने वर्ष ४८ को सुरेशराज मानन्धर

विरूद्ध

प्रत्यर्थी / विपक्षी : लुम्बिनी फाइनान्स एण्ड लिजिङ कं. लि. त्रिदेवीमार्ग ठमेल, काठमाडौं

- **साबिकबाट प्रयोग हुँदै आएको बाटो र सो बाटोको सम्बन्धमा भएको करारबमोजिमको काम कारबाही अन्यथा बदर नभएसम्म जग्गाको हक हस्तान्तरण जुनसुकै तरिकाले भएपनि दाताबाट भएको जग्गासम्बन्धी अघिल्लो काम कारबाहीहरू हक हस्तान्तरबाट हक कायम हुन आएका जोसुकैले पनि मान्दिन भन्न पाउने नदेखिने।**

(प्रकरण नं.३)

पुनरावेदक / निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद ढुंगाना
प्रत्यर्थी / विपक्षीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा आदेश गर्नेः-
माननीय न्यायाधीश श्री भीमबहादुर बोहरा
माननीय न्यायाधीश श्री द्वारिकामान जोशी
पुनरावेदन अदालत पाटन

आदेश

**न्या.डा. आनन्दमोहन भट्टराई :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दर्ता भई यस अदालतमा पुनरावेदन परी नियमानुसार पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

मेरो पिता लक्ष्मीराज मानन्धरको नाउँ दर्ता कायम रहेको कि.नं. ८७ र सो जग्गाको पूर्वतर्फका सँधियार प्रत्यर्थी प्रकाशबहादुर श्रेष्ठको नाममा दर्ता रहेको कि.नं. ९५४ को जग्गाभित्रसम्म जान दुवै पक्षले ५/५ फिट जग्गा छोडी १० फिटे बाटो कायम गर्ने गरी मिति २०५५।७।३० मा करारनामा गरी दुवै

पक्षले निर्विवाद रूपमा प्रयोग गर्दै आएका छौं । उक्त २०५५।७।३० को करारपत्रबमोजिम नयाँ नापीको नक्सामा बाटोमा परेको दुवै पक्षको जग्गाबाट १० फिट संयुक्त बाटो भनी नक्सामा जनाउन भनी पटकपटक प्रत्यर्थी प्रकाशबहादुरलाई भन्दा आज भोलि भनी आलटाल गर्दै आउनु भएकोले मिति २०६९।९।२० मा दे.नं.०३७७० को बाटो कायम मुद्दा काठमाडौं जिल्ला अदालतमा दायर गरी करारबमोजिम बाटो कायम हुने गरी ऐ. अदालतबाट मिति २०७०।२।२६ मा फैसला भएको छ। मिति २०७०।३।२० को राजधानी पत्रिकाको पृष्ठ ९ मा प्रकाशित सूचनामा प्रत्यर्थी प्रकाशबहादुरले रविन्द्रमान मल्ल सञ्चालक भएको दि ल्याण्ड मार्क अपार्टमेन्ट प्रा.लि., कमलादी वडा नं.३१, काठमाडौंका लागि उक्त साबिक कि.नं.९५४ हाल कि.नं.८७ को जग्गा प्रत्यर्थी लुम्बिनी फाइनान्स एण्ड लिजिङ कम्पनी लिमिटेडमा धितो दिनुभएकोमा उक्त जग्गा सूचना प्रकाशित भएको मितिले आठौं दिन अर्थात् मिति २०७०।३।२७ गते लिलाम गर्ने भनी थाहा पाई सो लिलामीबाट २०५५ सालदेखि नै बाटो कायम गरी आवतजावत गरी आएको बाटो लिलाममा जग्गा लिनेले बन्द गर्न सक्ने र काठमाडौं जिल्ला अदालतको बाटो कायम गर्ने उक्त फैसला कार्यान्वयनमा समेत झमेला उत्पन्न हुने सम्भावना रहेको छ । प्रत्यर्थी प्रकाशबहादुरको नामको उक्त कि.नं. ८७ को जग्गा लिलाम भएमा उक्त जग्गाको पश्चिमतर्फबाट पूर्व पश्चिम ५(पाँच) फिट र उत्तर दक्षिण उक्त कित्ताको सुरूदेखि अन्तसम्म २०५५ सालदेखिको मसमेतले उत्तरतर्फको मूल सडकमा जाने निर्वाध आवतजावत गरी आएको एक मात्र बाटो लिलामीबाट बन्द हुने सम्भावना भएकोले नागरिक अधिकार ऐन, २०१२ को दफा ३, ६, १२ द्वारा प्रदत्त अधिकारका प्रचलनमा आघात पर्ने शंका लागेकोले सोही ऐनको दफा १७ (१) बमोजिम यस अदालतमा निवेदन दिन आएको छु। प्रत्यर्थी लुम्बिनी फाइनान्स एण्ड लिजिङ कम्पनी लिमिटेडले मिति २०७०।३।२० को राजधानी पत्रिकामा निकालेको उक्त लिलामी सूचनाबाट नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त मेरो नागरिक अधिकारको प्रचलनमा आघात पर्ने शंका लागेकोले ऐ. को दफा १७ बमोजिम काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।२।२६ मा चली आएको १० (दश) फुट चौडा उक्त बाटो कायम गर्ने भनी भएको फैसलाको कार्यान्वयन गर्ने कार्यमा र उक्त बाटोमा रोकतोक आवत जावत गर्ने मेरो हकमा आघात पर्ने गरी प्रकाशबहादुर श्रेष्ठले धितो राखेको उक्त जग्गा लिलाम वा कुनै किसिमले हक हस्तान्तरण नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेशसहित निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने मिति २०७०।३।२५ को निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाणसहित म्याद सूचना तामेल भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी रीतपूर्वक तामेल गराई लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू । निवेदकले अन्तरिम आदेशको समेत माग गरेको सन्दर्भमा दुवै पक्षको छलफल सुनी आदेश हुन उपयुक्त दिएकोले मिति २०७०।३।२० मा प्रकाशित सूचनाअनुसारको लिलामसम्बन्धी कारबाही यथास्थितिमा राखी रोकी २०७०।४।२।४ गते यससम्बन्धी छलफलमा उपस्थित हुनुहोला भनी विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नुहोला भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७०।३।२६ को आदेश।

निवेदकले पेस गरेको करारबमोजिम निकासको सडक बाटो कायम राखी पाउँ भन्ने मुद्दामा

यी प्रत्यर्थीमध्येका लुम्बिनी फाइनान्स एण्ड लिजिङ क.लि. प्रत्यर्थी रहेको देखिएन । सो मुद्दामा निकास बाटो सम्बन्धमा ठहर फैसला भइसकेको अवस्थासमेत देखिन्छ । तथापि यो मुद्दामा कानूनबमोजिम बैंकले धितो लिएको जग्गा लिलामको लागि सूचना प्रकाशित भएको हुँदा कानूनबमोजिम भएको काम कारबाही अन्तरिम आदेशद्वारा यथास्थितिमा राख्नु पर्ने अवस्था नहुँदा मिति २०७०।३।२६ मा भएको आदेशलाई निरन्तरता दिनु परेन । प्रस्तुत मुद्दामा अन्तरिम आदेश जारी हुन सक्तैन । कानूनबमोजिम गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७०।४।२ को आदेश ।

मैले २०५५/५६ मा नै घर निर्माण गर्दा उक्त करारबमोजिम संयुक्त बाटोमा परेको मेरो जग्गाको पश्चिमतर्फबाट पूर्व पश्चिम ५ फिट चौडा उत्तर दक्षिण ६५ फिट लम्बाई जग्गामा बाटो यथावत् राखेको र त्यस्तै निवेदकले २०६१/६२ मा घर बनाउँदा उक्त करारबमोजिम संयुक्त बाटोमा परेको पूर्व पश्चिम ५ फिट जग्गा बाटो यथावत् राखी छाडी घर निर्माण गरी २०५५ सालदेखि नै उल्लिखित बाटो दुवैले उपयोग गरी आएका हौं । ढल व्यवस्थापन नहुँदा दुवैको ट्वाइलेटको लागि उक्त बाटोमा दुवैको जग्गा पर्ने गरी टङ्की बनाएको अहिले पनि अन्दाजी एक फिट माटोभित्र कायमै छ । नक्सा गरिँदा प्रस्ट देखिन्छ । मेरो साथी रविन्द्रमान मल्ललाई आवश्यक पर्दा मैले निजले ल्यान्डमार्क अपार्टमेन्टको लागि ऋण लिँदा मेरो उक्त घर जग्गा २०६४/६५ मा विपक्षी लुम्बिनी फाइनान्समा धितो राखी दिएको हो । विपक्षी फाइनान्सबाट निरीक्षण गर्दा पनि बाटो हेरेकै हो र मैले जग्गाको स्वामित्व हस्तान्तरण गरेको होइन । मोटर बाटो पनि मेरो र विपक्षीको उक्त कित्ताहरूभित्र पर्दछ । उक्त ऋणका लागि श्रीमती मिनर्भा मल्ल, दिदी उर्मिला बैद्य (मल्ल) को घर जग्गा र निज रविन्द्रको नामको डि.सि.बी.एल (ग्राण्ड) बैंकको झण्डै १,२०,००० कित्ता (हकप्रद र बोनस सेयरसमेत) शेयरहरू पनि धितो राखेको र निज रविन्द्रमान मल्ल व्यक्तिगत जमानी पनि बसेका हुन् । निजले समयमा ऋण नतिर्दा मैले धितो राख्दा गरिएको मेरो घर जग्गाको मूल्याङ्कन रू.२९,२१,१४८।- को हुने साँवा ब्याज हिसाब गरी बुझी बुझाई मेरो जग्गा फुकुवा गरी पाउन पटकपटक विपक्षी लुम्बिनी फाइनान्समा मौखिक र लिखित निवेदन गर्न जाँदा निवेदन नलिई हिसाब गर्न आउन पटकपटक समय मात्र दिई पछि मेरो घर जग्गा लिलाम गर्ने बद्नियत राखेकोले हरहिसाब गराई पाउन मैले लुम्बिनी फाइनान्स विरूद्ध काठमाडौं जिल्ला अदालतमा मु.नं.०७०-CP-००३१ को मुद्दा दायर गरेको छु । उक्त फाइनान्ससँग मेरो व्यवहार मिली नसकेकोले निवेदकले नक्सामा संयुक्त बाटो उल्लेख गराउनु भन्दा मैले उक्त फाइनान्सले मलाई हरहिसाब गर्न मौखिक समय दिएअनुरूप नै समय दिँदै आएकोमा निजलाई चित्त नबुझी मेरोउपर निवेदक र निजका पितासमेतले २०६७ सालको दु.दे. नं. ३९-७६९-४७७० को करारबमोजिम निकासको सडक बाटो कायम राखी पाउँ भन्ने काठमाडौं जिल्ला अदालतमा फिराद दायर गरी मिति २०७०।२।२६ मा उक्त करारबमोजिमको १० फुटे बाटो कायम गरी फैसला भएको हो । उक्त बाटो लोप हुने गरी विपक्षी लुम्बिनी फाइनान्सले लिलाम गर्न पाउने होइन, संयुक्त बाटो जनाइँदा पनि करारका पक्षहरू र निजहरूले हस्तान्तरण गरी दिने व्यक्तिले उपभोग गर्न पाउने नै हो । उक्त दुवै कित्ताहरूबाट १० फिटे एक मात्र निकासको बाटो लिलामीबाट मास्न नपाउने गरी काठमाडौं जिल्ला अदालतमा हरहिसाब मुद्दा चलिरहेको हुँदा सोबमोजिम नै हुनुपर्छ भन्ने विपक्षी प्रकाशबहादुर श्रेष्ठको मिति २०७०।४।१३ को लिखित जवाफ ।

विपक्षी निवेदकले निवेदनमा उल्लेख गर्नुभएको द ल्याण्डमार्क अपार्टमेन्ट प्रा.लि का लागि ऐ.प्रा.लि.का सञ्चालक रविन्द्रमान मल्लले यस कम्पनीबाट चालु पुँजी कर्जा Working Capital Loan अन्तर्गत चार करोड रूपैयाँ कर्जा लिनुभएको र सो कर्जाको कर्जा

सुरक्षणको लागि विपक्षी प्रत्यर्थीमध्येका प्रकाशबहादुर श्रेष्ठले काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.१३ कि.नं. ९५४ क्षेत्रफल ०-५-१-३ हाल कायम कि.नं.८७ क्षेत्रफल १६१.३६ को जग्गा एवं सो जग्गामा बनेको घरसमेत मिति २०६५।४।२८ मा धितोबन्धक तमसुक गरी दिनुभएको हो । ऋणीले कम्पनीसँग लिएको ऋण नतिरेमा नबुझाएमा निज प्रत्यर्थी प्रकाशबहादुर श्रेष्ठले समेत तिर्ने दायित्व स्वीकार गरी निजले पनि नतिरेमा धितो बन्धक लिखतबाट धितोसमेत असुल गरी लिन पाउने सर्तमा तमसुक गरी दिनुभएको हो। उक्त तमसुक बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ (२) बमोजिम यस कम्पनीबाट विपक्षीको अचल सम्पत्ति कर्जा सुरक्षणको लागि लिएको हो भने दफा ५७ बमोजिम ऋण असुलीको लागि कारबाही अगाडि बढाउन पाउने कानूनद्वारा प्रत्याभूत गरेको अधिकारबमोजिम मिति २०७०।३।२० मा लिलामीको सूचना प्रकाशित गरिएको हो । प्रकाशित लिलामीको सूचनाबाट विपक्षीको नागरिक अधिकारमा आघात पुगेको छैन । यस कम्पनीबाट विपक्षी निवेदकको जग्गालाई लिलामी कारबाही गर्नको निमित्त सूचना निकालेको होइन । कर्जा सुरक्षणबापत धितो दिने प्रत्यर्थी प्रकाशबहादुर श्रेष्ठको जग्गा लिलामी कारबाहीको निमित्त सूचना प्रकाशित गरिएको हुँदा त्यसरी प्रकाशित सूचनाबाट विपक्षी निवेदकको नागरिक अधिकारमा आघात पुग्न गएको छैन । कानूनबमोजिम कानूनीप्रक्रिया पूरा गरेर प्रकाशित सूचना भएको हुँदा ने.का.प. २०५९ अंक ३/४ नि.नं.२०७५, पृष्ठ १७५ ने.का.प. २०५२ अंक १२ नि.नं.६११७ प्रतिपादित नजिरहरूसमेतको आधारमा निवेदन खारेज गरिपाउँ भन्ने लुम्बिनी फाइनान्स एण्ड लिजिङ कम्पनी लि. को मिति २०७०।४।२१ को लिखित जवाफ ।

लिलाम गर्ने भनिएको समयावधि नै व्यतित भइसकेको र लिलाम प्रक्रियामा कसैले पनि भाग लिएकोसमेत नदेखिएको अवस्थामा निवेदन मागबमोजिम काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।२।२६ मा भएको फैसलाबमोजिम बाटो कायम भएको अवस्थासमेत हुँदा उक्त कायमी बाटोमा प्रतिकूल असर पर्न सक्दछ भन्ने अनुमानको आधारमा हाल मिति २०७०।३।२० को सूचनाबमोजिम लिलाम बिक्रीसमेत नगर्नु नगराउनु भनी आदेश जारी गर्न औचित्यताको सिद्धान्तले मिल्ने देखिएन । निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत निवेदन खारेज गरिदिएको छ भन्ने बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०७०।११।२९ मा भएको आदेश।

पुनरावेदन अदालत पाटनले आदेश गर्दा का.जि.अ.बाट मिति २०७०।२।२६ मा भएको फैसलाबमोजिमको बाटो कायम भएको अवस्था स्वीकार गरिएको छ । विपक्षीको साबिक कि.नं.९५४ नयाँ नापीअनुसार हाल साबिक दर्ता हुँदा का.म.न.पा. वडा नं.१३ सि.नं.१०२-११०२-०३ कि.नं.८७ र मेरो कि.नं.८७ हाल साबिक भई ऐ.ऐ. कि.नं.७५ कायम भएको हो । विपक्षी प्रकाशबहादुर श्रेष्ठले मिति २०६५।४।२८ मा विपक्षी फाइनान्स कम्पनीलाई धितो पारित गरिदिँदा बाटोको लागि आफ्नो जग्गाको पश्चिमतर्फबाट ५ फिट जग्गा छाड्नु पर्नेमा सो नछाडेको र विपक्षी फाइनान्सले लिलाम सूचना प्रकाशित गर्दा पनि बाटोको लागि जग्गा नछाडी पूरै जग्गा लिलाम गर्न खोजेको हो। विपक्षी फाइनान्समा पटकपटक गई बाटो सबैको प्रयोजनमा आउने हुँदा ५ फिट जग्गा छाडेर लिलामी प्रक्रिया अगाडि बढाउनुहोस् भनी आग्रह गर्दा नमानेपछि बाध्य भई म पुनरावेदकसमेतको बाटो निकासको हकबाट वञ्चित हुने आशंका विद्यमान भएको हुँदा सोको लागि निषेधाज्ञाको आदेश जारी गरिपाउन माग गरेकोमा लिलाम बिक्रीमा कोही समावेश नभएको भन्ने आधारबाट रिट खारेज हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट भएको आदेश नमिलेको हुँदा सो बदर गरी ०५५ सालको करार तथा का.जि.अ.को

मिति २०७०।२।२६ को फैसलाबमोजिमको बाटो निकासमा कुनै किसिमको लिलाम बिक्री वा अवरोध नगर्नु नगराउनु भनी आदेश जारी गरिपाउँ भन्ने बेहोराको निवेदक सुरेशराज मानन्धरको तर्फबाट यस अदालतमा परेको पुनरावेदन।

पुनरावेदक तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद ढुंगानाले निवेदक र विपक्षीहरूको नाम दर्तामा रहेको जग्गाभित्रसम्म जान दुवै पक्षले ५/५ फिट जग्गा छोडी १० फिटे बाटो कायम गर्ने गरी मिति २०५५।७।३० मा करारनामा गरी निर्विवाद रूपमा प्रयोग गर्दै आएको र काठमाडौं जिल्ला अदालतबाट समेत करारबमोजिम बाटो कायम हुने गरी मिति २०७०।२।२६ मा फैसला भएकोमा विपक्षी प्रकाशबहादुर श्रेष्ठले मिति २०६५।४।२८ मा विपक्षी फाइनान्स कम्पनीलाई उक्त जग्गा धितो पारित गरिदिँदा बाटोको लागि ५ फिट जग्गा नछाडेको र विपक्षी फाइनान्सले लिलाम सूचना प्रकाशित गर्दा पनि बाटोको लागि जग्गा नछाडी पूरै जग्गा लिलाम गर्न खोजेको हुँदा बाटो निकासमा असर पर्ने गरी कुनै किसिमको लिलाम बिक्री वा अवरोध नगर्नु नगराउनु भनी आदेश जारी गरिपाउँ भनी दिएको निवेदनमा पुनरावेदन अदालतबाट निषेधाज्ञाको निवेदन खारेज हुने गरी भएको आदेश त्रुटिपूर्ण हुँदा सो आदेश बदर गरी निवेदन मागबमोजिम आदेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्त बहस जिकिर सुनी पुनरावेदनपत्रसहितको मिसिल अध्ययन गरी हेर्दा, निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको आदेश मिलेको छ, छैन ? निवेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? सोही सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, निवेदकका पिता लक्ष्मीराज मानन्धरको नाउँमा दर्ता रहेको निवेदनमा उल्लिखित कि.नं.८७ र सो जग्गाको पूर्वतर्फ रहेको विपक्षीमध्येका प्रकाशबहादुर श्रेष्ठको नाउँमा दर्ता रहेको कि.नं.९५४ को जग्गासम्म जान आउन दुवै जग्गावालाले ५/५ फिट जग्गा छाडी १० फिटे बाटो कायम गरी उपभोग गर्दै आएकोमा हाल कि.नं.९५४ को जग्गा सुरक्षणबापत विपक्षीमध्येका लुम्बिनी फाइनान्स एण्ड लिजिङ कम्पनी लि. मा धितो राखेकोमा धितोबापतको जग्गा लिलाम गर्दा एकमुष्ट पूरै लिलाम गर्न लागेकोले लिलामी कार्य रोकी पाउँ भन्ने निवेदकको मुख्य निवेदन दाबी रहेको देखियो। सो जग्गामा जाने आउने प्रयोजनको लागि आफूले पनि ५ फिट बाटो छाडी निवेदक र मेरो जग्गाबाट १० फिटे बाटो कायम गरेको दि ल्याण्ड मार्क अपार्ट्मेन्ट प्रा.लि. को हकमा फाइनान्स कम्पनीमा मेरो जग्गा धितो दिएको हो भन्ने विपक्षी प्रकाशबहादुर श्रेष्ठको लिखित जवाफ र धितो सुरक्षणमा रहेको जग्गा कर्जाबापतमा कानूनबमोजिम लिलाम गर्न खोजिएकोले निवेदकको जग्गामा कुनै असर पर्ने कार्य नगरिएको हुँदा निषेधाज्ञा जारी हुनुपर्ने होइन भन्ने विपक्षी फाइनान्स कम्पनीतर्फबाट लिखित जवाफ रहेको पाइयो।

३. सो सन्दर्भमा हेर्दा, निवेदकको कि.नं.८७ र विपक्षीमध्येका प्रकाशबहादुर श्रेष्ठका नाउँमा दर्ता रहेको जग्गाबाट दुवै पक्षले करारनामा गरी आपसी समझदारीमा सो दुवै जग्गाधनीहरूलाई प्रयोगमा आउने गरी ५/५ फिट जग्गा छाडी १० फिटे बाटो कायम गरेको कुरामा विवाद रहेको देखिँदैन। प्रयोग भइरहेको सो बाटोलाई नापी नक्सामा समेत कायम गर्ने प्रयोजनार्थ काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भई सो मुद्दामा १० फिटे बाटो कायम गर्ने गरी मिति २०७०।२।२६ मा फैसला भएको भन्ने पनि देखिन्छ। साबिकबाट प्रयोग हुँदै आएको बाटो र सो बाटोको सम्बन्धमा भएको करारबमोजिमको काम कारबाही अन्यथा बदर नभएसम्म जग्गाको हक हस्तान्तरण जुनसुकै तरिकाले भएपनि दाताबाट भएको जग्गासम्बन्धी अघिल्लो काम कारबाहीहरू हक हस्तान्तरणबाट हक

कायम हुन आएका जोसुकैले पनि मान्दिन भन्न पाउने देखिँदैन । प्रस्तुत निवेदनमा विपक्षी धितो दिने र लिने दुवैले बाटोको अस्तित्वलाई अस्वीकार गरेको अवस्था छैन । प्रयोग भइरहेको बाटो नै बन्द गर्ने उद्देश्यले लिलाम हुन लागेको भन्ने आशंकाको स्थिति पनि रहेको देखिँदैन । जुन बाटो प्रयोग भएको छ सो बाटो निवेदक र विपक्षीतर्फका जग्गाधनी दुवैको साझा प्रयोगमा रहेको देखिएकोले दुवै कित्ताको योगदानबाटै बाटो कायम भई हालसम्म प्रयोग भइरहेको बाटो लिलाम भएकै कारण बन्द हुन्छ भनी अनुमान गर्न मिल्ने पनि देखिँदैन ।

४. कानूनबमोजिम धितो लिएको जग्गाको सम्बन्धमा प्रक्रिया पूरा गरी हुने लिलामी कारबाहीलाई रोक्न मिल्ने अवस्था नदेखिएको र निवेदकले दाबी गरेको मिति २०७०।३।२० को लिलामसम्बन्धी सूचनाबमोजिम सो लिलामीमा कसैले भाग नलिएको भन्नेसमेत देखिन्छ । निवेदकले बाटो बन्द हुन्छ कि भनी लिएको आशंकाको स्थितितर्फ विचार गर्दा, सो बाटो सम्बन्धमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।२।२६ को फैसलाअनुसार नै निवेदकले दाबी गरेको १० फिटे बाटो कायम भइसकेको र सो कायमी बाटोमा असर पर्न सक्ने अवस्था रहेको देखिन आएन ।

५. अतः माथि विवेचित आधार कारणबाट निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा पुनरावेदन अदालत पाटनबाट निवेदन खारेज गर्ने गरी भएको मिति २०७०।११।२९ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. ओमप्रकाश मिश्र

इजलास अधिकृत: अनुपमा पन्त
इति सवंत् २०७५ साल वैशाख ९ गते रोज १ शुभम् ।

## निर्णय नं. १०२३९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
फैसला मिति : २०७५।१२।१४
०७३-CI-०६९२

मुद्दाः निषेधाज्ञा

पुनरावेदक / निवेदक : दाङ जिल्ला मानपुर गा.वि.स. वडा नं.८ बस्ने पटुको नाति शशीरामको छोरा पिताम्बर के.सी.

विरूद्ध

विपक्षी / प्रत्यर्थी : रूपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं.१० स्थित साबिक बुटवल फाइनान्स हाल सिनर्जी फाइनान्स लि.

- **अदालतले असाधारण क्षेत्राधिकारको प्रयोग गर्दा मातहतका अदालतमा सामान्य क्षेत्राधिकारअन्तर्गत कानूनबमोजिम दायर भई विचाराधीन रहेका मुद्दाहरूलाई असर पार्ने कार्य गर्न नमिल्ने ।**

(प्रकरण नं.३)

पुनरावेदक / निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री उत्तमबहादुर श्रेष्ठ र श्री विक्रम मिश्र
विपक्षी / प्रत्यर्थीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री प्रकाशचन्द्र गजुरेल

मा. न्यायाधीश श्री रमेशप्रसाद राजभण्डारी
पुनरावेदन अदालत बुटवल

आदेश

**न्या. हरिकृष्ण कार्की :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

मेरो छोरा दिपककुमार के.सी.ले आफ्नो नाममा दर्ता रहेको जिल्ला दाङ सतवरिया गा.वि.स. वडा नं.३क कि.नं.२६६ ज.वि.०-३-१३ जग्गा धितो राखी विपक्षी साबिक बुटवल फाइनान्स हाल सिनर्जी फाइनान्स लिमिटेडबाट रू.९,५०,०००।- कर्जा लिँदा घर व्यवहार चलाउने म निवेदकलाई रोहबरमा साक्षीसमेत नराखी मेरो मन्जुरीसमेत लिएका थिएनन्। विपक्षीले मेरो छोराको धितो सम्पत्ति बिगो असुल गर्नेतर्फ कारबाही अगाडि नबढाई मेरो नामको जग्गा अनाधिकार रूपमा रोक्का राखी मेरो छोराले लिएको ऋणबापतमा मेरो नामको जग्गा लिलाम गराउने प्रक्रिया अगाडि बढाएकोले रोक्का बदर मुद्दा रूपन्देही जिल्ला अदालतमा दायर गरेको छु। विपक्षीले मलाई पठाएको च.नं.३२९ मिति २०७२।९।१४ को पत्रमा ऋण चुक्ता गर्नका लागि पत्राचार गरी संविधानले प्रत्याभूत गरेको सम्पत्तिसम्बन्धी हक र नागरिक अधिकार ऐन, २०१२ को दफा ३, ९ र ६ द्वारा प्रत्याभूत सम्पत्तिसम्बन्धी कानूनी हकको हनन हुने आशंका रहेकाले मेरो नाममा रहेका जग्गाबाट छोरा दिपककुमार के.सी.ले लिएको ऋण कर्जाको सन्दर्भमा बिगो असुलतर्फ कुनै कारबाही नगर्नु नगराउनु भनी र मैले उल्लेख गरेको रोक्का बदर मुद्दाको अन्तिम किनारा नलागेसम्म मेरो सम्पत्तिबाट बिगो असुल गर्ने कारबाही नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने पिताम्बर के.सी.को निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदकको निवेदन मागबमोजिम विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश किन जारी गर्नु नपर्ने हो ? आदेश जारी गर्नु नपर्ने कुनै आधार र कारण भए सोको प्रमाणसहित म्याद सूचना तामेल भएका मितिले बाटोको म्यादबाहेक १५(पन्ध्र) दिनभित्र आफैँ वा कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु होला भनी विपक्षीको नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा म्याद व्यतित भएपछि नियमानुसार पेस गर्नू। साथै निवेदकले अन्तरिम आदेशको समेत माग गरेको सम्बन्धमा विचार गर्दा, अन्तरिम आदेश जारी हुने वा नहुने भन्ने विषयमा दुवै पक्षलाई छलफलमा राखी निर्णय गर्न उपयुक्त देखिँदा छलफलका लागि मिति २०७२।१०।२१ का दिन तारेख तोकी सो छलफलमा उपस्थित हुनका लागि विपक्षीलाई सूचना दिई नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत बुटवलको मिति २०७२।१०।१४ को आदेश।

यी निवेदकले आफ्नो निवेदन पत्रमा विपक्षी सिनर्जी फाइनान्स लिमिटेडले रोक्का राख्ने गरेको निर्णय बदर गरिपाउँ भनी रूपन्देही जिल्ला अदालतमा मुद्दा दायर गरिसकेको भन्ने उल्लेख गरेको देखियो। सो रोक्का राख्ने गरेको निर्णयको विषयमा सोही विचाराधीन मुद्दाबाट ठहरेबमोजिम हुने नै भएको र अन्तरिम आदेश जारी नहुँदैमा निवेदकलाई अपूरणीय क्षति पुग्न सक्ने आशंकाको विद्यमानतासमेत नरहेको स्थितिमा मागबमोजिमको आदेश जारी गर्न मिलेन। कानूनबमोजिम गर्नु भन्ने पुनरावेदन अदालत बुटवलको २०७२।१०।२१ को आदेश।

रिट निवेदकका एकाघरका छोरा दिपक के.सी. ले टेक्टर खरिदका लागि रू.९,५०,०००।- यस फाइनान्सबाट लिएको कुरामा कुनै विवाद रहेन। एकासगोलमा रहेका उमेर पुगेका व्यक्तिले गरेको कारोबारबाट भएको नाफा नोक्सानको हिस्सेदारसमेत सगोलका परिवार रहने कुरामा समेत विवाद छैन। फाइनान्सले बैंक तथा वित्तीय संस्थासम्बन्धी

ऐन, २०६३ को दफा ५६ बमोजिम गरेको लगानी असुलउपर गर्न सोही ऐनको दफा ५७ बमोजिम असुल गर्ने अधिकार फाइनान्सलाई प्रदान गरेको हुँदा रिट खारेज गरिपाऊँ। साथै रिट निवेदकले रूपन्देही जिल्ला अदालतमा रोक्का बदर गरिपाउँ भनी फिराद दायर गरेको भन्ने देखिई उक्त मुद्दा विचाराधीन रहेको र वैकल्पिक उपचारको पर्याप्त व्यवस्था हुँदाहुँदै असाधारण अधिकार क्षेत्रको बाटो प्रयोग गरी आदेश जारी हुन नसक्ने हुँदा खारेज गरिपाउँ भन्ने विपक्षी सिनर्जी फाइनान्स लिमिटेडको लिखित जवाफ।

सिनर्जी फाइनान्सले निवेदकका नाममा रहेका जग्गाहरू लिलामी प्रक्रियामा अगाडि बढाई जग्गा रोक्का राखेकोमा उक्त जग्गाको रोक्का फुकुवा गरिपाउँ भनी निवेदक पिताम्बर के.सी. ले सिनर्जी फाइनान्स कम्पनीका विरूद्धमा ०७२-CP-०५१८ को रोक्का बदर मुद्दा रूपन्देही जिल्ला अदालतमा दायर गरी हाल विचाराधीन रहेको भनी निवेदकले निवेदनमा नै उल्लेख गरेको पाइन्छ। कुनै पनि नागरिकलाई अन्याय परेको विषयमा त्यसको वैकल्पिक कानूनी उपचारको बाटो नरहेको अवस्थामा तत्काल कानूनी उपचार प्रदान नगरेमा नागरिकको वैयक्तिक अधिकारमा प्रत्यक्ष असर पुग्न जाने भएमा मात्र कानूनले प्रदान गरेको असाधारण अधिकार क्षेत्र अदालतले ग्रहण गरी कानूनी उपचारको माध्यमबाट नागरिकको हक सुरक्षित गर्न सक्ने अवस्था रहन्छ। प्रस्तुत निवेदनमा उठाएका विषयवस्तु अर्थात् निवेदकका नाममा रहेका जग्गाहरू फाइनान्स कम्पनीले रोक्का राखी लिलामी प्रक्रिया अगाडि बढाएको कार्य कानूनविपरीत छ वा छैन ? र निवेदकका जग्गाहरू फुकुवा हुने हुन् होइनन् ? भन्ने विवाद रूपन्देही जिल्ला अदालतमा चलेको निवेदक पिताम्बर के.सी. वादी र सिनर्जी फाइनान्स कम्पनी प्रतिवादी भएको उक्त ०७२-CP-०५१८ को रोक्का बदर मुद्दामा निर्णय हुँदाका अवस्थामा निरूपण हुने नै भएकाले सुरू तहको अदालतमा विचाराधीन रहेको मुद्दामा हुने निर्णयमा असर पर्ने गरी प्रस्तुत निषेधाज्ञाको निवेदनमा प्रमाण बुझी विवादको निरूपण गर्नु कानूनसम्मत नहुने हुँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने निवेदन बेहोरा र निजको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन। तसर्थ निवेदकको निवेदन मागदाबीबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।१२।१७ मा भएको आदेश।

पुनरावेदन अदालत बुटवलले जिल्ला अदालतमा विचाराधीन भएको मुद्दालाई हस्तक्षेप हुने गरी निषेधाज्ञा आदेश जारी गर्न मिलेन भनी भन्न मिल्दैन। किनभने म निवेदक पुनरावेदकका छोरा दिपक के.सी. सँग एकासगोलको नाता मिति २०६९।१२।७ देखि टुटिसकेको छ। मेरा छोरा दिपक के.सी.ले अंशबापत रू.दश लाख रूपैयाँ मसँग लिई अंश छोडपत्र लिई दिई मालपोत कार्यालय दाङबाट रजिस्ट्रेसन नं.७३६ पारित गरी अंश छोडपत्र गरिसकेपछि भिन्न भएको छोरा दिपक के.सी.ले आफ्नो अथवा उसको निजी सम्पत्ति दाङ जिल्ला सतवरीया गा.वि.स.वडा नं.३क कि.नं.२६६ क्षेत्रफल ०-३-१३ जग्गा धितो राखेकै छ। उक्त कि.नं.२६६ को जग्गा धितो राखी कर्जा लिएकोमा धितोको जग्गा लिलाम गरेर नै असुलउपर गर्नुपर्छ। मेरो निजी सम्पत्ति रोक्का राख्नु पर्ने अवस्था नै रहँदैन। मेरो जग्गा अनाधिकृत रूपले रोक्का राखेको बदरको लागि जिल्ला अदालतमा विचाराधीन भएकोले सोही कारणले मेरो निजी जग्गा रोक्का राख्नु मुलुकी ऐन र फाइनान्स बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ ले मिल्दैन। रजिस्ट्रेसन पारित गरी अंश बुझी लिएपछि नाता टुटिसकेको कुरा मालपोत कार्यालयमा पारित भएको र.नं.७३६ मिति २०६९।१२।७ को पारित लिखतले प्रस्तुत देख्दादेख्दै एकासगोलको अनुमान गरी अनधिकृत रूपले रोक्का

राखेकोले उक्त मेरा जग्गालाई लिलाममा लान सक्ने आशंका भएकोले लिलाम गर्ने कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञा अनिवार्य रूपमा जारी हुनुपर्नेमा जारी नगरेको हुनाले यो पुनरावेदन गर्न आएको छु भन्नेसमेत बेहोराको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

यसमा धितोमा रहेको जग्गातर्फ कारबाही नगरी उनाउ व्यक्ति जो ऋण लिँदा सहमति नै नभएको व्यक्तिको जग्गा लिलाम गर्ने प्रयोजनमा रोक्का राख्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७२।१२।१७ को आदेश फरक पर्ने देखिँदा मुलुकी ऐन अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।९।९ को आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयको लागि यस इजलासमा पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री उत्तमबहादुर श्रेष्ठ र श्री विक्रम मिश्रले निवेदक पिताम्बर के.सी. र निजको छोरा दिपक के.सी. एकासगोलको परिवारका सदस्य होइनन् । दिपक के.सी.ले मिति २०६९।१२।७ मानै अंशबापत रू.१०,००,००।- लिई अंश छोडपत्र गरिसकेका छन्। यसरी बाबु छोराबिच छुट्टी भिन्न भइसकेको अवस्थामा छोराले लिएको कर्जा चुक्ता गर्न नसकेको कारणले बाबुको नाउँमा रहेको जग्गा लिलाम गर्न मिल्दैन । विपक्षीहरूको कार्य कानूनविपरीत भएकोले निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्छ भनी बहस गर्नुभयो।

उपर्युक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७२।१२।१७ को आदेश मिलेको छ वा छैन ? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा मेरो छोरा दिपककुमार के.सी.ले म निवेदकलाई रोहबरमा साक्षीसमेत नराखी तथा मेरो मन्जुरीसमेत नलिई आफ्नो नाममा दर्ता रहेको जिल्ला दाङ सतवरिया गा.वि.स.वडा नं.३क कि.नं.२६६ ज.वि.०-३-१३ जग्गा धितो राखी विपक्षी साबिक बुटवल फाइनान्स हाल सिनर्जी फाइनान्स लिमिटेडबाट रू.९,५०,०००।- कर्जा लिएकोमा विपक्षीले मेरो छोराको धितो सम्पत्ति बिगो असुल गर्नेतर्फ कारबाही अगाडि नबढाई मेरो नामको जग्गा अनाधिकार रूपमा रोक्का राखी मेरो छोराले लिएको ऋणबापतमा मेरो नामको जग्गा लिलाम गराउने प्रक्रिया अगाडि बढाएकोले मेरो सम्पत्तिसम्बन्धी कानूनी हकको हनन् हुने आशंका रहेकाले मेरो नाममा रहेका जग्गाबाट छोरा दिपककुमार के.सी.ले लिएको ऋण कर्जाको सन्दर्भमा बिगो असुलतर्फ कुनै कारबाही नगर्नु नगराउनु भनी र मैले उल्लेख गरेको रोक्का बदर मुद्दाको अन्तिम किनारा नलागेसम्म मेरो सम्पत्तिबाट बिगो असुल गर्ने कारबाही नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदक पिताम्बर के.सी.को निवेदन रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत बुटवलले विपक्षीहरूले निवेदकको जग्गा रोक्का राखेकोसम्बन्धी विवाद सुरू जिल्ला अदालतमा विचाराधीन रहेको र सो सम्बन्धमा उक्त मुद्दामा निर्णय हुँदाका अवस्थामा निरूपण हुने भएकोले निवेदन मागदाबीबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ भनी आदेश गरेकोमा पुनरावेदन अदालत बुटवलको उक्त आदेशमा चित्त नबुझाई यस अदालतमा प्रस्तुत पुनरावेदनपत्र दायर गरेको देखिन्छ।

३. प्रस्तुत मुद्दामा विपक्षी सिनर्जी फाइनान्सले निवेदकको नाममा रहेको जग्गाहरू लिलामी प्रक्रियामा अगाडि बढाई जग्गा रोक्का राखेकोमा उक्त जग्गाको रोक्का फुकुवा गरिपाउँ भनी यिनै निवेदक पिताम्बर के.सी.ले विपक्षी सिनर्जी फाइनान्सको विरूद्धमा रूपन्देही जिल्ला अदालतमा ०७२-CP-०५१८ नं. को मुद्दा दायर गरेको र उक्त मुद्दा सो अदालतमा

विचाराधीन रहेको भनी निवेदनमा नै उल्लेख गरेको देखिन्छ । यसरी यिनै निवेदक पिताम्बर के.सी. र विपक्षी सिनर्जी फाइनान्स वादी प्रतिवादी भई यसै विषयमा जिल्ला अदालतमा समेत मुद्दा चलेकोमा यी निवेदकले पुनरावेदन अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत पुनरावेदन अदालत बुटवलमा सोही विषयमा रिट निवेदन दायर गरेको देखिन्छ। कुनै पनि नागरिकलाई अन्याय परेको विषयमा वैकल्पिक कानूनी उपचारको बाटो नरहेको वा भए तापनि प्रभावकारी नभएको अवस्थामा मात्र संविधानले प्रदान गरेको असाधारण अधिकार क्षेत्र ग्रहण गरी अदालतले रिट क्षेत्राधिकारमा प्रवेश गर्छ। अदालतले असाधारण क्षेत्राधिकारको प्रयोग गर्दा मातहतका अदालतमा सामान्य क्षेत्राधिकारअन्तर्गत कानूनबमोजिम दायर भई विचाराधीन रहेका मुद्दाहरूलाई असर पार्ने कार्य गर्न मिल्दैन। प्रत्येक अदालत आफूसमक्ष विचाराधीन मुद्दामा इन्साफ गर्न सक्षम र स्वतन्त्र छ भन्ने न्यायको मान्य सिद्धान्तको आधारमा कुनै पनि कानूनी प्रणाली चलेको हुन्छ । मातहतको अदालतमा विचाराधीन रहेको मुद्दामा माथिल्लो तहको अदालतले असाधारण क्षेत्राधिकारअन्तर्गत हस्तक्षेप गर्दै जाने हो भने विधि, प्रक्रिया र न्यायिक प्रणाली अन्यौलग्रस्त हुन पुग्दछ।

४. अतः प्रस्तुत मुद्दामा उठाइएका विषयवस्तु अर्थात् निवेदकको नाममा रहेका जग्गाहरू सिनर्जी फाइनान्स कम्पनीले रोक्का राखी लिलामी प्रक्रिया अगाडि बढाएको कार्य कानूनसङ्गत छ वा छैन ? तथा उक्त जग्गाहरू फुकुवा हुने हो, होइनन् ? भन्ने विवाद रूपन्देही जिल्ला अदालतमा चलेको निवेदक पिताम्बर के.सी. वादी र विपक्षी सिनर्जी फाइनान्स कम्पनी प्रतिवादी भएको उक्त ०७२-CP-०५१८ को रोक्का बदर मुद्दामा निर्णय हुँदा निरूपण हुने नै अवस्था देखिँदा निवेदन मागबमोजिमको निषेधाज्ञाको आदेश जारी नगर्ने गरी गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७२।१२।१७ को आदेश कानूनसङ्गत नै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक / निवेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत: सन्देश श्रेष्ठ
इति संवत् २०७५ साल चैत्र १४ गते रोज ४ शुभम्।

## निर्णय नं. १०२४०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
आदेश मिति : २०७४।१२।२८
०७२-WO-०४९९

विषयः उत्प्रेषण

निवेदक : सिन्धुपाल्चोक जिल्ला, हेलम्बु गा.वि.स. वडा नं.६ मा स्थापित भई सञ्चालनमा रहेको मेलम्ची ध्याङ निम्न माध्यमिक विद्यालय, हेलम्बुको तर्फबाट अख्तियार प्राप्त ऐ. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पासाङ तेम्बा लामा

विरूद्ध

विपक्षी : नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमिसुधार तथा व्यवस्थापन

विभागअन्तर्गत मालपोत कार्यालय, सिन्धुपाल्चोक, चौतारासमेत

- **अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सरकारी सम्पत्ति संरक्षण गर्ने हेतु निर्देशन दिँदा पनि "यस्तो निर्णय गर्नु" भनेर किटान गरी दबाबमूलक ढंगले दिने पनि होइन । आफ्नो क्षेत्राधिकारभित्रको कार्यमा कानूनसम्मत ढंगबाट निश्चित प्रक्रिया अवलम्बन गरी क्षेत्राधिकार भएका निकायले नै आवश्यक कागजात प्रमाण बुझी सबै प्रक्रिया पूरा गरेर तथ्य र प्रमाणका आधारमा निर्णय गर्ने स्वतन्त्र अधिकारक्षेत्रलाई मिच्ने, संकुचन, नियन्त्रण एवं निर्देशित गर्ने हिसाबले निर्देशन दिन नमिल्ने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री श्यामराज ढुङ्गेल र विद्वान् अधिवक्ता श्री अभिषेक अधिकारी
विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री देवी खड्का, विद्वान् अधिवक्ता श्री ज्ञानेन्द्रराज पोखरेल र विद्वान् अधिवक्ता श्री दिपेन्द्र थापा
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- गुठी संस्थान ऐन, २०३३
- मालपोत ऐन, २०३४

आदेश

**न्या. तेजबहादुर के.सी.:** नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छ :-

यो विद्यालय सार्वजनिक सरकारी विद्यालयको रूपमा २०४५ सालमा स्थापना भई स्थापनाकालदेखि नै विवादित गुठी जग्गामा आफ्नो भवन बनाई निरन्तर सञ्चालनमा रहेको छ । यस विद्यालयको क्रमशः स्तरोन्नति गर्दै हाल सिन्धुपाल्चोक जिल्लाको मात्र नभएर देशकै नमुना सार्वजनिक माध्यमिक विद्यालयको रूपमा सञ्चालन भइरहेको छ । दुर्गम क्षेत्रमा शिक्षा विकास गर्ने सार्वजनिक हितमा सदैव यो विद्यालय रहेको छ ।

नापीका समयमा फिल्डबुकमा चिहान डाँडा जनिएको विवादित सिन्धुपाल्चोक जिल्ला, हेलम्बु गा.वि.स. वडा नं. ६ कि.नं. ५३३ को क्षेत्रफल १४-१३-३-३ जग्गा साबिकदेखिको बौद्ध घ्याङ गुठी (छुट गुठी) अन्तर्गतको जग्गा हो । उक्त जग्गाको सालसालै बुझाउनु पर्ने कुतबाली विद्यालयले बौद्ध घ्याङ गुठीमा बुझाई भरपाइसमेत प्राप्त गरी आएको हो, थियो । यसमा कुनै विवाद थिएन, छैन ।

विद्यालयले मोहीका हैसियतले बौद्ध घ्याङ गुठीलाई सालसालैको कुतबाली बुझाउँदै आए तापनि दर्तावाला मोहीको हैसियत प्राप्त नभएको अवस्थामा तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को मिति २०६०।१०।२९ को निर्णयअनुसार गुठी अधीनस्थ गुठी जग्गा दर्ता समस्या समाधान गर्न मालपोत ऐन, २०३४ को दफा ७(१)(क) अनुसार गठित समितिको निर्णयअनुसार विवादित कि.नं.५३३ को जग्गा यस विद्यालयको नाममा मोहियानी दर्ता भएको हो । तत्पश्चात् गुठी ऐनअन्तर्गत गुठी जग्गा कानूनबमोजिम रैतान नम्बरीमा परिणत भई जग्गाधनी पुर्जासमेत प्राप्त गरेको छ । जुन कार्य र निर्णयहरू अन्तिम भएर बसेको छ । विवादित कि.नं ५३३ को क्षेत्रफल १४-१३-३-३ को सरकारी जग्गा कानूनविपरीत मेलम्ची घ्याङ नि.मा.वि हेलम्बुको नाममा समेत दर्ता भई दोहोरो दर्ता भएको पुष्टि भएकोले मालपोत ऐन, २०३४ को दफा ७(३) बमोजिम उक्त दोहोरो दर्ता ३ महिनाभित्र

सच्चाई सो जग्गा नेपाल सरकारको नाममा मात्र कायम गरी आयोगलाई जानकारी दिनु हुन आयोगको मिति २०७२।६।२८ को निर्णयानुसार अनुरोध छ भनी मिति २०७२।७।१० को आयोगले मालपोत कार्यालय सिन्धुपाल्चोकको नाममा पत्र लेखेको रहेछ । उक्त पत्रको आधारमा मिति २०७२।८।१० को निर्णयबाट विद्यालयको नामको दर्ता बदर गरी सरकारी दर्ता कायम गर्ने गरेको निर्णय रहेछ।

यसरी विपक्षीहरूले कानूनले दिँदै नदिएको अधिकार प्रयोग गरी प्रतिवाद गर्ने मौकासमेत नदिई कानूनविपरीत गरेको आयोगको मिति २०७२।६।२८ को निर्णय र उक्त निर्णयका आधारमा मालपोत कार्यालय सिन्धुपाल्चोकले मिति २०७२।८।१० मा गरेको निर्णयबाट विद्यालयको हकमा संविधानको धारा १७(२)(च), १८(१), २५(१) र ३२ समेतका मौलिक हक हनन् भएकोले कानूनविपरीत निर्णय बदर गरी पाउन यो रिट निवेदन लिई उपस्थित भएको छु।

अत: माथि प्रकरणमा उल्लेख गरेबमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७२।६।२८ को निर्णय र उक्त निर्णयका आधारमा मालपोत कार्यालय सिन्धुपाल्चोकबाट भएको मिति २०७२।८।१० को निर्णय कानूनी त्रुटि हुनको अतिरिक्त नेपालको संविधानद्वारा प्रदत्त निवेदकको मौलिक हकमा आघात तथा कुण्ठा पुऱ्याएकोले ऐ. को धारा ४६ र १३३(२) र १३३(३) अन्तर्गत अन्य विकल्पको अभावमा निवेदन गर्न आएको छु । उत्प्रेषणद्वारा विपक्षी आयोग र मालपोत कार्यालयको निर्णय बदर गरी परमादेशलगायत उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदकको यस अदालतमा परेको निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं.३ र ४ को हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।१०।३ को आदेश।

यस कार्यालयमा रहेको मोठ १/११ मा नेपाल सरकारको सार्वजनिक जग्गाको स्रेस्तातर्फ र ग१/७९ मा उल्लिखित विद्यालयतर्फ गरी दुवैतर्फ उक्त जग्गाको स्रेस्ता रहन गई दोहोरो दर्ता रहेको देखिएकोमा दोहोरो स्रेस्ता खारेज गरी एकातर्फको मात्र कायम गर्नुपर्ने अवस्थामा कार्यालयमा अभिलेख रहेको थियो । नापी कार्यालयबाट प्राप्त फिल्डबुकमा तिम्बुध्याङगुल गा.वि.स. वडा नं. ६ कि.नं. ५३३ को जग्गाको विरह एवं जोताहा महलमा समेत चिहानडाँडा लेखिएको उक्त जग्गा सार्वजनिक चिहान देखिन आएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट यस कार्यालयलाई लेखी आएको च.नं. ७६६ मिति २०७२।०७।१० को पत्रमा तिम्बुध्याङगुल वडा नं. ६ कि.नं. ५३३ क्षेत्रफल १४-१३-३-३ को सरकारी जग्गा कानूनविपरीत मेलम्ची घ्याङ नि.मा.वि. हेलम्बु ६ को नाममा समेत दर्ता भई दोहोरो दर्ता भएको पुष्टि भएकोले मालपोत ऐन, २०३४ को दफा ७ (३) बमोजिम उक्त दोहोरो दर्ता सच्याई सो जग्गा नेपाल सरकारको नाममा मात्र कायम गरी आयोगलाई जानकारी दिनु भनी निर्देशन आएकोले प्राप्त निर्देशनबमोजिम यस कार्यालयको मिति २०७२।०८।१० को निर्णयबाट उक्त जग्गा विद्यालयको नाममा रहेको स्रेस्ता पुर्जा बदर गरी अख्तियारको निर्देशन र निर्णय कार्यान्वयन गरी दोहोरो स्रेस्ता सच्याई एकीकृत दर्ता स्रेस्तालाई कायम गरिएको हो।

प्रकरण २ मा रिट निवेदकले उल्लेख गरेको नापीको समयमा चिहानडाँडा जनिएको भनी उल्लेख गरेबाट नै त्यो जग्गा सार्वजनिक हो भन्ने कुरामा रिट निवेदकको समेत मुख मिलिसकेको छ । विरह महलमा चिहानडाँडा लेखिएको जग्गा कुनै पनि संस्था वा व्यक्तिको हुन सक्दैन । यसै कार्यालयको मिति २०५१।२।२९ को निर्णयले उक्त जग्गा सरकारी सार्वजनिकको सूचीमा रहेको र भूमिसुधार तथा व्यवस्थापन विभागबाट २०६५ सालमा प्रकाशित पुस्तिकाको पेज नं.४९, सि.नं.१६७ मा सो जग्गा सरकारी सार्वजनिक जग्गाको सूचीमा रहेको । उक्त जग्गा गुठीकै भए तापनि कमाई गरी जोत भोग गर्ने किसानको मोही कुनै संस्था हुन सक्दैन । मोही भनेको जग्गा जोती खाने किसान हो । फिल्डबुकमा बौद्ध घ्याङ गुठी चिहानडाँडा उल्लेख भएको जग्गाको कमाई गर्ने विद्यालय होइन । जग्गा कमाउन विद्यालय स्थापना भएको हुँदैन । पवित्र शैक्षिक कर्मको लागि मात्र विद्यालयको स्थापना हुन्छ । जग्गा गुठीकै नाममा दर्ता भए तापनि विरह महलमा चिहानडाँडा उल्लेख भएपछि जग्गा नाप जाँच ऐन, २०१९ को दफा २ (च) र मालपोत ऐन, २०३४ को दफा २ (ख) ३ आकर्षित हुन्छ । यस्तो जग्गा ऐ. ऐनको दफा २४ को उपदफा १ अनुसार दर्ता वा आवाद गर्न मिल्दैन । यस्तो जग्गा दर्ता गराएमा स्वतः बदर हुने र दफा २९ बमोजिम सजाय हुने व्यवस्था छ ।

पवित्र कार्यको लागि स्थापना भएको शैक्षिक संस्थाले सार्वजनिक हितको कार्य गर्न विविध प्रक्रिया अवलम्बन गरी सरकारी जग्गा प्राप्त गर्न सक्दछ । मालपोत ऐन, २०३४ को दफा २४(१) प्रतिबन्धात्मक वाक्यांशअनुसार पनि सार्वजनिक प्रयोगको लागि उचित विधि र प्रक्रिया अवलम्बन गरे सरकारी जग्गा प्राप्त हुन सक्छ । तर सार्वजनिक जग्गा सरकारले समेत कुनै संस्था वा व्यक्तिलाई दिन सक्दैन । सरकारी जग्गा मात्र दिन मिल्छ ।

एकातर्फ सार्वजनिक जग्गा विद्यालयको नाममा दर्ता भएको देखिएको र अर्कोतर्फ सरकारी सार्वजनिक जग्गाको लगत एवं स्रेस्तामा कायम भई दोहोरो देखिन गएको हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय र निर्देशनसमेतका आधारमा विद्यालयको नाममा दर्ता भएको स्रेस्ता पुर्जा बदर गरी सरकारी सार्वजनिक मात्र कायम गर्ने यस कार्यालयको मिति २०७२।०८।१० को निर्णयको विरूद्ध उत्प्रेषणलगायत परमादेश जारी हुन सक्दैन । रिट निवेदकको निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मालपोत कार्यालय, सिन्धुपाल्चोकको यस अदालतमा परेको लिखित जवाफ ।

रिट निवेदकले जिकिर लिएको विषयमा आयोगमा पर्न आएको उजुरीका सम्बन्धमा कानूनबमोजिम अनुसन्धान सम्पन्न गरी संकलित प्रमाण र प्रचलित कानूनका आधारमा रिट निवेदकले विद्यालयको भनी जिकिर लिएको उक्त विवादित कि.नं.५३३ क्षेत्रफल १४-१३-३-३ को जग्गा सरकारी जग्गा देखिन आएको र उक्त सरकारी जग्गा कानूनविपरीत मेलम्ची घ्याङ नि.मा.वि. हेलम्बुको नाममा समेत दर्ता भई दोहोरो दर्ता भएको पुष्टि भएकोले मालपोत ऐन, २०३४ को दफा ७(३) बमोजिम उक्त दोहोरो दर्ता सच्याई सो जग्गा नेपाल सरकारको नाममा मात्र कायम गरी आयोगलाई जानकारी दिनु भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७२।६।२८ को निर्णयअनुसार आयोगको च.नं.७६६ मिति २०७२।७।१० को पत्रद्वारा मालपोत कार्यालय सिन्धुपाल्चोकमा लेखी पठाइएकोसम्म हो । आयोगले प्रचलित कानूनबमोजिम गरेको निर्णय तथा काम कारबाहीबाट रिट निवेदकको कुनै हक अधिकार हनन् हुने अवस्था नै नहुँदा आयोगलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको अख्तियार दुरूपयोग अनुसन्धान

आयोगको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

निवेदकले निवेदन पत्रको प्रकरण नं.२, मा नै उक्त हेलम्बु गा.वि.स. को क्षेत्रफल १४-१३-३-३ जग्गा साबिकदेखि बौद्धघ्याङ गुठीअन्तर्गतको जग्गा भएको स्वीकार गर्नु भएको छ र प्रकरण नं.१ मा विद्यालयको स्थापना २०४५ सालमा भएको उल्लेख गरेको देखिन्छ। गुठी संस्थान ऐन, २०३३ को दफा १९ ले छुट गुठीको हक दायित्व संस्थानमा सर्ने स्पष्ट व्यवस्था गरेको छ । खास जोताहा, किसानले मात्र मोहियानी हक प्राप्त गर्ने व्यवस्था सोही ऐनको दफा २७ ले गरेको छ। विपक्षी विद्यालय रहेको कुरा आफैँमा विवाद छैन, २०४५ सालमा स्थापित विद्यालयले मोही हक प्राप्त गर्ने एवं सोका आधारमा मालपोत ऐन, २०३४ को दफा ७ (१) क बमोजिम गठित समितिले निर्णय गरी दिनेसम्मको कार्य कानूनसम्मत देखिँदैन।

जिल्ला सिन्धुपाल्चोक साबिक तिम्बुघ्याङमूल गा.वि.स. हाल हेलम्बु गा.वि.स. वडा नं.६ कि.नं.५३ को ज.वि. १४-१३-३-३ को जग्गा श्री मेलम्ची घ्याङ गुठीको लगतअन्तर्गतको गुठी तैनाथी जग्गा हो। नापीका समयमा उक्त कित्ता चिहान डाँडा जनाई नापी भएछ । गुठी तैनाथी जग्गा मालपोत कार्यालय सिन्धुपाल्चोकको मिति २०६२।११।२ को निर्णयबाट घ्याङ नि.मा.वि.का नाममा रैतानी नम्बरीमा परिणत भएकोले उक्त निर्णय बदर गरी गुठी तैनाथी कायम गरिपाउँ भनी श्री बौद्धघ्याङ गुठीका अध्यक्ष श्री चिनिया लामाले मिति २०६७।२।१० मा गुठी केन्द्रीय कार्यालयमा निवेदन दिनु भएको हुँदा मालपोत कार्यालय सिन्धुपाल्चोकबाट भएको निर्णय सम्बन्धमा विपक्षी रिट निवेदकसमेतलाई बुझी उक्त विषयमा गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिमको प्रक्रियागत रूपमा कार्यविधिहरू चलिरहेको अवस्था विद्यमानता रहेको छ। अर्थात् गुठी संस्थानबाट उक्त सम्बन्धमा निर्णय हुन बाँकी नै रहेको छ। गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम गुठी घर जग्गा साबिकबमोजिम नै दर्ता गर्न सक्ने कानूनी व्यवस्थाअनुसार यस कार्यालयबाट उक्त व्यवस्थाको क्षेत्राधिकार ग्रहण गरी प्रक्रियामा रहेको छ । उक्त कि.नं.५३३ को नापी कार्यालय सिन्धुपाल्चोकको २०६६।११।१४ मा उतार फिल्डबुकमा चिहानडाँडा भनी उल्लेख भएको देखिन्छ भने नापी शाखा सिन्धुपाल्चोकबाट २०४३।११।२४ मा नापी भएको मिति उल्लेख गरी तयार फिल्डबुकमा मेलम्ची घ्याङ गुठी भन्ने देखिन्छ। एकै कार्यालयबाट प्राप्त फिल्डबुकमध्ये नापी हुँदाका बखत तयार फिल्डबुकमा फरक देखिएकोबाट पनि उक्त जग्गा गुठीको भन्ने विवाद छैन। उक्त गुठीको जग्गा तत्कालीन अवस्थामा मालपोत कार्यालयबाट विपक्षी विद्यालयको नाममा दर्ता गर्ने मालपोत ऐन, २०३४ को दफा ७क बमोजिमको समितिले दर्ता गर्दाकै अवस्थामा कानूनी त्रुटि देखिएकोले गुठीको जग्गा व्यवस्थापन गर्ने दायित्व विषयगत ऐनले नै गुठी संस्थानलाई दिएको छ । विवादित जग्गाको दर्ताको वैधता हेर्ने अधिकार गुठी संस्थानलाई भएकोसमेत देखिएकोबाट निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको आदेश जारी हुनुपर्ने होइन। रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको गुठी संस्थान केन्द्रीय कार्यालयको यस अदालतमा परेको लिखित जवाफ।

चिहानडाँडा उल्लेख भएको गुठीको जग्गालाई विद्यालयको लेटरप्याडमा उक्त जग्गा विद्यालयको हकभोग तिरोको भएकोले विद्यालयको नाममा मोही दर्ता गरिदिनु हुन अनुरोध गर्दछु भन्ने झुट्ठा बेहोराको सिफारिस लेखी दस्तखत गरी विद्यालयको तर्फबाट मिति २०६१/८/५ को सिफारिस गरिएको रहेछ। साथै तत्कालीन गा.वि.स. अध्यक्ष (सचिव) ले गा.वि.स. को लेटरप्याडमा उक्त जग्गा श्री मेलम्ची घ्याङ नि.मा. वि. को हकभोग जोतखन तिरोभित्रको भएकोले विद्यालयको नाममा दर्ता गरिदिनु हुन भनी जानाजानी चिहानको गुठी जग्गा विद्यालयले खनजोत गरेको भन्ने

झुट्ठा बेहोरा लेखी २०६१/८/७ मा च.नं.११५ को सिफारिस गरेका रहेछन्। अत: सबुद एवम् स्रोतविहीन जग्गाको सम्बन्धमा झुठा र नक्कली प्रमाण खडा गरी गुठीको जग्गा दर्ता गरेको पुष्टि हुँदाहुँदै त्यस्तो दर्ता बदर वातिल भएउपर हकै नभएको व्यक्तिको हक गयो भनी लिएको दाबी बदरभागी हुँदा बदर गरिपाऊँ। मालपोत कार्यालयले गरेको निर्णयउपर उपचारका लागि अन्य वैकल्पिक मार्ग हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गर्न मिल्ने हैन भन्नेसमेत बेहोराको बौद्ध घ्याङ गुठी केन्द्रीय कार्यालयको यस अदालतमा परेको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरियो। निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री श्यामराज ढुङ्गेल र विद्वान् अधिवक्ता श्री अभिषेक अधिकारीले सिन्धुपाल्चोक जिल्ला, हेलम्बु गा.वि.स. वडा नं.६ कि.नं.५३३ को जग्गा बौद्ध घ्याङ गुठीको जग्गा भई मन्त्रिपरिषद्को मिति २०६०।१०।२९ को निर्णयअनुसार निवेदक विद्यालयको नाममा मोहियानी दर्ता भएको थियो। तत्पश्चात् गुठी ऐनअन्तर्गत गुठी रैतान नम्बरीमा परिणत भई जग्गाधनी पुर्जासमेत प्राप्त भएकोमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रको आधारमा मालपोत कार्यालय सिन्धुपाल्चोकबाट मिति २०७२।८।१० मा विद्यालयको नामको दर्ता बदर गरी सरकारी दर्ता कायम गर्ने गरी निर्णय भएको हुँदा कानूनविपरीतको उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी विद्यालयकै नाउँमा दर्ता गर्न परमादेशसमेत जारी गरिपाउँ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

विपक्षी सरकारी कार्यालयका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री देवी खड्काले विवादित कि.नं.५३३ को सरकारी जग्गा कानूनविपरीत मेलम्ची घ्याङ नि.मा.वि.को नाममा समेत दोहोरो दर्ता भएकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७२।६।२८ र मालपोत कार्यालय सिन्धुपाल्चोकको मिति २०७२।८।१० को निर्णयबाट विद्यालयको नामको दर्ता बदर गरी सरकारी दर्ता कायम गर्ने गरी भएको निर्णय कानूनअनुरूप नै भएको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो। विपक्षी गुठी संस्थानका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ज्ञानेन्द्रराज पोखरेल र बौद्ध घ्याङ गुठीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री दिपेन्द्र थापाले विवादित जग्गा गुठी तैनाथी जग्गा भएकोले जग्गाको दर्ताको वैधता हेर्ने अधिकार गुठी संस्थानलाई भएको र गुठीको जग्गा हकै नभएको विद्यालयले दर्ता गरेको अवस्थामा निवेदकको हक गएको भन्ने निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तानुसारको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, सिन्धुपाल्चोक जिल्ला, हेलम्बु गा.वि.स. वडा नं.६ कि.नं.५३३ को क्षेत्रफल १४-१३-३-३ जग्गा नापीको बखतको फिल्डबुकमा जग्गाधनी महलमा बौद्ध घ्याङ गुठी, विरह महलमा चिहानडाँडा जनिएको जग्गाको मेलम्ची घ्याङ नि.मा.वि.ले मोहीको हैसियतमा बौद्धघ्याङ गुठीलाई कुत बुझाई रहेको र मन्त्रिपरिषद्को मिति २०६०।१०।२९ को निर्णयबाट विद्यालयको नाममा मोही दर्ता भएको र गुठी ऐनअन्तर्गत गुठी जग्गा कानूनबमोजिम रैतान नम्बरीमा परिणत भई विद्यालयले जग्गाधनी दर्ता प्रमाण पुर्जा प्राप्त गरेकोमा मालपोत कार्यालय सिन्धुपाल्चोकको मिति २०७२।८।१० को निर्णयबाट विद्यालयको नामको दर्ता बदर गरी सरकारी दर्ता कायम गर्ने गरी गरेको निर्णय उत्प्रेषणको आदेशले बदर गरी विद्यालयको नाउँमा दर्ता गर्न परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्ने रिट निवेदकको मुख्य निवेदन माग दाबी रहेको देखिन्छ।

३. विपक्षीहरूको लिखित जवाफ हेर्दा,

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट यस कार्यालयलाई लेखी आएको उक्त कि.नं.५३३ को सरकारी जग्गा कानूनविपरीत मेलम्ची घ्याङ नि.मा.वि. हेलम्बुको नाममा समेत दर्ता भई दोहोरो दर्ता भएको पुष्टि भएकोले मालपोत ऐन, २०३४ को दफा ७(३) बमोजिम उक्त दोहोरो दर्ता सच्याई सो जग्गा नेपाल सरकारको नाममा मात्र कायम गरी आयोगलाई जानकारी दिनु भनी निर्देशन आएबमोजिम यस कार्यालयको मिति २०७२।८।१० को निर्णयबाट उक्त जग्गा विद्यालयको नाममा रहेको स्रेस्ता पुर्जा बदर गरी अख्तियारको निर्देशन र निर्णय कार्यान्वयन गरी दोहोरो स्रेस्ता सच्याई एकीकृत दर्ता स्रेस्ता कायम गरिएको हो भन्नेसमेत बेहोरा मालपोत कार्यालय सिन्धुपाल्चोकबाट प्राप्त लिखित जवाफबाट देखिन्छ । यसैगरी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफमा आयोगमा पर्न आएको उजुरीका सम्बन्धमा कानूनबमोजिम अनुसन्धान सम्पन्न गरी संकलित प्रमाण र प्रचलित कानूनका आधारमा रिट निवेदकले विद्यालयको भनी जिकिर लिएको उक्त विवादित कि. नं. ५३३ क्षेत्रफल १४-१३-३-३ को जग्गा सरकारी जग्गा देखिन आएको र उक्त सरकारी जग्गा कानूनविपरीत मेलम्ची घ्याङ नि.मा.वि. हेलम्बुको नाममा समेत दर्ता भई दोहोरो दर्ता भएको पुष्टि भएकोले मालपोत ऐन, २०३४ को दफा ७(३) बमोजिम उक्त दोहोरो दर्ता सच्याई सो जग्गा नेपाल सरकारको नाममा मात्र कायम गरी आयोगलाई जानकारी दिनु भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७२।६।२८ को निर्णयअनुसार आयोगको च.नं. ७६६ मिति २०७२।७।१० को पत्रद्वारा मालपोत कार्यालय सिन्धुपाल्चोकमा लेखी पठाइएकोसम्म हो। आयोगले प्रचलित कानूनबमोजिम गरेको निर्णय तथा काम कारबाहीबाट रिट निवेदकको कुनै हक अधिकार हनन् हुने अवस्था नै नहुँदा आयोगलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोरा उल्लेख भएको पाइन्छ।

४. उक्त कि.नं.५३३ को नापी कार्यालय सिन्धुपाल्चोकको २०६६।११।१४ मा उतार फिल्डबुकमा चिहानडाँडा भनी उल्लेख भएको देखिन्छ भने नापी शाखा सिन्धुपाल्चोकबाट २०४३।११।२४ मा नापी भएको मिति उल्लेख गरी तयार फिल्डबुकमा मेलम्ची घ्याङ गुठी भन्ने देखिन्छ। एकै कार्यालयबाट प्राप्त फिल्डबुकमध्ये नापी हुँदाका बखत तयार फिल्डबुकमा फरक देखिएकोबाट पनि उक्त जग्गा गुठीको हो भन्ने विवाद छैन । उक्त गुठीको जग्गा तत्कालीन अवस्थामा मालपोत कार्यालयबाट विपक्षी विद्यालयको नाममा मालपोत ऐन, २०३४ को दफा ७क बमोजिमको समितिले दर्ता गर्दाकै अवस्थामा कानूनी त्रुटि देखिएकोले गुठीको जग्गा व्यवस्थापन गर्ने दायित्व विषयगत ऐनले नै गुठी संस्थानलाई दिएको छ । विवादित जग्गाको दर्ताको वैधता हेर्ने अधिकार गुठी संस्थानलाई भएकोसमेत देखिएकोबाट निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको आदेश जारी हुनुपर्ने होइन भन्नेसमेत बेहोरा गुठी संस्थान केन्द्रीय कार्यालयको लिखित जवाफ पाइन्छ।

५. उल्लिखित निवेदन र लिखित जवाफको समग्र अध्ययनबाट निवेदनमा दाबी लिइएको कि.नं.५३३ को जग्गा बौद्ध घ्याङ गुठी (छुट गुठी) अन्तर्गतको जग्गा भएकोमा विवाद देखिएन। उक्त गुठी जग्गामा निवेदक विद्यालयको नाममा मोहियानी दर्ता भएको र गुठी ऐनअन्तर्गत गुठी रैतान नम्बरीमा परिणत भई जग्गाधनी प्रमाण पुर्जासमेत तयार भएको देखिन्छ। गुठी जग्गालाई विद्यालयको नाममा दर्ता गराएको कार्य गैरकानूनी भयो भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परी छानबिन भई आयोगको मिति २०७२।६।२८ को निर्णयबाट नेपाल सरकारको नाममा दर्ता रहेको सार्वजनिक जग्गा कानूनविपरीत दोहोरो पारी मेलम्ची घ्याङ नि.मा.वि.को नाममा दर्ता

गरेको हुँदा मालपोत ऐन, २०३४ को दफा ७(३) बमोजिम ३ महिनाभित्र दोहोरो दर्ता सच्याई उक्त जग्गा नेपाल सरकारको नाममा मात्र दर्ता कायम गरी आयोगलाई जानकारी दिनु भनी मालपोत कार्यालय सिन्धुपाल्चोकलाई लेखी पठाएको र आयोगको सोही निर्णय निर्देशन कार्यान्वयन गरी मालपोत कार्यालय सिन्धुपाल्चोकबाट उक्त जग्गा नेपाल सरकारको नाउँमा दर्ता कायम राखी रिट निवेदक विद्यालयको दर्ता बदर गर्ने मिति २०७२।८।२० मा निर्णय भएको देखिन्छ।

६. अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई निर्णय गर्ने अधिकार नभएकोले मिति २०७२।६।२८ को निर्णय बदर हुनुपर्ने भन्ने रिट निवेदकको निवेदन जिकिरतर्फ विचार गर्दा, गुठी जग्गासँग सम्बन्धित गुठी संस्थान ऐन, २०३३ को दफा १९ मा छुट गुठीको हक दायित्व संस्थानमा सर्ने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत कि.नं.५३३ को गुठी तैनाथी जग्गा मालपोत कार्यालय सिन्धुपाल्चोकको मिति २०६२।११।२ को निर्णयबाट मेलम्ची घ्याङ नि.मा.वि.का नाममा दर्ता गर्ने गरेको निर्णयउपर परेको उजुरीका सम्बन्धमा रिट निवेदकसमेतलाई बुझी उक्त विषयमा गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम गुठी घरजग्गा साबिकबमोजिम नै दर्ता गर्न सक्ने कानूनी व्यवस्थाअनुसार प्रक्रियामा रहेको भन्ने गुठी संस्थानको लिखित जवाफमा उल्लेख भएको पाइन्छ । यसरी गुठी जग्गाका सम्बन्धमा गुठी संस्थानले निर्णय गर्न सक्ने अधिकार रहेको र उजुरीका सम्बन्धमा छानबिन प्रक्रियामा रहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्णय गरी उक्त जग्गा **"नेपाल सरकारका नाउँमा दर्ता गरी आयोगलाई जानकारी दिनु"** भनी निर्णय गरी मालपोत कार्यालयलाई पठाएको निर्देशन अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारभित्र नै पर्ने देखिदैंन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सरकारी सम्पत्ति संरक्षण गर्ने हेतु निर्देशन दिँदा पनि "यस्तो निर्णय गर्नु" भनेर किटान गरी दबाबमूलक ढंगले दिने पनि होइन। आफ्नो क्षेत्राधिकारभित्रको कार्यमा कानूनसम्मत ढंगबाट निश्चित प्रक्रिया अवलम्बन गरी क्षेत्राधिकार भएका निकायले नै आवश्यक कागजात प्रमाण बुझी सबै प्रक्रिया पूरा गरेर तथ्य र प्रमाणका आधारमा निर्णय गर्ने स्वतन्त्र अधिकार क्षेत्रलाई मिच्ने, संकुचन, नियन्त्रण एवं निर्देशित गर्ने हिसाबले निर्देशन दिने पनि होइन। क्षेत्राधिकार नाघेर निर्णय गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दिएको निर्देशनबमोजिम भएको काम कारबाही कानूनसम्मत देखिन आएन।

७. तसर्थ, माथि विवेचित आधार प्रमाणबाट गुठी संस्थान ऐन, २०३३ ले गुठी जग्गाको सम्बन्धमा निर्णय गर्ने अधिकार गुठी संस्थानलाई दिएको र सोहीअनुसार कानूनी कारबाही भइरहेको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७२।६।२८ मा नेपाल सरकारको नाममा मात्र दर्ता कायम गरी आयोगलाई जानकारी दिनु भन्ने निर्णय र सो निर्णयका आधारमा मालपोत कार्यालय सिन्धुपाल्चोकबाट मिति २०७२।८।१० मा गरेको निर्णय कानूनसम्मत नदेखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ।

८. प्रस्तुत विषय गुठी संस्थानको क्षेत्राधिकार को विषयवस्तु रहेको हुँदा अब गुठी संस्थान ऐन, २०३३ द्वारा प्रदत्त अधिकार प्रयोग गरी जो जे बुझ्नुपर्ने बुझी प्रस्तुत विषयमा कानूनबमोजिम निर्णय गर्नु भनी गुठी संस्थानका नाममा परमादेशको आदेश जारी गरिदिएको छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : शिवहरी पौड्याल
इति संवत् २०७४ साल चैत्र २८ गते रोज ४ शुभम्।

## निर्णय नं. १०२४१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
फैसला मिति : २०७६।२।२७
०७०-RB-००४०

मुद्दाः- बैंकिङ कसुर

पुनरावेदक / प्रतिवादी : का.जि.का.म.न.पा वडा नं. २७ घर भई हाल ऐ.ऐ. म्हैपी बस्ने दिल गोपाल धुजु श्रेष्ठको छोरी रघुराज बन्तको श्रीमती वर्ष ५४ की मन्दिरादेवी धुजु श्रेष्ठ

विरूद्ध

विपक्षी / वादी : सूर्यप्रसाद न्यौपानेको जाहेरीले नेपाल सरकार

- **खातामा चेकमा उल्लेख गरिएबमोजिम पर्याप्त रकम नभएको भन्ने चेक जारी गर्ने व्यक्तिलाई चेक जारी गर्ने बेलामा थाहा जानकारी भएको र उक्त तथ्य थाहा हुँदाहुँदै निजले दोस्रो व्यक्तिलाई रकम उल्लेख गरी चेक जारी गरेको हो भने त्यस्तो कार्य जानी जानी गरेको मान्नु पर्ने हुन्छ । वस्तुतः चेक जारी गरिने तर चेक भुक्तानी हुन नसक्ने अवस्थाको पूर्वजानकारीसहित चेक काट्ने तथा त्यसको आधारमा भुक्तानी लिने दिने कार्यले नै कसुरलाई स्थापित गर्ने नगर्ने सम्बन्धमा भूमिका खेल्ने ।**

(प्रकरण नं.३)

- **एउटै विषयवस्तुमा दुईतर्फ मुद्दा चल्न सक्ने नसक्ने विषयमा हेर्दा एउटा कार्यले एकभन्दा बढी कसुर कायम हुन सक्ने कानूनी व्यवस्था भएको स्थितिमा बाहेक एउटा कार्यको एउटै कसुर हुने हुन्छ । एउटा कसुरमा एउटा अदालतमा मुद्दा चलेपछि सोही कसुरका सम्बन्धमा अर्को अदालतमा मुद्दा चल्न सक्दैन र यदि मुद्दा चलेमा अभियुक्तलाई दुईपटक खतरामा पारेको मानिने ।**
- **कसैले कुनै व्यक्तिलाई रकम उल्लेख गरी चेक काटी दिएमा र उक्त चेकको रकम खाम्ने गरी खातामा पर्याप्त रकम नभएको अवस्थामा चेक फिर्ता भएको विषय एकै पटक ठगी र बैंकिङ कसुर दुईवटा कसुर हुन सक्ने नदेखिने ।**

(प्रकरण नं.६)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल

विपक्षी / वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहान

अवलम्बित नजिर :

- ने.का.प.२०७५, अंक ११, नि.नं.१०१३७, पृ.२०७९

सम्बद्ध कानून :

- बैंकिङ कसुर तथा सजाय ऐन, २०६४

पुनरावेदन तहमा फैसला गर्नेः-

मा. न्यायाधीश श्री सुरेन्द्रवीर सिंह बस्न्यात
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

तेस्रो न्यायाधीशः-

माननीय न्यायाधीश श्री यज्ञप्रसाद बस्याल
पुनरावेदन अदालत पाटन

फैसला

**न्या. अनिलकुमार सिन्हा :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम पुनरावेदन अदालत पाटनको, मिति २०६९।१२।१८ को फैसलाउपर पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठले बैंकमा लोनबापत सेवा शुल्क जम्मा गर्न मसँग रकम भएन लोन स्वीकृत भएपछि तपाइँको रकम फिर्ता गर्छु भनी मबाट पटकपटक गरी रू.१२,५०,०००।– लिएकोमा सेवा शुल्क जम्मा गरी लोन स्वीकृत गराई रकम झिकिसकेकोले मेरो रकम पटकपटक माग गर्दा सो रकम बराबरको चेक दिनु भएको र उक्त चेक लिई बैंकमा पेस गर्दा खातामा चेकमा खाम्ने रकम छैन भनी चेक फिर्ता भएको हुँदा प्रतिवादीलाई जानकारी गराई रकम माग्दा रकम नदिई चेक हरायो भनी रोक्काको निवेदन दिई जालसाजी गरेको हुँदा प्रतिवादीउपर कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको सूर्यप्रसाद न्यौपानेको जाहेरी दरखास्त।

म महाराजगञ्ज नर्सिङ क्याम्पसमा कार्यरत व्यक्ति हुँ । म आफ्नो काम विशेषले विभिन्न ठाउँमा गई राख्नुपर्ने भएकोले मैले आफ्नो दस्तखत गरी चेकहरूमा सीमित रकम उल्लेख गरी घरमा छाड्ने गरेको थिएँ । यस्तैमा मैले दस्तखत गरी छाडेको चेकहरू थान ४ हराएको जानकारी हुन आएपछि मैले मिति २०६९।५।२९ गतेका दिन बैंक अफ एसिया लि., न्युरोडमा सो चेकहरूको भुक्तानी रोक्काको लागि निवेदन दिँदा सो बैंकबाट रोक्का गरिएको जानकारी कागजसमेत दिएको र जाहेरवाला सूर्यप्रसाद न्यौपाने भन्ने व्यक्तिलाई मैले चिनेको छैन। निजसँग मेरो कुनै कारोबार पनि भएको छैन। निज व्यक्तिले मलाई फोन सम्पर्क गरी कहिले आफैँ भेटी मेरो रकम दिनु भनी रू.१२,५०,०००।– को चेकको फोटोकपी देखाएपछि मात्र मेरो हराएको चेकमध्ये एउटा चेक सोही भएको थाहा पाएकी हुँ भन्नेसमेत बेहोराको प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठको बयान।

मन्दिरादेवी धुजु श्रेष्ठको चेक नं. ००२४२३९९५ को चेक रोक्काको लागि मिति २०६९।५।२९ मा यस बैंकमा निवेदन प्राप्त भएको, उक्त चेक बागबजार शाखामा मिति २०६९।६।२६ मा पेस हुन आएकोमा सुरूमै उक्त चेकमा उल्लिखित गरिए बराबरको रकम खातामा मौज्दात नै नरहेको हुँदा चेक फिर्ता गरिएको भन्नेसमेत बेहोराको बैंक अफ एसिया लि. को पत्र।

जाहेरवाला सूर्यप्रसाद न्यौपाने मेरो चिनजानका व्यक्ति हुन् । प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठले बैंकमा लोनबापत सेवा शुल्क जम्मा गर्न रकम भएन लोन स्वीकृत भएपछि रकम फिर्ता गर्छु भनी जाहेरवालाबाट रू.१२,५०,०००।– लिएकी थिइन् । लोन स्वीकृत भएपछि पनि सो रकम फिर्ता नगरेपछि पटकपटक माग गर्दा मिति २०६९।६।२ मा बैंक अफ एसिया नेपाल लि. को रू.१२,५०,०००।– को चेक काटी दिएकोमा सो चेक भुक्तानीको लागि बैंकमा पेस गर्दा चेकले खाम्ने रकम खातामा छैन भनी बैंकले जानकारी गराएको र निज प्रतिवादीले ठगी गर्ने मनसायले चेक दिनुपूर्व नै चेक हराएको भनी बैंकमा निवेदन दिएको थाहा हुन आएको हो भन्नेसमेत बेहोराको कृष्णबहादुर खड्काको घटना विवरण कागज।

प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठले जाहेरवाला सूर्यप्रसाद न्यौपानेलाई रू.१२,५०,०००।– भुक्तानी दिन बैंक अफ एसियामा रहेको आफ्नो नाउँको खातामा पर्याप्त रकम छैन भनी जानीजानी भुक्तानीका लागि चेक काटी दिई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीउपर सोही ऐनको दफा १५(१) बमोजिम सजाय हुन मागदाबी लिइएको मिति २०६९।१०।४ को अभियोगपत्र।

जाहेरवाला सूर्यप्रसाद न्यौपानेसँग चिनजान

छैन । निजसँग मेरो कुनै कारोबार छैन । जाहेरी बेहोरा झुठा हो । मिसिल संलग्न बैंक अफ एसियाको चेकमा भएको दस्तखत मेरो हो । अरू लिपि मेरो होइन । मेरो चेक थान चार हराएको थियो । सो हराएको चेकमा मैले सही गरेकी थिएँ । २०६९।५।२९ मा भुक्तानी रोक्काको लागि बैंक अफ एसिया, न्युरोडमा निवेदन दिई भुक्तानी रोक्का गराएकी थिएँ । मैले खाता रोक्का राखेपछि यस मुद्दामा जाहेरी दिनेले रकम भुक्तानी गर् भनी फोनलगायतबाट धम्की दिन थाल्यो । त्यसपछि मेरो हराएको चेक निजले भेटेको भन्ने थाहा हुन आयो। मैले जाहेरवालालाई चेक जारी गरेको होइन। मैले चेक जारी नगरेको कारणबाट अभियोग दाबीअनुसार सजाय पाउनुपर्ने होइन । मैले सफाइ पाउनु पर्दछ भन्नेसमेत बेहोराको प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठले मिति २०६९।१०।४ मा पुनरावेदन अदालत पाटनमा गरेको बयान ।

तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठ कसुरदार देखिन आएको हुँदा निजउपर लिएको आरोपित कसुरसमेतलाई विचार गर्दा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुलुकी ऐन, अ.बं. ११८ को देहाय (५), (१०) नं. अनुसार रू.५,०००।– (पाँच हजार रूपैयाँ) नगद धरौट प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठबाट लिई पुर्पक्षको निमित्त तारेखमा राखी कारबाही गर्नू । उक्त धरौटी दिन नसके कानूनबमोजिम थुनुवा पुर्जी दिई थुनामा राखी कारबाही गर्ने गरी मुलुकी ऐन, अ.बं. १२४ (ग) बमोजिम यो आदेश पर्चा गरी दिएको छ । कानूनबमोजिम गर्नु भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०६९।१०।४ मा भएको थुनछेक आदेश ।

प्रस्तुत मुद्दा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) अनुसारको कसुरमा दायर हुन सक्ने अवस्था र प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गतको नभई विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क अनुसारको रहेको हुँदा अभियोगपत्र मागदाबी मुलुकी ऐन अ.बं.को १८० नं.बमोजिम खारेज हुने ठहर्छ भन्ने बेहोराको पुनरावेदन अदालत पाटनका माननीय न्यायाधीश श्री सुरेन्द्रवीर सिंह बस्न्यातज्यूको मिति २०६९।१०।२३ को राय ।

प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठले आरोपित कसुर गरेको देखिएकोले निजलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) को कसुरमा ऐ.ऐनको दफा १५(१) बमोजिम रू.५,०००।- (पाँच हजार) जरिवाना हुने ठहर्छ । मुद्दा खारेज गर्नु हुने माननीय न्यायाधीश श्री सुरेन्द्रवीर सिंह बस्न्यातज्यूको रायसँग सहमत नहुँदा प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ८ (४) र पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ११ बमोजिम तेस्रो न्यायाधीशको इजलाससमक्ष पेस गर्नु भन्ने बेहोराको पुनरावेदन अदालत पाटनका माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तानज्यूको मिति २०६९।१०।२३ को राय ।

प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा, प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठले जाहेरवाला सूर्यप्रसाद न्यौपानेसँग बैंकमा लोनबापत सेवा शुल्क जम्मा गर्न भनी रू.१२,५०,०००।– लिएको भनिएकोमा निजले बैक अफ एसियाबाट भुक्तानी पाउने गरी निजको खाताबाट उक्त रू.१२,५०,०००।– को चेक काटी दिएकोमा उक्त चेक बैंकमा गई भुक्तानी माग गर्दा रकम नै नभएको हुँदा भुक्तानी नभएको भन्ने कुरा बैंक अफ एसियाको चेक रिटर्न एड्भाइस तथा सक्कल चेकसमेतबाट देखिन्छ । प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतसमक्ष जाहेरवाला सूर्यप्रसाद न्यौपानेसँग चिनजान छैन, निजसँग मेरो कुनै कारोबार छैन मैले जाहेरवालालाई चेक जारी गरेको होइन भनी इन्कारी बयान गर्नुभएको भए तापनि यी प्रतिवादीले मिति २०६९।६।२ को बैंक अफ एसियाको रू.१२,५०,०००।- चेकमा मैले

सही गरेकी हुँ भनी चेकमा सही गरेको तथ्यमा साबित भई बयान गर्नु भएको अवस्था छ । यसरी अभियोग मागदाबीबमोजिमको कसुरमा निज प्रतिवादीले चेक काटी सो चेकमा सही गरेको कुरामा अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष साबित रही बयान गरेको र निजको बयानलाई बैंक अफ एसियाको चेक रिटर्न एड्भाइससमेतले पुष्टि गरिदिएकोले प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुर अपराध गरेको देखिन आयो । सो हुनाले प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर अपराध गरेको ठहर्छ । सो ठहर्नाले निजलाई सोही ऐनको दफा १५(१) बमोजिम रू.५,०००।– जरिवाना हुन्छ भनी व्यक्त गर्नु भएका माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तानको रायसँग मेरो सहमति हुँदा सोही रायलाई समर्थन गरी दिएको छ भन्ने बेहोराको माननीय न्यायाधीश श्री यज्ञप्रसाद बस्यालज्यूको मिति २०६९।१२।१८ को राय तथा ठहर।

म निवेदिका नर्सिङ क्याम्पस महाराजगञ्जमा अध्यापन गर्ने सहप्राध्यापक हुँ। म सोही कामसमेतको सिलसिलामा उपत्यकाबाहिरका नर्सिङ कलेजहरूमा परीक्षा लिन, कपी जाँच्नसमेतको काम विशेषले काठमाडौं बाहिर बारम्बार गइरहनु पर्ने भएकोले घरमा पैसाको गर्जो टार्न चेकहरूमा दस्तखत गरी घरमा छोडी जाने गरेको थिएँ। यस्तैमा मैले दस्तखत गरी छोडेको ४ थान चेकहरू हराएकोले मिति २०६९।५।२९ मा बैंक अफ एसिया, न्युरोडमा भुक्तानी रोक्काको लागि निवेदन दिएकोमा विपक्षी जाहेरवाला सूर्यप्रसाद न्यौपानेले के, कसरी, कहाँबाट चेक नं.००२४२३९९५ को चेक लिई मेरो दस्तखतबाहेकको मिति २०६९।६।२ नाम सूर्यप्रसाद न्यौपाने रकम रू.१२,५०,०००।- र अंकमा लेखी लेखाई उक्त बैंकको बागबजार शाखाबाट चेक फिर्ता गरी गराई मिति २०६९।९।९ मा मुलुकी ऐन ठगीको महलबमोजिम कसुर गरेकोले ऐ. को ४ नं. बमोजिम सजाय गरी रू.१२,५०,०००।- र हर्जाना दिलाई पाउँ भन्ने जाहेरी दिएको हुँदा मिति २०६९।१०।२ मा का.जि.अ. मा सूर्यप्रसाद न्यौपानेको जाहेरीले नेपाल सरकार वादी म पुनरावेदिकालाई प्रतिवादी बनाई द.नं.८६८ को ठगी मुद्दा दायर भएको हो। साथै मिति २०६९।१०।४ मा पुनरावेदन अदालत पाटनको वाणिज्य इजलाससमक्ष सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १८ अन्तर्गत बैकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा ऐ. को दफा १५(ख) बमोजिम सजाय गरिपाउँ मागदाबीसहित अभियोग पत्र पेस हुँदा उक्त अदालतबाट रू.५,०००।- जरिवाना हुने ठहर्‍याई फैसला भएको र का.जि.अ. मा मिति २०७०।९।.... को पेसी तारेख तोकी पाएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(६) बमोजिम एकै कसुरमा एकपटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने संवैधानिक हकविपरीत भई बदरभागी छ भन्नेसमेत बेहोराको प्रतिवादी मन्दिरादेवी धुजुको यस अदालतसमक्ष परेको मिति २०७०।९।१६ को पुनरावेदन पत्र।

यसमा प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गतको नभई विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क अन्तर्गत देखिएको अवस्थामा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको १५(१) बमोजिम जरिवाना हुने ठहर्‍याई सजाय भएको देखिएको र सोही विषयमा ठगी मुद्दामा समेत अभियोग लागि सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम चेक अनादर मुद्दामा परिणत भएको देखिएको स्थितिमा पुनरावेदन अदालत पाटनको मिति २०६९।१२।१८ गतेको फैसला विचारणीय देखिँदा छलफलको लागि मुलुकी ऐन अ.बं. २०२ नं. को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार गर्नु भन्ने बेहोराको यस

अदालतबाट मिति २०७४।९।३ मा भएको आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालले जाहेरवालाले जाहेरी दिएपश्चात् काठमाडौं जिल्ला अदालतमा ठगी मुद्दा दर्ता गरियो भने सोही विषयमा बैंकिङ कसुर मुद्दा वाणिज्य इजलासमा समेत दर्ता गरिएको हुँदा एउटै विषयमा दुईतर्फ मुद्दा चलाइएको अवस्था छ । काठमाडौं जिल्ला अदालतमा ठगी मुद्दा चलाइसकेपछि प्रस्तुत बैंकिङ कसुर मुद्दा चल्ने अवस्था हुँदैन । एउटै विषयमा दुईतिर मुद्दा चलाउँदा दोहोरो खतराको सिद्धान्त आकर्षित भएको अवस्था रहेको हुनाले पुनरावेदकलाई सजाय गर्ने गरी भएको पुनरावेदन अदालत पाटन, वाणिज्य इजलासको फैसला उल्टी हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

प्रत्यर्थी / विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहानले प्रतिवादीले जारी गरेको चेक बाउन्स भएको अवस्था छ । प्रतिवादीले उक्त चेकको हस्ताक्षर आफ्नो हो भनी अदालतमै बयान गर्दा स्वीकार गरेका छन् । यसप्रकार आफ्नो खातामा पर्याप्त रकम छैन भन्ने जानी जानी जाहेरवालालाई चेक काटेर दिएको र उक्त चेक खातामा पर्याप्त रकम नभएको भनी फिर्ता भएको हुँदा प्रतिवादीले बैंकिङ कसुर तथा सजाय निर्धारण ऐन, २०६४ को दफा ३ (ग) बमोजिमको कसुरजन्य कार्य गरेको पुष्टि हुन्छ । अतः प्रतिवादीलाई सजाय गर्ने गरी भएको पुनरावेदन अदालत पाटन, वाणिज्य इजलासको फैसला सदर हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो।

यसमा मबाट पटकपटक गरी प्रतिवादी मन्दिरादेवी धुजुले १२,५०,०००।- लिएकी हुँदा पछि मैले आफूले दिएको रकम पटकपटक माग गर्दा सो रकम बराबरको चेक दिएकी हुन् । उक्त चेक लिई बैंकमा पेस गर्दा खातामा चेकमा खाम्ने रकम छैन भनी चेक फिर्ता भएको हो । यस सम्बन्धमा प्रतिवादीलाई जानकारी गराई रकम माग गर्दा रकम नदिई चेक हरायो भनी चेक रोक्काको निवेदन दिएको रहेछ भन्ने बेहोराको सूर्यप्रसाद न्यौपानेको जाहेरी दरखास्त रहेको देखिन्छ । जाहेरवाला सूर्यप्रसाद न्यौपानेसँग चिनजान छैन । निजसँग मेरो कुनै कारोबारसमेत छैन । जाहेरी बेहोरा झुट्टा हो । मैले सही गरेर राखेको चार थान चेक हराएको थियो । २०६९।५।२९ मा भुक्तानी रोक्काको लागि बैंक अफ एसिया, न्युरोडमा निवेदन दिई भुक्तानी रोक्का गराएकी थिएँ । मेरो हराएको चेकबाट नै जाहेरवालाले उजुरी गरेका हुन् भन्ने प्रतिवादी मन्दिरादेवी धुजुको बयान जिकिर रहेको देखिन्छ।

प्रतिवादी मन्दीरादेवी धुजुउपर बैकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर मा ऐ.ऐनको दफा १५(१) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी रहेकोमा पुनरावेदन अदालत पाटनबाट प्रतिवादीलाई रू.५,०००।- जरिवाना हुने गरी भएको मिति २०६९।१२।१८ को फैसलाउपर प्रतिवादीको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

उल्लिखित तथ्य, पुनरावेदन जिकिर तथा वादीका तर्फबाट प्रस्तुत हुन आएको बहससमेतको सन्दर्भमा पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ छैन ? र प्रतिवादीको प्रस्तुत पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. प्रतिवादी मन्दिरादेवी धुजु श्रेष्ठले पेस हुन आएको चेक मैले जारी गरेको होइन भन्ने जिकिर लिए पनि उक्त चेकको हस्ताक्षर आफ्नो नै रहेको स्वीकार गरेको देखिन्छ । जाहेरवालाले निज प्रतिवादीले ठगी गर्ने मनसायले पहिले चेक रोक्का राखी मलाई चेक जारी गरेको रहेछ भनी दिएको जाहेरी बेहोरा तथा जाहेरी बेहोरालाई समर्थन गर्ने गरी भएको कृष्णबहादुर

खड्काको घटना विवरण कागजलाई हेर्दा प्रतिवादीले चेक रोक्काको निवेदन दिएको देखिए तापनि चेक हराएको वा रोक्का निवेदन दिएपश्चात् चेक जारी गरिएको भन्ने विषय विवादित नै रहेको देखिन्छ।

३. चेक भुक्तानी नभई फिर्ता भएको सम्बन्धमा तत्काल प्रचलनमा रहेको कानूनी प्रावधानलाई हेर्दा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को ३(ग) ले आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानी जानी चेक काटी भुक्तानी लिने वा दिने कार्य गर्न नहुने भन्ने व्यवस्था निर्दिष्ट गरेको छ। उक्त कानूनी प्रावधानबमोजिम कसुर हुन जानी जानी चेक जारी गरिएको हुनुपर्छ र सोहीबमोजिम भुक्तानी लिने र दिने कार्य भएको हुनुपर्ने देखिन्छ। उक्त प्रावधानको "जानी जानी" शब्दले व्यक्तिको मनसायलाई निर्दिष्ट गर्दछ। खातामा चेकमा उल्लेख गरिएबमोजिम पर्याप्त रकम नभएको भन्ने चेक जारी गर्ने व्यक्तिलाई चेक जारी गर्ने बेलामा थाहा जानकारी भएको र उक्त तथ्य थाहा हुँदाहुँदै निजले दोस्रो व्यक्तिलाई रकम उल्लेख गरी चेक जारी गरेको हो भने त्यस्तो कार्य जानी जानी गरेको मान्नु पर्ने हुन्छ। वस्तुतः चेक जारी गरिने तर चेक भुक्तानी हुन नसक्ने अवस्थाको पूर्वजानकारीसहित चेक काट्ने तथा त्यसको आधारमा भुक्तानी लिने दिने कार्यले नै कसुरलाई स्थापित गर्ने नगर्ने सम्बन्धमा भूमिका खेल्दछ।

४. उपर्युक्त दफा ३ (ग) मा उल्लेख भएको बैंकिङ कसुर हुनको लागि आफ्नो खातामा पर्याप्त रकम छैन भन्ने जानकारी हुँदाहुँदै चेक काटिएको हुनुपर्ने र चेकमा उल्लिखित रकम निजको खातामा मौज्दात नभएपनि उक्त चेकअनुसारको रकमको भुक्तानी लिएको दिएकोसमेत हुनुपर्ने अवस्था रहेबाट चेक काटिएको रकमको भुक्तानी लिँदा दिँदा बैंकका कर्मचारीसमेत संलग्न हुने हुँदा बैंकका कर्मचारी संलग्न नभएको अवस्थामा एकतर्फी चेक काटिएको आधारमा मात्र बैंकिङ कसुर हुन सक्ने देखिँदैन भनी ने.का.प. २०७५, अंक ११, नि.नं. १०१३७, पृ.२०७९ मा प्रकाशित बैंकिङ कसुर र सजाय ऐन, २०६४ को दफा ३(ग) को व्याख्याले यही अवधारणालाई अंगीकृत गरेको छ । उक्त व्याख्याबमोजिम आफ्नो खातामा पर्याप्त रकम छैन भन्ने जानकारी हुँदाहुँदै चेक काटिएको हुनुपर्ने, सोहीबमोजिम चेकको भुक्तानी लिनु दिनु भएको हुनुपर्ने देखिन्छ, यस्तो भुक्तानी लिँदा दिँदा बैंकका कर्मचारीको संलग्नताविना हुन नसक्ने भएकोले त्यसरी भुक्तानी लिएको अवस्थामा मात्र बैंकिङ कसुर हुन सक्ने कानूनी व्यवस्था देखिन्छ।

५. प्रस्तुत मुद्दाका अन्य पाटाहरूलाई केलाउँदा सूर्यप्रसाद न्यौपानेको जाहेरी परेपछि काठमाडौं जिल्ला अदालतमा नेपाल सरकारको तर्फबाट ठगी मुद्दा चलाइएको र सोही विषयमै बैंकिङ कसुरतर्फ पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरेको देखिन्छ । काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।१२।३० मा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम उक्त मुद्दा चेक अनादर मुद्दामा परिणत हुने ठहरी फैसला भएको देखिन्छ । यसबाट प्रस्तुत मुद्दाका जाहेरवालाले एकै विषयमा दुईवटा मुद्दा चलाउन अग्रसर भएको र अभियोजन पक्षले पनि एकै विषयमा दुई अदालतमा मुद्दा दायर गरेको पाइयो । अभियोजन पक्षले यस विषयमा सदनियतले काम गरेको अनुभूति हुँदैन। कुन मुद्दा कहाँ चल्ने वा नचल्ने भन्ने ज्ञान राख्नु अनुसन्धानकर्ता र अभियोजन पक्षबाट अपेक्षित हुन्छ।

६. यसरी एउटै विषयवस्तुमा दुईतर्फ मुद्दा चल्न सक्ने नसक्ने विषयमा हेर्दा एउटा कार्यले एकभन्दा बढी कसुर कायम हुन सक्ने कानूनी व्यवस्था भएको स्थितिमा बाहेक एउटा कार्यको एउटै कसुर हुने हुन्छ । एउटा कसुरमा एउटा अदालतमा मुद्दा चलेपछि सोही कसुरका सम्बन्धमा अर्को अदालतमा मुद्दा चल्न सक्दैन र यदि मुद्दा चलेमा अभियुक्तलाई दुई पटक खतरामा पारेको मानिने भई फौजदारी

न्यायको सर्वमान्य सिद्धान्त दोहोरो खतराको सिद्धान्त (Principle of double jeopardy) को विपरीत समेत हुन जान्छ। कसैले कुनै व्यक्तिलाई रकम उल्लेख गरी चेक काटी दिएमा र उक्त चेकको रकम खाम्ने गरी खातामा पर्याप्त रकम नभएको अवस्थामा चेक फिर्ता भएको विषय एकै पटक ठगी र बैंकिङ कसुर दुईवटा कसुर हुन सक्ने देखिँदैन। मुलुकी ऐन, ठगीको महल र बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ समेतले एकै विषयमा दोहोरो कसुर कायम गरेकोसमेत देखिँदैन। अतः जाहेरवालाले लिएको जिकिरका सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा ठगी मुद्दासमेत दायर भई चेक अनादरतर्फ परिणत भइसकेको तथा चेक अनादर मुद्दाबाट न्याय निरूपण हुने नै हुँदा बैंकिङ कसुरतर्फ कसुर कायम गरी प्रतिवादीलाई सजाय हुने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६९।१२।१८ को फैसला मिलेको देखिन नआएकोले फैसला उल्टी भई प्रतिवादीले सफाइ पाउने ठहर्छ।

तपसिल खण्ड

प्रतिवादीले मिति २०६९।१०।४ मा र.नं. ५०९ बाट पुनरावेदन अदालत पाटनमा राखेको धरौटी रू.५,०००।- (पाँच हजार) निजले नियमानुसार फिर्ता माग्न आएमा फिर्ता गरिदिनु भनी उच्च अदालत पाटनमा लेखी पठाउनू ....................................१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ...........................१

उक्त रायमा सहमत छु।
न्या. दीपककुमार कार्की

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल
इति संवत् २०७६ जेठ २७ गते रोज २ शुभम्।

§§ 📖 §§

## निर्णय नं. १०२४२

**प्रस्तुत मुद्दामा गोपनीयताको लागि पीडित र परिवारको सदस्यको नाममा ................ राखिएको छ।**
**- सम्पादक**

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
फैसला मिति : २०७५।११।२६

मुद्दा: मानव बेचबिखन तथा ओसारपसार

०७२-CR-१०५१

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला शिखरबेसी गा.वि.स. वडा नं.३ घर भई हाल कारागार कार्यालय नुवाकोटमा रहेको वसन्त परियार

विरूद्ध

विपक्षी / वादी : भैरवबहादुरको जाहेरीले नेपाल सरकार

०७२-CR-१९२४

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला शिखरबेसी गा.वि.स. वडा नं.३ घर भई हाल कारागार कार्यालय रसुवामा थुनामा रहेको कान्छा भन्ने रवि नेपाली

विरूद्ध

विपक्षी / वादी : भैरवबहादुरको जाहेरीले नेपाल सरकार

०७२-CR-१९३१

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला उर्लेनी गा.वि.स. वडा नं. ९ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा थुनामा रहेको मनोज परियार

विरूद्ध

विपक्षी / वादी : भैरवबहादुरको जाहेरीले नेपाल सरकार

- **प्रतिवादीले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी alibi को जिकिर लिन्छ भने सो जिकिरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्तउपर नै रहन्छ । त्यस्तो alibi को जिकिर तथ्यपरक, निश्चयात्मक तथा लिखित प्रमाणबाट समर्थित हुनसके मात्र सो जिकिर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुनसक्ने हुन्छ र सो जिकिर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकिर लिने व्यक्तिको विरूद्ध नै प्रमाण लाग्ने ।**

(प्रकरण नं.७)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री राजन अधिकारी र श्री भिमप्रसाद ढकाल

विपक्षी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

- ने.का.प.२०६९, अंक १०, नि.नं.९०६४

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

सुरू फैसला गर्ने :

मा. जिल्ला न्या. श्री किरणप्रसाद शिवाकोटी
नुवाकोट जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने:

माननीय न्यायाधीश श्री मोहनबहादुर कार्की
माननीय न्यायाधीश श्री मनोजकुमार शर्मा
पुनरावेदन अदालत पाटन

फैसला

**न्या.दीपककुमार कार्की :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ:

नुवाकोट जिल्ला, नर्जामण्डप गा.वि.स. वडा नं.७ घर भई हाल नुवाकोट जिल्ला, थानसिङ गा.वि.स वडा नं.८ माइतीघरमा बस्दै आएकी मेरी बहिनी अं. वर्ष २७ की ............. र निजको छोरी तथा मेरा भान्जीहरू ............. र .............समेत जना ३ लाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारसमेत एकआपसमा मिली मिति २०६८।१२।१२ गते आफू बसेको स्थानबाट भारतमा लगी बिक्री गरेका हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने पीडितको सहोदर दाजु भैरवबहादुर नेपालीको जाहेरी दरखास्त ।

मिति २०६९।०५।१६ गते (1st Sep 2012) राति २२:५६ बजेको समयमा ९१९६५४३६८४१९ नम्बरको भारतीय मोबाइलबाट पीडितकी दिदी नाता पर्ने सरस्वती नेपालीले प्रयोग गर्ने गरेको ९८०३९७९८२५ नम्बरको मोबाइलमा भएको कुराकानीको कल विवरण ।

प्रतिवादीहरू वसन्त परियार र रवि नेपाली मेरा पहिलेदेखिका चिनजानका साथी हुन् । मिति २०६८ साल चैत्र महिनामा वसन्त परियारसँग कुराकानी हुँदा निजले गाउँमा कोही केटी भएमा भारतमा लगी बिक्री गर्ने कुरा बताएका थिए । मिति २०६८।१२।१० गते म र वसन्त परियार पीडित ............. को माइती घरमा गयौं र पीडितलाई भारत लगी राम्रो काममा लगाइदिने भनी ललाई फकाई गरेका हौं । मिति २०६८।१२।१२ गते नुवाकोटको रानीपौवा भन्ने स्थानमा वसन्त परियार, कान्छा भन्ने

रवि नेपाली र ............. तथा निजका छोरीहरूसँग भेटी त्यहाँबाट एउटै गाडीमा गएमा मानिसहरूले शंका गर्छन् भनी हामीहरू छुट्टाछुट्टै बसबाट काठमाडौं गयौं। सोको भोलिपल्ट अर्थात् मिति २०६८।१२।१३ गते हामीहरू सबैजना बसपार्कबाट महेन्द्रनगर जाने बसमा चढी अर्को दिन मिति २०६८।१२।१४ गते महेन्द्रनगरको होटलमा बसी भोलिपल्ट अं.१६:०० बजेतिर भारतको दिल्ली जाने गाडीमा चढी दिल्ली गएका थियौं। दिल्लीमा .............का बच्चाहरूलाई सिमला नाम गरेको एक जना महिलाको घरमा पुऱ्याएपछि सिमला र वसन्तबिच खासखुस कुराकानी भयो। त्यसपछि वसन्तले काम भयो, अब हामी जाउँ भनी हामीलाई दिल्लीको बसपार्कनजिक आनन्द बिहार भन्ने ठाउँमा लगी .............लाई बिक्री गरेबापत भा.रू. १०,०००।- लिएको छु भनी वसन्तले मलाई र कान्छा भन्ने रविलाई रू.२,५००।- का दरले रकम दिए। उक्त रकम म र मेरो साथी भारतबाट फर्कँदा सकियो। निज पीडित र पीडितका बच्चाहरूलाई मसमेतले भारतसम्म पुऱ्याई निजलाई बेचबिखन गरेका हौं भन्ने बेहोराको प्रतिवादी मनोज परियारले अनुसन्धान अधिकारीसमक्ष गरिदिएको बयान।

मलाई मिति २०६८।१२।११ गते अं.१४:०० बजेको समयमा मेरो साथी वसन्त परियारले फोन गरी आफू र मनोज परियार पीडितको माइतीघरमा गएका थियौं। अर्को दिन मिति २०६८।१२।१२ गते निज पीडितसँग नुवाकोटको रानीपौवामा भेटघाट गरी हामीहरू सँगै काठमाडौं जाने कुराकानी भएको छ, तिमी पनि जानुपर्छ भनी मलाई बताए। वसन्तले भनेबमोजिम २०६८।१२।१२ गते बिहान रानीपौवा बजारमा जाँदा वसन्त र ............. निजका स-साना छोरीहरू र मनोज परियारसँग भेटघाट भयो। हामीहरू एकै गाडीमा गएमा मानिसहरूले शंका गर्छन् भनी वसन्त परियारले बताएपछि हामीहरू छुट्टाछुट्टै गाडीबाट काठमाडौं गयौं। सोको भोलिपल्ट मिति २०६८।१२।१३ गते हामीहरू म, वसन्त, मनोज, पीडित र निजको छोरीहरू महेन्द्रनगर जाने बसमा चढी अर्को दिन २०६८।१२।१४ गते महेन्द्रनगरको होटलमा बस्यौं। सोको भोलिपल्ट अं.१६:०० बजेको समयमा भारतको दिल्ली जाने गाडीमा चढी दिल्ली गएका थियौं । उक्त स्थानमा पीडित र पीडितका छोरीहरूसमेतलाई सिमला नाम गरेकी एकजना महिलाको घरमा पुऱ्याएपछि निज महिलासँग वसन्तले खासखुस कुराकानी गरेका थिए । सोको केही समयपश्चात् मेरो सामुन्ने वसन्तले निज महिलासँग पैसा लिइसकँ, अब हामी जाउँ, हाम्रो काम भयो भनी हामीहरूलाई बताए। वसन्तले म र मनोज परियारलाई दिल्लीको बसपार्क नजिक आनन्दबिहार भन्ने ठाउँमा लगी पीडित .............लाई बिक्री गरेको, सिमला भन्ने महिलासँग भा.रू.१०,०००।- रकम लिएको छु भनी बताई हामी २ जनालाई रू.२५००।- का दरले रकम दिएका हुन्। उक्त रकम म र मेरो साथी मनोज परियार भारतबाट घर आउँदा सकियो। निज जाहेरवालाकी बहिनी र निजका २ स-साना छोरीहरूलाई मसमेतले भारतसम्म पुऱ्याएर निजलाई बेचबिखन गरेको हो भन्ने बेहोराको प्रतिवादी कान्छा भन्ने रवि नेपालीले अनुसन्धान अधिकारीसमक्ष गरिदिएको बयान।

मिति २०६८।१२।१२ गते म काठमाडौंको ठमेलस्थित एभरेष्ट कलेजमा काम गरी बसेको थिएँ। उक्त दिन ............. तथा निजका स-साना २ जना छोरीहरू हराएका छन्। काठमाडौं आएका छन् कि छैनन् ? भनी गाउँबाट फोन गरेपछि घटनाबारे थाहा पाएकी हुँ। सोपश्चात् मैले आफन्तहरूसँग बुझ्दा कहीँकतै पनि फेला परेनन् र खोजतलासको लागि प्रहरीमा समेत खबर गरेकी हुँ । पछि आफन्तबाट सुनेअनुसार २०६८।१२।१२ गते मनोज परियार, वसन्त परियार र कान्छा भन्ने रवि नेपालीसमेत सँगै हिँडेको देखेको सुनेको हुँदा बुझ्नको लागि मनोज परियारको कोठामा जाँदा नभेटेको हुँदा कहीँकतै मनोज

परियारसमेतका मानिसहरूले भवानीलाई नराम्रो गरेका छन् कि भनी बुझ्दै जाने क्रममा मिति २०६९।०५।१६ गते राति सुत्ने तरखर गरिरहेको बेलामा विदेशी नम्बर ९१९६५४३६८४१९ बाट मैले प्रयोग गरेको मोबाइल नम्बर ९८०३९७९८२५ मा फोन आयो र कुरा गर्दा टावरमा डिष्टर्ब भएको कारण स्पष्ट सुनिएन तर निजले **"म ............. बोलेको हो। मलाई मनोज परियारसमेतका मानिसहरूले भारतमा पुऱ्याएको हो"** भन्ने कुरा चाहिँ स्पष्ट सुनेको हुँ। हाल ............. हराएको सम्बन्धमा बुझ्दै जाँदा प्रतिवादीहरूसमेतले निज ............. र निजका छोरीहरूलाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी भारतमा लगी बेचेको भन्ने बुझिन आयो । निज प्रतिवादीहरूलाई कानूनबमोजिम कारबाही गर्नुपर्दछ भन्नेसमेत बेहोराको बुझिएका मानिसहरू सरस्वती नेपाली र सोही बेहोरासँग मिल्दोजुल्दो राजकुमार नेपाली, राजकुमार परियारसमेतले गरिदिएको एकैमिलानको घटना विवरण कागज।

मिसिल संलग्न जाहेरी दरखास्तको बेहोरा, मोबाइल नम्बर ९८०३९७९८२५ को कल विवरण, प्रतिवादीहरूको बयान र बुझिएका मानिसहरूले गरिदिएको घटना विवरण कागजसमेतका कागजातहरूको अध्ययनबाट प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारले पीडित ............. र निजका दुईजना छोरीहरूलाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी भारतसम्म ओसारपसार गरी सिमला तामाङको जिम्मा लगाई बिक्री गरेको पुष्टि हुनआएको हुँदा निज प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ३(१) विपरीत दफा ३(१), दफा ४(१) को (क) र दफा ४ को (२), दफा ४(२) को (क) अनुसारको कसुर भएकाले निजहरूलाई सोही ऐनको दफा १५(१) को (क)(ङ) तथा ऐ. दफा १५(१)(ङ) को (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट पीडितहरूलाई क्षतिपूर्ति दिलाई पाउँ भन्नेसमेत बेहोराको अभियोग मागदाबी।

जाहेरी दरखास्तको बेहोरा पढिबाची सुनाउँदा सुनिपाएँ। वसन्त परियार र कान्छा भन्ने रवि नेपालीको घर पनि सिखरबेसी हो। वसन्त परियारले म काठमाडौंमा इनार खन्ने काम गरिरहेको अवस्थामा आएर ककनी जाउँ भनेपछि दुवै जना ककनी आयौँ र त्यहाँ रविसँग भेट गरी म र वसन्त हराएको भनिएकी केटी भवानीको घरमा गयौं । एकरात त्यहीँ बसी भोलिपल्ट म ससुराली गई श्रीमतीलाई लिई काठमाडौं गएको हो। त्यसपछि मैले वसन्तलाई काठमाडौंमा नै भेटेको हो । केटीलाई वसन्तले ककनीमा बोलाएको रहेछ। म वसन्त र विशाल भन्ने दाइ ककनीमा आई म र पीडित, निजका छोरीहरू एउटा गाडीमा काठमाडौं गयौं । वसन्त र रवि अर्को गाडीमा डेढ घण्टापछि काठमाडौं आए। भोलिपल्ट वसन्त परियारले रविसँग रू.८०००।- लियो र वसन्तको सल्लाहबमोजिम बसमा चढी भारत जान भनी महेन्द्रनगर पुगेपछि त्यहीँ बस्यौं र त्यसपछि रिक्सा चढी बोर्डर पार गरेको हो । वनवासा भन्ने ठाउँमा पुगेपछि वसन्तले बसको टिकट काट्यो र बसमा चढेपछि आनन्दबिहार भन्ने ठाउँमा पुग्यौं । त्यहाँ उसको भाइको होटलमा बस्यौं। त्यसदिन म, वसन्त र रवि दिनभरि घुम्न गयौं र त्यसको बेलुकातिर वसन्तले मलाई र रविलाई आकासे पुलमा छाडी भाइको होटलमा जान्छु भनी गए। २०-२५ मिनेटपछि फर्की हामीहरूलाई जनही रू.२५००।- रूपैयाँ दिई एकछिनपछि आउँछु भनी गयो। त्यसपछि वसन्त परियार आउँदै आएन। हामी अलपत्रमा पऱ्यौं र १ जना नेपाली मान्छेले हामीलाई ट्याम्पुमा राखी आनन्द बिहार भन्ने ठाउँमा ल्याई बस चढाई पठाएको हो। ............. र निजका छोरीहरूलाई मसमेत भई भारतसम्म सँगै गएको हो र वसन्तको भाइको होटलमा

राखेको थियो । त्यहाँबाट कहाँ लग्यो के गर्‍यो थाहा भएन भनी प्रतिवादी मनोज परियारले सुरू अदालतमा गरिदिएको बयान कागज।

जाहेरी दरखास्तको बेहोरा पढिबाची सुनाउँदा सुनिपाएँ यसमा म ककनीमा ढुङ्गा फुटाउने काम गर्ने गरेको थिएँ। गाउँको छिमेकी वसन्त परियारलाई राम्ररी चिन्दछु । यस्तैमा निजले मलाई मैले विवाह गरी ल्याएको छु, मेरो भाइ भारतमा होटल गरी बसेको छ, त्यहाँ पुग्न पैसा भएन तिमीलाई त्यहाँ भारत पुगेपछि २-४ हजार थपेर दिन्छु भनेकोले चिनेको हुँदा साहुसँग ढुङ्गा फुटाएको रू.८०००।- मागेर त्यही पैसा वसन्तलाई दिएँ र घुम्न पनि पाइन्छ, पैसा बढी पनि पाइन्छ भनेकाले मैले नचिनेकी आइमाई १ र निजका बच्चाहरू २ जना र वसन्त म र मामाको छोरा मनोजसमेत ककनीबाट काठमाडौं गयौं। काठमाडौंमा एकरात बसी भोलिपल्ट नाइट बसमा इन्डिया गएका हौं। त्यहाँ पुगेपछि वसन्तले केटीहरू लिएर कहाँ गयो थाहा भएन पछि उसको भाइको होटेल भन्दथ्यो हो, होइन थाहा छैन। त्यहाँ एकछिन राखी एकछिनपछि निज वसन्त आयो र दिनभरि घुम्न लग्यो । बेलुका आकासे पुलमा हामीलाई छोडी निज वसन्त बेपत्ता भयो, हामी २ जनालाई रू.२५००।- का दरले रूपैयाँ दिएको थियो । सो रूपैयाँले नपुगेर ड्राइभरलाई मैले लगाएको कानको मुन्द्रा बेची घरमा आएको हो मैले पीडितलाई बिक्री गरेको होइन साथीसम्म गएको हो भनी प्रतिवादी रवि परियारले सुरू अदालतसमक्ष गरिदिएको बयान।

जाहेरी दरखास्तको बेहोरा पढिबाची सुनाउँदा सुनिपाएँ। उक्त समयमा म भारतको पारगञ्ज भन्ने ठाउँको क्यासिनोमा काम गर्थें। उक्त ठाउँमा मलगायत मेरा भाइबुहारीहरू पनि सँगै काम गर्थे। भारतमा बसी काम गरेको ३ वर्ष भइसकेको थियो। उक्त समयमा म नेपाल आएको थिइनँ। नेपाल फर्की आएको ३-४ महिना मात्र भएको हो। मैले गाउँमा गई केटीहरूलाई फकाई फुलाई गरेको होइन छैन। मनोज परियार र कान्छा भन्ने रवि परियार मेरै गाउँका मानिसहरू हुन्। मेरो उनीहरूसँग भेटघाट पनि भएको छैन। मैले जाहेरवालाकी बहिनी तथा भाञ्जीहरूलाई विदेशमा लगी बिक्री गरेको होइन छैन । किन त्यस्तो जाहेरी दिए मलाई थाहा छैन भनी वसन्त परियारले सुरू अदालतसमक्ष गरिदिएको बयान।

मिसिल संलग्न मिति २०६९।०५।१९ को जाहेरी दरखास्तको बेहोरा मैले भनेबमोजिम लेखिएको ठीक हो। लागेको सहिछाप मेरो हो। प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय हुनुपर्छ भनी जाहेरवाला भैरवबहादुर नेपालीले सुरू अदालतसमक्ष गरिदिएको बकपत्र।

मिति २०६९।१०।१४ गतेको निवेदन पत्र म आफैँले भनेबमोजिम लेखिएको र त्यसमा लागेको सहिछाप मेरो भएको ठीक साँचो हो । मलाई प्रतिवादीमध्येका मनोज परियारले फकाएका थिए र भारत जाने क्रममा प्रतिवादीमध्येका तीनैजना साथमा थिए । प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय हुनुपर्छ भनी पीडित .............ले सुरू अदालतसमक्ष गरिदिएको बकपत्र।

प्रहरीमा मैले लेखाएको कागजको बेहोरा पढिबाची सुनाउँदा सुनिपाएँ, बेहोरा मैले भनेबमोजिम लेखिएको ठीक साँचो हो । सहिछाप मेरो हो, प्रतिवादीहरूलाई सजाय हुनुपर्छ भनी बुझिएका राजकुमार नेपाली, सरस्वती दर्जी र राजकुमार परियारसमेतले सुरू अदालतसमक्ष गरिदिएको एकैमिलानको बकपत्र।

जाहेरी दरखास्तको बेहोरा झुट्टा हो । हालसम्म वसन्तले यस्तो कार्य गरेको नदेखिँदा मानव बेचबिखनको कार्य पनि गरेको होइन । अभियोग मागदाबीबाट छुट्कारा पाउनुपर्छ भनी वसन्त परियारको साक्षी विष्णु दमाईले सुरू अदालतसमक्ष गरिदिएको बकपत्र।

जाहेरी दरखास्तको बेहोरा झुट्टा हो । रवि नेपाली यस्तो खालको व्यक्ति नभएको हुँदा अभियोग मागदाबीबमोजिम सजाय नभई सफाइ पाउनुपर्ने हो भनी रवि नेपालीको साक्षी कृष्णबहादुर नेपालीले यस अदालतसमक्ष गरिदिएको बकपत्र।

यी प्रतिवादीहरूले पीडित .............लाई ललाई फकाई भारतमा लगी बिक्री गरेको पुष्टि भई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) विपरीत ऐ. ऐनको दफा ४(१) को (क) र दफा ४(२) को (क) अनुसारको कसुर गरेको देखिएकाले प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियार नेपालीलाई सोही ऐनको दफा १५(१)(क) बमोजिम जनही २० (बीस) वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने ठहर्छ । यी प्रतिवादीहरूले पीडित .............लाई बेच्ने उद्देश्यले विदेश भारतमा लगेको पुष्टि भएकाले यी प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियार नेपालीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (क) को कसुरमा ऐ. ऐनको दफा १५(१) को (ङ) को (१) बमोजिम जनही १० (दश) वर्ष कैद र पचास हजार रूपैयाँ जरिवाना हुनेसमेत ठहर्छ । यी प्रतिवादीहरूले पीडितलाई बेच्ने उद्देश्यले भारतमा लगेबापत १० (दश) वर्ष कैद हुने ठहरेकोमा पीडितलाई भारतमा लगी बिक्री गरेबापत मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१) को (क) बमोजिम बीस वर्ष कैद र दुई लाख जरिवाना हुने ठहरिसकेको हुँदा दण्ड सजायको १० नं. बमोजिम ठूलो सजायमा सानो सजाय हुने खत नखापिने हुँदा पीडितलाई भारतमा बेच्ने उद्देश्यले लगेबापतको सजायतर्फ केही गरिरहनु परेन । यी प्रतिवादीहरूले पीडितलाई ललाई फकाई भारतमा लगी बिक्री गरेको पुष्टि भई सजाय हुने ठहरसमेत भएकाले उल्लिखित ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट जनही रू.१,२५,०००।- (एक लाख पच्चीस हजार रूपैयाँ) पीडितले क्षतिपूर्ति पाउनेसमेत ठहर्छ भन्नेसमेत बेहोराको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०७०।१२।६ गतेको फैसला।

जाहेरवाली बहिनी .............लाई हामीले भारतमा लगी बिक्री गरेको होइन । बिक्री गरी रकम लिएको छैन । हामीले अदालतमा पूर्ण इन्कार रही बयान बेहोरा लेखाएका छौं । भारतबाट सरस्वती नेपालीको मोबाइलमा मिति २०६९।५।१६ गते ०.०० सेकेन्ड कुराकानी भएको भन्ने Call Detail हुँदा सो हाम्रो विरूद्ध प्रमाणमा लाग्दैन । अधिकारप्राप्त अधिकारीसमक्षको बयान हामीले भनेबमोजिमको होइन । जाहेरी दरखास्त र जाहेरवालाको बकपत्र एक अर्कामा खण्डित छ । निजले सुनी थाहा पाएको भनी शंकाको भरमा जाहेरी दिएका छन्, पीडितले अदालतमा बयान गर्दा २ जना छोरीहरूलाई पाल्न पर्ने हुँदा आफ्नो इच्छाले नै जि.वि. रोडमा गई वेश्यावृत्ति गर्न थालेको भनेको अवस्थामा सोको मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण छ । पीडित आफूखुसी भारतमा गई स्वइच्छाले वेश्यावृत्तिको कार्य गरेकोमा हामीले कुनै फौजदारी दायित्व वहन गर्नुपर्ने होइन । प्रस्तुत मुद्दामा हामीहरूउपर न त आपराधिक मनसाय प्रमाणित भएको छ न त आपराधिक कार्य नै प्रमाणित छ । यसरी बिना आधार प्रमाण हामीलाई फौज्दारी दायित्व बहन गराउने गरी भएको फैसला बदरभागी छ, अतः हामी पुनरावेदक प्रतिवादीहरू बिल्कुल निर्दोष रहेकोमा मिसिल संलग्न प्रमाणलाई गलत रूपमा मूल्याङ्कन गरी अभियोजन पक्षले अभियोग पत्र दायर गरेकै भरमा कसुर गरेको अनुमान गरी ठहर गरिएको नुवाकोट जिल्ला अदालतको फैसला नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(५), प्रमाण ऐन, २०३१, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को गम्भीर कानूनी त्रुटि हुनुका अतिरिक्त स.अ.बु. (२०६६) अंक ४ पूर्णाङ्क ४०६

पृ.१८ नेपाल सरकार विरूद्ध कविन्द्र देव सिंहसमेतको मुद्दा कर्तव्य ज्यान, स.अ.बु. (२०६६) अंक ६ पूर्णाङ्क ४०८ पृ.१२ नेपाल सरकार विरूद्ध श्यामचन्द्र खड्का मुद्दा कर्तव्य ज्यान, ने.का.प. (२०४९) नि.नं.४५५३ पृ.५३४, श्री ५ को सरकार विरूद्ध हविव मिया, मुद्दा जिउ मास्ने ने.का.प. (२०५६) नि.नं.६६५६ पृ.४५, श्री ५ को सरकार विरूद्ध सोचिन्द्रप्रसाद यादवसमेत, ने.का.प. (२०६०) नि.नं. ७२८५ पृ.८३९ श्री ५ को सरकार विरूद्ध रामसुन्दर तेलीसमेत मुद्दामा प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षीलाई झिकाई उक्त फैसला उल्टी गरी पूर्ण रूपमा सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी वसन्त परियार र मनोज परियारको संयुक्त पुनरावेदन पत्र।

जाहेरवाली बहिनी .............लाई मैले भारतमा लगी बिक्री गरेको होइन। बिक्री गरी रकम लिएको छैन। मैले अदालतमा पूर्ण इन्कार रही बयान बेहोरा लेखाएको छु। मेरो साक्षीले सो कुरालाई पुष्टि गराएका छन्। भारतबाट सरस्वती नेपालीको मोबाइलमा मिति २०६९।५।१६ मा ०.०० सेकेन्ड कुराकानी भएको भन्ने Call Detail हुँदा सो मेरो विरूद्ध प्रमाणमा लाग्दैन। अधिकारप्राप्त अधिकारीसमक्षको बयान मैले भनेबमोजिमको होइन जाहेरी दरखास्त र जाहेरवालाको बकपत्र एक अर्कामा खण्डित छ। निजले सुनी थाहा पाएको भनी शंकाको भरमा जाहेरी दिएका छन्, पीडितले अदालतमा बयान गर्दा २ जना छोरीहरूलाई पाल्न पर्ने हुँदा आफ्नो इच्छाले नै जि.वि. रोडमा गई वेश्यावृत्ति गर्न थालेको भनेको अवस्थामा सोको मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण छ। पीडित आफूखुसी भारतमा गई स्वइच्छाले वेश्यावृत्तिको कार्य गरेकोमा मैले कुनै फौजदारी दायित्व वहन गर्नुपर्ने होइन। प्रस्तुत मुद्दामा मउपर न त आपराधिक मनसाय प्रमाणित भएको छ। न त आपराधिक कार्य नै प्रमाणित भएको छ। यसरी बिना आधार प्रमाण मलाई फौजदारी दायित्व बहन गराउने गरी भएको फैसला बदरभागी छ। म पुनरावेदक प्रतिवादी बिल्कुल निर्दोष रहेको मिसिल संलग्न प्रमाणलाई गलत रूपमा मूल्याङ्कन गरी अभियोजन पक्षले अभियोग पत्र दायर गरेकै भरमा कसुर गरेको अनुमान गरी ठहर गरिएको नुवाकोट जिल्ला अदालतको फैसला नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(५), प्रमाण ऐन, २०३१, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को गम्भीर कानूनी त्रुटि हुनुका अतिरिक्त स.अ.बु. (२०६६) अंक ४ पूर्णाङ्क ४०६ पृ.१८ नेपाल सरकार विरूद्ध कविन्द्र देव सिंहसमेत मुद्दा कर्तव्य ज्यान, स.अ.बु. (२०६६) अंक ६ पूर्णाङ्क ४०८ पृ.१२ नेपाल सरकार विरूद्ध श्यामचन्द्र खड्का मुद्दा कर्तव्य ज्यान, ने.का.प. (२०४९) नि.नं.४५५३ पृ.५३४ श्री ५ को सरकार विरूद्ध हविव मिया मुद्दा जिउ मास्ने ने.का.प. (२०५६) नि.नं.६६५६ पृ.४५ श्री ५ को सरकार विरूद्ध सोचिन्द्रप्रसाद यादवसमेत, ने.का.प. (२०६०) नि.नं. ७२८५ पृ.८३९ श्री ५ को सरकार विरूद्ध रामसुन्दर तेलीसमेत मुद्दामा प्रतिपादित सिद्धान्तसमेतले विपरीत हुँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षीलाई झिकाई उक्त फैसला उल्टी गरी पूर्ण रूपमा सफाइ पाउँ भन्नेसमेत पुनरावेदक प्रतिवादी कान्छा भन्ने रवि नेपालीको पुनरावेदन पत्र।

यसमा पीडित .............ले बकपत्र गर्दा दिल्लीमा बिक्री गरेको भन्न नसकी दिल्लीमा आफ्नो स्वइच्छाले बालबच्चा पाल्नु पर्ने हुँदा काम गरेको हो भनी उल्लेख गराएको परिप्रेक्ष्यमा सुरू नुवाकोट जिल्ला अदालतको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा छलफलको लागि अ.बं.२०२ नं. प्रयोजनार्थ प्रस्तुत मुद्दाको पेसीको जानकारी पुनरावेदन सरकारी वकिल कार्यालय पाटनलाई दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७१।९।२२ को आदेश।

यी प्रतिवादीहरूलाई जनही २० (बीस)

वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) रूपैयाँ जरिवाना हुने साथै प्रतिवादीहरूबाट जनही रू.१,२५,०००।- (एक लाख पच्चीस हजार) रूपैयाँ पीडितले क्षतिपूर्ति पाउनेसमेत ठहर गरी सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०७०।१२।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१७ मा भएको फैसला ।

म पुनरावेदकले जाहेरवालाकी बहिनी .............लाई भारतमा लगी बिक्री गरेको होइन । बिक्री गरी रकम लिएको पनि होइन भनी मैले सम्मानित नुवाकोट जिल्ला अदालतसमक्ष इन्कारी बयान गरेकै छु । अधिकारप्राप्त अधिकारीसमक्षको बयान बेहोरा प्रहरीले मलाई आफ्नो कब्जामा राखी मैले नभनेको कुरा लेखाई जबरजस्ती सही गर्न लगाएको हुँदा उक्त बयान बेहोरालाई प्रमाणमा लिनै नमिल्नेमा प्रमाणमा लिई गरेको फैसला यसै आधारमा पनि आत्मनिष्ठ छ वस्तुनिष्ठ छैन। त्यसैले उक्त फैसला बदर गरी आरोपित कसुरबाट सफाइ पाऊँ । जाहेरवालाको जाहेरी र जाहेरवालाको बकपत्र एक अर्कामा खण्डित भएको अवस्था छ किनकि जाहेरवालाले जाहेरी दिँदा सुनी थाहा पाएको भनी जाहेरी दिएका छन् भने पीडितले अदालतमा बयान गर्दा ठिक जाहेरी दरखास्तको बेहोरालाई खण्डन हुने गरी ३ जना छोरीहरूलाई पाल्नु पर्ने हुँदा आफ्नो स्वइच्छाले नै जि.वि. रोडमा गई आफूखुसी वेश्यावृत्ति गर्न थालेको हो भनी स्पष्ट र किटानीसाथ बयान गरेको हुँदा जाहेरवालाको प्रमाणित कागजलाई फैसला गर्दा सो कुराको कुनै विवेचना नै गरिएको अवस्था छैन। केबल गोश्वाराको रूपमा परेको जाहेरी दरखास्तलाई मात्र मुख्य आधार मानी भएको फैसला आत्मनिष्ठ छ, वस्तुनिष्ठ छैन। मउपर अभियोग मात्र लागेको छ तर त्यो अभियोगसिद्ध हुने प्रमाण अभियोजन पक्षले गुजार्न सकेको अवस्था नै छैन किनकि न त यस मुद्दामा मेरो मनसाय नै प्रमाणित भएको छ। न त आपराधिक कार्य नै प्रमाणित छ। यसरी बिना आधार प्रमाण मलाई जघन्य फौजदारी दायित्व बहन गराउने गरी भएको नुवाकोट जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला पटक्कै सत्यतामा आधारित छैन । केबल गोश्वाराका रूपमा दायर भएको अभियोग पत्र जुन अभियोगसिद्ध हुने खालका कुनै पनि प्रमाणको अभाव छ भने अर्कोतर्फ मेरा तर्फबाट बकपत्र गर्नेसमेतले यस कसुरमा मेरो कुनै पनि संलग्नता छैन भनी बकपत्र गरेका छन् भने मौकामा बुझिएका तथा घटना विवरणका व्यक्तिहरूसमेतले मैले आरोपित कसुर गरेको कुरामा मौन रही कागज गरेका आदि इत्यादि प्रमाणहरूबाट पनि मेरो यस कसुरमा कुनै पनि संलग्नता नहुँदा नहुँदैको अवस्था मिसिलबाट देख्दादेख्दै पनि पूर्वाग्रही ढङ्गबाट न्यायिक सन्तुलन नै बिग्रने गरी सुरू नुवाकोट जिल्ला अदालतबाट मलाई २० वर्ष कैद तथा रू.२,००,०००।- जरिवाना हुने ठहरी भएका फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला प्रचलित कानूनको विपरीत हुन गएबाट उक्त फैसलाहरू बदर गरी मलाई आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भन्ने वसन्त परियारको पुनरावेदन पत्र ।

म पुनरावेदक प्रतिवादीलाई पुनरावेदन अदालत पाटनबाट कसुरदार ठहर हुनेगरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४ बमोजिमको कसुर हुनका लागि सो अपराधको आपराधिक कार्य र आपराधिक मनसायको स्थापना हुनुपर्दछ । यी दुवै तत्त्वमध्ये कुनै एकको अभावमा वा दुवैको अभाव भएमा कसुर कायम एवम् ठहर गर्न मिल्दैन । निज पीडित आफूखुसी भारत गई बसेको हुँदा ममाथि लगाइएको आरोप झुट्टा हो । फैसलाले ठहर गरेको कसुर अपराधलाई प्रमाण कागजातहरूले स्वतन्त्र र वस्तुनिष्ठ तवरले पुष्टि गर्न सकेको छैन । अदालत स्वयम् वादी भई भावनात्मक

एवं काल्पनिक रूपमा कसुर सजाय ठहर हुनेगरी गरेको उक्त फैसला फौजदारी न्यायको सर्वमान्य सिद्धान्तको रायमा रहेको आपराधिक कार्य विना अपराध नहुने भन्ने सिद्धान्तसमेतले विपरीत रहेको छ । मिसिल संलग्न प्रमाण कागजातबाट अभियोग दाबी झुट्टा भएको प्रमाणित हुन्छ । त्यस्तै नुवाकोट जिल्ला अदालतले गरेको फैसलालाई सदर कायम गरी पु.वे.अ. पाटनले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को कसुर गरेको भनी कसुरदार ठहर हुने गरी भएको फैसलामा गम्भीर त्रुटि र सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको विपरीत हुने गरी गरेको उक्त फैसला बदरभागी छ । बदर गरी पूर्ण रूपमा सफाइ पाऊँ । म पुनरावदेक प्रतिवादी बिल्कुल निर्दोष रहेको मिसिल संलग्न प्रमाणलाई गलत रूपमा मूल्याङ्कन गरी अभियोजन पक्षले अभियोग पत्र दायर गरेकै भरमा कसुर गरेको अनुमान गरी ठहर गरिएको पुनरावेदन अदालत पाटनको फैसला नेपालको संविधान, २०७२ को धारा २०(५), प्रमाण ऐन, २०३१, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को गम्भीर कानूनी त्रुटि हुनुका अतिरिक्त सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत एवम् त्रुटिपूर्ण हुँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई फैसला उल्टी गरी पूर्ण रूपमा सफाइ पाउँ भन्ने रवि नेपालीको पुनरावेदन पत्र ।

म पुनरावेदक प्रतिवादीलाई पुनरावेदन अदालत पाटनबाट कसुरदार ठहर हुने गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४ बमोजिमको कसुर हुनका लागि सो अपराधको आपराधिक कार्य र आपराधिक मनसायको स्थापना हुनुपर्दछ । यी दुवै तत्त्वमध्ये कुनै एकको अभावमा वा दुवैको अभाव भएमा कसुर कायम एवं ठहर गर्न मिल्दैन । निज पीडित आफूखुसी भारत गई बसेको हुँदा ममाथि लगाइएको आरोप झुट्टा हो । उक्त फैसलाले ठहर गरेको कसुर अपराधलाई प्रमाण कागजातहरूले स्वतन्त्र र वस्तुनिष्ठ तवरले पुष्टि गर्न सकेको छैन । मिसिल संलग्न प्रमाण कागजातबाट अभियोग दाबी झुट्टा भएको प्रमाणित हुन्छ । त्यस्तै पुनरावेदन अदालत पाटनले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को कसुर गरेको भनी कसुरदार ठहर हुने गरी भएको फैसलामा गम्भीर त्रुटि र सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतले विपरीत रहेको छ । दाबीबमोजिम बेचबिखन गरेको भए कहाँ के कसरी बेचबिखन गरिएको हो भन्ने तथ्यको अनुसन्धान गरी भारत विदेशमा अन्य कोही व्यक्तिले लगेको भए के कसरी लगी बेचबिखन गरेको भन्ने प्रमाण जुटाउने कोसिस वादी पक्षतर्फबाट नगरी केबल जाहेरी बेहोरालाई मात्र आधार मानी मानव बेचबिखन गरेको तथा ओसारपसार गरेको भनी अनुमान र शंकाको आधारमा मात्र अभियोग दायर गरेको देखिन आएबाट केबल शंकाको भरमा मात्र अभियोग ठहर गर्न नमिल्ने भनी स.अ.बु. (२०६७) चैत्र १६-३० पूर्णाङ्क ४५० पृ. १५ नेपाल सरकार विरूद्ध गोपाल मिश्र मुद्दा मानव बेचबिखन तथा ओसारपसार मुद्दामा प्रतिपादित सिद्धान्तसमेतले विपरीत हुने गरी गरेको उक्त फैसला बदरभागी छ । बदर गरी पूर्ण रूपमा सफाइ पाऊँ । अत: म पुनरावदेक प्रतिवादी बिल्कुल निर्दोष रहेको मिसिल संलग्न प्रमाणलाई गलत रूपमा मूल्याङ्कन गरी अभियोजन पक्षले अभियोग पत्र दायर गरेकै भरमा कसुर गरेको अनुमान गरी ठहर गरिएको पुनरावेदन अदालत पाटनको फैसला नेपालको संविधानको धारा २०(५), प्रमाण ऐन, २०३१, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को गम्भीर कानूनी त्रुटि हुनुका अतिरिक्त सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत विपरीत हुँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षीलाई झिकाई उक्त फैसला उल्टी गरी पूर्ण रूपमा सफाइ पाउँ भन्ने मनोज परियारको पुनरावेदनपत्र ।

नियमबमोजिम आजको पेसी सूचीमा चढी इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक रवि नेपालीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री राजन अधिकारीले र पुनरावेदक वसन्त परियारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री भिमप्रसाद ढकालले कसुरमा मेरो पक्षको कुनै संलग्नता नभएको पुष्टि भइरहेको अवस्थामा सुरू जिल्ला अदालतबाट सोतर्फ विचार नै नगरी केबल शंकाको भरमा मात्र अभियोग ठहर गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) विपरीत ऐजन ऐनको दफा ४(१) को (क) र दफा ४(२) को (क) अनुसारको कसुरमा सोही ऐनको दफा १५(१)(क) बमोजिम २० (बीस) वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने ठहर्‍याई भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई भएको पुनरावेदन अदालत पाटनको फैसला उल्टी गरी पूर्ण रूपमा अभियोग दाबीबाट सफाइ पाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

विद्वान् अधिवक्ताहरूको बहस बुँदालाई मध्यनजर गरी मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा पुनरावेदन अदालत पाटनको फैसला मिले नमिलेको के रहेछ ? पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारले पीडित ............. र निजका दुईजना छोरीहरूलाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी भारतसम्म ओसारपसार गरी सिमला तामाङको जिम्मा लगाई बिक्री गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ३(१) विपरीत दफा ३(१) दफा ४(१) को (क) र ४(२) को (क) अनुसारको कसुर भएकाले निजहरूलाई सोही ऐनको दफा १५(१) को (क)(ङ) तथा ऐ. दफा १५(१)(ङ) को (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट पीडितहरूलाई क्षतिपूर्ति दिलाई पाउँ भन्ने अभियोग पत्र दायर भएकोमा सुरू अदालतबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४ (१)क र ४(२) क को कसुर अपराधमा ऐ. ऐनको दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिम प्रतिवादीलाई २० (बीस) वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने र ऐजन ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट जनही रू.१,२५,०००।- (एक लाख पच्चीस हजार रूपैयाँ) पीडितले क्षतिपूर्ति पाउने ठहर्‍याई भएको सुरू जिल्ला अदालतको फैसलामा चित्त नबुझाई प्रतिवादीहरूको पुनरावेदन परेको देखिन्छ । कसुरमा कुनै संलग्नता नभएको पुष्टि भइरहेको अवस्थामा सुरू जिल्ला अदालतबाट सोतर्फ विचार नै नगरी प्रतिवादी बिल्कुल निर्दोष रहेको मिसिल संलग्न प्रमाणलाई गलत रूपमा मूल्याङ्कन गरी केबल शंकाको भरमा मात्र कसुर ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहरी भएको पुनरावेदन अदालत पाटनको फैसलामा चित्त नबुझाई उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भनी प्रतिवादीहरूको छुट्टाछुट्टै पुनरावेदन परेको देखियो।

३. नुवाकोट जिल्ला, नर्जामण्डप गा.वि.स. वडा नं.७ घर भई हाल नुवाकोट जिल्ला थानसिङ गा.वि.स वडा नं.८ माइतीघरमा बस्दै आएकी मेरी बहिनी अं. वर्ष २७ की ............. र निज ............. का छोरी तथा मेरा भान्जीहरू ............. र ............. समेत जना ३ लाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी प्रतिवादीहरू मनोज परियार, कान्छा भन्ने रवि नेपाली र वसन्त परियारसमेत एकआपसमा मिली मिति २०६८।१२।१२ गते आफू बसेको स्थानबाट

भारतमा लगी बिक्री गरेका हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने भैरवबहादुर नेपालीको जाहेरी दरखास्त परेको देखिन्छ । यसरी नै जाहेरवालाले जाहेरी बेहोरालाई पुष्टि हुने गरी अदालतमा आई बकपत्रसमेत गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा १८ मा **"कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ"** भन्ने व्यवस्था उल्लेख भएको परिप्रेक्ष्यमा जाहेरवालाको बकपत्रलाई प्रमाणमा लिनुपर्ने हुन्छ ।

४. अनुसन्धानमा बयान गर्दा प्रतिवादीहरूले पीडित र पीडितका छोरीहरूसमेतलाई सिमला नाम गरेकी एकजना महिलाको घरमा पुऱ्याएपछि निज महिलासँग वसन्तले पैसा लिइसकँ, अब हामी जाउँ, हाम्रो काम भयो भनी हामीहरूलाई बताए । वसन्तले म र मनोज परियारलाई दिल्लीको बसपार्क नजिक आनन्द बिहार भन्ने ठाउँमा लगी पीडित .............लाई बिक्री गरेको सिमला भन्ने महिलासँग भा.रू.१०,०००।- रकम लिएको छु भनी बताई हामी २ जनालाई रू.२५००।- का दरले रकम दिएका हुन् भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । अदालतमा बयान गर्दा प्रतिवादी वसन्त परियार आफू उक्त समयमा भारतमा नै रहेको म नेपाल आएको थिइनँ । मेरो उनीहरूसँग भेटघाट पनि भएको छैन । मैले जाहेरवालाकी बहिनी तथा भाञ्जीहरूलाई विदेशमा लगी बिक्री गरेको होइन छैन भनी **alibi** को जिकिर लिएको देखिन्छ भने ............. र निजका छोरीहरूलाई मसमेत भई भारतसम्म सँगै गएका हौं । वसन्तको भाइको होटलमा राखेको थियो त्यहाँबाट वसन्तले कहाँ लग्यो के गऱ्यो थाहा भएन । हामीले बिक्री गरेको होइन भनी प्रतिवादी मनोज परियार र कान्छा भन्ने रवि नेपालीले सुरू अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रहेपनि अनुसन्धानमा भएको साबितीलाई अन्यथा पुष्टि गर्न सकेको अवस्था देखिएन ।

५. मलाई प्रतिवादीमध्येका मनोज परियारले फकाएका थिए र भारत जाने क्रममा प्रतिवादीमध्येका तिनै जना साथमा थिए । मलाई दिल्लीको वसन्त परियारको भाइको होटल देखाई अर्को मानिसको घरमा छोडी गएका हुन् । प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय हुनुपर्छ भनी पीडित .............ले सुरू अदालतसमक्ष बकपत्र गरेको देखिन्छ भने ............. हराएको सम्बन्धमा बुझ्दै जाँदा प्रतिवादीहरूसमेतले निज ............. र निजका छोरीहरूलाई ललाई फकाई आर्थिक प्रलोभनमा पारी भारतमा लगी बेचेको भन्ने बुझिन आयो । प्रतिवादीहरूलाई सजाय हुनुपर्छ भनी बुझिएका राजकुमार नेपाली, सरस्वती दर्जी र राजकुमार परियारसमेतले अनुसन्धान र अदालतमा बकपत्रसमेत गरिदिएको देखिन्छ ।

६. यी पीडितसँगै तीनैजना प्रतिवादीहरू सँगसँगै भारतमा गएको भन्ने कुरा प्रतिवादीहरू मनोज र रवि नेपालीको बयान र पीडितको बकपत्रबाट समेत पुष्टि भएको पाइन्छ । प्रतिवादी वसन्तले विवाह गरेको बहाना गरी पीडितलाई यी ३ जना प्रतिवादीहरू मिली भारतमा लगेको उल्लिखित तथ्यबाट पुष्टि भएको पाइन्छ । मानव बेचबिखन तथा ओसारपसार जस्तो कार्य कुनै सामान ढुवानी गरी बिक्री गर्ने जस्तो विषय होइन । यस्तो कार्य सङ्गठित रूपमा विभिन्न व्यक्तिहरूको छुट्टाछुट्टै भूमिकाबाट अन्तमा कार्यमा परिणत हुने सङ्गठित अपराध हो । मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा नेपाल पक्ष बनेको अवस्था छ । नेपालले प्रतिज्ञा गरेका यस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरूसमेतका आधारमा मानव बेचबिखन जस्तो सङ्गठित रूपमा गरिने

मानवता विरूद्धका सङ्गठित अपराधले समाजमा दूरगामी असर पार्न सक्ने अवस्था हुँदा अन्य मिसिल संलग्न तथ्यबाट प्रतिवादीले कसुर गरेको देखिइरहेको अवस्थामा प्रतिवादीको इन्कारी बयान मात्रले प्रतिवादीले कसुरबाट उन्मुक्ति प्राप्त गर्न सक्ने अवस्था देखिँदैन।

७. प्रतिवादीमध्येका वसन्त परियार नेपालीले सुरू अदालतसमक्ष बयान गर्दा घटना भएको भनिएको समयमा म भारतको पारगञ्ज भन्ने ठाउँमा थिएँ भनी Alibi को जिकिर लिएको पाइन्छ। प्रतिवादीले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी alibi को जिकिर लिन्छ भने सो जिकिरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्तउपर नै रहन्छ । त्यस्तो alibi को जिकिर तथ्यपरक, निश्चयात्मक तथा लिखित प्रमाणबाट समर्थित हुनसके मात्र सो जिकिर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुनसक्ने हुन्छ र सो जिकिर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकिर लिने व्यक्तिको विरूद्ध नै प्रमाण लाग्दछ । जाहेरी बेहोरा, पीडितको बकपत्र, सहअभियुक्तको पोललगायत अन्य परिस्थितिजन्य प्रमाणबाट समेत निजको alibi को जिकिर खण्डित भइरहेको देखिन आयो। यस्तो अवस्थामा यी तीनैजना प्रतिवादीहरूको आपसी सल्लाह र संलग्नतामा पीडित ..............लाई भारत पुऱ्याई यी प्रतिवादीहरूबाट भारतमा बेचिएको भन्ने कुरा पुष्टि हुन आयो।

८. यस सम्बन्धमा भएको कानूनी व्यवस्थालाई हेर्दा मानव वेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ मा "मानव बेचबिखन र ओसारपसार गर्न नहुने (१) कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन । (२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐनबमोजिमको कसुर गरेको मानिनेछ।" भन्ने व्यवस्था रहेको देखिन्छ । त्यसैगरी सोही ऐनको दफा ४ को उपदफा (१) मा कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछ भनी देहाय (क) मा **"कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने"** भन्ने व्यवस्था रहेको देखिन्छ भने सोही ऐनको दफा ४ को उपदफा (२) मा "कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ" भनिएको र देहायको खण्ड (क) मा **"किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने"** भन्ने व्यवस्था रहेको देखिन्छ। प्रतिवादीले पीडितहरूलाई मानव बेचबिखन र ओसारपसार गरी पीडितहरूलाई विदेश भारतमा लगी बिक्री गर्ने कार्य गरेको देखिँदा निजको उक्त कार्यमा प्रस्तुत दफा आकर्षित हुने देखिन्छ।

९. प्रतिवादीहरूले उक्त कसुर गरेको अवस्थामा निजलाई के कस्तो सजाय गर्ने भन्नेतर्फ हेर्दा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा १ मा दफा ३ बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय हुनेछ भनी र देहाय (ङ) मा किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई, (१) विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना र देहाय (क) मा "मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना" को सजायको व्यवस्था रहेको छ । प्रतिवादीहरूले पीडितालाई बेच्नका लागि भारत लगेको र बिक्री गरेको पुष्टि भएको अवस्था देखिँदा निजहरूको कसुरका सम्बन्धमा ऐनका उल्लिखित दफाहरू आकर्षित हुने देखिन्छ।

१०. यस सम्बन्धमा यस अदालतबाट **"घटनाबाट पीडित व्यक्तिले घटनाको तत्कालपछि व्यक्त गरेको कुरा अदालतले प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रत्यक्ष प्रमाणको**

**रूपमा लिनुपर्ने, आफूलाई बिक्री गरेको ठाउँबाट भागी काठमाडौं आई प्रहरीसमक्ष व्यक्त गरेको कुरा अदालतमा सनाखत गरी दिएको र पछि साक्षीसरह अदालतमा उपस्थित भई सोहीबमोजिम बकपत्र गरी दिएकोसमेत अवस्थामा निजको सो कथन प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ"** (ने.का.प.२०६९ अंक १० नि.नं.९०६४) भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको र उक्त सिद्धान्त प्रस्तुत मुद्दामा समेत आकर्षित हुने देखिन्छ। मुद्दाको तथ्य एवं कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा प्रतिवादीहरू कसुरदार रहेको पुष्टि भएको अवस्थामा निजहरूलाई कसुरदार ठहऱ्याई जनही २० वर्ष कैद र २ लाख जरिवानाको सजाय हुने र ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट जनही रू.१,२५,०००।- (एक लाख पच्चीस हजार रूपैयाँ) पीडितले क्षतिपूर्ति पाउनेसमेत गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादी तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

११. अतः उल्लिखित तथ्य एवं कानूनी व्यवस्थाको रोहबाट हेर्दा किटानी जाहेरी दरखास्त, प्रतिवादीले अनुसन्धानका क्रममा गरेको साबिती बयान, जाहेरवाला एवम् पीडितको बकपत्रसमेतका आधार प्रमाणबाट मिति २०७०/१२/६ मा यी पुनरावेदक प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३, ४(१)(क) ४(२)(क) को कसुरमा ऐ, ऐनको दफा १५(१) (क) बमोजिम जनही २० वर्ष कैद र २ लाख रूपैयाँ जरिवानाको सजाय हुने र ऐजन ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट जनही रू.१,२५,०००।- (एक लाख पच्चीस हजार रूपैयाँ) पीडितले क्षतिपूर्तिसमेत पाउने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. टंकबहादुर मोक्तान

इजलास अधिकृत : राजकुमार दाहाल
इति संवत् २०७५ साल फागुन २६ गते रोज १ शुभम्।

## निर्णय नं. १०२४३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला मिति : २०७६।१।१९
०६८-CR-०१०२

मुद्दाः- वैदेशिक रोजगार ठगी

पुनरावेदक / वादी : बुद्धिमान सुनुवारको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला काठमाडौं गोलढुङ्गा गा.वि.स. वडा नं. १ बस्ने तेजबहादुर तिवारीको श्रीमती टिकामाया सुनुवार (तिवारी)

- **शंकास्पद कथनका आधारमा फौजदारी दायित्वमा सजाय गर्नु फौजदारी कानूनको मान्य सिद्धान्तविपरीत हुन जाने ।**

(प्रकरण नं.६)

- **वैदेशिक रोजगारीमा पठाउने प्रयोजनका लागि रकम लिएको तथ्य स्थापित नभए पनि लिखतमा उल्लिखित रकम लिएको कुरा अन्यथा प्रमाणित नभएसम्म प्रतिवादीलाई देवानी दायित्व (Civil Liability) अन्तर्गत लिखतबमोजिमको रकम कानूनबमोजिम असुलउपर गर्न पाउने नै हुँदा अभियोग दाबीबमोजिम प्रतिवादीले यस मुद्दाबाट फौजदारी दायित्व (Criminal Liability) बेहोर्नु पर्ने अवस्था नदेखिने ।**

(प्रकरण नं.८)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री महेशप्रसाद खत्री

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

- ने.का.प.२०७३, अंक १, नि.नं.९९३९
- ने.का.प.२०७५, अंक ५, नि.नं.१००१७

सम्बद्ध कानून :

- वैदेशिक रोजगार ऐन, २०४२
- वैदेशिक रोजगार ऐन, २०६४

सुरू तहमा फैसला गर्नेः

सदस्य श्री अग्नीप्रसाद थपलिया
सदस्य डा. श्री रवि शर्मा अर्याल
श्री वैदेशिक रोजगार न्यायाधिकरण

फैसला

**न्या.दीपककुमार कार्की** : वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।८।२१ को फैसलाउपर वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६(२) र न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(क) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

विपक्षीले मलाई वैदेशिक रोजगारमा बेलायत पठाउन भनी मिति २०६३।७।१४ गते मसँग रू.७९३,०००।- (सात लाख त्रियानब्बे हजार) र सक्कल राहदानीसमेत लिनु भई ३ महिनाभित्र विदेशमा रोजगारीको लागि पठाउने छु, पठाउन नसके वैदेशिक रोजगार ऐनबमोजिम गरी उक्त रकम र क्षतिपूर्ति लिनुहोला भन्ने बेहोराको लिखत कागज गरिदिनु भएकोमा बारम्बार ताकेता गर्दासमेत मलाई रोजगारमा नपठाई रकम र राहदानीसमेत नदिई आलटाल गरी ठगी गरेकोले विपक्षीलाई विभागबाट पक्राउ गरी उक्त रकम रू. ७९३,०००।- (सात लाख त्रियानब्बे हजार) र सोको ५०% ले हुने हर्जाना क्षतिपूर्ति रू.३,९६,५००।- (तीन लाख छयानब्बे हजार पाँच सय) समेत जम्मा रू.११,८९,५००।- (एघार लाख उनान्नब्बे हजार पाँच सय) र सक्कल राहदानीसमेत दिलाई भराई निज विपक्षीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० विपरीतको कार्य गरेकोले ऐ. ऐनको दफा ४३ बमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्नेसमेत बेहोराको जाहेरवाला बुद्धिमान सुनुवारले वैदेशिक रोजगार विभागमा मिति २०६६।१०।४ मा दिएको जाहेरी दरखास्त ।

जाहेरवालासँग मैले रू.४,५०,०००।- (चार लाख पचास हजार) मात्र लिएको हो । मेरो पहिलाको श्रीमान् ब्रिटिस आर्मीमा काम गर्नुहुन्थ्यो, बहालमा रहँदै वहाँ बित्नुभयो । वहाँको बाँकी रकम तथा अन्य सुविधाहरू ब्रिटिस आर्मीको अफिसबाट लिनको लागि बुद्धिमान सुनुवारले लाग्ने खर्च लगानी गर्ने र ब्रिटिस आर्मीबाट आउने रकम हामी दुवैले आधा आधा बाँडी

लिन मन्जुर भई निज बुद्धिमानले मलाई पैसा दिएका हुन् । मैले ब्रिटिस आर्मीको अफिसमा गई काम गर्न नजान्ने भएकोले तेह्रथुम घर भएको बलहादुर लिम्बूलाई उक्त रकम दिएकी हुँ । त्यसपछि मसँग निजको सम्पर्क पनि छैन र ब्रिटिस आर्मीबाट पाउने सुविधा पनि पाएकी छैन । निज बुद्धिमान सुनुवारको पासपोर्ट मैले लिएकी पनि होइन । निजसँग रकम लिएकी हुँ तर वैदेशिक रोजगारमा पठाउन भनी लिएकी होइन । म पढेलेखेकी छैन, उक्त कागज मैले पढ्न जानिन, उनीहरूले पढेर पनि सुनाएनन्, घरायसी लेनदेन भनेकोले सही गरिदिएकी हुँ । निजसँग लिएको रू.४,५०,०००।- मध्ये रू.१,२३,०००।- फिर्ता गरिसकेकी छु, बाँकी रकम केही समय पाएपछि फिर्ता गर्नेछु । वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत लिएकी छैन भन्नेसमेत बेहोराको वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृतसमक्ष प्रतिवादी टीकामाया सुनुवार (तिवारी) ले गरेको बयान कागज ।

इजाजत नलिई वैदेशिक रोजगारमा पठाउने गरी गरिदिएको लिखतसमेतका आधार प्रमाणबाट निज प्रतिवादी टीकामाया सुनुवार (तिवारी) ले जाहेरवाला बुद्धिमान सुनुवारलाई वैदेशिक रोजगारमा बेलायत पठाउन भनी रू.७९३,०००।- (सात लाख त्रियानब्बे हजार) बुझिलिई वैदेशिक रोजगारमा पठाउन नसकेको र आफूले लिएको रकमसमेत फिर्ता नगरी ठगी गरेको कुरा जाहेरी दरखास्त, सोसाथ पेस हुन आएको लिखत तथा प्रतिवादी टीकामाया सुनुवार तिवारी) ले मौकामा अनुसन्धान अधिकृतसमक्ष गरेको बयान मुताबिक आफूले जाहेरवालाबाट रू.४ लाख ५० हजार लिएकोसम्म साबित भएको देखिन्छ । जाहेरी र सोसँग संलग्न लिखत मुताबिक निज प्रतिवादीले जाहेरवालाबाट रू.७ लाख ९३ हजार नै लिई जाहेरवालालाई ठगी गरेको पुष्टि भएकोले प्रतिवादी टीकामाया सुनुवार (तिवारी) लाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा सोही ऐनको दफा ४३ बमोजिम र वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) को कसुरमा सोही ऐनको दफा २४(२) र ४३ बमोजिम सजायको मागदाबीसाथ ठगी भएको रकम रू.७,९३,०००।- (सात लाख त्रियानब्बे हजार) र सोको ५०% ले हुन आउने हर्जाना रू.३,९६,५००।- (तीन लाख छयानब्बे हजार पाँच सय) समेत जम्मा रू.११,८९,५००।- (एघार लाख उनान्नब्बे हजार पाँच सय) निज प्रतिवादीबाट जाहेरवालालाई दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको अभियोग पत्र ।

जाहेरवाला बुद्धिमान सुनुवार मैले ५ वर्ष अगाडिदेखि टीका लगाई आएको भाइ पर्दछन् । निज जाहेरवालालाई मैले वैदेशिक रोजगारका लागि बेलायत पठाउन भनी रू. ७९३,०००।- लिएको भन्ने कुरा झुठा हो । सत्य कुरा के हो भने २०६३ साल भदौ महिनातिर मेरो श्रीमान् जडिबुटीको काम गर्ने हुँदा आवश्यक परेकोले जाहेरवालासँग तीन पटक गरेर जम्मा रू.२५,०००।- (पच्चीस हजार) रकम लिएकी थिएँ । सो रूपैयाँ मैले तीन पटक गरेर फिर्ता गरेकी छु । सो रूपैयाँ दिइसकेपछि निजले ब्याजसमेत दिनुपर्छ भनी माग गरेका थिए, मैले भएको बेला दिउँला भनेकी थिएँ । यतिकैमा निजले बालाजु चौकीमा लगी १ दिन १ रात राखी मिलापत्र गर्नुपर्दछ भनी त्यस्तो कागज गराएछन् पढी नसुनाई बेलुकातिर निजका आफ्ना मानिसहरू भेला जम्मा भई मेरो हात समाई सहिछाप गराएका थिए । यो यस्तो बेहोराको कागज भनेर मलाई केही थाहा थिएन, मैले २०६६।१०।६ गते मात्र पक्राउ परेपछि थाहा पाएकी हुँ । अनुसन्धान अधिकृतसमक्ष गरेको बयान बेहोरा त्यस बखत आत्तिएर भनेकी हुँ । रू.४,५०,०००।- लिएको, रू.१,२३,०००।-तिरेको, तिर्न बाँकी केही होइन । डर देखाएकोले मैले त्यसो भनेकी हुँ । मेरो पहिलेको श्रीमान् ब्रिटिस आर्मीमा भएको कुरा मात्र सही हो भन्नेसमेत बेहोराको प्रतिवादी टीकामाया सुनुवार (तिवारी) ले वैदेशिक रोजगार

न्यायाधिकरणमा गरेको बयान।

प्रतिवादी टीकामाया सुनुवार (तिवारी) का साक्षी खेमराज सुनुवार र सागर सुनुवारले तथा जाहेरवाला बुद्धिमान सुनुवारले गरेको बकपत्र मिसिल सामेल रहेको।

प्रतिवादीले जाहेरवालाबाट वैदेशिक रोजगारमा पठाउने प्रयोजनको लागि रकम लिएको नदेखिएको एवम् लेनदेनमा सम्बद्ध निकायमा उजुरी गरे कानूनबमोजिम हुने नै हुँदा अभियोग दाबीबमोजिम प्रतिवादीले यस मुद्दाबाट दायित्व बेहोर्नु पर्ने देखिन आएन। अतः प्रतिवादी टीकामाया सुनुवार (तिवारी) ले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्नेसमेत बेहोराको वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।७।२३ मा भएको फैसला।

प्रतिवादी टिकामाया सुनुवार (तिवारी) ले २०६३।७।१४ गते बुद्धिमान सुनुवारलाई तमसुक गरी रू.७,९३,०००।- लिँदा आजका मितिले ३ महिनाभित्र विदेशमा रोजगारीका लागि पठाउँछु पठाउन नसके वैदेशिक रोजगार ऐन नियमअनुसार भोग्न मन्जुर छु भनी कागज गरेको देखिन्छ। उक्त समयपछि विदेशमा नपठाएपछि प्रतिवादी विरूद्ध जाहेरवालाले जाहेरी दिई तमसुक हुँदाका बखतको वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) र मुद्दा दर्ता हुँदाको वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विरूद्धको कसुर करार गरी अभियोजन गरिएको हो। प्रतिवादीले कसुर र सजायबाट बच्न लेनदेनको कुराको बयान गरी न्यायमूर्तिलाई भ्रम सिर्जना गरेको कुरा फैसलाबाट देखिन्छ। उक्त रकम वैदेशिक रोजगारका लागि बाहेक प्रतिवादीले लिएको भन्ने कतैबाट पुष्टि हुने आधार छैन। यस्तो अवस्थामा मिथ्या तर्क उल्लेख गरी आत्मनिष्ठ भई गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदनपत्र।

यसमा प्रतिवादीउपर किटानी जाहेरी परेको, वैदेशिक रोजगारमा पठाई दिने सर्त उल्लेख गरी रकम लिएको भन्ने लिखतबाट देखिएको र जाहेरवालाले जाहेरी बेहोरा समर्थन गरी गरेको बकपत्रसमेतका प्रमाणको समुचित मूल्याङ्कन नै नगरी दाबीको कसुरबाट सफाइ दिने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला प्रमाणको मूल्याङ्कनको रोहमा विचारणीय भई फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको २०२ नं. को प्रयोजनार्थ प्रत्यर्थी झिकाई आए वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७४।१०।१७ मा भएको आदेश।

**ठहर खण्ड**

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारतर्फबाट उपस्थित हुनु भएका विद्वान् उपन्यायाधिवक्ता श्री महेशप्रसाद खत्रीले प्रतिवादी टिकामाया सुनुवारले २०६३।७।१४ गते बुद्धिमान सुनुवारबाट रू.७,९३,०००।- लिई सो रकमबापत ३ महिनाभित्र वैदेशिक रोजगारीका लागि बेलायतमा पठाउने छु पठाउन नसके वैदेशिक रोजगार ऐन नियमअनुसार भोग्न मन्जुर छु भनी कागज गरिदिएको अवस्था छ। उक्त समयपछि पनि विदेश नपठाएपछि प्रतिवादी विरूद्ध मुद्दा दायर भएको छ। यस्तो अवस्थामा प्रतिवादीलाई तत्कालीन वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) र मुद्दा दर्ता हुँदाको वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कारबाही हुनुपर्नेमा प्रतिवादीको मिथ्या तर्कको आधारमा सफाइ दिने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला त्रुटिपूर्ण भएकोले बदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

यसमा प्रतिवादीले जाहेरवालाबाट वैदेशिक रोजगारमा पठाउने प्रयोजनको लागि रकम लिएको नदेखिएको एवम् लेनदेनमा सम्बद्ध निकायमा उजुरी

गरे कानूनबमोजिम हुने नै हुँदा अभियोग दाबीबमोजिम प्रतिवादीले यस मुद्दाबाट दायित्व बेहोर्नु पर्ने नदेखिँदा प्रतिवादी टीकामाया सुनुवार (तिवारी) ले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।७।२३ मा भएको फैसलामा चित्त नवुझाई उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

विद्वान् उपन्यायाधिवक्ताको बहस सुनी सुरू मिसिल र पुनरावेदन पत्रसहितको मिसिल संलग्न सम्पूर्ण कागज प्रमाणहरू अध्ययन गरी हेर्दा, वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेको छ, छैन ? र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, तपाइँ बुद्धिमान सुनुवारलाई आजका मितिले ३ महिनाभित्र वैदेशिक रोजगारमा पठाई दिनेछु पठाउन नसके ऐन नियमबमोजिम बुझी लिएको रकम र क्षतिपूर्तिसमेत बुझाउने छु भन्ने बेहोराको कागज गरी बुद्धिमान सुनुवारबाट टिकामाया सुनुवार (तिवारी) ले मिति २०६३।०७।१४ मा रू.७,९३,०००।– लिएकोमा तोकिएको समयपछि पनि वैदेशिक रोजगारमा नपठाएको कारणबाट टिकामाया सुनुवारले वैदेशिक रोजगार ठगी गरेको आरोपमा बुद्धिमान सुनुवारको जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सोही जाहेरीका आधारमा अनुसन्धान तहकिकात भई निज टिकामाया सुनुवारउपर वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० विपरीतको कार्यमा ऐ.ऐनको दफा ४३ एवं वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिम सजाय गरी हर्जानासहित रू.११,८९,५००।– बिगो भराई पाउन अभियोगपत्र दायर भएको देखिन्छ। मेरो पहिलाको श्रीमान् ब्रिटिस आर्मीमा काम गर्नुहुन्थ्यो। वहालमा रहँदै बित्नुभयो। वहाको बाँकी रकम तथा अन्य सुविधाहरू ब्रिटिस आर्मीको अफिसबाट लिनको लागि बुद्धिमान सुनुवारले लाग्ने खर्च लगानी गर्ने र ब्रिटिस आर्मीबाट आउने रकम हामी दुवैले आधा आधा बाँडी लिने गरी बुद्धिमानले मलाई रू.४,५०,०००।- रकम दिएको हो सोमध्ये १,२३,०००।– फिर्ता गरिसकेकी छु। ब्रिटिस आर्मीबाट हालसम्म रकम आएको छैन। बुद्धिमानको पासपोर्ट मैले लिएकी छैन रकम लिएको हुँ तर वैदेशिक रोजगारमा पठाउने भनी लिएको होइन भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको र न्यायाधिकरणसमक्ष बयान गर्दा जडिबुटीको व्यापार गर्नको लागि मैले रू.२५,०००।– मात्र लिएकी हुँ सो रकम तीन पटक गरेर फिर्ता गरिसकेकी छु भनी बुद्धिमानवाट दाबीबमोजिमको रकम लिएको नभई थोरै रकम लिएको भन्दै कसुरमा इन्कार रही बयान गरेको देखिन्छ।

३. वैदेशिक रोजगारीमा पठाउने सर्तमा रकम लिएको नभई अन्य प्रयोजनका लागि थोरै रकम लिएको भनी बयान गरे पनि मिति २०६३।७।१४ मा आफूले जाहेरवालालाई गरिदिएको तमसुकलाई अन्यथा प्रमाणित गराउन सकेको नदेखिएको र अधिकारप्राप्त अधिकारी र न्यायाधिकरणसमक्ष बयान गर्दा रकम लेनादेना भएको कुरामा स्वीकार गरेको अवस्थाले प्रतिवादीले रकम लिएको तथ्य स्थापित हुन आएको छ।

४. मिति २०६३।७।१४ मा गरिदिएको भनिएको लिखत हेर्दा, **"तपाइँ बुद्धिमान सुनुवारलाई वैदेशिक रोजगार व्यवसायमा स्वीकृति प्राप्त मुलुक बेलायतमा वैदेशिक रोजगारीमा पठाउनबापत भनी आजका मितिमा रू.७,९३,०००।–रूपैयाँ लिएको ठिक साँचो हो तपाइँलाई आजका मितिले तीन महिनाभित्र विदेशमा रोजगारीका लागि पठाउने छु, पठाउन नसके वैदेशिक रोजगार ऐन, नियमबमोजिम कारबाही अघि बढाउनु भनी राजीखुसीले कागज**

**गरिदिएको छु"** भन्ने बेहोरा रहेको देखिन्छ । यी प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष र न्यायाधिकरणमा गरेको बयानमा विदेश पठाउन भनी जाहेरवालाको पासपोर्ट लिएको होइन भन्नेसमेत बेहोरा उल्लेख गरेको देखिन्छ । जाहेरवालाले वैदेशिक रोजगारमा बेलायत पठाउन भनी रकम र पासपोर्ट लिएकोमा विदेश नपठाई पासपोर्टसमेत फिर्ता नदिएको भनी जाहेरीमा उल्लेख गरेकोमा बकपत्र गर्दा स.ज. ८ मा **"राहदानीको सक्कल मसँग छ",** भन्ने र स.ज.९ मा **"राहदानी मैले टिकामायालाई दिएको छैन"** भन्ने बेहोरा उल्लेख गरेकोले बकपत्र र जाहेरी बेहोरा नै विरोधाभाष रहेको देखियो । जाहेरी बेहोरा र अदालतमा गरेको बकपत्रमा एकरूपता नभई पृथक बेहोरा उल्लेखन भइरहेको अवस्थाले जाहेरवाला आफ्नो भनाइमा अडिग नरहेको र जाहेरी पुष्टि गरी आफ्नो भनाइ खम्बिर गर्न सकेको पाइएन ।

५. यस सम्बन्धमा नेपाल सरकार विरूद्ध योगेन्द्रबहादुर तामाङ भएको वैदेशिक रोजगार मुद्दा (ने.का.प.२०७३, भाग ६०, अंक १, नि.नं. ९९३९) **"अपराधको सूचनाको रूपमा रहेको जाहेरी दरखास्त र सो जाहेरी समर्थनको लागि पेस भएको कागजको बेहोरालाई निज जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गर्दाका अवस्थामा होस् वा कुनै कागज गर्दाको अवस्थामा होस् अघिपछिका भनाईमा एकरूपता र तादाम्यता हुनु विश्वसनीय मान्न सकिने"** भनी यस अदालतको संयुक्त इजलासबाट फैसला भएको देखिन्छ ।

६. माथि उल्लेख भएबमोजिम जाहेरवालाको एउटा कथन बेहोरा देवानी दायित्व (Civil Liability) सँग सम्बन्धित र अर्को भनाइ फौजदारी दायित्व (Criminal Liability) सँग सम्बन्धित देखिन आएको अवस्थामा मुद्दा मामिलामा कुन दायित्व आकर्षित हुने हो भन्ने कुरा विधिशास्त्रीय दृष्टिकोणबाट पनि महत्त्वपूर्ण र विचारणीय हुने हुँदा सो दृष्टिले समेत हेर्नुपर्ने हुन्छ । एकातर्फ जाहेरवालाको कथनबाट नै पृथकपृथक दायित्वको अवस्था देखिएको र अर्कोतर्फ प्रतिवादीले वैदेशिक रोजगारको व्यवसाय गर्ने गरेको पुष्टि नभएको र जाहेरवालालाई रोजगारीमा पठाउने गरी भएको विवादित लिखतबाहेकका अन्य आदान प्रदान र कारोबार (Transmit & Transaction) गरेकोसमेत पुष्टि हुने कागज र व्यवहार नभएको अवस्थामा सो जाहेरी बेहोरामा वस्तुनिष्ठता नभई खण्डित भएको छ । यसरी अभियोग दाबी पुष्टि हुन नसकेको अवस्थामा वैदेशिक रोजगारको लागि रकम लिएको भन्ने जाहेरी बेहोराको तथ्य नै शंकास्पद र सन्देहपूर्ण देखिन आएको छ । त्यस्तो शंकास्पद कथनका आधारमा फौजदारी दायित्वमा सजाय गर्नु फौजदारी कानूनको मान्य सिद्धान्तविपरीत हुन जान्छ । यसका अतिरिक्त प्रतिवादीले गरिदिएको भनिएको लिखतमा ल्याप्चे सहिछाप मात्र लागेको र निजको पति वा अन्य कुनै नातेदार रोहबरमा रहेको नदेखिनुले वैदेशिक रोजगारमा पठाउनका लागि नै रकम र पासपोर्ट लिएको भन्ने तथ्य भरपर्दो प्रमाणबाट पुष्टि हुन आएन ।

७. जहाँसम्म लिखतमा वैदेशिक रोजगारीमा बेलायत पठाउने भन्ने बेहोरातर्फ विचार गरिएन भन्ने पुनरावेदन जिकिर छ सो सम्बन्धमा विचार गर्दा, कुनै लेनादेना वा अन्य करारीय सर्तसहितको कारोबार भई सो सम्बन्धमा लिखत तयार हुँदा लिखतबमोजिमको परिपालना वा कार्यान्वयन होस् भन्ने उद्देश्यले दबाब स्वरूप कहिलेकाहीँ वैदेशिक रोजगारमा पठाइ दिने भन्नेसमेत वाक्यांश राखिन सक्छ । उक्त वाक्यांशलाई मात्र आधार मान्ने हो र अन्य परिस्थितिलाई ख्याल नगर्ने हो भने एक पक्षलाई अन्याय पर्न सक्छ । यस सम्बन्धमा भवानी काफ्ले तुलाधर विरूद्ध नेपाल सरकार भएको वैदेशिक रोजगार मुद्दा (ने.का.प.२०७५ भाग ६०, अंक ५, नि.नं.१००१७) मा **"विवादमा आएको कुनै पनि लिखतमा लेखिएको बेहोरा अवस्था परिस्थितिअनुसार फरक फरक प्रकृतिबाट**

**अन्य तथ्ययुक्त एवं वस्तुनिष्ट प्रमाणबाट समर्थित हुनु पनि आवश्यक हुन्छ। सदैव लिखतको शब्दबाट मात्र फौजदारी दायित्वको सिर्जना हुँदैन, यसको लागि मनसाय र क्रियाको साथसाथै पक्षहरूको परिस्थितिजन्य प्रमाणको विश्वसनीयता आवश्यक हुन्छ । व्यक्ति व्यक्तिबिच भएको लिखतको हरेक अवस्थामा वैदेशिक रोजगारी भन्ने शब्दको प्रयोग हुनासाथ यान्त्रिक तवरबाट सजाय गरिहाल्ने प्रवृत्ति विकास भएमा न्याय मर्ने सम्भावना रहन्छ। पक्षहरूले आफ्नो लेनदेन वा अन्य मनसायबाट खडा भएको लिखतमा त्यसको कार्यान्वयनमा दबाब सिर्जना गर्ने उद्देश्यले वैदेशिक रोजगार शब्दको प्रयोग गर्दैमा स्वतः दण्डनीय अपराध मानिएमा यसको दुरूपयोग भई परिबन्दबाट निरपराधी पनि सजायको भागी हुन जानेतर्फ अनुसन्धान एवं अभियोजनकर्ता अदालत तथा न्यायिक निकाय सदैव सचेत हुनुपर्छ"** भनी यस अदालतको संयुक्त इजलासबाट फैसला भएको अवस्था छ।

८. वैदेशिक रोजगारीमा पठाउने प्रयोजनका लागि रकम लिएको तथ्य स्थापित नभए पनि लिखतमा उल्लिखित रकम लिएको कुरा अन्यथा प्रमाणित नभएसम्म प्रतिवादीलाई देवानी दायित्व (Civil Liability) अन्तर्गत लिखतबमोजिमको रकम कानूनबमोजिम असुलउपर गर्न पाउने नै हुँदा अभियोग दाबीबमोजिम प्रतिवादीले यस मुद्दाबाट फौजदारी दायित्व (Criminal Liability) बेहोर्नु पर्ने अवस्था नदेखिँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको फैसला अन्यथा मान्नु पर्ने अवस्था आएन। सो हुँदा विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिर एवं यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिएको आधार बुँदासँग समेत सहमत हुन सकिएन।

९. तसर्थ माथि दफा दफामा विवेचित तथ्य आधार र कारणबाट प्रतिवादी टिकामाया सुनुवार (तिवारी) ले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।०७।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। फैसलाको विद्युतीय प्रति अपलोड गरी दायरीको लगत काट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. हरिप्रसाद फुयाल

इजलास अधिकृत: चिन्तामणी शर्मा
इति संवत् २०७६ साल वैशाख १९ गते रोज ५ शुभम्।

## निर्णय नं. १०२४४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला मिति : २०७६।१।१९

मुद्दाः- ठगी

०६८-CR-०७२६

पुनरावेदक / प्रतिवादी : जिल्ला पाल्पा खानीगाउँ गा.वि.स. वडा नं. ३ घर भई हाल का.जि. इचंगुनारायण गा.वि.स. वडा नं. ९ बस्ने वर्ष ५३ को कुलबहादुर कार्की

विरूद्ध

विपक्षी / वादी : फुर्वा लामासमेतको जाहेरीले नेपाल सरकार

०६९-CR-०८२१

पुनरावेदक / वादी : फुर्वा लामासमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : पाल्पा जिल्ला रानीगाउँ गा.वि.स. वडा नं. ३ घर भई हाल का.जि. इचंगुनारायण गा.वि.स. वडा नं. ९ घर भई का.जि.का.म.न.पा. वडा नं. १५ स्वयम्भुमा सत्यवती प्रा.लि. का सञ्चालक कुलबहादुर कार्कीसमेत

- **प्रचलित दुईवटा कानूनले अपराध घोषित गरी फरकफरक सजायको व्यवस्था गरेको अवस्थामा कुन कानूनअन्तर्गत उपचार माग्ने भन्ने कुरा वादी पक्षको स्वविवेक र अभियोक्ताको व्यावसायिक स्वतन्त्रतासँग सम्बन्धित विषय बन्न जान्छ । त्यस्तो दुईवटा समानान्तर कानूनी बाटो रहेको अवस्थामा वादीलाई यो बाटो आउनु पर्थ्यो भन्न अदालतले नमिल्ने ।**

(प्रकरण नं.८)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री महेशप्रसाद खत्री

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र श्री कृष्ण सापकोटा

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्ने :

मा.जिल्ला न्यायाधीश श्री शेखरप्रसाद पौडेल

काठमाडौं जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

मा. मुख्य न्यायाधीश श्री केशरीराज पण्डित

माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी

पुनरावेदन अदालत पाटन

फैसला

**न्या. दीपककुमार कार्की :** न्याय प्रशासन ऐन,२०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

**तथ्य खण्ड**

सत्यवती म्यानपावर प्रा.लि.का सञ्चालक कुलबहादुर कार्की तथा इण्डम्यान कन्सल्टेन्सी प्रा. लि.का सञ्चालक रमेश रसाइलीसमेतले विदेश कोरियामा रोजगारको लागि पठाई दिन्छौं रकम मइतकुमारी लामासमेतलाई बुझाए हुन्छ भनेकोले मइतकुमारी लामालाई रकम बुझाएपछि मइतकुमारी लामा तथा निजको पति दिलबहादुर तामाङलाई रहस्यमय तरिकाले बुटवलमा हत्या गरेको हुँदा उक्त रकम ठगी गरेको थाहा पाई निजहरूले विदेश पठाउने सर्तमा म फुर्वा लामाको रू.१,५०,०००।-, म पुर्ण तामाङको रू.५,५०,०००।-, लाक्पा शेर्पाको रू.५,५०,०००।-, दोर्जे तामाङको रू.५,५०,०००।- समत लामा लप्चनको रू.५,५०,०००।-, रामजी लामाको रू.५,५०,०००।-, राकेश लोप्चनको रू.३०,०००।-, चेतन लामाको रू.४,५०,०००।- उग्रेत लामाको रू.३,४०,०००।- समेत जम्मा रू.३९,९०,०००।- ठगी गरेको हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको फुर्वा लामासमेतको जाहेरी दरखास्त।

काठमाडौं जिल्ला, काठमाडौं

महानगरपालिका वडा नं.१ बस्ने रमेश रसाइलीले मलाई विदेश कोरियामा रोजगारको लागि पठाई दिन्छु भनी विश्वास दिलाई मबाट रू.३,५०,०००।- रकम लिई विदेश पनि नपठाएको र रकम पनि फिर्ता नदिई ठगी गरेकोले कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको निमा डाँगीको जाहेरी दरखास्त।

जाहेरवाली निमा डाँगीको रकम रू.३,५०,०००।- रकम मैले विदेशमा पठाई दिन भनी लिएको हुँ, जाहेरवाला फुर्वा लामा, पूर्ण लामाले दिएको जाहेरीमा उल्लिखित मानिस तथा फुर्वा लामा, पूर्ण लामाको जाहेरीमा उल्लेख भएको रकम मैले लिएको होइन मइतकुमारी लामाले रकम बुझेको हो होइन मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रतिवादी रमेश रसाइलीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

रमेश रसाइली र कुलबहादुर कार्कीले मेरो जेठा छोरा कृष्णबहादुर फुन्ज थापालाई रोजगारको लागि विदेश कोरियामा पठाई दिन्छौं रकम कुलबहादुर तामाङ वा मइतकुमारी लामालाई बुझाए हुन्छ भनी रू. ४,५०,०००।- बुझी लिए पछि दिलबहादुर तामाङ तथा मइतकुमारीलाई रहस्यमय तरिकाले हत्या गरिएका र विदेश पनि नपठाएको र रकमसमेत फिर्ता नदिई ठगी गरेकोले कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको रूपबहादुर फुन्ज थापाको जाहेरी दरखास्त।

रमेश रसाइली तथा कुलबहादुर कार्कीले विदेश रोजगारको लागि कोरियामा पठाई दिन्छौं रकम मइतकुमारी वा दिलबहादुर तामाङलाई बुझाए हुन्छ भनी रोजगारको लागि कोरिया पठाई दिने सर्तमा म जंग गुरूङको रू.५,००,०००।- तेजबहादुर गुरूङको रू.५,००,०००/- रूपबहादुर गुरूङको रू.५,००,०००।- समेत रू.१५,००,०००।- हात पारी विदेश पनि नपठाएको र रकम पनि फिर्ता नदिएको र मइतकुमारी लामा तथा निजको पति दिलबहादुर तामाङलाई बुटवलमा रहस्यमय तरिकाले हत्या गरिएको हुँदा कानूनबमोजिम कारबाही गरी रकम दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको जंग गुरूङको जाहेरी दरखास्त।

रमेश रसाइली तथा कुलबहादुर कार्कीसमेतले विदेश कोरियामा पठाई दिन्छौं भनी रू.५,५०,०००।- रकम लिई विदेश पनि नपठाई रकमसमेत फिर्ता नदिएकोले मेरो साथी पूर्ण लामासमेतले दिनु भएको जाहेरी दरखास्तमा लेखिएको बेहोरा ठिक हो भन्नेसमेत बेहोराको पाल्साङ लामाको कागज।

रमेश रसाइली तथा कुलबहादुर कार्कीसमेतले विदेश कोरियामा रोजगारका लागि पठाई दिन्छौं रकम हाम्रो एजेन्ट मइतकुमारी लामा वा दिलबहादुर तामाङलाई बुझाए हुन्छ भनी मेरो रू. ४,५०,०००।- लिएपछि मइतकुमारी र दिलबहादुर तामाङलाई रहस्यमय तरिकाले बुटवलमा हत्या गरिएको, निजको हत्यापछि रमेश रसाइली र कुलबहादुर कार्कीले विदेश पनि नपठाएको र रकम पनि फिर्ता नदिई ठगी गरेकोले मेरो साथीले जाहेरी दिनु भएको हो भन्नेसमेत बेहोराको चेतनबहादुर लामाको कागज।

रमेश रसाइली, कुलबहादुर कार्कीसमेतले विदेश कोरियामा रोजगारको लागि पठाई दिन्छौं रकम मइतकुमारी लामा वा दिलबहादुर तामाङलाई बुझाए हुन्छ भनी विश्वासमा पारी जाहेरवाला युवराज लामा, घुल्टीन लामा, युवनसाङ लामा तथा साथी पञ्चबहादुर तामाङसमेतबाट जम्मा रू.१६,५०,०००।- रकम लिई विदेश पनि नपठाएको र रकम पनि फिर्ता नदिएको हुँदा कानूनबमोजिम ठगी मुद्दामा कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको युवराज लामासमेतको संयुक्त जाहेरी दरखास्त।

रमेश रसाइलीले विदेश कोरियामा मलाई रोजगारको लागि पठाई दिन्छु भनी रकम लिई भरपाई गर्दा घरायसी बेहोराको कागज भएको हो भन्नेसमेत बेहोराको जाहेरवाली निमा डागीले गरेको कागज।

रमेश रसाइलीले रोजगारको लागि तपाइँका

मानिस विदेश जाने कोही भए कोरियाको कोटा आएको छ, रकम र मानिस सम्पर्कमा ल्याउनुस् भनी रमेश रसाइलीले भनेको हुँदा मैले रोजगारको लागि विदेश पठाई दिन्छु भनी मसमेतले रकम जम्मा गरी निज रमेश रसाइलीलाई दिएपछि निजले कुनै जानकारी नगराएको बुझ्दा धेरै मानिसलाई ठगी गरेको कुरा खुल्न आएकोले आफूहरूलाई पनि ठगी गरेको कुरा थाहा पाई, डा.राजु डंगोलले जाहेरी दिनुभएको हो भन्ने प्रदिप थापा, रविन्द्र थापा, राजु थापा, रमेश अधिकारी, राजन महर्जनसमेतले गरेको करिब एकै मिलानको छुट्टाछुट्टै कागज।

रमेश रसाइली, कुलबहादुर कार्कीले रोजगारको लागि विदेश कोरियामा पठाई दिन्छौं रकम हाम्रो एजेण्टहरू मइतकुमारी र दिलबहादुर तामाङलाई बुझाए हुन्छ भनेकोले विश्वासमा परी मन्जिदबहादुर थापासमेतको रू.४,५०,०००।- मेरो भाइ हुमबहादुर क्षेत्रीको रू.४,५०,०००।-, पहल सिंह राना, हुमबहादुर राना, राजन थापासमेतको रू.२२,५०,०००।- रकम लिई विदेश पनि नपठाएको र रकम पनि फिर्ता नदिएको हो। कानूनबमोजिम कारबाही गरी रकम दिलाई पाउँ भन्नेसमेत बेहोराको जितबहादुर थापासमेतको जाहेरी दरखास्त।

रमेश रसाइली, कुलबहादुर कार्कीसमेतले रकम बुझाए हुन्छ भनी भिनाजु पूर्ण लामाले रकम बुझाएपछि रोजगारको लागि विदेश पनि नपठाएको र रकम पनि फिर्ता नदिएकोले पूर्ण लामाले जाहेरी दिनु भएको हो भन्नेसमेत बेहोराको पूर्ण लामासमेतको जाहेरीमा उल्लेख भएका समित लोप्चन तामाङको कागज।

रमेश रसाइली, कुलबहादुर कार्कीले विदेश कोरियामा रोजगारको लागि पठाउने गरेका छन् छोरी छिरिङ डोल्मा शेर्पा, छोरा लोप्साङ टासी शेर्पासमेतको भिषा आयो रकम जम्मा गर्नुहोस् भनी रमेश र मइतकुमारी लामाले ना. १ च ५२१८ नं. को गाडीमा आई रू.२,००,०००।- रकम लिई गई भरपाइ मइतकुमारीले गरेपछि निज मइतकुमारी लामाको बुटवलमा हत्या भएको थाहा पाई निजहरूले ठगी गरेको थाहा पाई जाहेरी दिन आएको हुँ कानूनबमोजिम रकम दिलाई पाउँ भन्नेसमेत बेहोराको कर्पु शेर्पाको जाहेरी दरखास्त।

जाहेरवाली निमा डाँगीलाई रोजगारको लागि कोरिया पठाई दिने सर्तमा रमेश रसाइलीले ५२१८ नं. को गाडी लिई कलंकी प्रहरी बिटनेर पैसा लिन आएको र निमा कुमारी डाँगीले गाडीमा रू.३,५०,०००।- रकम बुझाई भरपाई गर्नु पर्दैन फरक पर्दैन भनी रकम लगेपछि रोजगारको लागि नपठाएको र रकमसमेत फिर्ता नगरेकोले ठगिएको थाहा पाई निमाकुमारी डाँगीले जाहेरी दिएकी हुन् भन्ने सशीकुमार तितुङ, गोपाल राई, बमबहादुर घलानले गरेको कागज।

रमेश रसाइली र मैतकुमार लामासमेत ना.१ च ५२१८ नं. को गाडी चढी मेरो घरमा आई छिरिङ डोल्मा शेर्पासमेतको भिषा आयो रकम जम्मा गर्नुहोस् भनी रू.२,००,०।- लिई मेरो नाममा मइतकुमारीले रकम बुझेको भरपाई गरी दिएकोमा निजहरूले धेरै मानिसहरूलाई ठगी गरेको कुरा थाहा भई मेरो श्रीमान्ले जाहेरी दिनु भएको हो भन्ने निमा ग्याल्जेन शेर्पाले गरेको कागज।

हाल पक्राउ परेका प्रतिवादीहरू रमेश रसाइलीले समेत विदेश कोरियामा पठाई दिन्छौं भनी मेरो दाजु लाक्पा शेर्पाबाट पनि रू.५,५०,०००।- बुझी विदेश नपठाई ठगी गरेकोले दाजु लाक्पा शेर्पाको साथी पूर्ण लामासमेतले जाहेरी दिनु भएको हो जाहेरीमा उल्लेख भएको बेहोरा ठिक हो भन्नेसमेत बेहोराको छिरिङ ग्याल्वो शेर्पाले गरेको कागज।

रमेश रसाइलीले डा.राजु डंगोललाई विदेश जाने तपाइँको मानिस ल्याउनुहोस भनी राजु डंगोलले लगेको मानिससँग रू.७,८०,०००।- रकम लिई विदेशसमेत नपठाई ठगी गरेकोले राजु डंगोलले मसँग

रू.७,८०,०००।- ऋण लिई राजु थापासमेतलाई फिर्ता दिएका हुन् जाहेरीमा लेखिएको बेहोरा ठिक हो भन्नेसमेतको शिवकुमार राईको कागज।

मृतक सिरकुमारी भन्ने मइतकुमारी लामा तथा निजको पति दिलबहादुर तामाङसमेत मैले सञ्चालन गरेको का.जि. ठमेल स्थित माइक्राउन्ड होटलमा २०६१ साल फाल्गुण ४ गते आई ३०३ नं. को कोठामा ५ र ६ गते बसी ७ गते गएका हुन् निजहरूको मृत्यु भएको कुरा हाल थाहा पाएँ होटलको बिल कसले तिरे थाहा भएन भन्नेसमेत बेहोराको हरिप्रसाद चतुर्वेदीको कागज।

जाहेरीमा उल्लेख भएको रकममध्ये डा.राजु डंगोलको जाहेरीमा उल्लेख भएको रकम मैले लिएको सोमध्ये रू.३,३०,०००।- दिइसकेको छु, मनकुमारी राईको रू.२,००,०००।- र जाहेरीमा नाम उल्लेख भएका डम्बर राईको रू.७०,०००।- लिएको हो अन्य जाहेरवालाहरूलाई देखे चिनेको छैन विदेश कोरियामा रोजगारको लागि पठाई दिन्छु भनी मैले रकम लिएको पनि होइन भन्नेसमेत बेहोराको प्रतिवादी रमेश रसाइलीले गरेको थप बयान कागज।

प्रतिवादी रमेश रसाइलीले मनकुमारी राईसमेतलाई कोरियामा पठाई दिन्छु भनी जाहेरीमा उल्लेख गरेका विभिन्न व्यक्तिहरूको रकम लिएका हुन् मसँग लिएको रकममध्ये रू.६०,०००/- लिन बाँकी छ भन्नेसमेत बेहोराको डम्बर राईको कागज।

डम्बर राई तथा मनकुमारी राईलाई विदेश कोरियामा रोजगारको लागि पठाई दिन्छु भनी रमेश रसाइलीले मनकुमारी राई तथा डम्बर राईसँग जाहेरीमा उल्लेख भएको रकम लिई विदेश पनि नपठाएको र रकमसमेत फिर्ता नगरेकोले ठगिएको थाहा पाई मनकुमारी राईले जाहेरी दिएकी हुन् भन्नेसमेत बेहोराको ईन्द्रराज श्रेष्ठको कागज।

म तथा मेरो दिदी छिरिङ डोल्मा शेर्पासमेतलाई रोजगारीको लागि कोरिया पठाई दिन्छु भनी रू.२,००,०००।- लिई गएकोमा विदेश पनि नपठाएको र रकमसमेत फिर्ता नगरेको हुँदा मेरो बुबा कर्पु शेर्पाले जाहेरी दिनु भएको हो भन्नेसमेत बेहोराको लोप्साङ टाँसी शेर्पाको कागज।

तत्काल इण्डम्यान कन्सल्टेन्सी हाल महालक्ष्मी कन्सल्टेन्सी प्रा.लि.रमेश रसाइलीसँग खरिद गरेको हो हाल रमेश रसाइली उक्त प्रा.लि. को कुनै सदस्यसमेत नभएको भन्नेसमेत बेहोराको महालक्ष्मी कन्सल्टेन्सी प्रा.लि.का सञ्चालक सैलेश जंग राणा र दिपककुमार न्यौपानेले गरेको कागज।

मेरो बुबा दिलबहादुर तामाङ, आमा सिरकुमारी भन्ने मइतकुमारी लामाले कुलबहादुर कार्की र रमेश रसाइलीको मेनपावरमा विदेश जाने मानिसहरू सम्पर्कमा ल्याउने, रकम जम्मा गरी कुलबहादुर कार्की तथा रमेश रसाइलीलाई दिने काम गर्नुहुन्थ्यो, सोही क्रममा जाहेरवालाहरूको जाहेरीमा उल्लेख भएको रकम उठाई निज कुलबहादुर कार्की तथा रमेश रसाइलीलाई बुझाइसकेपछि सबुद प्रमाण नष्ट गराउने उद्देश्यले मेरो आमा मइतकुमारी लामा र बाबु दिलबहादुर तामाङलाई बुटवल पठाई हत्या गरेका हुन भन्नेसमेत बेहोराको हरिकुमार तामाङको कागज।

मेरो दिदी सिरकुमारी भन्ने मइतकुमारी लामा र भिनाजु दिलबहादुर तामाङ कुलबहादुर कार्की र रमेश रसाइलीले सञ्चालन गरेको म्यान पावरमा एजेन्टको रूपमा काम गर्दै आएकोमा मलाई पनि रोजगारको लागि कुलबहादुरसमेतले कोरिया पठाई दिन्छन् भनी मसँग रू.४,५०,०००।- लिई दिदी भिनाजुले निजहरूलाई दिएपछि निजहरूले नै मेरो दिदी मइतकुमारी र भिनाजु दिलबहादुर तामाङको रहस्यमय हत्या गरी मेरो रकमसमेत ठगी गरेको हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको बालकुमारी तामाङको जाहेरी दरखास्त।

मैले जाहेरवाली बालकुमारी तामाङसमेतलाई रोजगारको लागि कोरिया पठाई दिन्छु भनी जाहेरीमा

उल्लिखित रू.४,५०,०००।- लिएको होइन भनी प्रतिवादी रमेश रसाइलीले गरेको थप बयान कागज।

जाहेरवाला फुर्वा लामासमेतको जाहेरीमा उल्लेख भएका ठगी गरेको भन्ने मुद्दामा संलग्न भनिएका कुलबहादुर कार्की, सुनिल रसाइलीसमेतको खोजतलास गर्दा फेला नपरेको भन्नेसमेत बेहोराको प्रतिवेदन।

मिसिल संलग्न रहेका विभिन्न जाहेरी दरखास्तहरू, प्रतिवादी रमेश रसाइलीको बयान कागज र दरखास्तको समर्थनमा कागज गर्ने मानिसहरूले खुलाई दिएको बेहोरा र बुझिएका मानिस हरिकुमार तामाङले लेखाई दिएको कागज बेहोरासमेतबाट प्रतिवादीहरू रमेश रसाइली र कुलबहादुर कार्कीले जाहेरवाला एवं जाहेरी दरखास्तमा उल्लिखित विभिन्न मानिसहरूलाई वैदेशिक रोजगारको लागि कोरिया पठाई रोजगारमा लगाई दिने भनी प्रलोभनमा पारी प्रतिवादी रमेश रसाइली एक्लैले जाहेरवालाहरू निमा डाँगीको रू.३,५०,०००।-, डा.राजु डंगोलबाट रू.७,८०,०००।-, मनकुमार राईबाट रू.२,७०,०००।- प्रेमकाजी गुरूङबाट रू.१,००,०००।- समेत जम्मा रू.१५,००,०००।- रकम जाहेरवालाहरूलाई विदेश कोरियामा रोजगारको लागि पठाइदिने भनी लिई रोजगारमा नपठाई रकमसमेत फिर्ता नदिई ठगी गरी लिए खाएको पुष्टि हुन आएको र जाहेरवालाहरू फुर्वा लामा र पूर्ण तामाङबाट रू.३९,९०,०००।- रूमबहादुर फुन्जाबाट रू.४,५०,०००।-, जंग गुरूङबाट १५,००,०००।-, युवराज लामा छल्टीम लामा र यूवनसाङ लामाबाट रू.१६,५०,०००।-, जितबहादुर थापा र कृष्णबहादुर क्षेत्रीबाट रू.२२,५०,०००।- कर्प शेर्पाबाट रू.२,००,०००।- र बालकुमारी तामाङबाट रू.४,५०,०००।- समेत गरी जम्मा रू.१,०४,९०,०००।- बराबरको रकम प्रतिवादीहरू रमेश रसाइली र कुलबहादुर कार्कीले कोरियामा रोजगारीको लागि पठाई दिन्छु भनी रकम लिई खाई विदेश नपठाई ठगी गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन ठगीको महलको १ नं. विपरीत ४ नं. बमोजिमको कसुर अपराध देखिन आएकोले प्रतिवादीहरूलाई सोही महलको ४ नं. बमोजिम सजाय हुन र जाहेरवालाहरूबाट ठगी लिई खाएको बिगो सोही महलको ४ नं. बमोजिम सम्बन्धित प्रतिवादीहरू (रमेश रसाइली र कुलबहादुर कार्की) बाट सम्बन्धित जाहेरवालाहरूलाई दिलाई भराई पाउँ साथै फरार प्रतिवादी कुलबहादुर कार्कीको हकमा सम्मानित अदालतबाटै म्याद जारी गरिपाउँ र प्रतिवादीको पोलमा परेका सुनिल रसाइलीको हकमा विस्तृत अनुसन्धान गरी निजको कसुरमा संलग्नता पुष्टि हुन आएका अवस्थामा सोहीबखत कानूनबमोजिम हुने बेहोरासमेत अनुरोध छ भन्नेसमेत बेहोराको मिति २०६३।१०।५ गतेको अभियोगपत्र।

मैले २०६१ सालदेखि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको छैन, सोभन्दा अगाडि इण्डम्यान कन्सल्टेन्सी प्रा.लि. नाउँको वैदेशिक रोजगारको काम गर्ने कम्पनी खरिद गरी काम गरेको थिएँ, जाहेरीमा उल्लिखित कुनै पनि व्यक्तिसँग मैले विदेश पठाई दिन्छु भनी पैसा लिएको छैन । मैले कुलबहादुर कार्कीसँग २०५९ सालदेखि नै कारोबार गर्न छाडिसकेको हुँ, मइतकुमारी लामालाई चिन्दछु निजले र मैले कुलबहादुर कार्कीको सत्यवती म्यानपावरमा एजेन्टको काम गरेका थियौं, निज मइतकुमारी लामा र उनको पति दिलबहादुर तामाङको मृत्यु के कसरी भयो मलाई थाहा भएन, जाहेरवाला फुर्वा लामासमेतले मृतक मइतकुमारी लामाले कुलबहादुर कार्कीलाई दिने गरी पैसा बुझेको हो दिनु पर्‍यो भन्दा मैले मलाई थाहा नभएको कुरा भन्न सक्दिन भनेकोले मउपर जाहेरी दिएका हुन्, मैले पैसा लिएर कागज गरेको छैन र पैसा पनि लिएको छैन, मैले अभियोग दाबीबमोजिम ठगी गरेको छैन भन्नेसमेत बेहोराको प्रतिवादी रमेश रसाइलीले अदालतमा गरेको बयान।

म जाहेरवालाहरू कसैलाई पनि चिन्दिन, प्रतिवादी रमेश रसाइलीलाई गत ६।७ वर्षदेखि सामान्य रूपमा चिन्दछु, मैले २०५०-५२ सम्म सत्यवती म्यानपावरबाट इजरायल र मलेसिया कामदार पठाउँथे, मैले कोरियाको लागि कामदार पठाउने गरेको छैन, मैले आफ्नो म्यानपावरमा कुनै शाखा र एजेन्ट बनाएको छैन, मइतकुमारी तामाङ र दिलबहादुर तामाङलाई मेरो जिल्लावासी भएकोले सामान्य रूपमा चिनेको मात्र हो, मैले पहिला लुम्बिनी ओभरसिजबाट कामदार दक्षिण कोरिया पठाउने गरेको थिएँ तर पछि सरकारले दक्षिण कोरिया कामदार पठाउन चिट्ठा प्रणाली लागू गरेपछि त्यसमा असहमति थियो र त्यसैले लुम्बिनी ओभरसिजलाई श्रम विभागले रद्द गरेको हो त्यस पछाडि मैले आफ्नै नामबाट सत्यवती म्यानपावर खोली मलेसिया र इजरायल मात्र कामदार पठाउने गरेको छु, त्यसरी कामदार पठाउन राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी आवेदन लिएर अन्तर्वार्ता लिई सिधै कम्पनीबाट पठाउने गरेकाले कुनै एजेन्ट प्रयोग गर्ने गरेको छैन, ममाथि लगाइएको अभियोग दाबी झुट्ठा हो, मैले ठगी नगरेको हुँदा अभियोग दाबीबाट फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी कुलबहादुर कार्कीले अदालतमा गरेको बयान।

रमेश रसाइलीका विरूद्धमा दिएको जाहेरी दरखास्तको बेहोरा र सोमा परेका सहिछाप मेरै हुन्, मैले मिति २०५८।४।२७ गते काठमाडौंको रातोपुल छेउको चिया पसलमा रू.२,००,०००।- रकम बुझाएको थिएँ, उक्त समयमा त्यस स्थानमा मेरा मामाका छोरा डम्बर राई र इन्द्रराज श्रेष्ठसमेत उपस्थित थिए, डम्बर राईले पनि सोही दिन सोही समय र स्थानमा दक्षिण कोरिया जानकै लागि प्रतिवादी रमेश रसाइलीलाई रू.२,००,०००।- बुझाएका थिए, डम्बरको पैसा पटकपटक फिर्ता गरी हाल रू.७०,०००।- डम्बरले निज प्रतिवादी रमेश रसाइलीबाट लिन बाँकी छ भन्नेसमेत बेहोराको जाहेरवाला मनकुमार राई, डम्बर राईको एकै मिलानको अलगअलग बकपत्र।

कुलबहादुर कार्कीलाई मैले चिनेको छैन, अर्का प्रतिवादी रमेश रसाइलीले दक्षिण कोरिया लान्छु भनी मनकुमार राईबाट रू.२,००,०००।- रातो पुलमा बिहान १०/११ बजेतिर निलो रंगको पल्सर मोटरसाइकल चढी आई चिया पसलमा बसी चिया खाई लिएका हुन् पैसा दिँदा भरपाई गर्नुपर्छ भनी मनकुमार राईले मलाई लगेका थिए। तर उनीहरूबिच भरपाई नगरी पैसा बुझाउने बुझ्ने सम्झौता भएकाले भरपाई नगरी पैसा बुझाउने काम भएको हो भन्नेसमेत बेहोराको इन्द्रराज श्रेष्ठको बकपत्र।

दक्षिण कोरिया पठाउने भनी मइतकुमारी र दिलबहादुर तामाङले रकम लिई रमेश रसाइलीलाई दिएका हुन्। रमेश रसाइलीले भिसासमेत देखाई दक्षिण कोरिया पठाउने भनी आश्वासन दिएका हुन् भन्नेसमेत बेहोराको पीडित रूपबहादुर गुरूङ, कृष्णबहादुर क्षेत्री, तेजबहादुर गुरूङ, रूमबहादुर फुङजा, निमाकुमारी डाँगीको करिब एकै मिलान बेहोराको अलग अलग बकपत्र।

रमेश रसाइली र कुलबहादुर कार्कीबाट विदेश पठाउने हुनाले हामीले पैसा उनीहरूलाई नै दिन्छौं भन्दा हाम्रा एजेण्ट मइतकुमारी र दिलबहादुर हुन् उनीहरूलाई पैसा बुझाए काम हुन्छ नत्र हुँदैन भनेकाले पैसा मइतकुमारी र दिलबहादुरलाई बुझाएका हौं। जाहेरी दरखास्तको बेहोरा र सहिछाप मेरै हो, पैसा बुझ्ने मइतकुमारी र दिलबहादुरलाई २०६१।११।१२ गते बुटवलको सिन्दुर होटलमा हत्या गरिएपछि रमेश रसाइलीसमेतका मानिस उनीहरूको छोरा बुहारी र बैनी बसेको कोठामा गई दराजको चाबी मागी धम्क्याएको रहेछन्, पछि मृतकको डायरीमा कुलबहादुर कार्कीलाई रू.१,०३,७८,०००।- बुझाएको भन्ने फेला परेकोले जाहेरी दिएको हो भन्नेसमेत बेहोराको बालकुमारी तामाङ, युवराज लामाको अलग अलग एकै मिलानको बकपत्र।

म आफू जाने व्यक्ति होइन तर रमेशले फोन गरेर पटकपटक मान्छे खोजिदेउ भनेकाले मैले पेश्की स्वरूप रकम लिएर रमेशलाई दिएको हुँ भन्नेसमेत बेहोराको डा.राज डंगोल महर्जनको बकपत्र।

निमा कुमारीले कलंकीमा गाडीमा आई बा.१ च ५२१८ नं. को सेतो गाडीमा दिएको हो करिब ३ दिनअघि रू.३,५०,०००।- विदेश दक्षिण कोरियामा पठाई दिने भनी दिएको मैले देखेको हुँ भन्नेसमेत बेहोराको गोपाल राईको बकपत्र । रमेश रसाइलीले मेरो बुबा आमासँग विदेश पठाई दिन्छु भनी पैसा उठाउन लगाउँथ्यो । आमाले पैसा उठाएर विदेश पठाउने कार्यका लागि कुलबहादुरलाई बुझाउनु हुन्थ्यो कुलबहादुर कार्कीसँग मेरो बुबा आमाले पहिलेदेखि नै कारोबार गर्नु हुन्थ्यो, मेरो काकालाई पनि यो कारोबार हुनुअगाडि नै विदेश पठाउनु भएको थियो, विदेश जानको लागि पैसा बुझाउने पीडित व्यक्तिहरूले दबाब दिन थालेपछि मेरो बुबा आमालाई रमेश रसाइली र कुलबहादुरले बुटवल जानोस् भनी पठाए, बुबाआमा बुटवल गइसकेपछि भोलिपल्ट २०६१।११।१२ गते मेरो घर बसुन्धारामा आई कोठा तोडफोड गरी कागजपत्र सबै लिएर गए, बस्न नसक्ने अवस्था भएपछि हाम्रो परिवार बुटवल आफ्नै घरमा गयौं, पछि बुबा आमाको खोजतलास गर्दै जाँदा बुटवल इलाका कार्यालयमा फोटो देखाइयो जुन फोटोचाहीँ मेरो बुबा आमाको थियो, बुटवल कालिका नगरमा पोका पारेको लास देखाइएको थियो । २०६१।११।११ गतेसम्म मलाई ठिकै छ भनेर फोन डायरीमा कुलबहादुरलाई १,०३,७८०००।- दिएको भनी लेखिएको थियो, उक्त डायरी इलाका प्रहरी कार्यालय बुटवलमा दिएको हो भन्नेसमेत बेहोराको हरिकुमारको बकपत्र।

मिति २०६१।११।११ गतेका दिन वैदेशिक रोजगारको सिलसिलामा कोरिया पठाई दिन्छु भनी रू.४,५०,०००।- मृतक दिलबहादुर तामाङ र मइतकुमारी तामाङले पैसा लिई मसमेत गएर माइक्राउन गेष्टहाउसमा कुलबहादुर कार्की र रमेश रसाइलीलाई बुझाएका हौं, मलाई २४ गतेको तपाइँको टिकट तयारी छ भनी भनेका थिए, दिलबहादुर तामाङ र मइतकुमारी तामाङको बुटवलमा हत्या भएपछि कुलबहादुर कार्की र रमेश रसाइलीलाई विदेश कहिले पठाउनु हुन्छ भनी भेट गर्दा उनीहरूले हामीले तपाइँको रकम बुझेको पनि होइन विदेश पठाउन पनि सक्दैनौं भनी भनेकाले अन्यायमा परी ठगी मुद्दा दायर गरेका हौं भन्नेसमेत बेहोराको जाहेरवालामध्येका चेतन लामाको बकपत्र।

मइतकुमारी तामाङ र दिलबहादुर तामाङलाई पैसा बुझाए हुन्छ भनी कुलबहादुर कार्की र रमेश रसाइलीले भनेकोले मैले उनीहरूलाई पैसा दिएको हुँ, उनीहरूलाई पैसा दिएपछि सो पैसा कुलबहादुर र रमेश रसाइलीले बुझी लिएर गएका हुन, तोकिएको समयमा उनीहरूले विदेश नपठाएपछि हामीले पैसा फिर्ता गर्नु भनी ताकेता गर्न थालेपछि उक्त पैसा नतिर्ने नियत राखी मिति २०६६।११।१२ गते मइतकुमारी तामाङ र दिलबहादुर तामाङलाई बुटवलमा षड्यन्त्र गरी मारेका हुन् र हामीलाई विदेश नपठाई ठगी गरेका हुन भन्नेसमेत बेहोराको जाहेरवाला पूर्ण तामाङ, जङ्ग गुरूङको एकै मिलान अलग अलग बकपत्र।

मिसिल संलग्न डायरी र सोमा भएको अक्षर र कारोबार मसँग संलग्न होइनन्, डायरीमा कुनै मेरो हस्ताक्षर परेका छैनन् र डायरीमा उल्लिखित व्यक्तिहरू मैले चिन्दिन वैदेशिक रोजगार सञ्चालन गर्दा सम्पूर्ण आर्थिक कारोबार एकाउन्टेन्टले गर्दछन्, त्यसमा म्यानेजिङ डाइरेक्टरको कुनै संलग्न हुँदैन भनी प्रतिवादी कुलबहादुर कार्कीले गरेको सनाखत बयान।

मिसिल संलग्न प्रमाणबाट प्रतिवादीहरू कुलबहादुर कार्की र रमेश रसाइलीले जाहेरवालाहरू जङ्ग गुरूङ, पूर्ण तामाङ, चेतन लामा, निमा डाँगी, राजु डंगोल युवराज लामा, बालकुमारी तामाङ, रूमबहादुर फुङजा, तेजबहादुर गुरूङ, फुर्वा लामा,

रूपबहादुर गुरूङबाट विदेश पठाउन भनी रकम लिई विदेश नपठाई जाहेरवाला पूर्ण तामाङबाट ५,५०,०००।-, जङ्ग गुरूङबाट रू.५,००,०००।- चेतन लामाबाट रू.४,५०,०००।-, कर्पु शेर्पाबाट रू.२,००,०००।-, युवराज लामाबाट रू.५,५०,००० बालकुमारी तामाङबाट रू.४,५०,०००।-, रूमबहादुर फुङजाबाट रू.४,५०,०००।-, तेजबहादुर गुरूङबाट रू.५,००,०००।-, कृष्णबहादुर क्षेत्रीबाट रू.४,५०,०००।-, फुर्वा लामाबाट रू.१,५०,०००।- रूमबहादुर गुरूङबाट रू.५,००,०००।- ठगी गरी मुलुकी ऐन ठगीको महलको १ नं. बमोजिम कसुर गरेको देखिँदा उपर्युक्त जाहेरवालाको जाहेरीमा उल्लिखित रकम प्रतिवादी कुलबहादुर कार्की र रमेश रसाइलीबाट दामासाहीले भराई दिने ठहर्छ । प्रतिवादी रमेश रसाइलीले जाहेरवालाहरू निमाकुमारी डाँगी, राजु डंगोल प्रेमकाजी गुरूङ, मनकुमारी राईबाट विदेश पठाई दिने भनी निमाकुमारी डाँगीबाट रू.३,५०,०००।-, राजु डंगोल रू.७,८०,०००।- मनकुमार राईबाट रू.२,७०,०००।- प्रेमकाजी गुरूङबाट रू.१,००,०००।- लिई विदेश नपठाई ठगी गरी मुलुकी ऐन ठगीको महलको १ नं. बमोजिम कसुर गरेको देखिँदा सोही महलको ४ नं. बमोजिम प्रतिवादी रमेश रसाइलीबाट जाहेरीमा उल्लेख भएको रकम जाहेरवाला निमा डाँगी, राजु डंगोल, प्रेमकाजी गुरूङ, मनकुमार राईलाई भराई दिने ठहर्छ र प्रतिवादी कुलबहादुर कार्कीलाई निजले ठगी गरेको ठहरेको मोल बिगो रू.२३,७५,०००।- जरिवाना र १ महिना कैद हुने ठहर्छ र प्रतिवादी रमेश रसाइलीलाई निजले ठगी गरेको ठहरेको रू.३८,७५,०००।- जरिवाना र ६ महिना कैद हुने ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।९।६ मा भएको फैसला।

उपर्युक्त मुद्दामा मुलुकी ऐन ठगीको महलको १ नं. र ४ नं. बमोजिम मागदाबीसहित ठगीको महलअन्तर्गत अभियोगपत्र प्रस्तुत भएको छ, वैदेशिक रोजगार सम्बन्धमा व्यवस्था गर्न बनेको छुट्टै वैदेशिक रोजगार ऐन, २०४२ लागू भई क्रियाशील रहेको अवस्थामा वैदेशिक रोजगारसम्बन्धी भए गरेको भनिएको कसुरमा मुलुकी ऐन ठगीको महलअन्तर्गत जाहेरी लिन, अनुसन्धान गर्न र मुद्दा चलाउन मिल्दैन, अभियोजनपक्षले मेरा विरूद्ध वादी दाबी पुष्टि हुने कुनै पनि ठोस प्रमाण प्रस्तुत गर्न सकेको छैन, कुनै जाहेरवाला वा पीडित भनिएका व्यक्ति वा अन्य प्रतिवादी वा पेटबोलीमा रहेका अन्य कसैलाई मैले कुनै कागज लिखत गरिदिएको, कसैबाट मेरो वा मेरो कुनै कम्पनीको तर्फबाट एजेन्ट नियुक्त गरिदिएको अवस्था कुनै प्रमाणबाट देखिँदैन, आरोपित कसुरमा मेरो संलग्नता देखाउने स्वतन्त्र प्रमाणको अभाव रहेको अवस्थामा जाहेरवाला र पीडित भनिएका व्यक्तिहरूले अदालतमा गरेको बकपत्रबाट बेहोरा समर्थित भएको भनी फैसलामा कसुर कायम गरेको मिलेको छैन । जिल्ला अदालतबाट मलाई कसुरदार ठहर गरी गरेको फैसला त्रुटिपूर्ण र कानूनविपरीत रहेको हुँदा उक्त फैसला उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी कुलबहादुर कार्कीले तत्कालीन पुनरावेदन अदालत पाटनमा दिएको पुनरावेदन पत्र।

प्रतिवादीहरू कुलबहादुर कार्की र रमेश रसाइलीले सत्यवती ओभरसिज तथा इन्डमान कन्सल्टेन्सीको नाममा कोरिया पठाउने अनुमति प्राप्त पहिले अस्तित्वमा रहेको लुम्बिनी ओभरसिजसमेतको विश्वास देखाई आफूहरूले यस सम्बन्धमा विश्वास दिलाउने र षड्यन्त्रपूर्वक मारिएका दिलबहादुर तथा मइतकुमारी भन्ने शीर कुमारीलाई अगाडि सारी तिनैका हातबाट पीडितहरूको रकम लिई ठगी गरेको मिसिलबाट देखिन्छ । मृतकहरू र यी प्रत्यर्थीहरूको समूह सामूहिक रूपमा ठगी कार्यमा संलग्न रहेको भन्ने जाहेरी, बरामद डायरी, भरपाइ, पीडित तथा बुझिएका मानिसको कागजसमेतबाट देखिन्छ, यिनै प्रतिवादीहरूको प्रतिनिधि बनेका दिलबहादुरसमेतलाई

पीडित जाहेरवालाहरूबाट उपर्युक्त रकम लिइसकेपछि कर्तव्य गरी मारी ठगी गरी लिएको रकम पचाउने नियत राखेको देखिन्छ जुन कुरा मृतकका छोरा हरिकुमार तामाङ र प्रत्यक्ष देख्ने बालकुमारी तामाङसमेतको कागजबाट पनि पुष्टि भइरहेको अवस्था छ, सुरू अदालतबाट केबल हचुवाका भरमा ठगी जस्तो पूर्वतयारी एवं प्रपञ्चपूर्ण रूपले गरिने कसुरमा जाहेरवालाहरूको जाहेरीमा उल्लिखित रकम ठगी भएको तथ्य मिसिल संलग्न प्रमाणद्वारा समर्थित भइरहेको अवस्थामा निज जाहेरवालाहरूको सम्पूर्ण बिगो रू.१,०४,९०,०००।– र रमेश रसाइलीले मात्र लिएको बिगो रू.१५,०००००।– समेत जम्मा बिगो १,१९,९०,०००।- नै ठगी गरेको ठहर गर्नुपर्नेमा सो नगरी केबल रू. ४७,५०,०००।- मात्र ठहर हुने गरी सो बिगो दुईजनालाई दामासाहीले बाँडी त्यसैबमोजिम जरिवाना हुने गरी भएको फैसला प्रमाण कानून एवं न्यायको रोहमा समेत त्रुटिपूर्ण भई बदरभागी हुँदा अभियोगपत्र माग दाबीबमोजिमको रू.१,१९,९०,०००। - ठगी गरेको ठहर गरी सम्बन्धित पीडितहरूलाई निजहरूको ठगी भएको तत् तत् रकम निजहरूबाटै भराई दिई कूल बिगोबमोजिम नै जरिवाना गरी कानूनबमोजिम सजायसमेत गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट तत्कालीन पुनरावेदन अदालत पाटनमा दिएको पुनरावेदनपत्र।

कोरिया पठाउने दिलबहादुर तामाङ र मइतकुमारी तामाङ दुईजना एजेण्ट हुन्, निजहरूलाई रूपैयाँ दिए हुन्छ भनी कुलबहादुरले मलाई भनेकाले मैले २०६१।९।१५ गते रू.४,५०,०००।- दुवै जना भएको बेला नगदै दिई १८ गते रू.३,००,०००।- को भरपाई दिलबहादुर तामाङका नाउँबाट बनाएको हो, बाँकी रू.१,५०,०००।- को भरपाई पछि बनाई दिने भनी भनेका थिए, मलाई कोरिया पठाई दिन्छु भनेर रूपैयाँ मात्र लगेर कोरिया नपठाई मलाई ठगी गरेका हुन्, उक्त रकम रू.४,५०,०००।- र सोको क्षतिपूर्तिसमेत मैले पाउनु पर्ने हो भन्नेसमेत बेहोराको जाहेरवाला पहल सिं रानाले निवेदन माग गरेबमोजिम अदालतको आदेशले मिति २०६८।२।१९ मा तत्कालीन पुनरावेदन अदालत पाटनमा गरेको बकपत्र।

मृतक दिलबहादुर र मइतकुमारी तामाङले पुनरावेदक प्रतिवादी कुलबहादुर कार्कीसमेतको सहयोगीको रूपमा काम गरेको र निजहरूमार्फत प्रतिवादीले जाहेरवालालाई विदेश कोरियामा रोजगारीमा पठाउने भनी झुक्याई धोका दिई गफलतमा पारी रकम लिई ठगी गरेको भन्ने अभियोग दाबी जाहेरवालाहरूको किटानी बकपत्र र मृतक दिलबहादुर तथा मइतकुमारी तामाङको छोरा हरिकुमारको बकपत्र तथा मिसिल संलग्न रहेको डायरीको बेहोरासमेतबाट प्रमाणित भइरहेकोले पुनरावेदक प्रतिवादी कुलबहादुर कार्कीसमेतले जाहेरवालाहरूको जम्मा रू.५०,५०,०००।- बराबरको रकम ठगी गरेको ठहर्छ । जाहेरवालाहरूले जम्मा रकम रू.४७,५०,०००।– पाउने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।९।६ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुन्छ। सोबाहेक प्रतिवादीहरूलाई रकम बुझाएका व्यक्तिहरू भनी जाहेरी दरखास्तमा उल्लेख भएका अन्य व्यक्तिहरू अदालतमा उपस्थित भई आफूहरूले प्रतिवादीहरूलाई यो यति रकम बुझाएको हो भनी भन्न नसकेको अवस्थामा त्यसरी अनुपस्थित रहेका व्यक्तिहरूले रकम बुझाएका रहेछन् भन्न र त्यस्तो रकमलाई ठगीको बिगोमा समावेश गर्न मिल्ने देखिएन। सो हदसम्म वादी पक्षको पुनरावेदन जिकिर र पुनरावेदक प्रतिवादी कुलबहादुर कार्कीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६८।४।९ मा भएको फैसला।

प्रतिवादीहरू रमेश रसाइली र कुलबहादुर कार्कीले संयुक्त रूपमा मइतकुमारी र दिलबहादुरमार्फत रकम उठाई जाहेरीमा उल्लिखित सबै व्यक्तिहरूलाई

कोरिया पठाइदिने प्रलोभनमा पारी विश्वास दिलाई एकमुष्ट रू. १,१९,९०,०००।– उठाई लिनु खानु गरी कोरिया नपठाई ठगी गरेको तथ्य मिसिल प्रमाणहरूबाट पुष्टि प्रमाणित भइरहेको अवस्थामा प्रतिवादीहरूलाई दाबीको सम्पूर्ण बिगो रू.१,१९,९०,०००।– नै ठगी गरेमा सजाय गरी ठगी गरेको सम्पूर्ण बिगो पीडितहरूलाई भराई दिनु पर्नेमा सो नगरी बिगो रू.५०,५०,०००।– मात्र प्रतिवादीहरूले ठगी गरेको ठहर गरी सो बिगो दुईजना प्रतिवादीहरूलाई बाँडी त्यसैबमोजिम जरिवाना हुने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसला प्रमाण, कानून एवं न्यायको रोहमा समेत त्रुटिपूर्ण भएकोले बदर गरी अभियोग दाबीबमोजिम १,१९,९०,०००।– बिगो ठगी गरेको ठहर गरी सम्बन्धित पीडितहरूलाई ठगी गरेको तत्तत् बिगो प्रतिवादीहरूबाट भराई दिई ठगीको कूल बिगोबमोजिम नै प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदनपत्र।

मृतक मइतकुमारी तामाङ र दिलबहादुर तामाङलाई मेरो जिल्लावासी भएको कारणले सामान्यरूपमा चिन्दछु। हामीबिचमा कुनै Principal, Agent को सम्बन्ध रहेको छैन। नेपाल कानूनबमोजिम कुनै व्यक्तिलाई एजेन्टको रूपमा नियुक्त गर्न करार ऐन, २०५६ को व्यवस्थाबमोजिम करार गर्नुपर्छ, निजहरूलाई कुनै लिखत र करारद्वारा प्रतिनिधि वा एजेन्ट नियुक्त गरेको भन्ने कुनै प्रमाण छैन। निजहरूसँग मेरो संलग्नता नरहेको कुराको मूल्याङ्कन नगरी मलाई सजाय सुनाइएको छ। मृतकका छोरा हरिकुमार तामाङले प्रहरीसमक्ष गरेको कागज र बकपत्रलाई मुख्य आधार लिएर मेरो विरूद्ध फैसला भएको छ। हरिकुमार तामाङले आफ्नो बकपत्रमा २०६१।११।११ गतेसम्म मलाई ठिकै छ भनेर फोन डायरीमा कुलबहादुरलाई रू.१,०३,७८,०००।– बुझाएको भन्ने बेहोरामा यो यसकै हस्ताक्षरित वा नियमित राखिएको खाता बही हो भन्ने खुलेको छैन। उक्त कथित डायरी कसको हो ? कसले लेखेको हो ? कहिले लेखिएको हो ? लेखिएका कुरा सिलसिलेवार छन् छैनन् त्यसमा लेखिएका कुरा प्रस्तुत विवादमा देखाइएका लिखत जाहेरी बेहोरासँग भिड्छन् भिड्दैनन् ? त्यसतर्फ फैसला गर्दा ध्यान दिइएको छैन। जाहेरवालाहरूले वैदेशिक रोजगारका लागि मलाई नै रकम दिएको भन्न सकेको अवस्था पनि छैन। वैदेशिक रोजगारीका लागि रकम दिएको भनी जाहेरी दरखास्त परेपछि सोही ऐनबमोजिम मुद्दा चलाउनु पर्नेमा मुलुकी ऐन, ठगी महलअन्तर्गत मुद्दा चलाई मलाई सजाय गरिएको छ जुन सरासर कानूनको प्रयोग र व्याख्यात्मक त्रुटि छ। तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला ने.का.प.२०५६, नि.नं.६८१८, पृष्ठ ७२६ मा स्थापित नजिरसमेतको प्रतिकूल भई न्यायका मान्य सिद्धान्त र प्रमाण कानूनका सिद्धान्त एवं तथ्यगत त्रुटि भएकोले उक्त फैसला बदर उल्टी गरी न्याय पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी कुलबहादुर कार्कीको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा पुनरावेदन अदालत पाटनको फैसलाउपर प्रतिवादी कुलबहादुर कार्की र वादी नेपाल सरकारको तर्फबाट समेत पुनरावेदन परेको देखिँदा मुलुकी ऐन अ.बं.२०२ नं. को प्रयोजनार्थ सो पुनरावेदन एक अर्कालाई जानकारी गराई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।०५।१९ को आदेश।

**ठहर खण्ड**

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री महेशप्रसाद खत्रीले जाहेरवाला फुर्वा लामा, पूर्ण तामाङको जाहेरी दरखास्तमा र युवराज लामा र घुल्टिन लामासमेतको जाहेरी दरखास्तमा आफ्नो र आफ्ना साथीहरूको नाम

र निजहरूले बुझाएको रकम किटान गरी प्रतिवादीहरू र निजहरूको एजेन्ट मइतकुमारी र निजको पति दिलबहादुर तामाङलाई दिएको भनी स्पष्ट बेहोरा उल्लेख गर्नु भएको छ । प्रतिवादीहरूको एजेन्टको रूपमा काम गर्ने दिलबहादुर र मइतकुमारीको बुटवलमा विभत्स हत्या गरिएको छ, यिनै दिलबहादुरको डायरीबाट जाहेरवालाबाट संकलन गरेको रकम प्रतिवादी कुलबहादुरको लागि संकलन गरेको भन्ने देखिएको छ । मृतक दिलबहादुरको छोरा हरिकुमार तामाङले अदालतमा बकपत्र गर्दा डायरी कसरी फेला परेको हो यथार्थ अवस्था बताएका छन् सो डायरी प्रतिवादी विरूद्ध प्रमाणग्राह्य छ । पीडित जाहेरवालाहरूले अदालतमा उपस्थित भई प्रतिवादीहरूले आफूहरूलाई कोरिया पठाई दिने भनी रकम लिई ठगी गरेका हुन् भनी किटानी बकपत्र गरेका छन् । अभियोग ठहर गरेर पनि जाहेरीमा उल्लिखित व्यक्तिहरूको जम्मा बिगो रू.१,१९,९०,०००।– कायम गरी अभियोजन गरिएकोमा रू.५०,५०,०००।– मात्र बिगो कायम गरी भएको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला प्रमाण कानून एवं न्यायको रोहमा त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर उल्टी गरी अभियोग दाबीबमोजिम बिगो भराई बिगोबमोजिम प्रतिवादीहरूलाई सजाय हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

पुनरावेदक प्रतिवादी कुलबहादुर कार्कीबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण सापकोटाले आफ्ना पक्षलाई जाहेरवाला तथा जाहेरी दरखास्तमा उल्लिखित व्यक्तिहरूले रकम दिएको प्रमाणबाट पुष्टि हुन सकेको छैन । वैदेशिक रोजगारका लागि रकम दिइएको भनी जाहेरी परेपछि वैदेशिक रोजगार ऐनबमोजिम मुद्दा चलाउनु पर्नेमा मुलुकी ऐन ठगीको महलबमोजिम मुद्दा चलाइएको छ, ठगीको १ नं.को परिभाषाभित्र नै नपर्ने वैदेशिक रोजगारको विषयलाई मुलुकी ऐन ठगीको १ नं.को परिभाषा गरी ठगीको कसुर कायम गरी आफ्ना पक्षलाई सजाय गरिएको छ जुन प्रथमदृष्टिमा नै खारेजभागी छ । यिनै जाहेरवालाहरूले यसै विषयमा वैदेशिक रोजगार ऐनअन्तर्गत कारबाही गरिपाउँ भनी दिनु भएको उजुरीमा पुनरावेदक कुलबहादुर कार्कीको नाम उल्लेख गरी निजले नै आफ्नो रकम लगेको भन्न सक्नु भएको छैन । एउटै विषयमा दुईवटा कानूनअन्तर्गतको कसुर कायम गरी सजाय हुन सक्दैन । भरपाई गरी दिने व्यक्ति पुनरावेदक कुलबहादुर होइनन् । दिलबहादुर र मइतकुमारीले भरपाई गरिदिएको भनिएको छ निजहरू कुलबहादुरका एजेन्ट होइनन एजेन्ट नै नभएको व्यक्तिले गरेको भरपाई आफ्ना पक्षको विरूद्धमा प्रमाण लाग्ने होइन । मृतकका छोराले पेस गरेको डायरीलाई प्रमाणमा लिइएको छ, कथित डायरीमा मितिअनुसारको क्रमिक रूपमा बेहोरा नलेखिएकोले पनि त्यो डायरी प्रमाणग्राह्य छैन । तसर्थ आफ्ना पक्ष पुनरावेदकलाई कसुर कायम गरी सजाय गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला मिलेको छैन बदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

विद्वान् उपन्यायाधिवक्ता तथा विद्वान् वरिष्ठ अधिवक्ताहरूको बहस सुनी सुरू, रेकर्ड र पुनरावेदन पत्रसमेतका मिसिल संलग्न सबुद प्रमाणहरू अध्ययन गरी हेर्दा, प्रस्तुत मुद्दामा मुख्य रूपमा सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन ? वादी नेपाल सरकार र प्रतिवादी कुलबहादुर कार्कीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? भन्ने प्रश्नमा व्याख्या र विश्लेषण गरी निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा वादी नेपाल सरकारको तर्फबाट पेस भएको पुनरावेदनपत्रमा रू.१,१९,९०,०००।- बिगोको स्पष्ट विवरणसहित अभियोग माग दाबी लिएकोमा जम्मा रू.५०,५०,०००।– बिगो कायम गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट कसुर ठहर गरी भएको फैसला मिलेन भन्ने पुनरावेदन जिकिर

रहेको पाइन्छ भने पुनरावेदक कुलबहादुर कार्कीले पेस गर्नुभएको पुनरावेदनपत्रमा वैदेशिक रोजगारीसम्बन्धी कसुरमा मुलुकी ऐन ठगीको महलअन्तर्गत मुद्दा चल्न सक्छ ? सक्दैन भन्ने प्रश्नमा विवेचना भएन, कसुरमा मेरो संलग्नता देखाउने स्वतन्त्र प्रमाणको अभाव छ, जाहेरवालाहरूले श्रम विभागमा दिएको उजुरीमा मेरो संलग्नता रहेको भनी उल्लेख गरेका छैनन्। दिलबहादुर र मइतकुमारी मेरो एजेन्ट होइनन्। हरि कुमार गुरूङले कागज गर्दा खुलाएको बेहोरा पुष्टि गर्ने कुनै आधार छैन, यस्तो अवस्थामा मलाई कसुरदार ठहर गरी सजाय गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला त्रुटिपूर्ण छ बदर गरी न्याय पाउँ भनी पुनरावेदन जिकिर लिनु भएको देखिन्छ।

प्रतिवादीमध्ये रमेश रसाइलीको पुनरावेदन नपरेको र यस अदालतबाट जारी भएको म्यादभित्र हाजिर नभई म्याद गुजारी बसेको देखिँदा निजको हकमा यसमा केही विवेचना गर्नुपर्ने अवस्था रहेन।

२. सर्वप्रथम पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा निर्णयतर्फ विचार गर्दा, जम्मा रू.१,१९,९०,०००।– ठगी गरेको भनी अभियोगपत्र दायर भएकोमा पुनरावेदन तहबाट रू.५०,५०,०००।- मात्र बिगो ठहर गरेको मिलेन भन्ने जिकिर लिएको देखिन्छ। जाहेरवालाहरू फुर्वा लामा, पूर्ण तामाङ, निमा कुमारी डाँगी, रूपबहादुर फुञ्जा थापा, जंगु गुरूङ, युवराज लामा, घुल्टिन लामा, युवनसाङ लामा, डा. राजु डंगोल, लोप्चन तामाङ, कर्पु शेर्पा, जितबहादुर थापा र कृष्णबहादुर क्षेत्रीसमेतले जाहेरी दरखास्त दिएको देखिन्छ। निज जाहेरवालाहरूले दिनु भएको जाहेरी दरखास्तमा प्रतिवादीहरूलाई आफू र आफ्ना नाता सम्बन्धका तथा साथीभाइसमेतको गरी विभिन्न रकम बुझाएको भन्ने बेहोरा उल्लेख गर्नुभएको छ। जाहेरीमा उल्लिखित सोही रकमलाई जम्मा गरी अभियोजन पक्षले उपर्युक्त बिगो निर्धारण गरेको अवस्था छ। सुरू अदालतबाट जम्मा बिगो रू.४७,५०,०००।– कायम गरी जाहेरवालाहरूले पाउने र सोबमोजिम प्रतिवादीहरूलाई मुलुकी ऐन ठगीको महलअन्तर्गत सजाय हुने फैसला गरेकोमा तत्कालीन पुनरावेदन अदालत पाटनबाट उक्त फैसला केही उल्टी गरी जाहेरवालाबाहेकका जितबहादुर र कृष्णबहादुर क्षेत्रीको संयुक्त जाहेरी दरखास्तमा उल्लिखित पहल सिं रानाले अदालतमा उपस्थित भई आफूले प्रतिवादीहरूको एजेन्ट दिलबहादुर र शिरकुमारीलाई रू.४,५०,०००।– बुझाउनु पर्ने रकममध्ये रू.३,००,०००।- बुझाएको र बाँकी रू.१,५०,०००।– पछि बुझाउने गरी एजेन्ट दिलबहादुरले भरपाई गरिदिएको भनी बकपत्र गरेकोसमेतका आधारमा भरपाई गरी दिएको रू.३,००,०००।– समेत जोडी जम्मा रू.५०,५०,०००।– बिगो कायम गरी जाहेरवालाहरूले उक्त बिगो भरी पाउने र प्रतिवादीहरूलाई सोही बिगोबमोजिम सजाय हुने ठहऱ्याई फैसला गरेको पाइन्छ। सोबाहेक प्रतिवादीहरूलाई रकम बुझाएका व्यक्तिहरू भनी जाहेरी दरखास्तमा उल्लेख भएका अन्य व्यक्तिहरू अदालतमा उपस्थित भई आफूहरूले प्रतिवादीहरूलाई यो यति रकम बुझाएको हो भनी भन्न नसकेको र आफ्नोसमेत रकम ठगी गरेको भनी निजहरू अदालतमा उपस्थत नै नभएपछि निजहरूको समेत बिगो कायम गर्नुपर्ने भन्न मिल्दैन। यसका अतिरिक्त निजहरू स्वयम्ले जाहेरी दरखास्त पनि नदिएको र त्यसरी अनुपस्थित रहने व्यक्तिहरूबाट पनि यी पुनरावेदक प्रतिवादीसमेतले रकम बुझी लिएका रहेछन् भन्न र त्यस्तो रकमसमेतलाई ठगीको बिगोमा समावेश गरी सजाय गर्न न्यायको रोहमा मिल्ने देखिएन।

३. यस सम्बन्धमा देवीप्रसाद केदेमको जाहेरीले वादी नेपाल सरकार विरूद्ध सोनिकला तामाङसमेत भएको ०७१-CR-०६१९ को वैदेशिक रोजगार कसुर मुद्दामा **"वास्तविक रूपमा जाहेरीअनुसार वैदेशिक रोजगारीमा लगाई दिनको लागि रकम दिएको भए आफूमाथि भएको अन्यायको**

**सम्बन्धमा अदालतमा उपस्थित भई सो कुरालाई पुष्टि गराउनु पर्नेमा निज जाहेरवाला बकपत्रको लागि नै उपस्थित हुन आएको देखिएन। प्रमाण ऐन, २०३१ को दफा २५ ले प्रतिवादीउपरको अभियोग प्रमाणित गर्ने भार वादीउपर रहेकोमा वादीले आफ्नो दाबी प्रमाणित गर्न सकेको देखिएन"** । भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०७३।११।११ मा फैसला भएको देखिन्छ। उक्त फैसलामा अभियोग प्रमाणित गराउने भार वादीको हुने र जाहेरवालासमेतका मौकामा बुझिएका मानिसहरूलाई अदालतमा उपस्थित गराई मौकाको कागज र जाहेरी दरखास्तलाई खम्बिर गराउन पर्ने भनी प्रमाण ऐन, २०३१ को दफा २५ मा रहेको व्यवस्थालाई आत्मसात् गरेको पाइन्छ। तसर्थ अभियोगपत्रमा उल्लेख भएअनुसारको बिगो कायम हुनुपर्ने भन्ने वादी पक्षको पुनरावेदन जिकिर सो हदसम्म पुग्न सक्ने देखिएन।

४. अब पुनरावेदक प्रतिवादी कुलबहादुर कार्कीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा सर्वप्रथम यी पुनरावेदक प्रतिवादीले जाहेरवालाहरूलाई ठगी गरेका हुन् कि होइनन् भन्नेतर्फ हेर्नु पर्ने हुन आयो। पुनरावेदकउपर मुलुकी ऐन ठगीको १ नं. विपरीत कसुरमा सोही महलको ४ बमोजिमको सजायको माग दाबी लिई अभियोगपत्र दायर हुन आएको देखिन्छ। जाहेरवालाको किटानी जाहेरी दरखास्त तथा त्यसलाई समर्थन गर्दै गरेको बकपत्र, मृतक दिलबहादुर र मइतकुमारीको छोरा हरिकुमार तामाङले अनुसन्धान अधिकारीसमक्ष गरेको कागज र त्यसलाई समर्थन गर्दै अदालतमा गरेको बकपत्र, निज हरिकुमार तामाङले दाखेल गरेको मृतक दिलबहादुरको डायरीमा उल्लिखित विवरणसमेतबाट जाहेरवालाहरूबाट रकम बुझेर लिएपश्चात् बुटवलमा रहस्यमय तरिकाले हत्या गरिएका दिलबहादुर र मइतकुमारी तामाङले पुनरावेदक प्रतिवादी कुलबहादुर कार्कीले रोजगारीको लागि मानिस कोरिया पठाउने भनी जाहेरवालाहरूलगायत विभिन्न मानिसहरूको रकम बुझी लिनेसमेतको कार्य गर्दै आएको भन्ने देखिन आएको छ। मुलुकी ऐन ठगीको १ नं.मा **"कसैले आफ्नो हक नपुग्ने अर्काको हकको चल अचल धनमाल हक पुग्नेलाई वा जसका जिम्मामा रहेको छ उसलाई ललाई फकाई वा जाल परिपञ्च गरी वा आफ्नो हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने किर्ते कागज बनाई दिई वा पेस गरी वा आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याई वा झुठो कुरालाई सद्दे हो भनी झुक्याई वा अरू जुनसुकै बेहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल अचल धनमाल लिए दिए दिलाएमा वा अर्काको माल मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही माल लिए दिए बिक्री व्यवहार गरेमा वा सट्टापट्टा गरी लिएमा ठगी गरेको ठहर्छ।"** भनी ठगीको परिभाषा गरेको पाइन्छ। यसमा यी पुनरावेदक कुलबहादुर कार्कीसमेतले वैदेशिक रोजगारीका लागि कोरिया देशमा जानका लागि ४८० जना सरकारी कोटा आएको छ उक्त सरकारी कोटामा आफूहरूले रिप्लेस गरेकोले बढी पैसा दिनु पर्ने भएको हो भन्दै जाहेरवालासमेतलाई आफू चढ्ने गाडीमा राखी कागज देखाए जस्तो गरी झुट्टा आश्वासन दिई रकम असुलेको र रकम असुलेपछि सम्पर्कमा नै नआएकोले आफूहरूलाई ठगी गरेको हो भन्ने जाहेरी दरखास्तलाई पीडितसमेतका मानिसहरू अदालतमा आई बकपत्र गरी पुष्टि गराएको देखिन्छ। जाहेरवालाहरूको उक्त बेहोरालाई यी पुनरावेदकसमेतले अन्यथा प्रमाणित गराउन सकेको नदेखिँदा झुट्टो कुरालाई सद्दे हो भनी धोका दिई गफलतमा पारेको भन्ने स्पष्टरूपमा देखिएकोले पुनरावेदक कुलबहादुर कार्कीसमेतले मुलुकी ऐन ठगीको १ नं. बमोजिमको कसुर गरेकोमा विवाद रहेन।

५. यी पुनरावेदक प्रतिवादीले पुनरावेदनपत्रमा दिलबहादुर र मइतकुमारी आफ्नो

पक्षमा काम गर्ने आफूले लगाएको एजेन्ट होइनन् भनी जिकिर लिनु भएकोले त्यसतर्फ हेर्दा, हिराकुमार श्रेष्ठ, डिल्लीराम अधिकारी, लाक्पा सेर्पासमेत ३६ जनाले २०६१।११।२४ गते श्रम तथा रोजगार प्रवर्द्धन विभागमा दर्ता गराउनु भएको उजुरी निवेदनमा दिलबहादुर तामाङ र निजको श्रीमती मइतकुमारी भन्ने शिरकुमारी तामाङले लुम्बिनी ओभरसिजको सञ्चालक कुलबहादुर कार्कीसँग हाम्रो सल्लाह भएको छ, उक्त ओभरसिजमार्फत कोरिया पठाउन गोरखापत्रमा नामावली प्रकाशित गरेको व्यक्तिलाई तोकिएको दर रेटमा कोरिया पठाउँदा लुम्बिनी ओभरसिजलाई नोक्सान पर्ने भएकोले उनीहरूका ठाउँमा गोप्यरूपमा नयाँ व्यक्तिहरूलाई रिप्लेस गरी बढी पैसा लिई पठाउने हो, ३ लाखदेखि ६ लाख रूपैयाँसम्म लाग्छ, रमेश रसाइलीसमेतले सबै मिलाउनु हुन्छ भनेकोले निजहरूको रोहबरमा रकम बुझायौं भन्नेसमेत बेहोरा उल्लेख भएको पाइन्छ । जाहेरवालाहरू फुर्वा लामा, पूर्ण तामाङ, रूमबहादुर फुञ्जा थापा, बालकुमारी तामाङ, जंग गुरूङ, युवराज लामा, चेतन लामा, कर्पु शेर्पा, कृष्णबहादुर क्षेत्री तथा पीडितमध्येकै रूपबहादुर गुरूङ र तेजबहादुर गुरूङले अदालतमा उपस्थित भई यी पुनरावेदक प्रतिवादी कुलबहादुर कार्कीसमेतले बताएअनुसार उनका सहयोगी दिलबहादुर र मइतकुमारीलाई रकम बुझाएको भनी किटानीसाथ बकपत्र गरेको देखिन्छ । पीडितमध्येकै पहल सिं रानाले तत्कालीन पुनरावेदन अदालत पाटनमा उपस्थित भई कुलबहादुरले भनेअनुसार उनका एजेन्ट दिलबहादुर र मइतकुमारीलाई रकम बुझाएको हो भनी स्पष्टसाथ बकपत्र गरेको अवस्था छ । पीडितमध्येकी बालकुमारी तामाङ मइतकुमारीको बहिनी भएको भन्ने बकपत्रसमेतबाट खुलेको अवस्था छ । दिदी मइतकुमारीले प्रतिवादी कुलबहादुरको सहयोगीको रूपमा काम गर्दै आएको अवस्थामा आफूले पनि वैदेशिक रोजगारीका लागि रू.४,५०,०००।– बुझाएको हुँ । दिदी भिनाजुको रहस्यमय हत्या प्रतिवादीहरूले गरेका हुन् भन्ने निजको बेहोरालाई प्रतिवादीले अन्यथा प्रमाणित गर्न सकेका छैनन् भने मृत्यु भइसकेकी आफ्नै दिदीलाई बहिनीले झुट्टा दोषारोपण गर्नुपर्ने कारणसमेत केही देखिएको छैन ।

६. यसैगरी दिलबहादुर तामाङ र मइतकुमारी तामाङका छोरा हरिकुमार तामाङले अनुसन्धान अधिकारीसमक्ष आफ्ना आमा बाबुले कुलबहादुर र रमेश रसाइलीको मेन पावर कम्पनीबाट विदेश पठाउन भनी मानिस सम्पर्कमा ल्याउने, रकम जम्मा गरी उनीहरूलाई बुझाई दिने गरेको, जाहेरीमा उल्लिखित रकम उठाई कुलबहादुरसमेतलाई बुझाएपछि प्रमाण नष्ट गराउने उद्देश्यले रहस्यमय तरिकाले बुटवलमा उहाँहरूको विभत्स हत्या भएको भनी मौकामा बेहोरा लेखाई दिएको पाइन्छ। अनुसन्धान अधिकारीसमक्षको कागजको बेहोरालाई अदालतमा उपस्थित भई समर्थन गरी बकपत्र गरेको देखिएको छ। त्यस्तै निज हरिकुमार तामाङले प्रहरीसमक्ष दाखिल गरेको दिलबहादुर तामाङको डायरीमा उल्लिखित विवरण र रकमको बेहोराबाट समेत मृतक दिलबहादुर र मइतकुमारीले प्रतिवादी कुलबहादुर कार्कीको लागि काम गर्दै आएको भन्ने तथ्य पुष्टि भइरहेको देखिन्छ।

७. माथि उल्लिखित तथ्यहरूबाट यी पुनरावेदक कुलबहादुर कार्कीले रोजगारीका लागि मानिस कोरिया पठाउने भनी जाहेरवालालगायतका विभिन्न व्यक्तिहरूको रकम बुझी लिनेसमेतको कार्य गर्दै आएको तथ्य पुष्टि हुन आएको छ।

८. वैदेशिक रोजगारसम्बन्धी भए गरेको भनिएको कसुरमा मुलुकी ऐन, ठगीको महलअन्तर्गत मुद्दा चलाउन मिल्दैन भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, तत्काल बहाल रहेको वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ ले इजाजतपत्र विना वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाउने गरी रोक लगाएको र दफा २४ ले त्यसरी इजाजत नलिई वैदेशिक रोजगार

व्यवसाय सञ्चालन गरेमा वा कसैलाई झुट्टा आश्वासन दिई विदेश पठाएमा वा त्यस्तो वहानाले कुनै रकम लिएमा त्यस्तो व्यक्तिलाई हुने दण्ड सजाय तोकेको पाइन्छ। उक्त ऐनलाई खारेज गर्ने गरी आएको हालको वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० ले पनि इजाजतविना वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाउने गरी रोक लगाएको छ भने ऐनको दफा ४२ ले कसैले इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिएमा त्यस्तो व्यक्तिलाई हुने सजाय तोकेको पाइन्छ। यसमा पुनरावेदक प्रतिवादी कुलबहादुर कार्कीले मुलुकी ऐन ठगीको १ नं. विपरीत कसुर गरेको भन्ने सम्बन्धमा माथि दफा ५९ मा विवेचना भइसकेकोले यहाँ सो सम्बन्धमा थप विवेचना गरिरहनु परेन। प्रतिवादीहरूले गरेको भनिएको कार्य प्रचलित २ वटा कानूनले अपराध घोषित गरी फरक फरक सजायको व्यवस्था गरेको अवस्थामा कुन कानूनअन्तर्गत उपचार माग्ने भन्ने कुरा वादी पक्षको स्वविवेक र अभियोक्ताको व्यावसायिक स्वतन्त्रतासँग सम्बन्धित विषय बन्न जान्छ। त्यस्तो २ वटा समानान्तर कानूनी बाटो रहेको अवस्थामा वादीलाई यो बाटो आउनु पर्थ्यो भन्न अदालतले नमिल्ने हुँदा प्रतिवादीको पुनरावेदन जिकिर स्वीकारयोग्य हुने देखिएन। तसर्थ ठगीको १ नं. को परिभाषाभित्र पर्ने कसुरको सम्बन्धमा वैदेशिक रोजगारसम्बन्धी भए गरेको भनिएको कसुरमा मुलुकी ऐन, ठगीको महलअन्तर्गत मुद्दा चलाउन मिल्दैन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

९. यसैगरी माथि प्रकरण ५७ मा उल्लेख भएबमोजिम जाहेरवालाहरूले मिति २०६१।११।२४ मा श्रम तथा रोजगार प्रवर्द्धन विभागमा दर्ता गराउनु भएको उजुरी निवेदनको पहिलो पृष्ठमा नै लुम्बिनी ओभरसिजका सञ्चालक कुलबहादुर कार्कीसँग हाम्रो सल्लाह भइसकेको छ, लुम्बिनी ओभरसिजका ४८० जनाको रिप्लेसमा पठाउने भनी जाहेरवालाहरूसँग दिलबहादुर र मइतकुमारीसमेतले रकम लिएको भन्ने स्पष्ट उल्लेख भइरहेको देखिँदा जाहेरवालाहरूले श्रम विभागमा दिएको उजुरीमा मेरो नाम छैन भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग पनि सहमत हुन सक्ने अवस्था रहेन। सो हुँदा पुनरावेदक प्रतिवादीतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिर एवं यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएका आधारसँग समेत सहमत हुन सकिएन।

१०. तसर्थ माथि प्रकरण प्रकरणहरूमा विवेचना गरिएका तथ्य, आधार, कारण र प्रमाणबाट पुनरावेदक प्रतिवादी कुलबहादुर कार्कीसमेतले जाहेरवालाहरूको जम्मा बिगो ५०,५०,०००।– (पचास लाख पचास हजार) बराबरको रकम ठगी गरेको ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६८।४।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादी कुलबहादुर कार्कीको पुनरावेदन जिकिर पुग्न सक्दैन। फैसलाको विद्युतीयप्रति अपलोड गरी दायरीको लगत कट्टा गरी सुरू तथा रेकर्ड मिसिल सम्बन्धित अदालतमा पठाइ दिनु र यस अदालतको मिसिल नियमानुसार गरी अभिलेख शाखामा पठाइ दिनू।

उक्त रायमा सहमत छु।
न्या. हरिप्रसाद फुयाल

इजलास अधिकृत: चिन्तामणी शर्मा
इति संवत् २०७६ साल वैशाख १९ गते रोज ५ शुभम्।

## निर्णय नं. १०२४५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
फैसला मिति : २०७५।११।३०
०७१-CI-०८८३

मुद्दाः- जग्गा खिचोला मेटाई जग भत्काई चलन चलाई पाऊँ ।

पुनरावेदक / प्रतिवादी : जिल्ला कपिलवस्तु, साबिक कुदान गाउँ विकास समिति, हाल कपिलवस्तु नगरपालिका, वडा नं.८ मौजे सेमरहवा बस्ने लालसा धोबी

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला कपिलवस्तु, परसोहिया गाउँ विकास समिति, वडा नं.१ मौजा परसोहिया बस्ने गुलाबकुमार मिश्र

- **जग्गाको वास्तविकता सर्भे नापीको नक्सा र सोही नक्साको आधारमा तयार गरिएको टायल चेकबाट आएको जग्गाको क्षेत्रफललाई नै आधिकारिक क्षेत्रफल मानिने ।**

(प्रकरण नं.३)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री नरेन्द्रकुमार के.सी.
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः-
मा.जिल्ला न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ
कपिलवस्तु जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः-
मा. न्यायाधीश श्री नारायणप्रसाद दाहाल
माननीय न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ
पुनरावेदन अदालत बुटवल

फैसला

**न्या. केदारप्रसाद चालिसे :** न्याय प्रशासन ऐन, २०४८ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यस अदालतको क्षेत्राधिकारअर्न्तगत दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एव ठहर यसप्रकार छः-

म वादीको नाउँमा दर्ता भोग चलनको जिल्ला कपिलवस्तु गाउँ विकास समिति, गोटीहवा वडा नं.२ (क) कि.नं.२४६ को ज.वि. ०२० जग्गामध्ये विपक्षी विजयसेन चौधरीले उत्तरतर्फबाट पूर्व मोहडातर्फबाट अन्दाजी १.५ मिटर उत्तर-दक्षिण चौडाई पश्चिमतर्फ अन्दाजी ३ मिटर चौडाई र लम्बाई पूर्व-पश्चिम अन्दाजी ८१ मिटर गरी ज.वि.००१० धुर जग्गा मिति २०६९।३।२५ गते बिहान अन्दाजी ८ बजेको समयमा जबरजस्ती कब्जा गरी उत्तरतर्फ रहेको आफ्नो कि.नं.७४४ को जग्गामा मिलाई केही भागमा पक्की घर बनाउन जगसमेत खन्ने पुर्ने, जग बनाउने, माटो निकाल्ने गरेको र विपक्षीमध्येका लालसा धोबीले उल्लिखित मेरो जग्गामा दक्षिणतर्फबाट पूर्व मोहडातर्फ अन्दाजी १.५ मिटर चौडाई उत्तर-दक्षिणतर्फबाट पूर्व मोहडातर्फ उत्तर-दक्षिण अन्दाजी २ मिटर र पूर्व-पश्चिम लम्बाई अन्दाजी २४ मिटर गरी अन्दाजी ज.वि. ०२२ $^{1}/_{2}$ जग्गा जबरजस्ती कब्जा गरी दक्षिणतर्फ रहेको कि.नं.२४७ को जग्गामा मिलाई पक्की घर बनाउन जग खन्ने पिलर बनाउने कार्य गरेको र विपक्षीमध्येका रामदयाल कुर्मीले पनि

उक्त जग्गाको दक्षिण-पश्चिमतर्फबाट पूर्वतर्फ अन्दाजी २ मिटर चौडाई पश्चिमतर्फ अन्दाजी ३ मिटर चौडाई पूर्व-पश्चिम लम्बाई अन्दाजी ५६ मिटर गरी जम्मा ज.वि.००७१/२ जग्गा कब्जा गरी आफ्नो कि.नं.२४८ र २४९ को जग्गामा मिलाई कब्जा गरी विपक्षीहरूले अनधिकृत रूपमा जबरजस्ती मेरो जग्गा कब्जा गरी घर बनाउन जग खन्ने बनाउनेसमेत कार्य गरी कब्जा खिचोला गरेकोले कब्जा खिचोला मेटाई जग भत्काई चलन चलाई पाउँ भन्ने फिराद पत्र।

जिल्ला कपिलवस्तु गाउँ विकास समिति, गोटिहवा वडा नं.२(क) कि.नं.२४७ को जग्गासमेत म प्रतिवादीको नाउँमा दर्ता भई मैले हक भोग गरी आएको आफ्नो नाउँ दर्ताको जग्गामा अघिदेखि नै निर्माण कार्यसमेत गरी भोग गरी आएको छु। कुनै नयाँ घर बनाएको होइन भन्ने प्रतिवादी लालसा धोबीको प्रतिउत्तर पत्र।

प्रतिवादी विजय सेन चौधरी र रामदयाल कुर्मीले सुरू अदालतबाट जारी भएको इतलायनामाको तामेली म्यादभित्र प्रतिउत्तर नगरी गुजारी बसेको।

यसमा दुवै पक्षको वादीको साक्षी बुझी, उल्लिखित जग्गाको दर्ता स्रेस्ता बुझी कि.नं.२४६, ७४४, २४७, २४८, २४९ देखिने गरी नक्सा ट्रेस र नक्सा प्रिन्ट नापी कार्यालयबाट झिकाई, विवादित जग्गाको ४ किल्ला क्षेत्रफल भौतिक स्थितिसमेत देखिने गरी अ.बं.१७१ नं. बमोजिम नाप नक्सा गरी पेस गर्नु भन्ने सुरू अदालतबाट मिति २०६९।८।२८ मा भएको आदेश।

वादीका साक्षी रामअचल कोरी र प्रतिवादीका साक्षी जोखन कुर्मीले सुरू अदालतमा गरेको बकपत्र मिसिल सामेल रहेको।

मालपोत कार्यालय कपिलवस्तुको च.नं.३७५२ मिति २०६९।१०।१४ को पत्रसाथ प्राप्त दर्ता स्रेस्ता प्रतिलिपि सुरु मिसिल सामेल रहेको।

नापी कार्यालय कपिलवस्तुको च.नं.५७० मिति २०६९।११।१ को पत्रसाथ प्राप्त नक्सा ट्रेस तथा प्रिन्ट मिसिल सामेल रहेको।

सुरू अदालतको जिल्ला डोरबाट मिति २०७०।१।१३ मा भई आएको नाप नक्सा मुचुल्का मिसिल सामेल रहेको।

वादीको कि.नं.२४६ को जग्गाको उत्तरतर्फ रहेको कि.नं.७४४ मा गाभिएको रहेको अवस्थामा प्रतिवादीको कि.नं.७४४ को क्षेत्रफल बढेको हुनुपर्नेमा सो बढेको अवस्था छैन। वादीले दाबी गरेझैं प्रतिवादीको कि.नं.२४७, २४८, २४९ मा वादीको जग्गा कब्जा खिचोला भएको छ, छैन भनी हेर्दा कि.नं.२४७ को ००१८ र कि.नं.२४८ को ००९ र २४९ को ०११० जग्गा रहेको स्रेस्ताबाट देखिन्छ। न.नं.१३, १४, १५, १६ को जग्गाको क्षेत्रफल ००१८ भन्दा केही बढी रहेको अवस्था छ। न.नं.१५, १६ लाई विवादित देखाइएको छ। न.नं.१०, ११ कि.नं.२४८, २४९ भित्रको उल्लेख छ। न.नं.१२ लाई विवादित देखाइएको छ । न.नं.१० मा ०१३ जग्गा रहेको छ । जसबाट न.नं.१० मा प्रतिवादीको जग्गा बढेको छैन । न.नं.११ मा पनि प्रतिवादीको जग्गा बढेको छैन । नक्सा ट्रेस हेर्दा रेखाङ्कन सीधा आकृतिको देखिन्छ। आफ्नो जग्गा कसले कुन तर्फबाट खिचोला गरेको हो भन्ने वादीको दाबी नै स्पष्ट छैन । यसर्थ, वादी दाबी पुग्दैन भन्नेसमेत बेहोराको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७०।२।२७ को फैसला।

उक्त फैसलामा चित्त बुझेन। मेरो कि.नं.२४६ को ज.वि.०-२-० जग्गा स्रेस्ताअनुसार भएको। प्रिन्ट नक्सासमेतमा ०-२-० जग्गा रहेकोमा नापी शाखा कार्यालय कपिलवस्तुबाट टायल चेक गराई टायल चेकको माग गरी जग्गाको यकिन क्षेत्रफल पत्ता लगाई प्रमाण लगाई फैसला गर्नुपर्नेमा सो टायल चेक माग नगरी फैसला भएको छ । नाप नक्सा मुचुल्कामा मेरो कि.नं.२४६ को क्षेत्रफल ०-१-१३ देखाइएको छ । नाप नक्सा मुचुल्कामा भएको नापलाई गणना

गर्दा हिसाब गर्दा ०-१-१२ आउँछ । आखिर मेरो स्रेस्ताअनुसारको बाँकी ०-०-८ धुर जग्गा कहाँ गयो । सो सम्बन्धमा फैसलामा केही बोलिएको छैन । यसरी प्रमाणको समुचित मूल्याङ्कन र विश्लेषण नभई जग्गा मिच्नेको १, १४ नं., अ.बं.१८४(क), अ.बं.१८५ नं., प्रमाण ऐन, २०३१ को दफा ५४ को प्रतिबन्धात्मक वाक्यांशसमेतको त्रुटि गरी फैसला बदर गरी वादी दाबीबमोजिम जग्गा कायम गरी हक इन्साफ पाउँ भन्नेसमेत बेहोराको वादी गुलाम मिश्रको पुनरावेदन पत्र ।

प्रतिवादी लालसाका नाम दर्ताको कि.नं.२४७ को जग्गाको क्षेत्रफल ०-१-१८ देखिई भई आएका नक्सा मुचुल्काको न.नं.१३, १४, १५ र १६ मा उक्त जग्गाको क्षेत्रफल बढी देखिएको र एवं प्रकारले न.नं.११, १२ र न.नं.९, १० मा कायम रहेका जग्गासमेत सम्बन्धमा यकिन नगरी दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७०।२।२७।२ मा भएको फैसला समग्र प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आए वा म्याद नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत बुटवलको मिति २०७०।८।२५ को आदेश ।

मिति २०७०।१।१३ को नक्साबाट विवादको न.नं.७ को जग्गामध्ये ०-०-३ जग्गा, विवादको न.नं.९ र १२ को जग्गामध्येबाट ०-०-१$^1/_2$ जग्गा, विवादको न.नं.१५ को जग्गामध्ये ०-०-$^1/_2$ जग्गा र विवादको न.नं.१६ को ०-०-२ जग्गा वादीको कि.नं.२४६ भित्रको देखिँदा वादीको पूरै दाबी नपुग्ने ठहराएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७०।२।२७ को फैसला सो हदसम्म केही उल्टी भई विवादको न.नं.७ को जग्गामध्ये दक्षिणतर्फ पूर्व-पश्चिम लम्बाई उत्तर-दक्षिण चौडाई हुने गरी ०-०-३ जग्गा, विवादको न.नं. ९ र १२ को जग्गामध्येबाट उत्तरतर्फ पूर्व-पश्चिम लम्बाई उत्तर-दक्षिण चौडाई हुने गरी ०-०-१$^1/_2$ जग्गा, विवादको न.नं.१५ को जग्गामध्ये उत्तरतर्फ पूर्व-पश्चिम लम्बाई उत्तर-दक्षिण चौडाई हुने गरी ०-०-$^1/_2$ जग्गा र विवादको न.नं.१६ को जग्गा प्रतिवादीको खिचोला मेटाई वादीले चलन चलाई पाउने ठहर्छ । फिराद दाबीको पूरै जग्गा प्रतिवादीको खिचोला मेटाई चलन चलाई पाउँ भन्ने वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत बुटवलको मिति २०७१।३।२४ को फैसला ।

दाबीको जिल्ला कपिलवस्तु, गोटिहवा गाउँ विकास समिति, वडा नं.२(क) कि.नं.२४६ को ०-२-० जग्गामध्ये विजय सेन चौधरीले उत्तरतर्फबाट ०-०-१० जग्गा खिचोला गरी आफ्नो जग्गामा मिसाई घर बनाउन थालेको, प्रतिवादी लालसा धोबीले उक्त कि.नं.२४६ मध्ये दक्षिणतर्फबाट ०-०-२$^1/_2$ जग्गा कब्जा गरी आफ्नो जग्गामा मिसाई पक्की घर बनाएको, रामदयाल कुर्मीले उक्त कि.नं.२४६ मध्ये दक्षिण-पश्चिम तर्फबाट ०-०-७ $^1/_2$ जग्गा कब्जा गरेको भनी उल्लेख गरी वादी दाबी रहेको छ । प्रतिवादी विजय सेनले छुट्टै जग्गा कब्जा गरी घर बनाएको भनी दाबी भएको, प्रतिवादी लालसा धोबीले छुट्टै जग्गा कब्जा गरी घर बनाएको भनी दाबी भएको, प्रतिवादी रामदयाल कुर्मी छुट्टै जग्गा खिचोलाको दाबी भएको यसप्रकार तीनजना प्रतिवादीले अलगअलग जग्गा कब्जा गरी घर बनाएको भनी दाबी भएको प्रस्तुत मुद्दाको दाबी मुलुकी ऐन अदालती बन्दोबस्तको ७२ नं. को प्रतिकूल भई पहिलो प्रतिवादी विजय सेन चौधरीबाहेक अन्य प्रतिवादी म पुनरावेदकउपरको दाबी नै लाग्न सक्ने अवस्था नभएको अ.बं.७२ नं. विपरीत पुनरावेदन अदालत बुटवलबाट भएको फैसला बदरभागी छ ।

वादीको कि.नं.२४६ र म प्रतिवादीको कि.नं.२४७ को जग्गाको कुन भुजाको नाप कति हो स्पष्ट देखिन्छ । लुम्बिनी इन्जिनियरिङ कन्सलटेन्सी

कपिलवस्तुको जुनियर सर्वेयरबाट दाबीको कि.नं.२४६ र मेरो कि.नं.२४७ को पूर्व-पश्चिम र उत्तर-दक्षिण भुजाहरूको नाप पेस छ । सो नाप हेर्दा म प्रतिवादीको कि.नं.२४७ उत्तर-दक्षिणको पूर्व मोहडा १३ मिटर, पश्चिम मोहडा १२ मिटर, पूर्व-पश्चिमको उत्तर मोहडा २५ मिटर र दक्षिण मोहडा २३ मिटर रहेको छ । नापीको नक्साको आधारले म प्रतिवादीको नक्सा नम्बर १३, १४, १५, १६ को नाप हेर्दा पूर्व मोहडा १३ मिटर, पश्चिम मोहडा १२ मिटरभित्रै देखिएको छ । उत्तर मोहडा सर्वे नापीको नक्सामा २५ मिटर हाल अदालतको नक्सामा २६ मिटर रहेको देखेपछि सो १ मिटरको विवाद पश्चिमतिरको व्यक्तिको हो । उत्तरतिरको अरू कसैको जग्गा मेरो भोगमा आएको छैन । दक्षिण मोहडा २३ मिटर भिडेकै छ । यसप्रकार सर्वे नक्साको मेरो कित्ताको भुजाहरूको नाप अदालतबाट भएको मेरो भोगको देखाएको जग्गासँग भिडेकै देखिएको छ ।

मिसिल संलग्न २०७१।१।१३ को नाप नक्सा मुचुल्कामा न.नं.३ को नाप ०-०-१० उल्लेख भएको छ । पुनरावेदन अदालत बुटवलको फैसलाले सो नक्साको न.नं.३ को नाप १० धुरलाई गलत भन्दै ०-०-१३ ३/४ भनी उल्लेख गरिएको छ । न.नं.१४ र न.नं. १५ मा पक्की घर बनिसकेको छ । यस्तोमा पुनरावेदनको फैसलाले नक्सा गलत भनेपछि सो बदर गरी नापीको सर्भे नक्सालाई आधार बनाई नापीको मुचुल्कासमेत गरी नाप नक्सा गर्नुपर्ने गरिएन गलत नक्सालाई आधार बनाई गरिएको फैसला बदर गरी पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भन्ने प्रतिवादी लालसा धोबीको पुनरावेदन पत्र ।

यसमा वादीको कि.नं.२४६ मा ०-२-० क्षेत्रफल भएकोमा अदालतबाट भएको नक्सा हेर्दा विवादित जग्गासमेत जोड्दा सोभन्दा बढी देखिन्छ । प्रतिवादी लालसा धोबीको कि.नं.२४७ मा मिसिल संलग्न जग्गाधनी दर्ता स्रेस्ताबाट ०-०-१८ देखिनेमा प्रतिवादीको कि.नं.२४७ मा ०-०-७ १/२ जग्गा मात्र रहेको भनी प्रतिवादी लालसा धोबीले खिचोला गरेको ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।३।२४ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं. को प्रयोजनार्थ विपक्षी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७५।२।३० को आदेश ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी लालसा धोबीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री नरेन्द्रकुमार के.सी.ले सर्भे नापीको नक्सासँग अदालतबाट भई आएको नक्सा मिलेको छैन । सर्भे नापीको नक्सा नै आधिकारिक नक्सा मानिनु पर्छ । सर्भे नक्सालाई आधार बनाई नाप नक्सा गर्नुपर्नेमा सो गरेको देखिएको छैन । पुनरावेदन अदालतबाट फैसला हुँदा भई आएको नक्सालाई गलत भनी बदर गर्नुपर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण छ । सर्भे नापीको नक्सा र जग्गाको नापको एकाई र आकृति मिल्छ । तसर्थ पुनरावेदन अदालत बुटवलको फैसला उल्टी गरी प्रतिउत्तर जिकिरबमोजिम हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो ।

विद्वान् वरिष्ठ अधिवक्ताको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा सुरू जिल्ला अदालतको फैसला केही उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेको छ, छैन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, वादीको नाउँ दर्ताको जिल्ला कपिलवस्तु, गोटिहवा गाउँ विकास समिति, वडा नं.२(क) कि.नं.२४६ को ज.वि.०२० जग्गामध्ये विपक्षी विजयसेन चौधरीले उत्तरतर्फबाट पूर्व मोहडातर्फबाट अन्दाजी १.५ मिटर उत्तर-दक्षिण

चौडाई पश्चिमतर्फ अन्दाजी ३ मिटर चौडाई र लम्बाई पूर्व-पश्चिम अन्दाजी ८१ मिटर गरी ज.वि.००१० धुर जग्गा जबरजस्ती कब्जा गरी उत्तरतर्फ रहेको आफ्नो कि.नं.७४४ को जग्गामा मिलाई केही भागमा पक्की घर बनाउन जगसमेत खन्ने पुर्ने, जग बनाउने, माटो निकाल्ने गरेको र विपक्षीमध्येका लालसा धोबीले उल्लिखित मेरो जग्गामा दक्षिणतर्फबाट पूर्व मोहडातर्फ अन्दाजी १.५ मिटर चौडाई उत्तर-दक्षिणतर्फबाट पूर्व मोहडातर्फ उत्तर-दक्षिण अन्दाजी २ मिटर र पूर्व-पश्चिम लम्बाई अन्दाजी २४ मिटर गरी अन्दाजी ज.वि. ०२२१/२ जग्गा जबरजस्ती कब्जा गरी दक्षिणतर्फ रहेको कि.नं.२४७ को जग्गामा मिलाई पक्की घर बनाउन जग खन्ने, पिलर बनाउने कार्य गरेको र विपक्षीमध्येका रामदयाल कुर्मीले पनि उक्त जग्गाको दक्षिण-पश्चिमतर्फबाट पूर्वतर्फ अन्दाजी २ मिटर चौडाई पश्चिमतर्फ अन्दाजी ३ मिटर चौडाई पूर्व-पश्चिम लम्बाई अन्दाजी ५६ मिटर गरी जम्मा ज.वि.००७१/२ जग्गा कब्जा गरी आफ्नो कि.नं.२४८ र २४९ को जग्गामा मिलाई कब्जा गरी विपक्षीहरूले अनधिकृत रूपमा जबरजस्ती आफ्नो जग्गा कब्जा गरी घर बनाउन जग खन्ने बनाउनेसमेत कार्य गरी कब्जा खिचोला गरेकोले कब्जा खिचोला मेटाई जग भत्काई चलन चलाई पाउँ भन्ने फिराद दाबी रहेकोमा उक्त कि.नं.२४७ को आफ्नो नाउँ दर्ताको जग्गामा अघिदेखि नै घर निर्माण गरी भोग गरी आएको छु, कुनै नयाँ घर बनाएको होइन भन्ने प्रतिवादी लालसा धोबीको प्रतिउत्तर जिकिर रहेकोमा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी नक्साको न.नं.७ को जग्गामध्ये दक्षिणतर्फ पूर्व-पश्चिम लम्बाई उत्तर-दक्षिण चौडाई हुने गरी ०-०-३ जग्गा, सोही न.नं.९ र १२ को जग्गामध्येबाट उत्तरतर्फ पूर्व-पश्चिम लम्बाई उत्तर-दक्षिण चौडाई हुने गरी ०-०-११/२ जग्गा, साथै सोही न.नं.१५ को जग्गामध्ये उत्तरतर्फ पूर्व-पश्चिम लम्बाई उत्तर-दक्षिण चौडाई हुने गरी ०-०-१/२ जग्गा र न.नं.१६ को जग्गा प्रतिवादीको खिचोला मेटाई वादीले चलन चलाई पाउने ठहराई पुनरावेदन अदालत बुटवलबाट भएको फैसलाउपर प्रतिवादीमध्येका लालसा धोबीको पुनरावेदन परी पेस भएको पाइयो।

२. सो सन्दर्भमा विचार गर्दा, दाबीको कि.नं.२४६ को जग्गाको दक्षिणतर्फ ०-२-२१/२ जग्गा आफ्नो कि.नं.२४७ को जग्गामा मिसाई प्रतिवादी लालसा धोबीले खिचोला गरेकोले मेटाई पाउँ भन्ने फिराद दाबी भएकोमा पुनरावेदन अदालतबाट खिचोला ठहराएको उपर प्रतिवादी लालसा धोबीको प्रस्तुत पुनरावेदन परेको देखियो। मिसिल संलग्न रहेको नक्सा मुचुल्काको न.नं.१३, १४, १५ र १६ का जग्गाहरू प्रतिवादी लालसा धोबीको भोगचलनमा रहेको भन्ने देखिन्छ। नं.नं.१६ मा विवाद जनिएको देखिन्छ। उक्त कि.नं.२४७ को जग्गाको दर्ता स्रेस्ताबाट क्षे.फ.०-०-१८ भन्ने देखिन्छ। उक्त जग्गाको नापी कार्यालयबाट प्राप्त नक्सा ट्रायल हेर्दा उक्त जग्गाको पूर्वतर्फ उत्तर-दक्षिण १३ मिटर रहेको भन्ने देखिएको छ। नक्सा मुचुल्काको न.नं.१३ को पूर्वतर्फ उत्तर-दक्षिण ११.५० मिटर रहेको देखिएको छ। झगडा जनिएको न.नं.१६ को पूर्वतर्फ उत्तर-दक्षिणको लम्बाई १.५० मिटर रहेको देखिएको छ। न.नं.१३ र विवादित न.नं.१६ को लम्बाई जोड्दा ट्रायल चेकअनुसारको १३ मिटर पुग्ने देखिन्छ।

३. प्रतिवादी रामदयाल कुर्मीको कि.नं.२४९ को जग्गामा आफ्नो ०-०-७१/२ र प्रतिवादी विजयसेन चौधरीको कि.नं.७४४ को जग्गामा आफ्नो ०-०-१० जबरजस्ती कब्जा गरेको भन्ने वादी दाबी रहेकोमा नक्साको न.नं.५, ६, ७, ९ र १२ को जग्गामध्ये ०-०-४१/२ जग्गामात्र खिचोला ठहर भएकोमा वादीको त्यसतर्फ पुनरावेदन परेको देखिँदैन। जग्गाको स्रेस्ताको

क्षेत्रफल र फिल्डको अवस्थामा सामान्य घटबढ हुन सक्ने हुन्छ। विविध कारणले जग्गाको स्रेस्तामा जग्गाको क्षेत्रफल फरक लेखिन सक्ने अवस्थालाई नकार्न सकिन्न । जग्गाको वास्तविकता सर्भे नापीको नक्सा र सोही नक्साको आधारमा तयार गरिएको टायल चेकबाट आएको जग्गाको क्षेत्रफललाई नै आधिकारिक क्षेत्रफल मानिन्छ । नापी कार्यालयबाट प्राप्त ट्रायल चेकका आधारमा प्रतिवादी लालसा धोबीको जग्गाको नक्साको लम्बाई चौडाईको आधारमा वादीको दर्ताको जग्गा घुसाई खिचोला गरेको देखिन आएन।

४. तसर्थ, वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी लालसा धोबीले आफ्नो कि.नं.२४७ को जग्गामा वादीको कि.नं.२४६ को ०-०-७$^{१}/_{२}$ जग्गा घुसाई खिचोला गरेको ठहराएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।३।२४ को फैसला नमिलेकोले यी पुनरावेदक प्रतिवादी लालसा धोबीको हकमा सम्म उक्त फैसला केही उल्टी भई प्रतिवादी लालसा धोबीउपरको दाबी पुग्न नसक्ने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालतको फैसला केही उल्टी भई प्रतिवादी लालसा धोबीको हकमा वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले प्रतिवादीले पुनरावेदन गर्दा पुनरावेदन अदालत बुटवलमा धरौटी र.नं.०९१ मा राखेको धरौटी रू.६०६।- र र.नं.४६६० मा राखेको कोर्ट फी रू.८३५।- फिर्ता पाउँ भनी कानूनका म्यादभित्र निवेदन दिए कुनै दस्तुर नलिई फिर्ता दिनु भनी उच्च अदालत बुटवलमा लेखी पठाई दिनू ....................१

पुनरावेदन अदालतको फैसलाअनुसार प्रतिवादी लालसा धोबीबाट वादीले चलन चलाई पाउने भनी राखेको लगत कट्टा गर्नु भनी सुरू कपिलवस्तु जिल्ला अदालतमा लेखी पठाई दिनू .............................२

दायरीको लगत काटी मिसिल नियमानुसार बुझाई दिनू..........................................................३

उक्त रायमा सहमत छु।

न्या. टंकबहादुर मोक्तान

इजलास अधिकृत : शोभा पाठक

इति संवत् २०७५ साल फागुन ३० गते रोज ५ शुभम्।

## निर्णय नं. १०२४६

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री मीरा खडका

माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.

फैसला मिति : २०७५।३।६

०७२-CR-०२०५

मुद्दा:- कर्तव्य ज्यान

पुनरावेदक / वादी : जिल्ला झापा दमक न.पा. वडा नं. १३ बस्ने धर्मप्रसाद घिमिरेको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला मोरङ डागीहाट गा.वि.स. वडा नं. ४ भाउने चौक बस्ने विष्णु याख्खा (राई) भन्ने विष्णुकुमार याख्खा राईसमेत

- **टुक्रिएका र खण्डित भएका घटना र वारदातका तथ्य र प्रमाणहरूलाई अनुमानको आधारमा फौजदारी कानून एवं**

**न्यायको प्रमाण मूल्याङ्कनका सिद्धान्त र अवधारणाबाट पर गएर अदालतले जबरजस्ती रूपमा प्रमाणहरू जोडेर कसैलाई पनि सजाय गर्न नसक्ने।**

- **घटना र वारदातसँग प्रत्यक्ष रूपमा प्रभावित व्यक्ति एवं पीडित स्वयम् वा निजका परिवारले कसुरदारलाई नै उन्मुक्ति दिएर अदालतमा आफ्नो कथन / अभिव्यक्त गरिदिएको र अन्य भौतिक एवं स्वतन्त्र प्रमाण र परीक्षण प्रतिवेदनहरूले घटना, वारदात र सोमा कसुरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा अदालतले पनि शंका र अनुमानको आधारमा कसैलाई पनि सजाय गर्न नमिल्ने।**

(प्रकरण नं.१६)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री दुर्गा खड्का

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्ने :-

माननीय न्यायाधीश श्री इन्द्रबहादुर कार्की
मोरङ जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने :-

माननीय न्यायाधीश श्री रमेशकुमार पोखरेल
पुनरावेदन अदालत विराटनगर

रायबाझी फैसला गर्ने :-

माननीय न्यायाधीश श्री कुमार चुडाल
माननीय न्यायाधीश श्री अग्नीप्रसाद थपलिया
पुनरावेदन अदालत विराटनगर

फैसला

**न्या.तेजबहादुर के.सी.:** नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दर्ता भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको छ। प्रस्तुत फैसला सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१(४) र अनुसूची १२ को ढाँचामा तयार गरिएको छ।

सुरूको जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागज, बुझिएका व्यक्तिहरूले गरेको कागज, अभियोगपत्र, प्रतिवादीहरूको बयान, मोरङ जिल्ला अदालतको फैसला, वादी तथा प्रतिवादी दुवैतर्फबाट पुनरावेदन अदालत विराटनगरमा पेस भएको पुनरावेदन तथा पुनरावेदन अदालत विराटनगरले गरेको फैसलासमेतको बेहोरा उक्त अदालतले गरेको मिति २०७१।०१।२८।०१ को राय बाझी फैसला र मिति २०७१।०७।२३ को तेस्रो न्यायाधीशको फैसलाबाट देखिने हुँदा यहाँ पुनरावृत्ति गरिएको छैन।

यस अदालतको निर्णय

पुनरावेदक वादी तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री दुर्गा खड्काले गर्नुभएको बहस सुनी पुनरावेदनसहितको मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा मिति २०६२।११।१८ गते प्रतिवादीहरूले धारिलो हतियार खुकुरीसमेत प्रहार गरी भुपेन्द्र घिमिरेको कर्तव्य गरी मारेको देखिँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(१) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको अभियोग मागदाबी भएको प्रस्तुत मुद्दामा सुरू मोरङ जिल्ला अदालतले प्रतिवादी विष्णुकुमार याख्खाले मृतकलाई कर्तव्य गरी मारेकोमा साबित रहेको, इन्कारी बयान निजको

साक्षी प्रमाणबाट पुष्टि नभएको, वारदातमा यी प्रतिवादी सामेल भई हतियार छाडेको भनी सनाखत गरी कागजसमेत गरेकोबाट यी प्रतिवादीले कसुर अपराध गरेको देखिएकोले निज प्रतिवादी विष्णुकुमार याख्खा राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई मिति २०६९।६।२ मा र प्रतिवादीहरू कृष्णकुमार याख्खा, दिपेन्द्र भन्ने भुपाल तामाङ र दुर्गा लिम्बू वारदातमा संलग्न भई वारदात भएको भन्ने वादी पक्षबाट पुष्टि गर्न सकेको नदेखिँदा आरोपित कसुर अपराधमा यी प्रतिवादीहरूले सफाइ पाउने ठहऱ्याई मिति २०७०।१।२४ मा दुई छुट्टाछुट्टै फैसला गरेको देखिन्छ।

सुरू मोरङ जिल्ला अदालतको उक्त फैसलामा चित्त नबुझाई प्रतिवादी विष्णुकुमार याख्खा राईको तर्फबाट आफूले आरोपित कसुर नगरेकोले अभियोग मागदाबीबाट सफाइ पाउँ भनी र नेपाल सरकारतर्फबाट प्रतिवादी विष्णुकुमार याख्खा राईलाई सर्वस्वसहित जन्मकैदको सजाय हुनुपर्नेमा जन्मकैदको सजाय गरेको सुरू अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी निजलाई अभियोग मागदाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरिपाउँ भनी पुनरावेदन अदालत विराटनगरमा दोहोरो पुनरावेदन परेको देखिन्छ भने प्रतिवादी कृष्णकुमार याख्खा, दुर्गा लिम्बू र दिपेन्द्र भन्ने भुपाल तामाङलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको फैसलाउपर वादी नेपाल सरकार तर्फबाट निज प्रतिवादीहरूलाई समेत अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भनी पुनरावेदन अदालत विराटनगरमा छुट्टै पुनरावेदन परेको देखिन्छ।

उपर्युक्त वादी प्रतिवादी दुवैतर्फबाट परेको पुनरावेदन पुनरावेदन अदालत विराटनगरमा पेस हुँदा प्रतिवादीहरू नरेश भन्ने कृष्णकुमार याख्खा, दुर्गा लिम्बू र दिपेन्द्र भन्ने भुपाल तामाङलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर हुने र प्रतिवादी विष्णु याख्खा भन्ने विष्णुकुमार याख्खा राईको हकमा जन्मकैदको सजाय हुने ठहर गरेको सुरू फैसला सदर हुने राय व्यक्त गरी माननीय न्यायाधीश श्री अग्निप्रसाद थपलियाले र सुरूको फैसला उल्टी गरी प्रतिवादी विष्णुकुमार याख्खा राईले अभियोग मागदाबीबाट सफाइ पाउने राय व्यक्त गरी माननीय न्यायाधीश श्री कुमार चुडालले राय बाझी फैसला गरेकोले तेस्रो माननीय न्यायाधीश श्री रमेशकुमार पोखरेलको इजलासमा पेस हुँदा प्रतिवादी विष्णुकुमार याख्खा राईलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको माननीय न्यायाधीश कुमार चुडालले व्यक्त गरेको राय सदर हुने ठहऱ्याई फैसला भएको देखिन्छ।

पुनरावेदन अदालत विराटनगरको उक्त फैसलासमेतमा चित्त नबुझाई वादी नेपाल सरकारका तर्फबाट किटानी जाहेरी दरखास्त, प्रतिवादी विष्णुकुमार याख्खा राईले आरोपित कसुरमा साबित रही अन्य प्रतिवादीहरूसमेतलाई पोल गरी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, प्रत्यक्षदर्शी घाइते सन्तोष कार्कीले मौकामा गरिदिएको कागज, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादीहरूको कसुर स्थापित भइरहेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला त्रुटिपूर्ण हुँदा प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भनी यस अदालतमा प्रस्तुत पुनरावेदन परेको देखिन्छ।

अब यसमा पुनरावेदन अदालत विराटनगरले गरेको फैसला मिलेको छ छैन ? र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरूले

मेरो भतिजो भुपेन्द्र घिमिरेसमेतलाई धारिलो हतियार खुकुरी, लाठीसमेत प्रयोग गरी कुटपिट गरी सख्त घाइते बनाई निजको उपचारको क्रममा मृत्यु भएकोले निज प्रतिवादीहरूलाई पक्राउ गरी कारबाही गरिपाउँ भन्ने धर्मप्रसाद घिमिरेको किटानी जाहेरी दरखास्त, वारदात हुँदा मृतकसाथ रहेका घाइते सन्तोष कार्कीको अनुहार र टाउकोमा चोट देखिएको भन्ने घाउ जाँच रिपोर्ट, मृतक भुपेन्द्र कार्कीको मृत्युको कारण Due to shock and coma as a result of brain injury and multiple incised wound भन्ने शव परीक्षण प्रतिवेदन र मृतक भुपेन्द्र घिमिरेको दाहिने खुट्टाको अगाडि पट्टि कापको भागमा ७ इन्च लामो काटिएको घाउ, टाउकोको बायाँपट्टिको भागमा रातो निलो भएको भन्ने लास जाँच मुचुल्कासमेतका मिसिल संलग्न कागजातहरूबाट मृतक भुपेन्द्र घिमिरेको मृत्यु सामान्य कालगतिले नभई कर्तव्यबाट भएको देखिन्छ।

३. अब मृतक भुपेन्द्र घिमिरेको मृत्युमा प्रतिवादी विष्णु याख्खा राई भन्ने विष्णुकुमार याख्खा राईको संलग्नता छ छैन ? भन्ने सम्बन्धमा विचार गर्दा, यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूसमेत भई मृतक भुपेन्द्र घिमिरेलाई धारिलो हतियार खुकुरी तथा लाठीसमेतले कुटपिट गरी घाइते बनाई उपचारको क्रममा निजको मृत्यु भएको हो भनी बयान गरेको भए तापनि निजले अदालतमा उपस्थित भई बयान गर्दा मिति २०६२।११।१८ गते रातको समयमा म कहीँकतै गएको छैन, सो रात म आफ्नै घरमा थिए। मैले भुपेन्द्र घिमिरेसमेतका मान्छेहरूलाई तथा नाम सुनाइएका प्रतिवादीहरूलाई समेत नचिनेको हुँदा उक्त घटना भयो भएन भन्नेसमेत मलाई थाहा छैन । म निर्दोष छु, मउपरको अभियोग पूर्णत: झुट्ठा हो भनी कसुरमा पूर्णरूपले इन्कार रही बयान गरेको देखिन्छ।

४. जाहेरवाला धर्मप्रसाद घिमिरेले पेस गरेको मिति २०६२।११।२३ को जाहेरी दरखास्तमा यी प्रतिवादीसमेत उपर किटानी जाहेरी दिएको देखिँदैन। निजले पेस गरेको दोस्रो जाहेरी दरखास्तमा मात्र यी प्रतिवादीसमेतले मृतकलाई धारिलो हतियार खुकुरी, लाठीसमेत प्रहार गरी कुटपिट गरी घाइते बनाई उपचारको क्रममा निजको मृत्यु भएकोले प्रतिवादीहरूलाई कारबाही गरिपाउँ भनी किटानी पोल गरेको देखिए तापनि निज जाहेरवालाले अदालतमा उपस्थित भई आफ्ना भनाइहरूलाई पुष्टि गर्न सकेको देखिँदैन।

५. मृतक भुपेन्द्र घिमिरेसँग घटना हुँदाका बखत एकैसाथ रहेका आफूसमेत घाइते रहेका घटनाका प्रत्यक्षदर्शी सन्तोष कार्कीले यी प्रतिवादी विष्णु याख्खा राईसमेतले मृतक भुपेन्द्र घिमिरे र आफूसमेतलाई बिनाकारण खुकुरी, तरबार लाठीसमेतले कुटपिट गरी सोही चोटको कारण मृतक भुपेन्द्र घिमिरेको मृत्यु भएको हो भनी मौकामा कागज गर्दा लेखाई दिएको देखिन्छ । कुनै कारण नै नभई यी प्रतिवादीसमेतले मृतक र आफूसमेतलाई खुकुरी जस्तो घातक हतियारसमेतले कुटपिट गरेको भन्ने निजको भनाइ विश्वासयोग्य देखिँदैन भने निजले अदालतमा उपस्थित भई बयान गर्दा वारदातको दिन मेरो दाजु महेश कार्की, मृतक भुपेन्द्र घिमिरे, दिपेन्द्र घिमिरे र सागर भुजेलसमेत ५ जना थियौं । रातिको समय भएकोले कुटपिट हुँदा को-कोसमेत आई कुटपिट गरे थाहा भएन । मानिस चिन्न सकिएन । प्रतिवादी विष्णु याख्खासमेतका व्यक्तिहरूको उक्त वारदातमा संलग्नता छैन । निजहरू निर्दोष हुन् भनी आफूले मौकामा गरेको कागजलाई खण्डन हुने गरी बकपत्र गरेको देखिन्छ। वारदातमा रहेका घाइतेसमेत भएका चश्मदिद गवाह यी सन्तोष कार्कीलाई अनुसन्धानको सिलसिलामा वारदातपश्चात् तत्काल मौकामा नै कागज नगराई मिति २०६२।११।१८ गतेको घटनाका सम्बन्धमा मिति २०६८।९।२६ गतेमा करिब ६ वर्षपछि कागज गराई अनुसन्धान सुरू गरेको देखिँदा

घटना भएको ६ वर्षपछि अनुसन्धान गर्नुपर्ने कारण वादी नेपाल सरकारले खुलाउन सकेको पाइँदैन भने घटना हुँदा मृतकसाथ रहेका अन्य महेश घिमिरेसमेतका व्यक्तिहरूलाई बुझिएकोसमेत पाइएन।

६. साथै अनुसन्धानको क्रममा कागज गर्ने मृतक भुपेन्द्र घिमिरेका बाबु गुरूप्रसाद घिमिरेले अदालतमा बकपत्र गर्दा छोरालाई आक्रमण गर्ने केटाहरूलाई म चिन्दिन, प्रहरीले नै बताएको आधारमा जाहेरी दिई कारबाही अगाडि बढाएको हो भनी खुलाई दिएको देखिन्छ भने अनुसन्धानको क्रममा प्रहरीमा कागज गर्ने ज्ञानबहादुर भुजेल, रेवन्तबहादुर भुजेल, मेघराज निरौलासमेतले प्रहरीमा भएको कागजको बेहोरा आफ्नो होइन, प्रहरीले लेखी ल्याएको कागजमा सहिछाप गराएको हो । मृतकलाई कसले कुटपिट गरे हामीलाई थाहा छैन भनी आफूले प्रहरीमा गरेको कागजको खण्डन हुने गरी बकपत्र गरेको देखिन्छ।

७. त्यस्तै प्रतिवादी विष्णु याख्खाका साक्षीहरू शान्ति लिम्बू र रिता धिमालले घटना भएको मिति र समयमा प्रतिवादी विष्णु याख्खा र आफूहरू घरमै थियौं। उक्त घटनामा यी प्रतिवादीको संलग्नता छैन भनी प्रतिवादी विष्णु याख्खाले अदालतमा गरेको इन्कारी बयानलाई समर्थन हुने गरी अदालतमा उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ।

८. फौजदारी मुद्दामा कस्तो प्रमाणलाई प्रमाणमा लिन मिल्ने र कस्तो प्रमाणलाई प्रमाणमा लिन नमिल्ने भन्ने सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा १८ ले केही व्यवस्था गरेको देखिन्छ। उक्त दफा १८ हेर्दा, ***"कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखितमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ"*** भन्ने उल्लेख भएको देखिन्छ।

९. प्रमाण ऐन, २०३१ को उपर्युक्त व्यवस्थालाई विचार गर्दा, अनुसन्धान तहकिकातको सिलसिलामा तयार भएका लिखतमा उल्लेख भएका कुरालाई प्रमाणमा लिन उक्त लिखत गर्ने व्यक्तिले अदालतमा उपस्थित भई उक्त लिखतलाई समर्थन हुने गरी बकपत्र गरेको हुनुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा जाहेरवालासहितका अनुसन्धान क्रममा बुझिएका घटनाका प्रत्यक्षदर्शी सन्तोष कार्की, मृतकका बुबा गुरूप्रसाद घिमिरेसमेतले मौकामा कागज गर्दा, यी प्रतिवादी विष्णु याख्खासमेतले मृतकलाई खुकुरीसमेतले प्रहार गरी सोही चोटपिरको कारण निजको मृत्यु भएको हो भनी लेखाई दिए तापनि मौकामा कागज गर्ने प्रत्यक्षदर्शी सन्तोष कार्की, मृतकका बुबा गुरूप्रसाद घिमिरेसमेतले अदालतमा बकपत्र गर्दा प्रहरीमा भएको कागजको बेहोरा हाम्रो नभएको र प्रहरीले लेखेको कागजमा हामीहरूलाई सहिछाप गराएका हुन् । मृतकलाई कसले कुटपिट गरी मार्‍यो हामीहरूलाई थाहा छैन भनी आफूले प्रहरीमा गरेको कागजको बेहोरालाई खण्डन हुने गरी बकपत्र गरेको र जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गरी आफ्नो भनाइलाई पुष्टि गर्न सकेको नदेखिँदा निजहरूले अनुसन्धानको क्रममा व्यक्त गरेको कुरालाई प्रमाणमा लिन मिल्ने देखिएन।

१०. त्यस्तै अनुसन्धानको क्रममा प्रहरीमा कागज गर्ने व्यक्तिहरूलाई प्रतिवादीहरूले डर, धाक धम्की दिई, प्रलोभनमा समेत पारी आफ्ना भनाइहरू परिवर्तन गर्न बाध्य पारी विपरीत बकपत्र (Hostile statement) गराएका हुन् कि भन्ने सम्बन्धमा समेत अदालत होसियार हुन जरूरी देखिन्छ। तर प्रहरीमा कागज गर्ने व्यक्तिहरू अदालतमा उपस्थित भई विपरीत बकपत्र गरेको अवस्थामा समेत मिसिल संलग्न प्रमाणहरूकै मूल्याङ्कनबाट नै निष्कर्षमा पुग्नुपर्ने हुन्छ। प्रहरीमा कागज गर्ने व्यक्तिहरू अदालतमा बकपत्र गर्दा विपरीत बकपत्र गरेको देखिएमा प्रतिवादीलाई

कसुरदार ठहर गर्न अन्य प्रमाणहरूबाट निजहरू कसुरदार भएको मालाकार रूपमा पुष्टि भएको हुनुपर्छ। प्रस्तुत मुद्दामा मृतक भुपेन्द्र घिमिरेको मृत्यु कर्तव्यबाट भएको देखिए तापनि निजको मृत्यु यी प्रतिवादी विष्णुकुमार याख्खा राईसमेतका प्रतिवादीहरूको कुटपिटको कारणले भएको भन्ने शंकारहित तवरबाट पुष्टि नभएसम्म यी प्रतिवादीहरूलाई कसुरदार ठहर गर्न मिल्ने देखिँदैन।

११. प्रस्तुत मुद्दामा यी प्रतिवादी विष्णुकुमार याख्खा राईले अदालतमा बयान गर्दा, घटना हुँदा म आफ्नै घरमा थिएँ, मैले मृतकलाई कुटपिट गरी मारेको होइन, मैले आरोपित कसुर नगरेकोले मलाई सजाय हुनुपर्ने होइन भनी कसुरमा पूर्णरूपले इन्कार रही बयान गरेको, प्रहरीमा कागज गर्ने, घटनाका प्रत्यक्षदर्शी सन्तोष कार्की, मृतकका बाबु ज्ञानबहादुर भुजेल, रेवन्तबहादुर भुजेल, वस्तुस्थिति मुचुल्कामा सहिछाप गर्ने मेघराज निरौलासमेतले अदालतमा उपस्थित भई मृतकलाई कसले कुटपिट गरे आफूहरूलाई थाहा नभएको र यी प्रतिवादीहरू उक्त वारदातमा संलग्न छैनन् भनी आफूले मौकामा गरेको कागजको खण्डन हुने गरी बकपत्र गरेको, जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गरी आफ्नो भनाइलाई पुष्टि गरेको नदेखिएको, प्रहरीमा कागज गर्ने अन्य कोही पनि व्यक्ति अदालतमा उपस्थित भई यी प्रतिवादीले आरोपित कसुर गरेकै हो भनी भन्न सकेको नदेखिएको, २०६२ सालमा वारदात भएकोमा २०६८ सालमा आएर अनुसन्धान गर्नुपर्ने चित्त बुझ्दो कारण वादी नेपाल सरकारले खुलाउन नसकेको, अनुसन्धान ढिलो भएको कारण प्रहरीमा कागज गर्ने व्यक्तिहरूको भनाइमा प्रश्न चिह्न खडा भएको र यी प्रतिवादी विष्णुकुमार याख्खा राईका साक्षीहरू शान्ति लिम्बू र रिता धिमालले अदालतमा उपस्थित भई घटना भएको समयमा यी प्रतिवादी हामीहरूसँगै घरमै थियौं, निजको उक्त घटनामा संलग्नता छैन भनी यी प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरेको देखिएबाट समेत मिसिल कागज प्रमाणहरूबाट यी प्रतिवादी विष्णुकुमार याख्खा राईसमेतले मृतकलाई खुकुरीसमेत प्रहार गरी कर्तव्य गरी मारेको भन्ने आरोपित कसुर पुष्टि भएको देखिएन।

१२. प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुने व्यवस्था गरेको देखिन्छ भने फौजदारी मुद्दामा शंकाको सुविधासमेत अभियुक्तले नै पाउँछ । शंकारहित तवरबाट पुष्टि नभएसम्म कसैलाई पनि कसुरदार ठहर गर्न मिल्दैन। प्रस्तुत मुद्दामा यी प्रतिवादी विष्णुकुमार याख्खा राईले आरोपित कसुर गरेका हुन् भनी वादी नेपाल सरकार तर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा यी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१३. अब प्रतिवादीहरू नरेश भन्ने कृष्णकुमार याख्खा, दुर्गा लिम्बू र दिपेन्द्र भन्ने भुपाल तामाङको सम्बन्धमा विचार गर्दा, यी प्रतिवादीहरूसमेतलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर देखिन्छ । प्रतिवादी कृष्णकुमार याख्खाले अदालतमा बयान गर्दा मिति २०६२।११।१८ गते म आफ्नै घरमा थिएँ। सो मितिमा मेरो अन्य प्रतिवादीहरूसँग भेटघाट भएन । मैले जाहेरवालाका भतिजासमेतलाई धारिलो हतियार प्रहार गरी कुटपिट गरेको होइन, को कसले कुटपिट गरे मलाई थाहा छैन, सो मितिमा गाउँमा झगडा भयो भन्नेसम्म सुनेको हुँ। चरम यातना दिएको विषयमा प्र.स.नि. डम्बरबहुदर थापासँग विवाद भएकोमा सोही इवीले मलाई फसाउन झुट्टा बेहोराका कागज तयार गरेको हुनुपर्छ, मैले कसुर अपराध नगरेको हुँदा सफाइ पाउँ भनी लेखाई दिएको देखिन्छ भने निजको साक्षी सुक राई र गुणप्रसाद डोटेलले पनि वारदात समयमा प्रतिवादी कृष्णकुमार याख्खा राईको घरमा

जाँदा निजसँग भेटघाट भएको थियो । उक्त वारदातमा निज प्रतिवादीको संलग्नता छैन भनी लेखाई दिएको पाइन्छ ।

१४. त्यस्तै अर्का प्रतिवादी दुर्गा लिम्बूले म २०६० सालदेखि नै वैदेशिक रोजगारको खोजीमा काठमाडौंमा बसी आएकोमा मिति २०६२।११।१८ गते म काठमाडौंमा नै थिएँ। मैले जाहेरवालाको भतिजो भुपेन्द्र घिमिरेलाई कुटपिट गरेको, धारिलो हतियार प्रहार गरेकोसमेत होइन, अन्य प्रतिवादीहरूको जाहेरवालाको भतिजोसँग झै-झगडा कुटपिट भयो भएन मलाई थाहा भएन । उक्त वारदात घटनामा म संलग्न छैन, मलाई आरोप लगाई गरिएको सम्पूर्ण कागजको बेहोरा झुट्ठा हो भनी इन्कारी बयान गरेको पाइन्छ भने निज प्रतिवादीका साक्षी सूर्यमानले निज प्रतिवादी उक्त वारदातको समयमा काठमाडौंमा थिएँ । निजको उक्त वारदातमा संलग्नता छैन भनी इन्कारी बयानलाई समर्थित गरी बकपत्र गरेको पाइन्छ। त्यसैगरी प्रतिवादी दिपेन्द्र र भुपाल तामाङ भन्ने खेमबहादुर तामाङले मिति २०६२।११।१८ गते म आफ्नै घरमा थिए। उक्त मितिमा प्रतिवादीहरू कहाँ थिए मलाई थाहा भएन, यी प्रतिवादीहरूलाई चिन्दिन, मैले जाहेरवालाको भतिजोलाई खुकुरी, लाठीले प्रहार गरी घाइते बनाएको होइन, अन्य को-कसले निजलाई कुटपिट गरे मलाई थाहा भएन, म वैदेशिक रोजगारमा २०६३ देखि मलेसियामा गई २०६९ मा फर्की आएको हुँ । तसर्थ सोधिएको घटनाका सम्बन्धमा मलाई केही थाहा छैन भनी इन्कारी बयान दिएको र निजका साक्षी मच्छिन्द्र थापाले उक्त घटना भएका समयमा यी प्रतिवादी निजको घरमै थिए, उक्त घटनामा यी प्रतिवादीको संलग्नता नभएकोले निजले सजाय पाउनुपर्ने होइन भनी इन्कारी बयानलाई समर्थित हुने गरी बकपत्र गरेको पाइन्छ ।

१५. यी प्रतिवादीहरूसमेत उपर पनि सुरू अवस्थामा पहिलो जाहेरी दरखास्तमा किटानी जाहेरी परेको देखिँदैन । मौकामा कागज गर्ने सन्तोष कार्कीले अदालतमा आई बकपत्र गर्दा पनि यी प्रतिवादीहरू पनि उक्त वारदातमा उपस्थित थिएनन्, कुटपिट गर्दा रातिको समय भएकोले को को आई कुटपिट गरे थाहा भएन । मानिस चिन्न सकिएन भनी आफूले मौकामा गरेको कागजको खण्डन हुने गरी बकपत्र गरेको पाइन्छ । घटनास्थल मुचुल्कामा बस्ने मानिसहरू तथा अनुसन्धानको सिलसिलामा बुझिएका मृतकको बाबु गुरूप्रसाद घिमिरेसमेतले यी प्रतिवादीहरूको उक्त वारदातमा संलग्नता नरहेको भनी बकपत्र गरेको पाइन्छ । प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम यी प्रतिवादीहरूसमेत कसुरदार हुन् भनी जाहेरवालासहितको मौकामा प्रहरीमा कागज गर्ने व्यक्तिहरूमध्ये एक जनाले पनि अदालतमा उपस्थित भई यी प्रतिवादीहरू विरूद्ध बकपत्र गर्न सकेको देखिँदैन। २०६२ सालमा भएका घटनाको सम्बन्धमा २०६८ सालमा अनुसन्धान भएको देखिँदा घटना भएको ६ वर्षपछि प्रहरीमा बुझिएका व्यक्तिहरूको भनाइसमेत शंकारहित देखिँदैन । साथै माथि उल्लेख भएअनुसार यी प्रतिवादीहरूले अदालतमा उपस्थित भई आफूहरूले जाहेरवालाको भाइ मृतक भुपेन्द्र घिमिरेलाई खुकुरीसमेतका धारिलो हतियारले कुटपिट गरेको होइन । आफूले आरोपित कसुर गरेको नहुँदा आफूलाई सजाय हुनुपर्ने होइन भनी गरेको इन्कारी बयानलाई यी प्रतिवादीहरूका साक्षीहरूले समर्थन हुने गरी अदालतमा बकपत्र गरेको देखिएबाट यी प्रतिवादीहरूले आरोपित कसुर गरेकै हुन भन्न सक्ने अवस्था मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिन आएन ।

१६. प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुने व्यवस्थामा गरेको देखिन्छ भने फौजदारी मुद्दामा शंकाको सुविधासमेत अभियुक्तले नै पाउने हुन्छ । कर्तव्य ज्यान मुद्दा जस्ता राज्य विरूद्धका अपराधहरूको अनुसन्धान तहकिकातमा राज्य

नै संलग्न हुने भएपनि घटनाको प्रत्यक्ष प्रभाव र असर प्रथमत: पीडितका घर परिवारलाई र त्यसको साथसाथै पूरै समाजलाई नै बनाइरहेको हुन्छ । **यस्ता वारदातको अनुसन्धान तहकिकातमा राज्य स्वयम् नै संलग्न हुने भएपनि पीडित परिवार, प्रत्यक्षदर्शी एवं घटनासँग प्रत्यक्ष रूपमा सम्बन्धित एवं घटनामा संलग्न रहेका व्यक्तिहरूसमेतको पनि कम जिम्मेवारी र दायित्व नरहे, नभएको भन्ने हुँदैन । प्रमाण जुटाउने, पुऱ्याउने सम्बन्धमा उनीहरूको पनि अहम् भूमिका रहेको हुन्छ । घटना र वारदातको बारेमा जसलाई प्रत्यक्ष रूपमा थाहा र जानकारी हुन्छ, घटनाबाट जसलाई प्रत्यक्ष रूपमा प्रभाव र असर परेको हुन्छ ऊ नै प्रमाण प्रस्तुत गर्ने क्रममा अनुसन्धान तहकिकातदेखि अदालती कारबाहीको अवस्थासम्म स्थिर र अडिग नभई निष्क्रिय, स्खलित एवं विचलित भैदिएमा त्यसले प्रमाण मूल्याङ्कनको रोहमा मुद्दाको परिणाममा आशातीत रूपमा सफलता प्राप्त हुन सक्दैन । घटना र वारदातलाई जसले प्रत्यक्ष रूपमा देखेको र थाहा पाएको छ र त्यसबाट जसलाई प्रत्यक्ष रूपमा असर परेको छ ऊ नै अदालती कारबाहीको प्रमाण प्रस्तुतीकरणको सन्दर्भमा कमजोर भैदियो, सुरूको भनाइलाई फेरिदियो र प्रतिवादीको पक्षमा हुने गरी घटना एवं वारदातको तथ्यविपरीत बकपत्र गरिदियो भने पीडितलाई सहयोग र प्रतिवादीलाई कसुरदार ठहर गर्ने अदालतको पुनित कानूनी कर्तव्यको जग नै कमजोर बन्न पुग्छ । यस अवस्थामा अदालत पनि कसुरदारलाई सजाय गरी समाजमा शान्ति स्थापना गर्ने र साथसाथै पीडितलाई पनि सहयोग गर्ने जिम्मेवारी बहन गर्नमा असमर्थ बन्न पुग्दछ । अनुमानको आधारमा टुक्रिएका र खण्डित भएका घटना र वारदातका तथ्य र प्रमाणहरूलाई फौजदारी कानून एवं न्यायको प्रमाण मूल्याङ्कनका सिद्धान्त र अवधारणाबाट पर गएर अदालतले जबरजस्ती रूपमा प्रमाणहरू जोडेर कसैलाई पनि सजाय गर्न सक्तैन । घटना र वारदातसँग प्रत्यक्ष रूपमा प्रभावित व्यक्ति एवं पीडित स्वयम् वा निजका परिवारले कसुरदारलाई नै उन्मुक्ति दिएर अदालतमा आफ्नो कथन / अभिव्यक्त गरिदिएको र अन्य भौतिक एवं स्वतन्त्र प्रमाण र परीक्षण प्रतिवेदनहरूले घटना, वारदात र सोमा कसुरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा अदालतले पनि शंका र अनुमानको आधारमा कसैलाई पनि सजाय गर्न मिल्दैन । शंकारहित तवरबाट कसुरको पुष्टि नभएसम्म कसैलाई पनि कसुरदार ठहर गर्न मिल्दैन ।** प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले आरोपित कसुर गरेका हुन् भनी वादी नेपाल सरकारका तर्फबाट तथ्ययुक्त रूपमा प्रत्यक्ष, भौतिक एवं परिस्थितिजन्य प्रमाणहरू पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा यी प्रतिवादीहरूसमेतलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१७. अत: माथि विवेचित आधार र कारणहरूबाट प्रतिवादीहरू नरेश भन्ने कृष्णकुमार याख्खा, दुर्गा लिम्बू र दिपेन्द्र भन्ने भुपाल तामाङले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७०।१।२४ मा भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।१।२८ को फैसला र प्रतिवादी विष्णु याख्खा राई भन्ने विष्णुकुमार याख्या राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको मिति २०६९।६।२ को फैसला उल्टी गरी निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको माननीय न्यायाधीश श्री कुमार चुडालको मिति २०७१।१।२८ को राय सदर हुने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।७।२३ को फैसला मिलेकै देखिँदा सदर हुने

ठहर्छ । प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. मीरा खड्का

इजलास अधिकृत : अरूणकुमार कोइराला
इति संवत् २०७५ साल आषाढ ६ गते रोज ४ शुभम् ।

## निर्णय नं. १०२४७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही
फैसला मिति : २०७४।१२।२३
०७२-CR-००२३

मुद्दा: सम्बन्ध विच्छेद

पुनरावेदक / वादी : ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं.९ कोवहाल टोल बस्ने माधव मंगल जोशीको छोरी मेदिना जोशी

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं.९ भोलाछे टोल बस्ने हरिलाल श्रेष्ठको छोरा मनिषलाल श्रेष्ठ

- **आमा वा बाबु जोसँग बसेपनि आफू नबसेको बाबु वा आमालाई चाहेको अवस्थामा बेलाबखत भेट गर्न पाउने कुरा बालकको सर्वोत्तम हितसँग तथा निजको माया ममता पाउने र आफूले समेत माया ममता गर्न पाउने हकसँग सम्बन्धित विषय हो । साथै बाबु र आमाको पनि आफ्नो बच्चालाई माया ममता गर्न पाउने, निजको हेरविचार गर्न पाउने कर्तव्यका साथै अधिकार पनि हुने ।**

(प्रकरण नं.८)

पुनरावेदक / वादीका तर्फबाट :
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
- ने.का.प.२०७०, अंक ३, नि.नं.८९७९, पृ.३९३

सम्बद्ध कानून :
- बालबालिकासम्बन्धी ऐन, २०४८
- न्याय प्रशासन ऐन, २०४८

सुरू तहमा फैसला गर्नेः-
माननीय न्यायाधीश श्री बाबुराजा कार्की
ललितपुर जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः-
माननीय न्यायाधीश श्री पुष्पराज कोइराला
माननीय न्यायाधीश श्री नारायणप्रसाद शाह
पुनरावेदन अदालत पाटन

फैसला

**न्या. हरिकृष्ण कार्की** : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत

मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

म फिरादी मेदिना जोशीको विपक्षी मनिषलाल श्रेष्ठसँग विगत केही वर्षअगाडिदेखि प्रेम भई मिति २०५९।१०।०९ मा सामाजिक परम्पराअनुसार विवाह भएको थियो । केही समयपछि पतिमा मप्रति नराम्रो व्यवहार आयो । एउटा बुहारी भएको नाताले आफूले गर्नुपर्ने दायित्वबाट म कहिल्यै पछि हटिन । विवाह भएको तेस्रो वर्षमा गर्भवती अवस्थामा पनि विपक्षी, पति तथा सासूले घरको काममा केही सहयोग नगर्ने, घरमा आउने प्रत्येक चाड, पर्व, पूजाआजादेखि लिएर घरमा आउने पाहुनाहरूलाई खुवाउनु पर्नेलगायतका सम्पूर्ण दायित्व मेरो नै थियो । म फिरादीको पहिलो बच्चा Miscarriage हुँदा बिरामी भएको अवस्थामा घरको सम्पूर्ण काम गर्नुपर्ने सासू तथा पतिले गरेको भेदभावपूर्ण व्यवहारले असाध्यै गरेको थियो । मैले घर परिवार सुखमय होस् भन्नाका खातिर धेरै दुःख कष्ट सहेर पनि घर समाल्दै आएँ । मिति २०६४।९।२० मा छोरा मनग्यलाल श्रेष्ठको जन्म भयो । छोरा जन्मेकोमा घरमा खुसीयाली आएकोले अबका दिन सुखमय हुन्छ भन्ने आशा गरेकी थिएँ । विपक्षी पतिको चाहनाअनुसार भएन भने अश्लिल शब्द प्रयोग गरी गाली गलौज गर्ने, कुटपिट गर्ने, मार्छु भन्न पनि पछि परेनन् । यस्तो शारीरिक, मानसिक तथा यौनजन्य घरेलु हिंसाले मेरो भावनामा चोट पुग्ने कार्य विपक्षी पतिबाट बारम्बार भइरह्यो । आफ्नो चाहना नहुँदा मलाई जबरजस्ती गर्न आउने र मैले भनेको नमान्ने भए यस घरबाट निक्ली जा भनी मलाई घरबाट निकाला गरे । मैले छोराको कारणले गर्दा आत्महत्या गर्न सकिन र बाध्य भई छोराको भविष्यको खातिरमा माइती घरमा आएँ । सँगै बस्दा विपक्षी पतिबाट कुनै बेला मेरो जिउ ज्यानमा खतरा हुन सक्ने हुँदा मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं. को देहाय २ बमोजिम लोग्ने स्वास्नीको नाता सम्बन्ध विच्छेद गरी छोरा वर्ष ५ को नाबालक भएकोले निजलाई मैले नै वात्सल्यसाथ हुर्काएकोले निज छोरा मसँग साथ राखी पाउँ भन्नेसमेत बेहोराको फिराद दाबी ।

म र मेरो परिवारलाई अनर्गल आरोप लगाई दिएको फिरादमा उल्लिखित कुरा झुट्टा एवं बनावटी मात्र हो । लोग्ने र स्वास्नीको बिचमा ससाना मनमुटाव हुनु सामान्य कुरा भएकोले यस्तो कुरामा अनावश्यक विवाद गरी लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नै गर्नुपर्ने अवस्थासमेत छैन । हामीहरूको छोरा मनग्यलाल श्रेष्ठ सानै उमेरको छ । उसको पालन पोषण र उचित शिक्षा दिक्षा दिनु पर्ने अवस्थामा हामीहरू एकअर्का लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरी अलग अलग बस्नु अनुचित नै हुन्छ । छोरालाई विपक्षीले आफैँसँग लिएर गएकी छन् । उक्त छोराको भविष्य विपक्षले बर्बाद गर्ने स्पष्ट छ । मेरो छोरासँग मलाई भेटघाट गर्न नदिई शारीरिक तथा मानसिक यातना दिई राखेकी छिन् । निजलाई भेट्न पाउने मेरो पनि अधिकार रहेकोले छोरा म प्रतिवादीसँग रहन बस्न पाउने व्यवस्था गरिपाऊँ । क्षणिक आवेगमा सम्बन्ध विच्छेद जस्तो गम्भीर विषयमा निर्णय गरी नावालक छोराको भविष्यमा समेत असर गर्ने गम्भीर अपराधमा मेरो कुनै प्रकारको सहमति हुन नसक्ने भएकोले विपक्षले माग गरेबमोजिम मेरो र विपक्षी फिरादीबिचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुने गरी विपक्षीको फिराद दाबी खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिउत्तर जिकिर ।

यी वादी प्रतिवादीबिच सुमधुर सम्बन्ध कायम रहन कदापि सक्दैन । दिनहुँ यातना सहेर बाँच्न सक्ने अवस्था रहँदैन । एकअर्काप्रति हुनुपर्ने माया र विश्वास नरहने अवस्था रहेकोले स्वतन्त्र रूपमा बाँच्न पाउन यी वादी प्रतिवादीबिच सम्बन्ध विच्छेद हुनु नै पर्दछ भन्नेसमेत बेहोराको वादीको साक्षी कविना मुल्मी जोशीले यस अदालतसमक्ष गरेको बकपत्र ।

वादी प्रतिवादीबिच यस्तो छुट्टिनु पर्ने किसिमको कुनै घटना घटिरहेको मलाई थाहा

छैन । जहाँसम्म मलाई लाग्छ सम्बन्ध विच्छेद हुनुपर्छ जस्तो मलाई लाग्दैन । दिदीको परिवारको रमाइलो वातावरणप्रति म धेरै खुसी थिएँ भन्नेसमेत बेहोराको प्रतिवादीको साक्षी रविन्द्र गोपाल वैद्यले यस अदालतसमक्ष गरेको बकपत्र।

यसमा वादीलाई निजको पतिले विभिन्न शरीरिक तथा मानसिक यातनासमेत दिएकोसमेत स्पष्ट पारी फिराद दिएकोमा सो तथ्यलाई वादीका साक्षीले समेत पुष्टि गरेको र इन्कारी प्रतिउत्तरलाई प्रतिवादीले पुष्टि गरेको नदेखिँदा वादी दाबीबमोजिम वादी प्रतिवादीबिचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०७०।०२।१२ को ललितपुर जिल्ला अदालतको फैसला।

हामीबाट जायजन्म भएको छोरा मनग्यलाल श्रेष्ठको सँग बस्न पाउने निजको पालनपोषण शिक्षा स्वास्थ्यको व्यवस्था के हुने कसमा रहने कुनै कुरा नबोलिएको र मैले निज छोरालाई भेट्न पाउने प्राकृतिक कुरालाई केही नबोली भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्ने बेहोराको प्रतिवादी मनिषलाल श्रेष्ठको पुनरावेदन पत्र।

यसमा पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादी दुवै पक्षले नाबालक छोराको पालन पोषणको र भेटघाटको दाबी जिकिर लिएको अवस्थामा बच्चाको सम्बन्धमा कुनै विवेचना, नगरी भएको सुरू ललितपुर जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिँदा छलफलका लागि अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको मिति २०७१।०१।०७ गतेको पुनरावेदन अदालत पाटनको आदेश।

यसमा लोग्ने स्वास्नीको महलको नं. ३(१) अनुसार नाबालक पाल्ने विषयमा आमाले पहिलो प्राथमिकता पाउने भएको, छोरालाई लिएर आएको २ वर्षपश्चात् फिराद गर्दासम्म कुनै वास्ता नगरेको, कतै उजुरी नगरेको अवस्थामा पुनरावेदन पत्रमा मैले भेटघाट गर्न पाइन भन्ने जिकिर झुट्टा भएकोले सुरू फैसला सदर हुनुपर्दछ भन्ने वादीको लिखित जवाफ।

सुरू ललितपुर जिल्ला अदालतबाट फैसला हुँदा यी पुनरावेदक प्रतिवादीलाई आफ्ना छोरासँग भेटघाट गर्ने गराउने सम्बन्धमा केही नबोली भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई अब पुनरावेदक / प्रतिवादीले प्रत्यर्थी / वादीसँग रहे बसेको नाबालक छोरा मनग्यलाल श्रेष्ठलाई पारिवारिक उत्सवलगायत सार्वजनिक बिदा वा शनिबारका दिन भेटघाट गर्न पाउने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०७१/०८/२९ को फैसला।

पुनरावेदन अदालत पाटनले सुरू अदालतले नबोलेको कुरामा बोल्न मिल्ने देखिँदैन । सुरूले नबोलेको भए बाँकी प्रश्नमा समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी तल्लो अदालतमा पठाउनु पर्ने भन्ने व्यवस्था न्याय प्रशासन ऐन, २०४८ को दफा १४ (घ) मा भएकोमा सो नगरी आफैँले बाँकी प्रश्नमा निर्णय गरेको मिलेको छैन। कानूनमा आमाले पाल्न चाहेको अवस्थामा बच्चालाई आमाले पाल्न पाउँछ भन्ने उल्लेख छ। छोरालाई मैले पाल्न चाहेको र छोरा पनि मसँगै खुसी रहन सक्ने भएकोले बालकको सर्वोत्तम हितलाई समेत ध्यानमा राखी छोरालाई मैले नै पाल्न पाउनु पर्दछ । सम्बन्ध बिच्छेद मुद्दामा सोहीबारेमा मात्र बोल्नु पर्ने हो छोराको सम्बन्धमा बोलिनु पर्ने नै होइन । पुनरावेदन अदालतको फैसलाअनुसार पारिवारिक उत्सव, सार्वजनिक बिदा आदिमा प्रतिवादीसँग भेटघाट गराउँदा छोराको पढाइसमेत बिग्रने हुन्छ । त्यसतर्फ मनन नगरी पुनरावेदन अदालतबाट भएको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी सुरू फैसलाअनुसार गरिपाउँ भन्नेसमेत बेहोराको वादीको यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा प्रतिवादी मनिषलाल श्रेष्ठले पुनरावेदन

अदालतमा दिएको पुनरावेदन पत्रमा छोरा मनग्यलाल श्रेष्ठ आफ्नै संरक्षणमा रहन पाउनुपर्ने भन्नेसम्म दाबी लिई भेटघाटको सम्बन्धमा स्पष्ट दाबी नभएको अवस्थामा पुनरावेदन अदालतबाट मागदाबीभन्दा बढी असीमित रूपमा पारिवारिक उत्सवलगायत सार्वजनिक बिदा वा शनिबारको दिन भेटघाट गर्न पाउने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१/०८/२९ मा भएको फैसला बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ८(२) को रोहमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७३/१०/६ मा भएको आदेश।

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्रसहितको सुरू मिसिल अध्ययन गरियो।

यसमा म फिरादी र विपक्षी मिति २०५९।१०।०९ मा सामाजिक परम्पराअनुसार विवाह भई छोरा मनग्यलाल श्रेष्ठको जन्म भएकोमा निज पतिले मलाई शारीरिक तथा मानसिक एवं यौनजन्य हिंसा गरेकोले लोग्ने स्वास्नीको हैसियतमा बस्न नसक्ने अवस्था भई सम्बन्ध विच्छेद गरी नाबालक छोरालाई मेरो साथमा राखी पाउँ भन्ने फिराद दाबी भएकोमा सम्बन्ध विच्छेद गर्ने अवस्था नरहेको र सहमति नरहेकोले फिराद दाबी खारेज गरिपाउँ भन्ने प्रतिउत्तर जिकिर रहेको पाइन्छ । सुरू ललितपुर जिल्ला अदालतबाट वादी प्रतिवादीबिच सम्बन्ध विच्छेद हुने ठहर्‍याई फैसला भएको पाइयो । सो फैसलाउपर प्रतिवादीको सुरु फैसलामा छोराको बारेमा केही नबोलेकोले छोरालाई आफ्नो संरक्षणमा रहन पाउने गरी फैसला गरिपाउँ भन्नेसमेतको पुनरावेदन परी पुनरावेदन अदालतबाट प्रतिवादीले नाबालक छोरालाई पारिवारिक उत्सवलगायत सार्वजनिक बिदा वा शनिबारको दिन भेटघाट गर्न पाउने ठहर्‍याई फैसला भएको पाइयो । सो फैसलाउपर वादीको यस अदालतमा पुनरावेदन परी आज इजलाससमक्ष पेस हुन आएको छ।

उल्लिखित सन्दर्भमा पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ छैन ? तथा पुनरावेदक / वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने विषयमा नै निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा यी पुनरावेदक / वादी र प्रत्यर्थी / प्रतिवादीबिच वैवाहिक सम्बन्ध कायम रहँदाकै अवस्थामा मिति २०६४।०९।२० मा छोरा मनग्यलाल श्रेष्ठको जन्म भएकोमा कुनै विवाद देखिएन। यी वादी र प्रतिवादीबिच लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने गरी सुरू जिल्ला अदालतबाट मिति २०७०।०२।१२ मा फैसला भएकोमा पुनरावेदन अदालतबाट सो हदसम्म सुरू फैसला सदर भई अन्तिम भइरहेकोले सम्बन्ध विच्छेद सम्बन्धमा केही बोलिरहनु परेन। निजहरूको छोरा मनग्यलाल श्रेष्ठका सम्बन्धमा सुरू फैसलामा केही नबोलेकोले सोमा प्रतिवादीको पुनरावेदन पर्दा पुनरावेदन अदालतबाट निज छोरालाई यी प्रत्यर्थी / प्रतिवादीले समेत सार्वजनिक बिदा, पारिवारिक उत्सव जस्तो समयमा भेटघाट गर्न पाउने गरी भएको फैसलाउपर यी पुनरावेदक / वादीको यस अदालतमा पुनरावेदन परेकोले निर्णयमा पुग्न बालबालिकाको हितलाई समेत विचार गरी निज छोरालाई यी प्रत्यर्थी / प्रतिवादीले भेटघाट गर्न पाउनु उपयुक्त हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा नै विचार गर्नुपर्ने देखिन आयो।

३. मानिस बालकबाट नै बयस्क भई समाजको सुयोग्य नागरिकका रूपमा स्थापित हुने हुन्छ । मानिसको जीवनको आधार नै बाल्यकाल हो । मानिसले बाल्यकालमा पाएको माया ममता, पालन पोषण, शिक्षा दिक्षा, स्वास्थ्य सुविधालगायतका हेरविचार र सेवा सुविधामा नै उसको भविष्यको निर्धारण

हुने हुन्छ । त्यसैले उचित माया ममता, पालनपोषण, शिक्षा, स्वास्थ्यलगायतका सेवा सुविधा पाउनु, आफ्ना बाबु आमालगायतबाट अभिभावकत्व पाउनु बालबालिकाको नैसर्गिक अधिकारका रूपमा लिइँदै आएको छ । यस्ता बालकका आधारभूत अधिकारको प्रमुख संरक्षक कर्ताको रूपमा उसका आमा बाबु तथा अभिभावक नै रहेका हुन्छन् । बालबालिकाका आधारभूत अधिकारको संरक्षणका लागि हरेक आमा बुबाले आफ्नो बालकलाई उचित माया ममता, स्याहार सम्भार, पालन पोषण हेरविचार गर्ने जस्ता कर्तव्य तथा दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । त्यसैगरी बालकको बैध आकांक्षा तथा इच्छाअनुसारको काम गर्न पाउनु पनि बाल अधिकारको विषयभित्र पर्दछ । आफूलाई जन्माउने हुर्काउने आमा बुबाहरूको बालकलाई माया ममता लाग्नु, आमा बुबासँग नजिक रहन बस्न चाहनु तथा आमा बुबाबाट माया ममता पाउने इच्छा राख्नु जस्ता विषयहरू प्रत्येक बालकका स्वाभाविक तथा वैध इच्छा भएकोले यस्ता इच्छा पूर्ति हुन पाउनु पनि बाल अधिकारका विषयहरू हुन् । बालकप्रति बुबा आमाको निश्चित कर्तव्य निर्वाह गर्नुपर्ने हुँदा आमा बुबाको पनि बालकहरूमा केही अधिकार निहित रहेको हुन्छ । आफ्नो बच्चाको हेरविचार, पालन पोषण गर्न पाउनु उसलाई माया ममता दिन पाउनु आमा बाबुको कर्तव्य मात्र नभएर अधिकार पनि हो । बालबालिकाहरूले आमा बुबाबाट पाउनु पर्ने उल्लिखित विषयहरू समानरूपमा दुवैबाट पाउनु पर्ने हुन्छ सोको कर्तव्य र दायित्व पनि आमा बुबा दुवैमा समान रूपमा नै रहेको हुन्छ ।

४. बालबालिकाको हक अधिकारसम्बन्धी यी मान्यताहरू मूलतः बालकको सर्वोत्तम हितको सिद्धान्त र बालकको जीवन बाँच्न पाउने र विकासको सिद्धान्तमा आधारित रहेका पाइन्छन् । यिनै सिद्धान्तका आधारमा बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ लगायत विभिन्न अन्तर्राष्ट्रिय दस्ताबेजहरूमा पनि बालबालिकाहरूसँग सम्बन्धित उल्लिखित विषयहरूलाई आधारभूत अधिकारका रूपमा स्थापित गरी पक्ष राष्ट्रहरूलाई त्यस्ता अधिकारहरूको संरक्षणका लागि आवश्यक व्यवस्था गर्नसमेत निर्देश गरेको पाइन्छ । बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को धारा ३ (२) मा *राज्य पक्षहरूले बालबालिकाको आमा, बुबा वा वैधानिक अभिभावक वा कानूनी रूपमा तिनको लागि जिम्मेवार अन्य व्यक्तिहरूको बालबालिकाहरूप्रतिको अधिकार र कर्तव्यलाई ध्यानमा राख्दै, बालबालिकाको हितको लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नेछन् र यस उद्देश्यको निमित्त सबै उचित वैधानिक र प्रशासनिक उपायहरू गर्नेछन्* भन्ने प्रावधान रहेको छ । ऐ. को धारा १८ मा *बालबालिकाको लालन पालन र विकासको बाबु आमा दुवैको साझा र प्रथम उत्तरदायित्व छ भन्ने सिद्धान्तलाई बालबालिकाको सर्वोत्तम हितका लागि उनीहरूको प्रमुख चासो हुनेछ* भन्ने उल्लेख छ । यसबाट बालबालिकासम्बन्धी महासन्धिले बालबालिकाको अधिकार संरक्षण गर्ने र उनीहरूको सर्वोत्तम हितअनुरूपको कार्यहरू गर्ने प्रथम जिम्मेवारी आमा बुबा वा वैधानिक अभिभावकलाई मानी सोहीअनुसारको कानूनी व्यवस्था गर्न पक्ष राष्ट्रलाई निर्देश गरेको स्पष्ट हुन्छ । आमा बुबाको बालबालिकाप्रतिको यस्तो जिम्मेवारीलाई साझा जिम्मेवारीको रूपमा समेत उक्त सन्धिले लिएको पाइन्छ ।

५. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को पक्ष राष्ट्र रहेको नेपालमा पनि बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त र उनीहरूको जीवन र बाच्न पाउने सिद्धान्तका आधारमा संवैधानिक तथा कानूनी व्यवस्था गरी बालबालिकाहरूका आधारभूत अधिकारहरूको प्रत्याभूति गरिएको छ । नेपालको संविधानमा मौलिक हकका रूपमा धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरिएको छ । जसअनुसार पनि प्रत्येक बालबालिकालाई परिवार

तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको, बाल विकास तथा बाल सहभागिताको हक हुने भन्नेसमेतका कुराहरूलाई बाल बालिकाका हकका रूपमा उल्लेख गरिएको पाइन्छ। यस धारामा उल्लिखित बालबालिकालाई प्रदत्त सबै हकहरू हेर्दा बालकको सर्वाङ्गीण विकास तथा सर्वोत्तम हितलाई कायम राखी बालकलाई भविष्यको सक्षम नागरिकका रूपमा उभिन समर्थ बनाउनु पर्ने विषयसँग सम्बन्धित रहेभएको पाइन्छ। यस्तै बालबालिकासम्बन्धी ऐन, २०४८ ले पनि बालबालिकाका आधारभूत अधिकारको संरक्षणको व्यवस्था गरेको छ। बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४(१) मा *बाबु आमाले आफ्नो परिवारको आर्थिक अवस्थाअनुसार प्रत्येक बालबालिकाको पालन पोषण गर्नुका अतिरिक्त निजको शिक्षा, स्वास्थ्योपचार, खेलकुद तथा मनोरञ्जन सुविधाहरूको व्यवस्था पनि गर्नुपर्नेछ* भन्ने कानूनी व्यवस्था रहेको छ। यस कानूनी व्यवस्थाले सन्धिको मान्यतालाई आत्मसात् गरी बालकको सर्वोत्तम हित र जीवन बाँच्न र जीवनको विकास गर्न पाउने हकको संरक्षण गर्नुपर्ने प्रथम कर्तव्य आमा बुबामा नै रहने गरी कानूनी व्यवस्था गरिदिएको छ। यस्तै बाल बालिकाको हक हित संरक्षणको विभिन्न व्यवस्था उक्त ऐनले गरेको पाइन्छ। विभिन्न विषय र विवादका सन्दर्भमा बालकको स्थिति के हुने भन्ने सम्बन्धमा अन्य कानूनहरूमा व्यवस्था रहेको पाइन्छ।

६. बालबालिका आफैँमा संवेदनशील विषय भएकोले बालबालिकाको हकहितमा असर पर्ने, हक अधिकारको उपयोग गर्न वञ्चित गर्ने तथा उनीहरूको सर्वोत्तम हित, जीवनको बाँच्न पाउने र विकास गर्न पाउने कुरामा थोरै मात्रामा भएपनि अवरोध पुर्‍याउने कार्य सर्वथा निषेधित रहेभएको पाइन्छ। परिवारमा देखिएको कुनै समस्या तथा पति पत्नीका बिचको प्रतिकूल सम्बन्धको प्रभाव नाबालक छोराछोरीमा र उनीहरूको हकाधिकारको विषयमा पर्नु र पारिनु हुँदैन। यस्तो पारिवारिक प्रतिकूल परिस्थितिमा पनि कसरी बालबालिकाको सर्वोत्तम हितलाई संरक्षण गर्न सकिन्छ भन्ने खोजी गरिनु पर्ने हुन्छ। यदि पारिवारिक र सामाजिक अवस्थाको प्रतिकूल प्रभाव बालकमा पर्न गएमा बालकको जीवनको विकासमा नै नकारात्मक असर परी उनीहरूको भविष्य आमा बुबा वा अभिभावकको कारण नै बर्बाद हुने हुन्छ र यसको असर दीर्घकालीन रूपमा सम्पूर्ण समाज र राष्ट्रमा नै पर्न जान्छ। कुनै पनि बालबालिकाका सम्बन्धमा कस्तो अवस्था र परिस्थितिमा कस्तो निर्णय गर्ने भन्ने सम्बन्धमा विभिन्न विकल्पहरूको खोजी गरी उसको सर्वोत्तम हित के गर्दा हुन्छ भनी निर्क्यौलमा पुगी निर्णयमा पुग्नु पर्ने हुन्छ। यस सम्बन्धमा यस अदालतबाट *बालबालिकाहरूको अभिभावकबिचको विवादमा अदालतले बालमनोविज्ञानको कसीमा सम्बन्धित बालबालिकाको सर्वोत्तम हितलाई नै न्यायको आधार बनाउनु पर्ने। बालबालिकाको हितसँग सम्बन्धित मुद्दाका हकमा बाल न्याय प्रणालीका आधारभूत मान्यतालाई अवलम्बन गर्नैपर्ने। पति पत्नीका बिचको सम्बन्धमा देखिएको समस्याको प्रभाव नाबालिग छोराछोरीमा समेत पर्ने अवस्था देखिएकोमा त्यसको क्षति कसरी नियन्त्रण गरी न्यून गर्न सकिन्छ भन्ने कुराको खोजी नै बाल न्याय प्रणालीको मर्म हो। बाबु आमाका बिचको सम्बन्धबाट उत्पन्न हुने समस्याको दुष्प्रभाव नाबालिग छोराछोरीमा पर्न दिन नहुने। बालबालिकाहरू आफ्नो परिवारका सदस्यहरूमध्ये कोसँग रमाउँछन्, कोसँग खुसी हुन्छन्, कोसँग बस्दा उनीहरूलाई सुविधा हुन्छ, उनीहरूको भविष्य कसरी उज्ज्वल हुन्छ, उनीहरूको पालनपोषण, शिक्षा, स्वास्थ्योपचार र मनोरञ्जनको पक्ष कसबाट प्रभावकारी बन्दछ भन्ने जस्ता विषयको मूल्याङ्कन नगरी एकाङ्गीढंगले निर्णयमा पुग्दा बालबालिकाको भविष्यका सम्बन्धमा त्यो झनै प्रत्युत्पादक पनि हुन सक्दछ। त्यसैले यस्ता*

*विषयमा सम्बन्धित बालबालिकाको सर्वोत्तम हितको पक्षलाई साङ्गोपाङ्गो रूपमा हेरी समन्यायिक दृष्टिकोणबाट निष्कर्षमा पुग्नु अपरिहार्य हुने । कसैको व्यक्तिगत स्वार्थ, अहम् र आत्मसन्तुष्टिका लागि अबोध बालबालिकालाई प्रताडित गरिनु हुँदैन भनी* (ने.का.प.२०७०, अंक ३, नि.नं. ८९७९, पृ. ३९३) सिद्धान्त प्रतिपादन भएको छ । बालक एक विशेष र भिन्न प्रकृतिको व्यक्ति भएकोले बालकको सर्वोत्तम हित तथा निजको भविष्यलाई समेत मध्यनजर राखेर बालबालिकासँग व्यवहार तथा उनीहरूको सम्बन्धमा निर्णय गर्नुपर्ने हुन्छ । अन्यथा बालकको भविष्य नै बर्बाद हुन गई सम्पूर्ण समाज नै त्यसबाट प्रभावित हुन सक्छ ।

७. बालबालिकाको हक हितको संरक्षण गरी उनीहरूको सर्वोत्तम हितलाई ध्यान दिनुपर्ने सन्दर्भमा अब बाबु आमाका बिचमा सम्बन्ध बिच्छेद भएको अवस्थामा निजहरूको नाबालग छोराछोरी कोससँग बस्न पाउने, निजहरूको हकहितलाई के कसरी संरक्षण गरिन्छ भन्ने सम्बन्धमा विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनमा रहेभएको व्यवस्थाको विवेचना गर्नुपर्ने हुन आयो । यस सम्बन्धमा हेर्दा बालबालिकाको अधिकारसम्बन्धी महासन्धिको धारा ९(१) मा *बालबालिकाको सर्वोत्तम हितका लागि निजलाई बाबु आमाबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानून र कार्यविधिअनुरूप सक्षम अधिकारीहरूले न्यायिक पुनरावलोकनको अधीनमा रही निर्णय गरेमा बाहेक कुनै पनि बालबालिकालाई बाबुआमाको इच्छा विरूद्ध अलग गरिने छैन भनी राज्य पक्षले निश्चित गर्ने छन् ।...* भन्ने प्रावधान रहेको छ । धारा ९(३) मा *बालबालिकाको सर्वोत्तम हितमा विपरीत असर पर्ने स्थितिमा बाहेक आफ्नो बाबु वा आमा वा दुवैबाट अलग गरिएका बालबालिकाले आमा बाबुसँग नियमित रूपमा व्यक्तिगत सम्पर्क र प्रत्यक्ष भेटघाट गर्न पाउने बालबालिकाको अधिकारलाई राज्य पक्षले मान्यता दिनेछन्* भन्ने व्यवस्था रहेको छ। यी प्रावधानहरूलाई हेर्दा कुनै पनि बालबालिकालाई विशेष परिस्थितिमा बाहेक निजको आमा बुबाबाट अलग नराखिने यदि राख्नु पर्ने विशेष परिस्थिति सिर्जना भएमा आमा बाबुसँग नियमित रूपमा व्यक्तिगत सम्पर्क र प्रत्यक्ष भेटघाट गर्न पाउने व्यवस्था मिलाउनु पर्ने भनिएबाट आमा र बाबुसँग भेटघाट गर्न पाउनु पर्ने कुरा पनि बालकको आधारभूत अधिकारको रूपमा रहेको प्रस्ट हुन्छ । यहि प्रावधानलाई आत्मसात् गर्दै बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ८(१) मा *वैवाहिक सम्बन्ध विच्छेद भई वा अरू कुनै कारणबाट बाबु र आमा भिन्न बसेको अवस्थामा बाबुसँग बसेको बालकलाई आमासँग र आमासँग बसेको बालकलाई बाबुसँग समय समयमा भेटघाट गर्न वा केही समयको निमित्त साथ बस्न दिनु पर्नेछ । तर त्यसरी बाबु आमासँग भेटघाट गर्न वा बस्न दिन बालकको हित प्रतिकूल हुने कुनै मनासिब कारण भएमा त्यस्तो भेटघाट वा साथ बस्न दिने सुविधा दिनबाट अदालतले रोक लगाउन सक्नेछ* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यसले बाबु र आमा कुनै पनि कारणले अलग बसेको अवस्थामा पनि बालकको हकहित प्रतिकूल नहुने अवस्थामा आमासँग बसेको बालकलाई बाबुसँग र बाबुसँग बसेको बालकलाई आमासँग भेटघाट गर्न दिनुपर्ने भन्दै आमा र बाबु अलग भएको अवस्थामा पनि बालक जोससँग बसेको भएपनि आफू नबसेको आमा वा बाबुसँग भेटघाट गर्न पाउने विषयलाई पनि बालकको अधिकारको रूपमा स्थापित गरेको पाइन्छ।

८. प्रस्तुत मुद्दामा आमा मेदिना जोशी र बाबु मनिषलाल श्रेष्ठको नाबालक छोरा मनग्यलाल श्रेष्ठ आमा मेदिना जोशीसँग बसेपनि निजलाई पारिवारिक समारोह, चाडपर्व र बिदाको दिन जस्ता अवसरहरूमा बाबु मनिषलालसँग भेटघाट गराउनु पर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला नमिलेको भनी नाबालकको बुबासँग भेटघाट गर्न पाउने

विषयलाई पुनरावेदकले चुनौती दिई यस अदालतमा प्रवेश गरेको पाइन्छ । उपर्युक्त विवेचना गरिएअनुसार बालबालिकाको हक अधिकारसम्बन्धी अवधारणा, राष्ट्रिय कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय सन्धिहरूलाई हेर्दा कुनै पनि बालकले बाबु आमा दुवैसँग सँगै बस्न र निजहरूबाट माया ममता, हेरविचार, पालन पोषण, शिक्षा र स्वास्थ्यको सुविधा पाउनु पर्ने हुन्छ । बच्चाहरूको लागि बाबु आमा दुवैको समान दायित्व र कर्तव्य रहने हुन्छ । कुनै विशेष अवस्था परी आमा वा बाबुमध्ये कुनै एकसँग बस्नु परेमा पनि हकहितमा असर पर्ने परिस्थितिमा बाहेक अर्कोलाई भेटघाट गर्न पाउनु पर्ने हुन्छ । यस्तो कानूनी व्यवस्था भएको अवस्थामा यी नाबालक मनग्यलाल श्रेष्ठ आमासँग बसे पनि बाबुसँग बेलाबखत भेटघाट गर्न पाउने नै देखिन्छ । बाबुसँग पनि भेटघाट गर्न पाउने बालकको आधारभूत अधिकारलाई निज बालकको आमा यी पुनरावेदकको बालकको बाबु प्रत्यर्थी मनिषलालसँग सम्बन्ध विच्छेद भएकै कारणले रोक लगाउन मिल्दैन । आमा वा बाबु जोसँग बसेपनि आफू नबसेको बाबु वा आमालाई चाहेको अवस्थामा बेलाबखत भेट गर्न पाउने कुरा बालकको सर्वोत्तम हितसँग तथा निजको माया ममता पाउने र आफूले समेत माया ममता गर्न पाउने हकसँग सम्बन्धित विषय हो । साथै बाबु र आमाको पनि आफ्नो बच्चालाई माया ममता गर्न पाउने, निजको हेरविचार गर्न पाउने कर्तव्यका साथै अधिकार पनि हो । यसअन्तर्गत यी प्रत्यर्थी मनिषलाल श्रेष्ठले पनि आफ्नो बच्चालाई भेटघाट गर्न पाउने नै देखिन्छ ।

९. यसरी गरिने भेटघाटबाट निज बालकको हक हितमा तथा निजको सर्वोत्तम हितमा प्रतिकूल असर पर्ने भनी वस्तुनिष्ठ आधारमा यी पुनरावेदक प्रतिवादीले भन्न सकेको पनि देखिन आएको छैन । यी पुनरावेदकले छोरालाई आमाले पाल्न चाहेमा र छोरा पनि आमासँग बस्न चाहेको अवस्थामा आमाले नै पाल्न पाउनु पर्ने कानूनी व्यवस्थाअनुसार आफूले छोरालाई पाल्न पाउनु पर्ने र बेलाबखत बाबुलाई भेट गर्न दिँदा छोराको पढाई बिग्रने भएकोले समय समयमा बाबुलाई भेटघाट गर्न दिने गरी भएको फैसला नमिलेको भनी जिकिर लिएको पाइन्छ । मुलुकी ऐन लोग्ने स्वास्नीको महलको ३ नं. मा नाबालकलाई पाल्ने विषयमा कानूनी प्रावधानहरूको उल्लेख छ । जसअनुसार नाबालकलाई आमाले आफैँ पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्ने, आमा बाबु दुवैको मन्जुरी भएमा त्यस्तो नाबालकलाई आमा वा बाबुमध्ये कुनैले वा आलोपालो गरी पाल्न पाउने, जोसुकैले पाले पनि नाबालकको अहित हुने अवस्था वा त्यस्तो अहित हुने मनासिब आशंका नभएमा पाल्ने आमा बाबुले नपाल्ने आमा वा बाबुलाई बिचबिचमा नाबालकसँग भेटघाट गर्ने मौका दिनुपर्ने भन्ने व्यवस्था रहेको पाइन्छ । यस कानूनी व्यवस्थाअनुसार बालक मनग्यलाल श्रेष्ठलाई निजको आमा यी पुनरावेदकले पाल्न चाहेको र निज बालक पनि आमासँग बस्न चाहेकोले आमाले पाल्न पाउनु पर्ने कुरालाई अन्यथा भन्न सकिँदैन । तर यसरी पाल्न पाउने भन्दैमा बच्चाले आफ्ना हकाधिकारको उपभोग गर्न नपाउने र निजका हकाधिकार आमाको इच्छामा निर्भर रहने भन्ने हुँदैन । यसो गर्नु बालकको सर्वोत्तम हितको समेत प्रतिकूल हुन जान्छ । आमाले पाल्न पाएको अवस्थामा बुबासँग भेटघाट गर्न दिँदा यी बालकको यो यति कारणले अहित हुन सक्ने अवस्था रहेको छ भन्ने कुनै विश्वासलायक आधार कारण पनि यी पुनरावेदकले पेस गर्न सकेको देखिँदैन । त्यसैले उपरोक्तानुसारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिँदैन । त्यस्तै भेटघाट गर्न पाउने विषय मुद्दामा उठान नै नभएको अवस्थामा प्रतिवादीलाई भेटघाट गर्न दिने गरी पुनरावेदनको तहबाट फैसला गर्न मिल्ने देखिन आउँदैन भनी जिकिर लिएको पाइन्छ । यस सम्बन्धमा हेर्दा यी पुनरावेदक / वादीले बच्चालाई आफूसँग राखी पालन पोषण गर्न पाउँ भनी सुरू

फिरादमा नै उल्लेख गरेको पाइन्छ । यसरी आफूसँग राख्न पाउँ भन्ने दाबीको साथसाथै बच्चाले भेटघाट गर्न पाउने कुरा पनि स्वतः सँगै जोडिएर आउने हुन्छ। बच्चाका सम्बन्धमा कुनै पनि निर्णय गर्दा उसका हक हितसँग जोडिएका सबै पक्षमा विचार गर्नुपर्ने नै हुन्छ । त्यसैले बच्चालाई साथ राख्ने र पालन पोषण गर्ने विषयमा निर्णय गर्दा उसले को कोसँग भेटघाट गर्न पाउने वा नपाउने भन्ने पक्षमा पनि निर्णय गर्न सकिने नै देखिन आयो। साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा १४(२) मा पुनरावेदन अदालतले मातहतका अदालत, निकाय वा अधिकारीले निर्णय गर्न छुटाएको प्रश्नमा समेत प्रवेश गरी निर्णय गर्न सक्ने भनी भएको व्यवस्थाअनुसार पनि जिल्ला अदालतले बालकको भेटघाट सम्बन्धमा केही नबोलेको अवस्थामा पुनरावेदन अदालतले सो विषयमा निर्णय गर्न सक्ने नै हुन्छ । त्यसैले पुनरावेदकको सुरू अदालतमा प्रश्न नउठेको विषयमा पुनरावेदन अदालतले निर्णय नै गर्न सक्दैन भन्ने जिकिरसँग पनि सहमत हुन सकिँदैन । त्यसैले यी बालकसँग निजका बुबा यी प्रत्यर्थी / प्रतिवादी मनिषलाल श्रेष्ठले भेटघाट गर्न पाउने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

१०. अतः माथि विवेचित आधार, कारण र कानूनी व्यवस्थासमेतका आधारमा सुरू ललितपुर जिल्ला अदालतबाट वादी प्रतिवादीका बिचमा लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने गरी भएको मिति २०७०।२।१२ को फैसलामा प्रतिवादीलाई आफ्ना छोरासँग भेटघाट गर्ने गराउने सम्बन्धमा केही नबोली भएकोले सो हदसम्म केही उल्टी गरी यी प्रत्यर्थी प्रतिवादी मनिषलाल श्रेष्ठले यी पुनरावेदक वादीसँग रहे बसेको नाबालक छोरा मनग्यलाल श्रेष्ठलाई पारिवारिक उत्सवलगायत सार्वजनिक बिदा वा शनिबारका दिन भेटघाट गर्न पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।८।२९ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. डम्बरबहादुर शाही

इजलास अधिकृत : यदुराज शर्मा
इति संवत् २०७४ साल चैत्र २३ गते रोज ६ शुभम्।

## निर्णय नं. १०२४८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
फैसला मिति : २०७४।७।२६

मुद्दाः कर्तव्य ज्यान

०७२-CR-०६५५

पुनरावेदन / प्रतिवादी : जिल्ला मोरङ, डाँगीहाट गाउँ विकास समिति वडा नं. ५ लक्ष्मीमार्ग घर भई हाल कारागार कार्यालय, काठमाडौंअन्तर्गत केन्द्रीय कारागार जगन्नाथदेवलमा थुनामा रहेको अंकित ढकाल

विरूद्ध

प्रत्यर्थी / वादी : कृष्णप्रसाद पराजुलीको जाहेरीले नेपाल सरकार

०७२-CR-०९३५

पुनरावेदन / वादी : कृष्णप्रसाद पराजुलीको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला मोरङ, डाँगीहाट गाउँ विकास समिति वडा नं.५ लक्ष्मीमार्ग घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३३ बस्ने यज्ञराज ढकालको छोरा अंकित ढकाल

- **अनिच्छित वा अन्जानमा भएको कार्यमा कर्तालाई कम जिम्मेवार तुल्याउनको लागि मुलुकी ऐन, ज्यानसम्बन्धीको ५, ६ नं. मा त्यस्तो कार्यलाई भवितव्यको संज्ञा दिएको देखिन्छ । प्रतिवादीको योजना, मनसाय र परिकल्पनाभन्दा बाहिरको अकल्पनीय अकस्मात घटना घट्न गएको अनिच्छित कार्यबाट भएको कसुरलाई गम्भीर कसुर मानी ठूलो दण्ड गरिनु न्यायसम्मत नहुने ।**

(प्रकरण नं.६)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनी

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री लवकुमार मैनाली

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री पशुपति आचार्य
काठमाडौं जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री मोहनबहादुर कार्की
माननीय न्यायाधीश श्री चण्डीराज ढकाल
पुनरावेदन अदालत पाटन

फैसला

**न्या. विश्वम्भरप्रसाद श्रेष्ठ :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

मेरो छोरा वर्ष १७ को रितेश पराजुली कक्षा ११ मा अध्ययन गर्दै आएका थिए । मिति २०६९।१२।०४ गतेका दिन दिउसो काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३३ धोबीधारा नजिक छिरीङ्ग लामाले सञ्चालन गरेको न्यू हेवेन रेस्टुरेन्टमा चिया खाइरहेको अवस्थामा प्रतिवादी अंकित ढकालसमेतले के कुन रिसइवीको कारण निजको साथीहरूसमेत भई रडसमेत प्रहार गरी बेहोस बनाई छिमेकीसमेतले मोडल अस्पताल बागबजारमा लगी जाँच गराउँदा मृत्यु भइसकेको भन्ने जानकारी हुन आएकोले निज प्रतिवादीसमेतलाई पक्राउ गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलअनुसार हदैसम्मको कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको कृष्णप्रसाद पराजुलीको जाहेरी दरखास्त ।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३३ भाष्करमार्गमा मीरा लोहनीको हरियो रंगको घर, सो घरमा छिरीङ्ग लामाले न्यू हेवेन रेस्टुरेन्ट सञ्चालन गरेको, भुइँतला र दोस्रो तलामा रेस्टुरेन्ट, बिच भागमा किचेन कोठा रहेको, भुइँतलाको कोठामा कार्पेट बिच्छ्याई कार्पेटमाथि पातलो गलैँचा रहेको, उत्तर दक्षिणतर्फ २।२ वटा टेबुल रहेको सस्, पानीको बोतल टेबुलमाथि रहेको, भित्तामा रगतजस्तो चिजवस्तु फेला परेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का ।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१ बागबजार स्थित

काठमाडौं मोडल अस्पतालको आकस्मिक कक्षभित्र रहेको स्टेचरमाथि खैरो रंगको कम्मलले छोपी राखेको, उक्त कम्मल हटाई हेर्दा दक्षिण टाउको उत्तर गोडा गरी उत्तानो अवस्थामा रहेको, मृतकको दुवै आँखा बन्द, नाक मुखबाट रातो रगतजस्तो पदार्थ निस्की कानतर्फ बगेको, दायाँ कानको लोतीमुनिदेखि पछाडितर्फ २x२ ईन्च बराबरको निलो कालो दाग देखिएको, अन्य शरीरको बाहिरी भागहरू सामान्य रहेको, लिङ्ग, मलद्वारबाट केही ननिस्केको भन्नेसमेत बेहोराको मृतक रितेश पराजुलीको लास जाँच प्रकृति मुचुल्का विवरण।

मिति २०६९।१२।०४ गतेका दिन अं. १२:०० बजेतिर रितेश पराजुली मेरो घरमा आएकोले निजले चिया पिउन बाहिर जाउँ भनेपछि हामी दुवै जना निस्की छिरीङ्ग लामाको रेस्टुरेन्टमा गई भुइँतलाको कोठामा भित्र गई बसी २ कप चिया मगाई बसी पिउँदै थियौँ। सो अवस्थामा रितेश पराजुलीले मलाई भन्यो कि तिमीले ११ कक्षाको बोर्ड परीक्षाको लागि फारम भरेनौ अब तिमीले जाँच दिन पाउँदैनौ भनेकोमा तैँले पनि त भरेको छैनस् भन्दा निज आवेशमा आएर बढी बोल्ने भनी बसेकै ठाउँमा एक मुक्का मेरो कञ्चटमा हानेकोले त्यसै यस्तो जोडसँग पिट्ने भनी म उठी केही आवेशमा आई रिस उठी मैले हात मुक्का हान्न लाग्दा निज पनि उठी मलाई समाउन खोज्दा मैले दुवै हातले झम्टी निजको छाती तानी बलपूर्वक धकेली दिँदा भित्तामा ठोक्किन गई चकटीसमेत चिप्लेर भुइँमा लडी अगाडि टेबुलतर्फ लडेको र केही समयपछि बोलाउँदा नबोलेको र नाक मुखबाट रगतजस्तो पदार्थ निस्केपछि मैले उठाउँदा लुलो भएकोले पानी छम्किँदा पनि होसमा नआएपछि बाहिर निस्कँदा होटल साहुको श्रीमती माया लामा आई पुगेको र म आत्तिएको देखी के भयो भनी भन्दा रितेश बेहोस भई कोठामा लडेको छ भनेँ, निज माया लामा कोठामा आई हेर्नु भयो केही समयपछि निजको श्रीमान् छिरीङ्ग लामा आएपछि निमेश आचार्य पनि आइपुगे । रितेश पराजुलीलाई उठाई ट्याक्सीमा राखी निमेश आचार्य र मैले मोडल अस्पताल बागबजारमा लगी जाँच गराउँदा मृत्यु भइसकेको भन्ने थाहा भयो। हामी दुई जनाबिच भएको विवादको कारण मैले धकेली दिँदा भित्तामा ठोक्किई लडी सोही दुर्घटनाको कारणबाट निजको मृत्यु भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी अंकित ढकालको बयान कागज।

मिति २०६९।१२।०४ गतेका दिन अं. १२:०० बजेको समयमा किचेन कोठाबाट दुई कप चिया भुइँ तलाको रेस्टुरेन्टमा लगी दिन भनेकोले चिया लगी जाँदा दुईजना मानिसहरूलाई दिएपछि फर्की माथिल्लो कोठामा आएको र ट्वाइलेट ओर्ली जाँदा अंकित ढकाल माथिल्लो तलामा आई बैनी मेरो साथी बेहोस भएको छ दाइलाई बोलाई दिनु ल भने तर म नगई ट्वाइलेट गई निस्कँ । पछि माया लामा आई पुग्नु भएको थियो । माया लामासँग भुइँतलाको कोठाभित्र जाँदा अंकित ढकालको साथी भित्तामा अडेस लागि टाउको झुकेको थियो। माथिल्लो कोठामा बसेका मानिसहरू निस्की गइसकेका थिए भन्नेसमेत बेहोराको पेमी तामाङको कागज।

मिति २०६९।१२।०४ गतेका दिन ११:४० बजेतिर अंकित ढकाल र निजको साथी रितेश पराजुली आएको हुनुपर्छ मेरो अमेरिकाबाट फोन आएकोले फोन गर्न भनी रेस्टुरेन्टबाट बाहिर निस्की गएको र फोन गरी २० मिनेटपछि फर्की आउँदै गर्दा रेस्टुरेन्ट गेट अगाडि बाटोमा अंकित ढकाललाई भेटी यताउता हेरी रहेको केही नबोलेकोले के भयो भनी सोध्दा हेर्नुस् न अन्टी मेरो साथी बेहोस भयो भनेपछि के भयो भनी निज र म भित्र कोठामा जाँदा भित्तामा शरीर टसाई टाउको झुकाई नाकबाट हल्का रगत निस्केको देखेँ, के भएको हो भनी पहिलोपल्ट सोध्दा के भयो थाहा भएन भनी बताएको र निजको गाला कञ्चटमा पनि कोतरिएको घाउ भएकोले यो घाउ कसरी भयो भनी सोध्दा एक

जना मानिसले कुटेर भाग्यो भनी बताए तर को हो भनी सोध्दा केही बताएनन् त्यसको लगत्तै मेरो श्रीमान् छिरीङ्ग लामा पनि आउनु भई सबै कुरा बताएपछि श्रीमान् ट्याक्सी लिन बाहिर जानु भई ट्याक्सी लिई बोकी ट्याक्सीमा राखी निज अंकित ढकाल र निजको साथीसमेत भई उपचारको लागि पठाएको हो। होटलमा रहेका पेमी लामा मेरो भाइसमेतलाई सोधपुछ गरी कुनै झैझगडा भएको थियो वा थिएन भनी सोध्दा कुनै झगडा भएको थिएन भनेका थिए। निजहरूबिचमा विवाद भई कुटपिट हुँदा निज रितेश पराजुली घाइते भई मृत्यु भएको हुनुपर्छ भन्नेसमेत बेहोराको माया लामा भन्ने दिलमाया थिङ्गको कागज।

मिति २०६९।१२।०४ गतेका दिन अं.१२:०० बजे पसलमा आवश्यक पर्ने सामान लिई भऱ्याङ उक्लँदै गर्दा भुइँ तलाको रेस्टुरेन्टमा बसेका मानिसहरूले दुई कप चिया पठाई दिनु भन्ने आवाज सुनेपछि पहिलो तालमा गई मेरो साला किचेनमा भएकोले दुई कप चिया तल कोठामा पुऱ्याई दिनु भनेँ। किचेनमा मःम बनाउने किमा मासु नभएकोले लिन भनी म निस्की बागजार गई मासु खरिद गरी अं. २० मिनेटमा फर्की रेस्टुरेन्टमा आउँदा मेरो श्रीमती र निज अंकित ढकाल आँगनमै रहेकोले के भयो भन्दा रितेश पराजुली बेहोस भई कोठामा लडेको छ भनेकोले कोठाभित्र गई हेर्दा एक मानिस भित्ता छेउमा उत्तानो अवस्थामा रहेको, मुखबाट फिँजजस्तो पदार्थ निस्केको देखेकोले बाहिर निस्की उपचार गर्न लानु पर्ने भयो भनी ट्याक्सी लिन बाहिर गई ट्याक्सी लिई आउँदा निज अंकित ढकालको साथीसमेत भित्र आई तीनजनाले उठाई ट्याक्सीमा राखी उपचारको लागि पठाएको हो। पछि निजको मृत्यु भइसकेको भन्ने थाहा पाएँ। निजहरू बसेको कोठामा निजहरूले पिएको चिया ग्लास, पानी बोतलसमेत यथावत् अवस्थामा रहेको, निजहरू मात्र कोठामा रहेको अन्य मानिसहरू नभएको हुँदा निज अंकित ढकालले हतार गरी पैसा बुझाउन आएको, निजहरूबिचमा विवाद भई कुटपिट हुँदा रितेश पराजुलीको मृत्यु भएको हुनुपर्छ भन्नेसमेत बेहोराको बुझिएका छिरीङ्ग लामाको कागज।

Cause of Death मा Blunt Force Injury to the Head भन्नेसमेत बेहोराको फरेन्सिक मेडिसिन विभाग महाराजगञ्जको प्रतिवेदन।

मिति २०६९।१२।०४ गतेका दिन अं. १२:०० तिर दिदी माया लामा फोन गर्न भनी बाहिर जानु भएको थियो। म किचेनमा थिएँ, भुइँ तलाको रेस्टुरेन्टमा दुई कप चिया पठाई दिनु भन्ने भिनाजु छिरीङ्ग लामाले भन्नु भएकोले चिया पकाई पेमी तामाङलाई लगी दिन भनी पठाएको हो। चियाको पैसा तिर्न अंकित ढकाल भन्ने व्यक्ति आएका थिए। हतार गरी रू.५० दिएकोले चिया चुरोटको रू.२८ भएकोले रू.३० फिर्ता गरी २ रूपैयाँ खोजी गर्दै रहेको अवस्थामा निज अतालिएर ओर्लन खोज्दा भाइ पैसा लिनु भनी बोलाई फिर्ता दिएको हो। भुइँ तलाबाट बेल बजेकोले केही अर्डर भएको होला भनी ओर्लिंदा दिदी माया लामा आइसक्नु भएको रहेछ। निज अंकित ढकाल र रितेश पराजुलीबिचमा भएको विवादको कारण कुटपिट भई रितेश पराजुलीको मृत्यु भएको हुनुपर्छ भन्नेसमेत बेहोराको पवन थिङ तामाङको कागज।

प्रतिवादी अंकित ढकाल र रितेश पराजुली एकै टोलमा बस्ने भएकोले चिनजान छ। रितेश पराजुलीसँग क्रिकेट खेल खेल्दै आएका थियौँ। कहिलेकाहीँ न्यू हेवेन रेस्टुरेन्टमा चिया पिउन जाने गर्दथ्यौँ। मिति २०६९।१२।०४ गतेका दिन एस.एल. सी जाँच दिएर आफ्नो घर काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३३ भाष्करमार्गको बाटो हुँदै घर फर्कंदै गर्दा अं.१२:१५ बजेतिर न्यू हेवेन रेस्टुरेन्ट अगाडि गेटमा अंकित ढकालले मलाई बोलाई यहाँ आउ भनी आँशु बगाई रोएकोले के भयो भन्दा तीनजना मानिसले रितेशलाई कुटपिट गरे बेहोस छ भनेपछि म तथा होटलका साहुसमेत कोठाभित्र गई

हेर्दा खुट्टा खुम्चाई भित्तामा अडिई रहेको, मुखबाट फिँजजस्तो चिजवस्तु निस्केको, अंकित ढकालले पानी छम्की दिँदासमेत होसमा नआएकोले होटल धनी छिरीङ्ग लामाले ट्याक्सी ल्याई निजले काँधमा बोकी बाहिर निकाली ट्याक्सीमा राखी अंकित र मैले मोडल अस्पतालमा पुऱ्याई जाँच गराउँदा मृत्यु भइसकेको भन्ने थाहा पाएँ। पछि बुझ्दै जाँदा निजले भनेबमोजिम ३ जना मानिसले कुटपिट गरेको नभई रितेश पराजुली र अंकित ढकालबिच भएको विवादको कारण हातपात भई कुटपिट हुँदा निज रितेश पराजुली भित्तामा ठोक्किन गई सोही ठोक्किएको कारणबाट मृत्यु भएको हुनुपर्छ कानूनबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको निमेश आचार्यको कागज।

मृतक रितेश पराजुली मेरो काकाको छोरा हुन् अंकित ढकाललाई पहिला चिनेको थिएन। मिति २०६९।१२।०४ गतेका दिन दिउँसो भाइ रितेश पराजुलीलाई ३।४ जनाका समूहले कुटपिट गरी घाइते भई मोडल अस्पताल बागबजारमा लगेको भन्ने पशुपति पराजुलीले खबर दिनु भएकोले उक्त अस्पतालमा गई हेर्दा मृत अवस्थामा देखेको हो, के कसरी निजको मृत्यु भएको रहेछ भन्ने सम्बन्धमा बुझ्दा निज रितेश पराजुली र अंकित ढकालबिचको विवादको कारण हातपात भई अंकित ढकालले हात मुक्काले हानी धकेली ठोक्काई लडाई सोही घटनाको कारण निजको मृत्यु भएको भन्ने थाहा भयो कानूनबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको बुझिएका खीकाप्रसाद पराजुलीको कागज।

मृतक रितेश पराजुली मेरो मामाको छोरा हुन् अंकित ढकाल रितेश पराजुलीको साथी हुन् भन्ने सुनेको थिएँ। मिति २०६९।१२।४ गतेका दिन दिउँसो मेरो आफन्त लालचन्द्र तिमिल्सिनाले फोन गर्नु भई मोडल अस्पतालमा आउन भन्नु भएको र के भयो भनी बुझ्दा रितेश पराजुलीको मृत्यु भयो भन्ने थाहा भएपछि गई हेर्दा भाइ रितेश पराजुलीको मृत लास देखेँ। के कसरी निजको मृत्यु भएको हो भन्ने सम्बन्धमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३३ न्यू हेवेन रेस्टुरेन्टमा निज रितेश पराजुली र अंकित ढकालबिचको विवादको कारण हातपात भई अंकित ढकालले हात मुक्काले हानी धकेली ठोक्काई लडाई सोही घटनाको कारण निजको मृत्यु भएको भन्ने थाहा भयो कानूनबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको बुझिएका लेखनाथ सापकोटाको कागज।

प्रतिवादी अंकित ढकालले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर गरेकोले निजलाई ऐ.ऐ १३(३) नं. बमोजिम सजायको मागदाबी लिई दायर भएको अभियोग पत्र।

मृतक रितेश पराजुली र म बच्चादेखिको मिल्ने साथी हौं । उनी मेरो घरमा आउने बस्ने, म उनको घरमा जाने बस्ने साथी हौं । घटना घटेको ६/७ दिनअगाडि पनि मृतकको आमाले म बाहिर जानु छ तिमी साथीसँग आएर बस भनेकाले उनको घरमा गई बसेको थिएँ। घटनाको दिन म घरमा सुतिरहेको अवस्थामा रितेश आए र बाहिर जाउँ भने उसले क्रिकेट ब्याग बोकेका थिए । म उठेँ र नजिकको होस्टलमा क्रिकेट ब्याग राखी सधैँ गफ गरी चिया खाने होटलमा हामी दुवै चिया खान गयौँ । होटलको चिया खाने कोठामा भुइँमा चकटीमा बसी टि-टेबुलमा चिया राखी खाने व्यवस्था रहेको र त्यही हामी बसी चिया मागी खान लाग्यौँ र गफ गर्दागर्दै परीक्षामा फारामको विषय उठ्यो अन्तिम परीक्षाको फाराम भर्ने समय गएको र कलेजले त्यो सुविधा देला नदेला भन्ने गफ गर्दागर्दै उनी एक्कासी जुरूक्क उठे उठ्दा बसेको चकटी चिप्लिँदा उनी लड्न पुगे र भित्तामा ठोक्किए र फेरी अगाडि आई चिया टेबुलमा कन्चट ठोकिन पुग्यो र उनी भुइँमा लडे । मैले खासै केही भएको छैन होला भनी उनलाई उठाउन खोजेँ तर उनी बोल्न सकेनन् र उठ्न पनि उठेनन्। त्यसपछि मलाई डर लाग्यो त्यहीँ भएको बोतलको पानीले छर्किएँ उनी उठेनन् । त्यस बेला होटलको साहु साहुनी आउनु भयो । ट्याक्सी खोजी

रितेशलाई मैले काखमा राखी होटल साहु साहुनीसमेत भई मोडल हस्पिटलमा लग्यौँ त्यहाँ उपचार गर्दागर्दै रितेशको मृत्यु भयो केहिछिन पछि प्रहरी आई मलाइ पक्राउ गरी लग्यो। मेरो कुनै रिसइवी थिएन र हामीबिच विवाद भई हानाहान भएको होइन। मैले अनुसन्धान अधिकारीसमक्षको बयानमा विवाद भएको हानाहान भएको लेखिएको रहेछ सो मैले भनेको होइन सत्य बेहोरा मैले माथी लेखाई सकँै। सो बयानको सहिछाप मेरो हो। जाहेरी बेहोरा, घटनास्थल मुचुल्का, लास जाँच प्रकृति मुचुल्का, मौकामा बुझिएका मानिसले गरी दिएको कागजअनुसार मृतकसँग कुनै रिसइवी थिएन र हामीबिच विवाद भएको र कुटपिट भएको होइन। मैले त्यस्तो कार्य नगरेको हुँदा अभियोग माग दाबीबमोजिम मलाई सजाय हुनुहुँदैन भनी प्रतिवादी अंकित ढकालले सुरू अदालतमा गरेको बयान।

प्रतिवादीका साक्षी आनन्द महर्जन, चन्द्रप्रसाद सिवाकोटी, बुझिएका पिताम्बर पाण्डे, पुष्पराज पन्त, महेश श्रेष्ठ, डा.रिजेन श्रेष्ठ, डा.मणी महर्जन, पशुपति पराजुली, दिलमाया तामाङ, पेमी तामाङ, छिरिङ्ग लामा, निमेश आचार्य र जाहेरवाला कृष्णप्रसाद पराजुलीले गरेको बकपत्र मिसिल सामेल रहेको छ।

प्रतिवादी अंकित ढकालले मृतक रितेश पराजुलीलाई मार्ने मनसाय लिएको भन्ने नदेखिई निजसँग विवाद भई तत्काल उठेको रिसले तत्कालै मृतकलाई लात मुक्काले कुटेको भन्ने प्रतिवादी स्वयम्ले स्वीकार गरेको पाइन्छ। मृतकलाई मार्ने मनसाय नभई, मार्नु पर्ने कारणसमेत नरहेको, पूर्वरिसइवी इविलाग नरहेको, जोखिम हतियार पनि प्रयोगमा नआएको अवस्थामा तत्काल उठेको रिस थाम्न नसकी लात मुक्काले प्रतिवादी अंकित ढकालले मृतक रितेश पराजुलीलाई कुटपिट गर्दा सोही कुटपिटबाट बेहोस भई उपचारको क्रममा मृत्यु भएकोले प्रस्तुत मुद्दाको प्रकृति, अवस्था, स्थिति र प्रयोग भएको साधन हेर्दा मुलुकी ऐन १३(३) बमोजिमको सजाय गर्नुपर्ने अवस्था नदेखिएकाले प्रतिवादी अंकित ढकालले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १/१४ नं. बमोजिम कसुर गरेको देखिन्छ निज प्रतिवादी अंकित ढकाललाई सोही महलको १४ नं. बमोजिम कैद १० (दश) हुने ठहर्छ भन्नेसमेत बेहोराको सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।२।११ मा भएको फैसला।

मृतक रितेश पराजुली र म सँगसँगै एकै कक्षामा पढ्ने गरेको र परीक्षाको जाँचको फाराम भर्ने विषयमा विवाद भएको र मैले निज मृतकलाई मार्नुपर्नेसम्मको कार्य नगरेको र निज चकटीमा लडी भवितव्य परी मृत्यु भएको हुनाले मलाई सुरू काठमाडौं जिल्ला अदालतले मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद गर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ६ देहाय ४ बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी अंकित ढकालको पुनरावेदन जिकिर।

मृतकको पोष्टमार्टम गर्ने चिकित्सक रिजन श्रेष्ठ र मणि महर्जनले बकपत्र गर्दा मृतकका शरीरमा चोटको सम्बन्धमा स्पष्ट पारेको, जाहेरवाला कृष्णप्रसाद पराजुलीको बकपत्र गर्दा स.ज. ७ र १५ प्रतिवादी अंकित ढकालले मारेको कुरा उल्लेख गरेको र मौकामा कागज गर्ने पशुपति पराजुलीले बकपत्र गर्दा स.ज.६ मा मृतकलाई कर्तव्य गरी मारेको हो भनी लेखाएबाट मृतकको मृत्यु प्रतिवादीको क्रियाकलापबाट भएकोले सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।२।११ को फैसला उल्टी गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र।

यसमा प्रतिवादी अंकित ढकालको एवं वादी नेपाल सरकारको तर्फबाट दोहोरो पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अ.बं.२०२ को प्रयोजनार्थ एक अर्काको पुनरावेदन एकआपसमा सुनाई जानकारी दिई

नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७१।११।१२ को आदेश।

प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कैद वर्ष १० (वर्ष) ठहर हुने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१/२/११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ। वादी नेपाल सरकार र प्रतिवादी दुवैको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०७१/१२/३ को फैसला।

घटना घट्दाको अवस्थामा वारदात स्थलमा म र मृतक मात्र थियौं । प्रत्यक्षदर्शी वा चश्मदिद गवाह अरू कोही पनि छैनन् । जाहेरवाला घटनाका प्रत्यक्षदर्शी होइनन्। जाहेरीलाई समर्थन हुने गरी मेरो विरूद्धमा जाहेरवालाले बकपत्र गर्दैमा यस्तो बकपत्रले मान्यता पाउँदैन। सामान्य भनाभनमा हात हालाहाल हुँदा निज भुइँमा रहेको चकटीमा चिप्लेर लडी भवितव्य परी निजको मृत्यु भएको भनी मेरा साक्षी चन्द्रप्रसाद शिवाकोटी र आनन्द महर्जनले अदालतसमक्ष बकपत्र गरेका छन्। अन्य स्वतन्त्र मिसिल संलग्न कागजात प्रमाणहरूबाट समेत भवितव्य हो भनी पुष्टि भइरहेकै अवस्था छ । घटना घटेको दिन वारदातस्थल न्यू हेभेन रेस्टुरेन्टको भुइँ तल्लाको कोठामा म र मृतक बसी चिया खाँदै गफ गर्दै थियौं। गफ गर्ने क्रममा हाम्रो ११ कक्षाको बोर्ड परीक्षाको कुरा उठ्यो । मृतकले मलाई कक्षा ११ को फाराम भरेनौ अब तिमीले जाँच दिन पाउँदैन भनेकोमा मैले पनि तिमीले पनि त भरेको छैनौं। तिमीले पनि जाँच दिन पाउँदैनौ भनेकोमा निजले आवेशमा आई मलाई मुक्का हान्दा मैले पनि उठेर हात हाल्न लाग्दा निज उठी मलाई समाउन लाग्दा दुवैबिच हात हालाहाल भई भुइँमा रहेको चकटीमा चिप्ली भुइँमा लडी टेबलमा ठोक्किई निज लडेका हुन् । निजलाई उठाउन खोज्दा निज बोल्न सकेनन् । हामी दुईबिच सामान्य विवाद भए तापनि निजलाई मार्नुपर्नेसम्मको कुनै रिसइवी नरहेको र मार्ने पूर्वयोजना तथा मनसाय रहेको अवस्था थिएन। तत्काल उठेको रिसबाट बल प्रयोग गरी सोको चोट पिरले मरेको नभई चकटीमा चिप्लेर लडी भवितव्य परी निजको मृत्यु भएको हुँदा मलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गर्ने गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी ऐ. ६(४) नं. अनुसार सजाय गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी अंकित ढकालको यस अदालतमा परेको पुनरावेदन पत्र।

प्रतिवादीले विवादको कारण आफूले कुटपिट गरी धकेलेको कुरालाई स्वीकार गरेको देखिन्छ । मृतकको शरीरमा लागेको घा चोटहरू हेर्दा पोष्टमार्टम रिपोर्टको External Examination मा मृतकको शरीरको विभिन्न भाग नाक तथा दाहिनेतर्फका पछाडिको भागमा टाउकोदेखि तलसम्म दाहिने पाखुरामा विभिन्न नाप साइजका चोटहरू लागेको देखिएको छ। मृत्युको कारण Blunt Force Injury to Head बाट भएको भन्ने देखिएबाट प्रतिवादीले भनेबमोजिम मृतकलाई भित्तामा ठोक्किएको कारणबाट मृत्यु भएको भन्न मिल्ने अवस्था छैन । आफूसँग भएको विवादको कारण हात, मुक्का, रडले पटकपटक निर्ममतापूर्वक प्रहार गरी ज्यान मार्ने मनसायले नै कर्तव्य गरी मारेको तथ्य स्थापित भएको अवस्थामा अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. नगरी ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

प्रतिवादीको साबिती र घटना घटेको अवस्थामा स्वयं प्रतिवादीले मृतकलाई उपचार गराउन अस्पताल लगेको, आपसी सामान्य विवादको कारणबाट घटेको घटनामा मृतकको मृत्यु भएको देखिएको हुँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४

नं. बमोजिम सजाय हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिएको र दुवै पक्षको पुनरावेदन परेको हुँदा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ दुवैको पुनरावेदन एकआपसमा परस्परमा सुनाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७३/९/१७ को आदेश।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले मृतकको शरीरमा विभिन्न चोटपटकहरू देखिएको छ। मृत्युको कारण Blunt Force Injury to head भन्ने पोष्टमार्टम रिपोर्टबाट देखिएको छ। पटक पटक प्रहार गरेको भन्ने कुरा घा चोटबाट देखिएको छ। प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भनी र पुनरावेदक प्रतिवादी अंकित ढकालको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री लवकुमार मैनालीले मृतक र प्रतिवादी सँगै चिया खान गएको अवस्था छ। मार्नुपर्नेसम्मको पूर्वरिसइवी र मनसाय पनि देखिएको छैन। मृतक र प्रतिवादीबिच हात हालाहाल हुँदा लडी मृत्यु भएको अवस्था हुँदा भवितव्यमा सजाय हुनुपर्छ भनी प्रस्तुत गर्नुभएको बहससमेत सुनियो।

मिसिल अध्ययन गरी हेर्दा, प्रतिवादी अंकित ढकाललाई ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेको देखिन्छ। सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहरी फैसला भएको देखिन्छ। सो फैसलाउपर चित्त नबुझाई ज्यानसम्बन्धी महलको ६(४) बमोजिम सजाय गरिपाउँ भनी प्रतिवादीको तर्फबाट र अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्छ भनी वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परेकोमा सुरू फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट फैसला भएको रहेछ। उक्त फैसलामा गरेको सजाय मिलेको छैन। प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको र ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम सजाय गरिपाउँ भनी प्रतिवादी अंकित ढकालको समेत यस अदालतमा पुनरावेदन परेबाट प्रस्तुत मुद्दामा दोहोरो पुनरावेदन पर्न आएको देखियो।

निर्णयतर्फ विचार गर्दा, प्रतिवादी अंकित ढकालले ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) बमोजिमको कसुर अपराध गरेकोले निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा मिति २०६९/१२/४ गते छोरा कलेज नगई क्रिकेट अभ्यासको लागि डेरादेखि बाहिर गएको अवस्थामा ऐ. १२.१५ बजे धोबी धारास्थित न्यू हेभेन रेस्टुरेन्टमा चिया खाइरहेको अवस्थामा प्रतिवादी तथा निजका साथीसमेतले टाउकोको कन्चटमा रड प्रहार गरी ढालेपछि वरपरका मानिसहरूले अस्पताल पुऱ्याएकोमा छोराको मृत्यु भइसकेकोले के कति कारणले गर्दा प्रतिवादीसमेतले मेरो छोराको हत्या गरे थाहा भएन। निजलाई कानूनबमोजिम कारबाही गरिपाउँ भनी मृतकका बुबाको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको कारबाही प्रारम्भ भएको देखिन्छ। घटनास्थल विवरण मुचुल्काबाट कार्पेट बिच्छ्याई कार्पेटमाथि पातलो गलैंचा बिच्छ्याएको, उक्त कोठाको उत्तरतर्फको भित्तामा रगतजस्तो रातो पदार्थ फेला परेको भन्ने देखिन्छ। मृतकको टाउकाको भागहरू सामान्य, दुवै नाकको प्वालबाट रातो रगतजस्तो पदार्थ निस्की दायाँ कानतर्फ बगेको, मुख खुल्ला रही माथिल्लो चारवटा दाँतहरू देखिएको, मृतक लासको दायाँ कानको लोती मुनिदेखि पछाडितर्फ २x२ इन्च बराबरको निलो कालो दाग देखिएको, अन्य शरीरको भागहरू सामान्य रहेको भन्ने लास जाँच प्रकृति

मुचुल्का विवरण रहेको देखिन्छ। मृत्युको कारण Blunt Force Injury to the head बाट भन्ने Forensic Medicine department को Autopsy Report मा उल्लेख भएको देखिन्छ।

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मिति २०६९/१२/४ गते १२ बजेतिर रितेश पराजुली मेरो घरमा आएकोले निजले चिया पिउन बाहिर जाउँ भनेपछि हामी दुवै जना निस्की छिरिङ लामाको रेस्टुरेन्टमा गई भुइँ तलाको कोठाभित्र पसी चिया मगाई बसी पिउँदै थियौं। कक्षा ११ को बोर्ड परीक्षाको फाराम भरेनौ अब तिमीले जाँच दिन पाउँदैनौ भनेकोमा तिमीले पनि त भरेका छैनौ नि भन्दा बढी बोल्ने भनी आवेशमा आएर मेरो कन्चटमा मुक्का हानेकोले त्यसै यस्तो जोडसँग पिट्ने भनी म उठी मैले हात मुक्काले हान्न लाग्दा निज पनि उठी मलाई समाउन खोज्दा मैले दुवै हातले झम्टी निजको छाती तानी धकेली दिँदा निज भित्तामा ठोक्किन गई चकटीसमेत चिप्लेर भुइँमा लडेको र केही समयपछि बोलाउँदा नबोलेको र नाक मुखबाट रगतजस्तो पदार्थ निस्केपछि मैले उठाउँदा लुलो भएकोले पानी छम्किँदा पनि होसमा नआएको अर्थात् हामी २ जनाबिच भएको विवादको कारण मैले धकेलिदिँदा भित्तामा ठोक्किई लडी सोही दुर्घटनाको कारण निजको मृत्यु भएको हो भन्ने बेहोरा उल्लेख भएको पाइन्छ। त्यस्तै प्रतिवादीले अदालतमा बयान गर्दा मृतक रितेश पराजुली र म बच्चादेखिको मिल्ने साथी हौँ। सधैँ चिया खाने होटलमा चिया खान गयौँ। गफ गर्दा गर्दै परीक्षामा फारामको विषय उठ्यो। अन्तिम परीक्षाको फाराम भर्ने समय गएको र कलेजले त्यो सुविधा देला नदेला भन्ने गफ गर्दा गर्दै उनी एक्कासी जुरुक्क उठे, बसेको चकटी चिप्लियो, चकटी चिप्लिँदा उनी लड्न पुगे र भित्तामा ठोक्किए र फेरी अगाडि आई चिया टेबुलमा कन्चट ठोक्किन पुग्यो र उनी भुइँमा लडे, उनलाई उठाउन खोजे, बोल्न सकेनन् उठ्न पनि उठेनन्, डर लाग्यो र त्यहीँ भएको बोतलको पानी छर्किएँ, उठेनन्, होटलको साहुनी र साहु आउनु भयो, साहुसहित मोडल अस्पतालमा लग्यौं, उपचार गर्दा गर्दै रितेशको मृत्यु भयो। कुनै रिसइवी थिए भन्ने बेहोराको बयानसमेतबाट मृतकको मृत्यु दुई साथीबिच परीक्षाको फाराम भरे नभरेको, एकअर्कालेे जाँच दिन पाउने नपाउने विषयमा सामान्य झगडा हानाहान भएको र सोही घटना क्रममा मृतकको मृत्यु भएको भन्ने तथ्यमा विवाद देखिएन।

अब उक्त वारदातमा प्रतिवादीको के कस्तो चोट प्रहारबाट वा के कसरी मृतकको मृत्यु भएको थियो ? प्रतिवादीको उक्त वारदात घटाउने मनसाय, पूर्वरिसइवी वा योजना वा के कस्तो जोखमी वा अन्य वस्तु प्रयोग गरी मृतकको हत्या गर्नमा प्रयोग भएका थिए वा प्रतिवादीले जिकिर लिएजस्तो भवितव्य के थियो ? र प्रतिवादीलाई कुन स्तरसम्मको कसुरदार ठहर गरी सजाय गर्ने भन्ने विषय नै प्रस्तुत मुद्दामा मुख्य विवादको विषय भई सोही विषयमा विवेचना गरी निर्णय दिनुपर्ने देखियो।

सर्वप्रथम प्रस्तुत विवादमा प्रतिवादीसँग सम्बद्ध ज्यानसम्बन्धी महलका दफाहरू हेर्नु पर्ने देखियो। सो महलको दफा १३ (३) मा "***लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ। सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ। लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह कुरा गरी ज्यान***

***मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हूल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ"*** भन्ने उल्लेख भएको त्यस्तै ऐ. दफामा १४ नं. ***"ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरिकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिले हान्दा सोही चोटपीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ"*** भन्ने उल्लेख भएको देखिन्छ । ऐ.को दफा ५ नं. मा ***"ज्यान लिने इबिलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्नेजस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ"*** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । त्यस्तै ऐ. दफा ६(४) नं. मा **रक्षा शिक्षा गर्नेबाहेक अरू कसैले कसैलाई कुटपिट गर्दा भवितव्य परेकोमा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ** । भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ ।

उल्लिखित कानूनी व्यवस्थाबाट मनसायसहित मार्ने कार्य गरेकोमा दफा १३(३) ले सजाय हुने । तत्काल उठेको रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा ढुङ्गा लात मुक्का इत्यादि हान्दा सोही चोट पीरले मरेकोमा ऐ. १४ नं. को कसुर हुने र इविलाग वा मनसाय नभई सोच्दै नसोचेको. परिणामको कल्पना नगरेको अवस्थामा कुनै काम कुरा गर्दा मानिस मर्न गएमा भवितव्य हुने कुरा ऐ. दफा ५ ले गरेको र भवितव्य ठहरिएमा ऐ. दफा ६(४) अनुरूप सजाय हुने भन्नेसमेत देखियो ।

अब उपर्युक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा प्रस्तुत वारदात कसुरमा कुन श्रेणीको अपराध रहेछ भनी प्रस्तुत विवादका तथ्य प्रमाणलाई केलाई पृथक पृथक दफासँग भिडाई कुन दफा आकर्षित हुने हो भनी विवेचना गर्नुपर्ने देखियो ।

२. सर्वप्रथम अभियोग दाबी अर्थात् ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम नै प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा मृतक र प्रतिवादी एउटै कलेजमा कक्षा ११ मा सँगै पढ्ने पहिलेदेखिका चिनजानका मिल्ने साथी रहेको तथ्य देखिएको छ । मृतक र प्रतिवादीबिच अघि कुनै रिसइवीसमेत रहेको भन्ने देखिएको छैन । वारदातको दिनसमेत दुवैजना सधैँ चिया खान जाने होटलमा चिया खान सँगै गएको भन्ने देखिएको छ । दुवैजना सँगै चिया खाने क्रममा पढाइको विषयमा छलफल भएको र कक्षा ११ को फर्म दुवै जनाले नभरेको अवस्था देखिएको छ । सोही विषयमा निजहरूबिच गफगाफ हुँदा मृतकले हात छाड्दा उक्त वारदात घट्न गएको भन्ने छ । वारदातमा दुवै जनाबिच धकेला धकेल भएको भन्ने छ । प्रस्तुत मुद्दामा वारदातको प्रत्यक्षदर्शीसमेत कोही रहेको छैन । दुवैबिचमा झगडा भई कुटपिट भएको भन्ने बुझिएका कुनै प्रमाणबाट देखिँदैन । जाहेरवाला मृतकका बाबुसमेतले अदालतमा आई बकपत्र गर्दा निज प्रतिवादी र मेरो छोरा ३/४ वर्ष पहिलादेखिका साथी हुन् । १/२ पटक मेरो घरमा आइसकेका थिए । घरमा आउँदा राम्रै व्यवहार देखिन्थ्यो । निजहरूको सम्बन्धमा प्रगाढ थियो । घटनास्थल मैले देखेको होइन, के निहुँमा विवाद उत्पन्न भयो थाहा भएन । रड प्रहार गरेजस्तो निलो डाम देखेको कारण रड प्रहार गरेको भनी जाहेरीमा लेखेको हुँ भन्ने बेहोरा

उल्लेख गरी अदालतका बकपत्र गरेको देखिन्छ ।

३. घटनापश्चात् तत्काल थाहा पाउने होटलवाला साहुनी दिलमायाले घटनास्थलमा कुनै लाठा, ढुङ्गा, रडलगायतका हतियार देखिएन, मृतक बेहोस अवस्थामा टेबुलमुनि खुट्टा पसारी भित्तामा अडेस लगाएको देखेको भनेको र होटलका साहु छिरिङ लामासमेतले वारदातस्थलमा हतियार थिएन । झगडा परी घटना भएको पनि मैले देखेको होइन । ट्याक्सीमा राख्दासम्म मृतकको मुखबाट फिँज आएको थियो भनी उल्लेख गरेको पाइयो । टाउकोमा Blunt Injury को कारणले मृत्यु भएको भन्ने पोष्टमार्टममा उल्लेख भएको छ । प्रतिवादीले अनुसन्धान तथा अदालतमा समेत पढाइको विषयमा भनाभन र हात हालाहाल हुँदा निज चकटीमा चिप्लिएर भित्तामा ठोक्किन पुगेका हुन् भनी उल्लेख गरेको पाइन्छ । मृतक र प्रतिवादीबिच पढाइको विषयमा सामान्य भनाभन भई धकेला धकेल हुँदा मृतक भित्तामा ठोक्किन गएको र टेबुलमा पनि टाउको ठोक्किन पुगेको साथै मृतकलाई उपचार गर्न अस्पताल लगेको भनी मौकाको बयानमा उल्लेख हुन आएकोले मृतकलाई मार्ने नियतले कुटपिट गरेको भन्ने देखिएन । प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी पनि देखिएको छैन । मृतकलाई मार्नेसम्मको मनसाय पनि प्रतिवादीमा रहेको छैन । फौजदारी मुद्दामा आपराधिकताको निरूपण गर्नको लागि प्रतिवादीमा रहेको मनसाय तत्त्वलाई हेर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले मनसायपूर्वक मृतकलाई मारेको भन्ने वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि हुन आएको देखिएको छैन । तसर्थ, अभियोग दाबी पुष्टि हुन आएको पाइएन । सोबाट अभियोग दाबीबमोजिम नै प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने देखिएन ।

४. अब वारदातसँग सम्बन्धित दोस्रो नं. अर्थात् मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. र सोअनुरूपको अवस्था विद्यमान रहेकोले सोही नं. अनुसार १० वर्ष कैद हुने गरी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ वा छैन ? भन्ने सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी १४ नं. मा "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको रिसइवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा मृतक र प्रतिवादीसँगै पढ्ने एउटै क्लासका पूर्व परिचित तथा मित्रवत् व्यवहार रहे भएको साथीहरू देखिएको छ । दुवै जना आफ्नो पढाइको सम्बन्धमा चिया खाई गफगाफ गरिरहेको भन्ने देखिएको छ । पढाइकै गफगाफ हुँदा दुवैजनाको बिचमा भनाभन भई कुटपिट भएको अवस्था छ । मृतकको कारणले प्रतिवादी आवेशमा आएको अवस्थासमेत देखिएको छैन । मृतक मर्ने जस्तो कार्य पनि प्रतिवादीबाट भएको देखिएको छैन । दुवैजना आफ्नो भविष्यको बारेमा छलफल गरिरहेको अवस्थामा एकअर्काको कुरा दुवै जनाको चित्त नबुझी सामान्य भनाभन र हात हालाहालको अवस्था देखिन आएको छ । आवेशप्रेरित हत्यामा मूलतः "ज्यान मार्ने मनसाय वा पूर्वरिसइवी नभए पनि कुनै विषयमा केही गर्दा वा भनाभन वा विवाद हुँदा तत्कालै रिस उठी सो रिसलाई थाम्न सक्ने सामर्थ्य गुमाई आरोपित व्यक्तिले मृतकउपर साधारण लाठी, ढुङ्गा प्रहार गर्दा वा गैरजोखिमी साधन प्रयोग गर्दा सो प्रहारको चोटबाट ज्यान मर्न गएको स्थिति हुनुपर्छ । प्रस्तुत वारदातमा मृतक र प्रतिवादीबिच पढाइको विषयलाई लिएर सामान्य कुटपिट भएको अवस्था देखिन आएको छ । यी प्रतिवादी आफ्नो रिसलाई थाम्न नसक्ने अवस्थामा रहेको भन्ने देखिएको छैन । लाठी ढुङ्गा

जोखिमी साधन प्रयोग भएको देखिँदैन । जाहेरीमा उल्लेख भएजस्तो फलामको रडले प्रहार गरेर कुटपिट भएको भए कुटपिटमा गर्दा प्रयोग गरेको दशी बरामद हुनुपर्ने हुन्छ सो देखिँदैन । यसका अलावा तत्काल वारदातस्थलमा पुगेकी होटलकी साहुनीसमेतले हतियार रड इत्यादि केही रहेको भनी भन्न सकेको छैन । चिया पिउने होटल जस्तो सार्वजनिक स्थानमा वारदात भएको छ । सार्वजनिक चिया पसलमा तत्काल उठेको रिस थाम्न नसकिने गरी मानिसलाई मार्नु पर्नेसम्मको झगडा वादविवाद भई कुटपिट हुँदा स्वाभाविक रूपमा सो स्थानमा रहने अन्य व्यक्तिहरूले देख्न सुन्न सक्ने अवस्था रहन्छ । यसप्रकारको सुने देखेको कुनै तथ्य मिसिल संलग्न प्रमाणबाट देखिँदैन । यस्तो अवस्थामा मुलुकी ऐन, १४ नं. अनुसारको अवस्थाहरूको विद्यमानता प्रस्तुत वारदातमा रहे भएको भन्ने पुनरावेदन अदालतको फैसलासँग पनि सहमत हुन सकिएन ।

५. अब वारदातसँग सम्बन्धित तेस्रो नं. अर्थात् मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. र ऐ. को ६ (४) अनुरूप सजाय गरिपाउँ भनी पुनरावेदक प्रतिवादीले जिकिर लिएको सम्बन्धमा हेर्दा सो ५ नं. मा "ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यबाट मानिस मर्ला जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइयो । सोही महलको ६(४) मा "कसैले कसैलाई कुटपिट गर्दा भवितव्य परेकोमा पाँच सय रूपैयाँ जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । भवितव्यको वारदातमा ज्यान मार्ने मनसाय वा पूर्वरिसइवी नभई कसैले केही कार्य गर्दा यस्तो कार्यबाट मानिसको ज्यान जान सक्ने स्थिति पनि नदेखिएको कार्यबाट मर्न सक्नेसम्मको अवस्था नहुँदा नहुँदै पनि त्यही कार्यबाट केही भई मानिस मर्न गएको स्थिति हुन्छ । आफूले गरेको कार्यले मानिसको मृत्युको परिणाम निम्त्याउँदैन भन्नेतर्फ कर्ता सचेत रहेको हुन्छ । भवितव्य हत्यामा आवेशपूर्ण परिस्थितिलाई पनि वर्जित गरिएको हुन्छ ।

६. प्रस्तुत वारदातमा प्रतिवादी र मृतक मिल्ने साथी भएको वारदातको दिनमा मृतक प्रतिवादीको घरमा आई सँगै चिया खान भनी घरबाट गएको भन्ने तथ्य रहेको छ । चिया खाने होटल न्यू हेभेन रेस्टुरेन्टमा चिया खाँदै गर्दा परीक्षासम्बन्धी विषयमा वादविवाद भएको भई सामान्य कुटपिट हुँदा प्रतिवादीले मृतकलाई धकेलिदिएको र टाउको भित्तामा ठोक्किएको भन्ने प्रतिवादीको बयानबाट देखिन्छ । भित्तामा रगतजस्तो चिज रहेको भन्ने घटनास्थल मुचुल्काबाट देखिएको छ । मृत्युको कारण Blunt Force Injury to the Head भन्ने छ । मृतक र प्रतिवादीको ज्यान लिनुपर्ने कारण रिसइवी देखिँदैन । मार्ने नियतबाट कुटपिट गरेको भन्ने पनि देखिँदैन । वादविवाद हुँदा मृतकलाई धकेल्दा टाउको भित्तामा ठोक्किन पुगी मृत्यु भएको देखिन्छ । मृतकलाई कुनै वस्तुले टाउकोमा प्रहार गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन आउँदैन । यस्तो अनिच्छित वा अन्जानमा भएको कार्यमा कर्तालाई कम जिम्मेवार तुल्याउनको लागि मुलुकी ऐन, ज्यानसम्बन्धीको ५, ६ नं. मा त्यस्तो कार्यलाई भवितव्यको संज्ञा दिएको देखिन्छ । प्रस्तुत वारदातमा पनि कर्ता प्रतिवादीको योजना, मनसाय र परिकल्पनाभन्दा बाहिरको अकल्पनीय अकस्मात घटना घट्न गएको देखियो । अनिच्छित कार्यबाट भएको कसुरलाई गम्भीर कसुर मानी ठूलो दण्ड गरिनु न्यायसम्मत हुन सक्दैन । प्रतिवादीबाट घटित कसुर ज्यानसम्बन्धी महलको ५ नं. बमोजिमको भवितव्यको वारदात देखिन आयो ।

७. तसर्थ, माथि उल्लिखित आधार कारण र प्रमाणहरू तथा कानूनी व्यवस्थासमेतको विवेचनाबाट

प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैदको सजाय गर्ने गरी सुरू अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१/१२/३ को फैसला नमिलेबाट सो फैसला केही उल्टी भई प्रतिवादी अंकित ढकाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिमको कसुरमा ऐ. ६(४) नं. बमोजिम २ वर्ष कैद र रू.५००।– जरिवाना हुने ठहर्छ । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी अंकित ढकाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम २ वर्ष कैद र रू.५००।– जरिवाना हुने ठहरेकोले निज मिति २०६९/१२/४ देखि हालसम्म कारागारमा रहेको देखिँदा निजलाई ठहरेको कैद २ वर्ष र रू.५००।– जरिवानासमेत असुल भइसकेको देखिँदा अन्य मुद्दाबाट थुनामा राख्नु नपर्ने भए यस मुद्दाबाट आजै थुनाबाट मुक्त गरिदिनु भनी छुट्टै संक्षिप्त फैसला लेखिसकेको हुँदा अब सोतर्फ केही गरिरहनु परेन ----१

साथै प्रतिवादी अंकित ढकाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला केही उल्टी भई निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम २ वर्ष कैद र रू.५००।- जरिवाना हुने ठहरेकाले सुरू फैसलाबमोजिम सुरू अदालतमा कसिएको लगत कट्टा गरी यो फैसलाअनुरूपको २ वर्ष कैद र रू.५००।- जरिवानाको लगतसम्म राखी असुलउपर भइसकेको बेहोरा जनाउनु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू ---------------------------------------२

फैसलाको जानकारी महान्याधिवक्ताको कार्यालयलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू -----३

सरोकारवालाहरूले नक्कल माग्न आए नियमानुसार नक्कल उपलब्ध गराई दिनू ------------------------४

उक्त रायमा सहमत छु।

न्या. ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृतः केदारनाथ पौडेल, टेकराज जोशी

इति संवत् २०७४ साल कार्तिक २६ गते रोज १ शुभम्।

## निर्णय नं. १०२४९

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

आदेश मिति : २०७४।८।२६

०६९-CI-०५९०

मुद्दा : तामेली जगाई बन्डा छुट्याई नामसारी गरिपाऊँ।

पुनरावेदक / प्रतिवादी : झापा जिल्ला, धरमपुर गा.वि.स. वडा नं. २ बस्ने नन्दबहादुर नेपाल

विरूद्ध

प्रत्यर्थी / वादी : तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स. वडा नं. ५ बस्ने सावित्री नेपालको मु.स. गर्ने बद्रीप्रसाद नेपाल

- **मुलुकी ऐन, दण्ड सजायको ४८ नं. को माथिल्लो भागमा डिसमिस गर्नु हुँदैन भन्ने र तल्लो भागमा तामेलीमा राखिनेछ भन्ने वाक्यांशको अर्थ भनेको सम्बन्धित पक्ष पुनः आएमा त्यस्ता दरखास्तलाई तामेलीबाट जगाई कारबाही गर्नुपर्ने भन्ने नै हो भनी मान्नु पर्ने ।**
- **अंश मुद्दाको विशिष्ट स्वरूपको परिप्रेक्ष्यमा दण्ड सजायको ४८ नं. को अन्तिम वाक्यांशको तामेली शब्दले फैसला कार्यान्वयन अन्तिम नभएसम्म कारबाही जीवित नै रहने ।**

(प्रकरण नं.१०)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :

- ने.का.प.२०६८, अंक ९, नि.नं.८६८९

सम्बद्ध कानून :

सुरू फैसला गर्ने :
माननीय न्यायाधीश श्री गुणराज ढुंगेल
तेह्रथुम जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्ने:
मा. न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री रमेश पोखरेल
पुनरावेदन अदालत धनकुटा

फैसला

**न्या. विश्वम्भरप्रसाद श्रेष्ठ :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छ:

विपक्षीसँगको प्रस्तुत मुद्दामा यस सम्मानित अदालतबाट मिति २०६०।८।४ मा भएको फैसलाको अधीनमा रही बन्डा छुट्याई पाउँ भनी मैले मिति २०६०।१२।२० मा निवेदन दिई मुद्दा कारबाहीको अवस्थामा यस सम्मानित अदालतबाट मिति २०६१।०८।१३ गते हाजिर हुन आउनु भनी तारेख तोकिएकोमा म आफू बिरामी परी काबुबाहिरको परिस्थिति परी २०६२।३।१२ गते अदालतमा आई बुझ्दा तोकिएको तारेखमा उपस्थित नभई तपाइँको तारेख गुज्रन गएकोले ऐनबमोजिम थाम्ने थमाउने सकार गर्ने म्यादसमेत भुक्तान भएकोले दरखास्त दण्ड सजायको ४८ नं. बमोजिम तामेलीमा राखिएको रहेछ र पुनः मिति २०६६।१०।११ मा तामेली आदेशको नक्कल सारी हेर्दा मुद्दा तामेलीमा रहेको कारणबाट म अन्यायमा परेको कुरा स्पष्ट थाहा पाएको हुँ । यसै सम्मानित अदालतबाट फैसला भई फैसलाबमोजिमको आधारमा अंशबापत अंश भागमा पर्ने जग्गा बन्डा छुट्याई पाउँ भनी दिएको निवेदनउपर कुनै कारबाही नै अगाडि नबढाई सानातिना विषयहरूलाई आधारमानी दण्ड सजायको ४८ नं. लगाई अंशजस्तो नैसर्गिक अधिकारको विषयमा रोक लगाइएकोले म अन्यायमा परेको हुँदा र प्रस्तुत मुद्दामा समेत फैसलाबाट प्राप्त सम्पत्ति आफ्नो नाममा नामसारी गरी ल्याउनुपर्ने अवस्था भएकोले उक्त मुद्दामा मैले दिएको दरखास्तलाई डिसमिस गराई अन्यायमा परेको हुँदा प्रचलित ऐन, नियमसरह कानून र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त व्याख्याका आधारमा उक्त विषयहरूसमेत मध्यनजर गर्दै यस सम्मानित अदालतबाट भएको फैसलाबमोजिम सम्पत्ति मेरा नाममा बन्डा गरिपाऊँ । साथै सम्मानित अदालतको फैसलाबमोजिमको जग्गा एवं झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ९ च.नं. १५४।१४ नक्सा नं. (घ) कि.नं. ४७ क्षेत्रफल १-१०-० हाल धरमपुर

गा.वि.स. वडा नं.२ को अम्मरबहादुर नेपालले नेपाली नगद रू.८०,०००।- मा हिङ्मान दमाई भनेको बुद्धिमान दमाईबाट रजिस्ट्रेसन नं.१९५६ मिति २०६१।१२।१० मा खरिद गरेको, त्यसैगरी नन्दबहादुर नेपालको वारेसले मिति २०५८।०५।०३ मा तायदाती फाँटवारीमा उल्लेख गरेको गुमानसिंहका नाममा दर्ता भएको झापा जिल्ला तोपगाछी ९/घ कि.नं.२६४ क्षेत्रफल ०-१५-० जग्गा आधा भाग दा.खा. नामसारी गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६६।१२।२५ को फिराद दाबी रहेछ।

सर्वप्रथम विपक्षीले उल्लेख गरेको र माग दाबी लिएका सबै कुराहरू बनावटी भएका र निजले उल्लेख गरेका जग्गाहरू मेरो नाममा समेत नरहेको कारण मउपरमा मुद्दा नलाग्ने हुँदा साथै विपक्षीले बन्डा छुट्याउन निवेदन दिएपछि २०६१।०८।१३ बाट तारेख छोडी बसेपछि थाम्ने म्यादसमेत गुजारेकोले निवेदन कानूनबमोजिम मुल्तबीमा रहेको हुँदा मुलुकी ऐन, दण्ड सजायको ४६ को दफा ५ बमोजिम बन्डा छुट्ट्याउन नपर्ने हुँदा र विपक्षीले मेरो छोरा अम्मर नेपालको नाममा अंश मुद्दाको किनारापछि खरिद गरेको जिल्ला झापा, तोपगाछी ९/घ को कि.नं. ४७ को जग्गा र मुद्दाको पक्ष नै नरहेको गुमान सिंहका नाउँको ऐ. ऐ. को कि.नं. २६४ जग्गाको समेत माग दाबी लिएको देखिँदा कानूनी आधार प्रमाणबाट विपक्षीले दिएको मुद्दा खारेजभागी हुँदा अ.बं. १८० नं. बमोजिम खारेज गरी विपक्षीको दाबीबाट अलग फुर्सद गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६७।०३।१० को प्रतिउत्तर जिकिर रहेछ।

आदेशानुसार वादीले फिरादपत्रको प्रमाणखण्डमा उल्लेख गरेको मिति २०६०।०८।०४ को फैसलासहितको छिनुवा मिसिल र बिगो मिसिल साथै रहेछ।

दण्ड सजायको ४६ नं. बमोजिम बन्डा छुट्याई पाउँ भनी यी वादीले यसअघि यिनै प्रतिवादीउपर दिएको बन्डा छुट्याई पाउँ भन्ने निवेदनको कारबाही हुँदाका अवस्थामा यी वादीले नै उक्त मुद्दामा तारेख गुजारी सो तारेख थाम्ने थमाउने म्यादसमेत व्यतित भइसकेको आधारबाट उक्त मुद्दा तामेलीमा रहन गएको देखिन्छ भने उक्त कारबाहीको विषयवस्तुलाई यी वादीले स्वीकारै गरेकोसमेत देखिएकै छ। त्यसरी तामेलीमा रहन गएको उक्त मुद्दालाई हाल यी वादीले जगाएर बन्डा छुट्याउने कारबाहीको लागि मात्र दाबी गरेको देखिन्छ। त्यसरी तामेलीमा रहन गएको मिसिललाई तामेलीबाट जगाई पुनः कारबाही गर्न मिल्ने कानूनी व्यवस्था कहिँकतै पाइँदैन। यसका साथै तामेलीबाट जगाई पुनः सोही मुद्दाबाट बन्डाका अगाडिका कारबाही हुने हो वा पुनः अर्को निवेदनका आधारबाट बिगोमा कारबाही हुने हो भन्ने विषयमा समेत यी वादीले प्रस्ट दाबी गर्न सकेको देखिन्न। त्यसरी तामेलीमा रहन गएको मिसिललाई पुनः जगाउने गरी तामेलीमा राखेको पनि होइन। त्यस्तो तामेलीको परिणाम मुद्दा डिसमिससरहको अवस्थामा पुग्न जाने देखिन्छ। थाम्ने थमाउने कुनै पनि म्याद बाँकी नरहेको अवस्थाको त्यस्तो तामेलीलाई जगाउन मिल्ने कानूनी व्यवस्थाको अभाव रहेको प्रस्तुत मुद्दामा तामेली जगाई पाउँ भन्ने वादीको दाबी पुष्टि भएको मान्न सकिने अवस्था देखिएन। कानूनको रोह रीतका आधारबाट पहिले अंश मुद्दाबाट बन्डा छुट्याउने गरी भएको फैसलाले यी वादीको उक्त सम्पत्तिमा हक समाप्त भएको भन्ने देखिन्न। सो भएबाट उक्त सम्पत्तिका कानूनको प्रक्रिया पुर्‍याई बन्डा छुट्याउने दाबी गरेको अवस्था यी वादीको माग दाबी विषयमा सोही अवस्था विचार हुने नै छ। वादीले अंशको रोहबाट मागदाबी गरेको अवस्था अंश सम्बन्धमा सोही अवस्था हेरिने देखिन्छ। प्रस्तुत फिराद दाबी भने तामेली जगाई बन्डा छुट्याई पाउँ भन्ने विषयसमेत देखिएको र त्यस्तो तामेलीमा रहेकोलाई जगाई कारबाही गर्न मिल्ने नदेखिँदा वादीको फिराद दाबी पुग्न नसक्ने ठहर्छ भन्ने सुरू तेह्रथुम जिल्ला अदालतबाट भएको मिति

२०६७।११।१७ गतेको फैसला।

तेह्रथुम जिल्ला अदालतबाट फैसला भई फैसलाबमोजिमका आधारमा अंशबापत अंश भागमा पर्ने जग्गा छुट्याई पाउँ भनी दिएको निवेदनउपर कुनै कारबाही नै नगरी सानातिना विषयहरूलाई आधारमानी मुलुकी ऐन, दण्ड सजायको ४८ नं. लगाई अंशजस्तो नैसर्गिक अधिकारको विषयमा रोक लगाउन सकिने होइन। जग्गा नामसारी गर्ने विभिन्न व्यवस्थाहरू छन्। सोमध्ये मुलुकी ऐन, दण्ड सजायको ४६, ४८ र जग्गा पजनीको २, २ (क) नं. छन्। दण्ड सजायको ४८ नं. बमोजिम तामेलीमा राख्नु परे पनि जग्गा पजनीको २(क) नं. बाट अंशबापत पाएको जग्गा मेरो नामसारी हुन सक्छ। जसअनुसार आफ्नो हक हुन आई दाखिल खारेज गर्नुपर्ने भएको र हकवालाको नाममा सर्भेमा समेत ३५ दिनभित्र दाखिल दर्ता नगराई म्याद गुजारी बसेमा पछि दाखिला दर्ता गराउने दरखास्त दिएमा जतिसुकै समय व्यतित हुने भएपनि रू.१०।- दस्तुर लिई दा.खा. गरिदिनु पर्छ भन्नेसमेत व्यवस्था रहेको छ। यो कानूनी व्यवस्थालाई बेवास्ता गरी भएको फैसला कानूनसङ्गत छैन। फैसलाले आफ्नो हकमा आइसकेको सम्पत्तिलाई दा.खा. नामसारी गर्न मिल्दैन भनी आफूले गरेको फैसला आफैँले निष्क्रिय बनाउनु हो। सर्वोच्च अदालत बुलेटिन तथा ने.का.प. २०५७ वर्ष १० अंक ५ पृष्ठ १ मा उल्लिखित चन्द्रशेखर मिश्र विरूद्ध आर्यानाथ मिश्र भएको अंश मुद्दामा मुद्दा परी पूर्व फैसलाबमोजिम अंश भाग परेको सम्पत्ति बन्डा छुट्याई पाउँ भनी अदालतमा दरखास्त दिई फैसला भएको जग्गा नामसारी गरिपाउँ भनी आउन नपाउने भन्न न्यायोचित नहुने हुँदा दण्ड सजायको ४६ नं. आकर्षित भएको पाइँदैन भनी नजिरसमेत प्रतिपादन भएको छ। प्रस्तुत मुद्दामा समेत फैसलाबाट प्राप्त सम्पत्ति आफ्नो नाममा नामसारी गरी ल्याउनुपर्ने अवस्था हो। अतः कि.नं. ४७ को जग्गा र नन्दबहादुर नेपालले पेस गरेको तायदाती फाँटवारीमा उल्लेख भएको जग्गा दा.खा. नामसारी नहुने गरी सुरू जिल्ला अदालतले गरेको फैसला बदर गरी फिराद दाबीअनुसार तामेली जगाई उक्त जग्गाहरू बन्डा छुट्याई नामसारी गरिपाउँ भन्नेसमेत बेहोराको बद्रीप्रसाद नेपालको पुनरावेदन अदालतमा परेको पुनरावेदनपत्र।

यसमा अंश पाउने फैसलाअनुसार वादीले अंश नपाएको परिप्रेक्ष्यमा सुरू फैसला फरक पर्ने देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी प्रतिवादीलाई झिकाई नियमबमोजिम पेस गर्नु भन्ने पुनरावेदन अदालतबाट भएको आदेश।

अंश मुद्दाको विशिष्ट स्वरूप र त्यसको कानूनी तथा प्रतिपादित सिद्धान्तसमेतको आधारमा सुरूले पूरै दाबी पुग्न नसक्ने भनी गरेको ठहरसँग सहमत हुन सकिएन। वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको तेह्रथुम जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा उल्टी भई वादीको दरखास्त तामेलीबाट जगाई त्यस अदालतको २०६०।८।४ को फैसलाअनुसार वादीको अंश भाग छुट्टयाई दिनेसमेत ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत धनकुटाको मिति २०६९।२।७ को फैसला।

वादीले मिति २०६०।८।४ को अन्तिम फैसलाअनुसार बन्डा छुटयाउन मिति २०६०।१२।२० मा निवेदन दिई तारिखमा बस्ने क्रममा २०६१।८।१३ को तारिख तोकिएको र तारिख छोडी २०६६।१०।१४ मा (४ वर्ष ७ महिना) नक्कल सारी हेर्दा तामेलीमा रहेको कुरा थाहा पाएको उल्लेख गर्दै प्रस्तुत फिराद दिएको देखिँदा दण्ड सजायको ४८ नं. बमोजिम आफ्नो अधिकारमा सजग नरहने विपक्षीलाई कानूनले मद्दत नगरेको हो। फैसला कार्यान्वयको क्रममा दण्ड सजायको ४८ नं. को अवस्था व्यतित भएबाट निवेदन तामेलीमा रहेको हो। सोही आधारमा बादी दाबी नपुग्ने ठहऱ्याएको सुरू इन्साफ कानूनसम्मत छ। सुरू फैसला उल्टी गरेको पुनरावेदन अदालतको फैसलामा दण्ड

सजायको महलको ४६, ४८ नं. समेतको कानूनविपरीत हुँदा बदर गरी सुरू तेह्रथुम जिल्ला अदालतको फैसला सदर कायम गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादीको यस अदालतमा परेको पुनरावेदनपत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितका मिसिल संलग्न कागजातको अध्ययन गरी हेरियो।

मिसिल अध्ययन गरी हेर्दा, २०६०।८।४ मा भएको फैसलाबमोजिम बन्डा छुट्याई पाउँ भनी २०६०।१२।२० मा निवेदन दिएकोमा बिरामी परी तारेखमा उपस्थित हुन सकिन । सो सम्बन्धमा २०६२।३।१२ गते बुझ्दा तामेलीमा रहेको जानकारी भएपनि २०६६।१०।१४ नक्कल सारिलिँदा आफू अन्यायमा परेको थाहा भयो। सो कार्य दण्ड सजायको ४८ नं. तथा जग्गा पजनीको २ र २(क) नं. तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुँदा तामेली जगाई बन्डा छुट्याई पाउन र कि.नं.४७ तथा कि.नं.२६४ को जग्गामा समेत आधा हक अंश गरिपाउँ भनी फिराद परेको देखिन्छ। फिराद द.स. को ४८ नं. समेतको विपरीत हुँदा खारेज गरिपाउँ भन्ने प्रतिउत्तर जिकिर रहेकोमा दण्डसजायको महलको ४६ बमोजिम बन्डा छुट्याई पाउँ भन्ने निवेदनमा तारेख गुजारेको कारण द.स. को ४८ अनुरूप तामेलीमा रहेकोलाई जगाई कारबाही गर्न मिल्ने नदेखिँदा फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई तेह्रथुम जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। सो फैसलाउपर चित्त नबुझाई वादीको पुनरावेदन परेकोमा अंश मद्दाको विशिष्ट स्वरूप र त्यसको कानूनी व्यवस्थासमेतको आधारबाट सुरू फैसला उल्टी भई वादीको दरखास्त तामेलीबाट जगाई वादीको अंशसमेत छुट्याई दिने ठहऱ्याई पुनरावेदन अदालत धनकुटाबाट फैसला भएको देखिन्छ । सो फैसलाउपर प्रतिवादीको यस अदालतमा प्रस्तुत पुनरावेदन पर्न आएको पाइयो।

पुनरावेदनसहितको मिसिल अध्ययन गरी हेर्दा पुनरावेदन अदालत धनकुटाको फैसला मिलेको छ छैन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, यसमा वादी नन्दबहादुर नेपाल भई चलेको अंश मुद्दामा मिति २०५९।२।८ मा भएको फैसला र वादी सावित्री नेपाल भई चलेको अंश मुद्दामा मिति २०६०।८।४ मा तेह्रथुम जिल्ला अदालतबाट भएको फैसलासमेतबाट यी प्रत्यर्थी वादीले तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिहरूबाट ३ भागको १ भाग अंश पाउने ठहऱ्याई फैसला भएको र सो फैसला अन्तिम भइ बसेको भन्ने तथ्यमा विवाद छैन। सो अन्तिम फैसलाबमोजिम बन्डा छुट्टयाई पाउन वादीले तेह्रथुम जिल्ला अदालतमा दण्ड सजायको ४६ नं. को म्यादभित्रै निवेदन दिएको र कारबाहीको क्रममा रहेको अवस्थामा वादीले मिति २०६१।०८।१३ को तारिख गुजारेको र अदालती बन्दोबस्तको ५९, ६२ वा १७५ नं. बमोजिम सकार गर्न वा थमाउन पाउने म्यादसमेत गुजारेको र सो म्याद नाघेको मितिले ६ महिनासम्ममा पनि वादी कारबाही चलाई माग्न नआएको कारण दण्ड सजायको महलको ४८ नं. बमोजिम उक्त बन्डा छुट्टयाउने कारबाही तामेलीमा राख्ने गरी तेह्रथुम जिल्ला अदालतबाट मिति २०६२।०३।१० मा आदेश भएको देखिन्छ।

३. वादीले उक्त तेह्रथुम जिल्ला अदालतको तामेली राख्ने आदेश मिति २०६६।१०।१४ मा नक्कल सारी लिएबाट आधिकारिक जानकारी प्राप्त भएको र उक्त कार्यबाट आफ्नो अंश हकमा असर परेको र दण्ड सजायको ४८ नं. तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुँदा तामेली जगाई बन्डा छुट्याई पाउँ भन्नेसमेत फिराद दाबी रहेको प्रस्तुत मुद्दामा अंश पाउने ठहरी अदालतबाट अन्तिम भएको फैसला दण्ड सजायको ४६ नं. बमोजिम ऐनका म्यादभित्र बन्डा छुट्टयाई पाउँ

भन्ने निवेदन परिसकेको अवस्थामा द.स. को ४८ नं. अनुरूप तामेलीमा रहेकोमा पुन: जगाई कारबाही गर्न मिल्ने वा नमिल्ने के हो ? सोही विषय नै प्रस्तुत मुद्दाको मुख्य विवादको विषय रहेको देखिन्छ।

४. अब अंशसम्बन्धी विषयमा हाम्रो मौजुदा कानूनी प्रणालीको के धारणा छ ? अदालती अभ्यास के रहेको छ। साथै दण्ड सजायको महलको ४६, ४८ नं. समेतको कानूनी व्यवस्थासमेतका यावत विषयको विवेचना गरी विवादित प्रश्नको निरूपण गर्नुपर्ने देखिन आयो।

५. हाम्रो कानूनी प्रणालीले सम्पत्तिसम्बन्धी अधिकारलाई प्रत्येक व्यक्तिको मौलिक हक अधिकारको रूपमा स्वीकार गरेको देखिन्छ। सम्पत्ति प्राप्त गर्ने विभिन्न स्रोतमध्ये पैतृक सम्पत्तिलाई एक प्रमुख स्रोत मानेको छ। अंशबन्डालाई पैतृक सम्पत्ति प्राप्त गर्ने जन्मसिद्ध हकको रूपमा स्वीकार गरेको छ। अर्थात् सम्पत्तिसम्बन्धी अधिकार व्यक्तिको नैसर्गिक अधिकार रहेको र यस्तो अधिकारबाट कोही पनि वञ्चित हुन नपरोस् भनी संविधान तथा प्रचलित कानूनमा यसको संरक्षण गरिएको पाइन्छ।

६. अंश बन्डासम्बन्धी सारभूत कानूनी व्यवस्था गरेको मुलुकी ऐन, अंशबन्डाको महलमा सबै अंशियारले समान अंश पाउने र अंश पाउँ भनी फिराद परेकोमा सोही महलको ३२ नं. मा अंश मुद्दामा वादीले तारिख गुजारे पनि मुद्दा डिसमिस नगरी ठहरेबमोजिम फैसला गर्नुपर्ने भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा पनि वादीले अंश पाउने ठहरी अन्तिम भएको फैसलामा द.स. का ४६ नं. का म्यादभित्र निवेदन परेको देखिन्छ। यसैगरी मुलुकी ऐन, दण्डसजायको ४६(१८) मा वादीले अंश पाउने ठहरी अन्तिम फैसला भएको मुद्दामा अन्य प्रतिवादी अंशियारहरूले पनि आफ्नो अंश छुट्ट्याई लिन दरखास्त दिएमा कानूनबमोजिम लाग्ने कोर्ट फी लिई फैसलाबाट ठहरेबमोजिमको सम्पत्तिबाट अंश छुट्ट्याई दिलाई दिनुपर्छ भन्ने कानूनी व्यवस्थासमेत रहेको पाइन्छ । सोबाट अंशबन्डा छुट्ट्याई लिने र दिने कार्यमा वादी प्रतिवादी दुवै पक्षको कर्तव्य हुने देखियो। त्यस्तै २०२० सालदेखि लागू भएको मुलुकी ऐनमा २०३४/९/२७ भएको सातौं संशोधनले अंशबन्डाको महलको ३२ नं. ले अंश मुद्दा डिसमिस नहुने भनी गरेको व्यवस्थाले अंशमा मुद्दा परिसकेपछि दाबी कर्ताले अंश पाउने अथवा नपाउने सो सम्बन्धमा यकिन ठहर गर्नुपर्ने भन्ने नै हो। साथै पुनरावेदक वादी दुलई मुराउ विरूद्ध प्रत्यर्थी प्रतिवादी रामसुरत यादवसमेत भएको निर्णय लिखत बदर जग्गा नामसारी मुद्दा (ने.का.प.२०६८, अंक ९, नि.नं. ८६८९) मा ***"फैसलाबाट प्राप्त अंश हकलाई जहिले पनि निवेदन दिएर आफ्नो नाममा नामसारी गर्नको लागि दण्ड सजायको ४६ नं. ले स्पष्ट रूपमा रोक नलगाएको अवस्थामा नामसारी गरी आफ्नो नाममा दर्ता नगराएको अवस्थालाई मात्र आधार मानी अर्को पक्षले सो सम्पत्ति बेचबिखन गर्न पाउँछ भन्ने अर्थ गर्दै जाने हो भने सामान्य प्रक्रियाको त्रुटि देखाएर अंश हकजस्तो नैसर्गिक हकबाट वञ्चित हुनुपर्ने स्थिति देखापर्छ । बन्डा छुट्ट्याई लिन नसकेको भन्ने आधारमा मात्र फैसलाबाट पाएको अंशको जग्गा आफ्नो हककायम गराई लिन पाउँदैन भन्न नसकिने ।"*** भन्नेसमेत सिद्धान्त प्रतिपादन भएको पाइन्छ। सोबाट अंश मुद्दाबाट हक प्राप्त गरिसकेको अवस्थामा द.स.को ४६ नं. को म्यादभित्र निवेदन नदिएपनि फैसलाले अंशबापत प्राप्त भएको सम्पत्तिबाट सम्बन्धित पक्षको हक समाप्त हुने व्यवस्था कानूनमा कहिँकतै भए गरेको देखिँदैन। उल्लिखित विवेचनाबाट अंशहक प्राप्त हुने ठहरी फैसला भइसकेपछि अंशियारले अंश हक नपाएसम्म वा निजले कानूनबमोजिम सो हक परित्याग गरेको नदेखिएसम्म पूर्वफैसलाहरू त्यस्ता अंशियारको अंश हकमा बाधक नहुने देखिन्छ।

७. अब प्रस्तुत मुद्दामा सुरू अदालतले दण्ड सजायको ४८ नं. को व्यवस्थाअनुरूप फैसला

कार्यान्वयनको निवेदन तामेलीमा रहेको र सो कानूनसम्मत रहे भएकोमा सो उल्टी गरेको पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि छ भनी लिएको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा द.स.को ४८ नं. को कानूनी व्यवस्था हेर्दा *"फैसलाबमोजिम अड्डाबाट गर्नुपर्ने काम गर्न गराउनलाई दरखास्त दिई तारिखमा बसेको मानिसले तारिख गुजारे पनि कारबाही डिसमिस गर्न हुँदैन । फैसलाबमोजिम गराई माग्नेले अवस्थानुसार अदालती बन्दोबस्तको ५९, ६२ वा १७५ नम्बरबमोजिम सकार गर्न वा थमाउन पाउँछन् । सोबमोजिम थमाउने वा सकार गर्ने म्याद नाघेपछि पनि सो म्याद नाघेको मितिले ६ महिनाभित्र रीतपूर्वकको दरखास्त दिई कारबाही चलाई माग्न आएमा कानूनबमोजिमको दस्तुर र त्यसको सयकडा १० जरिवाना असुल गरी कारबाही गर्नुपर्छ ।"* सो म्यादभित्र पनि दरखास्त दिन नआएमा त्यस्तो व्यक्तिको सुरू दरखास्त तामेलीमा राखिनेछ भन्ने उल्लेख छ।

८. उल्लिखित दफाको पहिलो वाक्यांशले फैसलाबमोजिम अड्डाबाट गर्नुपर्ने काम गराउनलाई दरखास्त दिई तारिखमा बसेको मानिसले तारिख गुजारे पनि कारबाही डिसमिस गर्न हुँदैन भन्ने प्रस्ट अर्थ बोध हुन्छ। प्रस्तुत मुद्दामा वादीले बन्डा छुट्टयाई पाउँ भनी दिएको निवेदनमा तारिख गुजारेको र थाम्ने थमाउने म्यादसमेत नाघेको मितिले ६ महिनाभित्र पनि दरखास्त नदिएको कारण सोही दण्डसजायको ४८ नं. अन्तिम वाक्यांशबमोजिम बन्डा छुट्टयाउने कार्य तामेलीमा रहेको देखिन्छ। द.स.को ४६नं. बमोजिम अंशबन्डा कार्यान्वयनको लागि परेको निवेदन निश्चित अवस्थामा द.स.का ४६(५) मा डिसमिस हुने उल्लेख छ। वादीको निवेदन द.स.का ४६(५) अनुरूप डिसमिस भएको देखिँदैन।

९. अब डिसमिस र तामेली भन्ने शब्दले एकै अर्थ राख्छ कि भिन्नभिन्न भन्ने सम्बन्धमा हेर्दा डिसमिस भनेको फैसलासरह हुन्छ । सोमा चित्त नबुझ्नेले पुनरावेदन गर्न सक्ने व्यवस्था देखिन्छ । तर तामेली शब्दले पुनः जगाई हेर्न मिल्ने हाललाई Pending सम्म भन्ने अर्थबोध हुन्छ । तामेलीउपर सोही अदालतमा निवेदन दिन सकिने हुन्छ। यसरी डिसमिस र तामेलीको छुट्टाछुट्टै कानूनी उपचार, प्रभाव र प्रयोजन रहेको अवस्थामा डिसमिस र तामेलीको एकै अर्थ भन्न मिल्ने देखिएन।

१०. यदि तामेलीबाट नजगाउने आशय रहेको भए उक्त द.स. को ४८ नं.मा सो म्यादभित्र पनि दरखास्त दिन नआएमा निजको हकमा कुनै कारबाही हुने, गरिने छैन भनी प्रस्ट उल्लेख हुनु पर्दथ्यो । सो उल्लेख भएको देखिँदैन । ऐन कानूनमा भएको द्विविधायुक्त व्यवस्थाको व्याख्या गर्दा सम्बद्ध कानूनी व्यवस्थाको आशय मिल्ने गरी उद्देश्यपरक तथा न्यायोचित व्याख्या गर्नुपर्दछ। प्रस्तुत विवादमा अंश मुद्दामा वादीले तारेख गुजारे पनि मुद्दा डिसमिस नगरी ठहरेबमोजिम फैसला गर्नुपर्छ भन्ने अंशबन्डा महलको ३२ को प्रावधान र द.स.को ४८ नं. मा भएको कानूनी व्यवस्थालाई तादम्यतामा राखी हेरिनु सान्दर्भिक हुन्छ। अंश पाउने ठहरी अंशहक कायम भइसकेपछि सो हक प्राप्त गर्ने सम्बन्धमा हदम्याद बाधक हुन सक्ने देखिँदैन । द.स.को ४८ नं. को पहिलो वाक्यांशले फैसला कार्यान्वयनलाई जीवन्तता दिने उद्देश्य लिएको पाइन्छ । साथै फैसला कार्यान्वयन गर्न अदालतमा प्रवेश गर्न आउनु पर्ने हदम्याद द.स. को ४६ नं. ले व्यवस्था गरेको पाइन्छ। सो हदम्यादभित्र अदालतमा प्रवेश गरेपछि अरू हदम्याद बाँकी रहन जाने हुँदैन। अंशहकजस्तो नैसर्गिक हक सन्निहित रहेको विषय प्राप्त गर्ने सम्बन्धमा अदालतमा प्रवेश गरेपछि फैसला नै गर्नुपर्ने डिसमिस गर्न नहुने सारवान् कानूनले प्रस्ट व्यवस्था गरेको पाइन्छ। सोबाट अंश मुद्दामा भएको फैसला कार्यान्वयनको विषय पनि डिसमिस नहुने साथै अन्तिम फैसलाबाट प्राप्त अंशहक प्राप्त गर्ने कार्यलाई प्राविधिक कारण देखाई अंश नै लोप हुने गरी व्याख्या

गर्नु न्यायोचितसमेत हुँदैन । त्यसकारण द.स. ४८ नं. को माथिल्लो भागमा डिसमिस गर्नु हुँदैन भन्ने र तल्लो भागमा तामेलीमा राखिनेछ भन्ने वाक्यांशको अर्थ भनेको सम्बन्धित पक्ष पुनः आएमा त्यस्ता दरखास्तलाई तामेलीबाट जगाई कारबाही गर्नुपर्ने भन्ने नै हो भनी मान्नु पर्ने देखियो । अंश मुद्दाको विशिष्ट स्वरूपको परिप्रेक्ष्यमा द.स. को ४८ नं. को अन्तिम वाक्यांशको तामेली शब्दले फैसला कार्यान्वयन अन्तिम नभएसम्म कारबाही जीवित नै रहने अर्थ गर्नु मनासिब हुन्छ । सोबाट तेह्रथुम जिल्ला अदालतको मिति २०६०।८।४ को फैसलाअनुसार वादीले अंश भाग छुट्ट्याई पाउँ भनी दिएको पूर्व निवेदनअनुरूप तामेली जगाई फैसला कार्यान्वयन हुने नै देखियो।

११. तसर्थ, माथि उल्लिखित विवेचित आधार कारण र विश्लेषणबाट फैसलाले हक स्थापित भइसकेको, सो हक प्रचलन गर्न वादीले द.स.को ४६ नं. को म्यादभित्र अदालतमा निवेदन दिएको र निवेदनमा तारिख गुजारे पनि डिसमिस गर्न हुँदैन भन्ने कानूनी व्यवस्था भएबाट द.स. को ४८ नं. ले तामेली राख्ने व्यवस्थाअनुरूप अंशबन्डाको निवेदन तामेलीबाट जगाई कार्यान्वयन गर्नु भनी पुनरावेदन अदालत धनकुटाबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा भन्न मिलेन । प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१२. अतः तामेली जगाई बन्डा छुट्ट्याई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको तेह्रथुम जिल्ला अदालतको मिति २०६७।११।१७ को फैसला उल्टी गरी वादीको दरखास्त तामेलीबाट जगाई त्यस अदालतको २०६०।८।४ को फैसलाअनुसार वादीको अंश भाग छुट्ट्याइदिने ठहऱ्याएको पुनरावेदन अदालत धनकुटाको मिति २०६९।२।७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत : केदारनाथ पौडेल, टेकराज जोशी
इति संवत् २०७४ साल मंसिर २६ गते रोज ३ शुभम्।

## निर्णय नं. १०२५०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
आदेश मिति : २०७५।११।२३
०६९-WO-१३०१

विषय: उत्प्रेषण / परमादेश

निवेदक : जिल्ला गोर्खा पृथ्वीनगर नगरपालिका वडा नं. ८ ठिंगुरेश्वारा बस्ने मानवहादुर कुँवरको नाति अकलबहादुर कुँवरको छोरा खुलबहादुर कुँवर

विरूद्ध

विपक्षी : जिल्ला प्रहरी विशेष अदालत, हाल जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत

- **मुद्दाको कारबाहीका क्रममा आधारभूत रूपमा पालना गर्नुपर्ने कार्यविधिको पालना**

**नगरी कुनै निकायबाट गरिएको निर्णयबाट व्यक्तिउपर घोर अन्याय (Extreme Injustice) भएको देखिएको अवस्थामा रिट क्षेत्रबाट त्यस्ता निर्णयउपर न्यायिक परीक्षण गर्न सकिने।**

(प्रकरण नं.५)

- **व्यक्तिलाई राज्यको निकायले कुनै फौजदारी कसुर गरेको अभियोगमा न्यायिक वा अर्धन्यायिक निकायमा मुद्दा दायर गर्छ भने सो व्यक्तिलाई पक्राउ गर्ने, उक्त अपराधको अनुसन्धान गर्ने, अदालतमा मुद्दाको सुनुवाइ गर्ने तथा फैसला कार्यान्वयनसम्मको चरणहरूमा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूको अनिवार्य पालना गर्नुपर्ने।**

(प्रकरण नं.१३)

- **निर्दोष हुँदाहुँदै पनि राज्यका निकायहरूको लापरवाहीपूर्ण काम कारबाहीको परिणाम स्वरूप अनाहकमा कैदमा बस्नुपरेको दुर्भाग्यपूर्ण अवस्थामा निवेदकलाई राज्यले क्षतिपूर्ति दिनु पर्ने।**

(प्रकरण नं.२८)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री सतिशकृष्ण खरेल तथा विद्वान् अधिवक्ताहरू श्री टिकाराम पोखे्रल र श्री गणेशविक्रम कार्की

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी

अवलम्बित नजिर :

- ने.का.प. संवैधानिक इजलास खण्ड, भाग १, अंक १
- ने.का.प.२०७३, अंक ७, नि.नं.९६३३

सम्बद्ध कानून :

- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

आदेश

**न्या. विश्वम्भरप्रसाद श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

म निवेदक खुलबहादुर कुँवर मिति २०३६।११।१ मा नेपाल प्रहरीको जवान पदमा सेवा प्रवेश गरेकोमा मिति २०४२।३।३० मा मध्यक्षेत्रीय प्रहरी तालिम केन्द्र, काठमाडौंमा सरूवा गरियो । सो तालिम केन्द्रमा कार्यरत रहेकै समयमा मिति २०४२।४।१८ मा म निवेदक प्रहरी हवल्दार पदमा बढुवा भई सोही स्थानमा दरबन्दी कायम गरियो । यसरी मिति २०४२।४।१८ बाट प्रहरी हवल्दार पदमा कार्यरत रहेकोमा २०४४ साल माघ महिनामा कोतमा रहेको रिभल्वर थान २ कम भएको देखिएको हुनाले सो कुराको जानकारी तत्कालै आफ्नो हाकिम प्रहरी निरीक्षक तुलबहादुर के.सी. लाई गराएको थिएँ। सो जानकारी दिएपछि म निवेदक र कोतको ड्युटीमा खटिएका अर्का प्रहरी जवान यज्ञबहादुर के.सी. लाई समेत क्वार्टर गार्डमा थुनामा राखियो। थुनामा राखेपश्चात् चरम यातनाको लामो श्रृङ्खला सुरू भयो। उक्त रिभल्वर चोरेर कहाँ राखेको छस् भनी म र यज्ञबहादुर के.सी. लाई नियमित रूपमा यातना दिई सोधपुछ गरेकोमा हामीहरूले सो सम्बन्धमा सदैव अनभिज्ञता देखायौँ।

२०४४ साल माघ महिनादेखि थुनामा राखिएको हामीलाई कथित अनुसन्धान अधिकृतले नियमित रूपमा कुट्ने, यातना दिने, हातको नङ तान्ने र हात खुट्टा बाँधेर पिँडौला र तिघ्राको पछिल्लो भागमा कुट्ने र रिभल्वरको सम्बन्धमा सोधपुछ गर्ने कार्य गरिने गरिएको थियो । त्यसरी थुनामा राखी यातना दिने क्रममा मलाई कुनै पनि अदालतमा

उपस्थित गराइएन भने घाइते अवस्थाको उपचारसमेत गराइएन । यातना दिने क्रममा म निवेदकलाई हातमा हतकडी र आँखामा कालोपट्टी बाँधी मध्यरातमा रानीवनमा लगी रूखमा बाँधी सकेपछि आँखामा बाँधिएको कालोपट्टी खोली तँलाई मृत्युदण्डको सजाय भएकोले बन्दुकधारीहरूसहित लगी खनेको खाल्डोमा मारेपछि गाड्ने भन्ने जस्ता कुराहरूसमेत गरिएको थियो । मलाई दिइएको यातनाको गम्भीरताको हद यतिसम्म थियो कि २०४५ साल भाद्र महिनामा मलाई कारागारमा पठाइएको अवस्थामा दुई जनाले हातमा झुण्डाएर लिएर कारागार लगेका थिए र म हिँड्डुल गर्न सक्ने अवस्थामा थिइनँ र जेलभित्र पनि करिब दुई महिनासम्म अरूको सहयोगबाट मात्र हिँड्डुल गर्न सक्थेँ। जेलमा गएको करिब ३ महिनासम्म पनि मेरो गोडाका विभिन्न भागबाट कुहिएका छाला र मासुका टुक्राहरू झर्ने क्रम कायम थियो । यातना विशेषज्ञ चिकित्सकहरूबाट मेरो शरीर जाँच गरिएको अवस्थामा हाल पनि सो कुराको पुष्टि हुनेछ । यद्यपि हाम्रो विरूद्ध कुन कानूनबमोजिम के कारबाही गरेको हो भन्ने कुराको कुनै जानकारी म र मेरो साथमा रहेका यज्ञबहादुर के.सी. लाई पनि थिएन ।

म निवेदकलाई कुनै अदालत वा न्यायाधीशसमक्ष कुनै प्रकारले उपस्थित गराउने वा बयान गराउने कामसम्म नगरी प्रहरी तालिम केन्द्रबाट नै घाइते अवस्थामा मिति २०४५ साल भाद्र महिनामा केन्द्रीय कारागार काठमाडौंमा पठाइयो । माथि उल्लिखित सम्पूर्ण कारबाहीको क्रममा म निवेदकलाई के कुन कारणले थुनामा राखिएको हो, मेरो विरूद्ध के कुन फैसला भएको छ भन्ने कुराको सूचना जानकारी कुनै प्रकारले दिइएन । न त कुनै फैसला सुनी पाएको कागज नै गराइयो, न पुनरावेदनको म्याद नै दिइयो । कारागारका अधिकारीहरूले रिभल्वर चोरीको अभियोगमा थुनामा राखेको भनी भन्ने गरेको हुनाले सोही विषयमा थुनामा परेको हुनुपर्छ भन्ने अनुमानसम्म निवेदकलाई थियो ।

२०४४ साल माघदेखि नै प्रहरीको थुना र यातना भोगी बसेकोमा मलाई कारागारमा पठाएपछि मिति २०४८।९।१४ मा कारागारबाट छुटेपछि म आफ्नो घर गोरखा गई बसेको थिएँ। यसै क्रममा आफ्नो घरमा बसिरहेको अवस्थामा केन्द्रीय कारागारमा रहेका एकजना थुनुवा घनश्याम अधिकारीले मलाई भेट्न चाहेको र मलाई लागेको अभियोगको सम्बन्धमा महत्त्वपूर्ण जानकारी राख्छ भन्ने कुरा साथीहरूमार्फत थाहा पाएको हुँदा निजलाई २०६० साल जेठ महिनाको पहिलो सप्ताहमा केन्द्रीय कारागारमा गई भेटेको थिएँ।

निज घनश्याम अधिकारीलाई भेट्दा निजले आफू पूर्वप्रहरी कर्मचारी भएको र २०४४ सालमा मलाई दोषारोपण गरिएको दुई थान रिभल्वर निज सो समयमा तालिममा रहेको अवस्थामा आफूले कोतबाट चोरेको र सोमध्ये एउटा रिभल्वर केही वर्षअघि अपराधकै क्रममा हराएको र एक थान रिभल्वर आफैंले राखेको, सोबाहेक प्रहरी कार्यालयकै लाखौं रूपैयाँ सेफसहित चोरेकोलगायतका अन्य थुप्रै अपराधहरू गरेको र प्रहरी सेवा छाडी गए पनि आफ्नो कारणले दुईजना निर्दोष प्रहरी कर्मचारीले भोग्नुपरेको अन्याय र यातनालाई सम्झँदा आत्मग्लानी भएको हुनाले मिति २०५९।१२।१९ मा आफैँ जिल्ला प्रहरी कार्यालय काठमाडौंमा उपस्थित भई आत्मसमर्पण गरी आफ्नो साथमा भएको एउटा रिभल्वरसमेत सो कार्यालयमा बुझाएको र सो आधारमा निजको विरूद्ध कारबाही भई थुनामा रहेको कुराको जानकारी मलाई दिए ।

निज घनश्याम अधिकारीले मलाई जानकारी दिएपछि मलाई साबिकमा के कुन अभियोगमा के कारणले थुनामा राखिएको रहेछ भन्ने कुराको सोधखोज गर्दा ठूलो प्रयत्नपश्चात् मिति २०६०।०२।०७ मा मध्यक्षेत्रीय प्रहरी तालिम केन्द्र भरतपुर चितवनबाट मिति २०४५।५।२४ को फैसलाको प्रतिलिपिसम्म प्राप्त गरी मेरो विरूद्ध लागेको अभियोग र फैसलासम्बन्धी

सम्पूर्ण तथ्यहरूको जानकारी पाएँ । यी सबै कुराको जानकारी भए पनि मैले भोगेको अन्यायलाई दृष्टिगत गर्दै प्रहरी संगठनका कतिपय अधिकारीहरूले मेरो विरूद्ध ठूलो अन्याय भएको र मैले पुनरावेदन गरेको अवस्थामा प्रहरी संगठन र सरकारले आफ्नो त्रुटि सच्याउन पाउने र ढिला भए पनि न्याय पाउन सक्ने सकारात्मक दृष्टान्त हुन सक्ने भएको हुनाले मलाई पुनरावेदन गर्नु भनी प्रोत्साहित गरेकोसमेत कारणले प्रहरी ऐन, २०१२ को दफा ३६ख बमोजिम फैसलाको नक्कल जानकारी पाएको मितिले ३५ दिनभित्रै मैले प्रहरी पुनरावेदन विशेष अदालत पाटनमा पुनरावेदन दायर गरेको थिएँ।

मैले आफू निर्दोष भएको र मलाई दण्डित गरिएको, कसुर घनश्याम अधिकारीले गरेको र सो कुरा निजको विरूद्ध हातहतियार खरखजाना मुद्दामा भएको अनुसन्धानबाट देखिएको भन्ने आधार खुलाई क्षेत्रीय प्रहरी विशेष अदालतसमक्ष पुनरावेदन गरेको थिएँ। उक्त अदालतबाट भएको आदेशबमोजिम प्राप्त प्रतिक्रियाबाट रिभल्वरको चोरी घनश्याम अधिकारीले गरेको कुरा स्पष्ट रूपमा प्रमाणित भएकोमा हामीलाई न्यायबाट वञ्चित गर्ने उद्देश्यले प्रहरी क्षेत्रीय विशेष अदालतले हामीलाई हराई हाम्रो पुनरावेदन पत्र म्याद गुजारी परेको भन्ने आधारमा तथ्यमा प्रवेश नै नगरी मिति २०६४।२।२३ मा खारेज गरेको थियो । सो पुनरावेदन खारेज गरेको सम्बन्धमा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकोमा सर्वोच्च अदालतबाट मिति २०६७।१२।१४ मा प्रहरी क्षेत्रीय विशेष अदालतको नाममा उत्प्रेषणको आदेश जारी गरी सो अदालतले गरेको खारेजी फैसला बदर गरी म्यादभित्रको पुनरावेदन देखिएको हुनाले दर्ता गरी निर्णय गर्न आदेश जारी भएको थियो। यसरी सर्वोच्च अदालतबाट भएको आदेशबमोजिम मुद्दा निर्णयको लागि पुन: प्रहरी क्षेत्रीय विशेष अदालतको नाममा आदेश भएपछि बारम्बार उक्त अदालतमा गई मुद्दाको कारबाही सुरू गर्न र हामीलाई तारेख दिन अनुरोध गरेकोमा तारेखमा समेत नराखी प्रक्रियामा समय लाग्ने भनी पटकपटक फर्काई मिति २०६९।११।११ मा जनाउ नै नदिई, आफ्नो कुरा राख्ने, बहस गर्ने, कानून व्यवसायी उपस्थित गराउने कुनै मौका नै नदिई हाम्रो जानकारी र उपस्थितिबेगर आधारभूत प्रक्रियाको पालनासमेत नगरी हामीलाई हराई सुरू इन्साफ सदर हुने गरी निर्णय गरिएको रहेछ । विपक्षी मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनले पुनरावेदन गर्न पाउने कुरा तपसिलमा खुलाएको हुनाले सो आधारमा निवेदकहरूले केन्द्रीय प्रहरी विशेष अदालतसमक्ष पुनरावेदन लिई जाँदा दुई तह भएको निर्णयउपर पुनरावेदन नलाग्ने भनी दर्ता गर्न इन्कार गरिएको हुनाले अन्य वैकल्पिक उपचारको अभावमा प्रस्तुत रिट निवेदन लिएर उपस्थित भएका छौं।

अत: माथि उल्लिखित आधार र कारणसमेतबाट हामी निर्दोष व्यक्तिहरूलाई अकारण कुनै कसुर र दोषबेगर वर्षौंसम्म सजाय भोगाउने जिल्ला प्रहरी विशेष अदालतको फैसला र मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटन, ललितपुरको फैसला त्रुटिपूर्ण भएको र सो फैसलाले माथि उल्लेख गरिएको कानूनी हकमा असर पुऱ्याउनुका साथै निवेदकलाई नेपालको अन्तरिम संविधानको धारा १२ ले प्रदान गरेको स्वतन्त्रता, धारा १३ ले प्रदान गरेको कानूनको समान संरक्षण, धारा २४ ले प्रदान गरेको न्यायसम्बन्धी हक, धारा २६ ले प्रदान गरेको यातना विरूद्धको हकमा आघात पुऱ्याएको हुनाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी हामीलाई सेवाबाट गैरकानूनी तवरमा हटाउनुपूर्वको अवस्थामा रहे भएमा पाउने तलब सुविधालगायतका सम्पूर्ण क्षतिपूर्ति दिनु भनी विपक्षी नेपाल सरकार र गृह मन्त्रालयसमेतका नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदकको

मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी गर्नु नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई म्यादभित्र लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७०।२।३१ मा भएको आदेश।

प्रस्तुत रिट निवेदनको सम्बन्धमा कोतबाट रिभल्वर हराएको कारण आफूलाई कारबाही भएको भन्ने कुरा निवेदकको निवेदनबाट देखिन्छ । सक्षम निकायबाट निज विरूद्ध कारबाही हुनु स्वभाविकै हुँदा यस कार्यालयको हकमा रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ।

यी रिट निवेदक खुलबहादुर कुँवर मिति २०३६।११।०१ मा नेपाल प्रहरीको प्रहरी जवान पदमा भर्ना भई सेवारत रहेको अवस्थामा नेपाल प्रहरीको कोतबाट २ थान रिभल्वर हराएको अभियोग लागी नेपाल प्रहरी विशेष अदालतबाट सजाय पाएको र सो सजाय पुनरावेदन तहसमेतबाट सदर भएको अवस्था रहेको छ । रिट निवेदकको रिट बेहोरा हेर्दा निजले आफूलाई निर्दोष भएको देखाउन खोजेको अवस्था छ, सो कुराको प्रमाण पुर्‍याई आफू निर्दोष भएको समयभित्रै प्रमाणित गराउनुपर्ने दायित्वसमेत निज रिट निवेदककै हो, सो कुराको पुष्टि गर्ने कर्तव्य निजकै हो। निज तत्कालीन समयमा प्रहरी हवल्दार पदमा कार्यरत रहेको अवस्थामा निजलाई कारबाही भएको देखिँदा सो विषयमा यस मन्त्रालयबाट कुनै पनि निर्देशन नभएको, प्रहरी हवल्दार दर्जासम्मका प्रहरी कर्मचारीहरूको कारबाही सजाय जस्ता कानूनी कुराहरू प्रहरी प्रधान कार्यालय तथा सो मातहतका प्रहरी निकायहरूबाट हुने भएकोले यस मन्त्रालयका हकमा रिट निवेदन बेहोरा खारेजभागी छ । खारेज गरिपाउँ भन्ने विपक्षी गृह मन्त्रालयको लिखित जवाफ।

नेपाल सरकार, संविधान तथा कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण एवं सम्बर्द्धन गर्ने कुरामा प्रतिबद्ध रहेको छ। जहाँसम्म विपक्षी निवेदकले भोगेको सजाय एवं तलब सुविधाको क्षतिपूर्तिसम्बन्धी विषय छ, तत्सम्बन्धमा रिट निवेदक प्रहरी जवान पदमा कार्यरत रहँदाका अवस्थामा मिति २०४४।१०।२ मा निज ड्युटीमा रहेकै समयमा कोतबाट दुई थान रिभल्वर हराएको सम्बन्धमा रिट निवेदकको समेत संलग्नता देखिएको आरोपमा अनुसन्धान र तहकिकात भई २०४५।५।२४ मा जिल्ला प्रहरी विशेष अदालतको फैसलाबमोजिम रिट निवेदकलाई प्रहरी ऐन, २०१२ को दफा ३३ को खण्ड (ख) बमोजिम ४ वर्ष कैद र एक वर्ष बराबरको तलब जरिवाना हुने फैसला भएको र सो फैसलाउपर निजले मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनमा पुनरावेदन गरेकोमा सो अदालतबाट समेत सुरू अदालतको फैसला सदर भई अन्तिम ठहर भइसकेपछि प्रस्तुत रिट परेको देखिँदा सो फैसलामा के कस्तो कानूनी त्रुटि रहेको भनी रिट निवेदनमा केही पनि खुलाउन सकेको देखिँदैन। निर्दोष व्यक्तिले सजाय पाएको भनी रिट निवेदकले दाबी लिनु मात्र पर्याप्त हुँदैन। सक्षम अदालतबाट भएका फैसला बदर नभएसम्म निवेदकलाई निर्दोष मान्न नमिल्ने हुनाले निवेदकको दाबीबमोजिम निजले क्षतिपूर्ति माग गर्ने र प्राप्त गर्न सक्ने अवस्था पनि हुँदैन । निवेदकलाई लागेको अभियोग सम्बन्धमा तथ्य र प्रमाणहरू केलाई निवेदक दोषी वा निर्दोष के हो भनी रिटको माध्यमबाट न्याय निरूपण हुने विषय पनि होइन। रिट क्षेत्राधिकारअन्तर्गत तथ्य र प्रमाणहरूको मूल्याङ्कन गरी निवेदकले कसुर गरेको हो वा होइन भन्ने सम्बन्धमा बोलिँदैन। निवेदकले चुनौती दिएको फैसलामा प्रत्यक्ष

कानूनी त्रुटि (Direct Error of law) रहेको तथ्य पुष्टि हुनु पर्दछ । तर निवेदकले यस सम्बन्धमा आफ्नो रिट निवेदनमा आधार र कारणसहित त्यस्तो कानूनी त्रुटि रहेको भनी देखाउन नसकेको हुँदा मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था र आधार नहुँदा रिट खारेज गरिपाउँ भन्ने विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

प्रहरी ऐन, २०१२ को दफा ३६ख मा "यस परिच्छेदअन्तर्गतको कसुरसम्बन्धी मुद्दामा दफा ३६ बमोजिमको प्रहरी विशेष अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले एक तहमाथिको प्रहरी विशेष अदालतमा ३५ दिनभित्र पुनरावेदन गर्न सक्ने छ" भन्ने कानूनी व्यवस्था रहेको छ । विपक्षी खुलबहादुर कुँवरउपर सो ऐनको दफा ३६क बमोजिम जिल्ला प्रहरी विशेष अदालतमा चलाइएको मुद्दाबाट भएको फैसलाउपर निज विपक्षीले मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतसमक्ष प्रहरी ऐन, २०१२ को दफा ३६ख बमोजिम पुनरावेदन गरी फैसलासमेत भएकोले निज विपक्षीले पुनरावेदनसम्बन्धी आफ्नो कानूनी हक प्रयोग गरिसकेका अवस्थामा निज विपक्षीको हकमा आघात पुऱ्याएको भन्ने रिट निवेदनको जिकिर कानूनमा आधारित नभएको हुँदा उक्त रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतको लिखित जवाफ ।

आदेश खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयको लागि यस इजलासमा पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सतिशकृष्ण खरेल तथा विद्वान् अधिवक्ताहरू श्री टिकाराम पोख्रेल र श्री गणेशविक्रम कार्कीले रिट निवेदकलाई २०४४ सालमा प्रहरी सेवामा कार्यरत रहेको अवस्थामा रिभल्वर चोरीको आरोपमा गैरकानूनी रूपमा थुनामा राखिएको र त्यसरी थुनामा राख्दा निजलाई थुनामा राखिनु पर्नाको कारण र कुन कानूनबमोजिम थुनामा राखिएको हो भन्ने सम्बन्धमा कुनै जानकारी दिइएको थिएन । स्वच्छ सुनुवाइ बिना नै जबरजस्ती रूपमा फैसला गरी थुनामा राखिएकोमा हाल आएर उक्त रिभल्वर चोरीमा निवेदकको कुनै प्रकारको संलग्नता नरहेको तथ्य स्पष्ट रूपमा स्थापित भएको छ । यसरी निवेदकलाई बिना कसुर र बिना सुनुवाइ वर्षौंसम्म सजाय दिलाएको जिल्ला प्रहरी विशेष अदालतको फैसला र सो फैसलालाई सदर गरेको मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनको फैसला बदर गरी एउटा निर्दोष व्यक्तिलाई राज्यकै तर्फबाट गलत अनुसन्धान र अभियोजन गरी वर्षौंसम्म कैदमा राखिएउपर उचित क्षतिपूर्तिसमेतको व्यवस्था गर्नु भनी परमादेशसमेत जारी हुनुपर्छ भनी बहस गर्नुभयो ।

विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले रिट निवेदकले आफू निर्दोष रहेको भनी दाबी गरेको भए तापनि निज ड्युटीमा कार्यरत रहेकै अवस्थामा दुई थान रिभल्वर हराएको र सो सम्बन्धमा अनुसन्धान र तहकिकात भई जिल्ला प्रहरी विशेष अदालतबाट कानूनबमोजिम फैसला भएको हो । उक्त फैसला मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतबाट समेत सदर भइसकेको अवस्थामा निवेदकले जिकिर लिँदैमा निवेदकलाई निर्दोष भनी मान्न मिल्दैन । निवेदकलाई लागेको अभियोग सम्बन्धमा तथ्य र प्रमाणहरू केलाई निवेदक दोषी वा निर्दोष के हो भनी रिट माध्यमबाट परीक्षण हुन सक्दैन । रिट क्षेत्राधिकारबाट तथ्य र प्रमाणहरूको मूल्याङ्कन गरी निवेदकले कसुर गरेको हो वा होइन भनी हेर्न मिल्दैन । रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो ।

उपर्युक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी हेर्दा देहायका प्रश्नहरूको सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

१. निवेदकलाई रिभल्वर चोरीको अभियोगमा

दोषी ठहर गरेको मिति २०४५।५।२४ को जिल्ला प्रहरी विशेष अदालत काठमाडौंको फैसला तथा सो फैसलालाई सदर गरेको मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनको मिति २०६९।११।११ को फैसलामा कानूनको प्रत्यक्ष त्रुटि भएको छ वा छैन ?

२. निवेदकलाई रिभल्वर चोरीको अभियोगमा पक्राउ गरी अनुसन्धान गर्दादेखि मुद्दाको फैसला गर्दासम्मको चरणमा प्राकृतिक न्यायको सिद्धान्तको पालना एवम् स्वच्छ सुनुवाइको मौका दिइएको थियो वा थिएन ?

३. रिट निवेदकले निवेदन मागबमोजिमको क्षतिपूर्ति पाउने अवस्था छ वा छैन ?

४. निवेदन मागबमोजिमको आदेश जारी हुने हो वा होइन ?

२. उपर्युक्त प्रश्नको निरूपण गर्नुपूर्व प्रस्तुत रिट निवेदनको तथ्यगत अवस्थाको संक्षिप्त उल्लेख हुन सान्दर्भिक हुन्छ। प्रस्तुत रिट निवेदनमा निवेदकले मुख्य रूपमा रिट निवेदक नेपाल प्रहरीको प्रहरी हवल्दार पदमा कार्यरत रहेको अवस्थामा २०४४ साल माघ महिनामा कोतमा रहेको दुई थान रिभल्वर चोरी गरेको भनी थुनामा राखी कुटपिट गरी चरम यातनासमेत दिई २०४५ साल भाद्र महिनामा कारागार पठाइएको, रिट निवेदकलाई कारबाहीका क्रममा कुनै अदालत वा न्यायाधीशसमक्ष उपस्थित गराउने वा बयान गराउने कार्य नगरी आफू विरूद्ध के कुन फैसला भएको हो भन्नेसमेत जानकारी नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत २०४४ साल माघ महिनादेखि २०४८।९।१४ सम्म कारागारमा राखिएको, कारागारबाट छुटेपछि आफ्नो घर गई बसेको अवस्थामा घनश्याम अधिकारी नाम गरेका पूर्वप्रहरी कर्मचारीले निवेदकलाई आरोप लगाइएको दुई थान रिभल्वर चोरी गरेको अपराधमा मिति २०५९।१२।१९ मा आफैँ जिल्ला प्रहरी कार्यालय काठमाडौंमा उपस्थित भई आत्मसमर्पण गरी निजउपर कारबाही चली थुनामा रहेको भन्ने जानकारीमा आएको, तत्पश्चात् रिट निवेदकउपर कुन अभियोगमा पहिले थुनामा राखिएको थियो भन्ने सम्बन्धमा खोजबिन गर्दा निवेदकउपर जिल्ला प्रहरी विशेष अदालतबाट मिति २०४५।५।२४ मा भएको फैसलाको प्रतिलिपि २०६०।२।७ मा प्राप्त गरी आफू विरूद्ध लागेको अभियोग र फैसलासम्बन्धी सम्पूर्ण तथ्यहरूको जानकारी भई सो फैसलाउपर मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनमा पुनरावेदन गरेकोमा सो अदालतबाट मिति २०६४।०२।२३ मा पुनरावेदन खारेज हुने फैसला भई यी निवेदकले यस अदालतमा उत्प्रेषणसमेतको रिट दायर गरेकोमा यस अदालतबाट मिति २०६७।१२।१४ मा आदेश हुँदा उत्प्रेषणको आदेशले मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनबाट मिति २०६४।०२।२३ मा भएको फैसला खारेज हुने तथा पुन: निर्णय गर्न मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतको नाममा परमादेश जारी हुने आदेश भएकोमा मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनबाट जिल्ला प्रहरी विशेष अदालतको फैसला सदर हुने ठहऱ्याई मिति २०६९।११।११ मा फैसला भएकोले आफूले कसुर नै नगरेको रिभल्वर चोरीको अभियोग लगाई सुनुवाइको मौका नदिई कसुरदार ठहर गरी कैदमा राखेको काम कारबाही त्रुटिपूर्ण हुँदा बदर गराउन अन्य वैकल्पिक मार्ग नभएकाले यो रिट निवेदन दायर गरेको भन्ने उल्लेख गरेको पाइन्छ।

३. प्रस्तुत रिट निवेदनमा निवेदकले प्रहरी विशेष अदालतको फैसलामा प्रत्यक्ष कानूनी त्रुटि भएको, आफूलाई फैसला गर्नुभन्दा अगाडि स्वच्छ सुनुवाइको मौका नदिइएको, प्राकृतिक न्याय एवम् फौजदारी न्यायको सिद्धान्तविपरीत कारबाही

गरिएको कारण आफूले बिना कसुर सजाय भोग्नुपरेको लगायतका कारणहरूले गर्दा प्रहरी विशेष अदालतको उल्लिखित फैसलाहरू उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्छ भन्ने मागदाबी लिएको देखिन्छ।

४. विपक्षीहरूले पेस गरेको लिखित जवाफ तथा विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरमा रिट क्षेत्राधिकारअन्तर्गत मुद्दाको तथ्यमा प्रवेश गर्न नमिल्ने भएकोले प्रहरी विशेष अदालतको फैसलालाई बदर गराउनको लागि उत्प्रेषणको आदेश जारी गर्न नमिल्ने, प्रहरी विशेष अदालतबाट कानूनबमोजिम फैसला भई माथिल्लो तहबाट सदरसमेत भइसकेकोमा उक्त फैसलालाई यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग गरी हस्तक्षेप गर्न नमिल्ने भन्ने मुख्य रूपमा जिकिर लिएको देखिन्छ। यसरी प्रस्तुत रिट निवेदनमा विपक्षीहरूले प्रहरी विशेष अदालतको फैसलाको तथ्यमा प्रवेश गरी रिट जारी गर्ने अधिकार यस अदालतलाई नभएको भनी प्रस्तुत रिटको सन्दर्भमा यस अदालतको अधिकारक्षेत्रमा नै प्रश्न उठाएको देखिन्छ। यसर्थ प्रस्तुत रिट निवेदनमा प्रथमतः तल्लो तहको अदालत तथा न्यायिक निकायहरूबाट भएको फैसलालाई कस्तो अवस्थामा यस अदालतले उत्प्रेषणको आदेशद्वारा बदर गर्न सक्छ भन्ने सैद्धान्तिक प्रश्नको सम्बन्धमा संक्षिप्त विवेचना गर्नु वाञ्छनीय हुने देखिन्छ।

५. वस्तुत: उत्प्रेषणको रिटमार्फत यस अदालतले तल्लो तहको न्यायिक तथा अर्धन्यायिक र अन्य प्रशासनिक निकाय र अधिकारीहरूले गरेको निर्णयहरू कानूनले तोकेको सीमाभित्र रही गरिएको छ वा छैन भनी परीक्षण गर्दछ। उत्प्रेषणको आदेश जारी हुने विभिन्न अवस्थाहरू रहेको हुन्छ। सामान्य रूपमा कुनै निकाय वा पदाधिकारीले गरेको निर्णयमा अधिकारक्षेत्रको अभाव रहेको, अधिकारक्षेत्रमा अतिक्रमण गरिएको, प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी कामकारबाही भएको, मिसिलमा प्रत्यक्ष रूपमा कानूनी त्रुटि रहेको वा जालसाजी वा कपटपूर्ण वा बदनियतपूर्ण रूपमा निर्णय भएको अवस्थामा उत्प्रेषणको आदेश जारी हुन सक्छ। सामान्यतया रिट क्षेत्राधिकारबाट मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गरिँदैन तर मिसिलमा देखादेखी रूपमा वा प्रत्यक्ष रूपमा कानूनको त्रुटि वा प्राकृतिक न्यायको उल्लङ्घनबाट पक्षलाई घोर अन्याय परेको अवस्थामा न्याय पाउने अन्तिम बाटो रिट क्षेत्र नै हो भन्ने मान्यता पनि स्थापित अवधारणा हो। मूलत: रिट क्षेत्रबाट मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गरी सुरू अदालतले जस्तो गरी साक्षीको बकपत्र गराउने, जिरह गराउने, एउटा पक्षले पेस गरेको लिखत अर्को पक्षलाई सुनाउने, लिखत प्रमाण आदि विशेषज्ञबाट परीक्षण गराउने तथा त्यस्तो विशेषज्ञको बकपत्र एवम् जिरह गराउने जस्ता सामान्य कारबाहीका आधारभूत कार्यविधि अवलम्बन नगरिनेसम्म हो। तर मुद्दाको कारबाहीका क्रममा आधारभूत रूपमा पालना गर्नुपर्ने कार्यविधिको पालना नगरी कुनै निकायबाट गरिएको निर्णयबाट व्यक्तिउपर घोर अन्याय (Extreme Injustice) भएको देखिएको अवस्थामा रिट क्षेत्रबाट त्यस्ता निर्णयउपर न्यायिक परीक्षण गर्न नसकिने भन्ने हुँदैन।

६. निवेदक श्रीकृष्ण सुवेदीसमेत विपक्षी नेपाल सरकार भएको रिट नं.०६७-WO-०९९ (फैसला मिति २०६९।२।१०) भएको रिट निवेदनमा यसै अदालतबाट *"कुनै सार्वजनिक जिम्मेवारी पाएको पदाधिकारीले वा सरकार वा कुनै सरकारी निकायले अधिकार क्षेत्रात्मक त्रुटि वा क्षेत्राधिकारसम्बन्धी त्रुटि गरी कुनै निर्णय गरेको वा कानूनी त्रुटिपूर्ण निर्णय गरेको छ र त्यसबाट कुनै व्यक्तिको कानूनी हक हितमा असर परेको छ भने सो त्रुटिलाई सच्याउने र कानूनी हकको प्रचलन गराउन अन्य कानूनी उपचारको व्यवस्था नभएको वा भए पनि प्रभावकारी नभएमा त्यस्तो निर्णय बदर गरी व्यक्तिको हक हितको प्रचलन गराउन र*

*प्रचलित कानून लागू गराउन यस अदालतले असाधारण अधिकार क्षेत्रअन्तर्गत उत्प्रेषणको आदेश जारी गर्न सक्छ"* भनी व्याख्यासमेत भएको देखिन्छ । यसरी तल्लो अदालत वा निकायबाट कानूनको प्रत्यक्ष त्रुटि हुने गरी कुनै फैसला वा निर्णय भएको अवस्थामा यस अदालतले आफ्नो असाधारण अधिकार क्षेत्रअन्तर्गत न्यायिक परीक्षण गर्न सक्ने नै हुन्छ।

७. यस सैद्धान्तिक प्रश्नको निरूपणपश्चात् अब माथि उल्लेख भएको पहिलो प्रश्न अर्थात् जिल्ला प्रहरी विशेष अदालतको मिति २०४५।५।२४ को फैसला तथा सो फैसलालाई सदर गरेको क्षेत्रीय प्रहरी विशेष अदालतको मिति २०६९।११।११ को फैसलामा कानूनको प्रत्यक्ष त्रुटि भएको छ वा छैन भन्ने सम्बन्धमा विचार गर्नुपर्ने भएको छ।

८. यस सम्बन्धमा मिसिल संलग्न कागजात हेर्दा मिति २०४४।१०।४ गते मध्यक्षेत्रीय प्रहरी तालिम केन्द्रको कोतमा रहेको रिभल्वरहरूमध्ये रिभल्वर नं. ४६६४७८ र ५७१९७३ को २ थान रिभल्वर हराएको भन्ने प्रतिवेदनको आधारमा यी निवेदकउपरको कारबाहीको सुरूवात भएकोमा रिट निवेदकलाई जिल्ला प्रहरी विशेष अदालतबाट प्रहरी ऐन, २०१२ को दफा ३३(ख) को देहाय (घ) र (ङ) अनुसारको कसुरमा सोही ऐनको दफा ३३(ख) बमोजिम ४ वर्ष कैद र १ वर्ष बराबरको तलब जरिवाना हुने गरी मिति २०४५।५।२४ मा फैसला भएको देखिन्छ । सो फैसलाको अध्ययनबाट निवेदकउपर ४६६४७८ र ५७१९७६ नं. को रिभल्वर हराएको विषयलाई Corpus Delicti मानी यी निवेदकउपर मुद्दा चलाई कैद र जरिवानासमेतको सजाय भएको भन्ने कुरामा विवाद भएन।

९. उपर्युक्त नम्बरका दुई थान रिभल्वर हराएको अभियोगमा यी निवेदकलाई सजाय भई सोअनुरूप कैदसमेतको भुक्तान गरिसकेको भए तापनि आफूले रिभल्वर चोरी गरेको अभियोगलाई यी निवेदकले इन्कार गरेको पाइन्छ । यसका अतिरिक्त निवेदकले चोरी गरेको भनी आरोप लगाइएका दुई थान रिभल्वरहरूमध्ये ४६६४७८ नं. को रिभल्वर करिब १५ वर्षपछि मिति २०५९।१२।१९ मा पक्राउ भएका घनश्याम अधिकारीबाट बरामद भएको देखिन्छ। हातहतियार तथा खरखजाना मुद्दामा पक्राउ परेका निज घनश्याम अधिकारीले आफूले प्रहरी सेवामा रहँदा रिभल्वर चोरी गरेको र अहिले आएर आत्मग्लानी भएको भनी आफैँ प्रहरीसमक्ष रिभल्वरसहित उपस्थित भएको भन्ने उल्लेख गरेको पाइन्छ। सोही मुद्दामा निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा आफूले प्रहरीमा कार्यरत रहेको अवस्थामा २०४४ सालतिर मध्यक्षेत्रीय प्रहरी तालिम केन्द्र महाराजगञ्जको कोत गार्डबाट रिभल्वर चोरी गरेको, उक्त रिभल्वरको नम्बर याद नभए तापनि त्यसमा Made in U.S.A. लेखेको, आफूले प्रहरी सेवामा रहँदा रकम चोर्नेदेखि विभिन्न कार्यहरू गरेको, कोत तथा हतियार भण्डारबाट रिभल्वर चोरी गरेबापत सो कोतको जिम्मेवारी बुझ्नेलगायतका व्यक्ति निर्दोष हुँदाहुँदै कारबाहीमा परेको कारण पछि पश्चाताप भई मुक्तिको लागि गेरूवस्त्र धारण गरी धर्मकर्ममा लाग्दासमेत मनमा शान्ति नभएकोले प्रहरी कार्यालयमा उपस्थित भएको हो भन्नेसमेत उल्लेख गरेको देखिन्छ । यसरी निज घनश्याम अधिकारीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा आफूले २०४४ सालतिर मध्यक्षेत्रीय प्रहरी तालिम केन्द्र, महाराजगञ्जबाट रिभल्वर चोरी गरेको भन्ने तथ्यलाई स्वीकार गरेको पाइन्छ भने निजउपर सोही रिभल्वर चोरी गरेको अभियोगमा जिल्ला प्रशासन कार्यालय काठमाडौँमा हातहतियार तथा खरखजाना मुद्दा चलेको देखिन्छ।

१०. निज घनश्याम अधिकारीले आफ्नो बयानमा आफूले रिभल्वर चोरी गरेको भनेको उक्त अवधिमा निज प्रहरी सेवामा नै रहेको देखिन्छ। निजबाट बरामद भएको उक्त रिभल्वरको Ballistic expert बाट

परीक्षण गराउनु भनी मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनबाट भएको आदेशानुसार Central Police Forensic Science Laboratory ले दिएको परीक्षण प्रतिवेदनमा उक्त रिभल्वरको नं. ४६६४७८ नै रहेको भन्ने उल्लेख भएको देखिन्छ । यसरी जुन रिभल्वरहरू चोरी गरेको भन्ने आरोपमा निवेदकलाई सजाय गरिएको हो उक्त रिभल्वरहरूमध्ये ४६६४७८ नं. को रिभल्वर अरू नै कोही व्यक्तिबाट बरामद भई निजउपर अभियोग पत्र दायर भई सजायसमेत हुनु, Central Police Forensic Laboratory ले गरेको परीक्षणबाट पनि घनश्याम अधिकारीबाट बरामद भएको रिभल्वर ४६६४७८ नं. को हो भनी प्रमाणित हुनुबाट उक्त ४६६४७८ नं. को रिभल्वर यी निवेदकले चोरी गरेको भन्ने तथ्य प्रथम दृष्टि (Prima Facie) मा नै पुष्टि हुन सक्ने देखिएन।

११. त्यसैगरी यी निवेदकले नै चोरी गरेको भनिएको ५७१९७६ नं. को अर्को रिभल्वरको सम्बन्धमा हेर्दा पनि प्रचण्ड भवन महाराजगञ्जको कोतबाट हराएको ३८ बोर ५७१९७६ नं. को रिभल्वर मध्यक्षेत्र प्रहरी तालिम केन्द्र भरतपुरमा मिति २०४७।१२।२८ मा आम्दानी बाँधिएको भन्ने भरतपुर तालिम केन्द्रको सञ्चारबाट देखिन्छ । प्रहरी कार्यालयमा नै आम्दानी बाँधिएको रिभल्वर कसरी चोरी भयो र कसरी प्राप्त भई आम्दानी बाँध्न पुगेको भन्ने कुरा कहिँकतै खुल्न सकेको देखिँदैन । उक्त आम्दानी बाँधिएको रिभल्वर तत्कालीन अवस्थामा निवेदकबाट बरामदसमेत हुन सकेको अवस्था थिएन । यसरी निवेदकलाई जुन रिभल्वरहरू चोरी गरिएको आरोपमा सजाय गरिएको हो भनिएको छ उक्त रिभल्वरहरूमध्ये एक रिभल्वर अर्कै व्यक्तिबाट बरामद भएको र अर्को प्रहरी कार्यालयमा नै आम्दानी बाँधिएको देखिएको सन्दर्भमा रिट निवेदकउपर लगाइएको चोरीको अभियोग तथा निवेदकलाई कसुरदार ठहऱ्याई भएको फैसलालगायत तत्सम्बन्धमा भएका सम्पूर्ण कामकारबाहीमा गम्भीर कानूनी एवम् प्रक्रियागत त्रुटि रहेको देखिन आयो ।

१२. अब निवेदकलाई रिभल्वर चोरीको अभियोगमा पक्राउ गरी अनुसन्धान गर्दादेखि मुद्दाको फैसला गर्दासम्मको चरणमा स्वच्छ सुनुवाइको मौका दिइएको थियो वा थिएन वा प्राकृतिक न्यायको सिद्धान्तको अनुशरण गरिएको थियो वा थिएन भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा, प्रस्तुत रिट निवेदनमा निवेदकले जिल्ला प्रहरी विशेष अदालतमा आफूउपर लगाइएको अभियोगको सम्बन्धमा सुनुवाइको मौका नदिइएको, आफूलाई कुन अभियोगमा थुनामा राखिएको हो भन्नेसमेत कुनै जानकारी नदिइएको, आफ्नोतर्फबाट कुनै कानून व्यवसायीको प्रतिनिधित्व नगराइएको, थुनाको क्रममा आफूलाई चरम शारीरिक र मानसिक यातना दिइएको जसले गर्दा आफू स्वच्छ सुनुवाइको मौकाबाट वञ्चित भएको भन्नेसमेत जिकिर लिएको देखिन्छ । निवेदकले आफ्नो विरूद्ध मुद्दाको पुर्पक्ष हुँदा फौजदारी न्याय तथा प्राकृतिक न्यायका आधारभूत सिद्धान्तहरूको गम्भीर रूपमा उल्लङ्घन भएको भनी उल्लेख गरेको देखिन्छ। कुनै पनि न्यायिक निकायले खासगरी फौजदारी मुद्दामा प्राकृतिक न्यायको विपरीत तथा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूको गम्भीर उल्लङ्घन गरी कुनै फैसला गर्छ भने त्यसरी भएको फैसलालाई त्रुटिपूर्ण मानिने सन्दर्भमा निवेदकको विरूद्धमा रिभल्वर चोरी गरेको अभियोगमा थुनामा राखी अदालतमा मुद्दाको सुनुवाइ गर्दाको चरणसम्म फौजदारी न्याय तथा प्राकृतिक न्यायका सिद्धान्तहरूको पालना भएको थियो वा थिएन भन्ने सम्बन्धमा गम्भीर रूपमा विचार गर्नुपर्ने देखिएको छ।

१३. कुनै पनि व्यक्तिलाई राज्यको निकायले कुनै फौजदारी कसुर गरेको अभियोगमा न्यायिक वा अर्धन्यायिक निकायमा मुद्दा दायर गर्छ भने सो व्यक्तिलाई पक्राउ गर्ने, उक्त अपराधको अनुसन्धान

गर्ने, अदालतमा मुद्दाको सुनुवाइ गर्ने तथा फैसला कार्यान्वयनसम्मको चरणहरूमा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूको अनिवार्य पालना गर्नुपर्छ। राज्य आफैँमा एउटा शक्तिशाली संस्था हो। जोसँग प्रहरी शक्ति रहेको हुन्छ। राज्यको सामुन्ने कुनै पनि व्यक्ति निरिह र कमजोर हुन्छ। त्यसकारण राज्य वादी भई कुनै व्यक्तिको विरूद्धमा फौजदारी मुद्दा दायर गरिन्छ भने राज्यले अनिवार्य रूपमा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूको परिपालना गर्नुपर्छ। आरोपित व्यक्तिलाई स्वच्छ सुनुवाइको मौका दिइनुपर्छ। स्वच्छ सुनुवाइको मौका प्राप्त गर्नु व्यक्तिको अधिकार हो, यो राज्यले प्रदान गर्ने छुट वा सहुलियत होइन। स्वच्छ सुनुवाइको हक प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार हो। जसको अनुपस्थितिमा न्यायिक काम कारबाहीले मान्यता र वैधता दुवै पाउन सक्दैन। स्वच्छ सुनुवाइको मौका नदिँदा फौजदारी न्याय प्रणालीमा स्वेच्छाचारिताको जन्म हुन पुग्छ, प्रहरी शक्तिको दुरूपयोग भई निर्दोष व्यक्तिहरू अनाहकमा दोषी ठहऱ्याइन सक्छन्। फलस्वरूप न्याय मर्न सक्छ। कुनै पनि समाज न्याय प्राप्तिको लागि गठन भएको हो। राज्य आफैँ पनि आफ्ना नागरिकलाई न्याय प्रदान गर्न स्थापित भएको हुन्छ। हरेक राज्यको मुख्य उद्देश्य आफ्ना नागरिकलाई न्याय प्रदान गर्नु भन्ने हो। आधुनिक समयमा न्याय बिनाको समाज र राज्यको कल्पना गर्न सकिँदैन। त्यसमाथि राज्य वादी भई चल्ने फौजदारी मुद्दाको सन्दर्भमा फौजदारी न्यायको सिद्धान्तको पालना अझ अपरिहार्य हुन्छ। त्यसैले विश्वका हरेक सभ्य राष्ट्रहरूको कानूनी प्रणालीमा फौजदारी न्याय प्रणालीका आधारभूत सिद्धान्तहरूको अवलम्बन र पालना अनिवार्य रूपमा गरिएको हुन्छ। सोहीबमोजिम फौजदारी न्यायका सिद्धान्तलाई अन्तर्राष्ट्रिय कानूनहरूले समेत सुनिश्चित गरेका छन्। नेपालको सन्दर्भमा पनि स्वच्छ सुनुवाइको हकलाई संविधानले मौलिक हकअन्तर्गत संरक्षण प्रदान गरी यस अदालतबाट विभिन्न मुद्दामा स्वच्छ सुनुवाइको हक फौजदारी न्यायको आधारभूत सिद्धान्त भएकोले यसको पालना अपरिहार्य हुने भनी व्याख्या भएको पाइन्छ।

१४. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ (International Covenant on Civil and Political Rights, 1966) को धारा १४ मा यससम्बन्धी विशेष व्यवस्था गरिएको छ। जसअनुसार व्यक्तिलाई निज विरूद्ध लागेको अभियोगको बारेमा उसले बुझ्ने भाषामा जानकारी दिनुपर्ने, प्रतिरक्षाको लागि पर्याप्त समय र सुविधा तथा उसले रोजेको कानून व्यवसायीसँग परामर्श गर्न दिनुपर्ने, आफ्नो विरूद्ध साक्षी बन्न कर लगाउन नपाइनेलगायतका अधिकारहरू आरोपित व्यक्तिमा हुनेछ भनी उल्लेख गरिएको छ। हाम्रो सन्दर्भमा हेर्दा नेपालको संविधानको धारा २० ले न्यायसम्बन्धी हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ भने यी रिट निवेदकलाई प्रहरी विशेष अदालतमा मुद्दा चलाउँदाको तत्कालीन समयमा विद्यमान रहेको नेपालको संविधान, २०१९ को धारा ११ ले समेत स्वतन्त्रताको हकअन्तर्गत केही फौजदारी न्यायसम्बन्धी हकहरूसमेत सुनिश्चित गरेको देखिन्छ। जसमध्ये कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएकोभन्दा बढी सजाय नदिइने, एउटै कसुरमा एकपटकभन्दा बढ्ता मुद्दा नचलाउने, अभियोग लागेको व्यक्तिले स्वेच्छाले बयान दिएमा बाहेक निजलाई आफ्नो विरूद्धमा बयान दिन कर नलगाइने, आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिने अधिकारबाट वञ्चित नगरिने, गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारणसहितको सूचना यथाशीघ्र दिने, गिरफ्तार गरिएको व्यक्तिलाई बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउने भन्ने व्यवस्था रहेको पाइन्छ। यसरी फौजदारी न्यायका उल्लिखित

सिद्धान्तहरू तत्कालीन अवस्थामा समेत संवैधानिक हकको रूपमा स्थापित रहेकोमा रिभल्वर चोरी गरेको अभियोगमा यी निवेदकउपर अनुसन्धान गरिँदा तथा अदालतमा सुनुवाइ गरिँदा उल्लिखित सिद्धान्तहरूको अक्षरशः पालना गरिएको हुनै पर्छ।

१५. अब प्रहरी विशेष अदालतबाट फैसला हुँदा निवेदकलाई स्वच्छ सुनुवाइको मौका दिइएको थियो वा थिएन भन्ने सम्बन्धमा विचार गरौँ। रिट निवेदकले कुनै अदालत वा न्यायाधीशसमक्ष आफूलाई कुनै प्रकारले उपस्थित गराउने वा बयान गराउने कामसम्म नगरी प्रहरी तालिम केन्द्रबाट घाइते अवस्थामा नै केन्द्रीय कारागार पठाइएको, आफूलाई के कुन कारणले थुनामा राखिएको हो भन्ने जानकारी नगराइएको, आफ्नो विरूद्ध भएको फैसला नसुनाइएको तथा पुनरावेदनको म्यादसमेत नदिइएको भन्नेसमेत जिकिर लिएको अवस्था छ। निवेदकले आफ्नो रिट निवेदनमा यसप्रकारका गम्भीर आरोपहरू लगाइरहँदा विपक्षीहरूले आफ्नो लिखित जवाफमा सो कुरा अन्यथा भएको भनी कहिँकतै खण्डन गर्न सकेको देखिँदैन। रिट निवेदकले जिकिर लिएजस्तो के निवेदकलाई साँच्चिकै स्वच्छ सुनुवाइबाट वञ्चित गरिएको थियो त ? भन्ने सम्बन्धमा विचार गर्दा जिल्ला प्रहरी विशेष अदालतबाट मिति २०४५।५।२४ मा भएको फैसलाको अध्ययन गर्न सकिन्छ। उक्त फैसलाको ठहर खण्डमा *"प्रस्तुत मुद्दामा सङ्कलित मिसिल कागजातसमेत अध्ययन गरी निर्णयतर्फ विचार गर्दा, मध्यक्षेत्रीय प्रहरी तालिम केन्द्र दरबन्दीका प्रहरी जवान यज्ञबहादुर के.सी.ले बाहिरिया व्यक्तिहरूसँग साँठगाँठ गरी आएको र प्रहरी हवलदार खुलबहादुर कुँवरलाई समेत अनेकन लोभलालचमा पारी प्रहरी जवान यज्ञबहादुर केसीले आफ्नो बचपनको साथी भन्ने राजकुमार थापालाई साथ लिई निजबाट ... रू.२००।- समेत लिई रिभल्वर थान २ लिई लुटपिटसमेत ... भनिदिएको र प्रहरी हवलदार खुलबहादुर कुँवरले आफ्नो जिम्माको रिभल्वर थान २, एकजोर जुत्ता, नगद रू... लिई प्रलोभनमा परी दिएकोले... दुवैजनालाई प्रहरी ऐन, २०१२ (संशोधनसहित) को दफा ३३(ख) को देहाय (घ) र (ङ) अनुसारको कसुर गरेको ठहर्छ"* भन्नेसम्म उल्लेख भई रिट निवेदकलाई ४ वर्ष कैद र एक वर्ष बराबरको तलब जरिवानासमेत गर्नु भन्ने फैसलाको तपसिल खण्डमा उल्लेख भएको देखिन्छ।

१६. उक्त फैसलामा निवेदकलाई कुन कसुरमा के सजाय भएको भन्नेसम्म उल्लेख छ तर के आधार र कारणमा उक्त फैसला गरिएको हो भन्ने सम्बन्धमा केही उल्लेख गरेको देखिँदैन। कुनै पनि न्यायिक निकायले गर्ने निर्णयमा आधार र कारण खुलाउनु पर्छ। अझ कुनै व्यक्तिलाई कसुरदार ठहर गरी सजाय गर्ने सम्बन्धमा कारणसहितको निर्णय हुनुपर्ने भन्ने कुरा झनै महत्त्वपूर्ण हुन्छ। के आधार, कारण र प्रमाणको आधारमा निर्णयकर्ता उक्त निर्णयमा पुगेको हो भन्ने सम्बन्धमा निर्णयमा स्पष्ट रूपमा खुलेको हुनुपर्छ। राष्ट्रसेवक प्रहरीको रूपमा कार्यरत व्यक्तिलाई रिभल्वर चोरी गरेको जस्तो सङ्गीन अभियोगमा कैदको सजाय गरिएको फैसलामा अनिवार्य रूपमा कसुर ठहर गर्नाको आधार र कारण खुलाइनु पर्दछ। तर उल्लिखित फैसलामा निर्णयकर्ताले के आधार र कारणमा निवेदकलाई रिभल्वर चोरी गरेको ठहर गरेको भन्ने सम्बन्धमा केही उल्लेख नगरी सामान्य प्रशासकीय निर्णयजस्तो गरी यी निवेदकलाई रिभल्वर चोरीमा दोषी ठहऱ्याइएको छ। चोरीको कसुरमा कसुरदार ठहर गर्नको लागि न्यायकर्ताले जे जुन तरिकाले कारणसहितको निर्णय दिनुपर्ने हो त्यसको अभाव देखिएको निर्णयलाई प्राकृतिक न्यायको सामान्य सिद्धान्तअनुकूलको निर्णय भन्न मिल्दैन।

१७. रिट निवेदनमा निवेदकले आफूलाई अदालतमा मुद्दाको सुनुवाइको क्रममा कुनै प्रकारको सूचना नदिइएको र आफ्नोतर्फबाट प्रतिनिधित्वसमेत नभएको भनी जिकिर लिएकोमा सो सम्बन्धमा विचार

गर्दा, फैसलामा निवेदकको तर्फबाट कुनै कानून व्यवसायी रहेको वा नरहेको तथा रहेको भए के कस्तो बहस जिकिर लिएको भन्ने सम्बन्धमा केही उल्लेख भएको देखिँदैन। निवेदकले स्वेच्छाले वा असमर्थताले कानून व्यवसायी नराखेको भए सो सम्बन्धमा पनि केही उल्लेख हुनुपर्ने थियो तर केही पनि उल्लेख भएको छैन। यसरी उक्त फैसलामा प्रतिवादी रहेका निवेदकको तर्फबाट को कानून व्यवसायी उपस्थित थिए र निजको के जिकिर रहेको थियो भन्ने सम्बन्धमा केही उल्लेख नहुनुबाट आफूलाई सुनुवाइको सम्बन्धमा केहि जानकारी नदिइएको र कानून व्यवसायीबाट प्रतिनिधित्व हुन नपाएको भन्ने रिट निवेदकको जिकिर समर्थित हुन आउँछ। त्यसैगरी उक्त फैसला भएपछि चित्त नबुझे ३५ दिनभित्र पुनरावेदन सुन्ने कार्यालयसमक्ष पुनरावेदन दिनु भन्ने सुनाई दिने र निस्सा मिसिल सामेल राख्ने भन्ने उल्लेख भएपनि सोअनुसार उक्त फैसलाको सम्बन्धमा निवेदकलाई जानकारी दिएको र पुनरावेदन गर्नको लागि निवेदकले म्याद बुझेको भन्ने पनि कहिँकतैबाट पुष्टि हुन आउँदैन। कुनै न्यायिक वा अर्धन्यायिक निकायले कुनै फैसला गर्छ भने उक्त फैसलाबाट प्रभावित पक्षले चित्त नबुझ्दाको अवस्थामा कुन निकायमा पुनरावेदन गर्न पाउने हो सो सम्बन्धमा स्पष्ट रूपमा जानकारी गराउनु पर्ने हुन्छ। तर प्रस्तुत रिट निवेदनमा संलग्न मिसिल कागजातहरूको अध्ययन गरी हेर्दा फैसला हुँदाको अवस्थामा थुनामा रहेका यी निवेदकलाई जिल्ला प्रहरी विशेष अदालतबाट भएको फैसलाउपर कुन निकायमा पुनरावेदन गर्ने भन्ने बारेमा उल्लेख छैन।

१८. रिट निवेदकले निवेदनपत्रमा आफूलाई अत्यन्त कष्टकरपूर्ण यातना दिएको कुरालाई मार्मिक रूपमा उल्लेख गरेको पाइन्छ। वि.सं.२०४४ साल माघ महिनादेखि थुनामा राखिएकोमा अनुसन्धानको नाममा नियमित कुट्ने, हातको नङ तान्ने, हात र खुट्टा बाँधेर पिडौंला र तिघ्राको पछिल्लो भागमा कुट्ने, आँखामा कालोपट्टी बाँधी मध्यरातमा रानीवनमा लगी रूखमा बाँधी झुन्डाउनेलगायतका यातनाको लामो श्रृङ्खला आफूले भोग्नुपरेको भन्ने उल्लेख गरेको पाइन्छ। यसरी रिट निवेदकले आफूलाई चरम यातना दिएर मुद्दाको अनुसन्धान गरिएको भनी जिकिर लिएको सन्दर्भमा विपक्षीहरूको लिखित जवाफमा सो कुरालाई कहिँकतै खण्डन गरेको देखिँदैन। बरू मिति २०६०।०४।१३ मा निवेदकको शारीरिक परीक्षण गरी दिइएको प्रतिवेदनमा "The injury in finger joint and with restricted movement is unlikely produced before his arrest because he was on duty police personal at the time of arrest. Other scars present is his body are old ones and could be as a result of healing of the injuries sustained during the alleged time of infliction” भनी उल्लेख भएको देखिन्छ। यातना दिएको भनिएको मितिबाट धेरै वर्ष (करिब १६ वर्ष) पछि गरिएको शारीरिक परीक्षणबाट निश्चय नै घटनाको प्रत्यक्ष पुष्टि हुने नहुने छुट्टै कुरा हुन सक्ला तर पनि उक्त प्रतिवेदनले निवेदकको जिकिरलाई खण्डन गर्न सकेको अवस्था छैन।

१९. यसरी निवेदकलाई रिभल्वर चोरी गरेको अभियोगमा पक्राउ गरी अनुसन्धान गर्दादेखि मुद्दाको सुनुवाइको क्रममा प्राकृतिक न्याय र फौजदारी न्यायको आधारभूत सिद्धान्तहरूको पालना नगरी स्वच्छ सुनुवाइबाट वञ्चित गरेको देखिएको छ। रिट निवेदकले रिभल्वर चोरी गर्ने कसुर नगरेको अवस्थामा पनि निजले सोही कसुरमा सजाय भोगिसकेको भन्ने कुरा माथि उल्लेख भइसकेको छ। एउटा निर्दोष व्यक्तिलाई दोषी ठहर गरी सजायसमेत दिइएको उक्त तथ्यगत अवस्थाको पृष्ठभूमिमा हेर्दा रिट निवेदकले उल्लेख गरेको उल्लिखित दाबीलाई अन्यथा भन्न सकिने अवस्था छैन। मूलत: प्रस्तुत रिट निवेदनसँग सम्बन्धित कागजातको अध्ययन गर्दा पनि रिट

निवेदकउपर चलाइएको कारबाहीमा प्राकृतिक न्यायको सिद्धान्त एवम् फौजदारी न्यायको आधारभूत सिद्धान्तको अवलम्बन गरिएको भन्ने अनुमानसम्म पनि गर्न सकिने अवस्था देखिँदैन।

२०. अब रिट निवेदकले निवेदन मागबमोजिमको क्षतिपूर्ति पाउने अवस्था छ वा छैन भन्ने तेस्रो प्रश्नतर्फ विचार गर्नुपर्ने भएको छ। निवेदकले क्षतिपूर्ति सम्बन्धमा लिएको दाबी हेर्दा आफूलाई सेवाबाट हटाउनुपूर्वको अवस्थाको पाउने तलब सुविधालगायतका सम्पूर्ण क्षतिपूर्ति पाउनुपर्ने भन्ने दाबी लिइएको पाइन्छ। माथि प्रकरणहरूमा उल्लेख भएबमोजिम यी रिट निवेदक आफू कार्यरत रहेको संस्थाले गरेको गलत अनुसन्धान अभियोजन न्यायिक कार्यविधि एवम् प्रहरी विशेष अदालतबाट भएको गलत फैसलाको कारणले अनाहकमा लामो समयसम्म कैदी जीवन व्यतित गर्नु परेको अवस्था स्पष्ट नै रहेको छ। अर्को शब्दमा भन्नुपर्दा राज्यद्वारा गठित न्यायिक निकायले गरेको अन्यायपूर्ण फैसलाको कारण न्यायमा गम्भीर त्रुटि (Miscarriage of Justice) को अवस्था उत्पन्न भई यी निवेदकको संविधान र कानूनद्वारा प्रदत्त मौलिक अधिकार एवम् मानवअधिकारको चरम रूपमा हनन् भई आफूले गर्दै नगरेको कसुरबापत कैद सजाय भोग्नुपरेको अवस्था छ। राज्यका निकायले गरेको गलत निर्णयको कारणले कोही व्यक्ति पीडित बन्छ वा त्यस्तो व्यक्तिको संविधान र कानूनद्वारा प्रदान गरिएको नागरिक स्वतन्त्रताको हक हरण हुन पुग्छ भने त्यस्ता व्यक्तिलाई पुगेको पीडाबापत निजले राज्यसँग क्षतिपूर्तिको माग गर्नु स्वाभाविक मात्र होइन न्यायोचितसमेत हो। हाम्रो सन्दर्भमा Miscarriage of Justice को कारणले पीडित व्यक्तिहरूलाई के कस्तो क्षतिपूर्ति दिने भन्ने सम्बन्धमा अलग कानूनी प्रबन्ध नभए तापनि विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानूनले यस सम्बन्धमा व्यवस्था गरेका छन् भने विभिन्न देशको कानूनले समेत यस सम्बन्धमा व्यवस्था गरी यसको अभ्यास गर्दै आएका छन्। जसको सम्बन्धमा यहाँ उल्लेख गर्न सान्दर्भिक हुन्छ।

२१. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १४ को उपधारा ६ मा अन्तिम निर्णयबाट कुनै व्यक्तिले फौजदारी कसुरमा सजाय पाएको र पछि गएर नयाँ वा हालै पत्ता लागेको तथ्यबाट बेइन्साफ भएको कुरा निर्विवाद रूपमा पुष्टि भएको भन्ने आधारमा निजको सजाय उल्टाइएको वा निजलाई माफी दिइएको अवस्थामा पूर्ण वा आंशिक रूपमा निजको कारणबाट अज्ञात तथ्यहरू समयमै पत्ता लाग्न नसकेको कुरा प्रमाणित भएकोमा बाहेक, त्यस्तो सजायको परिणाम स्वरूप दण्ड सजाय भोगेको त्यस्तो व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति दिइनेछ भन्ने व्यवस्था गरेको देखिन्छ। त्यसैगरी संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले सोही धाराको सम्बन्धमा टिप्पणी गर्दै आफ्नो टिप्पणी नं. ३२ मा Miscarriage of Justice भएको अवस्थामा क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गरिनुपर्ने र मनासिब समयभित्र त्यस प्रकारको क्षतिपूर्ति दिइनुपर्ने भनी व्याख्यासमेत गरेको देखिन्छ। यसरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले Miscarriage of Justice को अवस्था सिर्जना भएकोमा सोबाट पीडित व्यक्तिलाई राज्यले उपयुक्त क्षतिपूर्ति दिनुपर्ने भनी व्यवस्था गरेको देखिन्छ।

२२. यसैगरी विभिन्न देशहरूले समेत आफ्नो घरेलु कानूनमा यससम्बन्धी व्यवस्था गरेका छन्। उदाहरणको लागि बेलायतको Criminal Justice Act, 1988 को परिच्छेद एघारमा Miscarriage of Justice शीर्षकमा अलग व्यवस्था गरी दफा १३३, १३३क र १३३ख मा सोसम्बन्धी व्यवस्था गरेको देखिन्छ। जसअनुसार गलत फैसलाको कारणले सजाय भोगेको

व्यक्तिलाई राज्यको तर्फबाट क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गरिएको छ । जर्मनीको संविधानले नै यस सम्बन्धमा केही व्यवस्था गरेको देखिन्छ । जर्मनीको संविधानको धारा ३४ मा आधिकारिक जिम्मेवारीको उल्लङ्घनबाट उत्पन्न हुने दायित्व (Liability for violation of official duty) सम्बन्धमा व्यवस्था गरेको छ । जसमा कुनै पनि सरकारी अधिकारीले आफ्नो सार्वजनिक दायित्व पूरा नगरेको कारणले पुगेको हानिको क्षतिपूर्ति तिर्ने प्राथमिक दायित्व राज्य तथा निज कार्यरत निकायको हुने भनी उल्लेख गरेको छ। त्यसैगरी गलत फौजदारी अभियोजनको कारणबाट पीडित भएका व्यक्तिहरूलाई क्षतिपूर्ति दिने सम्बन्धमा जर्मनीमा Law on Compensation for Criminal Prosecution Proceedings, 1971 भन्ने अलग कानून रहेको पाइन्छ । जसले गलत अभियोजन र फैसलाको कारणले सजाय पाएको व्यक्तिलाई राज्यले उचित क्षतिपूर्ति दिनुपर्ने भन्ने व्यवस्था गरेको छ । Miscarriage of Justice को कारणले पीडित भएका व्यक्तिहरूलाई क्षतिपूर्ति दिने सम्बन्धमा क्यानडाले Federal / Provincial Guidelines on Compensation for Wrongfully Convicted and Imprisoned Persons को व्यवस्था गरेको छ । जसले कस्तो अवस्थामा क्षतिपूर्ति दिने भन्ने सम्बन्धमा व्यवस्था गरेको छ। उक्त व्यवस्थाअनुसार क्षतिपूर्ति प्राप्त गर्नको लागि गलत फैसलाको कारणले कैद सजाय भएको हुनुपर्ने, सामान्य पुनरावेदकीय प्रक्रियाबमोजिम नभई नयाँ पत्ता लागेको तथ्यको आधारमा फैसला उल्टिएको हुनुपर्ने, नयाँ पत्ता लागेको तथ्यबाट निवेदक तथ्यगत रूपमा नै निर्दोष देखिई Miscarriage of Justice को अवस्था देखिएको हुनुपर्नेलगायतका सर्तहरू उल्लेख गरेको देखिन्छ।

२३. यसरी अन्तर्राष्ट्रिय मानव अधिकार कानून तथा विभिन्न देशहरूको अभ्यासलाई दृष्टिगत गरी हेर्दा गलत फैसलाको कारणले कोही व्यक्ति अन्यायपूर्ण रूपमा सजाय भोग्न बाध्य हुन्छ र कालान्तरमा नयाँ तथ्यको उद्घाटन भई उक्त व्यक्ति निर्दोष साबित हुन्छ भने त्यस्तो व्यक्तिलाई मनासिब क्षतिपूर्ति दिने अभ्यास रहेको देखिन्छ।

२४. नेपालको सन्दर्भमा हेर्दा Miscarriage of Justice को अवस्था उत्पन्न भई पीडित भएका व्यक्तिहरूलाई क्षतिपूर्तिको व्यवस्था गर्नको लागि अलग कानूनी प्रबन्ध भएको पाइँदैन । नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरी कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित नगरिने भन्ने कुराको प्रत्याभूति प्रदान गरिएको छ। त्यस्तै संविधानको धारा २० ले न्यायसम्बन्धी अधिकार सुनिश्चित गर्दै कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा नराखिने, पक्राउ परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने, तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी नहुने र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएको भन्दा बढी सजाय नदिइने एवम् कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने भन्ने कुरालाई मौलिक हकअन्तर्गत संरक्षण गरिएको पाइन्छ। त्यसैगरी मौलिक हकअन्तर्गत धारा २२ मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने तथा त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुने भई त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनी यातना विरूद्धको हकलाई समेत मौलिक हकको रूपमा मान्यता प्रदान गरिएको पाइन्छ।

२५. २०७५ साल भाद्रदेखि लागू भएको मुलुकी अपराध संहिता ऐन, २०७४ ले निर्दोष व्यक्तिलाई

फसाउन बदनियतपूर्वक मुद्दा चलाउने कार्यलाई कसुर मानेको पाइन्छ। संहिताको दफा ९९ मा *कानूनबमोजिम अनुसन्धान वा अभियोजन गर्ने जिम्मेवारी पाएको अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसुरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोग लगाउन नहुने, त्यसरी बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको अवस्थामा सो गर्ने वा गराउने व्यक्तिलाई ६ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने तथा त्यस प्रकारको कसुरबाट कुनै व्यक्तिलाई कुनै किसिमको हानि नोक्सानी भएमा निजले त्यस्तो कसुरदारबाट क्षतिपूर्ति भराई लिन सक्ने* भन्ने व्यवस्था गरेको देखिन्छ । त्यसैगरी राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), १९६६ को नेपाल पक्ष राष्ट्र भएको र उक्त प्रतिज्ञापत्रमा त्यसरी पीडित भएका व्यक्तिलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने भन्ने व्यवस्था भएबाट Miscarriage of Justice को अवस्थाबाट पीडित भएका व्यक्तिहरूलाई क्षतिपूर्ति उपलब्ध गराउनबाट राज्यले पूर्ण रूपमा इन्कार गर्न सक्ने अवस्था छैन।

२६. हाम्रो सन्दर्भमा Miscarriage of Justice को अवस्था उत्पन्न भई पीडित भएका व्यक्तिहरूलाई क्षतिपूर्ति प्रदान गर्ने कानून निर्माण गर्नु भनी अमृतप्रसाद श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. संवैधानिक इजलास खण्ड, भाग १, अंक १) भएको रिटमा यस अदालतको संवैधानिक इजलासले *"सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा सूचीबद्ध फौजदारी मुद्दा वा नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कसुरका सम्बन्धमा जानीजानी वा पूर्वाग्रह पीडित भई देखादेखी गलत अनुसन्धान र अनुचित अभियोजनका कारण आरोपित व्यक्ति थुनामा बस्नुपर्ने भई थुनामा रहेको तर मुद्दामा अन्तिम निर्णय हुँदा सफाइ पाएको अवस्थामा त्यसरी थुनामा बस्नु परेको अवधिको राज्यद्वारा न्यायोचित क्षतिपूर्तिको व्यवस्थासहितको कानून निर्माण गर्नु"* भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको भए तापनि हालसम्म यसप्रकारको कानूनको निर्माण भएको देखिँदैन । यद्यपि अपराधबाट पीडित भएका व्यक्तिहरूलाई राज्यले क्षतिपूर्ति दिनुपर्छ भन्ने मान्यतालाई यस अदालतले विभिन्न मुद्दामा व्याख्या गरी पीडितहरूलाई क्षतिपूर्तिको व्यवस्था गर्नको लागि विभिन्न समयमा निर्देशनात्मक आदेश जारी गरेको देखिन्छ । उदाहरणको लागि राजेश कुमार (परिवर्तित नाम) को जाहेरीले नेपाल सरकार विरूद्ध राजु सरदार भएको जबरजस्ती करणी मुद्दामा (ने.का.प.२०७३, अंक ७, नि.नं. ९६३३) *"फैसलाबाट भरी पाउने ठहर गरेको क्षतिपूर्तिको रकम पीडितले प्राप्त गर्न नसकेमा ऐनको क्षतिपूर्ति भराउने उद्देश्यमा नै प्रश्नचिह्न लाग्ने हुन्छ । असक्षम तथा बालबालिकाहरूको संरक्षक अन्ततोगत्वा राज्य नै रहने parens patriae को सिद्धान्तसमेत रहेको परिप्रेक्ष्यमा यस्ता नाबालिगबाट अपराध पीडितले प्राप्त गर्ने रकम राज्यको तर्फबाट उपलब्ध गराउँदा संविधानले बालबालिकाहरूलाई प्रत्याभूत गरेका हक अधिकारहरूको सम्मान हुन जाने तथा बालबालिकाहरूको सर्वोत्तम हित सुव्यवस्थित गराउन जारी भएका कानूनहरूको पनि उपयुक्त र प्रभावकारी सम्बोधन हुने देखिन्छ । यसरी जबरजस्ती करणी मुद्दामा पीडितले भरी पाउने ठहरेको क्षतिपूर्तिको रकम पीडक नाबालिग वा असक्षम रहेको अवस्थामा पनि निजबाट नै भराउनु पर्ने भनी ऐनको संकुचित अर्थ गर्दा पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हक कुण्ठित हुन जाने हुँदा सोसमेतलाई मध्यनजर गरी कानूनद्वारा तोकिएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट उपलब्ध गराउन उपयुक्त र न्यायसम्मत समेत देखिने"* भनी व्याख्या गरेको देखिन्छ।

२७. त्यसैगरी निवेदक पदममाया गुरूङ विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को

कार्यालयसमेत भएको ०७१-WO-०५१२ को उत्प्रेषण परमादेशको रिटमा यस अदालतबाट *"कुनै पनि नागरिकलाई अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधि थुनामा राख्नु संवैधानिक एवम् कानूनी व्यवस्थाको प्रतिकूल देखिएको हुँदा निवेदक सर्वोच्च अदालतको मिति २०५१।२।५ को फैसलाले लागेको कैद वर्ष ५ मात्र कैदमा बस्नुपर्नेमा ५ वर्ष ६ महिना ७ दिन बढी अवधि कैदमा बसेको देखिएकाले कैद बसेको अवधिको प्रतिदिन रू. तीन सयका दरले हुन आउने छ लाख तीन हजार छ सय रूपैयाँ निवेदकलाई क्षतिपूर्तिबापत भराई दिनु भनी नेपाल सरकारका नाममा परमादेश जारी हुने"* ठहरी मिति २०७४।१।११ मा निर्णय भएको देखिन्छ।

२८. वस्तुतः राज्य आफैं सञ्चालित हुने वस्तु होइन । राज्य सञ्चालनका लागि विभिन्न निकाय र पदाधिकारीको व्यवस्था गरिएको हुन्छ। यिनै निकाय तथा पदाधिकारीहरूले राज्यका कामकारबाही सञ्चालन गर्दछन् । यसरी राज्यको तर्फबाट कामकारबाही गर्दा विभिन्न व्यक्ति वा निकायबाट कहिलेकाहीँ जानी नजानी कानून विपरीतका कामकारबाही र निर्णयहरू भएका हुन सक्छन् । एउटा सभ्य र लोकतान्त्रिक समाजमा राज्यले यसप्रकारका गल्तीहरूलाई ढाकछोप गर्ने होइन । आधुनिक लोकतान्त्रिक राज्यले आफूबाट भएका गलत कामकारबाही भविष्यमा नदोहोराउने प्रतिबद्धता व्यक्त गर्दै पीडितलाई मनासिब क्षतिपूर्ति दिने अपेक्षा गरिन्छ। प्रस्तुत रिट निवेदनमा यी रिट निवेदक राष्ट्रसेवक प्रहरी कर्मचारीको रूपमा कार्यरत रहेकै अवस्थामा आफूले गर्दै नगरेको रिभल्वर चोरीको अभियोगमा अन्यायपूर्ण तवरबाट थुनामा राखी, स्वच्छ सुनुवाइको अवसरबाट वञ्चित गरी, जबरजस्ती रूपमा कैद सजाय गरिएकोमा कैद भुक्तान गरी निस्किसकेपछि उक्त रिभल्वर चोरी कार्यमा अर्को व्यक्ति संलग्न रहेको भनी सप्रमाण पुष्टि हुन आएको अवस्था छ। यसरी निवेदक निर्दोष हुँदाहुँदै पनि राज्यका निकायहरूको लापरवाहीपूर्ण काम कारबाहीको परिणाम स्वरूप अनाहकमा कैदमा बस्नुपरेको दुर्भाग्यपूर्ण अवस्था देखिन्छ । यस अवस्थामा यी निवेदकलाई राज्यले क्षतिपूर्ति दिनु नै पर्ने देखिन आयो।

२९. अब निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने अन्तिम प्रश्नको सम्बन्धमा विचार गर्दा, माथिका प्रकरणहरूमा विवेचना भएबमोजिम यी निवेदकको रिभल्वर चोरीमा कुनै प्रकारको संलग्नता नरहेको र निवेदकबाट चोरी गरिएको भनिएकोमध्ये एउटा रिभल्वर अरू नै व्यक्तिबाट बरामद भई निजले आफूले चोरी गरेकोसमेत स्वीकार गरी निजउपर मुद्दासमेत चलेको र अर्को चोरी गरिएको भनिएको रिभल्वर पनि प्रहरी कार्यालयमा आम्दानी बाँधिएको देखिएको अवस्थामा रिभल्वर चोरीको अभियोगमा रिट निवेदकलाई ४ वर्ष कैद र एक वर्ष बराबरको तलब जरिवाना हुने सजाय गरेको जिल्ला प्रहरी विशेष अदालत काठमाडौंको मिति २०४५।०५।२४ को फैसला तथा सो फैसलालाई सदर गर्ने गरेको मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनको मिति २०६९।११।११ को फैसलामा प्रत्यक्ष कानूनी त्रुटि रहेको देखिएको तथा उक्त फैसलाहरू गर्दा निवेदकलाई सुनुवाइको मौकासमेत दिएको नदेखिँदा प्राकृतिक न्यायको सिद्धान्त एवम् स्वच्छ सुनुवाइको सिद्धान्तको समेत विपरीत भएको पुष्टि हुन आएकोले उल्लिखित फैसलाहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। माथि प्रकरणहरूमा उल्लेख भएबमोजिम यी रिट निवेदकउपर भएको अन्यायपूर्ण कामकारबाहीको सन्दर्भमा राज्यबाट क्षतिपूर्ति पाउने हकदार रहेको देखिएको छ। प्रहरी सेवामा रहँदाकै अवस्थामा गलत रूपमा गरिएको अनुसन्धान, अभियोजन एवम् न्याय सम्पादनको परिणाम स्वरूप रिट निवेदक कैदमा बस्नु परी प्रहरी सेवाको पदबाट समेत हटाइएको अवस्था छ । रिट निवेदकउपर भएको अन्यायपूर्ण कार्यको

बदलामा कुनै पनि मौद्रिक क्षतिपूर्तिले भरिपूरण हुने अवस्था छैन, परन्तु क्षतिपूर्ति स्वरूप निजलाई उल्लिखित चोरीको अभियोगमा थुनामा राखिएको मितिदेखि निज अवकाश हुने मितिसम्मको निजले कानूनबमोजिम प्रहरी सेवामा रहँदा प्राप्त हुने तलब भत्ता र निवृत्तिभरणसमेतको सुविधा प्रदान गर्दा न्यायपूर्ण हुने देखिएकाले उपर्युक्तानुसार निजले प्राप्त गर्ने तलब, भत्ता र अन्य सुविधा प्रदान गरी निजले कानूनबमोजिम प्राप्त गर्ने निवृत्तिभरणको रकमसमेत यो आदेश प्राप्त भएको मितिले २ (दुई) महिनाभित्र निवेदकलाई उपलब्ध गराउनु भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी गरिदिएको छ। यो आदेशको कार्यान्वयनका लागि आदेशको प्रतिलिपिसहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई आदेश कार्यान्वयनको सन्दर्भमा आदेशको प्रतिलिपि यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखा र फैसला कार्यान्वयन निर्देशनालयलाई समेत पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृतः सन्देश श्रेष्ठ, कृति थापा
इति संवत् २०७५ साल फागुन २३ गते रोज ५ शुभम्।

❀❀ 🕮 ❀❀

## निर्णय नं. १०२५१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
फैसला मिति : २०७५।४।१६

मुद्दाः- लिखत दर्ता दाखिल खारेज बदर दर्ता हक कायम

०६८-CI-०३३०

पुनरावेदक / प्रतिवादी : केदार श्रेष्ठको पत्नी चितवन जिल्ला, भरतपुर नगरपालिका, वडा नं.५ बस्ने लक्ष्मी श्रेष्ठ

विरूद्ध

प्रत्यर्थी / वादी : प्रल्हाद श्रेष्ठको छोरा चितवन जिल्ला, भरतपुर नगरपालिका, वडा नं.१२ घर भई हाल ऐ.वडा नं. ५ बस्ने प्रवेग श्रेष्ठसमेत

०६८-CI-०४८१

पुनरावेदक / वादी : चितवन जिल्ला, भरतपुर नगरपालिका, वडा नं.१२ घर भई हाल ऐ.वडा नं.५ बस्ने वर्ष १३ को प्रमिस श्रेष्ठसमेत

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला धादिङ, सल्यानटार गा.वि.स., वडा नं.८ बस्ने प्रल्हाद श्रेष्ठसमेत

- **घरको मूली भएको व्यक्तिले घर व्यवहार चलाउन आफ्नो पालामा आर्जित सम्पत्तिमा आफूखुस गर्न पाउने भएपनि घर र घर परिवारको हितभन्दा बाहिर गएर गरिने आफूखुसीको बिक्री व्यवहारलाई मान्यता दिन नमिल्ने।**

- **पारिवारिक मनमुटाव भइरहेको स्थितिमा आफ्नै लागि पनि जरूरी अवस्थामा घरमूलीले केही सम्पत्ति बिक्री गर्न नपाउने भन्ने हुँदैन । घर परिवारमा प्रस्तुत मुद्दाको जस्तो नाबालिगसमेत रहेको अवस्था भए सम्पत्तिमा उनीहरूको अंश र हक हित पूर्णतः शून्य नै हुने गरी आफ्नै स्वार्थमा मात्र सिमित रहने घर व्यवहार चलाउन भनी बिक्री गर्न छुट हुँदैन । बिक्री भएको सम्पत्तिबाट प्राप्त रकम वादी नाबालिगहरूको हक हितमा प्रयोग भए नभए पनि वादी अंशियारहरूको अंशहक शून्य नहुने गरी घर व्यवहार चलाउन घरको मुख्य व्यक्तिले एकातर्फ कानूनले अधिकार प्रदान गरेबमोजिम केही सम्पत्ति बिक्री गर्न पाउने हुन्छ भने त्यसको साथसाथै बिक्री भएको सम्पत्तिमध्येबाट पनि नाबालिगहरूको अंश हक र हितसमेत समानुपातिक रूपमा संरक्षण गर्नुपर्ने ।**

(प्रकरण नं.५)

वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ
प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री रमनकुमार श्रेष्ठ
अवलम्बित नजिर :

- स.अ.बुलेटिन, २०६६, मार्ग-१, पृ.२२

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने:
मानननीय न्यायाधीश श्री भोजराज अधिकारी
चितवन जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री मोहनप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
पुनरावेदन अदालत हेटौंडा

फैसला

**न्या. तेजबहादुर के.सी.:** पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।०२।१६ मा भएको फैसलाउपर वादीहरू तथा प्रतिवादीको तर्फबाट न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतको पुनरावेदन सुन्ने अधिकारक्षेत्रअन्तर्गत दर्ता भई हाल न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) अन्तर्गत रही नियमानुसार इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

तथ्य खण्ड

विपक्षी पति / पिताले हामी स्वास्नी छोराहरूप्रतिको दायित्व निर्वाह नगरी उल्टो कुटपिट गरी खान लाउन नदिई घरबाट निकालासमेत गर्नुभएको हो । अंश माग गर्दा अंश पनि दिन्न, भएको केही सम्पत्ति पनि बिक्री गरिसकेँ, निरअंशियार बनाउँछु भनी अन्यायपूर्ण जवाफ दिनुभएको हो । फिरादीमध्येकी म सावित्री श्रेष्ठ मिति २०६५।०५।१० मा मालपोत कार्यालय, चितवनमा गई बुझ्दा विपक्षी पति / पिताले हामीहरूलाई निरअंशी बनाउने उद्देश्यले जालसाजीपूर्ण तवरबाट हामीहरूसमेतको अंश हक लाग्ने निजको नाउँमा दर्ता रहेको जिल्ला चितवन नारायणगढ वडा नं.७ कि.नं.३९० को ०-०-०१/२, कि.नं.३९२ को ०-०-१ र कि.नं.१४८७ को ०-१-१८१/४ तीन कित्ता पुरै जग्गा मिति २०६४।०१।२१ मा र.नं.५०३९ख को राजीनामा लिखतबाट विपक्षी पति / पिताले आफ्नै दिदी लक्ष्मी श्रेष्ठलाई बिक्री गर्नुभएको कुरा सोही मितिमा उक्त राजीनामा लिखतको नक्कल सारी थाहा पाएको हुँ । हामीहरूलाई थाहा जानकारी नदिई उक्त जग्गा राजीनामा लिखत गरी लिनुदिनु गरेको हुँदा हाम्रो अंश हकको उक्त कित्ताको जग्गामध्ये उत्तर दक्षिण

कित्ताकाट हुने गरी दक्षिण सडक मोहडा पर्ने गरी ५ भागको ४ भाग लिखत दर्ता दाखिल खारेज बदर गरी हामीहरूको नाउँमा हक कायम गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६५।०५।१२ को फिराद दाबी।

विपक्षी वादीहरूका पति / पिता प्रल्हाद श्रेष्ठ म प्रतिवादी लक्ष्मी श्रेष्ठका सहोदर भाइ नाताका मानिस हुन्। निज भाइलाई कडा रोग लागी उपचार गराउँदा धेरै रकम खर्च भएकोले निज वादीले नै मसँग आई दिदी भिनाजु तपाईहरूले घडेरी किनी दिनु पर्‍यो भनी भनेकोले मिति २०६४।१।२१ मा सावित्री श्रेष्ठ र निजका पति प्रल्हाद श्रेष्ठलाई राखी छलफल गर्दा चलन चल्तीको मूल्य रू.१,००,०००।- घरसारमा तिरी बुझाई बैंकको रकमसमेत रू.२,००,०००।- म लक्ष्मी श्रेष्ठले नै बुझाई दिएको हुँ। भाइ प्रल्हाद श्रेष्ठको नाउँको चितवन जिल्ला नारायणगढ वडा नं.७ कि.नं.३९० को ०-०-०५, ऐ. कि.नं.३९२ को ०-०-१, ऐ. कि.नं.१४७८ को ०-१-१८५ को तीन कित्ता पूरै जग्गा मिति २०६४।०१।२१ मा मालपोत कार्यालय, चितवनबाट र.नं.५०३९ख मार्फत राजीनामाको रजिस्ट्रेसन पारित गरी लिएको हुँ। वादीका पति / पितासँग लिनुपर्ने ऋण रकम रू.१,९५,०००।- साँवा र सोको ब्याजसमेत अझै लिन बाँकी नै छ। वादीले दाबी गरेको जग्गा मिति २०६४।०१।२१ मा रजिस्ट्रेसन पास भएकोमा हाल एक वर्ष ३५ दिनसमेतको हदम्याद नाघिसकेपछि लगभग १६ महिनापछि मिति २०६५।०५।१२ मा मात्र वादीको फिराद दायर भएको हुँदा फिराद खारेजयोग्य छ। प्रल्हादले मलाई बिक्री गरेको दाबीका जग्गा पैतृक सम्पत्ति नभई आफ्नो पालामा आर्जेका सम्पत्ति भएको र निजले बिक्री गरेको सम्पत्तिभन्दा बाँकी जग्गा बढी रही पैतृक घर जग्गाहरू यथावतै रहेका छन्।

धादिङ जिल्ला, सल्यानटार गा.वि.स., वडा नं.७ कि.नं.३९१ को ०-०-५३/४ र ऐ. कि.नं.३९३ को ०-०-७३/४ गरी ०-०-१३१।२ को घडेरी वादीकै नाउँमा छ। मुलुकी ऐन, अंशबन्डाको महलको १९(१) र (२) नं. मा भएको कानूनी व्यवस्थाबमोजिम मैले प्रतिवादी प्रल्हाद श्रेष्ठसँग खरिद गरी लिँदा यी वादीहरूलाई साक्षी राख्नुपर्छ भन्ने बाध्यात्मक कानूनी व्यवस्था नभएको र उक्त जग्गा प्रल्हाद श्रेष्ठको पैतृक सम्पत्तिसमेत नभएकाले मन्जुरीको छुट्टै कागज नगरिनुका साथै वादीहरूलाई साक्षीमा नराखेको हो। साक्षीमा नबसेको र मन्जुरी कागज नभएको भन्दैमा वादी दाबीअनुसार लिखत बदर हुने होइन, वादी दाबी खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी लक्ष्मी श्रेष्ठको मिति २०६५।८।१ को प्रतिउत्तरपत्र।

विपक्षी वादीले फिरादमा उल्लेख गरेको नाता सम्बन्धबाहेक अरू सम्पूर्ण कुराहरू झुट्ठा हुन्। म प्रतिवादीले वादीलाई कुटपिट गर्ने, खान लाउन नदिई घरबाट निकाला गर्नेसमेतको कुनै पनि कार्य गरेको छैन। मैले वादीहरूलाई इज्जत आमदअनुसार खान लाउन दिई नै रहेको छु। वादीले कानूनी प्रावधानबमोजिम जग्गा बिक्री भएको १ वर्षसम्म र थाहा पाएको ३५ दिनभित्र उजुर गर्नुपर्नेमा मिति २०६४।०१।२१ मा मैले बिक्री गरेको वादीदाबीको जग्गाउपर मिति २०६५।०५।१२ मा १५ महिनाभन्दा बढी समय व्यतित भइसकेपछि हदम्याद नाघी फिराद दायर भएको छ। वादीले दाबी गरेको कि.नं.३९०, ३९२, १४७८ का जग्गाहरू म प्रतिवादी बिरामी भई औषधि उपचार गर्न घर खर्च चलाउन मैले आफ्नै दिदी लक्ष्मी श्रेष्ठलाई चलन चल्तीको मूल्य लिई पास गरिदिएको हुँदा सो लिखत बदर हुनुपर्ने होइन। सोबाहेक वादी सावित्रीको नाउँमा मैले पहाडको पैतृक सम्पत्ति बिक्री गरी आएको रकमबाट चितवन जिल्ला नारायणगढ वडा नं.७ कि.नं.३९१ को ०-०-५३/४ र ऐ. कि.नं. ३९३ को ०-०-७३/४ जग्गा खरिद गरी लिए दिएसमेतबाट मैले वादीलाई अन्याय गरेको छैन। बैंकबाट ऋण लिई धितो राखेकोमा पहाडको घर घडेरी लिलाम हुने अवस्था पुगेकोमा सो ऋण तिर्नसमेत दिदी लक्ष्मी श्रेष्ठबाटै ऋण लिई सो बैंकको ऋणसमेत चुक्ता

गर्दा लगभग दुई लाख साँवा र सोको हुने ब्याजसमेत प्रतिवादीमध्येकी लक्ष्मी श्रेष्ठलाई तिर्न बाँकी नै रहेको र मैले अन्याय नगरेको हुँदा वादी दाबीबाट फुर्सद दिलाई पाउँ भन्ने बेहोराको प्रतिवादी प्रल्हाद श्रेष्ठको मिति २०६५।०८।११ को प्रतिउत्तरपत्र।

मिति २०६४।०१।२१ को लिखतका सम्बन्धमा मिति २०६५।५।१२ मा परेको फिराद लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र आएको देखिन नआएबाट तथ्यभित्र प्रवेश गरी इन्साफ गरी रहनुपर्ने अवस्था नदेखिँदा प्रस्तुत फिराद हदम्यादको अभावमा अ.बं.१८० नं. बमोजिम खारेज हुने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०६६।११।१९ को सुरू चितवन जिल्ला अदालतको फैसला।

लगाउको जालसाजी मुद्दामा आधीसम्म सम्पत्ति जालसाजी ठहर्ने भनी सुरू चितवन जिल्ला अदालतले फैसला गरेको अवस्था रहेको छ। त्यसमा ५ भागको ४ भाग लिखत जालसाजी घोषित हुनपर्ने हो भन्ने हाम्रो दाबी हो। दाबीअनुसार नै फैसला गरिनुपर्ने हो भनी जालसाजीतर्फ पनि आजै छुट्टै पुनरावेदन गरेका छौं। जालसाजी ठहर भइसकेपछि जालसाजी ठहर हुने सम्पत्तिमा हामीहरूको हक कायम पनि हुने गरी ५ भागको ४ भाग पाउने गरी लिखत दर्ता दाखिल खारेज बदर दर्ता हक कायम हुने गरी इन्साफ पाउँ भन्नेसमेत बेहोराको मिति २०६७।३।३१ मा वादीहरूको तर्फबाट पुनरावेदन अदालत हेटौंडामा परेको पुनरावेदन पत्र।

यसमा यसै लगाउको जालसाजी मुद्दामा विपक्षी झिकाउने आदेश भएको र प्रस्तुत मुद्दा सो मुद्दासँग अन्तरप्रभावी रहेकोले यसमा पनि छलफलमा प्रत्यर्थी झिकाई पेस गर्ने भन्नेसमेत बेहोराको मिति २०६७।८।१३ मा भएको पुनरावेदन अदालत हेटौंडाको आदेश।

५ भागको १ भाग लिखत दर्ता बदर भई वादी सावित्री श्रेष्ठका नाउँमा नरम गरम मिलाई दर्ता कायम हुने ठहर्छ। सोबमोजिम नगरी फिराद खारेज गरेको चितवन जिल्ला अदालतको मिति २०६६।११।१९ को फैसला उल्टी हुन्छ भनी मिति २०६८।२।१६ मा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला।

सुरू चितवन जिल्ला अदालतमा म पुनरावेदकले मिति २०६५।८।१ मा प्रतिउत्तर फिराउँदाको अवस्थामा नै विपक्षीले दाबी लिएको कि.नं.३९०, ३९२ र १४८७ समेतका जग्गाहरू मिति २०६४।१।२१ मा रजिस्ट्रेसन पास भएको जग्गा हो। विपक्षी फिरादीले सुरू फिराद गर्दा लिएको कानूनी आधार भनेको लेनदेन व्यवहारको १० नं. नै भएकोले सो व्यवस्थाअनुसार रजिस्ट्रेसन भएको १ वर्षसम्म थाहा पाएको ३५ दिनभित्र उजुर गर्नुपर्ने हुन्छ। विपक्षीले सो नगरी मिति २०६४।१।२१ को लिखत बदर गरी पाउन मिति २०६५।५।१२ अर्थात् १ वर्ष ३ महिना २१ दिनपछि मात्र अदालत प्रवेश गरेका हुन्।

हदम्यादको प्रश्न कानूनी प्रश्न भएकोले जहिलेसुकै र जुनसुकै तहमा उठाउन सक्ने हुन्छ। म पुनरावेदकले पुनरावेदन अदालत हेटौंडामा समेत हदम्यादको प्रश्न उठाएकोमा हदम्यादको सम्बन्धमा केही नबोली गरिएको उपर्युक्त फैसला मुलुकी ऐन लेनदेन व्यवहारको १० नं. को प्रतिकूल रहेको छ। साथै ने.का.प.२०५६, अंक ३, नि.नं.६६९० समेतका नजिरमा सर्वोच्च अदालतबबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल भएकोले पुनरावेदन अदालत हेटौंडाको फैसला बदर गरिपाउँ भन्ने बेहोराको प्रतिवादी लक्ष्मी श्रेष्ठको तर्फबाट यस अदालतमा परेको पुनरावेदन।

प्रत्यर्थीमध्येका पति / पिता प्रल्हाद श्रेष्ठ र हामी पुनरावेदकका बिच अंशबन्डा भई नसकेको, विवादित जग्गाहरू हामी नाबालक छोराहरूसमेतको अंशहक लाग्ने सगोलको सम्पत्ति रहेको तथा हामी नाबालकको अंशहक मार्ने गरी मुलुकी ऐन, अंशबन्डाको महलको १ नं. र लेनदेन व्यवहारको महलको ४० नं.

समेतको उल्लङ्घन हुने गरी प्रतिवादी प्रल्हाद श्रेष्ठले जालसाजपूर्वक आफ्नै दिदी प्रतिवादी लक्ष्मी श्रेष्ठलाई राजीनामा लिखत गरी दिएका हुन् । सुरू जिल्ला अदालतको फैसला केही उल्टी हुने गरी पुनरावेदन अदालत हेटौंडाले लिखतको ५ भागको १ भाग लिखत जालसाज भई सो हदसम्म निष्कृय हुने ठहर गरेको फैसला त्रुटिपूर्ण रहेको छ । उक्त दाबीको लिखतको ५ भागको ४ भाग लिखत जालसाज रहेकोले फिराद दाबीबमोजिम जालसाजीपूर्ण लिखतमध्ये हामी पुनरावेदकहरूको अंश हकसमेतको ५ भागको ४ भाग लिखत जालसाज ठहऱ्याई लिखत दर्ता बदर गरी हामी पुनरावेदकका नाउँमा दर्ता कायम हुने ठहऱ्याई हक कायम हुने गरी इन्साफ पाउँ भन्ने बेहोराको वादीहरूमध्येका प्रमिस श्रेष्ठ, प्रितम श्रेष्ठ र प्रवेग श्रेष्ठको तर्फबाट यस अदालातमा मिति २०६८।०७।२७ मा पर्न आएको पुनरावेदन ।

यसमा पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।२।१६ को फैसलाउपर वादी प्रतिवादी दुवै पक्षको दोहोरो पुनरावेदन परेको देखिँदा उक्त पुनरावेदनहरू दुवै पक्षलाई परस्पर सुनाई मुलुकी ऐन, अ.बं.२०२ नं. बमोजिम पुनरावेदन नपरेका प्रत्यर्थी सावित्री श्रेष्ठ र प्रल्हाद श्रेष्ठलाई झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भनी यस अदालतबाट मिति २०७४।१०।३ मा भएको आदेश ।

### ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्रसहितको मिसिल संलग्न कागजात अध्ययन गरी हेरियो । पुनरावेदक वादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले प्रतिवादी प्रल्हाद श्रेष्ठले पुनरावेदक नाबालिग छोराहरूसमेतको अंशहक मेट्ने नियतले दाबीको कि.नं.३९०, ३९२ र १४८७ को जग्गा जालसाज गरी आफ्नो सहोदर दिदी लक्ष्मी श्रेष्ठलाई राजीनामा पारित गरिदिएका हुन् । प्रतिवादीको सो कार्य मुलुकी ऐन, अंशबन्डाको १ नं. र लेनदेन व्यवहारको ४० नं. समेत विपरीत रहेको छ । सुरू जिल्ला अदालतले दाबीको लिखत आधासम्म जालसाजी ठहर गरेबाट प्रतिवादीहरूको कार्य जालसाजी रहेको तथ्य पुष्टि भएको छ । दाबीको राजीनामा लिखत जालसाजी रहेको हुँदा वादी दाबीबमोजिम नै ५ भागको ४ भाग लिखत जालसाज ठहर गरी पुनरावेदक वादीहरूका नाउँमा दर्ता कायम हुने गरी इन्साफ गरिपाउँ भनी बहस गर्नुभयो ।

यसैगरी पुनरावेदक प्रतिवादी लक्ष्मी श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रमनकुमार श्रेष्ठले वादीले ऐनका म्यादभित्र फिराद दायर गरेका छैनन् । हदम्यादको प्रश्न कानूनी प्रश्न भएकोले जहिलेसुकै र जुनसुकै तहमा उठाउन मिल्ने हुन्छ । पुनरावेदन अदालत हेटौंडाको फैसला मुलुकी ऐन, लेनदेन व्यवहारको महलको १० नं. का साथै सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल भएकोले बदर गरी फिराद दाबी खारेज गरिपाउँ भनी बहस गर्नुभयो ।

उपर्युक्त बहस सुनी पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको छ वा छैन ? वादी तथा प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, यसै लगाउको ०६८-CR-०३१४ समेतको जालसाजी मुद्दामा आज यसै इजलासबाट दाबीको लिखतको आधामध्येको ५ भागको ४ भाग जालसाजी ठहर भई सो हदसम्म दाबीको लिखत निष्क्रिय हुने ठहर भई फैसला भएको छ । लगाउमा रहेको ०६८-RI-०८३६ को अंश चलन मुद्दा यिनै वादीहरू सावित्री, श्रेष्ठ, प्रवेग श्रेष्ठ, प्रमिस श्रेष्ठ एवं प्रितम श्रेष्ठसमेतद्वारा प्रतिवादी प्रल्हाद श्रेष्ठउपर मिति २०६५।०५।१२ मा सुरू चितवन जिल्ला अदालतमा दायर भएको देखिन्छ । सुरू चितवन

जिल्ला अदालतबाट उक्त अंश मुद्दामा विवाह नभएका ३ छोराहरूको विवाह खर्च परसारी बाँकी सम्पत्तिको ५ भागको ४ भाग वादीहरूले अंश पाई चलनसमेत चलाई पाउने ठहर भई फैसला भएको देखिन्छ । सुरू फैसलाउपर वादीहरूको पुनरावेदन परेकोमा पुनरावेदन अदालत हेटौंडाबाट सुरू सदर हुने ठहर भई फैसला भएको देखिन्छ । पुनरावेदन अदालत हेटौंडाको फैसलाउपर वादीहरूको तर्फबाट यस अदालतमा परेको मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदनमा अनुमति प्रदान नहुने ठहर भई आजै यसै इजलासबाट फैसला भएको छ । यस अंश चलन मुद्दामा प्रतिवादी प्रल्हाद श्रेष्ठले सुरू फैसलाउपर पुनरावेदन नगरी सुरूबाटै फैसलामा चित्त बुझाएको देखिन आएको छ ।

३. प्रस्तुत मुद्दामा प्रतिवादी लोग्ने / पिताले घर व्यवहार चलाउन भनी घरको मुख्य व्यक्तिको हैसियतले बिक्री गरेको कि.नं.३९०, ३९२ र १४८७ को क्षेत्रफल क्रमशः ०-०-०१/२, ०-०-१ र ०-१-१८१/४ जग्गाको ५ भागको ४ भाग लिखत बदर गर्न माग गरिएको छ । वादीहरू ३ जना नाबालिग रहेको र एक जना प्रतिवादीको श्रीमती रहेको एवं नाबालिगहरूकी आमा रहेकी छिन् । पति / पिताबाट अपहेलित भएर चारै जना वादीहरू माइत र मावली बसिरहेको अवस्था छ । यस्तो अवस्थामा प्रतिवादी बाबु / पतिले बिक्री गरेको सम्पत्तिबाहेक वादीहरूले अंश पाउने अन्य सम्पत्ति रहे भएपनि घरको मुख्य व्यक्तिले घर व्यवहार चलाउन आफ्नै पालामा आर्जित सम्पत्तिमा आधाजति बिक्री गर्न पाउने अभिभावकको कानूनी अधिकार रहे भएको देखिन्छ भने बालबालिकाको हितलाई पनि उच्च प्राथमिकता दिनुपर्ने भन्ने अवधारणालाई समान तथा उत्तिकै महत्त्व दिएर एकै श्रेणीमा राखेर हेर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा श्री सर्वोच्च अदालतबाट समेत *आमा वा बाबुले वा दुवैले कुनै बेहोराले छोरा, छोरीको अंशको हक समाप्त वा निष्क्रिय गर्न सक्दैनन् । त्यसो गर्नु न कानूनसम्मत हुन्छ न न्यायको दृष्टिमा न्यायोचित । कुनै पनि प्राविधिक कारणले नाबालकहरूको हक मार्न सक्ने स्थिति आउन दिनु न्यायसङ्गत हुँदैन । कानूनको व्याख्या नाबालकको हकहित संरक्षण गर्ने किसिमले गर्नुपर्ने* भनी सिद्धान्त (स.अ. बुलेटिन, २०६६, मार्ग-१, पृ.२२) प्रतिपादन भएको अवस्था छ ।

४. उपर्युक्त सिद्धान्तको रोहमा नाबालिगको सम्पत्तिउपरको कानूनी अधिकार एवं प्रस्तुत मुद्दाका नाबालिग वादीहरूको अवस्थासमेत हेर्दा, अंशहक जुनसुकै उमेरको अंशियारको पनि नैसर्गिक अधिकारको रूपमा रहेको तथ्य निर्विवाद छ । अझ नाबालिगको सम्पत्तिउपरको हकलाई उच्च प्राथमिकता दिएर नै हेर्नुपर्छ भन्ने अवधारणा रहँदै आएको छ । घर व्यवहार चलाउने प्रयोजनार्थ घरको मुख्य भई काम गर्ने व्यक्तिले अचल पैतृक सम्पत्तिको हकमा आधासम्म अरू अंशियारको मन्जुरी नलिई बिक्री गरी हकहस्तान्तरण गर्न सक्ने कानूनी प्रावधान रहेको छ । आफ्नो पालामा आफूले आर्जन गरेको सम्पत्ति पनि घरको मुख्य व्यक्तिले आफूखुस गर्न पाउने भएपनि छोराछोरीको लागि पैतृक सम्पत्ति भई सो सम्पत्तिमा पनि निज छोराछोरीहरूसमेतको अंशहक र हित निहित रहेको हुन्छ । यसरी छोराछोरीको हकहित निहित रहेको अचल सम्पत्ति घरमूलीले घर व्यवहार चलाउन भनी बिक्री गर्दा घर र अंशियारको हितमा नै प्रयोग भएको हुनुपर्ने देखिन्छ । प्रतिवादी प्रल्हाद श्रेष्ठको तीन नाबालिग छोराहरू, प्रतिवादी बुबा र वादी आमाबिच मनमुटाव भएको कारणले माइती र मावलीमा बस्दै आएको अवस्था देखिँदा दाबीका उक्त कि.नं. का जग्गा घर व्यवहार चलाउन बिक्री गरेको भन्ने प्रतिवादी प्रल्हाद श्रेष्ठको प्रतिउत्तर जिकिर स्वाभाविक देखिने भए तापनि उक्त जग्गाको बिक्रीबाट प्राप्त रकम यी वादीहरूको हकहितमा समेत प्रयोग भएको रहेछ होला भन्न सकिने अवस्था नरहेपनि प्रतिवादी पिताले आफूमा मात्र सिमित रहने जरूरी घर व्यवहार

चलाउनलाई केही सम्पत्ति बिक्री नै गर्न नपाइने भन्न मिल्ने पनि हुँदैन।

५. घरको मूली भएको व्यक्तिले घर व्यवहार चलाउन आफ्नो पालामा आर्जित सम्पत्तिमा आफूखुस गर्न पाउने भएपनि घर र घर परिवारको हितभन्दा बाहिर गएर गरिने आफूखुसीको बिक्री व्यवहारलाई तथ्यकै आधारमा मान्यता दिन मिल्दैन। बिक्री गरेको सम्पत्तिबाहेक अन्य सम्पत्ति रहेको र साथै त्यस्तो बाँकी अन्य सम्पत्तिबाट वादीहरूले पनि अंश पाउने अवस्था रहको हुँदा प्रतिवादीको परिवारसँग बेमेल भएको कारणले प्रतिवादीले आफ्नै लागि व्यवहार चलाउन केही जग्गा बिक्री गर्न पाउनुपर्ने मान्यताको साथसाथै त्यसको समानान्तर रूपमा नाबालिगकै हकहितलाई पनि उत्तिकै प्राथमिकता दिएर हेर्नुपर्ने हुन्छ । पारिवारिक मनमुटाव भइरहेको स्थितिमा आफ्नै लागि पनि जरूरी अवस्थामा घरमूलीले केही सम्पत्ति बिक्री गर्न नपाउने भन्ने हुँदैन। घर परिवारमा प्रस्तुत मुद्दाको जस्तो नाबालिगसमेत रहेको अवस्था भए सम्पत्तिमा उनीहरूको अंश र हक हित पूर्णतः शून्य नै हुने गरी आफ्नै स्वार्थमा मात्र सिमित रहने घर व्यवहार चलाउन भनी बिक्री गर्न छुट हुँदैन। बिक्री भएको सम्पत्तिबाट प्राप्त रकम वादी नाबालिगहरूको हक हितमा प्रयोग भए नभए पनि वादी अंशियारहरूको अंशहक शून्य नहुने गरी घर व्यवहार चलाउन घरको मुख्य व्यक्तिले एकातर्फ कानूनले अधिकार प्रदान गरेबमोजिम केही सम्पत्ति बिक्री गर्न पाउने हुन्छ भने त्यसको साथसाथै बिक्री भएको सम्पत्तिमध्येबाट पनि नाबालिगहरूको अंश हक र हितसमेत समानुपातिक रूपमा संरक्षण हुने गरी न्यायिक निष्कर्षमा पुग्नुपर्ने हुन आउँछ।

६. प्रतिवादी प्रल्हाद श्रेष्ठ घरको मुख्य भई घर व्यवहार चलाउने व्यक्ति रहेको र साथै वादी नाबालिग तीन अंशियार छोराहरू पारिवारिक मनमुटावको कारण आमासँग माइती-मावलीमा बस्दै आएको देखिन्छ । यस स्थितिमा प्रतिवादीको नाउँमा अन्य सगोलको पैतृक सम्पत्ति रहेको देखिए पनि नाबालिग अंशियारको हकहितसमेतलाई मध्यनजर गर्नुपर्ने देखिँदा प्रतिवादी प्रल्हाद श्रेष्ठले प्रतिवादी लक्ष्मी श्रेष्ठलाई पारित गरिदिएको दाबीको सम्पूर्ण लिखतलाई नै वादी नाबालिगहरूको सर्वोत्तम हितको अवधारणामा खलल पुग्ने गरी कानूनतः मान्यता दिन नमिल्दा बिक्री भएको उक्त सम्पत्तिको आधासम्म घर व्यवहार चलाउन बिक्री गरेको हदसम्मलाई अन्यथा भन्न मिल्ने अवस्था देखिन आउँदैन।

७. माथि विवेचित आधार र कारणबाट दाबीको कि.नं. ३९०, ३९२ र १४८७ को जग्गाको आधा जग्गा आफ्नै लागि भएपनि जरूरी घर व्यवहार चलाउनको लागि भएको बिक्रीलाई मुलुकी ऐन, अंशबन्डाको महलको १९(१) नं. ले कानूनी मान्यता दिएको हुँदा आधा जग्गामा वादीहरूको हक पुग्न सक्ने अवस्था देखिन आउँदैन। बाँकी आधा जग्गामा वादीहरूको पनि अंश हक लाग्ने हुँदा उक्त बाँकी आधा जग्गामा वादीहरूको ५ भागको ४ भाग बदर गर्नुपर्नेमा नाबालिग वादीहरूको अंश हकको सम्बन्धमा केही उल्लेख नै नगरी बिक्री भएको उक्त कि.नं. को सम्पूर्ण जग्गामा ५ भागको केबल वादी आमाको १ भाग अंश हकसम्म बदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला सो हदसम्म मिलेको देखिन आएन। तसर्थ, दाबीको कि.नं. जग्गाको राजीनामा लिखत बदर हुनुपर्ने होइन भन्ने प्रतिवादी लक्ष्मी श्रेष्ठ र निजतर्फका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन।

८. अतः माथि विवेचित आधार, कारणबाट, वादी दाबी नठहर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी दाबीको सम्पूर्ण लिखतको ५ भागको १ भाग लिखत दर्ता बदर भई सो १ भाग वादी साबित्री श्रेष्ठको नाउँमा दर्ता कायम हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।०२।१६

मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई दाबीको लिखतको आधा जग्गा प्रतिवादीले घर व्यवहार चलाउनको लागि आफूखुस गर्न कानूनतः पाउने नै हुँदा आधा जग्गामा वादी दाबी पुग्न सक्दैन, बाँकी आधा जग्गाको ५ भागको वादीहरूको ४ अंश भाग राजीनामा लिखत दर्ता बदर भई सो ४ भाग जग्गा नरम गरम मिलाई वादीहरूको नाउँमा दर्ता हक कायम हुने ठहर्छ। फिराददाबी हदम्यादविहीन रहेकोले पुनरावेदन अदालत हेटौंडाको फैसला बदर गरी फिराद खारेज गरिपाउँ भन्ने प्रतिवादी लक्ष्मी श्रेष्ठको पुनरावेदन जिकिर पुग्न सक्दैन । दाबीको सम्पूर्ण लिखतको ५ भागको ४ भाग लिखत दर्ता बदर गरी सो ४ भाग आफूहरूको नाउँमा दर्ता हक कायम गरिपाउँ भन्ने हदसम्मको वादीहरूको पुनरावेदन जिकिर पनि पुग्न सक्दैन। अरू तपसिलबमोजिम गर्नू।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत हेटौंडाको फैसला केही उल्टी हुने भई दाबीको लिखतको आधा जग्गाको ५ भागको ४ भाग जग्गा वादीहरूको नाउँमा नरमगरम मिलाई दर्ता कायम हुने ठहरी यस अदालतबाट फैसला भएकाले सोबमोजिम वादीहरूको नाउँमा दर्ताको लागि सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनू -------------------------१

वादीहरूले फिराद दायर गर्दा सुरू चितवन जिल्ला अदालतमा मिति २०६५।५।१२ मा र.नं.८०७ बाट रू.२,७७०।- (दुई हजार सात सय सत्तरी रूपैयाँ), पुनरावेदन अदालत हटौंडामा पुनरावेदन गर्दा मिति २०६७।३।३१ मा र.नं.७९९० बाट रू.४१५।५०।- (चार सय पन्ध्र रूपैयाँ पचास पैसा) र यस अदालतमा पुनरावेदन गर्दा मिति २०६८।७।२७ मा र.नं.१०६६६ बाट रू.४१६।- (चार सय सोह्र रूपैयाँ) धरौटी राखेको देखिँदा सम्बन्धित धरौटीको आधाको ५ भागको ४ भाग धरौटी क्रमशः रू.१,१०८।- (एक हजार एक सय आठ रूपैयाँ), रू.१६६।२०।- (एक सय छैसट्ठी रूपैयाँ २० पैसा) र रू.१६६।४०।- (एक सय छैसट्ठी रूपैयाँ चालीस पैसा) ऐनका म्यादभित्र कोर्ट फी फिर्ता पाउँ भनी वादीहरूको तर्फबाट निवेदन पर्न आए निज वादीहरूलाई सम्बन्धित अदालतबाट फिर्ता दिनु भनी सम्बन्धित अदालतमा लेखी पठाउनू ---------------२

प्रस्तुत फैसला अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू-३

उक्त रायमा सहमत छु।
न्या. विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृत: चेतराज पन्त, कालिबहादुर साम्यू लिम्बू
इति संवत् २०७५ साल साउन १६ गते रोज ४ शुभम्।

## निर्णय नं. १०२५२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही
आदेश मिति : २०७५।९।२६
०७०-WO-०३५५

मुद्दा : उत्प्रेषण

निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१६ बालाजु बस्ने वर्ष ७० को रायन भन्ने नारायणभक्त श्रेष्ठसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

- **सकारात्मक विभेद (Positive or protective discrimination) भनिने संरक्षणको व्यवस्था गर्नु राज्यको इच्छा (Pleasure) को विषय नभएर कर्तव्यको विषय हो । संविधानमा उल्लेख गरिएअनुसारको "कानूनद्वारा विशेष व्यवस्था" गरिएको छैन भन्ने आधारमा नै संविधानद्वारा संरक्षित हक अधिकार निरर्थक वा निष्प्रायोजित नबन्ने ।**

(प्रकरण नं.१०)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा र डा. श्री शंकरकुमार श्रेष्ठ, विद्वान् अधिवक्ता श्री बल्लभ बस्नेत

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री सुदिप दंगाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको संविधान
- नेपालको अन्तरिम संविधान, २०६३
- शिक्षा ऐन, २०२८
- शिक्षा नियमावली, २०५९

आदेश

**न्या. ईश्वरप्रसाद खतिवडा :** नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ र १०७(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

तथ्य खण्ड

हामी निवेदक निवेदिकाहरू कान नसुन्ने (बहिरा), आँखा नदेख्ने (नेत्रहीन) र शारीरिक रूपले विकलाङ्ग (सुष्त मनस्थिति) भएका बालबालिकाहरूलाई अध्ययन अध्यापन गर्ने गराउने विद्यालयहरूमा काम गरेका स्थायी शिक्षक, शिक्षिका रहेका छौं । हामी निवेदकहरूमध्ये म नारायणभक्त श्रेष्ठको ०२४ सालमा, म सावित्री वन्त र म मिथिला ढुङ्गाना मिति ०३३।६।६ मा, म जयन्ती श्रेष्ठ मिति ०२५।११।१ मा, म सुन्दरी श्रेष्ठ मिति ०३६।१।४ मा, म निर्मला श्रेष्ठ मिति ०३१।१।१ मा, म लिली प्रधानाङ्ग मिति ०४०।१२।१ मा, म किरण सिन्हाको मिति ०३३।६।६ मा, म गणेशप्रसाद मुनाकर्मीको मिति २०४८।२।२७ मा स्थायी शिक्षकको पदमा नियुक्ति भई केन्द्रीय बहिरा उच्च मा.वि., नक्साल, काठमाडौंमा कार्यरत रहेका थियौं । त्यसैगरी सुष्त मनस्थितिका बालबालिकालाई अध्ययन अध्यापन गराउने म शान्तिदेवी श्रेष्ठ र म राधा शर्माको क्रमशः मिति २०४०।३।५ र २०४६।३।२० मा स्थायी नियुक्ति भई सुष्त मनस्थिति पारिवारिक सरसल्लाह तथा स्रोत विद्यालय सिनामंगल काठमाडौंमा र नेत्रहीनलाई अध्यापन गराउने गरी नमुना मच्छिन्द्र माध्यमिक विद्यालय ललितपुरमा म विद्या वैद्यको मिति २०४५।८।२२ मा स्थायी नियुक्ति भएको थियो । हामी निवेदकले सामुदायिक विद्यालयका अन्य शिक्षकसरह नेपाल सरकारको अनुदानमा तलब, भत्ता, खाईपाई आउनुका साथै हाम्रो तलबबाट १०% कट्टा गरी सरकारका तर्फबाट १०% रकम थप गरी सञ्चयकोष जम्मा गर्नुका साथै नागरिक लगानी कोषमा समेत रकम जम्मा गरी आएको थियो । हामी निवेदकहरूमध्ये म लिली प्रधानाङ्ग, किरण सिन्हा र म गणेशप्रसाद मुनाकर्मीबाहेक अरू निवेदकहरूको सेवाका क्रममा ६० वर्षको उमेर नाघेको र शिक्षा नियमावली,

२०५९ को नियम १३१ ले साठी वर्ष उमेर पूरा भएपछि विद्यालयको सेवाबाट अवकाश हुने कानूनी व्यवस्थाअनुसार हामी निवेदकहरूले समेत अवकाश पाउनु पर्ने थियो । तर शिक्षा कार्यालयबाट अवकाश नदिएकोले हामीले आ-आफू कार्यरत विद्यालयमा हाम्रो अवकाशका सम्बन्धमा जानकारी गराए पनि अवकाश नदिई निरन्तर काममा लगाई आएकोमा प्रत्यर्थी नेपाल सरकारको मिति २०६९।४।२ को बैठकले निवेदक जस्ता ६० वर्ष उमेर पुगेका शिक्षक, शिक्षिकालाई अवकाश दिने र अवकाश दिँदा अवकाश दिएको समयमा खाई पाई आएको तलब भत्ता नभई धेरै वर्षअघि ६० वर्ष पुग्दाका मितिले तलबमानका आधारमा प्रत्येक वर्षको १/२ महिनाको दरले उपदान मात्र दिई सोबाहेक अन्य कुनै सुविधा नदिने गरी हामीलाई अन्यायपूर्वक अवकाश दिएको कार्यहरू बदर गरी न्याय पाउने अन्य वैकल्पिक र प्रभावकारी मार्गको अभाव भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालतसमक्ष उपस्थित भएका छौं ।

हामी निवेदकहरूले अन्धा, अपाङ्ग, बहिरा र सुष्त मनस्थिति भएका विशेष किसिमका विद्यार्थीहरूलाई अध्ययन अध्यापन गराउने भएकोले हाम्रो सेवालाई विशेष शिक्षा नामाकरण गरिएको हो । शिक्षा ऐन, २०२८ को दफा ६क. ले विशेष शिक्षासम्बन्धी व्यवस्था गर्दै दफा ६क(१) ले विशेष शिक्षाको सञ्चालन साधारण शिक्षासरह हुने व्यवस्था गर्नुका साथै दफा ६क(२) ले विशेष शिक्षा सञ्चालन गर्न कार्यरत तथा नियुक्त कर्मचारी र शिक्षकको सेवा सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ भन्ने उल्लेख भएको पाइन्छ । शिक्षा नियमावली, २०५९ को नियम ६५(६) ले विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयका शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधा अन्य सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीसरह हुने भन्ने किटानी उल्लेख भई निवेदकहरू अवकाश हुँदा सामुदायिक शिक्षकहरूले पाउने पेन्सन, उपदान, औषधी उपचारलगायतका सम्पूर्ण सुविधा दिई अवकाश दिनुपर्नेमा पेन्सन नदिई उपदान दिने गरी अवकाश दिइएको त्यस्तो उपदानसमेत खाईपाई आएको आखिरी महिनाको तलबका आधारमा नभई अवकाश हुनुभन्दा ८, ९ वर्षअघि हाम्रो उमेर ६० वर्ष पुगेको समयको तलब स्केलका आधारमा मात्र दिइएको तथा अनिवार्य रूपले पाउनुपर्ने औषधी उपचारबापत एक पैसा नदिई अवकाश दिइएको छ । सुष्त मनस्थिति भएका, नेत्रहीन र बहिरा बालबालिकालाई अध्ययन अध्यापन गराउने कार्य नितान्त रूपले जटिल किसिमको हुने र नियुक्ति भएको तहलाई आवश्यक पर्ने शैक्षिक योग्यता मात्र नभई बालबालिकाको प्रकृतिअनुसार ब्रेललिपि, इशारा (Sign Language) तथा सुस्त मनस्थिति भएको बच्चाहरूको क्रियाकलापद्वारा मनोविज्ञानको अध्ययन गरी अध्ययन अध्यापन गराउनुपर्ने भएकोले यस्तो जनशक्तिको अभाव भएकै कारण ७० वर्षको उमेर हुँदासम्म पनि हामीलाई काममा लगाएको थियो । बहिरा अन्धा, अपाङ्ग, सुष्त मनस्थिति भएका बालबालिकालाई अध्ययन अध्यापन गर्ने गराउने शिक्षक शिक्षिकाको अन्य शिक्षक शिक्षिकाभन्दा बढी एवं गहन जिम्मेवारी हुने भएकोले अन्यत्र यस्ता शिक्षक शिक्षिकालाई थप विषेश सुविधासहित काममा लगाउने गरिएकोमा हामीलाई अरू सरहसमेत सुविधा नदिई अवकाश दिइएको छ । शिक्षा सेवा मात्र नभई जुनसुकै सेवामा समेत उपदानबापतको सुविधा जम्मा नोकरी वर्ष र आखिरी महिनामा खाईपाई आएको तलबलाई आधार मानी उपलब्ध गर्ने गरिएकोमा हामी निवेदकलाई अवकाश हुनुभन्दा करिब करिब १० वर्षअघिको तलबमानलाई आधार लिई उपदान दिने गरी भएको निर्णय तथा कार्यबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१), १३(१), १८(१), १९(१) का मौलिक संवैधानिक हक तथा शिक्षा ऐन,

२०२८ को दफा ६क(१)(२) शिक्षा नियमावली, २०५९ को नियम ११३, ११९, १२२ का कानूनी हकहरूमा आघात पुगेकोले निवेदकहरूमध्ये विद्या वैद्य, शान्तिदेवी श्रेष्ठ, जयन्ती श्रेष्ठ, मिथिला ढुङ्गाना, सावित्री वन्त, नारायण भक्त श्रेष्ठ, सुन्दरी श्रेष्ठ र निर्मला श्रेष्ठलाई खाईपाई आएको तलबमानवाट घटाई उपदान दिने गरी, औषधी उपचारबापत कुनै रकम नदिने गरी तथा निवेदकमध्ये किरण सिन्हा, लिली प्रधानाङ्ग र गणेशप्रसाद मुनाकर्मीलाई औषधी उपचारको रकम नदिई प्रतिवर्ष १$^1/_2$ महिनाको उपदान मात्र दिने गरी प्रत्यर्थी नेपाल सरकारबाट भएको मिति २०६९।४।२ को निर्णय तथा सोका आधारमा भएका कार्य तथा पत्राचारसमेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी हामी सम्पूर्ण निवेदक, निवेदिकाहरू स्थायी शिक्षक शिक्षिका भएको साथै सेवा अवधिभरमा हामीलाई बढुवा नदिई एकै तहमा मात्र वृद्ध हुन्जेल काम गराएकोले हामीलाई एक तह वृद्धि गरी शिक्षा नियमावली, २०५९ को नियम ११३ बमोजिम निवृत्तिभरण र नियम १२२ बमोजिम उपचार खर्चको रकम प्रदान गर्नु वा हामीलाई ६० वर्ष उमेर पुगेपछि निरन्तर काममा लगाई आएकोले हामीले काम गरेको अन्तिम वर्ष महिना दिनसम्ममा खाईपाई आएको तलब भत्ता तथा त्यस्को मानका आधारमा हामीले सेवा गरेको प्रत्येक वर्षका लागि २$^1/_3$ महिनाका हिसाबले गणना गरी रकम नपाउँदासम्मको उचित ब्याजसहित उपदान र उपचार खर्च प्रदान गर्नु भन्ने परमादेशलगायत अन्य जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी पूर्ण न्याय र जीवन रक्षा गरिपाउँ **भन्नेसमेत बेहोराको रिट निवेदन।**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए आदेशप्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षीहरूका नाउँमा सूचना म्याद जारी गरी लिखित जवाफ पेस भएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।७।२८ को आदेश।

निवेदन जिकिरबमोजिमका कार्य यस मन्त्रालयबाट भएको नहुँदा यस मन्त्रालयको नाममा कुनै आदेश जारी हुनुपर्ने होइन। निवेदन जिकिर शिक्षा ऐन तथा नियमावलीसँग सम्बन्धित देखिँदा उक्त ऐन तथा नियमावलीको प्रशासन यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने नभएकोले असम्बन्धित यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दिएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको नेपाल सरकार, अर्थ मन्त्रालयको लिखित जवाफ।**

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ६४ मा विशेष शिक्षा सञ्चालन गर्ने संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीको नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था सो संस्थाको विधान वा नियमावलीमा तोकेबमोजिम हुनेछ भन्ने व्यवस्था भएको । विपक्षी रिट निवेदकहरू उक्त नियमानुसार विशेष शिक्षा सञ्चालन गर्ने संस्थामा नियुक्त भएको देखिन्छ । यसरी एउटा विधान वा नियमावलीले व्यवस्था गरेको सेवा सर्त र सुविधा स्वीकार गरी सेवा प्रवेश गरेका शिक्षकहरूले अन्य नियम (शिक्षा नियमावली) अनुसार सुविधा पाएनौं, हाम्रो अधिकार हनन भयो भनी दिएको उक्त रिट निवेदन बदरभागी छ बदर गरिपाउँ **भन्नेसमेत बेहोराको क्षेत्रीय शिक्षा निर्देशनालय, पूर्वाञ्चल धनकुटाको लिखित जवाफ।**

शिक्षा नियमावली, २०५९ को नियम ६५ को उपनियम (३) मा उपनियम (२) बमोजिम स्वीकृत दरबन्दीअनुसार रिक्त पदमा त्यस्तो विद्यालयमा यो नियमावली प्रारम्भ हुँदाका बखत स्थायी रूपमा

शिक्षक पदमा कार्यरत व्यक्तिलाई निज शिक्षक पदमा बहाल रहन सक्ने उमेरको अधीनमा रही आयोगले प्रचलित कानूनबमोजिम शिक्षक पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ र त्यसरी सिफारिस हुन उमेरको हद लाग्ने छैन भन्ने व्यवस्थासमेतको अधीनमा रही रिट निवेदकहरू स्थायी भएको अवस्था पनि छैन र स्वीकृत दरबन्दीमा नियुक्त नभएको अवस्थामा निजहरूलाई सामुदायिक विद्यालयमा कार्यरत रहेका शिक्षकसरहको हैसियत दिन नमिल्ने भएबाट नै नेपाल सरकारबाट मिति २०६९।४।२ मा निर्णय गरी अवकाश र सुविधा उपलब्ध गराउने निर्णय भएको हो । नेपाल सरकारको मिति २०६९।४।२ को निर्णयलाई मानी निवेदकहरूले सेवा सुविधा लिइसकेको हुँदा निवेदकहरूले सेवा सुविधा बुझिसकेको अवस्थामा अहिले आएर सुविधा उचित भएन वा अर्को सुविधा पनि चाहियो भन्न विबन्धनले रोक्दछ । तसर्थ रिट निवेदकहरूको माग दाबी कानूनसम्मत दाबी नभएकोले रिट निवेदन खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको शिक्षा मन्त्रालयको लिखित जवाफ ।**

सामुदायिक विद्यालयमा कानूनबमोजिम नियुक्त भएको दाबी गर्ने व्यक्तिले तत्काल प्रचलित शिक्षा नियमावली र हाल लागू रहेको शिक्षा नियमावली, २०५९ को नियम ९५ को व्यवस्थाअनुसार आफ्नो वैयक्तिक विवरण भरेको हुनुपर्नेलगायतका व्यवस्था निवेदकहरूले पूरा नगरेको र प्रचलित कानूनअनुसार ६० वर्षमात्र शिक्षकहरू सेवामा रहन सक्ने कानूनी व्यवस्थाविपरीत सोभन्दा माथिल्लो उमेरसम्म पनि सेवामा रही अवकाश भएको आधारमा पनि निवेदकहरू सामुदायिक विद्यालयका शिक्षक होइनन् भन्ने स्पष्ट हुन आउँछ । रिट निवेदकहरू स्थायी भएको अवस्था पनि छैन र स्वीकृत दरबन्दीमा नियुक्त नभएको अवस्थामा निजहरूलाई सामुदायिक विद्यालयमा कार्यरत रहेका शिक्षकसरहको हैसियत दिन नमिल्ने भएबाट नै नेपाल सरकारबाट मिति २०६९।४।२ मा निर्णय गरी अवकाश र सुविधा उपलब्ध गराउने निर्णय भएको हो । नेपाल सरकारको मिति २०६९।४।२ को निर्णयलाई मानी निवेदकहरूले सेवा सुविधा लिइसकेको हुँदा निवेदकहरूले सेवा सुविधा बुझिसकेको अवस्थामा अहिले आएर सुविधा उचित भएन वा अर्को सुविधा पनि चाहियो भन्न विबन्धनले रोक्दछ । विपक्षी रिट निवेदकहरूले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको के कस्तो काम कारबाही वा निर्णयबाट निवेदकहरूको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो ? त्यसको स्पष्ट रूपमा उल्लेखसम्म गर्न सकेको पाइँदैन । कानूनले तोकिदिएको अवधिभन्दा बढी अवधि सेवा गर्ने छुट कसैलाई कुनै कानूनले दिएको छैन । आफ्नो अनुकूल भएसम्म कानूनलाई अवज्ञा गरी सेवामा रही रहनु र पछि आएर शिक्षा कार्यालयले अवकाश नदिएको भन्ने आधारमा मात्र निजहरूको सेवा अवधि तथा सेवा सुविधा थप हुन सक्ने अवस्था हुँदैन । रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।**

विशेष शिक्षा परिषद्अन्तर्गत कार्यरत शिक्षकहरूको अवकाशलगायत अवकाशपछिका सेवा सुविधा सम्बन्धमा कुनै निर्णय नभएको कारण रिट निवेदकलगायतका शिक्षकहरू ६० वर्ष उमेर पूरा भएपछि पनि कार्यरत रही रहेका र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।४।२ को बैठकबाट विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षकहरूको सम्बन्धमा भएको निर्णय कार्यान्वयनका लागि शिक्षा विभागको जिल्ला शिक्षा कार्यालयलाई लेखिएको मिति २०६९।४।२३ को पत्रबाट विशेष शिक्षा परिषद्को अनुदानमा तलब खाने एकीकृत विद्यालयका ६० वर्ष उमेर पुगेका शिक्षकलाई तत्काल अवकाश दिने र अवकाशपछिका सेवा सुविधाको सम्बन्धमा ६० वर्ष उमेर पुगेको समयको निज शिक्षकहरूले पाउने

तलब मानका आधारमा सुविधा यकिन गरी पठाउने भनी उल्लेख भई आएअनुसार सुविधा यकिन गरी पठाइएको हो **भन्नेसमेत बेहोराको जिल्ला शिक्षा कार्यालय ललितपुरको लिखित जवाफ ।**

विशेष शिक्षा उपलब्ध गराउने विद्यालयहरूलाई नियमित गर्ने उद्देश्यले शिक्षा नियमावली, २०५९ को परिच्छेद ११ मा विशेष शिक्षासम्बन्धी व्यवस्था भएको र त्यसको समन्वय, व्यवस्थापन, रेखदेख, नियन्त्रण र निरीक्षणको व्यवस्थाका लागि नियम ६१ मा विशेष शिक्षा परिषद्को गठनसम्बन्धी व्यवस्था भएको हो । सोही आधारमा ती संस्था वा केही विद्यालयहरूले हालसम्म अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष शिक्षा उपलब्ध गराइरहेका छन् र विद्यालय वा संस्थाहरूलाई पनि प्रत्येक वर्ष विशेष शिक्षा परिषद्को निर्णयानुसार अनुदान उपलब्ध गराइराखिएको छ । निवेदकहरूले माग दाबी गरेअनुसार निवेदकहरू कार्यरत संस्था वा विशेष विद्यालयहरूमा हालसम्म नेपाल सरकारबाट कुनै किसिमको दरबन्दी सिर्जना भएको छैन । स्वीकृत दरबन्दीमा कार्यरत नरहेका र अन्य संघ संस्थासमेतबाट नियुक्ति भएका शिक्षकलाई अन्य स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकसरहको सुविधा मागबमोजिम उपलब्ध गराउन विद्यमान कानूनसम्मत देखिँदैन । शिक्षा विभागबाट २०६८ सालमा विशेष विद्यालय वा संस्थामा कार्यरत शिक्षकहरूको विवरण माग गर्दा ६० वर्ष उमेर पुगेका तर सेवारत शिक्षकहरूको अभिलेखसमेत प्राप्त भएकाले त्यसमा नियमानुसार तलब भत्ता भुक्तानी गर्न कानूनतः नमिल्ने देखिँदा अपाङ्गताका क्षेत्रमा लामो समयसम्म सेवा गरेको कारण त्यसको कदर स्वरूप विशेष शिक्षा परिषद्को मिति २०६८।८।१६ र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।४।२ को निर्णयानुसार ६० वर्ष उमेर पार गरेका तर सेवारत शिक्षकहरूलाई ६० वर्षको उमेरमा खाइपाई आएको तलब स्केलबमोजिम हिसाब गरी एकमुष्ट रकम उपलब्ध गराइएकोले ६० वर्षपश्चात् पनि काम गरेकै आधारमा तलब मान कायम गर्न माग गर्न मिल्दैन **भन्नेसमेत बेहोराको शिक्षा विभागको लिखित जवाफ ।**

शिक्षा नियमावली, २०५९ को परिच्छेद ११ मा विशेष शिक्षासम्बन्धी व्यवस्था भएको र त्यसको समन्वय, व्यवस्थापन, रेखदेख, नियन्त्रण र निरीक्षणको व्यवस्थाका लागि नियम ६९ मा विशेष शिक्षा परिषद्को गठनसम्बन्धी व्यवस्था भएको हो । सोही आधारमा ती संस्था वा केही विद्यालयहरूले हालसम्म अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष शिक्षा उपलब्ध गराइरहेका छन् र विद्यालय वा संस्थाहरूलाई पनि प्रत्येक वर्ष विशेष शिक्षा परिषद्को निर्णयानुसार अनुदान उपलब्ध गराई राखिएको छ । निवेदकहरू कार्यरत संस्था वा विशेष विद्यालयहरूमा हालसम्म नेपाल सरकारबाट कुनै किसिमको दरबन्दी सिर्जना भएको छैन । स्वीकृत दरबन्दीमा कार्यरत नरहेका र अन्य संघ संस्थासमेतबाट नियुक्ति भएका शिक्षकलाई अन्य स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकसरहको सुविधा मागबमोजिम उपलब्ध गराउन विद्यमान कानूनसम्मत देखिँदैन । शिक्षा विभागबाट २०६८ सालमा विशेष विद्यालय वा संस्थामा कार्यरत शिक्षकहरूको विवरण माग गर्दा ६० वर्ष उमेर पुगेका तर सेवारत शिक्षकहरूको अभिलेखसमेत प्राप्त भएकाले त्यसमा नियमानुसार तलब भत्ता भुक्तानी गर्न कानूनतः नमिल्ने देखिँदा अपाङ्गताका क्षेत्रमा लामो समयसम्म सेवा गरेको कारण त्यसको कदर स्वरूप विशेष शिक्षा परिषद्को मिति २०६८।०८।१६ र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९/४/२ को निर्णयानुसार ६० वर्ष उमेर पार गरेका तर सेवारत शिक्षकहरूलाई ६० वर्षको उमेरमा खाइपाई आएको तलब स्केलबमोजिम हिसाब गरी एकमुष्ट रकम भुक्तानी गरिएकोले ६० वर्षपश्चात् पनि काम गरेकै आधारमा तलबमान कायम गर्न मिल्दैन **भन्नेसमेत बेहोराको विशेष शिक्षा परिषद्को लिखित जवाफ ।**

रिट निवेदकले आफूले नियमानुसार शिक्षकले प्राप्त गर्ने सेवा सुविधा पाउनु पर्ने भनी जिकिर गर्नुभएको रहेछ । तत्कालीन अवस्थामा नियुक्ति हुँदाका बखत नै निजहरूको सेवा सुविधा विशेष शिक्षा परिषद्ले समय समयमा तोकेबमोजिमको हुने कानूनी प्रावधान शिक्षा नियमावली, २०५९ (संशोधनसमेत) को परिच्छेद ११ को विशेष शिक्षासम्बन्धी व्यवस्थाको विभिन्न नियममा उल्लेख भएकोले सो मुताबिक नियुक्ति पाई कामकाज गर्नु भएको हुँदा कानूनबमोजिम सुविधा प्राप्त भएन भनी गर्नुभएको जिकिर कानूनसम्मत नभएको **भन्ने क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चलको लिखित जवाफ ।**

विपक्षीहरूमध्ये जिल्ला शिक्षा कार्यालय, ताहाचाल काठमाडौंले मिति २०७०।९।१ मा र जिल्ला शिक्षा कार्यालय, सप्तरी राजविराजले मिति २०७०।९।२२ मा म्याद बुझी लिई कानूनले तोकेको म्यादभित्र लिखित जवाफ परेको मिसिलबाट देखिएन ।

विशेष विद्यालयमा कार्यरत शिक्षकहरूको सम्बन्धमा भएको विशेष शिक्षा परिषद्को मिति २०६३।८।५ को निर्णय फायल र विशेष शिक्षाअन्तर्गत स्थायी शिक्षकको सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६९।४।२ को निर्णय झिकाई पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७५।१।४ मा भएको आदेश ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिल अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा र डा. श्री शंकरकुमार श्रेष्ठ, विद्वान् अधिवक्ता श्री बल्लभ बस्नेतसमेतले रिट निवेदकहरू अन्धा, अपाङ्ग, बहिरा र सुष्त मनस्थिति भएका विशेष किसिमका विद्यार्थीहरूलाई अध्यापन गराउने गरी विभिन्न मितिमा स्थायी नियुक्ति पाई विभिन्न विद्यालयमा अध्यापन गराउँदै आउनु भएको थियो । शिक्षा नियमावली, २०५९ को नियम ६५(६) ले विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयका शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधा अन्य सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीसरह हुने भन्ने किटानी व्यवस्थाअनुसार रिट निवेदकहरूलाई अवकाश दिनु पर्नेमा पेन्सन नदिई उपदान मात्र दिने गरी अवकाश दिइएको छ । त्यस्तो उपदानसमेत खाइपाई आएको आखिरी महिनाको तलबका आधारमा दिनुपर्नेमा सो नदिई ७० वर्षको उमेर हुँदासम्म काममा लगाई अवकाश दिँदा ६० वर्ष पुगेको समयको तलब स्केलका आधारमा मात्र उपदान दिनेगरी नेपाल सरकारबाट मिति २०६९।४।२ मा भएको निर्णय र सोका आधारमा भएको कार्यहरू शिक्षा ऐन, २०२८ को दफा ६(क) तथा शिक्षा नियमावली, २०५९ को नियम ६५(६) को प्रतिकूल हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्दछ र निवेदकहरूलाई उनीहरूले सेवा गरेको अवधिको आखिरी महिनामा खाइपाई आएको अन्तिम तलबमानका आधारमा अन्य सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीसरह सेवा सुविधा प्रदान गर्न गराउन विपक्षीहरूका नाममा परमादेशलगायत अन्य आदेश जारी हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षीहरूको तर्फबाट उपस्थित उपन्यायाधिवक्ता श्री सुदिप दंगालले रिट निवेदकहरू स्वीकृत दरबन्दीमा नियुक्त नभएको अवस्थामा निजहरूलाई सामुदायिक विद्यालयमा कार्यरत रहेका शिक्षकसरहको सुविधा दिन नमिल्ने भएबाट नै नेपाल सरकारबाट मिति २०६९।४।२ मा भएको निर्णयानुसार अवकाश र सुविधा उपलब्ध गराइएको हो । निवेदकहरूले उक्त निर्णयलाई मानी सेवा सुविधासमेत लिइसकेको अवस्थामा अहिले आएर सुविधा उचित भएन वा अर्को सुविधा पनि चाहियो भन्न मिल्ने होइन । रिट निवेदकहरूको मागदाबी कानूनसम्मत नभएकोले निवेदन खारेज हुनुपर्दछ भनी

गर्नुभएको बहससमेत सुनियो ।

अब यसमा निवेदकहरूको मागबमोजिम सुविधा पाउने नपाउने के हो ? निवेदन मागबमोजिमको आदेश जारी हुने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा रिट निवेदकहरूले आफूहरू विशेष शिक्षा परिषद्अन्तर्गत नियुक्त भई विशेष शिक्षा प्रदान गर्ने शिक्षक शिक्षिका भएको र अवकाशपश्चात् सामुदायिक विद्यालयका शिक्षकसरह सेवा सुविधा पाउनु पर्नेमा नेपाल सरकारको मिति २०६९।४।२ को निर्णयबाट सोअनुसारको सेवा सुविधा उपलब्ध नभएकोले उक्त निर्णय बदर गरी एकतह वृद्धि गरी शिक्षा नियमावली, २०५९ को नियम ११३ बमोजिम निवृत्तिभरण र नियम १२२ बमोजिम उपचार खर्चको रकम दिलाउन परमादेश जारी गरिपाउँ भन्ने रिट निवेदकहरूको मुख्य माग दाबी रहेको देखियो । निवेदकहरू कार्यरत संस्था वा विशेष विद्यालयहरूमा हालसम्म नेपाल सरकारबाट कुनै किसिमको दरबन्दी सिर्जना भएको छैन । स्वीकृत दरबन्दीमा कार्यरत नरहेका र अन्य संघ संस्थासमेतबाट नियुक्ति भएका शिक्षकलाई अन्य स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकसरहको सुविधा मागबमोजिम उपलब्ध गराउन विद्यमान कानूनसम्मत नहुने देखिँदा अपाङ्गताका क्षेत्रमा लामो समयसम्म सेवा गरेको कारण त्यसको कदरस्वरूप विशेष शिक्षा परिषद्को मिति २०६८।०८।१६ र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।४।२ को निर्णयानुसार ६० वर्ष उमेर पार गरेका तर सेवारत शिक्षकहरूलाई ६० वर्षको उमेरमा खाइपाई आएको तलब स्केलबमोजिम हिसाब गरी एकमुष्ट रकम उपलब्ध गराइएको हुँदा निवेदन मागदाबीबमोजिम आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेको पाइयो ।

३. निवेदकहरूले अन्धा, अपाङ्ग, बहिरा र सुष्त मनस्थिति भएका विशेष किसिमका विद्यार्थीहरूलाई अध्ययन अध्यापन गराउने गरी स्थायी नियुक्ति पाई सेवा गरेको र नेपाल सरकारको मिति २०६९।४।२ गतेको निर्णयानुसार अवकाश पाएको देखियो । सुष्त मनस्थिति भएका नेत्रहीन र बहिरा बालबालिकालाई अध्ययन अध्यापन गराउने कार्य जटिल किसिमको हुने र बालबालिकाको प्रकृतिअनुसार ब्रेललिपि, इशारा (Sign Language) तथा सुष्त मनस्थिति भएको बच्चाहरूको क्रियाकलापद्वारा मनोविज्ञानको अध्ययन गरी अध्ययन अध्यापन गराउनु पर्ने र बच्चाको अवस्थाअनुसार विशेष योग्यताप्राप्त शिक्षकले मात्र अध्यापन गर्न सक्ने सेवा भएको कुरामा कुनै सन्देह छैन ।

४. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।४।२ को बैठकबाट विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षकहरूका सम्बन्धमा गरेको विवादित निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा शिक्षा मन्त्रालयको च.नं. ४९ मिति २०६९।४।२२ मा जारी भएको अवकाश दिने परिपत्रमा निम्न बेहोरा उल्लेख भएको देखियो:

(क) "विशेष शिक्षा परिषद्अन्तर्गतका उमेरको हद ६० वर्ष पुगिसकेका शिक्षकहरूलाई निम्नानुसार एकमुष्ट रकम अनुदान दिने ।

(१) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी महिनाको आधा महिना बराबरको तलब,

(२) दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी महिनाको एक महिना बराबरको तलब,

(३) पन्ध्र वर्षभन्दा बढी सेवा गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी महिनाको डेढ महिना

बराबरको तलब,

(ख) सम्बन्धित जिल्ला शिक्षा कार्यालयले प्रमाणित गरेको अभिलेखको आधारमा सञ्चित बिरामी बिदाको रकम,

(ग) त्यस्तो सुविधाको लागि काम गरेको अवधि गणना गर्दा अनिवार्य अवकाश हुने ६० वर्ष उमेरको हदसम्मलाई मात्र गणना गर्ने,

(घ) ६० वर्षको उमेर हद पुग्दाको अवस्थामा कायम रहेको तलबमानलाई आधार लिने र उमेर ६० वर्ष पुगिसकेकाको हकमा ६० वर्ष उमेर पुगेको मितिमा खाइपाई आएको तलब स्केल र ग्रेड मात्र उल्लेख गर्ने।"

५. शिक्षा ऐन, २०२८ को दफा ६क ले विशेष शिक्षासम्बन्धी व्यवस्था गर्दै विशेष शिक्षाको सञ्चालन साधारण शिक्षासरह हुने व्यवस्था गरेको देखिन्छ । दफा ६क(२) मा **विशेष शिक्षा सञ्चालन गर्न कार्यरत तथा नियुक्त कर्मचारी र शिक्षकको सेवा सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ** भन्ने उल्लेख भएको पाइन्छ। शिक्षा नियमावली, २०५९ को परिच्छेद ११ मा विशेष शिक्षासम्बन्धी व्यवस्था गरी उक्त नियमावलीको नियम ६५(६) मा **विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयका शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधा अन्य सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीसरह हुने** भन्ने उल्लेख भएको देखियो। उक्त नियमावलीको परिच्छेद - २० मा निवृत्तिभरण, उपदान र उपचार खर्चसम्बन्धी व्यवस्था गरी नियम ११३ मा निवृत्तिभरण, नियम ११९ मा उपदान र नियम १२२ मा उपचार खर्चसम्बन्धी व्यवस्था रहेको छ । नियम ११३ मा भएको निवृत्तिभरणसम्बन्धी व्यवस्था हेर्दा, **"नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति पाई कम्तीमा बीस वर्ष नोकरी गरेको शिक्षकले निवृत्तिभरण पाउनेछ"** भन्ने व्यवस्था रहेको देखिन्छ। नियम ११९ मा पाँच वर्ष वा सोभन्दा बढी नोकरी गरेको तर निवृत्तिभरण पाउने अवस्था नपुगेको स्थायी शिक्षकले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई विद्यालय र शिक्षकसमेतबाट अलग भएमा वा भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी विद्यालय शिक्षा सेवाबाट हटाइएमा ऐ. को उपनियम (क), (ख) र (ग) को आधारमा उपदान पाउनेछ भनी उपदानसम्बन्धी व्यवस्था रहेको पाइन्छ। **स्थायी शिक्षकलाई सेवा अवधिभरमा निजले खाइपाई आएको तलबको हिसाबले हुने गरी उपचार खर्च दिइनेछ** भन्ने व्यवस्था पनि सोही नियमावलीको नियम १२२ मा रहेको देखिन्छ । ऐ. नियमावलीको नियम १३१ मा **"कुनै शिक्षकको उमेर साठी वर्ष पूरा भएपछि निजलाई विद्यालयको सेवाबाट अवकाश दिइनेछ"** भन्ने कानूनी व्यवस्था रहेको पाइयो। उपर्युक्त कानूनी व्यवस्थाबमोजिम रिट निवेदकहरूलाई ६० वर्षको उमेरमा अनिवार्य अवकाश दिनुपर्नेमा अवकाश नदिई ६० वर्षभन्दा बढी उमेरसम्म निरन्तर काममा लगाई २०६९ सालमा मात्र अवकाश दिइएकोसमेत देखियो । निवेदकहरूमध्ये लिलि प्रधानाङ्ग, किरण सिन्हा र गणेशप्रसाद मुनाकर्मीबाहेक अन्य निवेदकहरू सुन्दरी श्रेष्ठ, शान्तिदेवी श्रेष्ठ, निर्मला श्रेष्ठ, राधा शर्मा, विद्या वैद्य, सावित्री वन्त, नारायणभक्त श्रेष्ठ, जयन्ती श्रेष्ठ र मिथिला ढुंगानाको सेवाका क्रममा ६० वर्षको उमेर नाघेको देखियो। निवेदकहरूलाई अवकाश दिँदा शिक्षा नियमावली, २०५९ को नियम ६५(६) बमोजिम सामुदायिक विद्यालयका शिक्षकसरह निवेदकहरूले काम गरेको अन्तिम वर्षमा खाइपाई आएको तलबका आधारमा काम गरेको पूरा अवधिसम्मको सेवा सुविधा दिई अवकाश दिइएको भन्ने देखिएन।

६. नेपाल सरकारबाट मिति २०६९।४।२ मा भएको विवादित निर्णयसम्बन्धी पत्रहरूबाट निवेदकहरूमध्ये सुन्दरी श्रेष्ठ, शान्तिदेवी श्रेष्ठ, लिलि प्रधानाङ्ग, निर्मला श्रेष्ठ, राधा शर्मा, विद्या

वैद्य, सावित्री वन्त, नारायणभक्त श्रेष्ठ, जयन्ती श्रेष्ठ र मिथिला ढुंगानालाई मिति २०६९।५।१ गतेदेखि, निवेदक किरण सिन्हालाई मिति २०६९।८।१६ देखि र निवेदक गणेशप्रसाद मुनाकर्मीलाई मिति २०६९।१०।१७ गतेदेखि लागू हुने गरी २०६९ सालमा अवकाश दिएको पाइयो । निवेदकहरूमध्ये सुन्दरी श्रेष्ठ, शान्तिदेवी श्रेष्ठ, निर्मला श्रेष्ठ, राधा शर्मा, विद्या वैद्य, सावित्री वन्त, नारायणभक्त श्रेष्ठ, जयन्ती श्रेष्ठ र मिथिला ढुंगाना ६० वर्षभन्दा बढी अवधिसम्म सेवारत रहेको देखिन्छ । निजहरूलाई दिइएको अवकाश पत्रमा निजहरू ६० वर्ष पूरा गरेको मितिदेखि लागू हुने गरी अवकाश दिएको भनी उल्लेख गरेकोसमेत देखिँदैन । निवेदकहरूले स्थायी नियुक्ति पाएको मितिबाट अवकाश प्राप्त गरेको मितिसम्म ६० वर्षको उमेरभन्दा बढी अवधि सेवामा संलग्न रहेको पाइयो । नेपाल सरकारको मिति २०६९।४।२ को निर्णयानुसार २०६९ सालमा मात्र अवकाश दिएको अवस्थामा निवेदकहरूलाई निजहरूले सेवा गरेको अन्तिम वर्षमा खाइपाई आएको तलबको आधारमा उपदानलगायतका सेवा सुविधा उपलब्ध नगराई अवकाश हुँदा उमेर ६० वर्ष पुगिसकेकाको हकमा ६० वर्ष उमेर पुगेको मितिमा खाइपाई आएको तलब स्केलका आधारमा एकमुष्ट रकम उपलब्ध गराउने गरी पछिल्लो मिति कायम गरी सुविधा दिने निर्णय गरेको देखियो।

७. शिक्षा ऐन तथा नियमावलीमा रहेका प्रावधानहरूको समग्रमा अवलोकन गर्दा विद्यालयका शिक्षकहरूका लागि ६० वर्षको उमेर हद तोकिएको देखिन आउँदछ । उमेर ६० वर्ष पूरा गरेका शिक्षकले अनिवार्य अवकाश पाउने र सो अवधिसम्मको सेवाबापत कानूनबमोजिम उपदान वा निवृत्तिभरण पाउने देखिन्छ । यो व्यवस्था सामान्यतया: सबैको हकमा समान रूपमा लागू हुन्छ। उमेर ६० वर्ष नाघेपछि पनि सेवालाई निरन्तरता दिइरहने र सो अवधिपछिको सेवासमेत गणना गरेर उपदान, निवृत्तिभरण पाउने कानूनी प्रावधान रहेको देखिँदैन। प्रचलनमा रहेको सेवा अवधि गणना गर्ने मान्यता पनि यही नै हो । यसलाई आम रूपमा लागू हुने सामान्य र स्वीकृत मान्यता, प्रचलन तथा कानूनी अभ्यासको रूपमा लिइनु र अनुशरण गरिनुपर्दछ। यस प्रसङ्गमा प्रस्तुत विवादको विषयवस्तुतर्फ दृष्टिगत गर्दा केही विशिष्ट र अपवाद स्वरूपका परिस्थितिहरू देखिन आएका छन्। त्यसैले विवादित विषयवस्तुको विशिष्ट प्रकृतिको अपवादतर्फ विवेकसङ्गत तवरले विचार गर्नु वाञ्छनीय देखिन्छ।

८. निवेदकहरू बहिरा, नेत्रहीन, सुस्त मनस्थितिका फरक क्षमताका व्यक्ति (बालबालिकाहरू) लाई अध्यापन गराउने कार्यमा संलग्न रहेको तथ्यमा विवाद छैन । निजहरूको नियुक्ति विधिवत् रूपमा भएको कुरामा पनि कुनै प्रश्न उठाइएको देखिँदैन। निवेदकहरूको उमेर ६० वर्ष पूरा भएपछि पनि विपक्षीहरूले निजहरूको सेवालाई मान्यता र निरन्तरता दिएको र २०६९ सालमा आएर मात्र अवकाश दिएको पाइयो । अवकाश दिँदा यो यस मितिमा ६० वर्षको उमेर पूरा गरेको भनी खुलाएको र अन्यथा अभिप्राय: उल्लेख गरिएको पनि देखिँदैन । निवेदकहरूले उमेर ढाँटेर, छलेर, छक्याएर वा झुक्याएर बढी अवधि पदमा बहाल रहेको भन्ने पनि देखिन आएन। सम्भवत: अन्य विकल्प तत्काल उपलब्ध नभएकोले दक्ष तथा अनुभवी शिक्षक शिक्षिका भएको कारणबाट निवेदकहरूको सेवालाई विपक्षीहरूले निरन्तरता दिएको देखिएको छ। सेवाको निरन्तरता निवेदकहरूको रहरको विषयभन्दा संस्थागत आवश्यकताको विषय थियो भन्ने देखिन्छ। यस अवस्थामा निवेदकहरूलाई प्रदान गरिने सुविधा (Retirement benefits) लाई साँघुरो दायरामा राखेर हेर्नु मनासिब देखिँदैन।

९. प्रस्तुत विवादका सन्दर्भमा मानवीय संवेदनशीलताको पक्ष पनि विचारणीय छ । निवेदकहरूमध्ये कोही स्वयम्मा फरक क्षमताका (अपाङ्ग) भन्ने देखिएको छ भने कोही क्यान्सर

रोगबाट पीडित भएका भन्ने तथ्य प्रस्तुत हुन आएको छ । निवेदकमध्येका "रायन" भन्ने नारायणभक्त श्रेष्ठ गीत संगीत क्षेत्रका सुपरिचित स्रष्टा हुन भन्ने देखिएको छ । निवेदकहरूले नेपाली समाजको सेवा र रूपान्तरणका लागि दिएको योगदानका दृष्टिले हेर्दा पनि निजहरूको जीवनको उत्तरार्धमा आएर राज्यले दिने सामान्य सुविधाको कुरामा राज्यको तर्फबाट संकुचित दृष्टिकोण अपनाई अन्याय परेको महसुस हुने स्थिति कायम रहन दिनु उचित देखिन आएन।

१०. यस प्रसङ्गमा संविधानमा रहेका केही प्रावधानहरूसमेत उल्लेखनीय छन्। तत्काल (२०६९ सालमा) प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले नागरिकलाई समानताको हक प्रदान गरेको देखिन्छ। यसरी समानता तथा भेदभाव विरूद्धको हक प्रदान गर्दा "महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न" सकिने प्रावधानसमेत धारा १३ मा समावेश गरिएको देखिन्छ। यसप्रकारको संरक्षणकारी व्यवस्था नेपालको संविधानको धारा १८ मा समेत रहेको छ । विधिशास्त्रीय विश्लेषण गर्दा सकारात्मक विभेद (Positive or protective discrimination) भनिने यसप्रकारको संरक्षणको व्यवस्था गर्नु राज्यको इच्छा (Pleasure) को विषय नभएर कर्तव्यको विषय हो । संविधानमा उल्लेख गरिएअनुसारको "कानूनद्वारा विशेष व्यवस्था" गरिएको छैन भन्ने आधारमा नै संविधानद्वारा संरक्षित हक अधिकार निरर्थक वा निष्प्रायोजित बन्दैनन् । तसर्थ संविधानमा रहेको उल्लिखित प्रावधानका दृष्टिले पनि प्रस्तुत विवादको विषयलाई हेर्नु मनासिब देखियो।

११. नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२(४) मा "**असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ**" भनी उल्लेख भएको देखिन्छ । यसैअनुसारको प्रावधान नेपालको संविधानको धारा ३९(९) मा समेत रहेको छ । उल्लिखित अन्तरिम संविधानको धारा ३५(९) मा समेत अपाङ्ग, अशक्त व्यक्तिहरूको संरक्षणको लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने कुरालाई राज्यको नीतिको रूपमा समावेश गरिएको पाइयो। नि:सन्देह उल्लिखित प्रावधानहरू संवैधानिक अलंकारका विषय मात्रै होइनन् । यस अदालतमा नागरिकको हक अधिकारको संरक्षण र प्रचलन गराउने संवैधानिक जिम्मेवारी रहेको छ । तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) ले सर्वोच्च अदालतलाई "पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न" "जुनसुकै उपयुक्त आदेश जारी गर्न" सक्ने अख्तियारी प्रदान गरेको देखिन्छ । नेपालको संविधानको धारा १३३(२) ले समेत यस अदालतलाई "कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने..." असाधारण क्षेत्राधिकार प्रदान गरेको छ । यसका अतिरिक्त प्रस्तुत विवादको निरूपणका सन्दर्भमा समन्यायिक दृष्टिकोण राख्नु पनि आवश्यक देखियो। नेपालको संविधानको धारा १२६ अनुसार "नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम" प्रयोग गरिनुपर्ने भएकोले पनि समन्यायको पक्षमा दृष्टि दिनु औचित्यपूर्ण देखिन आयो।

१२. अत: निवेदकहरूले गरेको सेवाको विशिष्ट प्रकृति, निजहरूलाई सेवामा संलग्न गराई राख्ने र पछि २०६९ सालमा अवकाश दिने सन्दर्भमा विपक्षीहरूबाट भए गरिएको काम कारबाहीको स्थिति, संविधान एवम् कानूनले अशक्त अपाङ्ग

बालबालिकाहरूका लागि गरेको संरक्षणकारी व्यवस्था, समन्यायको अवस्था र यस अदालतमा अन्तर्निहित "पूर्ण न्याय" गर्ने जिम्मेवारीसमेतका समग्र पक्षमा विचार गर्दा निवेदकहरूलाई सुविधा प्रदान गर्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०६९।४।२ मा भएको निर्णय, सोबमोजिम लेखिएको पत्रहरूसमेतका काम कारबाही बेमुनासिब र त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदकहरूलाई अवकाश दिइएको मिति (२०६९ साल) सम्मको अवधिलाई गणना गरी सेवा अवधि कायम गर्नु र निजहरूले २०६९ सालमा अवकाश पाउँदाको अवस्थामा खाइपाई आएको तलबमानका आधारमा गणना गरी सामुदायिक विद्यालयका शिक्षकहरूलाई प्रदान गरिएसरह सेवा निवृत्त भएपछि पाउने सबै सुविधाहरू (Retirement benefits) दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जनाउ महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. डम्बरबहादुर शाही

शाखा अधिकृतः- धनबहादुर कार्की
इति संवत् २०७५ साल पौष २६ गते रोज ५ शुभम् ।

## निर्णय नं. १०२५३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७६।२।५
०७५-WH-०१७३

विषय : बन्दीप्रत्यक्षीकरण

निवेदक : गुल्मी जिल्ला मदाने गाउँपालिका वडा नं. ७ घर भई हाल जिल्ला प्रहरी कार्यालय, गुल्मीमा थुनामा रहेका खिमबहादुर खड्काको हकमा ऐ.ऐ. घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ बस्ने महेन्द्र खड्का

विरूद्ध

विपक्षी : नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

- **कुनै पनि नागरिकलाई पटकपटक बन्दी बनाई धरौटी माग भएकोमा धरौटी दाखिला भएपछि पनि निरन्तर थुनामा राख्नु अनुचित, अतार्किक र जवाफदेहिताहीन कार्य हुने ।**

(प्रकरण नं. ६)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री एकराज भण्डारी र विद्वान् अधिवक्ता श्री चिरञ्जीवी ढकाल
विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री हरिहर पौडेल
अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको संविधान

आदेश

**न्या. हरिप्रसाद फुयाल** : नेपालको संविधानको धारा ४६ तथा धारा १३३ बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर भएको आएको प्रस्तुत बन्दीप्रत्यक्षीकरण निवेदनको तथ्य एवं ठहर यसप्रकार छ:-

मेरो भाइ खिमबहादुर खड्का आफ्नी बिरामी श्रीमतीको स्वास्थ्य उपचारको लागि बिरामी लिई घरबाट सदरमुकाम तम्घास भएकोमा मिति २०७५।११।१९ गतेका दिन तम्घासबाट दिउँसो १:०० बजेको समयमा विपक्षी प्रहरी कार्यालयबाट खटी आएका प्रहरीहरूले बिना कारण बिना पुर्जी पक्राउ गरी प्रहरी कार्यालयमा हिरासतमा राखियो । विपक्षी जिल्ला प्रशासन कार्यालयबाट मिति २०७५।१२।१५ मा रू.१५,०००।– धरौटी माग गरिएकोमा उक्त धरौटी रकम दाखिला गरेपछि पुन: पक्राउ गरियो । त्यसपछि मिति २०७६।१।११ मा रू.१०,०००।– धरौटी माग गरिएकोमा उक्त धरौटी रकम दाखिला गरेपछि पुन: पक्राउ गरी निरन्तर रूपमा गैरकानूनी थुनामा राखिएको छ । उहाँलाई के कुन कसुरमा किन पटकपटक पक्राउ गरिएको हो, के कति कारणले गैरकानूनी रूपमा बन्दी बनाइएको हो ? सो कुराको जानकारी विपक्षीहरूका तर्फबाट दिइएको छैन । वहाँलाई कानूनविपरीत थुनामा राखी शारीरिक र मानसिक यातना दिएको आशंका छ ।

निवेदकलाई विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको समर्थक भई फरक विचार र आस्था राखेको आरोपमा विपक्षी मन्त्रालयको ठाडो आदेश र प्रहरी प्रधान कार्यालयसमेतको निर्देशनमा प्रवृत्त भावना लिई बदनियतपूर्वक मिति २०७५।११।१९ देखि नै पटकपटक पक्राउ गरी झुट्टा मुद्दा लगाई आजका मितिसम्म पनि निरन्तर गैरकानूनी रूपमा थुनामा राखिएको छ । निवेदकको नेपालको संविधानको धारा १६(१), १७(१) र (२) को (क), (ख), (ग), (ङ), १८(१), २०(१), (२), (३), (८) र धारा २२ समेतका मौलिक हकको उपयोग गर्नबाट वञ्चित गरी थुनामा राखिएकाले यो बन्दीप्रत्यक्षीकरणको निवेदनसहित सम्मानित अदालतसमक्ष उपस्थित भएको छु । बन्दी खिमबहादुर खड्कालाई तुरून्त अदालतसमक्ष उपस्थित गराई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३३, ३७(१) र नेपालको संविधानको धारा ४६, धारा १३३(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्नेसमेत बेहोराको खिमबहादुर खड्काको हकमा महेन्द्र खड्काको यस अदालतमा दायर भएको बन्दीप्रत्यक्षीकरणको निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो, आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले ३(तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३४ बमोजिम प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०७६।१।१७ को यस अदालतको आदेश ।

प्रस्तुत रिट निवेदनको सम्बन्धमा बुझ्दा प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी खिमबहादुर खड्का भएको सार्वजनिक उपद्रयाईं कसुरमा मिति २०७६।१।११ मा निज गुल्मीबाट पक्राउ गरी मिति २०७६।१।१२ गते पहिला पटक १० दिनको म्याद थप गरी अनुसन्धान भइरहेको देखिन्छ । रिट निवेदक खिमबहादुर खड्काउपर सार्वजनिक उपद्रयाईं मुद्दामा जिल्ला प्रशासन कार्यालय गुल्मीबाट म्याद

थप भई कानूनबमोजिम नै प्रहरी हिरासतमा राखी अनुसन्धान कार्य भइरहेकोले रिट निवेदनमा उल्लेख गरे जस्तो निजलाई गैरकानूनी रूपमा पक्राउ गरिएको, आफन्तलाई पक्राउको सूचना नदिएको, शारीरिक एवम् मानसिक यातना दिएको र बदनियतपूर्वक पक्राउ गरिएको भन्ने कुरा निराधार भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौंको लिखित जवाफ।

यस मन्त्रालय संविधान एवं कानून प्रदत्त नागरिकका हक अधिकारको संरक्षण गर्न सदा कटिबद्ध रहेको छ। प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले कुनै मुद्दाको सन्दर्भमा व्यक्तिलाई अनुसन्धानको क्रममा पक्राउ गरी अनुसन्धान गर्न पाउने नै हुन्छ। मुद्दाको अनुसन्धान प्रक्रियालाई बाधा पुग्ने गरी आदेश दिन मिल्दैन। कुनै पनि नागरिकलाई गैरकानूनीरूपमा पक्राउ गर्न र थुनामा राख्नको लागि यस मन्त्रालयले मातहत निकायलाई कुनै किसिमको आदेश निर्देशन दिएको छैन्। यस मन्त्रालयको के कस्तो काम कारबाहीबाट निवेदकको के कस्तो हक, अधिकार कुण्ठित हुन गएको हो भनी निवेदकले ठोस एवं वस्तुनिष्ठ आधार र कारणसमेत दर्शाउन सक्नु भएको छैन। यसरी बिना आधार र प्रमाण यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर गरेको निरर्थक रिट निवेदन खारेजभागी हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको गृह मन्त्रालयको लिखित जवाफ।

निवेदक खिमबहादुर खड्काले म नेपाल कम्युनिष्ट पाटी विप्लव समूहको जिल्ला सेक्रेटरी हुँ भन्दै गुल्मी जिल्लामा जनतालाई आतंकित पार्दै सार्वजनिक शान्ति खलल गरेको सूचनाको आधारमा खोजतलास गर्दै जाँदा गुल्मी जिल्ला रेसुङ्गा नगरपालिका वडा नं.१ पुतलीबजारमा फेलापारी जरूरी पक्राउ पुर्जी दिई नियन्त्रण लिई सार्वजनिक शान्ति विरूद्धको कसुरमा २०७५।१२।१५ गते जिल्ला प्रशासन कार्यालय गुल्मीको आदेशमा रू.१५,०००।– धरौटी राखी छुटेको अवस्था हो। त्यसपछि गस्तीमा गएको प्रहरी टोलीलाई सार्वजनिक स्थानमा म विप्लव समूहको जिल्ला सेक्रेटरीलाई यति धेरै दिन थुन्ने भनी रिस साँधी गाली गलौज तथा दुर्व्यवहार गरेकाले निजलाई अभद्र व्यवहार कसुरमा पक्राउ गरी नियमबमोजिम म्याद थप भई अनुसन्धान गरी मुद्दा दायर हुँदा मिति २०७६।१।११ गते पुन: रू.१०,०००।– धरौटी माग गरी जिल्ला प्रशासन कार्यालय गुल्मीबाट आदेश हुँदा उक्त धरौटी रकम राखी छुटी गएको अवस्था हो। त्यसपछि पनि निजसमेत भई रेसुङ्गा नगरपालिका वडा नं.८ स्थित ट्राफिक चोकका बाटोमा हिँडी रहेका पैदल यात्रीहरूलाई आवागमनमा अवरोध गरेको भनी पैदल यात्रुले १०० नं. को हटलाइनमा फोन गरी खबर गरेकाले खोजतलास गर्दा रेसुङ्गा नगरपालिका वडा नं. २ स्थित बाघमारेमा फेला पारी जरूरी पक्राउ पुर्जी दिई पक्राउ गर्द निजले लिन नमानेको हुँदा निजको स्वास्थ्य परीक्षण गरी जिल्ला प्रशासन कार्यालय गुल्मीबाट म्याद थप गरी सार्वजनिक उपद्रयाईं कसुरमा अनुसन्धान गरिएको हुँदा रिट निवेदनमा उल्लेख गरेबमोजिम निजलाई पटकपटक शारीरिक तथा मानसिक यातना दिई गैरकानूनी थुनामा राखेको भन्ने आरोप निराधार हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रहरी कार्यालय गुल्मी र जिल्ला प्रशासन कार्यालय गुल्मीको एउटै बेहोराको अलग अलग लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री एकराज भण्डारी र विद्वान् अधिवक्ता श्री चिरञ्जीवी ढकालले निवेदकलाई मिति २०७५।११।१९ गते पहिलो पटक बिना पुर्जी बिना कारण गुल्मीको सदरमुकाम तम्घासबाट पक्राउ गरी राखेकोमा २०७५।१२।२५ गते १५,०००।–

धरौटी माग गरी धरौटी रकम बुझाएपछि रिहाई भएकोमा पुन: सोही दिन पक्राउ गरी थुना राखेकोमा मिति २०७६।१।११ मा रू.१०,०००।– धरौटी माग गरी धरौटी रकम बुझाएपछि रिहाई भएकोमा पुन: सोही दिन पक्राउ गरी थुना राखेको छ गते यसरी बिना अभियोग पटकपटक पक्राउ र थुनामा राखेको अवस्था छ । लिखित जवाफमा पनि कुनै कारण नदेखाई हो हल्ला गरेको भनी उल्लेखसम्म भएको छ। निवेदक नेपाल कम्युनिष्ट पार्टी विप्लव समूहका गुल्मी जिल्लाको जिल्ला सचिव भएकोले निजलाई आस्थाका आधारमा बिना पुर्जी बिना अभियोग गैरकानूनी रूपमा थुनामा राखेकोले बन्दीप्रत्यक्षीकरणको रिट जारी गरी गैरकानूनी थुनाबाट मुक्ति दिलाई पाउँ भनी बहस गर्नुभयो।

नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री हरिहर पौडेलले विपक्षीले समाजमा अशान्ति मच्चाई प्रहरी कर्मचारीलाई आफ्नो काम कर्तव्य निर्वाह गर्न अवरोध गरी समाजमा भय त्रास सिर्जना गरी सार्वजनिक शान्ति सुरक्षा विरूद्ध अपराध गरेको निजको विरूद्धमा कानूनबमोजिम नै पक्राउ गरी म्याद थप भई अनुसन्धान भइरहेको हुँदा बिना पुर्जी, बिना आधार र कारण गैरकानूनी थुनामा राखिएको भन्ने निवेदन बेहोरा झुट्टा हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

दुवैतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिर सुनी सम्बन्धित मिसिल अध्ययन गरी हेर्दा निवेदन मागबमोजिम निवेदकलाई गैरकानूनी रूपमा हिरासतमा राखिएको हो वा होइन बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने हो वा होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. सो सन्दर्भमा हेर्दा निवेदक खिमबहादुर खड्का आफ्नी बिरामी श्रीमतीको स्वास्थ्य उपचारका लागि आफ्नो घरबाट सदरमुकाम तम्घास आएकोमा मिति २०७५।११।१९ का दिन तम्घासबाट प्रहरीले बिना कारण बिना पुर्जी पक्राउ गरी प्रहरी कार्यालय हिरासतमा राखिएको हो । त्यसपछि विपक्षी जिल्ला प्रशासन कार्यालय गुल्मीको आदेशले मिति २०७५।१२।१५ मा रू.१५,०००।– र मिति २०७६।१।११ को आदेशले रू.१०,०००।– बुझाई सकेको छु तर पनि मलाई बिना कारण बिना पुर्जी निरन्तर रूपमा गैरकानूनी थुनामा राखी मेरो नेपालको संविधानले प्रदान गरेको मौलिक हक अधिकारको हनन् भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने रिट निवेदनको बेहोरा रहेको देखिन्छ।

३. निवेदक खिमबहादुर खड्काले म नेपाल कम्युनिष्ट पार्टी विप्लव समूहको गुल्मी जिल्लाको जिल्ला सेक्रेटरी हुँ भन्दै विभिन्न स्थानमा बसोबास गर्ने समुदायमा आतंक सिर्जना गरेकोले मिति २०७५।११।१९ मा सार्वजनिक शान्ति विरूद्ध मिति २०७५।१।१५ मा प्रहरी कर्मचारीमाथि गाली गलौज तथा दुर्व्यवहार गरी अभद्र व्यवहार गरेको कसुरमा र मिति २०७६।१।११ मा आवागमनमा अवरोध गरेको कसुरमा पक्राउ गरी कानूनबमोजिम जिल्ला प्रशासन कार्यालय गुल्मीबाट म्याद थप गरी अनुसन्धान भइरहेको हो। रिट निवेदनमा उल्लेख गरेजस्तो बिना कारण पुर्जी गैरकानूनी रूपमा हिरासतमा राखेको भन्ने कुरा झुट्टा हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेको पाइन्छ।

४. निवेदक खिमबहादुर खड्कालाई सुरूमा २०७५।११।१९ मा गुल्मीको सदरमुकाम तम्घासबाट नियन्त्रण लिएपछि मिति २०७५।१२।१५ मा रू.१५,०००।– र मिति २०७६।२१।११ मा रू.१०,०००।– धरौटी मागेको देखिन्छ तर उक्त धरौटी दाखिला गरे पनि निजलाई थुनामुक्त नगरी अलग अलग आरोपमा पुन: पक्राउ गरेको अवस्था देखिन्छ । निजलाई सुरूमा मिति २०७५।११।१९

मा सार्वजनिक शान्ति विरूद्धको कसुरमा नियन्त्रणमा लिइएकोमा उक्त अभियोगमा जिल्ला प्रशासन कार्यालय गुल्मीबाट मिति २०७५।१२।१५ मा रू.१५,०००।– धरौट माग गरेकोमा उक्त रकम दाखिला गरेपछि पुन: सोही दिन नियन्त्रणमा लिई अभद्र व्यवहार गरेको आरोपमा मुद्दा चलाइएको भनेर लिखित जवाफमा नै उल्लेख गरेको पाइन्छ । उक्त आरोपमा पनि जिल्ला प्रशासन कार्यालय गुल्मीबाट मिति २०७६।१।११ मा रू.१०,०००।– धरौटी माग गर्ने आदेश भई धरौटी रकम दाखिला गरेपछि सोही दिन पुन: सार्वजनिक उपद्रयाई गरेको आरोपमा नियन्त्रण लिई हालसम्म पनि निरन्तर रूपमा थुनामा राखेको देखिन्छ । यसरी निवेदकलाई विपक्षीहरूले विभिन्न आरोपमा नियन्त्रण लिई प्रहरी हिरासतमा राखी रहने कार्यलाई कानूनबमोजिमको थुना मान्न सकिएन ।

५. कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न पाइँदैन । संविधानले कानूनी औचित्य पुष्टि हुन नसक्ने प्रकृतिका थुना, गिरफ्तारी तथा गैरकानूनी रूपमा शक्तिको प्रयोग गर्नबाट निषेध गरेको छ । वैयक्तिक स्वतन्त्रताको अधिकारबाट वञ्चित गर्दा कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्य रूपमा अनुशरण गर्नुपर्ने हुन्छ । कानूनको उचित प्रक्रियाको अनुशरण नगरी वैयक्तिक स्वतन्त्रतामाथि लगाइएको अङ्कुशले न्यायिक वैधता प्राप्त गर्न सक्दैन । कुनै व्यक्तिलाई गैरकानूनी रूपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नु अदालतको समेत कर्तव्य बन्दछ ।

६. राज्यका हरेक निकायका काम कारबाही संविधान, कानून एवम् न्यायिक मूल्य मान्यताअनुकूल हुनुपर्दछ । राज्यले कुनै नागरिकप्रति प्रवृत्त धारणा राखेर व्यवहार गर्नु हुँदैन । लोकतान्त्रिक मूल्य मान्यता, न्यायिक अवधारणा, कानूनको शासन तथा संविधान एवम् कानूनद्वारा प्रत्याभूत हक अधिकारको संरक्षण गर्नेसमेत कुनै दृष्टिले हेर्दा पनि प्रवृत्त धारणा राखेर गरिएको व्यवहारलाई उचित ठान्न सकिँदैन । कानूनी प्रक्रियामा व्यक्तिउपर गरिने व्यवहार न्यायिक, स्वच्छ र तर्कसङ्गत (just, fair, reasonable) हुनुपर्दछ । कानूनको उचित प्रक्रिया अनुशरण नगरी व्यक्तिलाई बन्दी बनाउने कार्य अनुचित हुन्छन् । कुनै पनि नागरिकलाई पटकपटक बन्दी बनाई धरौटी माग भएकोमा धरौटी दाखिला भएपछि पनि थुनामुक्त नगरी निरन्तर थुनामा राख्नु अनुचित, अतार्किक र जवाफदेहिताहीन कार्य हो । त्यस्तो कार्य नेपालको संविधान तथा प्रचलित फौजदारी कार्यविधि संहिता, २०७४ मा व्यवस्थित प्रावधानको भावना र मर्म प्रतिकूल देखिन्छ । यसप्रकारको प्रवृत्तिबाट संविधानद्वारा प्रत्याभूत हक अधिकारको कार्यान्वयनमा गम्भीर अवरोध पैदा गर्ने सम्भावनाहरूसमेत रहन्छ । यस पक्षमा स्वयम् अदालतलगायत नेपाल सरकारका सम्बद्ध निकायहरू गम्भीर हुन वाञ्छनीय देखिन्छ । यसप्रकारको प्रवृत्तिले स्वेच्छाचारितालाई बढावा दिने र संविधानद्वारा प्रत्याभूत मौलिक हकहरूको प्रचलनमा गम्भीर आघात पुऱ्याउने अवस्था रहन्छ । त्यसैले नेपाल सरकारका सम्बद्ध पदाधिकारीहरूले यसप्रकारको प्रवृत्तिबाट सिर्जना हुने कानूनी दायित्वसमेत बहन गर्नुपर्ने अवस्था रहन्छ । यस पक्षमा सरकारका सम्बद्ध पदाधिकारीहरू सचेष्ट रहन वाञ्छनीय देखिन्छ ।

७. नेपालको संविधानको धारा १७ मा कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भनी मौलिक हक प्रदान गरिएको देखिन्छ । मानिसका आधारभूत हक अधिकार हरहालतमा संरक्षण हुनुपर्दछ भन्ने मान्यतालाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्ताबेजहरूले समेत आत्मसात् गरेका छन् । मानव अधिकारको विभिन्न अन्तरवस्तुमध्ये वैयक्तिक

स्वतन्त्रता (personal liberty) को विषय सर्वाधिक महत्त्वको विषय हो। यो ज्यादै संवेदनशील विषयसमेत हो। नागरिकको मौलिक हकको हनन् भएमा नेपालको संविधानको धारा १३३(२) (३) बमोजिम सर्वोच्च अदालतले असाधारण क्षेत्राधिकार ग्रहण गरी उपयुक्त आदेश जारी गरी नागरिकको मौलिक हकको प्रचलन गराउनु पर्दछ। कुनै फौजदारी कानून प्रतिकूल कार्य (फौजदारी कसुरजन्य कार्य) भएको अवस्थामा आवश्यक अनुसन्धान, छानबिन गरी दोषीलाई कानूनको दायरामा ल्याउनु सम्बद्ध निकायहरूको कानूनी कर्तव्य हुन्छ भन्ने कुरामा विवाद छैन। अपराध नियन्त्रण गरी समाजमा शान्ति, व्यवस्था र अमनचैन कायम गर्नु सरकारको एउटा महत्त्वपूर्ण दायित्व पनि हो। यसका लागि न्यायिक प्रक्रिया अपनाउनु र अभियुक्तलाई नियन्त्रणमा राखी अनुसन्धान, छानबिन प्रक्रिया अगाडि बढाउनु आवश्यक पनि हुन्छ। तर यसरी न्यायिक प्रक्रिया सञ्चालन गर्दा भने कानूनबमोजिमको उचित प्रक्रियाको समुचित अनुशरण गर्नु अनिवार्य हुन्छ। कुनै कसुरजन्य कार्य भएको छ भन्दैमा कानूनी प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखी कसैलाई बन्दी बनाउन मिल्दैन।

८. निवेदकका भाइ खिमबहादुर खड्का नेपाल कम्युनिष्ट पार्टी विप्लव समूहको गुल्मी जिल्लाको जिल्ला सेक्रेटरी भएको र निज संलग्न पार्टीले विभिन्न गैरकानूनी गतिविधि गरेको भन्ने आशंकामा निजलाई उचित कारण र विश्वसनीय आधारबेगर अलग अलग आरोप लगाई मिति २०७५।१।१९ देखि निरन्तर रूपमा प्रहरी हिरासतमा राखेको देखिँदा निजको थुना गैरकानूनी देखिएकाले तुरून्त थुनामुक्त गरी दिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। बन्दी खिमबहादुर खड्कालाई मिति २०७५।१२।१५ बाटै लगातार थुनामा राखेको देखिई निजको थुना गैरकानूनी देखिँदा निजको हकमा बन्दीप्रत्क्षीकरणको आदेश जारी गरिदिएको छ। निजलाई थुनाबाट छाडी सोको जानकारी यस अदालतलाई दिनु भनी निजलाई हिरासतमा लिने जिल्ला प्रहरी कार्यालय गुल्मी र निजलाई हिरासतमा राख्न अनुमति दिने जिल्ला प्रशासन कार्यालय गुल्मीलाई छिटो साधनद्वारा लेखी पठाई दिनू। प्रस्तुत आदेशको विद्युतीयप्रति अपलोड गरी निवेदकको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनुहोला।

उक्त रायमा सहमत छु।
न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृत: तेजप्रसाद पौडेल
इति संवत् २०७६ साल जेठ ५ गते रोज १ शुभम्।

## निर्णय नं. १०२५४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७५।१०।१४
०७२-CI-००६७

मुद्दाः उत्प्रेषण / परमादेश

पुनरावेदक / निवेदक : काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं.८ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१४ कुलेश्वरमा डेरा गरी बस्ने सुनिलकुमार अधिकारी

विरूद्ध

प्रत्यर्थी / विपक्षी : भूमिसुधार कार्यालय, काठमाडौंसमेत

- **विलम्बको सिद्धान्त (Doctrine of Laches) को प्रमुख तत्त्व समयको अन्तराल हो । यसले समन्यायलाई पराजित गर्दछ । विलम्बको सिद्धान्त र हदम्यादको सिद्धान्त एकै होइनन् । हदम्यादको सिद्धान्त समयसीमामा आधारित छ । यसको लागि समयतत्त्व नै महत्त्वपूर्ण हुन्छ । हदम्यादको सिद्धान्तमा भएको कानूनी व्यवस्थाजस्तो प्राविधिक (Technical) रूपमा समयको गणना गरेर विलम्बको सिद्धान्तलाई प्रयोग नगरिने ।**
- **विलम्बको सिद्धान्त लाग्न सक्ने अवस्था छ छैन भन्ने निष्कर्षमा पुग्न मुद्दा वा सोमा भएको कामकारबाहीको प्रकृति, सम्बन्धित पक्षले मुद्दाको सन्दर्भमा देखाएको आचरण, निजले न्यायका लागि न्यायिक निकायमा आउन लगाएको समय, निजलाई उपचार प्रदान गरेको खण्डमा त्यसबाट अरूको हकहितमा पर्ने वा पर्न सक्ने असर र न्यायको उद्देश्य पूरा हुने वा नहुनेसमेतका कुराहरूलाई समष्टिगत रूपमा हेरिनु पर्ने ।**

(प्रकरण नं.६)

पुनरावेदक / निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री ओमप्रसाद थपलिया

प्रत्यर्थी / विपक्षीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी

अवलम्बित नजिर :

- ने.का.प.२०६६, अंक १२, नि.नं.८२८७
- ने.का.प.२०७४, अंक ९, नि.नं.९८६९

सम्बद्ध कानून :

- भूमिसम्बन्धी ऐन, २०२१

मोही लगत कट्टाको निर्णय गर्नेः

भूमिसुधार अधिकारी

भूमिसुधार कार्यालय, काठमाडौं

रिट निवेदनमा आदेश गर्नेः

माननीय न्यायाधीश श्री कुमार चुडाल

माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी

आदेश

**न्या. प्रकाशमान सिंह राउत :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र भई पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

काठमाडौं जिल्ला साबिक मच्छेगाउँ गा.वि.स. वडा नं.४(क) को कि.नं.१८ को क्षेत्रफल २-५-१-० जग्गाको मोही टिकाकुमारी भन्ने लिलादेवी अधिकारी, जग्गाधनी हेमबहादुर अधिकारी कायम भई लिलादेवी अधिकारीको मिति २०५७।१२।२९ मा परलोकपश्चात् म निवेदक निजको छोराले उक्त जग्गा निरन्तर रूपले भोगचलन गर्दै अइरहेको छु। जग्गाधनी हेमबहादुर अधिकारीका छोराहरू हेमकृष्ण अधिकारी, चिरञ्जीवी अधिकारी र भिमसेन अधिकारीमध्ये चिरञ्जीवी अधिकारीले बुबा हेमबहादुरसमेत उपर दायर गरेको अंश मुद्दामा अंश पाउने ठहर भएको रहेछ । उक्त अंश मुद्दाको तायदाती फाँटवारीमा विवादित कि.नं.१८ को जग्गा उल्लेख नभएको भनी अंश दपोट मुद्दा दायर गरेकोमा उक्त जग्गा ४ अंशियारमा भागबन्डा लाग्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।९।१७ मा फैसला भएकोमा फैसलाअनुसार उक्त कि.नं.१८ को जग्गा कि.का. भई कि.नं.३१३ को क्षेत्रफल ०-९-१-१ जग्गा चिरञ्जीवी अधिकारीको नाममा, कि.नं.३१४ को जग्गामध्येबाट

कि.का. भई कि.नं.३१५ क्षेत्रफल ०-९-१-१ जग्गा भिमसेन अधिकारीको नाममा र बाँकी कि.नं.३१६ मध्येबाट कि.का भई कि.नं.३२५ क्षेत्रफल ०-९-१-१ जग्गा सरस्वती अधिकारी र नविन अधिकारीको संयक्त नाममा कायम भई बाँकी कि.नं.३२४ क्षेत्रफल ०-९-१-१ जग्गा पनि हेमबहादुर अधिकारीले निज सरस्वती अधिकारीकै नाममा हा.ब.को लिखत पारित गरी दिएका साथै नविन अधिकारीले समेत कि.नं.३२५ को आफ्नो भागको जग्गा आमा सरस्वती अधिकारीको नाममा मिति २०६५।९।९ मा हा.व. पारित गरेपछि सरस्वती अधिकारीको नाममा कि.नं.३२४ कि.नं.३२५ को पुरै जग्गा कायम हुन आएको छ । कि.नं.१८ को जग्गा कित्ताकाट भई भिमसेन अधिकारीको नाममा कायम कि.नं.३१५ को जग्गा मोही लिलादेवी अधिकारीलाई स्वीकार गरी एकापरिवारको मोही लगत कट्टा गरिपाउँ भनी मिति २०६७।५।१० मा निवेदन दायर गरी सोही आधारमा प्रत्यर्थी १ नं.ले मिति २०६७।१०।३ मा मोही लगत कट्टा गर्ने निर्णय गरेकोले सोउपर मिति २०७०।३।२० मा रिट निवेदन दायर गर्न आएको छु । म निवेदकको बज्यै, जेठाबाबु, बाबु, काकाहरूका बिच वि.सं. १९९६।१।२ मा अंशबन्डा भई छुट्टी भिन्न भइसकेको हो । मेरो पिता चन्द्रबहादुर अधिकारीको नाममा कायम भएको कि.नं.११४ को जग्गामा प्रत्यर्थी भिमसेन अधिकारीका पिता हेमबहादुर अधिकारीले दर्ता बदर हक कायम मुद्दा गरेकोमा उक्त मुद्दा पुनरावेदन अदालत पाटनबाट मिति २०६५।८।११ मा फैसला भएको छ । छुट्टी भिन्न भइसकेको अवस्थामा मिति २०५७ सालमा कालगतिले परलोक भइसकेकी मेरी आमालाई एकापरिवारको कायम गरी मोहीलाई बुझ्दै नबुझी भूमिसुधार कार्यालयबाट मिति २०६७।१०।३ मा मोही लगत कट्टा गर्ने गरी भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त कि.नं.१८ कित्ताकाट भई कायम हुन आएको कि.नं.३१५ क्षेत्रफल ०-९-१-१ जग्गा म निवेदकको नाममा मोही हक यथास्थितिमा कायम गर्नु भन्ने प्रत्यर्थी १ नं. को नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको सुनिलकुमार अधिकारीको निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.१, २ ले पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनमार्फत र विपक्षी नं. ३ ले आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७०।३।२१ मा भएको आदेश।

भूमिसुधार कार्यालय काठमाडौंको मोही मि.नं.११।०६७।०६८ मिति २०६७।१०।४ च.नं.३२७९ को पत्रानुसार यस कार्यालयले मच्छेगाउँ ४क कि.नं.३१५ क्षेत्रफल ०-९-१-१ को मोही लिलादेवी अधिकारीको मोही महलबाट नाम कट्टा गरेको हुँदा निर्णय कार्यान्वयनसम्म गरी दिएकोले निवेदकको मौलिक हक एवं कानूनी हकको प्रचलनमा यस कार्यालयले कुनै अवरूद्ध नगरेको हुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मालपोत कार्यालय कलंकीको लिखित जवाफ ।

काठमाडौं जिल्ला मच्छेगाउँ गा.वि.स. वडा नं.४(क) कि.नं.१८ को कि.का भई कायम कि.नं.३१५ को क्षेत्रफल ०-९-१-१ जग्गाको जग्गाधनी मेरो पिता हेमबहादुर अधिकारी, मोही मेरी ठूलीआमा लिलादेवी अधिकारी भई निजहरू एकापरिवारभित्रका देवर भाउजू नाता पर्ने व्यक्ति भएको हुँदा मोही लगत कट्टाका लागि स्थानीय निकायको सिफारिससहित परेको निवेदन र नापीका समयमा फिल्डबुकको

मोही महलमा मोही लिलादेवी र जग्गाधनी हेमबहादुर अधिकारी साथै किसानको बेहोरामा यो जग्गा मेरा देवर हेमबहादुर अधिकारीको नम्बरीको भनी उल्लेख भएको २ नं. अनुसूचीमा उक्त क.नं.१८ को मोही लिलादेवी अधिकारी का.इ. मच्छेगाउँ ("आफ्नो") भन्नेसमेत प्रमाणका आधारमा मिति २०६७।१०।३ मा एकापरिवारको मोही लगत कट्टा भएको हो । कानूनबमोजिम निर्णय भएको हुँदा निवेदकको कुनै हक हनन् नभएकोले निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको भूमिसुधार कार्यालय काठमाडौंको लिखित जवाफ।

विपक्षी लिलादेवी र म एकापरिवारका ठूलोआमा, भतिज र निवेदक सुनिलकुमार मेरो एकापरिवारका भाइ नाताका व्यक्ति भएको र साबिकमा बाबु हेमबहादुरका नामबाट मेरा नाममा हाल कायम हुन आएको कि.नं.३१५ को जग्गाको स्रेस्तामा मोही जनिएको भए तापनि भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) ले एकापरिवारका व्यक्ति मोही हुन नसक्ने हुँदा मेरो निवेदन र प्रमाणको आधारमा मोही लगत कट्टा भएको हो हकदैयाको आधारमा निवेदन खारेज हुनुपर्छ। भूमिसुधार अधिकारीबाट मिति २०६७।१०।३ मा भएको निर्णयउपर वैकल्पिक उपचारको व्यवस्था अवलम्बन नगरेको आधारमा रिट निवेदन खारेजभागी छ। विपक्षीका पिता चन्द्रबहादुरले अंश पाउँ भनी आफ्ना दाजु लालबहादुरसमेत उपर अंश मुद्दा दिई काठमाडौं जिल्ला अदालतबाट मिति २०२३।२।३२ मा फैसला भएको अवस्थाबाट विपक्षीका पिता नै विबन्धित भएको हुँदा विपक्षीको दाबी लाग्न सक्ने अवस्था छैन । जग्गा कमाएको भन्ने प्रमाण पनि नभएको र नकमाएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको भिमसेन अधिकारीको लिखित जवाफ।

सक्षम निकाय भूमिसुधार कार्यालयबाट स्थानीय निकायको सिफारिससमेतका प्रमाणहरूको मूल्याङ्कन गरी मिति २०६७।१०।३ मा मोही लगतकट्टा गर्ने निर्णय भएको विषयमा मिति २०७०।३।२० मा मात्र अनुचित विलम्ब गरी निर्विवाद हक नै स्थापित नभएको विषयमा रिट निवेदन दर्ता हुन आएको साथै निवेदकको कुनै हक अधिकारमा प्रतिकूल असर पर्न गएको अवस्थामा पनि निर्णय बदरतर्फ फिराद लाग्न सक्ने हुँदा वैकल्पिक उपचारको व्यवस्थासमेत रहे भएकै अवस्थामा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेश जारी हुनुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७१।११।२० भएको आदेश।

अनुचित विलम्ब गरी निर्विवाद हक नै स्थापित नभएको साथै वैकल्पिक उपचारको व्यवस्थासमेत रहेको हुँदा रिट निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनबाट भएको आदेशमा चित्त बुझेन । काठमाडौं जिल्ला, साबिक मच्छेगाउँ गा.वि.स. वडा नं.४(क) को कि.नं.१८ को जग्गाधनी हेमबहादुर अधिकारी मोही टिकाकुमारी भन्ने लिलादेवी अधिकारीको भएकोमा मोहीको परलोक भएपश्चात् म हकदार निजको छोराले उक्त जग्गा निरन्तर रूपले भोगचलन गर्दै आइरहेको छु। जग्गाधनी हेमबहादुर अधिकारीउपर निजको छोरा चिरञ्जीवी अधिकारीले विवादित कि.नं.१८ को जग्गा अंश मुद्दाको तायदातीमा नपरेकोले अंश दपोट मुद्दा दायर गरेकोमा ४ अंशियारमा भागबन्डा लाग्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।९।१७ मा फैसला भएको रहेछ । उक्त जग्गामा लिलादेवी अधिकारीलाई मोही स्वीकार गरी एकापरिवारको ठुलीआमा नाता पर्ने भएकोले मिति २०६७।५।१० मा निवेदन दायर गरी भूमिसुधार कार्यालयले कि.नं.३१५ को जग्गामा मोही लगत कट्टा गर्ने निर्णय गरेको रहेछ। विपक्षी हेमबहादुर अधिकारी र मेरो आमा लिलादेवी अधिकारी देवर भाउजू नातामा विवाद छैन । म निवेदकको बज्यै, जेठाबाबुहरू, बाबु र काकाहरू वि.सं.१९९६।१।२ मा छुट्टी भिन्न भइसकेकोमा मोही नामसारी नगरेको

आधारमा मोही हक समाप्त हुने होइन । परलोक भएको व्यक्तिलाई एकापरिवारको भनी दाबी लिएको कुरा झुट्ठा हो । विपक्षीले दिएको झुट्ठा विवरण र तथ्यउपर छानबिन नगरी प्रमाणहरूको अनदेखा गरी मौजुदा कानूनको अपव्याख्या गरी मोहीका नाममा म्याद तामेल नगरी एकतर्फी मोही लगत कट्टा गर्ने गरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत त्रुटिपूर्ण हुँदा पुनरावेदन अदालत पाटनको मिति २०७१।११।२० को आदेश बदर गरी मेरो दाबीबमोजिम न्याय पाउँ भन्नेसमेत बेहोराको यस अदालतमा परेको सुनिलकुमार अधिकारीको पुनरावेदन पत्र ।

यसमा पुनरावेदक निवेदकलाई बुझ्दै नबुझी भूमिसुधार कार्यालयले मोही लगत कट्टा गर्ने गरी गरेको निर्णय बदर नगर्ने गरी विलम्ब सिद्धान्तको आधारमा रिट खारेज गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।११।२० को आदेश प्रमाण र मूल्याङ्कनका रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. प्रयोजनार्थ विपक्षीलाई झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७३।१०।२३ को आदेश ।

साबिक मच्छेगाउँ गा.वि.स. वडा नं.४(क) को कि.नं.१८ को जग्गा कि.का. भई कायम कि.नं.३१५ को जग्गामा जग्गाधनी भिमसेन अधिकारी र मोही लिलादेवी अधिकारी भएकोमा साबिक लगतमा आफ्नो भई फिल्डबुकमा मोहीको बेहोरामा आफ्नै नम्बरी भन्ने उल्लेख भएको पुनरावेदन अदालत पाटनबाट अंश पाउने गरी भएको फैसला र सोको आधारमा काठमाडौं जिल्ला अदालतको अंशबन्डा मुचुल्काबमोजिम निवेदकका नाममा जग्गा आएको देखिएको, सम्बन्धित कीर्तिपुर नगरपालिकाको सिफारिस र मिसिल संलग्न प्रमाणहरूको आधारमा मागबमोजिम मिति २०६७।१०।३ मा मोही लगत कट्टा गर्ने निर्णय भएको हो । कानूनबमोजिम निर्णय भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको भूमिसुधार कार्यालय काठमाडौंको लिखित प्रतिवाद ।

मोहीसम्बन्धी सम्पूर्ण कार्य प्रचलित कानूनअनुसार भूमिसुधार कार्यालयले गर्ने हुँदा यस कार्यालयको नाममा आदेश जारी हुनु नपर्ने भन्नेसमेत बेहोराको मालपोत कार्यालय काठमाडौंको लिखित प्रतिवाद ।

साबिकमा बाबु हेमबहादुरका नामबाट मेरा नाममा हाल कायम हुन आएको कि.नं.३१५ को जग्गाको स्रेस्तामा मोही जनिएको भए तापनि भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) ले एकापरिवारका व्यक्ति मोही हुन नसक्ने हुँदा मेरो निवेदन र प्रमाणको आधारमा मोही लगत कट्टा हुने निर्णय भएको हो । निजहरूले जग्गा नकमाएको निवेदकको नाममा मोही नजनिएकोले हकदैयाको आधारमा निवेदन खारेजभागी छ । भूमिसुधार अधिकारीबाट मिति २०६७।१०।३ मा भएको निर्णयउपर पुनरावेदन गर्ने वैकल्पिक उपचारको व्यवस्था अवलम्बन नगरेकोले वैकल्पिक उपचारको व्यवस्था रहेको अवस्थामा रिट क्षेत्र आकर्षित नहुने साथै भूमिसम्बन्धी ऐनमा भएको चौथो संशोधन प्रारम्भ भएपछि निवेदकको आमाले कुनै दाबी नगरेको र निजको मृत्युपछि लामो २०७० सालमा रिट दायर गरेको हुँदा विलम्बको सिद्धान्तले रिट निवेदन खारेजभागी छ । विपक्षीका पिता चन्द्रबहादुरले अंशपाउँ भनी आफ्ना दाजु लालबहादुरसमेत उपर अंश मुद्दा दिई काठमाडौं जिल्ला अदालतबाट मिति २०२३।२।३२ मा फैसलासमेत भएको अवस्थाबाट विपक्षीका पिता नै विबन्धित भएको हुँदा विपक्षीको दाबी लाग्न सक्ने अवस्था छैन । जग्गा कमाएको भन्ने प्रमाण पनि नभएको र नकमाएको हुँदा निवेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । पुनरावेदन अदालतको आदेश कानूनसम्मत हुँदा सदर गरिपाउँ भन्ने समेत बेहोराको भिमसेन अधिकारीको लिखित प्रतिवाद ।

प्रस्तुत मुद्दा मेलमिलापबाट निरूपण हुन सक्ने दुवै पक्षका कानून व्यवसायीले जानकारी गराउनु

भएको र पेस भएका पुनरावेदनहरूको अध्ययन गर्दा, विवाद मेलमिलापबाट निरूपण हुन सक्ने नै देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७८ को उपनियम (४) बमोजिम मेलमिलापको लागि मेलमिलाप केन्द्रमा पठाउनु भन्ने यस अदालतको मिति २०७४।१०।२९, २०७५।१।५ र २०७५।२।१६ आदेश।

मेलमिलाप नहुने गरी टुंगो लागेको हुँदा मुद्दाका पक्षहरूलाई तारेख तोकी फिर्ता पठाइएको बेहोराको मेलमिलाप केन्द्रको मिति २०७५।३।१० को पत्र मिसिल सामेल रहेको।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक सुनिलकुमार अधिकारीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री ओमप्रसाद थपलियाले विवादित कि.नं.३१५ को जग्गाको दाता विपक्षीका बाबु हेमबहादुर अधिकारी भएको, निवेदकको आमा र हेमबहादुर अधिकारी नातामा देवर भाउजू भएकोमा विवाद रहेको छैन। उक्त जग्गामा मेरो पक्षको आमाको नाम मोहीमा जनिएको छ। मोही नामसारी गर्ने म्याद कानूनमा लेखिएको छैन। निवेदकका दाजुभाइहरू छुट्टी भिन्न भएकाले सगोलमा रहेका मेरो पक्ष आमाको हक खाने हकदार भएकोले मोहीलाई बुझ्दै नबुझी मोही लगत कट्टा गर्ने भूमिसुधार कार्यालयको निर्णय र पुनरावेदन अदालतको आदेश बदर गरिपाउँ भन्ने र विपक्षीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारीले स्थानीय निकायको सिफारिस अनुसार भूमिसुधार कार्यालयबाट भएको मोही लगत कट्टा गर्ने निर्णय कानूनसम्मत छ। नातामा विवाद छैन। जोतकोड मेरो पक्षले गरेका छन्। लामो समयसम्म मोही नामसारी नगरेकोले विपक्षीको दाबी रहन सक्दैन। भूमिसुधार कार्यालयको निर्णयउपर दफा ५५ नं. बमोजिम पुनरावेदन लाग्ने वैकल्पिक उपचारको व्यवस्था भइरहेकोमा रिटमार्फत आएकोले पुनरावेदन अदालत पाटनले गरेको आदेश कानूनसम्मत हुँदा सदर हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो।

उल्लिखित विद्वान् वरिष्ठ अधिवक्ताहरूसमेतको बहस सुनी पुनरावेदनसहितको सक्कल मिसिल अध्ययन गरी हेर्दा पुनरावेदन अदालत पाटनको आदेश मिलेको छ, छैन ? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, साबिक कि.नं.१८ को जग्गामा नै मेरो आमा मोही रहेकोमा उक्त जग्गा कित्ताकाट भई आएका जग्गाहरूमध्ये विपक्षी भिमसेन अधिकारीका नाममा कायम कि.नं.३१५ को जग्गामा पनि २ नं. अनुसूची, ४ नं. अस्थायी निस्सा फिल्डबुक र जग्गाधनी प्रमाणपुर्जासमेतबाट आमा लिलादेवी अधिकारीको नाम मोही महलमा रहेको छ । मिति १९९६ सालमा नै छुट्टी भिन्न भइसकेको अवस्थामा २०५७ सालमा परलोक हुनुभएको आमालाई एकापरिवारको भनी मोही लगत कट्टाको निवेदन र स्थानीय निकायको सिफारिससमेतको आधारमा मोहीलाई बुझ्दै नबुझी गलत तथ्यको आधारमा मोही लगत कट्टा गर्ने भूमिसुधार कार्यालय काठमाडौंको मिति २०६७।१०।३ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त जग्गामा मोही हक यथास्थितिमा कायम गरिदिनु भनी भूमिसुधार कार्यालय काठमाडौंको नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन।

३. एकापरिवारको व्यक्ति मोही हुन नसक्ने भूमिसम्बन्धी ऐन, २०२१ मा भएको कानूनी व्यवस्थाअनुसार स्थानीय निकायको सिफारिससमेतको आधारमा मोहीको महलमा जनिन गएको एकापरिवारको व्यक्तिको नाम लगत कट्टा गर्ने कारबाही भई मोही लगत कट्टा भएको हो। भूमिसम्बन्धी ऐनबमोजिम मोहीको हक नै सिर्जना नभएको अवस्थामा मोहीमा दाबी गर्ने हकदैया निवेदकलाई छैन साथै निजले

जग्गासमेत कमाएका छैनन् । मिति २०६७।१०।३ मा भएको मोही लगत कट्टाको निर्णयउपर वैकल्पिक उपचारको व्यवस्था रहेकोमा २०७० सालमा रिट निवेदनमार्फत दाबी गरेकोले विलम्बको सिद्धान्तले समेत निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको भिमसेन अधिकारीको र नगरपालिकाको सिफारिस तथा एकापरिवारको सदस्य मोही नरहनेसमेतको निवेदनअनुसार मोही लगत कट्टाको निर्णय भएको हो भन्नेसमेत बेहोराको भूमिसुधार कार्यालयको लिखित जवाफ देखिन्छ ।

४. विलम्बको सिद्धान्त, निवेदकको निर्विवाद हक सिर्जना नभएको साथै वैकल्पिक उपचारको अवस्था रहेको हुँदा रिट निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७१।११।२० मा भएको आदेशउपर मोहीलाई बुझ्दै नबुझी भूमिसुधार कार्यालयले गरेको निर्णय बदर नगरी खारेज गरेको पुनरावेदन अदालतको आदेश नमिलेकोले बदर गरी न्याय पाउँ भन्नेसमेत बेहोराको पुनरावेदन जिकिर रहेको पाइन्छ ।

५. विवादित कि.नं.३१५ को जग्गामा लिलादेवी अधिकारी मोही रहेको कुरा मिसिल संलग्न मोही लगत कट्टाका लागि विपक्षी भिमसेन अधिकारीले दिएको निवेदन, ४ नं. जोताहाको अस्थायी निस्सा, फिल्डबुक र जग्गाधनी प्रमाणपुर्जासमेतबाट देखिएकोले सो विषयमा विवाद रहेको देखिएन । निवेदक मोही लिलादेवी अधिकारीको हकदार छोरा रहेको मिसिलबाट देखिन्छ । निवेदकको वि.सं.१९९६ सालदेखि नै मेरो बाबु विपक्षीका बाबुलगायत, बाजे, ठुलो बाबुसँग छुट्टी भिन्न भएकोले एकपरिवारका व्यक्ति होइनौं भन्ने दाबी भएकोमा विपक्षीले भूमिसुधार कार्यालयमा मोही लगत कट्टाका लागि निवेदन दिँदा एकापरिवारको व्यक्ति भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) ले मोही हुन नसक्ने हुँदा मोही लगत कट्टा गरिपाउँ भनी मिति २०६७।५।१० मा निवेदन दिएको पाइन्छ । विपक्षी भिमसेन अधिकारी र यी निवेदककी आमा लिलादेवी अधिकारी एकापरिवारका सदस्य हुन् वा होइन् भन्नेतर्फ हेर्दा, स्व.नहकुल सिंह अधिकारीका पाँच भाइ छोराहरू क्रमशः लालबहादुर अधिकारी, कृष्णबहादुर अधिकारी, चन्द्रबहादुर अधिकारी, हेमबहादुर अधिकारी र लिलाबहादुर अधिकारी रहेकामा, निवेदकको आमा मोही लिलादेवी अधिकारी र बाबु चन्द्रबहादुर अधिकारी भएको तथा विपक्षी भिमसेन अधिकारीको बाबु हेमबहादुर अधिकारी भएको मिसिल संलग्न निवेदन तथा लिखित जवाफबाट देखिन्छ । रिट निवेदन, लिखित जवाफ र पुनरावेदन पत्रसमेतका मिसिल संलग्न कागजातहरूबाट नातामा विवाद रहेको देखिँदैन । **भूमिसम्बन्धी ऐन, २०२१ दफा २ को (ख) मा "मोही" भन्नाले अरू जग्गावालाको जग्गा कुनै सर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने किसान सम्झनुपर्छ** भन्ने उल्लेख भएको छ । निवेदकको बाजे, जेठा बाबु, बाबु, काकाहरूका बिच वि.सं.१९९६।१।२ मा घरसारमा भएको अंशबन्डाको लिखत, विपक्षी भिमसेन अधिकारीको कान्छी श्रीमती भावना अधिकारीले दिएको अंश मुद्दामा विवादित कि.नं.१८ को जग्गा तायदाती फाँटवारीमा नपरेकोउपर चिरञ्जीवी अधिकारीले बाबु हेमबहादुर अधिकारीका विरूद्धमा दिएको अंश दपोट मुद्दामा उक्त कि.नं.१८ को जग्गा ४ अंशियारमा भागबन्डा लाग्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।९।१७ मा भएको फैसला, कि.नं.११४ को जग्गामा हेमबहादुर अधिकारीले चन्द्रबहादुर अधिकारीउपर दायर गरेको दर्ता बदर हककायम मुद्दा पुनरावेदन अदालत पाटनबाट मिति २०६५।८।११ मा भएको फैसलासमेतका प्रतिलिपि मिसिल संलग्न रहेको देखिन्छ । साथै विपक्षी भिमसेन अधिकारीले फिराएको लिखित जवाफमा चन्द्रबहादुर अधिकारीले दाजु लालबहादुरसमेत उपर दिएको अंश मुद्दा काठमाडौं जिल्ला अदालतबाट

मिति २०२३।२।३२ मा फैसला भएको भनी उल्लेख गरेको देखिन्छ। यसरी अंशियारहरूबिच एकआपसमा विभिन्न मितिमा मुद्दा चली अन्तिम रहेका मिसिल संलग्न फैसलाका प्रतिलिपिसमेतका कागजातहरूबाट मोही लगत कट्टाका लागि विपक्षी भिमसेन अधिकारीले दिएको निवेदनको मितिमा निवेदक र विपक्षीका परिवार एकापरिवारमा रहेको भन्ने देखिन आएन।

६. मिति २०६७।१०।३ को मोही लगत कट्टा गर्ने निर्णयउपर अनुचित विलम्ब तथा वैकल्पिक उपचारको व्यवस्था रहेकोमा मिति २०७०।३।२० मा रिट क्षेत्राधिकारको मार्ग अवलम्बन गरेकोमा पुनरावेदन अदालत पाटनले पुनरावेदकको रिट निवेदन खारेज गरेको देखिन्छ। विपक्षी भिमसेन अधिकारीले समेत सोही आधारमा रिट खारेज हुनुपर्ने जिकिर लिएको पाइन्छ। भूमिसुधार कार्यालय काठमाडौंको निर्णयउपर विलम्ब गरी रिट निवेदन पर्न आएको भन्ने हो होइन ? सोतर्फ हेर्दा प्रस्तुत मुद्दामा निवेदकले भूमिसुधारको निर्णय मिति २०७०।३।१७ मा नक्कल सारी थाहा पाएको भनी रिट निवेदनमा उल्लेख गरेको देखिन्छ। भूमिसुधार कार्यालय काठमाडौंले मिति २०६७।१०।३ मा निर्णय गर्दा निवेदक मोहीपक्षलाई बुझेको नदेखिएको र मोही लगत कट्टा जस्तो मोहीलाई असर पर्ने विषयमा मोहीलाई प्रतिवाद गर्ने मौका नै प्रदान नगरी स्थानीय निकाय कीर्तिपुर नगरपालिकाको मिति २०६७।४।१० को सिफारिस पत्रको आधारमा एकपक्षीय रूपमा मोही लगत कट्टा गर्ने निर्णय भएको पाइन्छ। जग्गाको स्रेस्तामा मोही जनिएको अवस्थामा मोही लगत कट्टाको कारबाही चलाउँदा मर्का पर्ने पक्षलाई नझिकाई निजको कुरा नसुनी गरेको कामकारबाहीले मान्यता पाउँछ पाउँदैन त्यसतर्फ भूमिसुधार कार्यालयले विचार गरेको पाइँदैन। विलम्बको सिद्धान्त (Doctrine of Laches) को प्रमुख तत्त्व समयको अन्तराल हो। यसले समन्यायलाई पराजित गर्दछ। विलम्बको सिद्धान्त र हदम्यादको सिद्धान्त एकै होइनन्। हदम्यादको सिद्धान्त समयसीमामा आधारित छ। यसको लागि समयतत्त्व नै महत्त्वपूर्ण हुन्छ। हदम्यादको सिद्धान्तमा भएको कानूनी व्यवस्था जस्तो प्राविधिक (Technical) रूपमा समयको गणना गरेर विलम्बको सिद्धान्तलाई प्रयोग गरिँदैन। विलम्ब एउटा सापेक्षिक अभिव्यक्ति हो। यो सिद्धान्त लाग्न सक्ने अवस्था छ छैन भन्ने निष्कर्षमा पुग्न मुद्दा वा सोमा भएको कामकारबाहीको प्रकृति, सम्बन्धित पक्षले मुद्दाको सन्दर्भमा देखाएको आचरण, निजले न्यायका लागि न्यायिक निकायमा आउन लगाएको समय, निजलाई उपचार प्रदान गरेको खण्डमा त्यसबाट अरूको हकहितमा पर्ने वा पर्न सक्ने असर र न्यायको उद्देश्य पूरा हुने वा नहुनेसमेतका कुराहरूलाई समष्टिगत रूपमा हेरिनु पर्दछ। विलम्बका सम्बन्धमा यस अदालतको संयुक्त इजलासबाट **"विलम्बको सिद्धान्तको एक मात्र वास्तविक तत्त्वमा समयको अन्तराल प्रमुख तत्त्व भए पनि विलम्ब हुन गएको प्रमुख कारणको औचित्यको विश्लेषण गर्दा समयमा आफ्नो अधिकारको उपभोगमा सचेतता र सजगता नदेखाई उदासीनता देखाएको स्पष्ट रूपमा पुष्ट्याई हुनुपर्ने। विलम्ब सिद्धान्तको दुहाई दिने पक्षले यसको औचित्य पुष्ट्याईंको लागि मौकामा प्रत्यक्ष वा परोक्ष रूपमा निजका विरूद्ध गरिएको आदेश वा कारबाहीको सोही अवसरमा जानकारी प्राप्त थियो भन्ने वस्तुनिष्ठरूपमा पुष्ट्याई गर्न सक्नु पर्दछ। समयको अन्तराललाई मात्र यसको मापदण्ड निर्धारण गरी कसी लगाउने हो भने यसभित्र अन्तर्निहित आदर्श र यसको वास्तविक मर्म तथा भावना मर्माहत हुन पुग्ने।"** भनी (ने.का.प. २०६६, अङ्क १२, निर्णय नं.८२८७) कानूनी सिद्धान्त प्रतिपादन भएको छ। प्रस्तुत मुद्दामा भूमिसुधार कार्यालयबाट भएको मिति २०६७।१०।३ को निर्णयउपर मिति २०७०।३।२० मा पुनरावेदन अदालतमा रिट निवेदन दायर भएको विषयलाई

विलम्ब भएको भन्ने जिकिर देखिन्छ । निवेदकले उक्त निर्णयको जानकारी मिति २०७०।३।१७ मा नक्कल सारी थाहा पाएको भनी रिट निवेदनमा उल्लेख गरेको अवस्थामा सक्षम निकायबाट अख्तियारप्राप्त अधिकारीले न्यायिक निर्णय गर्दा मुद्दाको प्रक्रियामा सामेल नगराएको पक्षलाई जानकारी थियो भन्न मिल्ने अवस्था नरहेकाले निवेदकलाई जानकारी भएको मितिबाट उपचार खोज्न आएको मितिलाई विलम्ब भयो भनी मान्न मिलेन ।

७. अब वैकल्पिक उपचारको मार्ग हुँदाहुँदै सोतर्फ नगई रिट अधिकार क्षेत्रमार्फत उपचार माग्न मिल्दैन भन्ने सम्बन्धमा विचार गर्दा भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५५ ले पुनरावेदनसम्बन्धी व्यवस्था गरेको छ । सोको उपदफा (१) मा **यो दफा प्रारम्भ भएपछि यो ऐनमा अन्यथा लेखिएकोमा बाहेक यो ऐनअन्तर्गत जिल्ला अदालत वा तोकिएको अधिकारी, समिति वा संस्थाले गरेको निर्णयउपर पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ** भन्ने कानूनी व्यवस्था छ । यसै सन्दर्भमा यस अदालतको संयुक्त इजलासबाट **"जब कानूनद्वारा स्थापित सर्वमान्य सिद्धान्त वा आदेशप्रतिकूल कुनै निकाय वा अधिकारीद्वारा कानून उल्लङ्घन गरी कुनै निर्णय गरी कसैको संरक्षित अधिकार कुण्ठित गरिन्छ भने त्यस अवस्थामा असाधारण अधिकारको क्षेत्राधिकारको शरणमा विवशतापूर्वक जानु पर्ने स्थिति सिर्जना हुन्छ र यस्तो अवस्थामा असाधारण अधिकार मुकदर्शक भएर बस्न पनि मिल्दैन । असाधारण परिस्थितिमा क्रियाशील हुने यो यस्तो अस्त्र हो जसले कुण्ठित अधिकार प्रचलन गर्न प्राण सञ्चय गर्न सञ्जीवनी प्रदान गर्दछ । तसर्थ यसलाई सधैँ साँघुरो लक्ष्मणरेखाभित्र सीमित राखी व्याख्यान गर्दा यसको औचित्य नै ह्रास हुने प्रबल सम्भावना सिर्जना हुन्छ । तसर्थ सामान्य न्यायिक मान्यताको अवलम्बन नगरेको अवस्थामा यो सदैव क्रियाशील हुन्छ त्यसो नहुने हो भने यसको पावन आदर्श नै कुण्ठित हुने ।"** भनी (ने.का.प. २०६६, अङ्क १२, निर्णय नं. ८२८७) कानूनी सिद्धान्त प्रतिपादन भएको छ । उक्त रिट निवेदनमा गुठी संस्थानको मिति २०४५।८।५ को पत्रका आधारमा निवेदकहरूको नामको मोही लगत कट्टा गर्ने भूमिसुधार कार्यालय पर्साको मिति २०४६।३।९ को निर्णय मिति २०५९।४।१२ मा नक्कल लिई थाहा पाई सर्वोच्च अदालतमा रिट निवेदन दिएकोमा उक्त निर्णय तथा काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर भएको छ । उल्लिखित रिट निवेदनमा प्रतिपादित कानूनी सिद्धान्तसमेतका आधार कारणबाट विपक्षीको लिखित जवाफ तथा निजको कानून व्यवसायीको बहस जिकिरमा उठाइएको वैकल्पिक उपचारको अनुशरण नगरेको भन्ने जिकिरसँग सहमत हुन सकिएन ।

८. भूमिसुधार कार्यालय काठमाडौंले मोही लगत कट्टाको निर्णय गर्दा मोही तथा मोहीको हकदारलाई बुझ्दै नबुझी मोहीलाई आफ्नो भनाई राख्न पाउने अवसरबाट वञ्चित गरेको भन्ने निवेदकको जिकिर रहेको देखिन्छ । सोतर्फ विचार गर्दा स्थानीय निकायको सिफारिस तथा एकापरिवारका व्यक्ति मोही हुन नसक्ने भन्ने भूमिसम्बन्धी ऐनमा भएको कानूनी व्यवस्थाका आधारमा विपक्षी भिमसेन अधिकारीको निवेदन मागबमोजिम भूमिसुधार कार्यालयले मोही लगत कट्टा गर्ने निर्णय गरेको सो कार्यालयको लिखित जवाफबाट देखिन्छ । प्रस्तुत मुद्दामा भूमिसुधार अधिकारीले निर्णय गर्दा मोही तथा मोहीका हकदार यी निवेदकलाई बुझेको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिएको छैन । मर्का पर्ने पक्षलाई प्रतिवादको मौका नदिई गरेको भूमिसुधार कार्यालयको उक्त निर्णयमा प्रक्रियागत त्रुटि रहेको पाइन्छ । कुनै निर्णयले कसैको हक अधिकारमा असर पार्दछ भने त्यस्तो पक्षको कुरा नसुनी गरिने निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन्छ । प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने निर्णयले

कानूनी मान्यता नपाई बदरभागी हुन्छ । यसै सन्दर्भमा यस अदालतको पूर्ण इजलासबाट **"सुनुवाइको मौका नदिई एक पक्षीयरूपमा गरिएको निर्णय प्राकृतिक न्यायको सिद्धान्त र सुनुवाइको सिद्धान्तविपरीत भई बदरभागी हुने हुन्छ । अरू कसैको हक, भोग र स्वामित्वको जग्गा तथा सम्पत्ति अन्य कुनै निकाय वा संस्थाले आफैँले निर्णय गरी हक र स्वामित्व परिवर्तन गर्ने गरेको निर्णय तथा पत्राचार एवं सोसँग सम्बन्धित काम कारबाही प्राकृतिक न्यायको सिद्धान्तको समेत प्रतिकूल (Contrary to the Principle of Natural Justice) हुने । निवेदकलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्दा निवेदकलाई प्रतिवाद गर्ने सुनुवाइको मौका दिनुपर्नेमा प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल निवेदकलाई बुझ्दै नबुझी गरेको निर्णय कायम रहन सक्ने अवस्था नरहने ।"** भनी (ने.का.प. २०७४, भाग ५९, अंक ९, निर्णय नं.९८६९) कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसरी प्रस्तुत मुद्दामा मोही लगत कट्टाको लागि विपक्षीले निवेदन दिएको आधारमा मोहीलाई आफ्नो भन्न पाउने मौका प्रदान नगरी मिति २०६७।१०।३ मा भूमिसुधार कार्यालय काठमाडौंले गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल देखिन आयो ।

९. अतः रिट निवेदकको आमा मोही देखिन आएको र निजको नामको मोही लगत कट्टा गर्दा मोहीको हकवाला यी निवेदकलाई प्रतिवाद गर्ने मौका नै प्रदान गरेको नदेखिएको अवस्थामा मोही लगत कट्टा गर्ने निर्णय उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्नेमा अनुचित विलम्ब तथा वैकल्पिक मार्ग हुँदाहुँदै रिट क्षेत्राधिकारको उपयोग गरेको भन्ने आधारमा रिट निवेदन खारेज गर्ने पुनरावेदन अदालत पाटनको मिति २०७१।११।२० को आदेश उल्लिखित आधार कारणबाट कानूनसम्मत नदेखिएकोले बदर भई उल्टी हुने ठहर्छ । साथै मोही पक्षलाई बुझ्दै नबुझी मोही लगत कट्टा गर्ने भूमिसुधार कार्यालय काठमाडौंको मिति २०६७।१०।३ को निर्णयसमेतका सम्पूर्ण काम कारबाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । अब जो जे बुझ्नु पर्ने बुझी निवेदकलाई समेत प्रतिवाद गर्न पाउने मौका प्रदान गरी पुनः निर्णय गर्नु भनी विपक्षी भूमिसुधार कार्यालय काठमाडौंको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीमध्येका भूमिसुधार कार्यालय काठमाडौं र मालपोत कार्यालय काठमाडौंलाई महान्यायाधिवक्ता कार्यालयमार्फत दिनु साथै तारेखमा रहेका मुद्दाका पक्षहरूलाई आदेशको जानकारी दिई दायरीको लगत कट्टा गरी प्रस्तुत मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृतः मेघनाथ चापागाइँ
इति संवत् २०७५ साल माघ १४ गते रोज २ शुभम् ।